गाउँमा जङ्गली जनावरको आतङ्क



तस्बिर : रजनी योगी

बँदेलले नष्ट पारेको मकै बाली ।

बुलबुले समाचारदाता
सुर्खेत, जेठ २८ गते

बाँदर र जङ्गली बँदेलले सम्पूर्ण खेतीबाली नष्ट गरिदिएपछि कर्णालीका ग्रामीण क्षेत्रका किसान यतिबेला विस्थापित हुनुपर्ने अवस्थामा पुगेका छन् ।

समस्या समाधानका लागि सरकारको ध्यानाकर्षण गराउँदै आएको भए पनि समस्या समाधान नभएकोमा स्थानीय आक्रोशित बनेका छन् । प्रदेश सरकारले भने आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रममा समेटेर बाँदर र बँदेलको आतङ्क नियन्त्रणको योजना सुरु गरेको बताएको छ ।

मुख्यमन्त्री यामलाल कँडेलले मानव-वन्यजन्तु द्वन्द्व कम गर्न र जङ्गली जनावरबाट हुने क्षतिको अल्पकालीन र दीर्घकालीन समाधानका लागि उपाय खोजिने प्रदेशको नीति तथा कार्यक्रममा नै समावेश गरेको बताउनुभयो ।

वनजङ्गलको विनाशले आहाराको खोजीमा वन्यजन्तु बस्तीमा छिर्न थालेपछि खेतीबाली तथा मानिसलाई नै आक्रमण गर्ने क्रम बढेको सुर्खेत चौकुनेका स्थानीय राम थापा बताउनुहुन्छ । पछिल्लो समय निर्माण भइरहेका भौतिक संरचनाका कारण पनि वन्यजन्तुको बासस्थान नै गुम्ने अवस्था देखिएको छ । बासस्थान र आहारा नै जोखिममा परेपछि जङ्गली जनावर बस्ती छिर्न थालेको स्थानीयको भनाइ छ ।

> मानव-वन्यजन्तु द्वन्द्व कम गर्न र जङ्गली जनावरबाट हुने क्षतिको अल्पकालीन र दीर्घकालीन समाधानका लागि उपाय खोजिने प्रदेशको नीति तथा कार्यक्रममा समावेश

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण योजना बनाएकाले आगामी वर्षदेखि प्रभावकारी कार्यान्वयन हुने अपेक्षा गरिएको छ । वन्यजन्तुको आहारा बढावा दिने प्रजातिका बिरुवाको वृक्षरोपण गरेर कोरिडोर कनेक्टिभिटी संरक्षण गर्न लागिएको छ । मन्त्रालयका सूचना अधिकारी महेश नेपालीले विगतमा प्रभावकारिता न्यून देखिएकाले आगामी वर्षमा यस्ता घैरे महत्त्वपूर्ण योजना निर्माण गर्न लागिएको बताउनुभयो ।

पछिल्लो समय एकपछि अर्को गर्दै मानिस वन्यजन्तुको आक्रमणमा समेत पर्न थालेका छन् । गत वर्ष दैलेखको महाबु र भैरवी गाउँपालिकाको सीमाक्षेत्रमा जङ्गली बँदेलकै आक्रमणबाट स्थानीयको मृत्यु भएको थियो । बँदेलले मात्र होइन पछिल्लो समय बाघको आक्रमणसमेत बढिरहेको छ । आक्रमणबाट मानवीय क्षतिसमेत भइरहेको छ ।

सुर्खेतका दक्षिणी भेगका थुप्रै बस्ती बाँके र बर्दिया राष्ट्रिय निकुञ्जसँग जोडिएका छन् । निकुञ्ज क्षेत्रका बस्तीमा पछिल्ला वर्षमा बाघको आक्रमण बढेको छ भने खेतीबाली नष्ट भएको छ । स्थानीय दोहोरो मारमा परिरहेका छन् । तत्कालै समस्या समाधान गर्नेतर्फ सरोकारवाला निकायको ध्यान भने पुग्नै पर्ने देखिएको छ ।

अस्पतालमा किशोरकिशोरीमैत्री सेवा

रलिङ समाचारदाता
रलिङ (हुम्ला), जेठ २८ गते

किशोरावस्थामा हुन सक्ने विभिन्नखाले स्वास्थ्य समस्यालाई मध्यनजर गर्दै हुम्लाको एक मात्र जिल्ला अस्पतालमा किशोरकिशोरीमैत्री बहिरङ्ग सेवा सञ्चालन गरिएको छ । विभिन्न समस्याका लागि अस्पतालमा दैनिक सेवा लिन आउने किशोरकिशोरीको सङ्ख्या धेरै हुने गरेकाले स्वास्थ्य सेवा निर्देशनालयले यस्तो सेवाको सुरुवात गर्न निर्देशन दिएको जनाएको छ ।

कम्तीमा पनि लक्षित वर्गको सङ्ख्या ८० प्रतिशतसम्म भए उक्त सेवा सञ्चालन गर्न सकिने निर्देशनालयको प्रावधान छ । स्वास्थ्य सेवा कार्यालय हुम्लाका प्रमुख डा. उमाकान्त तिवारीका अनुसार नौ देखि १९ वर्षसम्मका किशोरकिशोरीका लागि यो सेवा सञ्चालन हुने छ । उनीहरूको समग्र स्वास्थ्य परीक्षण अन्तर्गत बहिरङ्ग सेवामा आफ्ना समस्या खुलेर बोल्न नसक्ने, मानिस देखेर लजाउने, डराउने, भित्र भित्र समस्या लुकाएर मानसिक रूपमा विक्षिप्त हुने जस्ता समस्या समाधान गर्न अस्पतालले पहिलो पटक यो सेवा सञ्चालनमा ल्याएको हो । यहाँका बालबालिकादेखि किशोरकिशोरीलाई यो सेवा निकै उपयोगी हुने छ ।

क्रस ब्यारियर निर्माण

हुम्ला समाचारदाता
हुम्ला, जेठ २८ गते

कर्णाली कोरिडोर अन्तर्गत सिमकोट हिल्सा सडकखण्डको च्याछराको चट्टानी भिरको सडक क्षेत्रमा क्रस ब्यारियर (सडक सुरक्षा) निर्माण गरिएको छ । सडकको तल्लो भागमा कर्णाली नदी र सडक क्षेत्रमा भिर भएकाले सुरक्षित यात्राका लागि ब्यारियर निर्माण गरिएको हो ।

हिल्सा सिमकोट सडक योजनाका प्रमुख बेलबहादुर नेपालीले सिमकोट हिल्सा सडकको डरलाग्दो अवस्थाका कारण यातायातका साधन र यात्रुको सुरक्षाका लागि च्याछरा सडकमा सडक सुरक्षा निर्माण गरिएको बताउनुभयो । सिमकोट हिल्सा सडकको ९५ किलोमिटरमध्ये च्याछरा सडकको पाँच सय मिटर सडकमा यसको निर्माण कार्य गरिएको छ ।

दशकअघिको सभा हल अधुरै



तस्बिर : नौरते नेपाली

अलपत्र अवस्थामा रहेको सभा हल ।

सिँजा समाचारदाता
सिँजा (जुम्ला), जेठ २८ गते

जुम्लामा तत्कालीन जिल्ला विकास समितिले करोडौँ रुपियाँ खर्च गरेर निर्माण सुरु गरेको बहुउद्देश्यीय सभा हल एक दशक बितिसक्दा पनि निर्माण पूरा हुन सकेको छैन । पुरानो सभा हल अहिले अलपत्र अवस्थामा रहेको छ भने त्यसकै छेउमा अर्को नयाँ सभा हल निर्माणको काम भने धमाधम भइरहेको छ ।

जिल्लाका विभिन्न सरकारी, गैरसरकारी तथा सामाजिक कार्यक्रम सञ्चालन गर्न जुम्लामा पर्याप्त क्षमताको व्यवस्थित सभा हल छैन । ठुला कार्यक्रम आयोजना गर्न नेपाली सेनाको खेल मैदान वा अन्य खुला स्थानको भर पर्नुपर्ने अवस्था रहेको छ । यस्तो आवश्यकता महसुस गर्दै तत्कालीन जिल्ला विकास समितिले बहुउद्देश्यीय सभा हल निर्माणको योजना अघि सारेको थियो ।

आर्थिक वर्ष २०७१/७२ मा तत्कालीन प्राविधिक कार्यालय जुम्लामार्फत छ करोड १९ लाख रुपियाँ लागतमा योजना सम्झौता गरिएको थियो । निर्माणको जिम्मा आशिष-थेगिम जेभी, धनगढीले पाएको थियो । योजना अनुसार २०७४ सालभित्र निर्माण सम्पन्न हुनुपर्ने भए पनि विभिन्न कारणले कामले गति लिन सकेन ।

हाल सम्म करिब तीन करोड ५९ लाख रुपियाँ खर्च भए पनि भवन तयार हुन सकेको छैन । निर्माण सुरु भएको दशक बित्न लाग्दा पनि भवन उपयोगमा आउन नसक्नुले सरकारी लगानीमाथि प्रश्न उठाएको छ । सम्बन्धित निकायबिच समन्वय अभाव, निर्माण प्रक्रियामा देखिएका प्राविधिक समस्या तथा आवश्यक अनुगमनको कमीका कारण योजना अलपत्र बनेको नागरिक समाज जुम्लाका संयोजक राजबहादुर महतको भनाइ छ ।

पुरानो सभा हलको समस्या समाधान नहुँदै त्यसकै छेउमा अर्को नयाँ सभा हल निर्माण सुरु गरिएको छ । जिल्ला समन्वय समितिको कार्यालय परिसरमा निर्माणाधीन नयाँ सभा हल करिब पाँच सय जना अट्ने क्षमताको हुने बताइएको छ । सघन सहरी तथा भवन निर्माण आयोजना जुम्लाले दुई करोड ७८ लाख रुपियाँ लागतमा उक्त भवन निर्माण गरिरहेको छ । स्थानीय नागरिक तथा सरोकारवालाले नयाँ सभा हल निर्माणलाई सकारात्मक रूपमा लिएका छन् तर पुरानो संरचनालाई पूर्ण रूपमा बेवास्ता गरी नयाँ भवन निर्माणमा लाग्नु राज्यको स्रोत र साधनको दुरुपयोग भएको उनीहरूको तर्क छ ।

युवा तथा पुस्तक व्यवसायी गणेशबहादुर रोकायाले सभा हल आवश्यक भए पनि दशकदेखि अलपत्र रहेको पुरानो भवनको जिम्मेवारी कसैले नलिनु दुःखद विषय भएको बताउनुभयो । उहाँका अनुसार पुरानो संरचनाको अवस्थाबारे छानबिन गरी जिम्मेवार पक्षलाई जवाफदेही बनाउनुपर्ने र सार्वजनिक सम्पत्तिको संरक्षणमा राज्य गम्भीर बन्नुपर्ने आवश्यकता रहेको छ ।

जनयुद्ध सङ्ग्रहालय निर्माण सुस्त

मुसीकोट समाचारदाता
रुकुमपश्चिम, जेठ २८ गते

रुकुमपश्चिमको खारामा निर्माण थालिएको 'खारा जनयुद्ध सङ्ग्रहालय' यतिबेला लथालिङ्ग अवस्थामा छ । सशस्त्र द्वन्द्वको समयमा भएका विभिन्न घटनालाई अभिलेखका रूपमा जीवन्त राख्ने उद्देश्यले सङ्ग्रहालय निर्माण गर्न लागिएको हो । त्रिवेणी गाउँपालिका वडा नम्बर ६ र ३ को सिमाना पर्ने झुल्नेटा धुममा निर्माणाधीन खारा जनयुद्ध सङ्ग्रहालयका लागि राज्यले ठुलो लगानीसमेत गरेको थियो ।

करिब १३ करोडको लगानीमा निर्माण थालिएको यो सङ्ग्रहालय ठेकेदार कम्पनीको बेवास्ताका कारण अधुरै रहेको छ । डिभिजन वन कार्यालय रुकुमपश्चिमबाट कार्यान्वयन हुने यस योजनाका लागि जम्बुदीप जेबिजिजेभी नेपालगन्जले निर्माणको लागि ठेक्का सम्झौता गरेको थियो । २०८२ असार २९ गतेसम्म निर्माण सम्पन्न हुने गरी २०८० साउन १४ गते ठेकेदार कम्पनीसँग सम्झौता भएको डिभिजन वन कार्यालयका प्रमुख वसन्तबाबु श्रेष्ठले जानकारी दिनुभयो । सम्झौता अनुसार काम नहुँदा २०८३ असार १५ गतेभित्र काम सक्ने गरी समयावधि थप गरिएको छ । हालसम्म ६० प्रतिशत भौतिक र ४०.६७ प्रतिशत मात्र वित्तीय प्रगती भएको छ । १२ करोड ९८ लाख ९६ हजार ७३ रुपियाँ ५६ पैसामा ठेक्का सम्झौता भएको यस योजनाको लागि हालसम्म पाँच करोड ५० लाख नौ हजार ७६० रुपियाँ ८६ पैसा रकम भुक्तानी भइसकेको छ ।

खारा जनयुद्ध सङ्ग्रहालय निर्माण योजनामा सङ्ग्रहालय भवन, चिल्ड्रेन पार्क, भ्यु टावर, पदमार्गलगायतका काम समावेश छन् तर यी सबै काम अधुरै रहेका छन् । जिल्लाकै गौरवको योजना मानिएको यस सङ्ग्रहालय तोकिएको मितिमा पूरा नभएपछि जिल्ला समन्वय समितिका प्रमुख लुम्बिनी गौतमलगायतको टोलीले अनुगमनका क्रममा निर्माण थालिएका कुनै पनि काम पूरा नभएको, अधुरो र लथालिङ्ग अवस्थामा भएको जनाएको थियो ।

स्थानीय पर्यटन प्रवर्धन हुनुका साथै ऐतिहासिक सम्पदाको संरक्षण तथा विगतका घटनाको अभिलेख हुने भएकाले स्थानीयले पनि सङ्ग्रहालय छिट्टै निर्माण गर्न पहल गरिररहेका छन् ।

यस का.म.पा. २८ वडा, बागबजार स्थित जीवन प्रसाद श्रेष्ठको घरमा घर/कोठा बहालमा लिई व्यवसाय सञ्चालन गर्दै आइरहेको क्यारियर पाथ एडुकेयर प्रा.लि. (सुरेन्द्र पाण्डे) विगत छ महिना देखिको घरभाडा समेत नतिरी कार्यालय बन्द गरी, सम्बन्धित व्यक्ति वा संस्था सम्पर्कमा समेत नआएकोले घर/कोठा खाली गराई पाऊँ भनी निज घर धनी जीवन प्रसाद श्रेष्ठले काठमाडौँ महानगरपालिका २८ नं. वडा, कार्यालयमा निवेदन दिनु भएको हुँदा कोठा खाली गरिदिने बारेको ३५ दिने सूचना प्रकाशित गरिएको छ । अन्यथा कानून अनुसार कोठा खाली गरिने व्यहोरा जानकारी गरिन्छ ।

का.म.पा. २८ वडा कार्यालय

का.म.पा. २५ नं. वडा, कार्यालयबाट जारी घर खाली गर्नेबारे श्री निर्मल ठाकुरको नाममा १५ दिने सूचना ।

उपरोक्त विषयमा यस का.म.पा. वडा नं २५ (साविक २८) स्थित कि.नं. १२६८ को श्री नानी काजी महर्जनको घरमा तपाईं निर्मल ठाकुर मिति २०८२।११।१ देखि कोठा ताला बन्द गरी सम्पर्कमा नआएको भनी निवेदन दिनुभएको सम्बन्धमा तपाईंले यो सूचना प्रकाशित भएको १५ दिनभित्र घर कोठा खाली गरिदिन अनुरोध गरिन्छ अन्यथा नियमानुसार कोठा खाली गरिने व्यहोरा समेत जानकारी गराइन्छ ।

पशुपति क्षेत्र विकास कोष श्रीपशुपतिनाथ अमालकोट कचहरी कार्यालयको हकदाबी सम्बन्धी ३५ दिने सूचना ।

ज.ध. श्री पशुपतिनाथ भण्डार तहविल कार्यालयको लगतमा रामहरि थापाको नाममा मोही दर्ता रहेको का.जि., का.न.पा. वडा नं. १० सिट नं. १०२-११४६-१४ को कि.नं. ७९ को क्षे.फ. ०-१०-२-३ जग्गा भई कायम भएकोमा मोही रामहरि थापाको मिति २०७४।०४।२६ मा मृत्यु भएको निज मोहीकी पत्नी साईली थापाको समेत मिति २०७८।०९।१२ मा मृत्यु भएकोले निज मृतकका नजिकका हक खाने हकदारहरूमा छोराहरू लबकुश थापा १, र महेन्द्र थापा १ गरी जम्मा २ जना मात्र रहेको भनी का.म.पा. ३१ नं. वडा कार्यालयको च.नं. २२८४, मिति २०७८।१२।०६ को नाता प्रमाणित प्रमाणपत्रको प्रतिलिपि र का.म.पा. ६ नं. वडा कार्यालयको च.नं. ३३४५, मिति २०८३।०१।१४ मार्फत यस गुठी कार्यालयलाई हकदार छोराहरू लबकुश थापा र महेन्द्र थापाको संयुक्त नाममा उक्त घर जग्गाको मोही हक नामसारी गरी दिनू भन्ने किटानी सिफारिस समेत संलग्न गरिएकोमा यस गुठीको द.नं. ८३२, मिति २०८३।१।१६ मा दाजु लबकुश थापाको नाममा नामसारी गरी दिएमा फरक पर्दैन भनी भाइ महेन्द्र थापाले लिखित मञ्जुरीनामा सहितको यस गुठी कार्यालयमा मिति २०८३।१।१६ मा निवेदन माग पर्न आएकोमा महेन्द्र थापाकी एक मात्र पत्नी कल्पना थापा क्षेत्री, छोराहरू मुकेश थापा र महेश थापाले समेत ठूलो बुबा लबकुश थापाको नाममा मोही नामसारी गरिदिएमा फरक पर्दैन भनी लिखित मञ्जुरीनामा दिएको हुँदा उक्त घर जग्गाको मोही हक नामसारीका लागि स्थानीय वडाका जनप्रतिनिधिको रोहवरमा स्थलगत सर्जमिन समेत भई सकेकोले निज निवेदकहरू बाहेक अन्य कसैको हकभोग भित्रको भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैँतीस) दिनभित्र आफूसँग भएको प्रमाण सहित यस गुठी कार्यालयमा हकदाबी उजुरी गर्न आउनुहोला नआए कानून बमोजिम हुने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

मालपोत कार्यालय कलंकीबाट प्रकाशित भएको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना ।

जिल्ला काठमाडौँ, नयाँ नैकाप वडा नं. २ बस्ने राम चन्द्र कार्कीको छोरा प्रमोद कार्की, प्रताप जंग कार्कीले यस कार्यालयमा दिएको निवेदन अनुसार मालपोत कार्यालय कलंकीमा स्रेस्ता कायम रहेको प्रमाणित हुन छुट भएको जिल्ला काठमाडौँ, तीनथाना वडा नं. ४ कि.नं. ६० क्षे.फ. ०-८-०-० को जग्गा सर्भे नापीको समयमा हाम्रा बुबा राम चन्द्र कार्कीको नाममा नाप नक्सा भएको जग्गा मौजा कीर्तिपुर रै.नं. २४६७ राम चन्द्र कार्कीको नाममा कायम लगत भीडि दर्ता हुने (७ नं. फाँटवारीमा नैकाप ग्राम पञ्चायत आ.नं. १३९० रै.नं. २४६७ क्षेत्रफल माटो मुरी १२.५ कसको नाममा रहेको महलमा रामचन्द्र कार्कि छेचु का.ई. बानेश्वर वस्ने सुन्तली कार्कीनि क्षेत्रीनि लाई भोग बन्धकी दिई आफैंले कमाई आएको भन्ने व्यहोरा लेखिएको र २ नं. अनुसूचीमा कि.नं. ६० क्षे.फ. ०-८-०-० मोहीको नाम, थर, वतन महलमा रामचन्द्र कार्की आफ्नो अरूको महलमा आफ्नो अरूको भएमा जग्गावालाको नाम थर वतन महल खाली) जग्गा भएकोले उक्त जग्गाको ज.ध. राम चन्द्र कार्कीको मिति २०५८।०९।१३ गते र निजकी श्रीमती सानी मैया कार्कीको मिति २०७७।११।२९ गते आ-आफ्नै कालगतिले परलोक भएको र निज मृतकका नजिकका हकदार प्रकाश कार्की-१, प्रताप जङ्ग कार्कि-१, प्रमोद कार्की-१ समेत ३ जना हकदार भएको हुँदा हाम्रो नाउँमा छुट जग्गा दर्ता गरी पाऊँ भनी द.नं. २०८२४ मिति २०८२।१०।०६ गते निवेदन माग गरेको उल्लिखित जग्गाको सम्बन्धमा अन्य हकदार कोही भए रहे मालपोत नियमावली २०३६ को नियम ४क (२) बमोजिम ३५ दिने सूचना प्रकाशित गरिएको छ यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र दाबी गर्न आउनुहोला अन्यथा माग दाबी बमोजिम जग्गा दर्ता नामसारी भई जाने व्यहोरा सर्वसाधारणको जानकारिका निमित्त यो सूचना प्रकाशित गरिएको छ ।

फिल्डबुकको व्यहोरा							
गा.वि.स.	वडा नं.	कि.नं.	ज.ध. को नाम, थर, वतन	मोहीको नाम, थर, वतन	क्षेत्रफल	किसानको व्यहोरा	कैफियत महल
तीनथाना	४	६०	राम चन्द्र कार्की काई नैकाप नयाँभञ्ज्याङको हस्ते सही छाप गर्ने श्रीमती सनु मैया कर्किनी	महल खाली	०-८-०-०	महल खाली	महल खाली

पशुपति क्षेत्र विकास कोष, श्रीपशुपतिनाथ अमालकोट कचहरीको हकदाबी सम्बन्धी ३५ दिने सूचना ।

श्रीपशुपतिनाथ भण्डार तहविल गुठी कार्यालयको लगतमा नारायण कृष्ण श्रेष्ठको नाममा मोही दर्ता रहेको का.जि., नगर ८, सि.नं. १०६८-१२, कि.नं. १२३, को क्षे.फ. १०९.३० व.मि. घर जग्गाको मोही नारायण कृष्ण श्रेष्ठको मिति २०८२।०९।१० मा परलोक भएको र निज मृतकको हक खाने नजिकका हकदारहरूमा श्रीमती सरिता वैद्य र छोरा निशान्त श्रेष्ठ समेत २ जना रहेको भनी का.म.न.पा. वडा नं. ८ को मिति २०८२।१०।०७ को नाता प्रमाणित प्रमाणपत्रको प्रतिलिपिबाट देखिएको साथै का.म.पा. वडा नं. ८ को च.नं. १४०३ मिति २०८२।१२।२४ बाट हकदारहरूका नाममा मोही हक नामसारी सिफारिस पत्र संलग्न गरी निज मृतकको हक खाने हकदार श्रीमती सरिता वैद्यको निवेदन यस गुठी कार्यालयमा पर्न आएको हुँदा उक्त घर जग्गाको मोही हक ना.सा.का लागि स्थानीय वडा प्रतिनिधिको रोहवरमा स्थलगत सर्जमिन समेत भई सकेकोले निज निवेदक बाहेक अन्य कसैको हकभोग भित्रको भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैँतीस) दिनभित्र आफूसँग भएको प्रमाण सहित यस गुठी कार्यालयमा हकदाबी उजुरी गर्न आउनुहोला नआए कानून बमोजिम हुने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

भूमि प्रशासन कार्यालय गरुडा, रौतहटबाट जारी मोठ स्रेस्ता कायम तथा भिडेको मोठ कट्टा सम्बन्धी ३५ दिने सार्वजनिक सूचना ।

उपरोक्त सम्बन्धमा जिल्ला रौतहट, साविक गा.वि.स. गम्हरिया विर्ता वडा नं. ५ हाल बृन्दावन नगरपालिका वडा नं. ९ मा बस्ने शेख फरमानको नाति, शेख चुल्हाईको छोरा शेख ओबैद-१, ऐ.ऐ. बस्ने ऐ.ऐ. को नाति, ऐ.ऐ. को छोरा शेख नैमुल्ला-१, ऐ.ऐ. बस्ने ऐ.ऐ. को नाति, ऐ.ऐ. को छोरा शेख ओजैफ-१ समेत चार जनाले रौ.जि.अ. गौरको मिति २०६८।१२।०२ को अंश दर्ता मुद्दाको मिलापत्र बमोजिम जि.रौ. गा.वि.स. गम्हरिया विर्ता वडा नं. ३ कि.नं. २९५ ज. वि. ०-८-५, ऐ.ऐ. कि.नं. २९७ ज.वि. ०-८-० जग्गाहरूको मोठ स्रेस्ता जीर्ण भई च्यातिएकोले उक्त जग्गाको मोठ स्रेस्ता कायम तथा ऐ.ऐ. वडा नं. ९ कि.नं. १२२।८४६ ज.वि. ०-१-० जग्गामा दा.खा. मि.नं. ९२ मिति २०७९।१०।२३ मा भिडेको मोठ समेत कट्टा गरी पाऊँ भनी यस कार्यालयमा दिएको द.नं. १३६७ मिति २०८२।०५।२२ को निवेदन सन्दर्भमा मोठ भिडान गर्दा जि.रौ. गा.वि.स. गम्हरिया विर्ता वडा नं. ३ कि.नं. २९५ र २९७ जग्गा धनी शेख चुल्हाईको नाउँमा खोज तलास गर्दा स्रेस्ता जीर्ण भई च्यातिएकोले फेला नपरेको र जग्गाधनी शेख चुल्हाईको नाउँमा रोक्का नदेखिएको तथा ऐ.ऐ. वडा नं. ९ कि.नं. १२२।८४६ ज.वि. ०-१-० जग्गा मोठ कायम रही रोक्का नदेखिएको तर दा.खा. मि.नं. ९२ मिति २०७९।१०।२३ मा मोठ भिडेको भनी मोठफाँटबाट लेखिआएकोले उल्लिखित जग्गामा कसैको हकदाबी छ वा छैन ? कसैको हक जान्छ कि ? कुनै कसैलाई असर पर्छ कि ? सर्वसाधारणको जानकारीका लागि यो ३५ (पैँतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । तसर्थ यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैँतीस) दिनभित्र आफ्नो हकदाबीको प्रमाण साथ वा कानून बमोजिम वारेस लिई यस कार्यालयमा उपस्थित हुन आउनुहोला भनी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ अन्यथा माग बमोजिम जग्गाको मोठ स्रेस्ता कायम भई दा.खा. भएमा तथा भिडोको मोठ कट्टा भई गएमा पछि कुनै किसिमको उजुरबाजुर लाग्ने छैन भनी यसै सूचनाद्वारा सबैमा जानकारी गराइन्छ ।

सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
सेती प्रादेशिक अस्पताल
धनगढी, कैलाली, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति २०८३।०२।२९)

यस अस्पतालले निम्नानुसारको कार्यका लागि प्रकाशित गरेको बोलपत्रमा निर्धारित मितिभित्र विद्युतीय खरिद प्रणालीमा दर्ता भएका बोलपत्रहरूको मूल्यांकन पछि न्यूनतम मूल्यांकित सारभुत रुपमा प्रभावग्राही रहेको तपसिल बमोजिमको बोलपत्रदाताको बोलपत्र सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (१) बमोजिम स्वीकृतिका लागि छनोट भएकोले सोही ऐनको दफा २७ को उपदफा (२) र (३) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ ।

सि. नं.	ठेक्का नं	बोलपत्रको विवरण	प्याकेज	सारभुत रुपमा प्रभावग्राही बोलपत्रदाताको नाम र ठेगना	कबोल अंक रु. (मू.अ.कर सहित)
1	SPH/NCB/ Goods/07/082/83	Procurement of Anesthesia and C-Arm machine	Anesthesia machine (Package 1)	General Medical Suppliers, Jawalakhel lalitpur	46,99,896/-
			C-Arm machine (Package 2)	Bijaya Suppliers, dhangadhi, Kailali	36,65,720/-

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय

कोशी प्रदेशको संखुवासभा जिल्लामा प्रस्तावित किमाथांका अरुण जलविद्युत आयोजना (४५४ मे.वा.) को वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदनमा राय-सुझावको लागि आह्वान गरिएको सार्वजनिक सूचना

प्रकाशित मितिः २०८३/०२/२९

श्री विद्युत उत्पादन कम्पनी लिमिटेड प्रस्तावक रहेको कोशी प्रदेश, संखुवासभा जिल्लाको भोटखोला गाउँपालिकामा भौतिक संरचनाहरू रहने गरी अरुण नदीमा ४५४ मेगावाट (वार्षिक २६६०.७७ गिगावाट-घण्टा Outage विना) क्षमताको अर्धजलाशययुक्त (PROR) प्रकारको किमाथांका अरुण जलविद्युत आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदन श्री ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयमार्फत यस मन्त्रालयमा स्वीकृतिका लागि प्राप्त भएको छ ।

प्राप्त प्रतिवेदन अनुसार, भोट खोला गाउँपालिका वडा नं. २ मा आयोजनाको सम्पूर्ण संरचनाहरू (बाँध, जलाशय, हेडरेस टनेल, भूमिगत विद्युतगृह, टेलरेस सुरुङ्ग, पहुँच सडक) निर्माण हुनेछ । आयोजनाको बाँधदेखि विद्युतगृहसम्मको करिब ८.६ कि.मी. जल प्रवाह घट्ने अरुण नदीको खण्ड भोट खोला गाउँपालिका वडा नं. २ मा नै सीमित हुनेछ ।

प्रतिदिन ६ घण्टा नदीको पानी थुनेर १४३.५ घनमिटर/सेकेन्ड पानी उपयोग गर्ने गरी निर्माण हुने १४० मिटर (foundation बाट) अग्लो बाँधका कारण सिर्जना हुने २७०० मिटर लामो जलाशयले करिब ०.३५ वर्ग किलोमिटर क्षेत्रको जमिन डुबानमा पर्नेछ । बाँधदेखि विद्युतगृहसम्मका विभिन्न स्थानमा अडिट टनेलहरू, हेडरेस टनेल, सर्ज शाफ्ट र टेलरेस टनेल जस्ता संरचनाहरू निर्माण गरिनेछ । सामुद्रिक सतहबाट जलाशय उच्चतम सतह २०३५masl रहनेछ । आयोजनाका संरचना निर्माण गर्नका लागि निजी स्वामित्वको करिब ६८.०९ हेक्टर र सरकारी स्वामित्वको करिब १००.६४ हेक्टर (**मकालु वरुण राष्ट्रिय निकुन्जको मध्यवर्ती क्षेत्रको वन क्षेत्र करिब ७२.७४ हे. र डिभिजन वनको क्षेत्राधिकार भित्र पर्ने वन क्षेत्र करिब २७.९ हेक्टर**) गरी करिब १६८.७३ हेक्टर जग्गा आवश्यक पर्नेछ । आयोजनाको निर्माण अवधि ५ वर्ष र जम्मा निर्माण लागत रु. ९३.८० अर्ब रहनेछ ।

वातावरण संरक्षण नियमावली, २०७७ को नियम ९(६) बमोजिम यस प्रतिवेदनमा राय-सुझाव दिनका लागि सर्वसाधारणले प्रतिवेदन उतार गर्न सक्ने व्यवस्था रहेकोले यो प्रतिवेदन निम्न स्थानहरूमा तथा यस मन्त्रालयको वेबसाइट (www.mofe.gov.np) मा समेत सार्वजनिक गरिएको छ । प्रतिवेदनमा उपयुक्त राय-सुझाव प्राप्त भएमा, यस मन्त्रालयले उक्त प्रस्ताव कार्यान्वयनका लागि स्वीकृति दिने क्रममा ती राय-सुझावहरूलाई समेत विचारमा राख्नेछ । उक्त प्रतिवेदनका सम्बन्धमा सर्वसाधारण व्यक्ति वा संस्थाको कुनै राय-सुझाव भएमा यो सूचना प्रथम पटक प्रकाशित मितिले ७ (सात) दिनभित्र आफ्नो लिखित रूपमा राय-सुझाव निम्न ठेगानामा पठाइदिनुहुन यसै सूचना द्वारा आह्वान गरिन्छ ।

प्रतिवेदन अध्ययन वा उतार गर्न सकिने स्थानहरू :

श्री ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, सिंहदरबार, काठमाडौँ ।
श्री आदिवासी तथा जनजाति महासंघ नेपाल, सिनामङ्गल, काठमाडौँ ।
श्री त्रिभुवन विश्वविद्यालय, केन्द्रीय पुस्तकालय, कीर्तिपुर, काठमाडौँ ।
श्री जिल्ला समन्वय समितिको कार्यालय, खाँदबारी, संखुवासभा ।
श्री भोटखोला गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, संखुवासभा ।

राय-सुझाव पठाउने ठेगाना :

कृषि, वन तथा पर्यावरण मन्त्रालय
वातावरण प्रभाव अध्ययन शाखा
सिंहदरबार, काठमाडौँ ।
फोन नं.: ०१-४२११५६७, ४२११९४६, इमेल info@mofe.gov.np

किमाथांका अरुण जलविद्युत आयोजना (४५४ मेगावाट)

को

वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन

(कोशी प्रदेश, संखुवासभा जिल्ला)

प्रतिवेदन पेश गरिएको निकाय

कृषि, वन तथा पर्यावरण मन्त्रालय

सिंहदरबार, काठमाडौं

मार्फत्

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

सिंहदरबार, काठमाडौं

विद्युत विकास विभाग

सानो गौचरण, काठमाडौं

प्रस्तावक

विद्युत उत्पादन कम्पनी लिमिटेड

BPC भवन, रुद्रमती मार्ग-१०

काठमाडौं, नेपाल

जेष्ठ, २०८३

- खाली पेज -

कार्यकारी सारांश

१. प्रस्तावको परिचय

नेपालका प्राय जलविद्युत आयोजनाहरु नदी प्रवाहमा आधारित भएकोले हिउँद र सुक्खा मौसममा ऊर्जाको राष्ट्रिय उत्पादन र मागबीचको असन्तुलनको समस्याको समाधान गर्दै ऊर्जाको बढ्दो माग परिपूर्ति गर्नका लागि मूलतः विद्युतको उच्च माग हुने समयमा विद्युत उत्पादन गर्ने अर्धजलाशय प्रकृतिको जलविद्युत आयोजना निर्माण गर्नु आवश्यक देखिन्छ। जलविद्युतको कुल जडित क्षमता र उत्पादन वृद्धि गर्ने, विदेशबाट आयात घटाउने र स्वच्छ ऊर्जाको प्रबर्द्धन गर्ने नेपाल सरकारको लक्ष्य हासिल गर्न सहयोग पुर्याउने गरी प्रस्तावित किमाथांका अरुण जलविद्युत आयोजना बिद्युत उत्पादन कम्पनी लिमिटेड अन्तर्गत रहेको जलविद्युत आयोजना हो। किमाथांका अरुण जलविद्युत आयोजना कोशी प्रदेशको संखुवासभा जिल्लामा अवस्थित छ। यस जलविद्युत आयोजनाको जडित क्षमता ४५४ मेगावाट रहेको छ। यस आयोजनाको सम्भाव्यता तथा वातावरणीय अध्ययन को लागि एनइए ईन्जिनियरिङ्ग कम्पनी लिमिटेडलाई परामर्शदाताको रुपमा जिम्मेवारी दिईएको छ।

बाँधको आधारबाट १४० मिटर अग्लो बाँध बनाई सोबाट उत्पन्न हुने जलाशयमा रहेको पानीको प्रयोग गरी विद्युतको अधिकतम माग हुने समयमा सञ्चालन गर्ने उद्देश्यका साथ यो आयोजना निर्माण गर्न लागिएको हो। बाँधको उचाई समुन्द्र सतहबाट २,०४० मिटर हुनेछ। यस आयोजनाको बाँध संखुवासभा जिल्लाको भोटखोला गाउँपालिका छुम्सुर गाउँ नजिक अरुण नदीको दाहिने किनारमा ख्योक्मा भन्ने ठाउँबाट करीव ५०० मिटर तलको दूरीमा पर्दछ र माथिल्लो अरुण जलविद्युत आयोजनाको बाँध साइट भन्दा १२ किलोमिटर माथि अवस्थित छ। प्रस्तावित बाँध चीन सीमाबाट करिब ३ कि.मि. तल्लो तटमा पर्दछ। भूमिगत विद्युत गृह अरुण नदीको दाहिने किनारमा लिंगम गाउँबाट करीव ५०० मिटर मुनी पुङमुछी भन्ने ठाउँमा प्रस्ताव गरिएको छ। डुबान क्षेत्र भोटखोला गाउँपालिका वडा नं.२ को छुम्सुर गाउँको तल्लो भाग हुनेछ। पानीको धार परिवर्तन हुने क्षेत्र भोटखोला गाउँपालिका वडा नं.२ को छुम्सुर, च्यामतांग, रिडाक गाउँको तल्लो भाग हुनेछ। बाँध क्षेत्रको शिविर भोटखोला गाउँपालिका वडा नं.२ अन्तर्गत छुम्सुरमा र पावरहाउस क्षेत्रको शिविर पुंङमुछीमा रहनेछ।

आयोजनाबाट सुख्खा समयको उच्चतम माग हुने समयमा (आउटेज सहित) ४८५.९३ गिगावाट घण्टा/बर्ष र सुख्खा समय को उच्चतम माग नहुने समयमा (आउटेज सहित) २७९.२८ गिगावाट घण्टा/बर्ष उत्पादन हुनेछ। वार्षिक रुपमा सुख्खा समयमा (आउटेज सहित) कूल ७६५.२१ गिगावाट घण्टा बराबर र वर्षाको समयमा (आउटेज सहित) कूल १७८५.९५ गिगावाट घण्टा गरी (आउटेज सहित) जम्मा २५५१.१६ गिगावाट घण्टा उर्जा उत्पादन हुनेछ।यस आयोजनाले अरुण नदीबाट आएको बहावलाई बिजुली उत्पादनका लागि प्रयोग गरी उत्पादित विद्युत करिब १८.५ कि.मि. लम्बाईको ४०० केभि प्रसारण लाइन मार्फत संखुवासभा जिल्लाको मकालु गाउँपालिकाको हाईटारमा प्रस्तावित सबस्टेसनमा जोडी मुलुकको एकीकृत

विद्युत प्रणालीमा निकास गर्नेछ। यस जलबिद्युत आयोजना निर्माण गर्न लगभग ९३ अर्ब ८० करोड रुपैया (with financing) खर्च लाग्ने अनुमान गरिएको छ।

वातावरणीय प्रभाव मूल्याङ्कनको औचित्य: वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ को उपदफा १ र नियमावलीको नियम ३ बमोजिम अनुसूची ३ मा उल्लिखित प्रस्तावको हकमा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने व्यवस्था अनुसार "(च) ऊर्जा, जलश्रोत तथा सिंचाई क्षेत्र" को "(१) विद्युत उत्पादन अन्तर्गत" (क) मा "५० मेगावाट भन्दा बढी क्षमताको जलविद्युत् उत्पादन आयोजना निर्माण गर्ने" भन्ने उल्लेख भएको र "(क) वनक्षेत्र" अन्तर्गत (५) मा "विद्युत प्रसारण लाइन निर्माण वा ५० किलोमिटरसम्म लम्बाईको राष्ट्रिय राजमार्ग वा सहायक सडकको चौडाई वृद्धि हुने गरी स्तरवृद्धि, पुनर्स्थापना वा पुनर्निर्माण गर्ने बाहेक अन्य प्रयोजनको लागि ५ हेक्टरभन्दा बढी वन क्षेत्र, वन संरक्षण क्षेत्र, संरक्षण क्षेत्र, मध्यवर्ती क्षेत्र तथा वातावरण संरक्षण क्षेत्रको वनको जग्गा प्रयोग गर्ने" भन्ने उल्लेख भएको हुँदा ४५४ मेगावाट क्षमता तथा आयोजना निर्माण गर्दा जलाशयले ढाक्ने क्षेत्र समेत आयोजनाको लागि १००.६४ हेक्टर (अरुण नदीको पानी बगेको/बगर क्षेत्र समेत) वनको जग्गा (निजी स्वामित्वको जमिन बाहेक) आवश्यक हुने र मकालु बरुण राष्ट्रिय निकुन्जको मध्यवर्ती क्षेत्रमा पर्ने हुनाले प्रस्तावित आयोजनाका लागि वातावरणीय प्रभाव मूल्याङ्कन आवश्यक छ।

अध्ययनको सीमा: यस आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कनले विद्युत विकासद्वारा जारी गरिको सर्वेक्षण सिमा भित्र रहने गरि निर्माण गर्न लागिएको प्रस्तावित आयोजनाको बाँध (मुख्य बाँध, तल्लो र माथिल्लो कफर बाँध), सुरुङ्ग (हेडरेस, टेलरेश, डाइभर्सन), अडिटहरु, विद्युत गृह, स्वीचयार्ड, जलाशय, सुख्खा तटीय क्षेत्र, शिविरहरु (श्रमिक वस्ने, निर्माण व्यवसायी, प्रस्तावक, परामर्शदाता, सुरक्षा), आयोजनाको साइट कार्यालय, मक विसर्जन स्थल, निर्माण उर्जाको लागि आवश्यक पर्ने डिजेल जेनेरेटर सेट, २१.३ कि.मि.को आन्तरिक पहुँच मार्ग, पहुँचमार्गमा पर्ने सुरुंग, ३ वटा बेलीब्रिज, Quarry क्षेत्र, Crusher प्लान्ट, batching plants, निर्माण सामाग्री भण्डारण क्षेत्र, गाडी पार्किंग स्थल, उपकरण मर्मत संभार क्षेत्र, ईन्धन भण्डारण क्षेत्र, लगायत अरुण नदीको पानी उपभोग गरि ४५४ मेगावाट वरावर ऊर्जा उत्पादन गर्न आवश्यक पर्ने आयोजनासँग सम्बन्धित सवै संरचना र विषयहरु समट्नेछ। तर यो वातावरणीय प्रभाव मूल्याङ्कनले प्रस्तावित आयोजनाबाट उत्पादित ऊर्जाको प्रसारणका लागि आवश्यक पर्ने प्रसारण लाईनलाई समेट्दैन। प्रसारण लाईन निर्माणका लागि छुट्टै वातावरणीय अध्ययन गरिनु पर्दछ।

आवश्यक जग्गा: यस आयोजनाका लागि जग्गा जलाशय क्षेत्र, निर्माण क्षेत्रहरू, आयोजनाका सुविधाहरू र सहायक संरचनाहरूको लागि आवश्यक छ। भूमिगत संरचनाहरु बाहेक यस आयोजनाका लागि कुल १६८.७३ हेक्टर जग्गा आवश्यक पर्ने आंकलन गरिएको छ। भूमिगत संरचनाहरुले कूल १७.६८ हेक्टर क्षेत्रफल ओगट्ने छन्। आयोजनाको सम्भाव्यता अध्ययन प्रतिवेदन (जुन,२०२२) अनुसार आयोजनाका संरचनाका लागि मकालु बरुण राष्ट्रिय निकुन्जको

मध्यवर्ती क्षेत्रमा ६८.०९ हेक्टर निजी (**स्थायीः ५३.६९ हे. र अस्थायीः १४.४ हे.**) र ७२.७४ हेक्टर सरकारी स्वामित्व (**स्थायीः ५५.६६ हे. र अस्थायीः १७.०८ हे.**) को गरी जम्मा १४०.८३ हेक्टर र मध्यवर्ती क्षेत्र बाहिर सरकारी स्वामित्वको २७.९ हेक्टर (**स्थायीः २४.४१ हे. र अस्थायीः ३.४९ हे.**) गरी कूल १६८.७३ हेक्टर जग्गा आवश्यक पर्नेछ। आयोजनाको कार्यालय, निर्माण शिविर, सेना शिविर, सामान भण्डारण क्षेत्र र विष्फोटक भण्डारण क्षेत्र लगायत सहायक संरचनाहरुका लागि आवश्यक जग्गा अधिग्रहण गरिनेछ भने अन्य आवश्यक निर्माण क्षेत्र (कामदार शिविर र निर्माण क्षेत्र नजिकै निर्माण सामग्री भण्डारण) को लागी चाहिने उपयुक्त जग्गाको व्यवस्था गर्ने जिम्मा निर्माण व्यवसायीको हुनेछ।

आवश्यक श्रोतसाधन तथा जनशक्तिः प्रस्तावित आयोजना निर्माणको लागि सिमेन्ट ५९,६१,२४२.७३ बोरा, बालुवा ८,१७,४१७.२४ घन मिटर, Aggregate १३,६४,९६५.५८ घन मिटर, Rebar१८,२९३.०० टन, विष्फोटक २०,४४,६३५.२९ किलोग्राम र डेटोनेटर १२,२२,५३५ वटा लगायत निर्माण सामग्री, ६ मे.वा. निर्माण ऊर्जा र निर्माण अवधि (५ वर्ष) मा विभिन्न किसिमका दक्षता भएका २,५०० व्यक्ति बराबरको जनशक्ति आवश्यक पर्ने देखिन्छ।

२. प्रतिवेदन तयार गर्दा अपनाइएको विधि

वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ मा व्यवस्था भएका कानुनी प्रक्रियाहरुको अनुसरण गरी यो वातावरण प्रभाव मुल्यांकन प्रतिवेदन तयार गरिएको छ। प्रतिवेदन तयार पार्न चाहिने प्रथम तथा दोस्रो क्रमको जानकारीहरु (Primary and Secondary Information) क्रमशः स्थलगत अध्ययन र सन्दर्भ सामग्रीहरुको पुनरावलोकनबाट संकलन गरिएको छ। सामाजिक, आर्थिक, सांस्कृतिक वातावरण, भौतिक वातावरण र जैविक वातावरण सम्बन्धी गुणात्मक र संख्यात्मक सुचनाहरुको संकलनका लागि सन्दर्भ सामाग्रीहरुको पुनरावलोकन, स्थलगत सर्वेक्षण तथानम अवलोकन, सूचीकरण, नमुना सर्वेक्षण, र मुख्य सूचनादातासंगको अन्तर्वार्ता र सरोकारवाला व्यक्ति/निकायहरुसंगको छलफल आदि कार्य गरिएको छ।

प्रस्तावको प्रभाव क्षेत्र निर्धारण गरी प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको नक्साको अध्ययन तथा विश्लेषण, चेकलिष्ट/म्याट्रिक्स तथा प्रश्नावलीको निर्माण गरी आवश्यक तथ्याङ्क सङ्कलन, स्थलगत अध्ययन तथा सन्दर्भ सामग्री पुनरावलोकनबाट प्राप्त सूचना तथा तथ्यांकको विश्लेषणको आधारमा प्रस्ताव कार्यान्वयनका कारण हुने सम्भाव्य सकारात्मक र नकारात्मक प्रभावहरूको पहिचान गरी जैविक, भौतिक, र सामाजिक-आर्थिक तथा साँस्कृतिक गरी तीन शीर्षक अन्तर्गत प्रभावको अर्थपूर्ण स्तर अनुमान तथा मूल्याङ्कन गरिएको छ। यसरी प्रभाव मुल्याङ्कन गर्दा प्रभावहरूलाई तिनको प्रकृति, परिमाण, विस्तार/सिमा र अवधि (Nature, Magnitude, Extent and Duration) का आधारमा वातावरण संरक्षण नियमावली, २०७७ को अनुसूची १२ अनुरुप वर्गीकरण गरि विश्लेषण, प्राथमिकीकरण र प्रस्तुतीकरण गरिएको छ। प्रभावहरुको स्तर अनुसार तय गरिएको अङ्कमान जोडेर हरेक प्रभावको कुल अङ्कमान प्रस्तुत गरिएको छ। वातावरणीय प्रभाव मूल्याङ्कनको

अध्ययनको विभिन्न चरणहरुमा आयोजना प्रभावित वडाका प्रतिनिधिहरूको रोहवरमा प्रभावित प्रत्येक वडा तथा वस्तीहरुमा सामुहिक छलफल मार्फत मुख्यतया आयोजना कार्यान्वयनबाट उत्पन्न हुन सक्ने सवालहरु, आयोजना क्षेत्रको विद्यमान वातावरणीय अवस्थाको बारे छलफल तथा राय सुझाव संकलन गरिएको थियो।

वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ को उप-दफा ५ को वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा प्रस्तावका बारेमा सार्वजनिक सुनुवाई गर्नु पर्ने व्यवस्था बमोजिम वातावरण संरक्षण नियमावली, २०७७ नियम ६ को उप-नियम (१) अनुसार यस प्रतिवेदन तयारीको सिलसिलामा आयोजना प्रभावित क्षेत्रमा प्रस्तावको बारेमा आयोजनाबाट प्रत्यक्ष प्रभावित स्थानीय तहको सबै वडाहरु समेटिने गरि ४ फरक स्थानहरुमा सार्वजनिक सुनुवाईको आयोजना गरी राय सुझाव सङ्कलन गरिएको थियो। वि.स.२०७९ साल श्रावण ११, १३, १५ र १६ गतेका दिन सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गर्नका लागि मिति २०७९/०३/३० गते सार्वजनिक सुनुवाईको सूचना संखुवासभा जिल्लाबाट प्रकाशित हुने **"संखुवासभा एक्सप्रेस साप्ताहिक"** पत्रिकामा सुचना प्रकाशन गरिएको थियो भने प्रभावित पालिकाहरूका कार्यालय, सम्बन्धित वडा कार्यालयहरू, जिल्ला तथा पालिकामा अवस्थित सरोकारवाला कार्यालयहरूको सूचनापाटि तथा सार्वजनिक स्थानहरूमा सार्वजनिक सुनुवाई हुने मिति, समय तथा स्थान बारेको सूचना टाँस गरिएको थियो भने सरोकारवालाहरुलाई (जी.प्र.का., जी.स.स., डि.व.का., प्रभावित पालिकाको कार्यालय, वडा कार्यालय) सार्वजनिक सुनुवाईमा उपस्थित भईदिन पत्राचार समेत गरिएको थियो। यस्का अतिरिक्त जिल्ला स्थित सरोकारवालाहरुलाइ आयोजनाको बारे जानकारी दिने र सरोकारवालारुको आयोजनाप्रति को राय सुझाव संकलन गर्ने उद्देश्यले २०८०/०१/०५ मंगलबार जिल्ला स्तरीय अन्तरक्रिया गरिएको थियो।

प्रस्ताव कार्यान्वयन गर्दा स्थानीय वातावरणमा पर्न सक्ने प्रभावका बारेमा सरोकारवालाहरुको लिखित राय सुझाव लिन मिति २०७९/०५/१४ गते सात (७) दिने सूचना मार्फत अनुरोध गरिएको थियो भने उक्त प्रकाशित सूचनाका प्रतिलिपिहरू प्रस्ताव कार्यान्वयन हुने जिल्ला स्थित सरकारी कार्यालयहरु स्थानीय निकायका कार्यालय, विद्यालय लगायत सार्वजनिक स्थानहरू तथा संघसंस्थाहरूका सूचनापाटीमा टॉस गरी मुचूल्का सङ्कलन गरिएको थियो। यसका साथै सोही व्यहोराको सात (७) दिने सार्वजनिक सूचना **"गोरखापत्र राष्ट्रिय दैनिक"** पत्रिकामा मिति २०७९/०९/८ गते प्रकाशित गरी प्रस्ताव कार्यान्वयन हुँदा स्थानीय वातावरणमा पर्न सक्ने प्रभावका बारेमा लिखित राय सुझाव दिन अनुरोध गरिएको थियो भने सम्बन्धित नगरपालिका, गाउँपालिका र बिषयगत कार्यालयहरूबाट यस प्रस्ताव कार्यान्वयनको लागि सिफारिस सङ्कलन गरिएको थियो।

३. प्रस्तावसँग सम्बन्धित नीति, कानून तथा मापदण्डहरु

आयोजना निर्माण तथा सञ्चालनसंग सम्बन्ध राख्ने नेपालको संविधान, ऐन तथा नियमावली, मापदण्ड, निर्देशिका, कार्यविधि तथा दिग्दर्शन, आवधिक योजना, नीति तथा रणनीति/कार्यनीति,

वातावरणिय मापदण्डहरु, अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरु लगायत कानूनी दस्तावेजहरु वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गर्ने सिलसिलामा पुनरावलोकन गरी आयोजना कार्यन्वयनका लागि सान्दर्भिक कानूनी व्यवस्थाको समिक्षा गरिएको छ।

४. विद्यमान वातावरणीय अवस्था

प्रस्तावित आयोजना क्षेत्र नेपालको क्षेत्रीय प्राकृतिक भूगोलमा, प्रस्तावित आयोजना क्षेत्र पूर्वी नेपालको उच्च भूमि क्षेत्र (highland zone) मा अवस्थित छ। भौगोलिक रुपमा विषम प्रस्तावित आयोजना क्षेत्रको अधिकतम र न्युनतम उचाई क्रमशः ३८५० मि. र १६५० मि. छ भने आयोजना क्षेत्रको प्राय स्थानहरुमा जमिनको भिरालोपन/झुकाव ६० डिग्री भन्दा अधिक छ। भौगोलिक रुपमा अरुण जलाधारको जलग्रहण क्षेत्र अक्षांश २७°२९′२८″-२९°७′५६″ र देशान्तर ८५°४४′१८″-८८°५७′५४″ बीचमा अवस्थित छ। यो जलाधार क्षेत्र समुद्री सतहबाट ८७१ मि. (उवा गाउँ स्थित जलनिकास बिन्दु/outlet) देखि ८,४६५ मि. सम्म फैलिएको छ। उवा गाउँ स्थित जलनिकास बिन्दुमा अरुण जलाधारको जलाधार क्षेत्रफल २६,१३२.७९ वर्ग कि.मि. छ र किमाथांका जलनिकास बिन्दु (आयोजना क्षेत्र) मा २४,८३५.५८ वर्ग कि.मि. छ।

भौगोलिक अवस्थितिका आधारमा पूर्वी नेपालको उच्च भूभाग (highland zone) अन्तर्गत पर्ने आयोजना क्षेत्रको भू-आकृति हिमालयको आम पहाडी भूभागसंग मिल्दोजुल्दो छ। समुद्री सतहबाट १५६० मि. देखि ३८५० मि. सम्म फैलिएको यस क्षेत्रको भू-आकृतिमा ridge, spur, saddle रहेका छन् भने उपत्यकाको भू-आकृति मध्यम झुकाव (moderately dipping) देखि निकै भिरालो (steep) रहेको छ। आयोजना क्षेत्रमा वृक्षाकार, trellis तथा समानान्तर निकास शैली (drainage patterns) भएका विभिन्न खोल्सा, साना सहायक खोला र नाला/जलमार्गहरु (gullies) अरुण नदीमा मिसिन्छन् र अरुण नदीको साधारणतया साँघुरो नदी उपत्यकामा उल्लेख्य संख्यामा भण्डारण र कटान हुने किनार संरचना देखिन्छन्। अरुण नदी खण्डको केहि स्थानहरुमा पहिरोका कारण नदी थुनिएका घटना (landslide damming) का ऐतिहासिक भौगर्भिक प्रमाणहरु पनि देखिन्छ, जस्तै छुम्सुर गाउँको फेदमा करिब ७० वर्ष अगाडी landslide damming भएको थियो। अरुण नदीको दुवै किनारमा किमाथांकादेखि तुम्लिङटारसम्म उत्तर-दक्षिण दिशामा उन्मुख रहेको एक प्रमुख tectonic सिमानाः मुख्य केन्द्रीय जोर (Main Central Thrust, MCT) प्रस्तावित आयोजना स्थलको उत्तरपूर्व र पश्चिमतर्फ अवस्थित छ। वर्तमानमा भौगर्भिक रुपले निष्क्रिय रहेको मानिने MCT आयोजना स्थलदेखि टाढा रहेको कारण पनि आयोजनामा MCT को tectonic असरको प्रभाव नगण्य हुने आंकलन गरिएको छ। Shear/weak zones प्राय banded तथा schistose gneiss (करिब १०-१५ से.मि. बाक्लोपन भएका) मा पाइएको छ। प्रस्तावित आयोजनाको हेडवर्क्स स्थलमा औसत बार्षिक जलप्रवाह करिब १९८.१ घनमिटर प्रति सेकेण्ड रहने अनुमान गरिएको छ। आयोजना क्षेत्रमा वायु, जल, माटो तथा ध्वनि प्रदुषणका उल्लेखनीय

ठुला श्रोत/कारकहरु नभएका कारण सो क्षेत्रमा वायु, जल, माटो तथा ध्वनिको गुणस्तर साधारणतया राम्रो रहेको देखिन्छ।

अरुण जलाधार क्षेत्रको जलवायु प्रणालीमा दक्षिणपश्चिमी मनसुन (Southwestern monsoon) को उल्लेख्य प्रभाव देखिन्छ। मनसुनी गतिविधिका कारण मध्य-जून देखि सेप्टेम्बरको अन्त्यसम्म उल्लेख्य वर्षा हुन्छ भने अप्रिल, मे र अक्टुबरमा पनि यथेष्ट वर्षा हुन्छ। अरुण जलाधार क्षेत्रको पूर्वीय भौगोलिक अवस्थिति र अरुण उपत्यकाको भौगोलिक trough का कारण नेपालको अन्य क्षेत्रको तुलनामा आयोजना क्षेत्रमा बर्खा याम अलावा अन्य याममा पनि उल्लेख्य मात्रामा वर्षा हुन्छ। प्रस्तावित आयोजना क्षेत्र मकालु वरुण राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा पर्दछ। यस क्षेत्रको भौगोलिक अवस्थिति, अरुण नदी उपत्यकाको विशिष्ट भौगोलिक संरचना, जलवायु, पारिस्थितिकीय विविधताका कारण यस क्षेत्र प्रचुर जैविक विविधतायुक्त छ। आयोजनाको बाँधस्थल, जलाशय पूर्ण रुपमा मध्यवर्ती क्षेत्रभित्र पर्दछन। वनस्पतिको आधारमा आयोजनाका संरचनाहरू रहने क्षेत्र र सो को नजिक पाइने जंगलमा उत्तिस (*Alnus nepalensis*), कटुस (*Castanopsis indica*), खोटे सल्ला (Pinus roxburghii), गोब्रे सल्ला (*Pinus wallichiana*), सौर (*Betula alnoids*), झिंगाने (*Eurya acuminate*), पांचपाते (*Macropanax undulatus*), बोट धंयेरो (*Lagerstroemia parviflora*), टुनी (*Toona ciliata*) र लालीगुराँस (*Rhododendron arboreum*) लगायतका रुखहरु पाइन्छ। आयोजनाको प्रभाव क्षेत्रमा कुल ३५ प्रजातिका स्तनधारी, १०१ प्रजातिका पन्छीहरू, ३२ प्रजातिका सरीसृपर उभयचर, ३ प्रजातिका माछाहरु अभिलेख गरिएको छ।

प्रस्तावित किमाथांका अरुण जलविद्युत आयोजना कोशी प्रदेश अन्तर्गत संखुवासभा जिल्लामा अवस्थित रहेको छ। यस आयोजनाको प्रभाव क्षेत्रमा भोटखोला गाउँपालिका रहेको छ। जलविद्युत आयोजनाको प्रभाव क्षेत्र अन्तर्गत संखुवासभा जिल्लामा रहेको भोटखोला गाउँपालिकाको क्षेत्रफल ६३९.०१ वर्ग कि.मि. रहेको छ। आयोजनाको प्रभाव क्षेत्र अन्तर्गत रहेको भोटखोला गाउँपालिकाको कूल जनसंख्या ६,४३८ रहेको छ। पुरुष र महिलाको जनसंख्या क्रमश ४९.७ प्रतिशत र ५०.३ प्रतिशत रहेको छ। परिवारको औसत आकार ३.८ रहेको छ। आयोजनाबाट प्रभावित पालिकाको लैंगिक अनुपात ९८.८ रहेको छ। आयोजना प्रभावित पालिकाको कूल जनसंख्या मध्ये ब्राह्मण-क्षेत्रीको जनसंख्या ०.२ प्रतिशत रहेको छ। आयोजना प्रभावित भोटखोला गाउपालिका जनाजाति बाहुल्य पालिकाको रुपमा चिनिन्छ। यस पालिकामा कुल जनसंख्याको ९७.६ प्रतिशत जनाजाति समुदायको रहेको छ भने दलित समुहको जनसंख्या १.६ प्रतिशत रहेको छ। त्यसैगरी अन्य समुहको जनसंख्या ०.६ प्रतिशत रहेको छ। आयोजना प्रभावित पालिकामा ५४.८ जनसंख्या मातृभाषाको रुपमा भोटे भाषा बोल्दछन्। त्यसैगरी राई भाषा बोल्ने १५.८ प्रतिशत, तामाङ्ग भाषा बोल्ने ११.३ प्रतिशत, नेपाली भाषा बोल्ने ४.८ प्रतिशत, शेर्पा भाषा बोल्ने ४.३ प्रतिशत, खालिङ्ग भाषा बोल्ने ३.२ प्रतिशत, ल्होमी

भाषा बोल्ने १.३ प्रतिशत, चाम्लिङ्ग भाषा बोल्ने १.१ प्रतिशत, याम्फु भाषा बोल्ने १ प्रतिशत र अन्य भाषा बोल्ने २.४ प्रतिशत रहेका छन्।

५. प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने प्रभाव

प्रस्ताव कार्यान्वयन गर्दा अर्थात आयोजनाको निर्माण तथा संचालन चरणहरुमा वातावरणमा पर्ने प्रभावहरुलाई स्वीकृत कार्यसूचीमा पहिचान गरिएका वातावरणीय सवालहरु, स्थलगत अध्ययन र सार्वजनिक सुनुवाई तथा परामर्शहरुका आधारमा निम्नानुसार पहिचान गरिएको छः

भौतिक वातावरणमा पर्ने प्रभावहरुः प्रस्ताव कार्यान्वयन गर्दा भू-स्वरूप र परिदृश्य (प्राकृतिक सौन्दर्य) मा आउने परिवर्तन, भू-क्षय, पहिरो र भू-अस्थिरता, भू-उपयोगमा आउने परिवर्तन (वन वनस्पति, तथा कृषि क्षेत्रमा आउने ह्रास), माटोमा पर्न सक्ने दुष्प्रभाव र सतही माटोको ह्रास, वायु प्रदूषण (वायु गुणस्तरमा आउने ह्रास), पानीका मूलहरू सुक्ने वा भूमिगत पानीको सतहमा परिवर्तन आउने, जल प्रदूषण (पानीको गुणस्तरमा आउने ह्रास), ध्वनि प्रदूषण, बाँध भत्कने/फुट्ने (पानीको चाप, जलवायु जन्य जोखिम, हिमताल विस्पोट, भूकम्प, मानवीय त्रुटी), हरित गृह ग्याँसको उत्सर्जनमा वृद्धि हुने, फोहोर/प्रदुषण, निर्माण सामाग्री उत्खनन कारण पर्ने प्रभाव, सुक्ष्म/स्थानीय-जलवायु परिवर्तन जस्ता प्रभावहरु पर्ने देखिन्छ।

जैविक वातावरणमा पर्ने प्रभावहरुः प्रस्ताव कार्यान्वयन गर्दा जैविक वातावरणमा पर्ने प्रभावहरुमा वन क्षेत्र विनास, मध्यवर्ती/सामुदायिक/ वनमा प्रभाव, वन डढेलोमा वृद्धि हुन सक्ने, वनस्पतिको विनाश, दुर्लभ तथा लोपोन्मुख वनस्पति पर्न सक्ने असर, रैथाने वनस्पति लोप हुने, मिचाहा प्रजातिहरू (Invasive Species) स्थापित हुन सक्ने, वन्यजन्तुको विचरण र आवतजावतमा खलल पुग्ने, वन्यजन्तु तथा चराचुरुंगीको संख्या घट्ने, दुर्लभ तथा लोपोन्मुख वन्यजन्तुमा पर्न सक्ने असर, वन्यजन्तु, चराचुरुंगी तथा जलचरको शिकार, जलचरमा पर्ने प्रभाव, जलीय प्रजातिहरूको वासस्थानमा ह्रास आउने तथा संख्या घट्ने, उच्च बजार माग भएका जैविक सम्पदाको दोहन हुने, निर्माण सामाग्री उत्खनन कारण पार्ने प्रभाव, पारिस्थितिकीय सेवाहरुमा पर्ने प्रभाव रहेका छन्।

सामाजिक-आर्थिक तथा सांस्कृतिक वातावरणमा पर्ने प्रभावः यस प्रस्तावको कार्यान्वयनबाट सामाजिक-आर्थिक तथा सांस्कृतिक वातावरणमा पर्ने प्रभावहरुमा आयोजना बाट प्रभावित घरधुरी तथा जनसंख्यामा पर्ने प्रभाव, सार्वजनिक संरचनाको नाश र आधारभूत सेवामा पहुँच सीमित हुन सक्ने, निजी सम्पति/संरचनाहरूको क्षति तथा पुनर्वासको समस्या, सिमान्तकृत वर्ग झन् बढी सिमान्तकृत हुन सक्ने, अन्नबाली उत्पादनमा कमि, दुर्घटना बढ्न सक्ने, सरुवा रोग र अन्य रोगको प्रकोप बढ्ने, जीविकोपार्जनमा (जीविकामा) असर, भौतिक सांस्कृतिक/धार्मिक सम्पदाहरूको नाश हुन सक्ने जस्ता प्रभावहरु पर्ने देखिन्छ।

यस आयोजनाबाट कुल २१० घरपरिवार प्रभावित हुने देखिन्छ। प्रभावित हुने घरपरिवार मध्ये २०२ घरपरिवारको जग्गा मात्र प्रभावित हुने देखिन्छ, ७ घरपरिवारको जग्गा सहित घरसंरचना प्रभावित हुने देखिन्छ भने १ घरपरिवारको घरसंरचना मात्र प्रभावित हुने देखिन्छ। घरसंरचना मात्र प्रभावित हुने घरपरिवारले अरुको जग्गामा घरसंरचना निर्माण गरेको पाइन्छ। आयोजना निर्माणको लागि २०९ घरपरिवारको ५३.६९ हेक्टर निजी जग्गा अधिग्रहण गर्नुपर्ने देखिन्छ। प्रस्तावित जलविद्युत आयोजनाबाट कुल ११ वटा निजी घरसंरचनाहरू प्रभावित हुने देखिन्छ। आयोजनाबाट प्रभावित हुने संरचनाहरुमा १ आवासीय घर, १ शौचालय, ६ बाख्राको खोर र ३ गाईबस्तुको गोठ रहेका छन्। यस आयोजनाबाट कुल ३,९८२ निजी रुखबिरुवा प्रभावित हुने देखिन्छ। प्रभावित निजी रुखबिरुवा मध्ये काठ दाउरा ३,८७४, डालेघाँस ९१ र बाँस १७ घना रहेका छन्। आयोजनाका संरचनाका लागि मकालु बरुण राष्ट्रिय निकुन्जको मध्यवर्ती क्षेत्रमा ६८.०९ हेक्टर निजी र ७२.७४ हेक्टर सरकारी स्वामित्वको गरी जम्मा १४०.८३ हेक्टर र मध्यवर्ती क्षेत्र बाहिर सरकारी स्वामित्वको २७.९ हेक्टर गरी कूल १६८.७३ हेक्टर जग्गा आवश्यक पर्दछ।प्रस्तावित आयोजना निर्माणका लागि जम्मा ९,३५७ रुखहरूको क्षति हुने देखिन्छ जसमा मध्यवर्ती सामुदायिक वनको ५,३७५ वटा र निजी जग्गा भित्रको ३,९८२ वटा रुखहरु रहेका छन्।

६. संरक्षणका उपाय

अनुकूल प्रभाव अधिकतम अभिवृद्धि गर्ने उपायहरु (जलविद्युतको शेयर साझेदारी, सामुदायिक उत्तरदायित्व अन्तर्गतका कार्यक्रम, जीविकोपार्जनमा (जीविकामा) सुधार, साँस्कृतिक, ऐतिहासिक सम्पदाहरुको प्रचारप्रसार, आधारभूत सेवा र बजारमा पहुँच बढ्न सक्ने, स्थानीय आर्थिक/ व्यवसायिक अवस्थामा उल्लेख्य सुधार, पर्यटन) तथा प्रतिकूल प्रभाव न्यूनीकरणका उपायहरु अवलम्बन गरिनेछ।

यस आयोजनाको स्थायी र अस्थायि रुपमा रहने प्रमुख संरचनाहरुका लागि वन क्षेत्रको जम्मा १००.६४ हेक्टर जग्गा आवश्यक पर्नेछ। वन क्षेत्रको जग्गा प्रयोग गरे बापत वन नियमावली,२०७९ को नियम ९१ बमोजिम क्षतिपूर्ति स्वरूप वनको विकास गर्न योग्य जग्गा उपलव्ध गराइने छ।सो बमोजिम जग्गा उपलव्ध हुन नसकेमा सोहि नियमावलिको नियम ९२ बमोजिम जग्गा प्राप्ति सहजीकरण समिति समक्ष अनुरोध गरिनेछ।यदि सो समितिले समेत जग्गा उपलव्ध गराउन नसकेमा नियमावलीको नियम ९३ बमोजिम अनुसूची ५१ अनुसारको रकम नियमावलीले तोकेको कोषमा दाखिला गरिनेछ।

प्रस्तावित आयोजना निर्माणका लागि जम्मा १०,८५९ रुखहरूको क्षति हुने देखिन्छ जस्मा मध्यवर्ती सामुदायिक वनको ५,३७५ वटा र निजी जग्गा भित्रको ३,९८२ वटा भने डिभिजन वन कार्यालयको क्षेत्राधिकार भित्रको वनको १५०२ रुखहरु रहेका छन् । प्रस्तावित आयोजना निर्माणका लागि क्षति हुने रुख पोलको क्षतिपुरक वृक्षारोपण कार्य मध्यवर्ती सामुदायिक वन क्षेत्रको हकमा "संरक्षित क्षेत्रमा पूर्वाधार निर्माणको लागि जग्गा उपलब्ध गराउने सम्बन्धी

कार्यविधि, २०८०" बमोजिम, डिभिजन वन कार्यालयको क्षेत्राधिकार भित्र पर्ने सामुदायिक वन क्षेत्रको हकमा वन नियमावली २०७९ बमोजिम र निजी रुखको हकमा १:१ का अनुपातले मकालु बरुण रा.नि.को कार्यालय, डिभिजन वनको कार्यालय, मध्यवर्ती/सामुदायिक वन उपभोक्ता समूह, प्रमुख जानकार, स्थानीय जनप्रतिनिधिहरुसँगको समझदारी र सहकार्यमा तोकिएको क्षेत्रमा (कम हैसियतको वन क्षेत्र, बाँझो जमिन, आदि) बहुउपयोगी तथा स्थानीय हावापानीमा सजिलै हुर्कन सक्ने, सहजै उपलब्ध हुने र छिटो हुर्कने प्रजातिलाई प्राथमिकता राखी क्षतिपुरक वृक्षारोपण गरि ५ बर्षको अवधिसम्म आयोजनाको खर्चमा हेरचाह गरी सम्बन्धित निकायलाई हस्तान्तरण गरिनेछ।

७. आयोजनाको कुल लागत र वातावरणीय लागत

आयोजनाको कुलनिर्माण लागत अनुमानित ने.रु. ८१,९६,११,७१,३१८ **(Without Financing)** रहने छ। वातावरणीय लागत अन्तर्गत मुआब्जा तथा पुनर्वास कार्य योजना कार्यन्वयन लागत ने.रु. **८२,०४,६०,३८९**, क्षतिपूर्ति वृक्षारोपण गर्न र ५ वर्ष सम्म हुर्काउन लाग्ने लागत ने.रु. **१०,८८,२४,०००**, वन क्षेत्रको जग्गा (१००.६४ हेक्टर) प्रयोग गरे बापत बुझाउनु पर्ने रकम ने.रु. **३०,१९,२०,०००**, वातावरणीय व्यवस्थापन (भौतिक, जैविक र सामाजिक वातावरण) योजना कार्यान्वयन ने.रु. ***५२,६६,८०,९८३*** र सामुदायिक सहयोग कार्यक्रम ने.रु. **४१,००,००,०००** लाग्ने अनुमान गरिएको छ।

यसका साथै आयोजना निर्माण अवधि ५ वर्ष सम्म अनुगमन कार्यका लागि अनुमानित लागत रकम ने.रु १०,०५,५३,१२८ अनुमान गरिएको छ।

८. सामुदायिक सहयोग कार्यक्रम

आयोजना प्रभाव क्षेत्रमा स्थानीय पूर्वाधार बिकास तथा सामाजिक आर्थिक उन्नतिका लागि आयोजनाको कुल लागतको लगभग ०.५ प्रतिशत रकम प्रभावित स्थानीय तहसँग समन्वय गरि स्थानीय तहको बिकास निर्माणको बार्षिक कार्यतालिकासंग मिलाई सामुदायिक सहयोग कार्यक्रम अन्तर्गतका गतिविधिका लागि प्रस्ताव गरिएको छ। सामुदायिक सहयोग कार्यक्रम अन्तर्गत मुख्यतः सार्वजनिक पूर्वाधार निर्माण तथा स्तरोन्नति, शिक्षा तथा स्वस्थ्य सुधार कार्यक्रम, सिपमुलक तथा आयमुलक तालिम, कृषि पशुपालन तथा जीविकोपार्जन सम्बन्धि कार्यक्रम, बृक्षारोपण तथा पहिरो नियन्त्रण कार्यक्रम, साँस्कृतिक तथा ऐतिहासिक सम्पदाहरुको प्रचारप्रसार तथा पर्यटन प्रबर्धन, सचेतनामुलक कार्यक्रम, बचत तथा ऋण कार्यक्रम लगायत शिर्षकमा ने.रु. ४१,००,००,००० रकम प्रस्ताव गरिएको छ।

९. वातावरणीय परिक्षण

वा.सं.ऐ. २०७६ को दफा १२(१) को व्यवस्था अनुसार वन तथा वातावरण मन्त्रालयले प्रस्तावित आयोजना संचालन भई विद्युत उत्पादन शुरु गरेको दुई वर्ष भुक्तान भएको मितिले छ महिना भित्र आयोजनाको कार्यान्वयनबाट वातावरणमा परेको प्रतिकूल प्रभाव, त्यस्ता प्रभावलाई

कम गर्न अपनाएको उपाय तथा त्यस्तो उपायको प्रभावकारिता र न्यूनीकरण हुन नसकेको वा आंकलन नै नभएको प्रतिकूल प्रभाव उत्पन्न भएकोमा सो समेतको विश्लेषण गरी वातावरणीय परिक्षण प्रतिवेदन अद्यावधिक गर्नु पर्नेछ।

१०. अध्ययनको निष्कर्ष र प्रतिबद्धता

यस आयोजना निर्माण तथा संचालनले भौतिक, रासायनिक, जैविक, सामाजिक, आर्थिक तथा साँस्कृतिक वातावरणमा विभिन्न प्रकारका अनुकुल तथा प्रतिकुल प्रभावहरु पार्ने अध्ययनको निष्कर्ष छ। तर ति प्रभावहरु मध्य कतिपयको प्रभाव नगण्य रहने आंकलन गरिएको छ भने अन्यको हकमा यसै प्रतिवेदनमा सुझाईएका उपायहरु अवलम्बन गरेको खण्डमा उक्त प्रभावहरुको नकारात्मक असरलाई स्वीकारयोग्य तहमा ल्याउन सकिने यस अध्ययनको निष्कर्ष छ। स्थलगत अध्ययनका क्रममा गरिएका सार्वजनिक परामर्शहरु र सुनुवाईका क्रममा स्थानीय सरोकारवालाहरु यस आयोजना प्रति समग्रमा सकारात्मक र सहयोगी रहेको पाईयो। यस प्रतिवेदनले औंल्याए अनुसारका सकारात्मक प्रभाव अभिवृद्धि र नकारात्मक प्रभाव न्यूनीकरणका उपायहरु समयमै कार्यान्वयन गरेको खण्डमा र गुनासो निवारण संयन्त्रलाई पनि सक्रिय राखेमा भविष्यमा पनि स्थानीयको आयोजना प्रतिको सहयोगी भावना कायम नै रही आयोजना निर्माण र संचालनमा सहजता हुने अध्ययनको निष्कर्ष छ।

आयोजनाको प्रस्तावक विद्युत उत्पादन कम्पनी लिमिटेड यस वातावरणीय प्रभाव मुल्यांकन प्रतिवेदनको पूर्ण पालना गर्न प्रतिबद्ध छ। साथै आयोजना निर्माणको चरणमा थप वातावरणीय प्रभावहरु पहिचान हुन गएमा तिनीहरुको समेत उचित सम्बोधन प्रस्तावकले गर्नेछ। वातावरण संरक्षण नियमावली, २०७७ अनुसार प्रत्येक छ महिनामा स्वःअनुगमन गरी सोको प्रतिवेदन ऊर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय, विद्युत विकास विभाग, कृषि, वन तथा पर्यावरण मन्त्रालय, वन तथा भू-संरक्षण विभाग र वातावरण विभागमा पेश गर्ने छ। वातावरण संरक्षण ऐन, २०७६ को दफा १२ को उपदफा १ बमोजिम गरिने वातावरणीय परिक्षणको आधारमा उपदफा (२) अनुसार वातावरणमा पर्ने प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्न थप उपायहरु अपनाउन निर्देशन दिएको अवस्थामा सो को पालना प्रस्तावकले गर्नेछ।

Executive Summary

Project Introduction: With most of the hydropower projects in Nepal relying on energy from flowing rivers, seasonal variations of winter or dry month discharge pose a challenge in meeting regular demands. Therefore, it is deemed necessary to construct hydroelectric projects based on reservoirs during times of high demand for electricity production as a Peaking Run of the River (PRoR) type. The Kimathanka Arun Hydroelectric Project-454 MW, proposed under the Vidyut Utpadan Company Limited (VUCL), aims to support the government of Nepal in achieving its goals of increasing total hydroelectric capacity, reducing imports from foreign countries, and promoting clean energy.

The construction of a 140-meter high concrete dam will facilitate operation during times of high electricity demand by utilizing water from the reservoir created by it. The project's dam will be located about 500 meters downstream from the Kyokma village, near the right bank of the Arun River, and approximately 12 kilometers upstream from the site of the Upper Arun Hydropower Project. The proposed dam will be situated approximately 3 kilometers downstream from the China-Nepal border.

The powerhouse shall be underground and will be located in Muni Pungmuchhi, about 500 meters downstream from Lingam village. The major settlement that are located around the project structures are Chumsur, Chyamtang, Lingam, Guthigumba and Ridak villages. All the project structures including dam, powerhouse, internal access road, inundation area and dewatered zone are located within the administrative boundary of Bhotkhola Rural Municipality ward no.2, Sankhuwasabha district of the Koshi. The project needs to construct 21.3 kilometre of internal access road and connects National Highway (Jogbani-Kimathanka road) near to Lingam Village.

During times of maximum demand in the dry season (with outages), the project will generate 485.GWh/year, and during times of minimum demand in the dry season (with outages), it will produce 279.28 GWh/year. The annual production during dry periods (with outages) and the rainy season (with outages) will total 765.21 GWh and 1785.95 GWh, respectively, resulting in a combined energy production of 2551.16 GWh/year. The estimated cost for the construction of this hydroelectric project is around NPR 93.8 billion (with financing).

Environmental Impact Assessment Requirement: As per the provisions of the Environmental Protection Act, 2076 (Section 3, Sub-section 1) and the Environmental Protection Rules, 2077 (Rule 3), the proposal falls under the category mentioned in Schedule 3, which mandates the need for environmental impact assessment. The Schedule 3 categorizes "(c) Energy, water source, and irrigation sector" under "(1) within the scope of electricity production" (k) as "Construction of hydropower projects with a capacity of more than 50 megawatts." Moreover, it includes "(k) Forest area" under (5) as "Use of forest land for purposes other than the construction of electricity transmission lines or widening or reconstruction or rehabilitation of national highway or support road, with an area of more than 5 hectares for purposes of forest, conservation, protected area, buffer zone, and environmental conservation area."

Considering the need for a total of 454 megawatts of capacity and the construction of the project, including the area affected by the reservoir, an estimated 100.64 hectares of forest land (including the area inundated by the river and the area adjacent to the river) is required. Moreover, the project area lies inside the boundary of Buffer Zone of Makalu Barun

National park. Therefore, it is a legal requirement to conduct an environmental impact assessment for the proposed project.

Scope of the study: This environmental impact assessment study for the project will encompass the Dam (Main Dam, upper and lower coffer Dams), Tunnels (HRT, Diversion and Tailrace), Adits, Surge tank, Powerhouse, switchyard, Reservoir, dewatered zone, all Camps including contractors, labor, client, consultants and security, Bunkers, site office building, 21.3 km of internal access road, Access road tunnel, 3 nos. of Bailey bridge connecting project component, diesel generator sets, Quarry sites, Crushers and batching plants, construction yard, construction materials storage area, Biofuel storage tank, muck disposal site, garage and mechanical equipment maintenance area, and all the project components that need to constructed within the Heaworks and Powerhouse area for the purpose to yield 454 MW hydro electric energy by using the water resource of Arun river remaining within the license boundary issued by DoED/MoEWRI. The study will assess the potential environmental impacts of these components, ensuring a comprehensive evaluation of the project's effects on the surrounding environment. However, this EIA does not cover the study of the transmission line that need to be constructed for the evacuation of power generated by the project.

Land requirement: The construction of the proposed project requires a total of 168.73 hectares (ha) of land. Out of this total land area, 140.83 ha lies within the boundary of the buffer zone of Makalu Barun National Park. Among this area, 68.09 ha are privately owned, and only 72.74 ha are under the jurisdiction of Makalu Barun National Park, while the remaining 27.9 ha fall under the jurisdiction of the division forest office.

Requisition of land for project office construction area, construction camp, military camp, and warehouse and storage area for explosives shall be done by the proponent while the construction companies shall be responsible for identification and acquisition of rest of the land.

Requirement of resources and manpower: The construction of the project will require substantial quantities of materials such as gravel, cement, reinforcing steel, structural steel, explosives, detonators, and detonating cords, including 8,17,417.24 cubic meters of sand, 59,61,242.73 packs of cement, 13,64,965.58 cubic meters of aggregates, 18,293 tons of rebar, 20,44,635.29 kg of explosives, 12,22,535 pieces of detonators and 6 Megawatt construction energy. Furthermore, to complete the construction within the estimated initial timeframe of approximately 5 years, a significant workforce will be needed. It is estimated that around 2500 skilled individuals, with various expertise, will be required.

Methodology for the Preparation of EIA Report: The preparation of the Environmental Impact Assessment Report for this project has been carried out in accordance with the legal procedures outlined in the Environmental Protection Act, 2076, and the Environmental Protection Rules, 2077. The report has been compiled by gathering necessary information from on-site studies and reviewing various reference materials.

Data collection involved a thorough examination and analysis of social, economic, cultural, physical, and biological aspects of the environment. This information was collected through field surveys, site inspections, reconnaissance, sample surveys, interviews with key informants and stakeholders, and discussions with concerned individuals and organizations.

To determine the project impact area, the study and analysis of maps, checklists, matrices, and questionnaires have been used. The data gathered through site studies and the review of reference materials served as the basis for assessing potential positive and negative impacts on the biophysical, physical, social, economic, and cultural aspects.

The report identifies and assesses these impacts and presents measures for enhancing positive impacts and minimizing negative impacts, including proposed mitigation measures and recommendations for the project's implementation.

Public Hearing: In compliance with the Environmental Protection Act, 2076, and the Environmental Protection Rules, 2077, sub-rule (1) of Rule 6, a public hearing was organized to gather public input and feedback regarding the proposed project. This public hearing was held in four different locations. The public hearings took place on the following dates in the year 2079 Shrawan 11,13, 15 and 16.

The information about the project and the concerns of the project proponent were presented to the concerned stakeholders during these public hearings. The information was made available to the public through local media outlets. "Sankhuwasabha Express Saptahik" (published from Khaanbari, Sankhuwasabha district), was the local medias used in disseminating information and publicizing the public hearing event. The Notice was published on the date 2079/03/30.

In addition to these efforts, information dissemination was done extensively in the project-affected areas through the offices of local authorities, district-level offices, community forest user groups, and public gatherings in the project area to facilitate the collection of public opinions and feedback. Moreover, on dated 2080/01/05 a district level consultation was carried out in order to provide project level information to district level stakeholders.

Public Notice and Recommendations: A 7 day's public notice was pasted into the public information board of local government office, schools, and other public places within the project area and muchulka's of the notice pasting was collected. Subsequently, the same public information was published in the Gorakhapatra National Daily on 2079/09/08. This publication aimed to collect written opinions and suggestions regarding potential effects in the local environment when the project is executed.

Furthermore, as per the Environmental Protection Rules, 2077, sub-rule (8) of Rule 8, recommendations including opinion and suggestion letters were collected from the affected local level, Division Forest Office and Makalu Barun National Park Office. These efforts ensured that the concerns and opinions of local stakeholders were actively sought and considered in the environmental impact assessment and project planning process.

Reviewed Policies, laws, and standards related to the proposal: In the context of the proposal, a review of relevant legal provisions, including the Constitution of Nepal, acts, regulations, criteria, guidelines, procedures, and international treaties, along with environmental standards, has been carried out in the process of preparing the environmental impact assessment report for the implementation of the project.

Existing Environmental Condition: The proposed project area is situated inside the 24,835.58 km^2 large Arun River's catchment between 1560 meters to 3850 meters (above sea level). The project area lies in the rocks of the Lesser Himalayan zones. The MCT is the major tectonic boundary oriented almost north-south in a direction from Kimathanka to Tumlingtar on both sides of the Arun River, exposed by the Arun Window. Geographically, the catchment of Arun Basin is located between latitude 27°29′28″ - 29°07′56″ and longitude 85°44′18″ - 88°57′54''. The catchment area of the Arun Basin at Uwa Gaon outlet and Kimathanka outlet area is 26,132.79 km^2 and 24,835.58 km^2 respectively.

Major components of the project area are situated in Tropical climate zones. Although the riverine cliffs near the project area are of mid to high slope types, major component areas lie on strong and stable bedrocks including the proposed dam situated on un-weathered stable rocks.

The project primarily lies inside the Buffer Zone of Makalu Barun National Park (MBNP). Though the MBNP and it's Buffer Zone expand from Sub-tropical to Nival bioclimatic zones, proposed hydropower infrastructures are all located within Upper sub-tropical (1,501-2,000m) and lower temperate (2,001-2,500m) zones. As the habitat of majority of important species including musk deer, snow leopard, red panda and brown bear which are among the protected fauna found in the region, lies outside the direct impact area of the project, we do not expect the project to have significant negative impact on the key protected faunal species.

Bhote/Lhomi constitute major population of Bhotkhola rural municipality. Other castes dwelling in the region are Rai (Kulung, Yamphu, Mehawang), Tamang, Sherpa, Gurung, Kami, Newar and Kshetri. Local people are mainly dependent upon agriculture, animal husbandry, seasonal migration for trade and labor to earn their living. Direct interaction of local population with the segment of Arun River being used for this project seems insignificant as the distance from settlements to the river is relatively farther.

Impacts of project implementation on environment: Various consultations, facts and agendas collected from field survey, public hearing, consultants, and other environment related queries shows that construction and execution of the proposed project will bring consequences on variable facets of the environment which are listed as follows:

Physical Environmental Impacts: During the project implementation, changes in land form and landscape (natural beauty), land degradation, erosion, changes in land use, effects on soil including soil erosion and surface soil erosion, air pollution (reduction in air quality), changes in water sources or water body surfaces, water pollution (reduction in water quality), noise pollution, displacement, waste/pollution, and excavation of construction materials may occur, resulting in effects like subtle/local climate change.

Biological Environmental Impacts: Impacts on the biological environment during project implementation may include deforestation, community/forest impacts, potential forest degradation, destruction of plant life, loss of rare and endangered species, establishment of Invasive Species, hunting of wildlife, impact on aquatic life, reduction in the habitat and population of aquatic species, depletion of high-demand biological resources.

Socio-Economic and Cultural Environmental Impacts: From the implementation of this project, impacts on the socio-economic and cultural environment may result in effects such as impacts on households and the population, destruction of public structures, damage to private property/structures, resettlement issues, an increase in marginalized groups, reduced agricultural production, an increase in accidents, an outbreak of vector-borne diseases, an impact on livelihoods, economic resource depletion, an increase in cultural divergence.

Impact on Private and Public Property: According to social survey, a total of 210 households will be affected from the project. Among the affected households, 202 households will lose their land only, 7 households will lose land and structures and 1 household will lose only structure. The households whose the structures is only loosed are built on others land. For the construction of the project, it is estimated that 53.69 hectares of private land from 209 households will need to be acquired. A total of 11

private households will be affected by the proposed hydroelectric project. Among the affected structures from the project, there are 1 residential house, 1 toilet, 6 goat sheds, and 3 cattle sheds. A total of 3,982 private trees will be affected by this project. Among the affected private trees, there are 3,874 timber trees, 91 fodder trees, and 17 bamboo trees.

Mitigation measures: Public accountability activity, awareness, advertisement of Heritages, inflow of people and economy, increase in basic needs and subsequent infrastructures, hydropower shareholder partnership, increase in commercial and economic activities, tourism etc. are some of the activities that will be adopted as impact mitigation and conservation measures. For community support program, 0.5 percent (NRs. 41,00,00,000) has been allocated which will be expended for infrastructure development, skill and income generating trainings, agricultural and animal husbandry activity, afforestation, soil protection measures, river embankment, heritage conservation and tourism promotion, social services up gradation, awareness programs and maintenance/construction of infrastructure at funeral sites. Community support program is proposed to be implemented in close co-ordination with the concerned local government.

Environment monitoring: According to clause 12 (sub-clause 1) of the Environmental Protection Act 2076, Ministry of Forests and Environment is obliged to update the EIA report of a project within 6 months after two-year mark of operation period of the project with assessment of impact on the environment, mitigation measures applied for the said impacts and their success/failure status, immitigable obstacles and impacts, introduction of unforeseen or newly assessed negative effects of the project.

Conclusion of the Study and Commitment of the Proponent: This report concludes that changes in physical, chemical, biological, social, economic and cultural environment are inevitable with the construction and implementation of the proposed project in which few of the negative impacts are negligible to consider. With implementation of mitigation measures given in this report many negative effects of the project can be reduced to acceptable scale. Social consultations during preliminary field visit and public hearing event showed that local stakeholders are supportive and have positive reviews about the implementation of the project. Timely and appropriate implementation of mitigation measures and positive effects enhancement programs as well as active involvement towards grievance redress will ensure that local support and viewpoint towards the project will remain positive assisting construction and implementation phase of the project.

The proponent of the project, VUCL is committed to comply with the EIA report of the proposed project with timely updates in the report and implementation of suitable conservation measures as per novel assessments and findings carried during construction and implementation phase of the project. The Environmental Protection Rule, 2077 requires that the proponent deliver projects' self-assessment report to Ministry of Energy, Water Resources and Irrigation; Department of Electricity Development; Ministry of Forests and Environment; Department of Forests and Department of Environment every six months. Also, as per clause 12, sub-clause-1 of the Environmental Protection Act 2076, regarding environmental monitoring, in the event that additional mitigation measures are required to be applied for the project as per sub-clause-2, the proponent is committed to apply instructed mitigation measures.

- खाली पेज -

प्रयोग भएका छोटकरी शब्दहरु

AIDS	:	Acquired Immunodeficiency Syndrome
Ch	:	Chainage
DD	:	Data Deficient
DoED	:	Department of Electricity Development
EIA	:	Environmental Impact Assessment
EMP	:	Environmental Management Plan
EN	:	Endangered
FECOFUN	:	Federation of Community Forestry Users, Nepal
FSL	:	Full supply level
GIS	:	Gas Insulated Switchgear
GIS	:	Geographic Information System
GoN	:	Government of Nepal
HIV	:	Human Immunodeficiency Virus
ICIMOD	:	International Center for Integrated Mountain Development
IEE	:	Initial Environmental Examination
IRG	:	International Resources Group Ltd
LC	:	Least concern
masl	:	Meters above sea level
MCT	:	Main Central Thrust
MoEST	:	Ministry of Energy, Science and Technology
MOFE	:	Ministry of Forests and Environment
NAAQS	:	National Ambient Air Quality Standard
NCSIP	:	National Conservation Strategy, Implementation Project
NDNM	:	Norwegian Directorate for Nature Management
NDWQS	:	National Drinking water Quality Standard
NEA	:	Nepal Electricity Authority
NHRC	:	Nepal Health Research Council
NT	:	Near threatened
PRoR	:	Peaking Run of River
RCP	:	Representative Concentration Pathways
RNG	:	Royal Norwegian Government
RoR	:	Run of River
St	:	Station
STD	:	Sexually Transmitted Disease
TDS	:	Total dissolved solid
USAID	:	United States Agency for International Development
VU	:	Vulnerable
क्र.सं.	:	क्रम संख्या
आ.वि.	:	आधारभूत बिद्यालय
गा.वि.स.	:	गाउँ विकास समिति

च.नं.	:	चलानी नंबर
पि.पि.ए.	:	पावर पर्चेज एग्रिमेन्ट/ विद्युत खरिद सम्झौता
वा.प्र.मू.	:	वातावरणीय प्रभाव मूल्याङ्कन
वा.सं.ऐ.	:	वातावरण संरक्षण ऐन
वा.सं.नि.	:	वातावरण संरक्षण नियमावली
वि.उ.स.	:	विद्युत उत्पादनको सर्वेक्षण
वि.वि.वि	:	विद्युत विकास विभाग
वि.सं.	:	विक्रम संवत्

Units

%	Percent/ Percentage
µS/cm	micro siemens per centimetres
cm	Centimeter
dBA	Decibel
ha	Hectare
HHs	Household
GJ	Gigajoule
GWh	Giga Watt hour
km	Kilometer
kV	Kilovolt
m^3	Cubic Meter
kWh	Kilo Watt Hour
LV	Low Voltage
m	Meter
masl	Meter Above Sea Level
mg/L	Milligrams per litre
MVA	Mega Volt Ampere
MW	Megawatt
NRs.	Nepalese Rupees
NTU	Nephelometric Turbidity unit
oC	Degree Centigrade
PM	Particulate Matter
PPM	Parts per million
sq.m.	Square Meter
के.भी.	किलो भोल्ट
कि.मि.	किलोमिटर
ने.रु.	नेपाली रुपैयाँ
मि.	मिटर

विषय सूची

परिच्छेद १: प्रतिवेदन तयार गर्ने संस्थाको नाम र ठेगाना..... १
१.१. प्रस्तावकको पूरा नाम, ठेगाना..... १
१.२. परामर्शदाताको पूरा नाम, ठेगाना..... १
१.३. वातावरणीय प्रभाव मूल्याङ्कनको औचित्य..... २
१.४. वातावरणीय प्रभाव मूल्याङ्कनको उद्देश्य..... ३
१.५. अध्ययनको सीमा..... ३
१.६ अनुमति पत्र..... ४
१.७ क्षेत्र संशोधन..... ४
१.८ राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग र वन तथा वातावरण मन्त्रालयको सहमति..... ५
परिच्छेद २: प्रस्तावको परिचय..... ६
२.१. परिचय..... ६
२.२. प्रस्तावको विवरण..... ८
२.२.१. आयोजनाको अवस्थिति..... १०
२.२.२. आयोजना स्थलको पहुँच..... ११
२.२.३. प्रस्तावका संरचनागत अवयव..... १६
२.२.४. निर्माण तथा संचालन चरणका क्रियाकलाप..... २७
२.२.५. आवश्यक निर्माण सामाग्री..... २७
२.२.६. आवश्यक निर्माण ऊर्जा/इन्धनको आपूर्ति..... ३२
२.२.७. आवश्यक निर्माण सम्बन्धी उपकरणहरु..... ३३
२.२.८. आवश्यक जनशक्ति..... ३३
२.२.९. आवश्यक जग्गा..... ३४
२.२.१०. निर्माण योजना तथा निर्माण तालिका..... ३७
२.२.११. सहायक संरचनाहरु..... ३७
२.३. प्रस्तावको उद्देश्य..... ४०
परिच्छेद ३: प्रतिवेदन तयार गर्दा अपनाइएको विधि..... ४३
३.१. सम्बन्धित सामाग्री/प्रतिवेदनहरुको पुनरावलोकन..... ४३
३.२. प्रस्तावको प्रभाव क्षेत्र निर्धारण..... ४४
३.३. प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको नक्साको अध्ययन तथा विश्लेषण..... ४७
३.४. चेकलिष्ट/म्याट्रिक्स, तथा प्रश्नावलीको निर्माण गरी आवश्यक तथ्याङ्क सङ्कलन..... ४७
३.५. स्थलगत अध्ययन..... ४८
३.६. सङ्कलित नमूना (माटो, पानी आदि) को प्रयोगशालामा विश्लेषण..... ५१
३.७. प्राप्त तथ्याङ्कको विश्लेषण..... ५१
३.८. प्रभावको पहिचान, आँकलन तथा उल्लेखनीय प्रभावको मूल्याङ्कन गर्दा अपनाइएको विधि..... ५३

३.९. मस्यौदा प्रतिवेदनको तयारी ५५
३.१०. सार्वजनिक परामर्श, छलफल, अन्तरक्रिया र सुनुवाई ५५
३.११. सार्वजनिक सूचना तथा सूचना सम्प्रेषण र सुझाव सङ्कलन ५६
३.१२. सुझाव समावेश गरी अन्तिम प्रतिवेदनको तयारी ५७
परिच्छेद ४: प्रस्तावसँग सम्बन्धित नीति, कानून तथा मापदण्डहरु ५८
४.१ नेपालको संविधान ५८
४.२ आवधिक योजना, नीति तथा रणनीति/कार्यनीति ५८
४.३ ऐन तथा नियमावली ५८
४.४ मापदण्ड, निर्देशिका, कार्यविधि तथा दिग्दर्शन ६०
४.५ अन्तर्राष्ट्रिय सन्धि सम्झौता ६१
परिच्छेद ५: विद्यमान वातावरणीय अवस्था ६२
(क) भौतिक वातावरण ६२
(ख) जैविक वातावरण ७२
(ग) सामाजिक, आर्थिक तथा साँस्कृतिक वातावरण ७८
परिच्छेद ६: प्रस्तावको विकल्प विश्लेषण ८६
६.१ Layout मा आधारित ८६
६.२ विकल्पहरूको तुलनात्मक मूल्याङ्कनमा आधारित ८७
६.३ भण्डारणमा आधारित ८७
६.४ भण्डारण, नदी प्रवाहमा आधारित /अर्धजलाशययुक्तमा आधारित ८८
६.५ आयोजनाको मासिक प्रवाह विकल्प ८९
६.६ आयोजनाको Turbine को विकल्प ९०
६.७ आयोजना विनाको विकल्प ९०
परिच्छेद ७: प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने प्रभाव तथा संरक्षणका उपाय ९१
७.१. प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने प्रभाव ९१
७.२. प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने प्रभावको संरक्षणका उपाय १०९
परिच्छेद ८: अनुकूल प्रभाव अधिकतम अभिवृद्धि गर्ने तथा प्रतिकूल प्रभाव न्यून गर्ने उपाय १२१
८.१. अनुकूल प्रभाव अधिकतम अभिवृद्धि गर्ने उपाय १२१
८.२. प्रतिकूल प्रभाव न्यून गर्ने उपाय १२२
८.३. सामुदायिक सहयोग कार्यक्रम १३६
८.४. वातावरणीय व्यवस्थापन योजना कार्यान्वयनको संगठनात्मक ढाँचा १३८
८.५. गुनासो निवारण संयन्त्र १३९
८.६. वातावरणीय व्यवस्थापन योजना कार्यान्वयनको अनुमानित लागत १४०
परिच्छेद ९: वातावरणीय अनुगमन १४१
९.१. अनुगमनका प्रकार र वातावरणीय अनुगमन तालिका १४१
९.२. स्वःअनुगमन १४१
परिच्छेद १०: वातावरणीय परिक्षण १४४
१०.१ वातावरण परीक्षणको समय तालिका १४४

१०.२. वातावरणीय परीक्षण प्रतिवेदनको ढाँचा १४६
परिच्छेद ११: निष्कर्ष तथा प्रतिबद्धता १४९
११.१. अध्ययनको निष्कर्ष १४९
११.२. प्रतिबद्धता १४९
सन्दर्भ सामाग्री **१५१**

तलिकाहरुको सूची

तालिका १: वातावरणीय प्रभाव मूल्याङ्कनको कानुनी औचित्य २
तालिका २: आयोजनाका प्रमुख अवयव/घटकहरूको अवस्थिति ११
तालिका ३ : आयोजनाले निर्माण गर्नु पर्ने आन्तरिक पहुँच सडक सम्बन्धि विवरण १२
तालिका ४ : काठमान्डौ देखि आयोजना स्थल सम्म पुग्ने सडकको अवस्था १३
तालिका ५: आयोजनाका विशेषताहरुको तालिका २१
तालिका ६: निर्माण सामग्रीको विवरण २८
तालिका ७: स्थानीय रुपमा संकलन गरिने निर्माण सामाग्रीको श्रोत र उपलब्ध परिमाण ३०
तालिका ८: प्रयोग हुने ऊर्जाको विवरण ३२
तालिका ९: निर्माणको लागि डिजेल जेनरेटरहरुको आवश्यकता ३३
तालिका १०: निर्माण प्लान्ट र उपकरण ३३
तालिका ११: आवश्यक जनशक्तिको विवरण ३४
तालिका १२: संचालन चरणमा आयोजनाका लागि आवश्यक जनशक्ति ३४
तालिका १३: आयोजनाले ओगट्ने जमिनको क्षेत्रफल (हेक्टर) ३५
तालिका १४: आयोजनाले ओगट्ने जमिनको क्षेत्रफल (हेक्टर) र भू-उपयोग ३६
तालिका १५: आयोजना निर्माण तालिका ३७
तालिका १६: हिलो/माटोको (Muck/Spoil) व्यवस्थापन गरिने क्षेत्र ४०
तालिका १७: मासिक ऊर्जा उत्पादनको विवरण (विना आउटेज) ४१
तालिका १८: ऊर्जा उत्पादनको विवरण (आउटेज सहित) ४१
तालिका १९: पुनरावलोकन गरिएका सामग्री/प्रतिवेदनहरु ४३
तालिका २०: अध्ययन तथा विश्लेषण गरिएका नक्साहरु ४७
तालिका २१: स्थलगत अध्ययन कार्यको समय तालिका ४८
तालिका २२: स्थलगत अध्ययनमा अवलम्बन गरिएका विधिहरु ४९
तालिका २३: प्रभावको तह आँकलन गर्ने आधार ५४
तालिका २४: प्रभाव स्तर विश्लेषण आधार तालिका ५५
तालिका २५: सार्वजनिक सुनुवाईमा उपस्थितिको विवरण ५६
तालिका २६: आयोजनाको मुख्य संरचना रहने क्षेत्रको भू-उपयोग ६३
तालिका २७: किमाथांका अरुण जलविद्युत आयोजनाको प्रभाव क्षेत्रमा पाइने माछा प्रजातिहरू ७५
तालिका २८: आयोजनाको प्रभाव क्षेत्रमा पाइने प्रजातिहरुको संरक्षण अवस्था ७६
तालिका २९: आयोजना प्रभावित पालिकाहरुमा मनाइने प्रमुख चाडपर्वहरु ८५

तालिका ३०: मासिक ऊर्जा उत्पादनको विविरण ८९
तालिका ३१: तल्लो तटिय क्षेत्रमा मासिक प्रवाहको १०% छोडेपछि आउटेज सहित उत्पादन हुने विद्युत ऊर्जाको सारांश ८९
तालिका ३२: प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने प्रभाव (पूर्व/निर्माण चरणमा) ९१
तालिका ३३: प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने प्रभाव (संचालन चरणमा) १००
तालिका ३४: प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने प्रभावको संरक्षणका उपाय (पूर्व/निर्माण चरणमा) ..१०९
तालिका ३५: प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने प्रभावको संरक्षणका उपाय (संचालन चरणमा) ११६
तालिका ३६: अनुकूल प्रभाव अधिकतम अभिवृद्धि गर्ने उपायहरु १२१
तालिका ३७: प्रतिकूल प्रभाव न्यून गर्ने उपायहरु १२२
तालिका ३८: सामुदायिक सहयोग कार्यक्रम १३६
तालिका ३९: वातावरणीय व्यवस्थापन योजना कार्यान्वयनको अनुमानित लागत १४०
तालिका ४०: अनुगमनका लागि आवश्यक मानव जनशाक्ति र लागत १४३
तालिका ४१: अनुगमनका लागि आवश्यक मानव जनशाक्तिको कार्य दिनको विवरण १४३
तालिका ४२: अनुगमनको अनुमानित लागत १४३
तालिका ४३: वातावरण परीक्षणको समय तालिका १४४
तालिका ४४: वातावरणीय परीक्षण प्रतिवेदनको ढाँचा १४६
तालिका ४५: वातावरणीय परीक्षणको लागि चेकलिष्ट १४७

चित्रहरुको सूची

चित्र १: काठमाडौँबाट आयोजना क्षेत्र पुग्ने मार्ग १४
चित्र २: आयोजनाको आन्तरिक पहुँच सडक १५
चित्र ३: प्रस्तावित वाँध स्थल १६
चित्र ४: प्रस्तावित वाँध स्थल, जलाशयको स्तर १७
चित्र ५: बाइपास सुरुंगको इन्लेट पोर्टल १८
चित्र ६: हेडरेस सुरुङ्ग र अडिट सुरुङ्गको अवस्थिति १८
चित्र ७: सर्ज साफ्टको लेआउट नक्शा १९
चित्र ८: Rock Quarry गरिने स्थानको नक्शा ३०
चित्र ९: Rock Quarry गरिने स्थानको अवस्थिति ३१
चित्र १०: आयोजनाको प्रमुख संरचनाको स्थालाकृत नक्शा ४२
चित्र ११: प्रभाव क्षेत्र वर्गीकरण नक्शा ४६
चित्र १२: तुलनात्मक अध्ययन गरिएका आयोजनाको layout विकल्पहरु (Dam option A, B, C र D) ८६
चित्र १३: Turbine अध्ययनको विकल्पहरु ९०
चित्र १४: वातावरणीय व्यवस्थापन योजना (EMP) कार्यान्वयनको लागि जिम्मेवार निकायहरू १३८
चित्र १५: गुनासो निवारण संयन्त्र १३९
चित्र १६: गुनासो निवारण संयन्त्रले कार्य गर्ने तौरतारिका १४०
चित्र १७: वातावरण तथा सामाजिक व्यवस्थापन इकाईको सांगठनिक संरचना १४२

परिच्छेद १: प्रतिवेदन तयार गर्ने संस्थाको नाम र ठेगाना

१.१. प्रस्तावकको पूरा नाम, ठेगाना

विद्युत उत्पादन कम्पनी लिमिटेडद्वारा प्रवर्द्धन गर्न प्रस्ताव गरिएका आयोजनाहरू मध्येको एक आयोजना किमाथांका अरुण जलविद्युत आयोजना हो । नेपाल सरकारले नेपालको जलविद्युत सम्भावनालाई आर्थिक रुपले कुशल र दिगो तरीकाले देशको बढ्दो उर्जाको माग पूरा गर्न विकास गर्ने उद्देश्य राखे अनुरूप विद्युत उत्पादन कम्पनी स्थापना भएको हो । यस संस्थाको उद्देश्य ठूला जलविद्युत आयोजनाहरूको लागि "निर्माण-स्वामित्व-सञ्चालन-हस्तान्तरण" मोडलमा नेपालमा उपलब्ध लगानीकर्ताहरूको सहयोगमा विभिन्न जलविद्युत आयोजनाहरू विकास गर्नु हो। यो कम्पनी ऐन २०६३ अन्तर्गत २०७३/०८/०५ मा नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतको कम्पनी रजिस्ट्रार कार्यालयमा दर्ता भई संचालनमा रहेको छ । उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय, अर्थ मन्त्रालय, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, कर्मचारी संचय कोष, नागरिक लगानी कोष, नेपाल दुरसंचार कम्पनी लिमिटेड, राष्ट्रिय बिमा संस्थान, हाइड्रोइलेक्ट्रीसिटि इन्भेस्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड तथा नेपाली नागरिकहरु शेयरधनी रहेको यो संस्था एक पब्लिक लिमिटेड कम्पनी हो । यस कम्पनीको कुल शेयर पुंजी मध्ये ७१% प्रवर्द्धकहरुको शेयर हो भने २९% सार्वजनिक शेयर हो । यस कम्पनीको ठेगाना निम्नानुसार रहेको छः

नामः बिद्युत उत्पादन कम्पनी लिमिटेड
ठेगानाः BPC भवन, रुद्रमती मार्ग-१०, बुद्धनगर, काठमाडौं
फोनः ०१-४७८८६८०
ई-मेलः info@vucl.com.np,
वेब साइटः www.vucl.com.np

१.२. परामर्शदाताको पूरा नाम, ठेगाना

प्रस्तावकले एनइए इन्जिनियरिङ्ग कम्पनी (एन.ई.सि) लिमिटेडसंग वातावरणीय प्रभाव मूल्याङ्कन कार्य गर्न गरेको सम्झौता बमोजिम एन.ई.सिले यो प्रतिवेदन तयार गरेको हो । एन.ई.सि, कम्पनी ऐन-२०६३ बमोजिम नेपाल विद्युत प्राधिकरण, विद्युत उत्पादन कम्पनी लिमिटेड, राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेड र हाइड्रोइलेक्ट्रीसिटि इन्भेस्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड द्वारा स्थापित पब्लिक कम्पनी हो । एन.इ.सिको कार्यालयको ठेगाना निम्नानुसार रहेको छः

नामः एनइए ईन्जिनियरिङ्ग कम्पनी लिमिटेड (NEA Engineering Company Limited)
ठेगानाः ट्रेड टावर, थापाथली, काठमाडौं, नेपाल।
टेलिफोनः ०१-५१११०२४
ईमेलः info@neaec.com.np
वेबसाइटः http: //neaec.com.np/

परामर्शदाता/विज्ञहरुको स्वघोषणा साथै अध्ययन कार्यमा संलग्न सम्पूर्ण टोलीको सुची अनुसूची १.९ मा समावेश गरिएको छ ।

१.३. वातावरणीय प्रभाव मूल्याङ्कनको औचित्य

वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ र ५ ले निर्देशित गरे अनुरुप वातावरण संरक्षण नियमावली, २०७७ को नियम ३ र ४ मा भएको व्यवस्था अनुसार यस आयोजनाको हकमा निम्न कानुनी व्यवस्था आकर्षित हुने भएकोले वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु आवश्यक छः

तालिका १: वातावरणीय प्रभाव मूल्याङ्कनको कानुनी औचित्य

क्र.सं.	वातावरण संरक्षण ऐन, २०७६ र वातावरण संरक्षण नियमावली, २०७७ को व्यवस्था	प्रस्तावित आयोजनाका लागि बाध्यकारी हुने अवस्था
वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने कानूनी औचित्यताः		
१.	ऐनको दफा ३ को उपदफा १ र नियमावलीको नियम ३ बमोजिम अनुसूची ३ मा उल्लिखित प्रस्तावको हकमा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने व्यवस्था अनुसार "(च) उर्जा, जलस्रोत तथा सिँचाई क्षेत्र" को (१) विद्युत उत्पादन अन्तर्गत (क) मा "५० मेगावाट भन्दा बढी क्षमताको जलविद्युत् उत्पादन आयोजना निर्माण गर्ने" भन्ने उल्लेख भएको	यो आयोजनाको क्षमता ४५४ मेगावाट भएको
२.	ऐनको दफा ३ को उपदफा १ र नियमावलीको नियम ३ बमोजिम अनुसूची ३ मा उल्लिखित प्रस्तावको हकमा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने व्यवस्था अनुसार "(क) वनक्षेत्र" अन्तर्गत (५) मा "विद्युत प्रसारण लाइन निर्माण वा ५० किलोमिटरसम्म लम्बाईको राष्ट्रिय राजमार्ग वा सहायक सडकको चौडाई वृद्धि हुने गरी स्तरवृद्धि, पुनर्स्थापना वा पुनर्निर्माण गर्ने बाहेक अन्य प्रयोजनको लागि ५ हेक्टर भन्दा बढी वन क्षेत्र, वन संरक्षण क्षेत्र, संरक्षण क्षेत्र, मध्यवर्ती क्षेत्र तथा वातावरण संरक्षण क्षेत्रको वनको जग्गा प्रयोग गर्ने" भन्ने उल्लेख भएको	यो आयोजनाको निर्माण गर्दा (जलाशयले ढाक्ने क्षेत्र समेत गरी) प्रयोग गर्नुपर्ने कुल वन क्षेत्र १००.६४ हेक्टर (मध्यवर्ती क्षेत्रको वनको जग्गा समेत) भएको; र प्रस्तावित आयोजना सडक सम्बन्धी वा प्रसारण लाइन निर्माण सम्बन्धी बाहेकको आयोजना भएको
३.	ऐनको दफा ३ को उपदफा १ र नियमावलीको नियम ३ बमोजिम अनुसूची ३ मा उल्लिखित प्रस्तावको हकमा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने व्यवस्था अनुसार (च) उर्जा, जलस्रोत तथा सिँचाई क्षेत्र अन्तर्गत (३) मा "१०० जनाभन्दा बढी स्थायी बसोबास भएका जनसङ्ख्या विस्थापित गर्ने कुनै पनि जलस्रोत विकास कार्य गर्ने" भन्ने उल्लेख भएको	प्रस्तावित आयोजनाबाट २४ घरपरिवारका १३९ जनसंख्या विस्थापित हुने

क्र.सं.	वातावरण संरक्षण ऐन, २०७६ र वातावरण संरक्षण नियमावली, २०७७ को व्यवस्था	प्रस्तावित आयोजनाका लागि बाध्यकारी हुने अवस्था
४.	विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको दफा (ञ) अनुसार वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने भएको	

१.४. वातावरणीय प्रभाव मूल्याङ्कनको उद्देश्य

वातावरण संरक्षण ऐन, २०७६ अनुसार वातावरणीय प्रभाव मूल्याङ्कनले कुनै प्रस्तावको कार्यान्वयन गर्दा सो प्रस्तावले वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने वा नपार्ने सम्बन्धमा यकिन गर्नुको साथै त्यस्तो प्रभावलाई कुनै उपायद्वारा निराकरण वा न्यूनीकरण गर्नका लागि अवलम्बन गरिने उपायको सम्बन्धमा विस्तृत रुपमा अध्ययन गर्दछ। यस आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कनको उद्देश्यहरु निम्नानुसार छन्:

- आयोजना क्षेत्रमा विद्यमान भौतिक, जैविक, सामाजिक-आर्थिक र सांस्कृतिक वातावरणको विभिन्न घटकहरूको पहिचान र मूल्याङ्कन गर्ने र सो को दस्तावेज तयार गर्ने;
- आयोजना सम्बद्ध कानूनी र नीतिगत व्यवस्थाहरुको समीक्षा गर्ने;
- आयोजनाको विभिन्न विकल्पहरूको मूल्याङ्कन गर्ने र वातावरणीय रुपमा दिगो, सामाजिक रूपले स्वीकार्य र आर्थिक रूपमा व्यवहारिक सबैभन्दा उत्तम विकल्प सिफारिस गर्ने;
- वातावरणीय प्रभावको परिमाण, अवधि र सीमाको मूल्याङ्कन गर्दै भविष्यमा हुनसक्ने सम्भावित सकारात्मक र नकरात्मक वातावरणीय प्रभावको आँकलन गर्ने;
- नकारात्मक वातावरणीय प्रभावहरू रोक्न वा न्यूनतम राख्न र दिगो वातावरणीय विकास, सामाजिक-आर्थिक विकास सुनिश्चित गर्दै वातावरणमा पर्ने सकारात्मक प्रभावहरूको सम्बर्द्धन गर्न वातावरणीय व्यवस्थापन योजना तयार गर्ने;
- वातावरणको अनुगमनको लागि सूचकको रुपमा छानिएका वातावरणीय मापदण्डहरुको आधारभूत जानकारी लिने; र
- वातावरणीय अनुगमन, निरीक्षण तथा परिक्षण योजना र संस्थागत संयन्त्र तयार गर्ने।

१.५. अध्ययनको सीमा

यस आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कनले विद्युत विकासद्वारा जारी गरिको सर्वेक्षण सिमा भित्र रहने गरि निर्माण गर्न लागिएको प्रस्तावित आयोजनाको बाँध (मुख्य बाँध, तल्लो र माथिल्लो कफर बाँध), सुरुङ्ग (हेडरेस, टेलरेश, डाइभर्सन), अडिटहरु, विद्युत गृह, स्वीचयार्ड, जलाशय, सुख्खा तटीय क्षेत्र, शिविरहरु (श्रमिक वस्ने, निर्माण व्यवसायी, प्रस्तावक, परामर्शदाता, सुरक्षा), आयोजनाको साइट कार्यालय, मक विसर्जन स्थल, निर्माण उर्जाको लागि आवश्यक पर्ने डिजेल जेनेरेटर सेट, २१.३ कि.मि.को आन्तरिक पहुँच मार्ग, पहुँचमार्गमा पर्ने सुरुंग, ३ वटा बेलीब्रिज, Quarry क्षेत्र, Crusher प्लान्ट, batching plants, निर्माण सामाग्री भण्डारण क्षेत्र, गाडी पार्किंग स्थल, उपकरण मर्मत संभार क्षेत्र, ईन्धन भण्डारण क्षेत्र, लगायत अरुण नदीको पानी उपभोग गरि ४५४ मेगावाट वरावर ऊर्जा उत्पादन गर्न आवश्यक पर्ने आयोजनासँग सम्बन्धित सवै

संरचना र विषयहरु समट्नेछ। तर यो वातावरणीय प्रभाव मूल्याङ्कनले प्रस्तावित आयोजनाबाट उत्पादित ऊर्जाको प्रसारणका लागि आवश्यक पर्ने प्रसारण लाईनलाई समेट्दैन। प्रसारण लाईन निर्माणका लागि छुट्टै वातावरणीय अध्ययन गरिनु पर्दछ। **अनुसूची १.११** मा समावेश गरिएको स्वीकृत कार्य सूची बमोजिम यो वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गरिएको हो।

१.६ अनुमति पत्र

प्रस्तावित किमाथांका अरुण जलविद्युत आयोजनाको प्रस्तावक विद्युत उत्पादन कम्पनी लिमिटेड हो। यसले नेपाल सरकार, ऊर्जा मन्त्रालय, विद्युत विकास विभागबाट मिति २०७४/०३/१३ मा ४५० मे.वा. क्षमताको जलविद्युत उत्पादन गर्न सम्भाव्यता अध्ययन र वातावरणीय अध्ययन कार्यका निम्ति दुई वर्ष अवधि रहेको विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र प्राप्त गरेको थियो (अनुसूची १.१) । विद्युत विकास विभागको मिति २०७७/०४/१६ को पत्र (च.नं. ८६) अनुसार उक्त अनुमतिको म्याद मिति २०७८/०३/१२ सम्म थप भएको (अनुसूची १.२) र सो म्याद समाप्त भएपछी मिति २०७८/०४/२१ को पत्र (च.नं. १२३) अनुसार उक्त अनुमतिको म्याद मिति २०७९/०३/१२ सम्म थप भएको छ (अनुसूची १.३)। सम्भाव्यता अध्ययन र वातावरणीय अध्ययन कार्यका लागी प्राप्त अनुमतिको पछिल्लो म्याद सकिनु अगावै प्रस्तावकले मिति २०७९/०३/०३ को पत्र मार्फत विद्युत उत्पादनको अनुमति पत्र प्राप्त गर्न विद्युत विकास विभागमा दरखास्त हालेको र उक्त अनुमति प्राप्त गर्न प्रचलित कानुन अनुरुप राजस्व समेत मिति २०७९/०३/०६ मा दाखिल गरिसकेकोले (अनुसूची १.७) उक्त अनुमति पत्र प्राप्तिको प्रक्रियामा रहेको छ।

१.७ क्षेत्र संशोधन

प्रस्तावकले यस आयोजनाको लागि वि.वि.वि. बाट मिति २०७४/०३/१३ मा प्राप्त पहिलो अनुमतिपत्र अनुसार यस आयोजनाले ८७ डिग्री २४ मिनेट १२ सेकेन्ड देखि ८७ डिग्री २७ मिनेट २५ सेकेन्ड पूर्वी देशान्तर र २७ डिग्री ४५ मिनेट २५ सेकेन्ड देखि २७ डिग्री ५० मिनेट ०० सेकेन्ड उत्तरी अक्षांश बिचको भौगोलिक क्षेत्र भित्रको अरुण नदीको पानी प्रयोग गरी जलविद्युत उत्पादन गर्ने गरी अध्ययन गर्न स्वीकृति पाएको थियो (अनुसूची १.१) । तर सम्भाव्यता अध्ययनको क्रममा उपरोक्त अनुसारको क्षेत्र प्राविधिक परिस्थितिका कारणले अपुग रहेको भनि प्रस्तावकबाट विद्युत विकास विभागमा क्षेत्र संसोधनका लागि माग भए बमोजिम मिति २०७८/०५/२८ गतेको सचिव स्तरीय निर्णयद्वारा सर्वेक्षण अनुमतिपत्रमा निम्न शर्त थप गरी आयोजनाको सर्वेक्षण क्षेत्रको दक्षिणी सिमाना २७ डिग्री ४५ मिनेट ०८ सेकेन्ड सम्म रहने गरी संशोधन भएको देखिन्छ (अनुसूची १.४)।

थप गरिएका शर्तहरुः

क) "प्रस्तुत किमाथांका अरुण जलविद्युत आयोजनाको Tailrace Level समुन्द्री सतहबाट १६५२ सम्म कायम रहने गरी अध्ययन गर्नु पर्ने ।"

ख) "किमाथांका अरुण जलविद्युत आयोजनाको संचालन हुँदा तल्लो तटमा रहेको माथिल्लो अरुण जलविद्युत आयोजनाको संचालनले कुनै असर पर्ने भएमा सो को क्षतिपूर्ति किमाथांका अरुण जलविद्युत आयोजनाले दाबी गर्न नपाउने।"

संशोधित क्षेत्र अनुसार यस आयोजनाको भौगोलिक क्षेत्र निम्नानुसार कायम हुन आएको छः
देशान्तर (पूर्वी): ८७ डिग्री २४ मिनेट १२ सेकेन्ड देखि ८७ डिग्री २७ मिनेट २५ सेकेन्ड।
अक्षांश (उत्तरी): २७ डिग्री ४५ मिनेट ०८ सेकेन्ड देखि २७ डिग्री ५० मिनेट ०० सेकेन्ड।

यसको अतिरिक्त प्रस्तावकले यस आयोजनाको सर्वेक्षण अनुपति पत्रमा प्रारूप र क्षमता संसोधनका लागि विद्युत विकास विभाग समक्ष गरेको अनुरोध अनुरुप श्री ऊर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालयको मिति २०७९/०२/१६ को सचिव स्तरीय निर्णय अनुसार आयोजनाको प्रारूप RoR बाट PRoR र जडित क्षमता ४५० मेगावाट बाट ४५४ मेगावाट हुने गरि अध्ययन गर्न विद्युत विकास विभागको मिति २०७९/०२/१९ (च.नं.: १४१८) को पत्रानुसार (अनुसूची १.४) हुने वातावरणीय अध्ययन प्रतिवेदन तयार गरिएको हो।

१.८ राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग र वन तथा वातावरण मन्त्रालयको सहमति

प्रस्तावित आयोजनाका अधिकांश संरचनाहरू मकालु बरुण राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा पर्ने भएकोले वन तथा भू—संरक्षण मन्त्रालय (मा. मन्त्रीस्तर)को मिति २०७४/१०/०९ को निर्णयानुसार स्वीकृत "संरक्षित क्षेत्रभित्रका जलविद्युत आयोजनाहरुलाई सम्भाव्यता तथा वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन गर्न सहमति प्रदान गर्ने प्रक्रिया" बमोजिम राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट मिति २०७५/८/१४ को निर्णयानुसार सम्भाव्यता अध्ययन गर्न सहमति प्राप्त भएको छ (अनुसूची १.५) भने वन तथा वातावरण मन्त्रालयबाट २०७६/१०/२२ को मा. मन्त्रीस्तरको निर्णयानुसार वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन गर्न सहमति प्राप्त भएको छ (अनुसूची १.६)।

परिच्छेद २: प्रस्तावको परिचय

२.१. परिचय

क) भूमिका

नेपालको जलविद्युत उत्पादन गर्न सकिने कुल सैद्धान्तिक क्षमता ८३,००० मेगावाट भएता पनि व्यावसायिक हिसाबले उत्पादन हुन सक्ने क्षमता ४२,१३३ मेगावाट रहेको अनुमान छ[1]। जलविद्युत विकास गर्ने यस्तो प्रचुर सम्भावना हुँदा हुँदै पनि नेपाल विद्युत प्राधिकरणद्वारा प्रकाशित ऊर्जा सम्बन्धि आँकडा अनुसार हालसम्म नेपालमा निर्माण भएका सम्पूर्ण जलविद्युत आयोजनाहरू (नेपाल विद्युत प्राधिकरण र उसका सहायक कम्पनीहरु तथा निजी क्षेत्रबाट निर्माण गरिएका) को कुल जडित क्षमता २,५३८.२७ मेगावाट मात्र रहेको छ जसबाट आ.व. २०७९/८० मा १०,५३६ GWh विद्युतीय ऊर्जा उत्पादन भएको थियो[2]। आर्थिक वर्ष २०७९/८० मा नेपाल विद्युत प्राधिकरणको प्रणालीमा उपलब्ध कुल ऊर्जा (१२,३६९ गिगावाट घण्टा) मध्ये प्रमुख हिस्सा अर्थात् ४३.८०% प्राधिकरण र सहायक कम्पनिको आफ्नै उत्पादनले ओगटेको थियो; ४१.३८% हिस्सा निजि क्षेत्रको उत्पादनले ओगटेको थियो भने १४.८२% भारत बाट आयात गरिएको थियो[3]।

आ.व. २०७९/८० मा मुलुकको ऊर्जा खपत ९,३५८ GWh भएको तथ्यांक रहेता पनि मुलुकमा रहेका जलविद्युत आयोजना प्राय जसो नदी प्रवाह (Run off River) प्रकृतिका भएको हुँदा हिउँद र सुक्खा मौसममा राष्ट्रिय उत्पादन र माग बिच असन्तुलन भएकोले सो को व्यवस्थापनका लागि छिमेकी राष्ट्र भारतबाट आ.व. २०७९/८० मा १,८३३ GWh विद्युत आयात गरिएको थियो जुन आ.व. २०७८/७९ मा भारतबाट गरिएको आयात (१,५४३ GWh) भन्दा १८.७९% धेरै हो[4]।

वर्तमान विश्वमा जलविद्युत/ऊर्जा कुनै पनि राष्ट्रको विकासको आधारभूत आवश्यकता हो । यस्तो आधारभूत आवश्यकताको परिपुर्तिका लागि छिमेकीमा भर पर्नु भन्दा पनि आफ्नै राष्ट्रिय उत्पादन वृद्धि गर्नु देशका लागि श्रेयस्कर हुन्छ । नेपालमा ऊर्जाको उपभोग वार्षिक रुपमा नै बढिरहेको देखिन्छ। आर्थिक वर्ष २०७८/७९ मा ऊर्जाको माग ८,८७० गिगावाट घण्टा

[1] Shrestha H.M. (1966): Cadastre of hydropower resources. PhD thesis. Moscow Power Institute, Moscow, USSR.

[2] NEA (2023). *Nepal Electricity Authority: A year in review fiscal year 2022/2023.* Durbar Marg, Kathmandu, Nepal: Nepal Electricity Authority.

[3] NEA (2023). *Nepal Electricity Authority: A year in review fiscal year 2022/2023.* Durbar Marg, Kathmandu, Nepal: Nepal Electricity Authority.

[4] NEA (2023). *Nepal Electricity Authority: A year in review fiscal year 2022/2023.* Durbar Marg, Kathmandu, Nepal: Nepal Electricity Authority.

(GWh) रहेकोमा आर्थिक वर्ष २०७९/८० मा ९,३५८ पुगेको थियो, जुन अघिल्लो आर्थिक वर्षको तुलनामा ५.५% ले बढी हो[5]।

नेपालमा जलविद्युतीय ऊर्जा विकासको इतिहास एक शताब्दी भन्दा लामो छ, तर यसको विकासको गति भने निकै सुस्त रहेको देखिन्छ । केन्द्रीय तथ्याङ्क विभागका अनुसार देशको आवश्यक कुल ऊर्जा ११,७६७,६९० गिगा जुल (GJ) मध्ये दाउरा लगायत परम्परागत ऊर्जाले ७८.४% माग पुरा गर्छ भने विद्युतले केवल ३.७% मात्र माग पुरा गर्दछ[6]। राष्ट्रिय तथ्यांक कार्यालयद्वारा वि.स. २०७८ मा गरिएको जनगणनाबाट प्राप्त नतिजा अनुसार मुलुकमा ५१% घरधुरीले अहिले पनि दाउरा लगायत परम्परागत ऊर्जाको प्रयोगबाट खाना पकाउने कार्य गर्दछन। दाउरा लगायत परम्परागत ऊर्जाको प्रयोगले कार्बन उत्सर्जन बढाई जलवायु परिवर्तनको नकारात्मक असरलाई झन् बढाउने हुनाले सो लाई विस्थापित गर्न र वातावरणीय स्वच्छता कायम गर्ने दृष्टिकोणले पनि जलविद्युत आयोजना बढी सान्दर्भिक छ।

"राष्ट्रिय ऊर्जा संकट निवारण तथा विद्युत विकास दशक सम्बन्धि अवधारणा पत्र एवं कार्ययोजना २०७२" ले दीर्घकालीन रुपमा नेपालकै उत्पादनबाट लोडसेडिङ्ग अन्त्य गर्ने उद्देश्यले जलविद्युत आयोजनाको प्रकार अनुसार आयोजनाको उत्पादन मिश्रण (Generation mix) तय गर्ने र सो अनुसार peaking run-of-river (अर्ध जलाशययुक्त) को हिस्सा १५-२० % रहने निती अवलम्बन गर्ने व्यवस्था गरे अनुरुप प्रस्तावित आयोजना अगाडी बढाईएको हो।

ख) सान्दर्भिकता

हाल लागु भैरहेको पन्ध्रौं पञ्चवर्षीय योजना (आर्थिक वर्ष २०७६/७७-२०८०/८१) ले पूर्वाधार क्षेत्र मध्ये ऊर्जा क्षेत्रलाई प्राथमिकतामा राख्दै जलविद्युतको दिगो र भरपर्दो विकास मार्फत मुलुकको समृद्धिमा योगदानको सोच बनाइएको छ । उक्त सोच पुरा गर्न जलविद्युतको तीव्र उत्पादन गरी ऊर्जा सुरक्षा सुनिश्चित गर्ने लक्ष्य राखेको र सो लक्ष्य पुरा गर्न जलविद्युतमा आन्तरिक एवं बाह्य क्षेत्रको लगानी आकर्षण गरी विद्युत उत्पादन वृद्धि गर्ने र जलविद्युत क्षेत्रको संस्थागत संरचना सुदृढीकरण गर्ने रणनिति तयार गरिएको छ। पन्ध्रौं योजना अवधिमा ३५,००० मेगावाट जलविद्युत र ५,००० मेगावाट वैकल्पिक ऊर्जा उत्पादन गरी प्रति व्यक्ति ऊर्जा खपत २४५ किलोवाट घण्टा बाट ३,५०० किलोवाट घण्टा पुर्याउने लक्ष्य राखिएको छ । पन्ध्रौं योजना अवधिको अपेक्षित उपलब्धिमा जलविद्युत जडित क्षमता ५,००० मेगावाट पुगेको हुने, सबै स्थानीय तह तथा शतप्रतिशत जनसङ्ख्यामा विद्युतमा पहुँच पुगेको हुने र प्रति व्यक्ति बिजुली खपत ७०० किलोवाट घण्टा पुगेको हुनेछ भनिएको छ ।

[5] NEA (2023). *Nepal Electricity Authority: A year in review fiscal year 2022/23.* Durbar Marg, Kathmandu, Nepal: Nepal Electricity Authority.

[6] GoN/CBS, 2020. Statistical Pocket Book Nepal, 2020. Government of Nepal, National Planning Commission Secretariat, Central Bureau of Statistics, Thapathali, Kathmandu, Nepal.

सन् २०३० सम्म मुलुकको ९९% जनशंख्यामा विद्युतको पहुँच पुर्याने, प्रति व्यक्ति ऊर्जा खपत सन् २०२५ मा १०२७ किलोवाट घण्टा र सन् २०३० सम्म १५०० किलोवाट घण्टा सम्म पुर्याउने र सार्वजिनक सवारीमा विद्युतीय सवारीको हिस्सा सन् २०२५ मा ३५% र सन् २०५० सम्म ५०% पुर्याउने लक्ष नेपाल सरकारले दिगो विकास सम्बन्धि लक्षमा उल्लेख गरे अनुरुपको लक्ष हासिलका लागि पनि आवश्यक पूर्वाधारहरु तयार गर्नु आजको आवश्यकता हो ।

उपरोक्त अनुसारका लक्ष्य प्राप्तिका लागि नेपाल सरकारले विद्युत उत्पादन तथा प्रसारण कम्पनीहरु, नेपाल विद्युत प्राधिकरण र उसका भगिनी संस्थाहरू मार्फत र निजी क्षेत्रबाट उपलब्ध हुन सक्ने श्रोत परिचालन गर्ने नीति लिएको छ । विद्युत उत्पादन कम्पनी लिमिटेडद्वारा प्रवर्द्धन गर्न प्रस्ताव गरिएका आयोजनाहरू मध्येको एक आयोजना किमाथांका अरुण जलविद्युत आयोजना हो। नेपाल सरकारले नेपालको जलविद्युत सम्भावनालाई आर्थिक रुपले कुशल र दिगो तरीकाले देशको बढ्दो उर्जाको माग पूरा गर्न विकास गर्ने उद्देश्य राखे अनुरूप विद्युत उत्पादन कम्पनी स्थापना भएको हो। उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय, अर्थ मन्त्रालय, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, कर्मचारी संचय कोष, नागरिक लगानी कोष, नेपाल दुरसंचार कम्पनी लिमिटेड, राष्ट्रिय बिमा संस्थान, हाइड्रोइलेक्ट्रीसिटि इन्भेस्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड तथा नेपाली नागरिकहरु शेयरधनी रहेको यो संस्था एक पब्लिक लिमिटेड कम्पनी हो। यस कम्पनीको उद्देश्य ठूला जलविद्युत आयोजनाहरूको लागि "निर्माण-स्वामित्व-सञ्चालन-हस्तान्तरण" मोडलमा नेपालमा उपलब्ध लगानीकर्ताहरूको सहयोगमा विभिन्न जलविद्युत आयोजनाहरू विकास गर्नु हो।

उपरोक्त अनुसारका तथ्य र आधारहरूले प्रस्तावित **"किमाथांका अरुण जलविद्युत आयोजना (४५४ मेगावाट) आयोजना"** राष्ट्रिय प्राथमिकताको दृष्टिकोणले समेत उच्च सान्दर्भिकता भएको आयोजना हो भन्ने प्रमाणित हुन्छ। जलविद्युतको राष्ट्रिय उत्पादन वृद्धि गरी ऊर्जाको निरन्तर बढ्दो माग पुरा गर्नु र विदेशबाट गरिने विद्युतको आयातलाई प्रतिस्थापन गर्नुपर्ने ऊर्जा क्षेत्रको चुनौती रहेको यस समयमा ४५४ मेगावाट विद्युत उत्पादन गर्न सक्ने यो आयोजनाको सान्दर्भिकता निकै उच्च रहेको छ। यस आयोजना निर्माण भई सञ्चालन हुन गएमा विद्युतको आन्तरिक मागलाई परिपूर्ति गर्नको साथै बढी हुन गएको विद्युत छिमेकी मुलुकहरुलाई बिक्री गरी आर्थिक लाभ समेत लिन सकिने हुँदा यस आयोजनाको सञ्चालनबाट संखुवासभा जिल्लाको मात्र नभई कोशी प्रदेश र समष्टिगत रुपमा समग्र देशको नै आर्थिक उन्नतीमा टेवा पुग्ने देखिन्छ।

२.२. प्रस्तावको विवरण

प्रस्तावित किमाथांका अरुण जलविद्युत आयोजना बिद्युत उत्पादन कम्पनी लिमिटेडद्वारा प्रस्तावित उक्त कम्पनीको दोश्रो जलविद्युत आयोजना हो जुन कोशी प्रदेशको संखुवासभा जिल्ला स्थित भोटखोला गाँउपालिकाको वडा नम्वर २ मा प्रस्तावित छ। यस जलविद्युत आयोजनाको कूल जडित क्षमता ४५४ मेगावाट रहनेछ। यस आयोजनाका मुख्य उद्देश्य भनेको उर्जा, जलश्रोत

तथा सिंचाई मन्त्रालयको श्वेतपत्रमा घोषणा गरिएको लक्ष्य अनुसारको जलविद्युत उत्पादन प्रयासमा योगदान गर्नु र आयोजनाका लगानीकर्तालाई लगानीको समुचित प्रतिफलको सुनिश्चितता गर्नु हो।

कोशी प्रदेशको संखुवासभा जिल्ला, भोटखोला गाँउपालिकाको वडा नम्वर २ स्थित ख्योक्मा भन्ने ठाउँबाट करीव ५०० मिटर तलको दूरी भएर बग्ने अरुण नदी खण्डमा नदीको आधार वा जगबाट १४० मिटर अग्लो बाँध बनाईनेछ र सो बाँधका कारण बन्ने जलाशयको पानी प्रयोग गरी विद्युत उत्पादन गर्ने गरि यो आयोजना निर्माण गर्न लागिएको हो। प्रस्तावित बाँध स्थल निर्माणाधीन माथिल्लो अरुण जलविद्युत आयोजनाको बाँध स्थलभन्दा १२ किलोमिटर माथि र उत्तरी छिमेकि मुलुक चिनको सिमानाबाट करिब ३ कि.मि. तल्लो तटमा अवस्थित छ। आयोजनाको विद्युत उत्पादन गर्न आवश्यक पर्ने विद्युत गृह अरुण नदीको दाहिने किनारमा रहेको लिंगम गाउँबाट करीव ५०० मिटर मुनी पुङमुछी भन्ने ठाउँमा प्रस्ताव गरिएको छ र उक्त विद्युतगृह भूमिगत प्रकारको हुनेछ। १४० मिटर अग्लो बाँध बाट बन्ने जलाशय भोटखोला गाउँपालिका वडा नं.२ को छुम्सुर गाउँको तल्लो भाग हुनेछ भने पानीको धार परिवर्तन हुने क्षेत्र भोटखोला गाउँपालिका वडा नं.२ को छुम्सुर, च्याम्तांग, रिडाक गाउँको तल्लो भाग हुनेछ। बाँध क्षेत्रको लागी आवश्यक पर्ने निर्माण शिविर भोटखोला गाउँपालिका वडा नं.२ अन्तर्गत छुम्सुर र पावरहाउस क्षेत्रको लागी आवश्यक पर्ने निर्माण शिविर सोहि स्थानीय तह र वडाको पुंङमुछी भन्ने स्थानमा रहनेछ।

आयोजनाबाट सुख्खा समयको उच्चतम माग हुने समयमा (आउटेज सहित) ४८५.९३ गिगावाट घण्टा/बर्ष र सुख्खा समय को उच्चतम माग नहुने समयमा (आउटेज सहित) २७९.२८ गिगावाट घण्टा/बर्ष उत्पादन हुनेछ। वार्षिक रुपमा सुख्खा समयमा (आउटेज सहित) कूल ७६५.२१ गिगावाट घण्टा बराबर र वर्षाको समयमा (आउटेज सहित) कूल १७८५.९५ गिगावाट घण्टा गरी (आउटेज सहित) जम्मा २५५१.१६ गिगावाट घण्टा उर्जा उत्पादन हुनेछ। यस आयोजनाले अरुण नदीबाट आएको बहावलाई बिजुली उत्पादनका लागि प्रयोग गरी उत्पादित विद्युत करिब १८.५ कि.मि. लम्बाईको ४०० केभि प्रसारण लाइन मार्फत संखुवासभा जिल्लाको मकालु गाउँपालिकाको हाईटारमा प्रस्तावित सबस्टेसनमा जोडी मुलुकको एकीकृत विद्युत प्रणालीमा निकास गर्नेछ। यस जलबिद्युत आयोजना निर्माण गर्न लगभग ९३ अर्ब ८० करोड रुपैया खर्च लाग्ने अनुमान गरिएको छ।

किमाथांका अरुण जलविद्युत आयोजनाले अरुण नदीको बहावलाई उपयोग गरी ४५४ मे.वा. क्षमताको विद्युत प्रवाह गर्ने गरी प्रस्ताव गरिएको छ। उक्त आयोजनाको बाँध स्थल भोट खोला गाउँपालिकाको छुम्सुर गाउँनजिक तथा टेलरेसको आउटलेट (Tailrace Outlet) सोहि गाउँपालिकाको लिंगम गाउँ नजिक प्रस्ताव गरिएको छ ।यस आयोजनाले जलाशयको फुल सप्लाई लेभल (Full Supply Level) २०३५ मी (masl) तथा टर्बाइन सेन्टरलाइनको (Turbine Centerline) १६५५.४८ मी (masl) सम्म करिब ३७९.५२ मी अधिकतम कुल हेड (Maximum

Gross Head) उपयोग गर्दछ। डाइभर्सन बाँधको (Diversion Dam) डिजाइन गर्दा पर्याप्त लाइभ भण्डारणको (Live Storage) क्षमतालाई समेत ध्यानमा राखी पूर्ण आपूर्ति स्तर (Full Supply Level २०३५ masl) तथा न्यूनतम ड्रडाउन स्तर (Minimum Draw Down level २०२५ masl) बीच ३.२४ मिलियन घनमिटर आयतनको दैनिक पिकिंग पोखरी (Diurnal Peaking Pond) हुने गरी डिजाइन गरिएको छ जुन सुख्खा महिनाहरुमा (डिसेम्बर देखि मे) ४ देखि ६ घण्टा पूर्ण पिकिंग (Full Peaking) प्रदान गर्न सक्षम रहेको छ।

आयोजनाको मुख्य सिभिल संरचनाभित्र रोलर कम्प्याकटेड कंक्रिट तथा कन्भेन्सनल कंक्रिट बाँध, फ्रन्टल इनटेक, माथिल्लो तटिय (Upstream) र तल्लो तटिय (Downstream) कफर बाँध, डाइभर्सन तथा सेडिमेन्ट सुरुङ्ग, हेडरेस सुरुङ्ग, सर्ज साफ्ट, प्रेसर साफ्ट, भूमिगत विद्युत गृह, भूमिगत ट्रन्सफर्मर क्याभर्न तथा टेलरेस सुरुङ्ग रहेका छन्।

आयोजनाको मुख्य संरचनाहरु नदिको दायाँ किनारामा प्रस्ताव गरिएको छ। डाइभर्सन बाँधवाहेक अधिकांश संरचनाहरु भूमिगत रहनेछन्। माथिल्लो तटीय तथा तल्लो तटीय कफर बाँध डाइभर्सन बाँध अक्ष बाट ६०० मिटर तथा ३०० मिटर रहेका छन्। बाँध क्षेत्रभित्र १४० मिटर अग्लो कंक्रिट बाँध रहेको छ र डिजाइन बाढी (Design Flood) र अधिकतम बाढी (Probable Maximum Flood) सुरक्षित रुपमा पठाउनको लागि २ वटा रेडीयल गेट सहित को मेन स्पिलवे तथा ३ वटा गेटेड स्लुइस स्पिलवे (Spillway) रहनेछन्। साथै तैरिएको भग्नावशेष पार गर्नको लागि सहायक स्पिलवे (auxiliary spillway) पनि राखिएको छ | इनटेक को लागि बाँधमा नजिकै ८ मि x ८ मि को भर्टिकल गेट साइड इनटेक (side intake) संरचनामा प्रदान गरिने छ ।

इनटेकबाट एउटा ५९१८ मि लम्बाई तथा ८.० मि व्यासको सुरुङ्ग सर्ज साफ्टसम्म रहनेछ। हेडरेस सुरुङ्गको पुच्छारमा १८.० मि पूर्ण व्यास तथा ७१ मि उचाईको सर्ज साफ्ट प्रस्तावित छ। सर्ज साफ्टपछि ६७०.५० मि कुल लम्बाई तथा ५.७ मि व्यासको भूमिगत स्टिल पेनस्टक सुरुङ्गद्वारा पाइपद्वारा पानीको वहावलाई टर्वाइनसम्म निर्देशित गरिनेछ। त्यसपछि कुल लम्बाई ११७.५० मि, चौडाइ १९.५० मि तथा उचाई ४०.१ मिटरको भूमिगत विद्युत गृहभित्र ४ वटा पेल्टन टर्वाइन समायोजित रहनेछन्। पूर्ण ९ मि x ९ मि व्यास तथा करिब ७७१.०५ मिटरको टेलरेस सुरुङ्गले टर्वाइनबाट बाहिर निस्कने पानीको बहावलाई अरूण नदीमा नै फर्काइदिनेछ।

२.२.१. आयोजनाको अवस्थिति

कोशी प्रदेशको संखुवासभा जिल्ला भै बहने अरुण नदिको भोटखोला खण्डमा अवस्थित रहने गरी किमाथांका अरुण जलविद्युत आयोजनाको प्रस्ताव गरिएको छ। आयोजना स्थल संखुवासभा जिल्लाको भोटखोला गाउँपालिका वडा नं.२ भित्र सिमित छ। आयोजनाका मुख्य संरचनाहरू रहने स्थानको विवरण तल तालिकामा दिइएको छः

तालिका २: आयोजनाका प्रमुख अवयव/घटकहरूको अवस्थिति

क्र.सं.	आयोजना घटक/प्रभाव क्षेत्र	स्थान
१	प्रस्तावित बाँध क्षेत्र	संखुवासभा जिल्लाको भोटखोला गाउँपालिका वडा नं. २
२	पावरहाउस क्षेत्र	संखुवासभा जिल्लाको भोटखोला गाउँपालिका वडा नं.२ लिंगम गाउँबाट करीव ५०० मिटर मुनी पुङमुछी भन्ने ठाउँमा
३	डुबान क्षेत्र	संखुवासभा जिल्लाको भोटखोला गाउँपालिका वडा नं. २, चुम्सुर गाउँको तल्लो भाग
४	Dewatered क्षेत्र	संखुवासभा जिल्लाको भोटखोला गाउँपालिका वडा नं.२, छुम्सुर र च्यामतांग गाउँ, रिदाक गाउँ भन्दा तल्लो क्षेत्र
५	आन्तरिक पंहुच सडक	संखुवासभा जिल्लाको भोटखोला वडा नं.२ को लिंगम, चेपुवा र छुम्सुर गाउँ

२.२.२. आयोजना स्थलको पहुँच

स्थलगत वा हवाईमार्गको प्रयोगबाट काठमाण्डौ देखि संखुवासभा जिल्लाको सदरमुकाम खाँदबारीसम्म पुग्न सकिन्छ। काठमाण्डौ देखि प्रस्तावित वाँधस्थल सम्मको स्थलगत मार्गको दुरी करिव ६६५ कि.मि. (काठमाण्डौ देखि खाँदबारी करिव ५१६ कि.मि., खाँदबारी देखि गोला बजार करिव ७८ किलोमिटर र गोला बजार देखि प्रस्तावित वाँध स्थल करिव ७१ कि.मि.) रहेको छ।

आयोजना स्थल नजिकको प्रमुख शहर भनेको संखुवासभा जिल्लाको खाँदबारी हो। काठमाडौंबाट सिधा हवाई उडान गरी तुम्लिङ्गटारसम्म र त्यसपछि १३ किमी पक्कि सडक मार्फत खाँदबारी र त्यस पश्चात ४६ किमी कच्ची तर ग्राभेल सडकबाट नुम पुगिन्छ। नुमबाट ९६ किमी को भर्खर ट्रयाक खोलेको कच्ची सडक बाट आयोजना क्षेत्रमा पुग्न सकिन्छ। नुम देखि उत्तरी छिमेकी मुलुक चीनको सिमाना किमाथांका सम्म पुग्ने सडक प्रस्तावित उत्तर दक्षिण राजमार्ग किमाथांका-जोगबनी सडकको खण्ड हो। वर्तमान अवस्थामा उक्त सडक प्रयोग गरि अरूण तेस्रो जलविद्युत आयोजनाको हेडवर्कस सम्म सहजै पुग्न सकिन्छ भने अरूण तेस्रोको हेड वर्कस देखि माथि बरुण दोभानसम्म भर्खर ट्रयाक खोलिएकोले वर्षाको समयमा भने उक्त सडक प्रयोग गर्न केहि कठिन हुने देखिन्छ। वरुण दोभानदेखि हटिया (भोटखोला गाउँपालिकाको कार्यालय भएको स्थान) हुंदै च्यामताङ्गसम्म ट्रयाक खुलिसकेको छ भने उक्त सडक खण्डको धेरै स्थानमा पुलहरु समेत निर्माण हुनु आवश्यक देखिन्छ। जोगबनी-किमाथांका सडक प्रस्तावित किमाथांका अरुण जलविद्युत आयोजना निर्माण सुरु हुनुभन्दा अघि नै सम्पन्न हुने लक्ष सहित आफ्नो निर्माण कार्य अगाडी बढाई रहेको छ। उक्त जोगबनी-किमाथांका सडकको लिंगम भन्ने स्थानबाट प्रस्तावित विद्युतगृह सम्म पुग्नको लागि २१.४२ किलोमिटर आन्तरिक पहुँच मार्ग आयोजनाले निर्माण गर्नुपर्ने देखिन्छ। यसको अतिरिक्त यस आयोजना भन्दा तल्लो तटमा निर्माण गर्न लागिएको अपार अरुण आयोजनाको हेडवर्क्स देखि प्रस्तावित किमाथांका अरुण जलविद्युत आयोजनाको विद्युत गृह स्थल सम्मको ५.५६ कि.मि सडक समेत वैकल्पिक सडक निर्माण गर्ने लक्ष

आयोजनाले लिएको छ। समग्रमा आयोजनाले २६.९८ कि.मि सडक निर्माण गरि आयोजना स्थल सम्म पुग्ने छ। जटिल भौगोलिक अवस्थाका कारण सडक निर्माण गर्दा आउँ सक्ने प्राविधिक तथा भौगर्भिक चुनौतीबाट जोगिन एक स्थानमा ७.५ मिटर व्यास भएको करिव ६६७.२६ मिटर लामो एउटा सुरुंग पनि यस आयोजनामा प्रस्ताव गरिएको छ। आयोजनाको आन्तरिक पंहुच सडकको विस्तृत विवरण अनुसूची खण्डको अनुसूची २ को २.३ मा प्रस्तुत गरिएको छ।

तालिका ३ : आयोजनाले निर्माण गर्नु पर्ने आन्तरिक पहुँच सडक सम्बन्धि विवरण


क्र.स.	सडकको विवरण	लम्बाई
१	प्रस्तावित जोगवनी-किमाथांका सडक खण्डको लिंगम देखि विद्युत गृहको मुख्य प्रवेश द्वार सम्म	९.१७ कि.मि
२	टेलरेसको outlet सम्मको पहुँच सडक	०.६२ कि.मि
३	main shut off valve (MSOV) को Access Tunnel/Adit No. 2 Portal सम्मको पहुँच सडक	०.६२ कि.मि
४	Surgeshaft Ventilation Tunnel Portal सम्मको पहुँच सडक	०.५६ कि.मि.
५	Takeoff Yard सम्मको पहुँच सडक	०.७१ कि.मि
६	Headworks Camp and Adit No. 1 Portal सम्मको पहुँच सडक	६.०९ कि.मि
७	वाँध स्थल, इन्टेक र बाइपास सुरुंग सम्मको पहुँच सडक	२.७२ कि.मि
८	डाइभर्सन सुरुंगको इन्लेट सम्मको पहुँच सडक	०.३३ कि.मि
९	Road Tunnel Inlet सम्मको पहुँच सडक	०.६ कि.मि
१०	अपर अरुण ज.वि.आ. को वाँध स्थल देखि यस किमाथांका अरुण ज.वि.आ.को विद्युतगृह सम्मको वैकल्पिक मार्ग	५.५६ कि.मि

श्रोतः किमाथांका अरुण ४५४ मे.वा.ज.वि.आ.को विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन, २०२२

तालिका ४ : काठमान्डौ देखि आयोजना स्थल सम्म पुग्ने सडकको अवस्था


बाट	सम्म	दुरी (कि.मि.)	राजमार्ग/सडक	कोड	सडकको वर्तमान अवस्था
काठमाडौं	धुलिखेल	३०	अरनिको	H03	चालु/all weathered bituminous road
धुलिखेल	बर्दिबास चोक	१६०	बि.पी.	H06	
बर्दिबास चोक	इटहरी चोक	१७५	महेन्द्र	H०१/AH२	
इटहरी चोक	धनकुटा हिले	८३	कोशी	H०८	
धनकुटा हिले	चैनपुर हुदै तुम्लिंगटार विमानस्थल	८२	बसन्तपुर-चैनपुर-खाँदबारी सडक	F053	
	लेगुवा हुदै तुम्लिंगटार विमानस्थल	५५	हिले-खाँदबारी सडक	H18	
तुम्लिंगटार विमानस्थल	खाँदबारी	१३	कोशी	H०८	
खाँदबारी	वाँध स्थल	१४९	जोगवनी-किमाथांका/कोशी		खाँदबारी देखि बरुण दोवान सम्म चालु अवस्थामा रहेको छ भने गोला देखि प्रस्तावित वाँधस्थल सम्म निर्माणाधिन

श्रोतः https://dor.gov.np/home/getdistancecalc



चित्र १: काठमाडौँबाट आयोजना क्षेत्र पुग्ने मार्ग

श्रोतः Google Maps, April 2022



चित्र २: आयोजनाको आन्तरिक पहुँच सडक

श्रोत: Google Maps, April 2022


२.२.३. प्रस्तावका संरचनागत अवयव

मुख्य बाँध: प्रस्तावित आयोजनाको लागि ख्योक्मा र छुम्सुर वस्तीको विच भागमा पर्ने अरुण नदिको पिँधबाट ७० मिटर (जग बाट १४० मिटर) अग्लो Roller Compacted Concrete Gravity (RCC) प्रकारको बाँध निर्माण गरिनेछ। बाँधको शीर्ष उचाई (डेक स्तर) सामुन्द्रिक सतहबाट २०४० masl मा रहनेछ। बाँधको लम्बाइ १८७.९ मिटर र चौडाइ १० मिटरको हुनेछ।



चित्र ३: प्रस्तावित वाँध स्थल

जलाशय (Reservoir): प्रस्तावित आयोजनाको वाँध निर्माण पश्चात करिव २.७ किलोमिटर लम्बाइ भएको ०.३५ बर्ग कि.मि. क्षेत्रफलको जलाशय निर्माण हुनेछ र उक्त जलाशयमा कुल १०.३ Mm^3 पानी भण्डारण हुनेछ। सामुद्रिक सतहबाट जलाशयको उच्चतम र न्यूनतम सतह २०३५ र २०२५ masl रहने अनुमान छ। प्रस्तावित आयोजना निर्माण गर्ने अरुण नदि छिमेकि मुलुक चिन हुँदै बग्ने नदि हो। तसर्थ प्रस्तावित आयोजनाबाट निर्माण हुने जलाशयले भविष्यमा दुई देश विच कुनै पनि समस्या नहुने गरि जलाशयको अधिकतम तह सामुन्द्रिक सतहबाट जम्मा २०३५ masl मात्र हुने गरि यस किमाथांका अरुण जलविद्युत आयोजनाको डिजाइन गरिएको छ। अरुण नदि बगेर नेपाल तर्फ प्रवेश गर्ने मुख्य स्थानको अधिकतम उचाई २०४२.५ masl रहेको छ जुन जलाशयको अधिकतम उचाई २०३५ masl भन्दा ७.५ मिटर बढी रहेकोले पनि छिमेकी मुलुक चिन तर्फ जलाशयको पानी पुग्न सक्ने अवस्था सिर्जना नहुने देखिन्छ। त्यस्तै नदीको बाटो हुँदै नाप्दा जलाशयको अन्तिम बिन्दुबाट चीनसंगको सिमाना १५० मिटर भन्दा धेरै टाढा रहेको छ।



चित्र ४: प्रस्तावित बाँध स्थल, जलाशयको स्तर

डाइभर्सन सुरुंग: करिव १४९३ घन मिटर प्रतिसेकेन्ड सम्मको पानीको बाहवलाइ करिव १४.९ m/sec सम्मको गतिमा तर्काउन मिल्ने गरि नदीको दायाँ किनारमा ९७४.९५ मिटर लम्बाई र ११ मिटर व्यास भएको horseshoe shaped concrete lined भएको एक वटा डाइभर्सन सुरुङ्ग प्रस्ताव गरिएको छ।


Energy Dissipater: स्पिल्वेबाट बग्ने पानी टो अफ स्पिल्वेको (toe of spillway) नजिक पुग्दा धेरै गतिक उर्जा (Kinetic Energy) प्राप्त गर्दछ जसलाई सहि ढंगले नियन्त्रण गरेन भने यसले ठुलो कटान गर्दछ। बाँध स्थलको आधार चट्टान कम गहिराईमा नभेटिएकाले वाटर जेटलाई बाँध संरचनामा टाढाबाट फाल्नु युक्तिसंगत नहोला त्यसैले यस आयोजनाका लागि फ्लिप बकेट (Flip Bucket) प्रकारको ईनर्जी डीसिपेटर (Energy Dissipater) चयन गरिएको छ।

कफर बांध (Coffer Dam): प्रस्तावित आयोजनामा दुई वटा कफर बाँधहरु निर्माण गर्ने प्रस्ताव गरिएको छ, जसको निर्माण कार्यको प्रारम्भ डाइभर्सन सुरुंगको निर्माण सम्पन्न हुने वित्तिकै गरिनेछ। दुईवटा कफर बाँध मध्ये ३७.६ मिटर अग्लो र १७१.७ मिटर लामो माथिल्लो कफर बाँध, मुख्य बाँधबाट करिव ५८० मिटर माथिल्लो भागमा बन्नेछ भने ८.५ मिटर अग्लो र १२३.५ मिटर लामो तल्लो कफर बाँध, मुख्य बाँधबाट करिव ३०० मिटर तल्लो भागमा बन्नेछ। यी दुवै कफर बाँधहरु cemented sand gravel (CSG) gravity प्रकारको हुनेछन्।

इन्टेक: जलाशयबाट पावर प्लान्टमा डिजाइन अनुसारको पानीको बहाव डिस्चार्ज गर्न नदीको दाहिने किनारामा साइड इन्टेक बनाइनेछ। ८.०×८.० मीटर को Single pressure intake २०१० masl मा रहने गरि डिजाइन गरिएको छ। जलाशयको स्तरमा हुने भिन्नताका कारण वर्षभरि एकैनासको ऊर्जा उत्पादन होस् भन्ने अभिप्रायले पानीको वहाब १४३.५० m^3/s देखि १४२.१५ m^3/s सम्म हुने गरि मान स्थापित गरिएको छ। ईन्टेकमा जम्मा हुने फोहोरहरु निकास गर्न ८.०"१७.२७ मीटरको २ वटा trashrack हरु राखिने छ।

बाईपास सुरुङ्ग (Bypass Tunnel) : आयोजनाको संचालन चरणमा अधिकतम मात्रामा जम्मा भएर वस्ने गेग्रानहरुको निकासका लागी shaft सहित करिव २५८ मिटर लामो ८ मिटर व्यास भएको


वाईपास सुरुंग निर्माण गरिनेछ । उक्त बाइपासको सुरुंगबाट करिव ५५४ m^3/s जल प्रवाह गर्न सकिन्छ ।



चित्र ५: बाइपास सुरुंगको इन्लेट पोर्टल


स्पिलवे (Spillways): जम्मा ७ वटा स्पिलवे प्रस्ताव गरिएको छ। आपतकालीन अवस्था, सम्भावित अधिक बाढीको निकास र गेग्रानहरुको फ्लस्सिंग गर्न crest level १९९५ masl मा ६.५×९ मि. को ३ वटा sluice स्पिल्वे रहने छ भने crest level २०२०masl ६.५×९ मि. को २ वटा मुख्य स्पिल्वे राखिनेछ। यसको अतिरिक्त १ वटा Auxiliary spillway र १ वटा trash evacuation spillway हरु समेत राखिनेछ

हेडरेस सुरुङ्ग (Headrace Tunnel): हेडरेस सुरुङ्ग इन्टेक गेटबाट सुरु भई सर्ज ट्यांकमा पुगेर समाप्त हुनेछ। सुरुङ्ग उत्खनन गर्दा घोडाको टाप आकार जस्तो देखिएपनि सम्पन्न हुँदा वृताकार देखिनेछ र यसको कुल लम्बाई ५,९१८ मि तथा पूर्ण ब्यास ८.० मिटर हुनेछ। हेडरेस सुरुङ्गको सुरु देखि अन्त्य सम्म ३० से.मि. को कंक्रिट प्रयोग गरि सुरुङ्गलाई सवलिकरण गरिनेछ।



चित्र ६: हेडरेस सुरुङ्ग र अडिट सुरुङ्गको अवस्थिति

सर्ज साफ्ट (Surge Shaft): A surge shaft is designed at the beginning of high-pressure conduit such as pressure shaft/penstock to protect the headrace tunnel and release transient pressure allowing mass oscillation within the surge shaft. Vertical surge shaft with restricted orifice is selected. A restricted orifice is provided at the junction of surge shaft inlet and headrace tunnel end to dampen upsurges and down surges in surge shaft. A ventilation tunnel is provided at the top of the surge shaft which also facilitates to accommodate water during upsurges and acts as a part of surge shaft. Diameter of the surge shaft is estimated as 18.00 m, whereas the height is adopted as 59.78 m (Hydraulic consideration) including cushion at top as 2.9 m and bottom as 3.6 m. Furthermore, diameter of restricted orifice is provided as 3.30 m. An inverted D-shaped ventilation tunnel with diameter as 5 m and slope 1 in 12 is provided at the top of surge shaft to facilitate the construction activities, ventilation during operation and for inspection, maintenance. On top of that, certain stretch of the ventilation tunnel also acts as a part of surge shaft for accommodation of water during upsurges.



चित्र ७: सर्ज साफ्टको लेआउट नक्शा

प्रेसर साफ्टः भूमिगत विद्युतगृहमा रहने ४ वटा टर्वाइनमा हेडरेस सुरुंग देखि पानी प्रावह हुने गरि ४९७ मिटर लामो steel lined pressure shaft (length from surge tank to the 1st Wye branch) प्रस्ताव गरिएको छ। steel lined pressure shaftको व्यास ५.७५ बाट सुरु भै साँगुरो हुँदै २.९० मिटर सम्म हुनेछ भने अन्त्यमा MIV location सम्म पुग्दा उक्त व्यास घटेर २.४ मिटरको हुनेछ।

Access सुरुंग र अडिटहरुः हेडरेस टनेल निर्माणका लागि दुई वटा कन्स्ट्रक्सन एडिट्स निर्माण गरिनेछ । हेडरेस टनेलको मध्यभागमा ६.० मिटर व्यासको एडिट नम्बर १ (एडिट—०१) हुनेछ। यो सुरुङले दुई मुखबाट हेडरेस टनेल निर्माण गर्न सहज बनाउनेछ । ५ मिटर व्यासको एडिट नम्बर ३ (एडिट—०३) सर्ज साफ्टको माथिपट्टि प्रदान गरिएको छ जुन एडिट-०२ बाट फाटीएर जानेछ र उक्त एडिटलाइ हेडरेस टनेल र सर्ज शाफ्टको डाउनस्ट्रीम भाग को निर्माण को लागि प्रयोग गरिनेछ। एमएसओभी (MSOV) चेम्बर को निर्माण गर्न ७.५ मिटर व्यास भएको एडिट नम्बर २ (एडिट-०२) को निर्माण गरिनेछ भने ७.५ मिटरनै व्यास भएको एडिट नम्बर ४ (एडिट -०४) लाई पावरहाउस कम्प्लेक्स छिर्ने मुख्य पहुँच टनेलको रुपमा रहने गरि निर्माण गरिनेछ। यसको व्यास ७.५ मिटर रहेको छ । एडिट ४ बाट नै ७.५ मिटर व्यास भएका एडिट ५, एडिट ६ र एडिट ७ हरु एडिट ४ बाट नै branching भएर निर्माण गरिनेछ

जुन क्रमशः ट्रान्सफर्मर गुफा, तल्लो प्रेसर टनेलको construction adit र पावरहाउसको माथिल्लो भागसम्म पुग्न प्रयोग गरिनेछ । ३.५ मिटर व्यास भएको एडिट ८ केवल सुरुंग निर्माण गर्न पर्योग गरिनेछ भने GIS cavern निर्माण गर्न र अग्नि नियन्त्रणको लागि आवश्यक पर्ने पानी भण्डारणको लागी एडिट ७ बाट branching गरेर ५ मिटर व्यास भएको एडिट ९ निर्माण गर्दा आयोजनाको सम्पूर्ण भूमिगत संरचनाहरु पुग्न आवश्यक पर्ने पहुँच मार्ग स्थापना गरिनेछ।

विद्युतगृह र ट्रान्सफरमर क्याभर्न (Power House and Transformer Cavern): प्रस्तावित वाँध स्थल भन्दा करिव ७ कि.मि तल्लो भागमा च्याम्तांग गाँउ नजिक करिव १३८.५ मि. (ल) x १९.५० मि. (चौ) x ४०.०८ मि. (उ) भूमिगत विद्युतगृह बनाइनेछ र सो cavern भित्र ४ वटा ११६.४१ मे. वा. क्षमताको Vertical Shaft Pelton Turbines रहनेछन् । ७.५ मिटर व्यासको साथ D आकारको मेन पहुँच सुरुङ्गमार्ग (main access tunnel) प्रस्ताव गरिएको छ। main access tunnel को लम्बाई ७४० हुनेछ। १०२.४० मि. (ल) x ११.२० मि. (चौ) x २६.० मि. (उ) भूमिगत ट्रान्सफरमर cavern भित्र १२+१ single phase transformer राखिनेछ। ट्रान्सफरमर cavern र मेसिन हल फ्लोर (machine hall floor) को समुन्द्री सतहबाट औसत उचाई १६६४.८५ मि. रहनेछ। प्रमुख cavern लाइनबाट प्रत्येक ट्रान्सफरमर बे (transformer bay) मा पुग्न सकिनेछ र यसमा आफ्नै oil spill containment system र अन्य सुरक्षात्मक सुविधाहरु जडान हुनेछ।

टेलरेश सुरुङ्ग (Tailrace Tunnel): पावरहाउस बाट निस्केको पानीलाई पुनः अरुण नदी मै पठाउनका लागि ९ मिटर व्यास भएको करिव ७५१.०५ मिटर लामो १ वटा टेलरेस सुरुङ्ग निर्माण गरिनेछ।

आयोजनाको प्रमुख विशेषताहरुको तालिका ३ मा समावेश गरिएको छ। स्थलाकृत नक्सामा आयोजनाका प्रमुख अवयवहरु देखाईएको नक्सा **अनुसूची २.४** मा दिईएको छ।

तालिका ५: आयोजनाका विशेषताहरुको तालिका

क्र.सं.		विषय/विशेषता	बिस्तृत विवरण
१.	**आयोजनाको आधारभूत जानकारि**		
	क.	आयोजनाको नाम	किमाथांका अरुण जलविद्युत आयोजना
	ख.	नदी	अरुण नदि
	ग.	आयोजनाको प्रकार	अर्ध जलाशययुक्त, Peaking Run-of-River(PRoR)
	घ.	स्थान	भोटखोला गाउँपालिका २-, संखुवासभा जिल्ला, कोशी प्रदेश
	ङ.	आयोजनाको सिमा	पूर्वः ८७°२४'१२" देखि ८७°२७'२५"
			उत्तरः २७°४५'०८" देखि २७°५०'००
	च.	नजिकको गाउँ	चेपुवा, लिंगम, च्यामताङ्ग, छुम्सुर गाउँ
	छ.	नजिकको पहुँच सडकको नाम	कोशी राजमार्ग (जोगबनी-किमाथांका)
	ज.	पहुँच मार्ग	२६.९८ किमी
	झ.	सुख्खा ग्रस्त क्षेत्र	८.६ किलोमिटर लामो अरुण नदीको भाग
२.	**संस्था**		
	क.	प्रस्तावक	विद्युत उत्पादन कम्पनी लिमिटेड
	ख.	परामर्शदाता	एनइए इन्जिनियरिङ कम्पनी लिमिटेड
३.	**जलबिज्ञान**		
	क.	इन्टेक साइटसम्मको जलाधार क्षेत्र	२४,८३५.६ वर्ग किलोमीटर
	ख.	विद्युतगृहसम्मको जलाधार क्षेत्र	२५,२४९.१५ वर्ग किलोमीटर
	ग.	डीजाइन डिस्चार्ज (Q_{38})	१४३.५ m^3/s
	घ.	औसत बार्षिक प्रबाह	१९८.१२ m^3/s
	ङ.	अधिकतम औषत मासिक प्रवाह	५६२.८ m^3/s
	च.	न्यूनतम औषत मासिक प्रवाह	४८ घनमीटर प्रति सेकेन्ड
	छ.	वातावरणीय प्रवाह	४.८ घनमीटर प्रति सेकेन्ड
	ज.	हेडवोर्कस डिजाइनमा बाढीको प्रवाह	$Q_{१०,०००}$= ४५७०.५ m^3/s
	झ.	पावर हाउस डिजाइनमा बाढीको प्रवाह	$Q_{१०,०००}$= ५९३५.४ m^3/s
	ञ.	निर्माणमा बाढीको प्रवाह (Q_5)	१४९३.५ m^3/s
	ट.	सम्भावित अधिकतम बाढीको प्रवाह	(Q_{PMF})= ६६५२ m^3/s
	ठ.	अधिकतम GLOF प्रवाह	५१८६ m^3/s
४.	**गेग्रानको अध्ययन**		
	क.	Suspended गेग्रानको लोड	६.६१ Million Metric Ton (औसत बार्षिक)
	ख.	अनुमानित बार्षिक गेग्रानको उतपादन	८.२६ (MT)
	ग.	Maximum sediment load (kg / m^3)	१०.३८
५.	**भूविज्ञान**		
	क.	क्षेत्रिय भूविज्ञान	Arun Tectonic Window Lesser Himalayas
	ख.	मुख्य चट्टान हेडवोर्कमा	Banded and Augen Gneiss
	ग.	मुख्य चट्टान हेडरेस सुरुंगमा	Banded and Augen Gneiss
	घ.	मुख्य चट्टान पावर हाउस क्षेत्रमा	Banded, Augen and Schistose Gneiss
६.	**संरचना**		
	क.	**बांध**	

क्र.सं.		विषय/विशेषता	बिस्तृत विवरण
		क्रेस्ट (Crest) लेभल	२०४० masl
		प्रकार	Roller Compacted Concrete (RCC) Gravity Dam
		क्रेस्ट (Crest) को लम्बाई	१८७.९ मि.
		न्युनतम River Bed level	१९७० masl
		बाँधको उचाई	१४० मिटर (from foundation level)
		Maximum Operating level	२०३५ masl
		Minimum Operating Level	२०२५ masl
		जलाशयको कुल क्षमता	१०.३ Mm^3
		Live storage को आयतन	३.२४ Mm^3
		Dead storage को आयतन	७.०६ Mm^3
		Regulation method	Daily Peaking
		डुबान क्षेत्र	०.३५ km^2
		ब्याक वाटर लम्बाई	२७०० मि.
		पिकिंगको अवधि	दैनिक ६ घण्टा प्रति दिन
७.	ख.	**डाइभर्जन सुरुङ्ग**	
		निर्माणमा बाढीको प्रवाह	१४९३.५ m^3/s
		प्रकार	horseshoe shaped concrete lined
		लम्बाई	९७५ मि.
		आकार	११ मि. व्यास
	ग.	**इन्टेक**	
		इन्टेकको प्रकार	साइड इन्टेक
		Orifice को संख्या	१
		आकार (चौ.Xऊ.)	८.० मि X ८.० मि
		इन्वर्ट लेबल (Invert Level)	२०१० masl
		गेटको प्रकार	Vertical Lift Gate
		Hoisting System	1 Set of Gantry Crane Hoist for Gate
		Trashrack number and dimension	८.० मि X १७.१ मि. (चौ. X ऊ.), २ वटा
		Clear opening of trashrack	८० मि.मि.
		Trashrack Cleaning Mechanism	Trashrack Cleaning Machine
	घ.	**स्पिल्वे**	
	मुख्य स्पिल्वे		
		प्रकार	Ogee Shaped and gated
		क्रेस्ट (Crest) को उचाई	२०२० masl
		आकार (चौ.Xऊ.), संख्या	११ मि X १६ मि. (चौ. X ऊ.), २ वटा
		गेट	Radial Gates
		Energy dissipation	Flip bucket
	***Sluice* स्पिल्वे**		
		प्रकार	Sluice
		क्रेस्ट (Crest) को उचाई	१९९५ masl
		आकार (चौ.Xऊ.), संख्या	६.५ मि X ९ मि., ३ वटा
		गेट	Radial Gate

क्र.सं.		विषय/विशेषता	बिस्तृत विवरण
	***Auxiliary* स्पिल्वे**		
		प्रकार	Ogee spillway (ungated)
		क्रेस्ट (Crest) को उचाई	२०३५ masl
		opening size ,संख्या	२० मि लामो , १ वटा
		Energy dissipation	Stepped spillway
	Trash Evacuation Spillway		
		प्रकार	Ogee spillway (gated)
		क्रेस्ट (Crest) को उचाई	२०३३ masl
		opening size (चौ. X ऊ.) ,संख्या	६ मि X ३ मि., १ वटा
		Gate	Radial Gate
		Energy dissipation	Flip Bucket
८.	**Water Conveyance (Headrace Tunnel)**		
	क.	प्रकार	वृत्ताकारको भूमिगत टनेल
	ख.	सामग्री	कंक्रीट लाईन
	ग.	लम्बाई	५९१८ मि.
	घ.	ब्यास	८ मि.
	ङ.	Concrete को मोटाइ	न्यूनतम ०.३ मि.
	च.	Inlet Invert Level	२०१० masl
	छ.	Outlet Invert Level	१९८४.२ masl
९.	**सर्ज साफ्ट**		
	क.	प्रकार	Restricted Orifice (रेस्ट्रिकटेड ओरिफिस)
	ख.	साफ्टको ब्यास	१८ मि.
	ग.	Orifice को ब्यास	३.३ मि.
	घ.	सर्जको माथिल्लो तह	२०५७.३४ masl
	ङ.	सर्जको तल्लो तह	१९९७.८१ masl
	च.	Invert level	१९८४.२० masl
	छ.	Surge/Ventilation Tunnel Diameter	५ मि.
१०.	**प्रेसर सुरुङ्ग (Pressure tunnel)**		
	क.	सामग्री	Steel Lined
	ख.	लम्बाई	४८६ मि. (२९७ मि. Vertical Shaft)
	ग.	भित्रि ब्यास Internal Diameter	५.७५ मि. Reducing to ५ मि.; र ४.१ मि.
	घ.	मोटाई	२० मि.मि. देखि ६५ मि.मि.
	ङ.	Main Shut Off Valve	Butterfly, ND ५७५० मि.मि.
	च.	Inlet Valve	Spherical Valve, ND २४०० मि.मि.
११.	**पावरहाउस**		
	क.	प्रकार	भूमिगत (Underground)
	ख.	पावरहाउसको नाप (ल)×(चौ)×(उ)	११७.५०×१९.५०×४०.१मि
	ग.	Machine Floor Level	१६६७.३३ masl
	घ.	Minimum Foundation Level	१६४८.०८ masl
	ङ.	Overhead hoisting type	विद्युतीय
	च.	Overhead Hoisting capacity	२ वटा, १५० टन

क्र.सं.		विषय/विशेषता	बिस्तृत विवरण
	छ.	Support को प्रकार	Concrete lining, shotcrete, rock bolts
१२.	**टेलरेस**		
	क.	प्रकार	Underground, Inverted D-shaped Tunnel
	ख.	संख्या	१
	ग.	आकार	९ X ९ मि.
	घ.	लम्बाई	७५१.०५ मि.
	ङ.	Outlet Water Level	१६५२ masl
	च.	Normal Tail Water Level	१६५२.४८ masl
	छ.	Invert Level of Tailrace at outlet	१६४६.०४ masl
१३.	**टर्बाइन**		
	क.	प्रकार	Vertical Axis Pelton Turbine
	ख.	संख्या	४
	ग.	अधिकतम हेड (Gross Head)	३७९.५२ मि.
	घ.	रेटेड नेट हेड (Rated Net Head)	३६७.५५ मि.
	ङ.	रेटेड क्यापासिटि प्रति यूनिट	११६.४१ मे.वा.
	च.	डिस्चार्ज प्रति युनिट	३५.७८५ m^3/s
	छ.	टर्बाइनको Centreline Elevation	१६५५.४८ masl
	ज.	टर्बाइनको प्रभावकारीता	९० %
१४.	**जेनरेटर**		
	क.	जेनेरेटरको प्रकार	Synchronous
	ख.	संख्या	४
	ग.	रेटेड आउटपुट (rated output)	१३४.२२ MVA
	घ.	उत्पादन भोलटेज	१३.८ kV
	ङ.	आवृती (Frequency)	५० हर्ज
	च.	Power Factor	०.८५
	छ.	Excitation System	Static Excitation System with Thyristor Rectifier
	ज.	गति	२५० rpm
	झ.	जेनरेटरको प्रभावकारीता	९८%
१५.	**ट्रान्सफार्मर**		
	क.	प्रकार	Ester Oil Immersed, Single Phase, KFWF cooling
	ख.	फेजको संख्या	१
	ग.	संख्या	१३ (१२+१)
	घ.	आवृती	५० हर्ज
	ङ.	Voltage Ratio	13.8kV/ 400kV
	च.	ट्रान्सफार्मर प्रभावकारीता	९९.५%
	छ.	Cavern Dimension (ल)×(चौ)×(उ)	१०२.४×१३×२७.६ मि
१६.	**स्विचयार्ड**		
	क.	प्रकार	Gas Insulated Switchgear
	ख.	क्षमता	४०० के.भी
	ग.	Cavern Dimension (ल)×(चौ)×(उ)	३५.५×१३×१६ मि

क्र.सं.		विषय/विशेषता	बिस्तृत विवरण
१७.	**प्रसारण लाईन**		
	क.	प्रसारण भोल्टेज	४०० के.भी.
	ख.	लम्बाई	करिव १८.५ कि.मि.
	ग.	जडान पोइन्ट	प्रस्तावित हाइटार सवस्टेशन
१८.	**पावर र उर्जा**		
	क.	जडान क्षमता	४५४ मे.वा.
	ख.	कुल हेड	३७९.५२ मि.
	ग.	नेट हेड	३६७.५५ मि.
	घ.	सुख्खा यामको कुल वार्षिक उर्जा	७६५.२१ GWh (with outage)
	ङ.	ङ.१) *Dry Season Annual पिक उर्जा*	४८५.९३ GWh *(with outage)*
	च.	ङ.२) *Dry season Annual अफ-पिक उर्जा*	२७९.२८ GWh *(with outage)*
	छ.	वर्षा यामको कुल वार्षिक उर्जा	१७८५.९५ GWh (with outage)
	ज.	कुल बार्षिक उर्जा (with outage)	२५५१.१६ GWh
	झ.	सुख्खा यामको कुल वार्षिक उर्जा	७८०.३३ GWh (without outage)
	ञ.	ञ.१) *Dry Season Annual Peak उर्जा*	४९५.८५ GWh *(without outage)*
	ट.	ञ.२) *Dry season Annual off peak उर्जा*	२८४.९८ GWh *(without outage)*
	ठ.	वर्षा यामको कुल वार्षिक उर्जा	१८७९.९५ GWh (without outage)
	ड.	कुल बार्षिक उर्जा (without outage)	२६६०.७७
१९.	**आवश्यक जग्गा**		
	क.	सरकारी जग्गा	१००.६४ हेक्टर
	ख.	मकालु बरुण राष्ट्रिय निकुन्ज-मध्यवर्ती क्षेत्रको बाहिरि किनारा	१४०.८३ हेक्टर (निजी सहित)
	ग.	निजी जग्गा	५३.६९ हेक्टर (स्थाई)
	घ.	अस्थाई जग्गा	३४.९७ हेक्टर (*१४.४ हे. निजी*)
२०.	**वातावरणीय सूचकहरू**		
	क.	जलवायु	उपोष्ण, समशितोष्ण
	ख.	जलवायु (संरचना रहने स्थान)	उपोष्ण (Sub-tropical)
	ग.	वनस्पति (संरचना रहने स्थान)	Upper Mixed Hardwood Forest
	घ.	प्रमुख वनस्पति (संरचना रहने स्थान)	उत्तिस, सौर, झिंगाने, पैंयु, चाँप, बोट धंयेरो, सल्ला, गुराँस
	ङ.	अवस्थिति	मुख्य रुपमा मकालु बरुण राष्ट्रिय निकुन्जको मध्यवर्ती क्षेत्र
	च.	प्रमुख वन्यजन्तुहरु	*Viverra zibetah, Herpesters urva,Semnopithecus schistaceus Naemorhedus goral,Macaca assamensi*
	छ.	प्रमुख चराहरु	*Ithaginis cruentus, Falco peregrinus, Glaucidium brodieal Leiothrix lutea*
	ज.	प्रमुख माछाहरु	*Glyptosternum blythii, Schizothorax richardsonii and Psilorhynchus pseudecheneis*
	झ.	जनसंख्या	• भोटखोला गाउँपालिका-६,४३८ • आयोजना प्रभावित क्षेत्रमा सर्वेक्षण गरिएका २०५ घरधुरीहरुको कूल जनसंख्याः ९६२
	ञ.	मुख्य जाति (वडा २ मा)	भोटे/ल्होमी
	ट.	साक्षरता दर (गा.पा.)	६१.१ %

क्र.सं.		विषय/विशेषता	बिस्तृत विवरण
२१.	वित्तीय विवरण		
	क.	जम्मा लागत ने.रु. (With Financing)	९३,८०,००,०००
	ख.	जम्मा लागत ने.रु.	८१,९६,११,७१,३१८ (Without Financing)
	ग.	आधार वर्ष	सन् २०२१
	घ.	ब्याजदर	११%
	ङ.	ऋण तिर्न लाग्ने समय	५.८३ वर्ष
	च.	Debt/Equity Ratio	७०/३०
	छ.	Project Benefit/Cost	१.३८
	ज.	Internal Rate of Return (IRR)	१३.५८ %
	झ.	Return on Equity (RoE)	१६.८२ %
	ञ.	Net Present Value NRs	२६,१८,४७,९३,०००
	ट.	Cost per Kilowatt NRs	२,०६,६०८
	ठ.	Cost per Kilowatt USD	१,७२७

(श्रोतः किमाथांका अरुण जलविद्युत आयोजना (४५४ मेगावाट) आयोजनाको सम्भाव्यता अध्ययन प्रतिवेदन (जुन,२०२२)

२.२.४. निर्माण तथा संचालन चरणका क्रियाकलाप

निर्माण पूर्वको चरणः प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन गर्न पूर्व-ईन्जिनियरिङ्ग अध्ययन/अनुसन्धानका गतिविधिहरु जस्तै हाइड्रोलोजिकल अध्ययन, भूगर्भीय र भू-प्राविधिक अनुसन्धान, टेस्ट adit खन्ने, साइट सर्वेक्षण, भूकम्पीय अनुसन्धान, उत्खनन गरिने साइटहरू को अध्ययन, पहुँच सडकहरूको निर्माण तथा स्तरोन्नति, वातावरणीय अध्ययन, सरोकारवालाहरूसँगको छलफल आदि क्रियाकलापहरु आयोजना निर्माण भन्दा पहिले गरिनेछन्। यसका साथै पुर्व तयारीमा जग्गा अधिग्रहण, निर्माणको लागि चाहिने ऊर्जाको व्यवस्थापन, नेपाल विद्युत प्राधिकरणसँग पि.पि.ए., उत्पादन लाइसेन्स प्राप्ती, आयोजना निर्माण गर्न आवश्यक पर्ने वित्तीय व्यवस्थापन, बिडिङ्ग दस्तावेजको तयारी, ठेक्काको तयारी, ठेक्का प्रक्रिया, कृषि, वन तथा पर्यावरण मन्त्रालयसँग लिनुपर्ने पट्टा (लिज) को सम्झौता पत्र, वनको तथा मध्यवर्ती क्षेत्रको जग्गा प्राप्ति, रुख कटान अनुमति, आयोजनाका लागि काम गर्ने निर्माण व्यवसायि तथा अन्य कर्मचारीका लागि आवास गृह निर्माण आदि कार्य पनि पूर्व निर्माण चरणमा गरिनेछ।

निर्माण चरणः निर्माण चरणमा आयोजना निर्माणको मूल काम हुन्छ। प्रस्तावित आयोजनाको प्रमुख अवयवहरूको निर्माण यस चरणमा गरिन्छ। त्यस्ता अवयवहरूमा डाईभर्सन संरचना, बाँध, पानी निकासका संरचना, हेडवर्क्स जस्तै पेनस्टक र सुरुङ्गहरू, विद्युतगृह, टेलरेस सुरुङ्ग, स्विचयार्ड र पहुँच सडकहरू पर्दछन्।

सञ्चालन तथा मर्मत सम्भार चरणः यो चरणमा पुगे पछि मात्र आयोजनाले विद्युत उत्पादनको कार्य थालनी गर्दछ। जलाशयमा भण्डारण गरिएको पानी हेडरेस सुरङ्ग मार्फत टर्वाइनमा खसालेर ऊर्जा उत्पादन गरिन्छ। यसरी उत्पादित ऊर्जा स्विचयार्डमा लगि जोडिनेछ र त्यहाँबाट नजिकैको सब-स्टेशनमा पुर्याइ राष्ट्रिय प्रसारण सञ्जालमा जोडिनेछ। सामान्यतया जलविद्युत आयोजनाका संरचनाहरुको सरदर आयू ५० देखि १०० वर्षको हुन्छ र सो अवधिमा बेलाबखत केहि उपकरणहरुमा समस्याहरु उत्पन्न हुन सक्छ। यसरी समस्या देखा परेका उपकरणहरुको मर्मत सम्भार, बाँधको रेखदेख, जलाशयमा थुप्रिने गेग्रानको व्यवस्थापन, आयोजना स्थल सम्मको पहुँच मार्गको मर्मत, पहिरोग्रस्त र पहिरोको जोखिम भएका स्थानहरुको व्यवस्थापन आदि कार्यहरु मर्मत तथा सम्भार चरणमा गरिन्छ।

२.२.५. आवश्यक निर्माण सामाग्री

अरुण नदीको किनारमा रहेका गेग्रान र भौगर्भिक पदार्थका प्राकृतिक भण्डारहरु आयोजना निर्माणमा आवश्यक गिट्टी, बालुवाजस्ता निर्माण सामग्रीका प्राकृतिक श्रोत हुन्। बालुवाका विशाल भण्डारहरु नभेटिए पनि अरुण नदी किनारमा बालुवा संचित पकेट क्षेत्रहरु भने भेटिएका छन्। हेडरेस सुरुंग, सर्ज ट्यांक, विद्युतगृह तथा टेलरेस सुरुंगको उत्खननको क्रममा निस्कने चट्टान र माटो आदि प्रशोधन गरेर निर्माण सामग्रीको श्रोतका रुपमा उपयोग गर्न सकिन्छ। आयोजनाको लागि आवश्यक मुख्य निर्माण सामग्रीहरू उपलब्धता, यातायातको पहुंच र भण्डारणको दृष्टिकोणबाट तल बुँदागत रूपमा जनाइए जसरी खोजी गरिनेछः

- आवश्यक सिमेन्ट स्थानीय निर्माण कम्पनीले आपूर्ति गर्नेछ तर स्थानीय बजारमा उपलब्धता नभएको खण्डमा छिमेकी देशहरूबाट पनि सिमेन्ट आयात गर्न सकिन्छ।

- Coarse aggregate हरू साइटमा या त सुरुङ्ग उत्खनन् बाट निस्कने सामाग्रीहरूबाट र quarry को spoils बाट रक क्रशर वा स्क्रिनिङ्ग machines मेशिनहरू प्रयोग गरेर उत्पादन गरिनेछ।
- Fine aggregates ढुङ्गालाई कुटेर वा नदि जन्य पदार्थलाई स्क्रिनिङ्ग गरी उत्पादन गरिनेछ।
- Reinforcement and structural steel स्थानीय बजारबाट खरिद गरिनेछ। स्थानीय बजारमा आवश्यक मात्रामा उपलब्धता नभएको खण्डमा त्यस्ता सामग्रीहरू छिमेकी देशहरूबाट आयात गरिनेछ।
- स्टील प्लेट/अन्य सामाग्रीहरू छिमेकी देशहरूबाट आयात गरिनेछ।
- रसायनहरू/एसिड, पेट्रोलियम पदार्थहरू, ब्याट्रीहरू, लुब्रिकन्ट्स/तेलहरू, र अन्य विषाक्त सामग्रीहरू निर्माण अवधिमा आयात गरी प्रयोग गरिनेछ र वातावरणीय दृष्टिकोणबाट व्यवस्थित र सुरक्षित रूपमा ह्यान्डल गरिनेछ।

आयोजनाको निम्ति आवश्यक सामाग्रीहरूको परिमाण तल उल्लेख गरिएको छ।

तालिका ६: निर्माण सामग्रीको विवरण

क्र.स.	निर्माण सामग्री	आवश्यक परिमाण	श्रोत	उपलब्ध परिमाण
१.	सिमेन्ट	२,६०,००० टन	बजारबाट खरिद	
२.	Flyash	७०,००० टन	बजारबाट खरिद	
३.	स्टिल	२०,७०० टन	बजारबाट खरिद	
४.	बालुवा (घन मिटर)	८,१७,००० m^3	तालिका ७	
५.	Fine aggregates	७,०५,०००m^3		
६.	Coarse Aggregate	१४,००,०००m^3		
७.	विष्फोटक (Kg.)	२०,४४,६३५.२९	नेपाली सेनाद्वारा व्यवस्थापन	
८.	डेटोनेटर	१२,२२,५३५ वटा	नेपाली सेनाद्वारा व्यवस्थापन	
९.	डिजेल (लिटर)	१,२१,५०,०००	नेपाल	बजारबाट खरिद
१०.	पेट्रोल (लिटर)	१,५०,०००	नेपाल	बजारबाट खरिद
११.	मोविल	५०,००० (लिटर)	नेपाल	बजारबाट खरिद
१२.	लुब्रिक्यान्ट्स	१०,००० Kg.	नेपाल	बजारबाट खरिद


श्रोतः किमाथांका अरुण जलविद्युत आयोजना (४५४ मेगावाट) आयोजनाको सम्भाव्यता अध्ययन प्रतिवेदन (जुन,२०२२)

निर्माण सामग्रीको श्रोत : आयोजना क्षेत्र नजिकैको गरिएको निर्माण सामग्री सम्बन्धी सर्वेक्षणवाट तालिका ७ बमोजिमको quarry साइटहरू पहिचान भएका छन्। प्रारम्भिक अनुमान अनुसार यी साइटहरूमा उपलब्ध निर्माण सामाग्रीका मात्रा यस आयोजनाको लागि पर्याप्त छ। प्रस्तावित आयोजनाको लागि करिव १४,००,००० m^3 coarse aggregates निर्माण सामाग्रीको रुपमा आवश्यक पर्ने अनुमान गरिएको छ। पहिचान गरिएको निर्माण सामाग्री उत्खनन स्थलमा करिव ३,९६,६३२ m^3 coarse aggregates पाइने देखिन्छ। त्यस्तै आयोजनाको लागि करिब ८,१७,००० m^3 बालुवा आवश्यक पर्दछ भने स्थानीय नदि किनारमा करिव ५,२५,००० m^3

मात्र बालुवा उपलब्ध रहेको देखिन्छ। यसरि हेर्दा अपुग रहने coarse aggregates र बालुवाको लागि आयोजना स्थलमा नै क्रशर प्लान्ट स्थापना गरि आयोजनाको संरचना बनाउन उत्खनन गर्दा निस्कने ढुंगालाइ क्रश गरि प्रयोग गर्न सकिन्छ। यसका साथै आयोजनाको लागी करिव ६१,००० m^3 impervious material आवश्यक पर्ने देखिन्छ भने आयोजना स्थल वरपर impervious material को उपलब्ध परिमाण भने करिव २,४४,९०० m^3 रहेको विवरण किमाथांका अरुण जलविद्युत (४५४ मेगावाट) आयोजनाको सम्भाव्यता अध्ययन प्रतिवेदनले पहिचान गरेको छ। यसको अतिरिक्त तालिका ६ बमोजिमका अन्य निर्माण सामग्रीहरु सम्भव भए सम्म आयोजना क्षेत्रको नजिकको बजारहरु वा सो आसपासका मुख्य बजार क्षेत्रबाट खरिद प्रक्रिया पुरा गरि ल्याइनेछ र यदि माग अनुसारको परिमाण स्थानीय बजार क्षेत्रबाट आपूर्ति हुन नसकेको खण्डमा छिमेकि मुलुकहरुबाट समेत ल्याइनेछ भने आयोजनालाई आवश्यक पर्ने विष्फोटक पदार्थका सन्दर्भमा यसको सम्पूर्ण जिम्मेवारी नेपाली सेनालाई जिम्मा दिईनेछ। आयोजना क्षेत्रका मुख्य नजिकका बजारहरुमा गोला, नुम, खाँदबारी, धरान, इटहरी, विराटनगर आदि हुन।

तालिका ७: स्थानीय रुपमा संकलन गरिने निर्माण सामाग्रीको श्रोत र उपलब्ध परिमाण

S.No	Location	GPS Coordinate		Estimation
		Easting	Northing	Quantity (m^3)
A.	**Fine and Coarse Aggregate**			
1	Right Bank of Arun River, upstream terrace of proposed headworks, Lower Terrace	541659	3077519	7,875
2		541685	3077539	
3	River cut section R/B Arun River upstream of proposed Headwoks, Upper terrace	541600	3017759	3,500
4		541562	3077655	16,720
5		541625	3077631	
6	Right Bank of Arun River	540997	3078071	75,000
7		541158	3077836	2,10,000
8	Right Bank of Arun River			10,937
8	Left BanK of Arun River	541961	3077476	21,600
9	Right Bank of Arun River	542883	3076032	36,000
10	Kholshi Near Chhumsur	541978	3075590	15,000
			Total	**3,96,632**
B.	**Impervious Material**			
11	Along the road section, Lingam-Chhyamtang, up hill and downhill	542508	3071609	4,500
12		542289	3071456	7,500
13	Chhumsur Village	542003	3007640	12,000
			Total	**24,000**
C.	**Boulder**			
14	Arun right bank	542058	3077280	15,000
15	Arun River Left Bank	542128	3077333	75,000
16	Near Chumsur Village	542860	3070946	~20,000
17		542890	3071300	
18		542850	3071100	
19	Hill slope laden with boulder gravel sand mix	541981	3075703	5,625
			Total	**1,15,625**
D.	**Rock**			
20	Located about 1.7km upstream of the dam site	540511	3078479	12,00,000
21	Located about 600m downstream of the dam site	542418	3077212	11,80,000
22	Located about 2.6km downstream of the dam site, adjascent to the Chumsur village	542595	3075484	6,50,000
23	Located at the base of the cliff between Lingam and Chyamtang	542655	3070890	30,000
24	Located down-slope of Chyamtang village	543382	3071596	20,000
25	Located along the road between Lingam and Chyamtang	542458	3071774	1,20,000
			Total	**32,00,000**



चित्र ८: Rock Quarry गरिने स्थानको नक्शा



चित्र ९: **Rock Quarry** गरिने स्थानको अवस्थिति

उपरोक्त अनुसारका सबै Quarry र borrow क्षेत्रहरु यस आयोजनाको सर्वेक्षणका लागि विद्युत विकास विभागद्वारा अनुमति पत्र जारी गरिएको क्षेत्र भित्र नै पर्दछन । तसर्थ यी Quarry र borrow क्षेत्रहरु अन्य कुनै पनि आयोजनाहरुले प्रयोग गर्ने छैनन्। निर्माण सामग्रीहरू पहुँच सडक हुँदै ट्रकहरूमा आयोजना साइटमा आवश्यक निर्माण थलोमा लगिनेछ। स्थानीय सरकार (भोटखोला गाउँपालिका), जिल्ला समन्वय समिति, जिल्ला प्रशासनिक कार्यालय, विभागीय वन कार्यालय, मकालु बरुण राष्ट्रिय निकुञ्ज आदि तालुक कार्यालयसंग परामर्श लिई स्थानीय निर्माण सामग्री उत्खनन गरी प्रयोगमा ल्याइनेछ। यस्ता गतिविधि गर्दा स्थानीय सरकार संचालन ऐन, २०७४ लाई कडाईका साथ पालना गरिनेछ।

२.२.६. आवश्यक निर्माण ऊर्जा/इन्धनको आपूर्ति

आयोजनालाई निर्माण चरणमा कुल ६ मे.वा. ऊर्जा आवश्यक पर्ने अनुमान गरिएको छ। हाल दुहबी बाट १०१ किलोमिटर लामो ३३ के.भी. प्रसारण लाइन मार्फत खाँदबारी हुँदै नुम बजार सम्म विद्युत पुर्याइएको छ, जुन लाइन निकै लामो भएको कारण विद्युत आपूर्ति भरपर्दो छैन। नुमबाट आयोजनास्थल सम्मको सोझो हवाई दूरी नै २५ किलोमिटर भन्दा बढी पर्ने भएकोले हालको अवस्थामा आयोजनाका केन्द्रीय प्रसारण लाइन मार्फत विद्युत आपूर्ति गर्न प्राविधिक रुपमा कठिनाई हुने देखिएकोले उर्जा व्यवस्थापन गर्न डिजेल जेनेरेटर जडान गर्नु नै उपयुक्त हुने देखिएकोले बाँधस्थल र विद्युतगृह स्थलमा फरक फरक डिजेल जेनेरेटर जडान गरिनेछ।

तालिका ८: प्रयोग हुने ऊर्जाको विवरण

क्र.स.	स्थान/क्षेत्र	आवश्यक ऊर्जा (किलोवाट)
१.	व्याचिङ्ग प्लान्ट (Batching Plant)	८००
२.	निर्माण शिविर	३००
३.	टावर क्रेन (Tower Crane)	२५०
४.	एयर कम्प्रेसर (Air Compressor)	३००
५.	वर्कशप	५००
६.	वेल्डिङ्ग (Welding)	६००
७.	Power Winch	२५०
८.	Dewatering Pump	६००
९.	मुख्य कार्यालय	३००
१०.	भेन्ट पंखा (Vent Fan)	३००
११.	पावर हाउस	५००
१२.	निर्माण क्षेत्रमा उज्यालोको लागि बत्ति	५००
१३.	क्रसर प्लान्ट	८००
जम्मा		**६,०००**

(श्रोतः किमाथांका अरुण जलविद्युत आयोजना (४५४ मेगावाट) आयोजनाको सम्भाव्यता अध्ययन प्रतिवेदन (जुन,२०२२)

तालिका ६ मा देखाइए अनुसार आयोजना क्षेत्रमा निर्माणस्थल वरिपरि विभिन्न केन्द्रहरुमा विद्युत वितरणका लागि धेरै डिजेल जेनरेटर युनिट र LV वितरण बोर्ड स्थापना गरिनेछ।

तालिका ९: निर्माणको लागि डिजेल जेनरेटरहरुको आवश्यकता

क्र.स.	विवरण	टिप्पणि
१.	०.४ के.भी., MVA जेनेरेटर, १४ वटा	हेडवर्क र विद्युतगृह क्षेत्रको नजिकै उपयुक्त स्थानहरुमा राखिने छ ।
२.	११ के.भी. स्विच गियर	
३.	०.४ के.भी. स्विच गियर	
४.	Service wire (४०० V XLPE केवल), ५००० मि. लम्बाई	

(श्रोतः किमाथांका अरुण जलविद्युत आयोजना (४५४ मेगावाट) आयोजनाको सम्भाव्यता अध्ययन प्रतिवेदन (जुन,२०२२)

२.२.७. आवश्यक निर्माण सम्बन्धी उपकरणहरु

प्रस्तावित आयोजना निर्माण कार्यका लागि आवश्यक पर्ने निर्माण उपकरणहरू तल तालिका बमोजिम हुनेछ।

तालिका १०: निर्माण प्लान्ट र उपकरण

प्लान्ट र उपकरण	
Excavator	Wagon Drill Machine
Wheel Loader	Jack Hammer
Dozer	Pavement breaker
Dumper	Grout pump
Tipper	Agreegate Processing Plant
Vibratory Roller	Mixing and Batching Plant
Air Compresser Electric	Transit Mixer
Air Compressor Diesel	Concrete Pump
2 Boom and 1 Boom Drill Jumbo	Shortcrete Machine
Alimak Raise Climber	Concrete Mixer
Material Truck	Crane
Tractot Trailer	Bull Dozer
Centrifugal Pump	Air Hoist
Ventilation Blower	Rotary Drilling Rig
Welding Machine	DG Set

(श्रोतः किमाथांका अरुण जलविद्युत आयोजना (४५४ मेगावाट) आयोजनाको सम्भाव्यता अध्ययन प्रतिवेदन (जुन,२०२२)

२.२.८. आवश्यक जनशक्ति

यस आयोजना निर्माणका लागी करिव दक्ष र अदक्ष कामदार गरेर करिब २,५०० जनाको जनशक्ति आवश्यक रहन्छ। प्रस्तावित आयोजनाको लागि दक्ष जनशक्तिका रुपमा फोरमेन, अपरेटर, ड्रिलर, ब्लास्टम्यान, मेकानिक, इलेक्ट्रीसियन, वाइरम्यान, कार्पेन्टर, म्यासोन, इन्जिनियर आदि र अर्ध-दक्ष जनशक्तिका रुपमा सामान्य ज्यामी, सहयोगी, चौकीदार, सरसफाइ गर्ने, Mucker आदि पर्दछन। सकेसम्म दक्ष कर्मचारीको आवश्यकताको परिपुर्ति देशमा रहेका जनशक्ति बाट नै गरिनेछ। यसबाहेक, अदक्ष र अर्ध-दक्ष निर्माण श्रमिकहरू सम्भव भए सम्म स्थानीय रूपमा राखिनेछ। आयोजनाले निर्माण रोजगारीमा स्थानीय रोजगारीको नीति अपनाएको

छ। रोजगारीका अवसरहरूको प्राथमिकता गम्भीर रूपमा प्रभावित जनता, विपन्न वर्ग, परियोजना गाउँपालिका र जिल्लाका नागरिकलाई दिइनेछ। आयोजनाका लागि आवश्यक जनशक्ति तलको तालिकामा दिईएको छः

तालिका ११: आवश्यक जनशक्तिको विवरण

क्र.सं.	कार्यहरु	प्रबन्धक र निरीक्षकहरु	दक्ष	अर्ध-दक्ष	अदक्ष	जम्मा
१.	पहुँच मार्ग र पुल निर्माण	१०	६०	८०	१००	२५०
२.	बाँध र स्पिल्वे निर्माण	२५	१२५	१५०	२००	५००
३.	हेडरेस सुरुङ्ग निर्माण	३०	१५५	१९०	२५०	६२५
४.	सर्ज सुरुङ्ग र पेनस्टक निर्माण	२५	१२५	१५०	२००	५००
५.	विद्युतगृह र टेलरेस निर्माण	३०	१५५	१९०	२५०	६२५
	जम्मा	१२०	६२०	७६०	१०००	२५००

(श्रोतः किमाथांका अरुण जलविद्युत आयोजना (४५४ मेगावाट) आयोजनाको सम्भाव्यता अध्ययन प्रतिवेदन (जुन,२०२२)

तालिका १२: संचालन चरणमा आयोजनाका लागि आवश्यक जनशक्ति

क्र.सं.	कार्यहरु	प्रबन्धक र निरीक्षकहरु	दक्ष	अर्ध दक्ष	अदक्ष	जम्मा
संचालन चरण						
१.	आयोजना संचालन	१५	२०	२५	३०	९०

(श्रोतः किमाथांका अरुण जलविद्युत आयोजना (४५४ मेगावाट) आयोजनाको सम्भाव्यता अध्ययन प्रतिवेदन (जुन,२०२२)

२.२.९. आवश्यक जग्गा

यस आयोजनाका लागि कुल १६८.७३ हेक्टर जग्गा आवश्यक पर्ने आंकलन गरिएको छ। आयोजनाको सम्भाव्यता अध्ययन प्रतिवेदन (जुन,२०२२) अनुसार आयोजनाका संरचनाका लागि मकालु बरुण राष्ट्रिय निकुन्जको मध्यवर्ती क्षेत्रमा ६८.०९ हेक्टर निजी (स्थायीः ५३.६९ हे. र अस्थायीः १४.४ हे.) र ७२.७४ हेक्टर सरकारी स्वामित्वको वन क्षेत्र (स्थायीः ५५.६६ हे. र अस्थायीः १७.०८ हे.) को गरी जम्मा १४०.८३ हेक्टर र मध्यवर्ती क्षेत्र बाहिर डिभिजन वनको क्षेत्राधिकार भित्र पर्ने सरकारी स्वामित्वको वन्न क्षेत्र २७.९ हेक्टर (स्थायीः २४.४१ हे. र अस्थायीः ३.४९ हे.) गरी कूल १६८.७३ हेक्टर जग्गा आवश्यक पर्नेछ। आयोजनाको लागि आवश्यक जग्गाको भू-उपयोग सहितको विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ। विष्फोटक पदार्थ भण्डारण क्षेत्र र सो को सुरक्षाको लागि चाहिने सैनिक आवास स्थायी शिविर भित्र सैनिकहरुसंग समन्वय गरी तोकिनेछ।

तालिका १३: आयोजनाले ओगट्ने जमिनको क्षेत्रफल (हेक्टर)

क्र.स.	आयोजनाका अवयवहरू	निजी	मकालु बरुण रा.नि.को मध्यवर्ती क्षेत्र भित्रको क्षेत्रफल (हेक्टर)						डिभिजन वन अन्तर्गत			कूल
			वनको स्वामित्वमा रहेको					जम्मा	वनको स्वामित्वमा रहेको			
			वन बुट्यान	नदी	भिरालो पाखो	बाझो	सिँचाई कुलो		वन बुट्यान	नदी	जम्मा	
क. स्थायी संरचनाका लागि आवश्यक												
१.	बाँध स्थल	**०.००**	३.७७	०.७५	०	०	०	**४.५२**	३.५५	१.३७	**४.९२**	**९.४४**
२.	जलाशय क्षेत्र	**०.००**	१७.६७	५.८५	०	०	०	**२३.५२**	११.४३	८.०६	**१९.४९**	**४३.०१**
३.	पहुँच सडक	**३२.८४**	१२.६७	०.३२	३.२८	०.३४	०.३९	**१७.००**	०	०	**०.**	**४९.८४**
४.	Tunnel/Adit Portals	**०.६२**	८.४८	०	०.८७	०	०	**९.३५**	०	०	**०.**	**९.९७**
५.	मक डिस्पोजल बाँध र विद्युतगृह	**१.१७**	०	०	०	०	०	**०.००**	०	०	**०.**	**१.१७**
६.	Quarry निर्माण सामाग्री उत्खनन् क्षेत्र	**४.५३**	०	०	०	०	०	**०.००**	०	०	**०.**	**४.५३**
७.	स्थायी शिविर (विष्फोटक पदार्थ भण्डारण समेत)	**१४.५३**	०.३४	०	०.४७	०	०.४६	**१.२७**	०	०	**०.**	**१५.८**
	कूल स्थायी	***५३.६९***	*४२.९३*	*६.९२*	*४.६२*	*०.३४*	*०.८५*	***५५.६६***	*१४.९८*	*९.४३*	***२४.४१***	***१३३.७६***
ख. अस्थायी संरचनाका लागि आवश्यक												
१.	Spoil Area उत्खनन गरेर निस्किएको सामग्रीको बिसर्जन क्षेत्र	**४.८४**	५.३५	२.९४	१.	०	०.३९	**९.६८**	०	०	०	**१४.५२**
२.	Quarry निर्माण सामाग्री उत्खनन् क्षेत्र	**१.१५**	६.९९	०.११	०	०.११	०	**७.२१**	२.९३	०.५६	३.४९	**११.८५**
३.	अस्थायी निर्माण शिविर	**८.४१**	०	०	०	०	०.१९	**०.१९**	०	०	०	**८.६**
	कूल अस्थायी	*१४.४*	*१२.३४*	*३.०५*	*१.*	*०.११*	*०.५८*	**१७.०८**	*२.९३*	*०.५६*	**३.४९**	**३४.९७**
	कूल (स्थायी+अस्थायी)	**६८.०९**	५५.२७	९.९७	५.६२	०.४५	१.४३	**७२.७४**	१७.९१	९.९९	**२७.९**	**१६८.७३**

श्रोतः जिल्ला नापी कार्यालयबाट उपलब्ध नापीको नक्शा र नापी विभागद्वारा प्रकाशित topographic नक्शा

तालिका १४: आयोजनाले ओगट्ने जमिनको क्षेत्रफल (हेक्टर) र भू-उपयोग

क्र.स.	विवरण	निजि (खेती)	सरकारी/वन क्षेत्र						कुल (निजि+सरकारी)
			वन बुट्यान	नदी	भिरालो पाखो	बाझो	सिँचाई कुलो	जम्मा	
१.	स्थायी संरचनाका लागि (मध्यवर्ती क्षेत्र भित्र)	५३.६९	४२.९३	६.९२	४.६२	०.३४	०.८५	५५.६६	१०९.३५
२.	अस्थायी संरचनाका लागि (मध्यवर्ती क्षेत्र भित्र)	१४.४०	१२.३४	३.०५	१.००	०.११	०.५८	१७.०८	३१.४८
	मध्यवर्ती क्षेत्र भित्र मात्र जम्मा	**६८.०९**	**५५.२७**	**९.९७**	**५.६२**	**०.४५**	**१.४३**	**७२.७४**	**१४०.८३**
३.	स्थायी संरचनाका लागि (मध्यवर्ती क्षेत्र बाहिर)	०	१४.९८	९.४३	०	०	०	२४.४१	२४.४१
४.	अस्थायी संरचनाका लागि (मध्यवर्ती क्षेत्र बाहिर)	०	२.९३	०.५६	०	०	०	३.४९	३.४९
	मध्यवर्ती क्षेत्र भन्दा बाहिरको मात्र	**०**	**१७.९१**	**९.९९**	**०**	**०**	**०**	**२७.९**	**२७.९**
	जम्मा (मध्यवर्ती क्षेत्र भित्र + मध्यवर्ती क्षेत्र बाहिर)	**६८.०९**	**७३.१८**	**१९.९६**	**५.६२**	**०.४५**	**१.४३**	**१००.६४**	**१६८.७३**

श्रोतः जिल्ला नापी कार्यालयबाट उपलब्ध नापीको नक्शा र नापी विभागद्वारा प्रकाशित topographic नक्शा

२.२.१०. निर्माण योजना तथा निर्माण तालिका

आयोजनाका मुख्य संरचनाहरुको निर्माणका लागि ठेक्का प्रकृयामा जानु पुर्व आयोजना क्षेत्र सम्म पुग्ने सडकको मर्मत संभार वा निर्माण, पुलहरुको निर्माण, निर्माण/श्रमिक शिविरहरुको निर्माण, निर्माण/श्रमिक शिविरहरुमामा आवश्यक पानी तथा वत्तीको व्यवस्था गरिनेछ। टेन्डर प्रकृयाको लागि करिव १२ महिना लाग्नेछ। सिभिल कार्य बाहेक पुरै योजना निर्माणको लागि ५ वर्षको समय लाग्ने अनुमान छ। ५ बर्ष पछि आयोजनाले जडित क्षमता बराबरको ऊर्जा उत्पादन गर्नेछ। आयोजना निर्माण गर्दा दिनको २४ घण्टाको समयावधि भित्र प्रति सिफ्ट १० घण्टा काम गर्ने गरि २ सिफ्टमा कार्य गरिने उद्देश्य राखी वमोजिम आयोजनाको निर्माण छ।

तालिका १५: आयोजना निर्माण तालिका

क्र.सं	गतिविधिको नाम/निर्माण	पहिलो वर्ष				दोस्रो वर्ष				तेस्रो वर्ष				चौथो वर्ष				पाँचौं वर्ष				छैठौं वर्ष				सातौं वर्ष				आठौं वर्ष				नवौं वर्ष				दशौं वर्ष			
		Q1	Q2	Q3	Q4	Q1	Q2	Q3	Q4	Q1	Q2	Q3	Q4	Q1	Q2	Q3	Q4	Q1	Q2	Q3	Q4	Q1	Q2	Q3	Q4	Q1	Q2	Q3	Q4	Q1	Q2	Q3	Q4	Q1	Q2	Q3	Q4	Q1	Q2	Q3	Q4
१	किमाथांका अरुण जलाबिध्युत आयोजना																																						
२	पूर्व निर्माण कार्य																																						
३	प्रारम्भिक कार्य																																						
४	डायभर्सन टनेल																																						
५	कफर बाँध																																						
६	सेडिमेंट बाइपास टनेल																																						
७	आरसीसी बाँध																																						
८	एडिट टनेल १																																						
९	एडिट टनेल २																																						
१०	एडिट टनेल ३																																						
११	हेडरेस टनेल																																						
१२	सर्ज शाफ्त																																						
१३	प्रेसर टनेल																																						
१४	पावरहाउस कमप्लेक्स																																						
१५	ट्रान्सफर्मर कमप्लेक्स																																						
१६	टेलरेस टनेल																																						
१७	हाइड्रो मेकानिकल कार्य																																						
१८	इलेक्ट्रो मेकानिकल कार्य																																						
१९	प्रसारण लाइन कार्य																																						
२०	इलेक्ट्रिकल कार्य																																						
२२	परीक्षण र संचालनक लागि तैयार																																						

(श्रोतः किमाथांका अरुण जलविद्युत आयोजना (४५४ मेगावाट) आयोजनाको सम्भाव्यता अध्ययन प्रतिवेदन (जुन,२०२२)

प्रस्तावित आयोजनाको निर्माण योजना अनुसूची २.६ मा दिइएको छ।

२.२.११. सहायक संरचनाहरु

यस आयोजनालाई निर्माण शिविर, सामान भण्डारण क्षेत्र, विष्फोटक पदार्थ भण्डारण क्षेत्र, बिग्रन (muck/spoil) व्यवस्थापन क्षेत्र र खानी क्षेत्र आवश्यक पर्दछ।

निर्माण शिविर, सेना शिविर, सामान भण्डारण क्षेत्र र विष्फोटक भण्डारण क्षेत्रः यस आयोजनाले कार्यालय स्थापना, निर्माण शिविर, सेना शिविर, सामान भण्डारण क्षेत्र र विष्फोटक भण्डारण क्षेत्रको आवश्यक जग्गा अधिग्रहण गरिनेछ भने अन्य आवश्यक निर्माण क्षेत्र (कामदार शिविर र निर्माण क्षेत्र नजिकै निर्माण सामाग्री भण्डारण गर्नको लागी चाहिने जग्गा) को व्यवस्था गर्ने जिम्मा निर्माण व्यवसायीको हुनेछ। कामदार शिबिर र सामान भण्डारण क्षेत्रको लागि आवश्यक जग्गा निजि जमीन भाडामा लिएर संचालन गर्न उपयुक्त देखिन्छ।

श्रमिक शिविर (Camp Site): आयोजना निर्माणको दौरानमा श्रमिक शिविर, दुबै रोजगारदाताका कर्मचारी र ठेकेदारका कर्मचारीहरू राख्न आवश्यक हुनेछ। उक्त शिविर क्याम्पसाइट, पावरहाउस साइट र हेडवर्क्स साइटको नजीक हुनेछ। शिविरमा कार्यालय, बैठक कोठा, गाडि पार्किंग, स्टोर, कार्यशाला, मेडिकल पोस्ट, मनोरन्जन केन्द्र, प्रयोगशाला इत्यादि समावेश हुनेछ। शिविरका स्थायी संरचनाहरू आयोजना सम्पन्न भैसकेपछि आयोजनाको सञ्चालन र मर्मतसम्भार गर्न खटिने कर्मचारीहरूको लागि उपयोग गर्न दिइने छ । धेरै जसो शिविरहरु बलियो र भरपर्दो बनाउन ईंटा र सिमेन्ट जोडेर बनाइनेछ र छत RCC ढलान गरिने छ ।

अग्नि नियन्त्रण प्रणालीः The powerhouse complex firefighting will be done by water hydrant system. The water requirement for firefighting is at least 500 gpm (1890 L/min) for duration of 2 hours. Fire cabinet points with fire hose reels, nozzles, fire hose and pipe work to the fire cabinet is designed in each floors of powerhouse complex. Two centrifugal-type pump (26 kW, each), one operating as normal and other as standby will be provided for fire hydrant system. A dedicated power supply will be provided to the system for its operation in the case of an emergency. Additionally, booster pump (1 kW) is designed to maintain desired pressure. A dedicated power supply will be provided to the system for its operation in the case of an emergency. For generator firefighting, CO_2 based system will be used as a fire protection system for all generator units. Twenty-four units of a CO_2 cylinder is envisaged, each of capacity 34 kg. The CO_2 concentration of 45% is to be maintained in the generator.

Fire protection in the transformer will be provided by the deluge water system. Transformer protection will provide complete water spray through nozzles on all exposed exterior surfaces. The minimum operating pressure of the nozzle will be 1.4 bar. Two water supply centrifugal-type pumps (22 kW each), one operating as normal and one as standby pumps the water from the fire tank. Addition to these pumps, booster pump (1 kW) will also be used to rise the water pressure in transformer fire protection circuit. Fire detection and alarm system are provided to alert security personnel. Automatic detection and alarm system are provided for various areas such as powerhouse complex, transformer yard, control room, cable spreading area, oil storage facility, etc.

Ventilation System: विद्युत गृह भूमिगत प्रकारको हुने भएकाले स्वच्छ हावाको प्रवाह नहुने, operation of generating units बाट ताप उत्सर्जन हुने जस्ता कुराको व्यवस्थापन गर्ने उद्देश्यले Ventilation System जडान गरिनेछ उक्त प्रणालीमा यथेस्ट मात्रामा उपयुक्त स्थानहरुको पहिचान गरि with air diffusers सहितको axial ventilation fans, air supply ducts जडान गरिनेछ । Switch-gear room, office floor, machine hall, generator floor, turbine floor, draft tube floor जस्ता स्थानहरुमा सो प्रणाली जडान गर्न विशेष ध्यान दिइनेछ।

Drainage and Dewatering System: विद्युत गृह स्थलको Shaft Seal बाट चुहिएको पानी तथा भुइँमा seepage भएर आउने पानीको निकासीका लगि ड्रेनेज प्रणाली निर्माण गरिनेछ। ड्रेनेज प्रणालीलाइ टेलरेश संग लागि जोडिने छ तर ड्रेनेज प्रणालीको निर्माण गर्दा विद्युत गृह स्थलमा रासायनिक तेलहरुको चुहावट भै पानीमा मिसिन सकिने र उक्त पानी नदीमा रसायनिक तत्व

विना नै मिसाउने विषयलाई दृष्टिगत गर्दै रासायनिक तेल र पानीलाई समेत छुट्याइने गरी बनाइने छ ।

बिष्फोटक पदार्थ र व्यवस्थापन (Use and handling of Explosives): सुरुंग खन्नका लागि drill र blasting विधिको प्रयोग गरिनेछ। भूमिगत खनाईको कार्य राम्रो र भरपर्दो हुनका लागि इमल्शन प्रकारको बिष्फोटकहरू प्रयोग गरिनेछ । यस आयोजनाका लागि २०,४४,६३५.२९ किलोग्राम विष्फोटक (जिलेटिन) र १२,२२,५३५ डेटोनेटर आवश्यक पर्ने अनुमान गरिएको छ। त्यस्ता बिष्फोटकहरू नेपाली सेनाबाट व्यवस्थापन गरी वैकल्पिक रूपमा भारतीय बजारबाट आयात गरिनेछ। सबै प्रकारका डेटोनेटरहरू ल्याउने र त्यसको भण्डारण, प्रयोग र सुरक्षा गर्ने लगायत सम्पूर्ण जिम्मेवारी नेपाली सेनालाई दिइनेछ ।

तेल व्यवस्थापन प्रणाली (Oil Handling System): Generating units को bearing बाट निस्कने contaminated lubricating oil तथा clean र purified lubricating oil भण्डारण गर्न, bearing मा purified oil हाल्न, governor oil sumps को oil र bearing oil को स्थानीय प्रशोधनका लागि तेल व्यवस्थापन प्रणाली (Oil Handling System) को प्रयोग गरिनेछ। Oil room भित्र एक oil treatment plant स्थायी रुपमा नै स्थापित गरिनेछ भने Platform truck मा स्थापित अर्को भिन्दै portable oil treatment plant को व्यवस्था समेत गरिनेछ। फोहर तेल संकलन गरिने ट्यांकीमा जम्मा भएको तेल स्थायी oil treatment plant मा फिल्टर गरेर सफा तेल राख्ने ट्यांकीमा जम्मा गरिनेछ। Governor oil sumps र प्रत्येक generating unit भएको स्थानमा तेल (oil) को local reconditioning र filtering का लागि portable oil treatment plant को प्रयोग गरिनेछ। Transformer oil को purification का लागि उपयुक्त भिन्दै तेल व्यवस्थापन प्रणाली (Oil Handling System) को व्यवस्था गरिनेछ।

पहुँच मार्ग (Access Road): जोगबनी बाट किमाथांका जोड्ने मुख्य राजमार्ग (जुन अहिले निर्माणाधीन छ) बाट बाँधस्थल तर्फ र विद्युत गृह तर्फ जाने पहुँच मार्ग आयोजनाले बनाउनेछ। उक्त पहुँच मार्ग नेपाल सरकारको feeder road को standard मा बनाउन प्रस्ताव गरिएको छ। सो अनुसार कुल २१.३ किलोमिटर लामो र ३० मिटर Right of Way भएको पहुँच मार्ग निर्माण हुनेछ।निम्नानुसार कुल ६ खण्डमा पहुँच सडक निर्माण गरिने छः

क. पहिलोः लिंगम गाउँ-विद्युत गृह-Tailrace (लम्बाई-१०.११ कि.मि.)
ख. दोश्रोः Tunnel Portal-Surgeshaft Ventilation Tunnel (लम्बाई-०.३८ कि.मि.)
ग. तेश्रोः MSOV Access Tunnel Portal/अडिट २ (लम्बाई-०.४६ कि.मि.)
घ. चौंथोः Take-off yard पुग्ने पहुँच मार्ग (लम्बाई-०.८१ कि.मि.)
ङ. पाचौंः छुम्सुरको शिबिर-Headrace Tunnel/अडिट १ (लम्बाई-६.११ कि.मि.)
च. छैटौंः बाँधस्थलको शिबिर-बाँध-bypass tunnel (लम्बाई-३.४० कि.मि.)

बिग्रन (muck/spoil)/ढुङ्गा माटो व्यवस्थापन क्षेत्रः आयोजना निर्माण अवधिमा गरिने उत्खनन् कार्यबाट निस्किने हिलो तथा लेदो माटो ब्याकफिलिंग (backfilling) का लागि प्रयोग गरिनुका साथै प्रशोधन गरेर निर्माण सामग्रीको श्रोतको रुपमा पनि उपयोग गरिनेछ। बाँकी रहेको

हिलो/लेदोलाई वन, जलश्रोतजस्ता सम्पदाहरु तथा पहिरो, भू-क्षय आदिको सम्भावना भएका संवेदनशील क्षेत्रहरुमा असर नपर्ने उपयुक्त स्थलहरुमा आयोजना क्षेत्रभित्रै व्यवस्थापन गरिनेछ। यस आयोजनाबाट निस्कने muck मध्ये निर्माण सामग्रीको रुपमा प्रयोग गरेर बाँकि व्यवस्थापन गर्नु पर्ने muck को कुल आयतन ३१,०७,९७८ घनमिटर हुने अनुमान छ।

हिलो/माटोको व्यवस्थापन (Muck/Spoil Disposal Area): उत्खनन गरिएको spoil/muck क्षेत्रको ब्यबस्थापनको लागि बांध र विधुतगृह क्षेत्र दुवैका लागि क्षेत्रहरू पहिचान गरिएकोछ। बांध क्षेत्रको लागि बांध फाउन्डेशन, डाइभर्सन सुरुङ्ग, HRTको खण्डबाट उत्खनन गरिएको muck को लागि पर्याप्त क्षेत्रको पहिचान गरिएको छ। आयतनलाई बिचार गरेर, अरुण नदीको दाहिने किनारमा spoil/muck tips क्षेत्रको पहिचान गरिएको छ। त्यस्तै विधुतगृह क्षेत्रमा अरुण नदिको दाहिने किनारमा पर्याप्त क्षेत्र पहिचान गरिएको छ। यी क्षेत्रहरू नदीको किनारमा छन्, त्येसैले अरुण नदीमा muck फुट्नबाट रोक्नको लागि संरक्षण पर्खाल प्रदान गर्न आवश्यक हुनेछ जुन विस्तृत वातावरणीय अध्ययनमा समेटिनेछ।

तालिका १६: हिलो/माटोको (Muck/Spoil) व्यवस्थापन गरिने क्षेत्र

क्र.सं.	**Muck** उत्पन्न क्षेत्र	**Muck** आयतन घनमिटर	**Muck** को व्यवस्थापन क्षेत्र	**Muck** व्यवस्थापन क्षेत्रको क्षेत्रफल **(approx.) m ^{2}**
१.	Headworks	२१,७३,८८१	About 450 to 750 m downstream of the dam, on the left and right bank terraces of the Arun River	९६,९६७
२.	Adit 1 tunnel	२,३९,५१६	Adit-1 portal area	१३,५७१
३.	Adit 2 Tunnel (MSOV)	२,०१,३६४	Adit-2 portal area	१५,०८०
४.	MAT	२,२३,९६६	MAT portal area	११,४४१
५.	Tailrace Tunnel	१,७०,२३६	MAT portal area	४,८३१
६.	Road Tunnel	९९,०१४	Lingam side portal area	
जम्मा		**३१,०७,९७८**		१,४१,८९०

(श्रोतः किमाथांका अरुण जलविद्युत आयोजना (४५४ मेगावाट) आयोजनाको सम्भाव्यता अध्ययन प्रतिवेदन (जुन,२०२२)

२.३. प्रस्तावको उद्देश्य

नेपाल सरकारको जलविद्युतको कुल जडित क्षमता र उत्पादन वृद्धि गर्ने, विदेशबाट आयात घटाउने, स्वच्छ ऊर्जाको प्रबर्द्धन गर्ने विद्युतीय ऊर्जा निर्यात गरि आर्थिक सम्वृद्दी हासिल गर्ने लक्ष्य प्राप्तिको लागि सहयोग पुग्ने गरी पूर्वी नेपालको कोशी प्रदेशको संखुवासभा जिल्लामा ४५४ मे.वा. किमाथाङ्का अरुण अर्धजलाशययुक्त जलविद्युत आयोजना निर्माण गरी विद्युत उत्पादन गर्नु यस प्रस्तावको उद्देश्य रहेको छ। यस आयोजनाले कुल बार्षिक (आउटेज सहित) २५५१.१६GWh र आउटेज रहित २६६०.७७GWh ऊर्जा उत्पादन गर्ने लक्ष्य लिएको छ। यस आयोजनाले मूलतः विद्युतको उच्च माग हुने समयमा विद्युत उत्पादन गर्ने छ।

तालिका १७: मासिक ऊर्जा उत्पादनको विवरण (विना आउटेज)


महिना	दिन	औषत मासिक प्रवाह (m^3/s)	E-flow का लागि आवश्यक न्युनतम प्रवाह (m^3/s)	उपलब्ध प्रवाह (m^3/s)	प्लान्ट संचालनका लागी उपलब्ध पानीको परिमाण (m^3)	उत्पादन हुने ऊर्जा (MW)	सुक्खा यामको मासिक ऊर्जा (GWh)		वर्षायामको माषिक ऊर्जा (GWh)		कुल मासिक ऊर्जा (GWh)
							Peak	Off-Peak	Peak	Off-Peak	
Jan	३१	६०.०८	४.८०१	५५.२८	४७७५८२१	४५४.०७	८४.४६	४५.६७			१३०.१३
Feb	२८	५६.२२	४.८०१	५१.४२	४४४२५३४	४५४.०७	७६.२८	३३.०५			१०९.३४
Mar	३१	५४.२८	४.८०१	४९.४८	४२७४७५७	४५४.०७	८४.४६	३२.०२			११६.४८
Apr	३०	४८.०१	४.८०१	४३.२१	३७३३३०९	४५४.०७	८१.७३	१६.७१			९८.४४
May	३१	७८.२०	४.८०१	७३.४०	६३४१८९१	४५४.०७	८४.४६	८८.३५			१७२.८०
Jun	३०	२३७.१७	४.८०१	२३२.३७	२००७६७९१	४५४.०८			८१.७३	२४५.२०	३२६.९४
Jul	३१	५२३.८०	४.८०१	५१९.००	४४८४१२८५	४५४.०८			८४.४६	२५३.३८	३३७.८४
Aug	३१	५६२.८	४.८०१	५५८.००	४८२१११०८	४५४.०८			८४.४६	२५३.३८	३३७.८४
Sep	३०	४०३.९	४.८०१	३९९.१०	३४४८२१४८	४५४.०८			८१.७३	२४५.२०	३२६.९४
Oct	३१	१८४.८२	४.८०१	१८०.०२	१५५५३३५७	४५४.०८			८४.४६	२५३.३८	३३७.८४
Nov	३०	९८.१०	४.८०१	९३.३०	८०६११४३	४५४.०८			८१.७३	१३०.८३	२१२.५७
Dec	३१	७०.०६	४.८०१	६५.२६	५६३८३४४	४५४.०७	८४.४६	६९.१८			१५३.६३
Total	**३६५**						**४९५.८५**	**२८४.९८**	**४९८.५८**	**१३८१.३७**	**२६६०.७७**

श्रोतः किमाथांका अरुण जलविद्युत आयोजना (४५४ मेगावाट) आयोजनाको सम्भाव्यता अध्ययन प्रतिवेदन (जुन,२०२२)

तालिका १८: ऊर्जा उत्पादनको विवरण (आउटेज सहित)

Description		Annual Energy (GWh)	Outage %	Total Annual Sellable Energy (GWh)
		A	B	A*(1 - B)
Dry Season Energy (GWh)	Peak	495.85	2%	485.93
	Off Peak	284.98	2%	279.28
Wet season Energy (GWh)		1879.95	5%	1785.95
Total Energy (GWh)		**2660.77**		**2551.16**

श्रोतः किमाथांका अरुण जलविद्युत आयोजना (४५४ मेगावाट) आयोजनाको सम्भाव्यता अध्ययन प्रतिवेदन (जुन,२०२२)



चित्र १०: आयोजनाको प्रमुख संरचनाको स्थलाकृत नक्शा

परिच्छेद ३: प्रतिवेदन तयार गर्दा अपनाइएको विधि

वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ मा व्यवस्था भएका कानुनी प्रक्रियाहरुको अनुसरण गरी यो वातावरणीय प्रभाव मुल्यांकन प्रतिवेदन तयार गरिएको छ। प्रतिवेदन तयार पार्न चाहिने प्रथम तथा दोस्रो क्रमको जानकारीहरु (Primary and Secondary Information) क्रमशः स्थलगत अध्ययन र सन्दर्भ सामग्रीहरुको पुनरावलोकनबाट संकलन गरिएको छ। सामाजिक, आर्थिक, सांस्कृतिक, भौतिक वातावरण र जैविक वातावरण क्षेत्रहरुको गुणात्मक र संख्यात्मक सुचनाहरुको संकलनका लागि सन्दर्भ सामाग्रीहरुको पुनरावलोकन, स्थलगत सर्वेक्षण अवलोकन, सूचीकरण, सर्वेक्षण, र मुख्य सूचनादातासंगको अन्तर्वार्ता र सरोकारवाला व्यक्ति/निकायहरुसंगको छलफल आदि कार्य गरिएको छ।

३.१. सम्बन्धित सामाग्री/प्रतिवेदनहरुको पुनरावलोकन

आयोजनाको प्राविधिक पक्षहरुको बारेमा जानकारी राख्न र वातावारणका विभिन्न आयमहरुको विषयमा तथ्याङ्क सङ्कलन गरि प्रतिवेदनमा समावेश गर्न विभिन्न सन्दर्भ सामाग्रीहरुको पुनरावलोकन गरिएको थियो, जुन निम्न अनुसार छन्:

तालिका १९: पुनरावलोकन गरिएका सामग्री/प्रतिवेदनहरु

क्र.स.	आवश्यक सुचनाहरु	सन्दर्भ सामग्री
क. भौतिक वातावरण		
१	जल तथा मौसम	• नेपाल सरकार जल तथा मौषम बिज्ञान विभाग बाट प्रकाशित प्रकाशनहरु • आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन
२	स्थलाकृति र भु-उपयोग	• नेपाल सरकार, नापि विभाग बाट प्रकाशित १:५०,०० मापनको स्थलाकृत नक्सा (सिट नं. • USGS Earth Explorer लगायत अन्य निःशुल्क उपलब्ध हुनसक्ने श्रोतहरु, गुगल तथा अन्य श्रोतबाट प्राप्त हुने स्याटेलाइट तस्विर • जिल्ला नापी कार्यालय, संखुवासभाबाट प्राप्त कित्ता नापी नक्सा आयोजनाको विस्तृत सम्भाव्यता अध्ययनका लागि गरिएको ड्रोन सर्भेबाट प्राप्त नक्सा
३	भुगर्भ	• नेपाल सरकार, खानी तथा भुगर्भ विभाग बाट प्रकाशित क्षेत्रीय नक्साहरु • आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन
ख. जैविक वातावरण		
४	वन, वन्यजन्तु र माछाहरु	• डिभिजन वन कार्यालय, संखुवासभाद्वारा प्रकाशित वार्षिक प्रगति पुस्तिका (२०७७) • वन्यजन्तुमैत्री पूर्वाधार निर्माण निर्देशिका, २०७८

क्र.स.	आवश्यक सुचनाहरु	सन्दर्भ सामग्री
		• वन विभागद्वारा प्रकाशित सामुदायिक वन अनुगमन निरीक्षण तथा विश्लेषणत्मक प्रतिवेदन पुस्तिका (२०६९), • गैरकाष्ठ वन पैदावारको श्रोत सर्वेक्षण मार्गदर्शन, २०६९ • साईटिज अनुसूचीमा सूचिकृत नेपालका दुर्लभ वन्यजन्तु र वनस्पति, २०७१ • Fact Sheet on Plants of Nepal (DPR, 2012) • The Status of Nepal Mammals: The National Red List Series, 2011 • Nepal Biodiversity Resource Book, 2007 • Birds of Nepal, Revised Edition, 2016 • नेपालका संरक्षित वनस्पतिहरु (DPR, २०१२)
ग. सामाजिक-आर्थिक तथा सांस्कृतिक वातावरण		
५	जनसांख्यिक	• नेपाल सरकार, राष्ट्रिय तथ्याङ्क कार्यलयबाट प्रकाशित प्रकाशनहरु
६	भौतिक संरचना तथा विकासका कार्यक्रमहरु	• संखुवासभा जिल्ला पार्श्वचित्र प्रतिवेदन, २०७७ • संखुवासभा जिल्ला समन्वय समितिबाट प्रकाशित प्रतिवेदन, • आयोजना प्रभावित स्थानीय तहको विवरण रहेको पार्श्वचित्र प्रतिवेदनहरु
७	धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक पक्ष	

३.२. प्रस्तावको प्रभाव क्षेत्र निर्धारण

प्रस्तावित जलविद्युत आयोजनाको निर्माण र संचालनले आयोजना क्षेत्रमा प्रत्यक्ष र अप्रत्यक्ष वातावरणीय र सामाजिक प्रभाव उत्पन्न हुने आधारमा, परियोजना प्रभाव क्षेत्रहरू प्रत्यक्ष प्रभाव क्षेत्र (DIZ) र अप्रत्यक्ष प्रभाव क्षेत्र (IIZ) को रूपमा वर्गीकृत गरिएको छ।

प्रत्यक्ष प्रभाव क्षेत्र - (भौतिक वातावरण र आयोजनाबाट क्षति पुग्ने घर परिवार/संरचनाका लागि): आयोजनाको मुख्य संरचना बन्ने स्थल (बाँधस्थल, जलाशय क्षेत्र, ढुङ्गा/माटो बिसर्जन स्थल, डाईभर्सन सुरुङ्ग, मुल सुरुङ्गको प्रवेशद्वार, अडिट, पहुँच मार्ग, बेली ब्रिज रहने स्थान, निर्माण शिविर रहने स्थल, विद्युतगृह क्षेत्र, स्विचयार्ड क्षेत्र, बाँधस्थल देखि तल्लो तटिय भेगको कम बहाव हुने क्षेत्र, निर्माण सामाग्रि उत्खनन् स्थल तथा ढुवानीका लागि प्रयोग हुने सडक क्षेत्र, Batching र Crusher Plant) र जलाशयको माथिल्लो पानीको स्तर (FSL) भन्दा २० मिटर माथिको क्षेत्र र आयोजनाको मुख्य संरचनाहरु रहने स्थानको बाहिरी भागबाट १०० मिटरको गोलकार/व्यासार्ध क्षेत्र भित्र पर्ने स्थानहरुलाई प्रत्यक्ष प्रभावित क्षेत्र भनि परिभाषित गरि त्यस क्षेत्रको वातावरणीय तथ्याङ्कहरु सङ्कलन गरिएको छ। यस क्षेत्र भित्र पर्ने परिवारलाई समेत २ भागमा वर्गीकृत गरि तथ्याङ्क सङ्कलन गरिएको छ ।

(क) आयोजना प्रभावित घरपरिवार (Project Affected Families – PAFs): आयोजना कार्यान्वयन गर्दा घर तथा जग्गा गुमाउने घरपरिवारलाई आयोजना प्रभावित घरपरिवार (PAFs) को रुपमा पहिचान गरिएको छ।


(ख) आयोजना अति प्रभावित घरपरिवार (Severely Project Affected Families -SPAFs): आयोजना कार्यन्वयन गर्दा हुने घर जग्गा क्षतीको कारण जीविकोपार्जनमा नै नकरात्मक असर पर्न गई मुआब्जाको अलवा थप सहायता आबश्यक पर्ने घरपरिवारलाई आयोजना अति प्रभावित घरपरिवारको रुपमा बर्गिकरण गरिएको छ। आयोजना अति प्रभावित घरपरिवारलाई भौतिक रुपमा विस्थापन हुने घरपरिवार र गम्भीर रुपले प्रभावित घरपरिवार को रुपमा विश्लेषण गरिएको छ। आयोजनाबाट आवासिय घर प्रभावित भइ आवास सर्नको लागि वैकल्पिक घर नभएका घरपरिवारलाई भौतिक रुपमा विस्थापन हुने घरपरिवारको रुपमा लिइएको छ। यसैगरि आयोजनाबाट अधिक जग्गा प्रभावित भइ उत्पादनमा बाधा पर्ने घरपरिवारलाई गम्भीर रुपले प्रभावित घरपरिवारको रुपमा लिइएको छ। कुल जग्गा ०.२५ हेक्टर वा सो भन्दा कम भएका र कूल जग्गाको १० प्रतिशत भन्दा बढी प्रभावित हुने र कुल जग्गा ०.२५ हेक्टर भन्दा बढी भएका र कुल जग्गाको २५ प्रतिशत भन्दा बढी प्रभावित हुने घरपरिवारलाई अति प्रभावित घरपरिवारको रुपमा लिइएको छ।

प्रत्यक्ष प्रभाव क्षेत्र - (सामाजिक-आर्थिक र सांस्कृतिक वातावरणका लागि):

आयोजनाको सामाजिक आर्थिक प्रभाव अध्ययनका लागि आयोजनाले प्रत्यक्ष प्रभाव पार्ने बस्ती र आयोजनाको अवयवहरूबाट करिब २ घण्टाको पैदल दूरी सम्मको बस्तीलाई प्रत्यक्ष प्रभाव क्षेत्र मानिएको छ। यसरी छनौटमा परेका बस्तीका बासिन्दाहरूलाई आयोजना निर्माणका क्रममा रोजगारीको अवसर हुँदा दैनिक रूपमा आवतजावत गर्न सक्ने, आफूले उत्पादन गरेका उपभोग्य बस्तुहरू सहजै बिक्री वितरण गर्न सक्ने लगायतका सकारात्मक प्रभाव तथा स्थानीय बजारमा पर्ने प्रभाव, सामाजिक चालचलनमा पर्ने प्रभाव, निर्माण चरणमा हुने प्रदूषण जस्ता नकारात्मक प्रभावहरू पर्न सक्ने आंकलन गरिएको छ।

प्रत्यक्ष प्रभाव क्षेत्र- (जैविक वातावरणको लागी): आयोजनाको संरचनाहरुबाट प्रभावित हुने वन क्षेत्र, जलाशय क्षेत्र र जलाशयको माथिल्लो पानीको स्तर (FSL) भन्दा ८ मिटर माथि सम्मको वन क्षेत्र, वेली ब्रिज निर्माण हुने स्थल, वन क्षेत्र भएर जाने आन्तरिक पहुँच सडक र आयोजनाको मुख्य संरचनाहरु रहने स्थानको बाहिरी भागबाट ५०० मिटरको गोलकार/व्यासार्ध क्षेत्र भित्र पर्ने वन क्षेत्र, वाँध भन्दा तल्लो भागको सुख्खा ग्रस्त क्षेत्रहरुलाई प्रत्यक्ष प्रभावित क्षेत्र भनि परिभाषित गरि त्यस क्षेत्रको वातावरणीय तथ्याङ्कहरु सङ्कलन गरिएको छ।

अप्रत्यक्ष प्रभाव क्षेत्र: आयोजनाको मुख्य संरचना रहने स्थानिय निकायलाई अप्रत्यक्ष प्रभाव क्षेत्र भनि परिभाषित गरि त्यस क्षेत्रको वातावरणीय तथ्याङ्कहरु सङ्कलन गरिएको छ।



चित्र ११: प्रभाव क्षेत्र वर्गीकरण नक्शा

३.३. प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको नक्साको अध्ययन तथा विश्लेषण

यस प्रतिवेदन तयारका लागि निम्न बमोजिमका नक्साहरु अध्ययन गरि विश्लेषण गरिएको थियोः

तालिका २०: अध्ययन तथा विश्लेषण गरिएका नक्साहरु

नक्साहरु	प्रयोजन
नेपाल सरकार, नापि विभाग बाट प्रकाशित नेपालको प्रशासनिक नक्सा	आयोजना स्थलको अवस्थिति प्रस्तुत गर्न
नेपाल सरकार, नापि विभाग बाट प्रकाशित १:५०,०० मापनको स्थलाकृत नक्सा (सिट नं.)	आयोजना स्थलको स्थलाकृत अवस्था प्रस्तुत गर्न
आयोजना क्षेत्रको गुगल नक्सा (सन् २०१९ को)	आयोजना स्थलको वस्तुस्थित तथा आयोजना स्थलको भू-परिदृश्य प्रस्तुत गर्न
जिल्ला नापी कार्यालय, संखुवासभाबाट प्राप्त कित्ता नापी नक्सा	प्रभावित हुने कित्ता एकिन गर्न तथा प्रभावित जमिनको स्वामित्व प्रस्तुत गर्न
आयोजनाको विस्तृत सम्भाव्यता अध्ययनका लागि गरिएको ड्रोन सर्भेबाट प्राप्त नक्सा	आयोजना स्थलको भू-परिदृश्य प्रस्तुत गर्न
आयोजनाको विस्तृत सम्भाव्यता अध्ययनका लागि तयार गरिएको आयोजना क्षेत्रको भू-क्षय जोखिम नक्सा	आयोजना क्षेत्रको पहिरो जोखिम स्थानहरु पहिचान गर्न
नेपाल सरकार खानि तथा भूगर्भ विभागबाट प्रकाशित भूकम्पीय जोखिम नक्सा	आयोजना क्षेत्रको भूकम्पीय जोखिम अवस्था विश्लेषण गर्न
नेपाल सरकार खानि तथा भूगर्भ विभागबाट प्रकाशित पश्चिम क्षेत्रको क्षेत्रीय तथा राष्ट्रिय भुगर्भिय नक्सा	आयोजना स्थल कुन Geological Zone मा पर्दछ भन्ने याकिन गर्न
आयोजनाको विस्तृत सम्भाव्यता अध्ययनका लागि तयार गरिएको आयोजनाको जालाधार नक्सा	आयोजना क्षेत्र कुन जलाधार क्षेत्रमा पर्दछ भनि एकिन गर्न
नेपालको संरक्षित क्षेत्र नक्सा	आयोजना स्थलबाट राष्ट्रिय निकुन्ज, आरक्ष क्षेत्र तथा शिकार आरक्ष क्षेत्रबिचको दूरी प्रस्तुत गर्न

३.४. चेकलिष्ट/म्याट्रिक्स, तथा प्रश्नावलीको निर्माण गरी आवश्यक तथ्याङ्क सङ्कलन

प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको भौतिक, जैविक, सामाजिक, आर्थिक तथा साँस्कृतिक वातावरणका क्षेत्रहरुको तथ्याङ्क सङ्कलन गर्न सम्बन्धित वातवरणका अवयवहरु सम्बन्धि तथ्यांक संकलन गर्ने प्रश्नावली एवम् चेकलिष्टहरुको तयारी गरि सूचना संकलन गरिएको थियो।

३.५. स्थलगत अध्ययन

आर्थिक, सामाजिक र सांस्कृतिक तथ्याङ्क सङ्कलन गर्दा प्रभावित क्षेत्रमा पैदल हिंड्दै प्रत्यक्ष अवलोकन गरेर तथ्याङ्क सङ्कलन, स्थानीयवासीहरूसंग सामुहिक छलफल, सरोकारवालाहरूसंग छलफल, मुख्य जानकार व्यक्तिहरूसंग अन्तर्वार्ता/छलफल, लक्षित समुहसंग छलफल र प्रश्नावली प्रयोग गरेर सर्वेक्षण गर्ने विधिहरू प्रयोग गरिएको छ।

भौतिक वातावरण सम्बन्धी तथ्याङ्क आयोजनाको प्रभाव क्षेत्रमा पैदल हिंड्दै प्रत्यक्ष अवलोकन गरेर गरिएको थियो। वायु, ध्वनि तथा जल गुणस्तर सम्बन्धी केहि parameter हरुको स्थलगत मापन गरिएको थियो भने केहि parameter को लागी नमुना संकलन गरि प्रयोगशाला परीक्षण गरिएको थियो।

जैविक वातावरण सम्बन्धी तथ्याङ्क सङ्कलन गर्दा प्रभावित क्षेत्रमा पैदल हिंड्दै प्रत्यक्ष अवलोकन गरेर तथ्याङ्क सङ्कलन, चिन्हहरूको सर्वेक्षण (Sign Survey), स्थानीयवासीहरू/सरोकारवालाहरू संग छलफल/अन्तरक्रिया, मुख्य जानकार व्यक्तिहरू संग अन्तर्वार्ता/छलफल, लक्षित समुह संग छलफल गरिएको थियो। आयोजना क्षेत्र निजी तथा सामुदायिक वन क्षेत्र भित्र परेकाले ती वन क्षेत्रमा पाइने वनस्पतिहरू, रुख विरुवाहरू तथा वन्यजन्तुहरूको तथ्याङ्क सङ्कलन गरिएको छ।

तालिका २१: स्थलगत अध्ययन कार्यको समय तालिका

क्र.स.		स्थलगत अध्ययन गरेको	
		वर्ष	महिना
१.	**भौतिक तथा रासायनिक वातावरण**		
	भौतिक वातावरण विज्ञको स्थलगत अध्ययन भ्रमण	२०७७	असोज १६ गते देखि ३० गते सम्म
		२०७९	श्रावण ४ देखि श्रावण १७ सम्म
	ध्वनि प्रदूषणको मापन, वायु गुणस्तर, वायूको गति, दिशा मापन, पानीको गुणस्तर मापन	२०७७	असोज १६ गते देखि ३० गते सम्म
		२०७९	जेष्ठ ३१ गते देखि असार ६ गते सम्म
	माटोको गुणस्तरको मापन	२०७९	जेष्ठ ३१ गते देखि असार ६ गते सम्म
२.	**जैविक वातावरण**		
	वन्यजन्तु/जैविक विविधता विद र वनस्पति/वन विज्ञहरुको स्थलगत अध्ययन भ्रमण	२०७७	असोज १६ गते देखि ३० गते सम्म
		२०७९	जेष्ठ २९ गते देखि असार २० गते सम्म
			श्रावण ११ देखि १६ सम्म
	Macro-invertebrates Expert र जल तथा जलचर विज्ञहरुको स्थलगत अध्ययन भ्रमण	२०७७	असोज १६ गते देखि ३० गते सम्म
	जलचर अध्यनको लागि नमुना संकलन	२०७९	असोज २२ गते देखि २६ गते सम्म
	रुख मापन	२०७८	जेष्ठ २९ गते देखि असार २० गते सम्म
३.	**सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरण**		
	समाजशास्त्री/सार्वजनिक परामर्श विदको स्थलगत अध्ययन भ्रमण	२०७७	असोज १६ गते देखि ३० गते सम्म
	घरधुरी सर्वेक्षण/ पुनर्वास तथा पुनर्स्थापना विज्ञहरुको स्थलगत अध्ययन भ्रमण	२०७९	असार, पुष र माघ

स्थलगत अध्ययन सम्बन्धि विस्तृत विधिहरु **अनुसूची ५** मा रहेको विद्यमान वातावरणीय अवस्थाको सम्बन्धित भागहरुमा दिईएको छ।

तालिका २२: स्थलगत अध्ययनमा अवलम्बन गरिएका विधिहरु

क्र.सं.	तथ्याङ्कको विषय	क्षेत्र	सुचक/मापक	विधि
भौतिक तथा रासायनिक वातावरण				
१	भू-उपयोग	समग्र प्रभाव क्षेत्र	विभिन्न भू-उपयोग अन्तर्गतको क्षेत्रफल	स्थलगत अवलोकन तथा हालसालैको भू-उपग्रह तस्वीरको विश्लेषण
२	भू-गर्भ		विभिन्न भौगर्भिक क्षेत्र अन्तर्गतको क्षेत्रफल	स्थलगत अवलोकन तथा नक्साङ्कन
३	माटोको गुणस्तर		प्रमुख भौतिक, रासायनिक र पोषण तत्वको मात्रा	स्थलगत मापन र नमुना सङ्कलन गरी प्रयोगशालामा परिक्षण
४	प्राकृतिक परिदृश्य		परिदृश्यको अवस्था	प्रत्यक्ष अवलोकन
५	मौसम तथा जलवायु	प्रत्यक्ष प्रभाव क्षेत्र	वर्षा, तापक्रम, आद्रता	स्थलगत मापन तथा जल तथा मौषम विज्ञान विभागको तथ्याङ्क
६	वायु गुणस्तर		PM 2.5 PM 10	IS 5182 (part 23, 2006)
			CO	IS 5182 (part 24)
			TSP	IS 5182 (part 4, 1999)
			So_2	IS 5182 (Part 2, 2001) Improved West and Gaeke Method
			NO_2	IS 5182 (Part 2, 2001) Improved Modified Jacob and Hochheiser Method
७	वायूको गति		m/s	Anemometer
८	वायूको दिशा		दिशा	Anemometer
९	जल गुणस्तर	प्रत्यक्ष प्रभाव क्षेत्र	आयोजना स्थल वरपरको वस्तीको खानेपानी र नदीको जल गुणस्तरको प्रचलित सूचक/ मापकहरू	बोकेर हिड्न सकिने यन्त्र (EXTECH ExStik II DO600 DO Probe and Pancellent water quality probes: pH, EC) को प्रयोग गरी स्थलगत मापन र नमुना सङ्कलन गरी प्रयोगशालामा परीक्षण
१०	ध्वनि प्रदुषण		ध्वनिको मात्रा (LD_{10}, LD_{50}, LD_{90}, LD_{dn}) डेसिबेल	बोकेर हिड्न सकिने यन्त्र (Sound Level Meter (SL-4023)) को प्रयोग गरी स्थलगत मापन गरिएको
११	फोहरमैला तथा ढल व्यवस्थापन	प्रत्यक्ष प्रभाव क्षेत्र	सरसफाईको अवस्था	प्रत्यक्ष अवलोकन, स्थानीय बासिन्दा र वडा कार्यालयका प्रतिनिधिसंग छलफल
१२	पहिरो/जोखिमयुक्त क्षेत्रहरू		पहिरो र जोखिमयुक्त क्षेत्रहरूको स्थान	प्रत्यक्ष अवलोकन, GPS अवस्थिति मापन

क्र.सं.	तथ्याङ्कको विषय	क्षेत्र	सुचक/मापक	विधि
जैविक वातावरण				
१	पारिस्थितिकीय प्रणाली	प्रत्यक्ष प्रभाव क्षेत्र	वन वा पारिस्थितिकीय प्रणालीको प्रकार	प्रत्यक्ष अवलोकन
२	वनस्पति		वनस्पतिको प्रकार, संख्या, घनत्व, कटान हुने रुखको संख्या	प्रत्यक्ष अवलोकन र वन सर्वेक्षण तथा स्थानीय बासिन्दासंग अन्तरक्रिया
३	जीवजन्तु		जीवजन्तुको प्रकार, संख्या, घनत्व	प्रत्यक्ष अवलोकन र सर्वेक्षण तथा स्थानीय बासिन्दासंग अन्तरक्रिया
४	जलचर/जलीय वनस्पति		जीवजन्तुको प्रकार, संख्या, घनत्व	गोटी/फ्याँक्ने जाल (cast net) को प्रयोग तथा नमुनाहरु प्रयोगशालामा अध्ययन
५	वनस्पति र जीवजन्तुको उपयोग	प्रत्यक्ष प्रभाव क्षेत्र	परम्परागत र व्यावसायिक उपयोगको अवस्था	प्रत्यक्ष अवलोकन र स्थानीय बासिन्दा तथा व्यवसायीसंग अन्तरक्रिया
६	संरक्षणको दृष्टिले महत्वपुर्ण वनस्पति र जनावर		वनस्पति र जनावरको नाम र उपलब्धता	प्रत्यक्ष अवलोकन र सर्वेक्षण तथा स्थानीय बासिन्दासंग अन्तरक्रिया
७	जोखिमयुक्त (Critical) वासस्थान, वन वा पारिस्थितिकीय प्रणाली		जोखिमयुक्त वासस्थान, वन, पारिस्थितिकीय प्रणालीको प्रकार र जोखिमको अवस्था	प्रत्यक्ष अवलोकन र वन सर्वेक्षण तथा स्थानीय बासिन्दासंग अन्तरक्रिया
सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरण				
१	जनसाङ्ख्यिक	प्रत्यक्ष प्रभाव क्षेत्र	लिङ्ग, उमेर, भाषा, साक्षरता, धर्म	घरधुरी सर्वेक्षण
२	जीवनशैली		घरको प्रकार, खाद्य सुरक्षा, उर्जा, बत्ती, खानेपानी, संचार, सरसफाई,	घरधुरी सर्वेक्षण
३	जीविकोपार्जन		पेशा/ व्यवसाय	घरधुरी सर्वेक्षण
४	लैंगिक अवस्था	समग्र प्रभाव क्षेत्र	सामाजिक आर्थिक भूमिका	घरधुरी सर्वेक्षण, स्थानीय महिला/बासिन्दासंग अन्तरक्रिया
५	उद्योग र विकास		औद्योगिक तथा विकास संबन्धि संस्थाहरू	प्रत्यक्ष अवलोकन तथा स्थानीय बासिन्दासंग अन्तरक्रिया
६	सांस्कृतिक/धार्मिक प्रचलन		चाड पर्व, पुजा अर्चना लगायतका प्रचलनहरू	प्रत्यक्ष अवलोकन तथा स्थानीय बासिन्दासंग अन्तरक्रिया
७	जनस्वास्थ्य	प्रत्यक्ष प्रभाव	प्रमुख रोगव्याधि	घरधुरी सर्वेक्षण
८	सेवा/सेवा प्रदायक निकायमा पहुँच		यातायात, शिक्षा, स्वास्थ्य, कृषि सेवा, प्रहरी	घरधुरी सर्वेक्षण

क्र.सं.	तथ्याङ्कको विषय	क्षेत्र	सुचक/मापक	विधि
९	निजि आवास/ भौतिक संरचना र सार्वजनिक पूर्वाधार		निजि आवास/ भौतिक संरचना र सार्वजनिक पूर्वाधारको संख्या र अवस्थिति	प्रत्यक्ष अवलोकन तथा स्थानीय बासिन्दासंग अन्तरक्रिया
१०	सार्वजनिक पूर्वाधार	प्रत्यक्ष प्रभाव क्षेत्र	सार्वजनिक स्वामित्वका पूर्वाधारहरू	प्रत्यक्ष अवलोकन तथा स्थानीय बासिन्दासंग अन्तरक्रिया
११	सामाजिक संस्था		क्लब, समुह लगायत	स्थानीय बासिन्दासंग अन्तरक्रिया
१२	ऐतिहासिक/पुरातात्विक सम्पदा		ऐतिहासिक/ पुरातात्विक संरचना/ स्थानहरू	प्रत्यक्ष अवलोकन तथा स्थानीय बासिन्दासंग अन्तरक्रिया
१३	सांस्कृतिक/धार्मिक संरचना र स्थानहरू		मन्दिर, गुम्बा, मस्जिद, चर्च जस्ता संरचना र (अन्त्येष्टि) गर्ने स्थानहरू	प्रत्यक्ष अवलोकन तथा स्थानीय बासिन्दासंग अन्तरक्रिया

३.६. सङ्कलित नमूना (माटो, पानी आदि) को प्रयोगशालामा विश्लेषण

स्थलगत अध्ययनका क्रममा आयोजना क्षेत्रको माटोको अवस्था, आयोजना क्षेत्र वरपरको वस्तीले प्रयोग गर्ने पानीको गुणस्तर तथा अरुण नदीको पानीको भौतिक, रासायनिक अवस्थाबारे विश्लेषण गर्न संकलित नमुना स्थापित वैज्ञानिक विधिबाट प्रयोगशालमा लगि परिक्षण गरिएको छ। साथै आयोजना बन्ने अरुण नदीमा पाइने जलचर र जलीय वनस्पतिको पनि विशेषज्ञबाट स्थलगत अवलोकन गर्नुका साथै संकलित नमुनालाई फर्मालिनको १०% घोलमा संरक्षित गरी प्रयोगशालामा ल्याई प्रजातिहरु यकिन गरिएको थियो। त्यस्तै स्थलगत रुपमा पहिचान हुन् नसकेका वनस्पतिहरुको बोक्रा, पात र तत्-तत् वनस्पतिको फोटो खिची ल्याइएको थियो जसलाई विशेषज्ञको मद्दतबाट पहिचान गरि प्रतिवेदनमा समावेश गरिएको छ।

३.७. प्राप्त तथ्याङ्कको विश्लेषण

भौतिक तथा रासायनिक वातावरण: वातावरणीय अध्ययन टोली तथा आयोजनाका इन्जिनियरहरु र विज्ञहरुद्वारा स्थलगत अध्ययनबाट संकलन गरिएको तथ्याङ्क विभिन्न सफ्टवेयरहरु जस्तै ArcGIS १०.२.१, AutoCAD, Google Earth, MS Office, आदि प्रयोग गरी विश्लेशण गरिएको छ। सकारात्मक तथा नकारात्मक प्रभावहरूको अनुमान गरिएको छ र नकारात्मक प्रभावहरू कम गर्न आवश्यक प्रभाव न्यूनीकरणका उपायहरू यसै प्रतिवेदनको वातावरण व्यवस्थापन योजनामा प्रस्ताव गरिएको छ।

जैविक वातावरण: आयोजना क्षेत्रमा पाइने वनस्पति अवस्थितिको लागि नमुना प्लट राखी सर्वेक्षण गरिएको थियो जस अनुसार रुखको (tree) लागि ५०० व.मी., पोलको लागी १०० व.मी., बल्लाबल्लीको लागी २५ व.मी., बिरुवाको लागी १० व.मी. र पोथ्रा र लहरको लागि १०० व.मी. साईजका नमुना प्लटहरु नक्सामा लेआउट गरी ती प्लटहरुमा रहेका प्रजाती अनुसार प्रत्येक लाथ्रा र बिरुवाको संख्या गणना गरिएको थियो भने रुखको हकमा ब्यास तथा उचाई मापन समेत गरियो।

शुत्रहरु :

$$\textbf{Frequency}\ (\%) = \frac{\text{Number of quadrants in which an individual species occurred } \times\ 100}{\text{The total number of quadrants sampled}}$$

$$\textbf{Density} = \frac{\text{Total number of individuals of a species in all plots} \times\ 100}{\text{Total number of plots studied } \times \text{ Size of the plot (m2)}}$$

$$\textbf{Relative Frequency}\ (\textbf{RF}, \%) = \frac{\text{Frequency of individual species } \times\ 100}{\text{Sum of the frequencies for all species}}$$

$$\textbf{Relative Density}\ (\textbf{RD}, \%)\ = \frac{\text{Density of individual species } \times\ 100}{\text{Total density of all species}}$$

आयोजनाका संरचना रहने स्थानमा कटान हुने तथा आयोजनाको डुबान क्षेत्रमा पर्ने प्रत्येक रुखको गणना गरि प्रत्येक रुखको नाम, Rangefinder को सहायताले उचाई, DBH मीटर को सहायताले गोलाई र GPS को माध्यमबाट रुखको GPS Coordinate समेत टिपोट गरिएको थियो। लगत सर्वेक्षणका क्रममा मापन गरिएको छातिको उचाईसम्मको रुखको व्यास (DBH) र उचाईबाट विभिन्न प्रजातिका रुखहरुको आयतन तथा जैविक तौल (biomass) प्रक्षेपण (projection) का लागि वन नियमावली, २०७९ को अनुसूची ९ मा उल्लेखित विधिहरु प्रयोग गरिएको थियो।

कटान हुने रुख विरुवाको आर्थिक मुल्यांकनका लागि वन नियमावली, २०७९ को अनुसूची ६ अनुसार काठका लागि गोलिया काठको मूल्य दर प्रति क्यू. फिट र दाउराका लागि दाउराको मूल्य दर प्रति के.जी.को आधारमा काठ तथा दाउराको मूल्य निर्धारण गरिएको छ। आयोजना क्षेत्र वरपर र आयोजनाले प्रभाव पार्ने स्थानमा IUCN, CITES को अनुसुचिमा सुचिकृत र नेपाल सरकारले घोषणा गरेका दुर्लभ/संकटापन्न/संरक्षित वनस्पतिका प्रजातिहरूको अवस्था र त्यसको उपलब्धता बारे तथ्याङ्कहरु सङ्कलन गरिएको छ।

<u>प्रयोग भएको शुत्रः</u>

रुखको आयतन (घ.मि.)= काण्डको आयतन+हाँगाकोहरुको आयातन

काण्डको आयतन (घ.मि.)= Exp [a+b×Ln(d)+c×Ln(h)

a,b and c =रुखको प्रजाति अनुसार वन नियमावली २०७९ को अनुसूची ९ को तालिका नं. १ मा प्रस्तुत गरिएको मानहरु
d= जमिनबाट छातीको १.३५ मिटर उचाईमा $_{dbh}$ टेप प्रयोग गरि मापन गरिएको रुखको व्यास
h= रुखको फेद देखि टुप्पो सम्मको उचाई

हाँगाकोहरुको आयातन (घ.मि.)= हाँगाहरुको अनुपात×काण्डको आयतन

त्यस्तै हाँगाहरुको अनुपात निकाल्न Sharma and Pukkala, 1990 मा उल्लेख गरे अनुसारको शुत्रहरु प्रयोग गरिको थियो, जुन शुत्र वन नियमावली २०७९ को अनुसूची ९ को तालिका ३ मा पनि प्रस्तुत गरिएको छ ।कटान हुने रुखहरुको विवरण माथि उल्लेख भए बमोजिमको शुत्र अनुसार विश्लेषण गर्न MS Excel को प्रयोग बाट प्रयोग गरिएको थियो।

<u>सामाजिक आर्थिक र सांस्कृतिक वातावरण</u>: आयोजना प्रभावित क्षेत्रको स्थालगत अध्ययनबाट संकलित तथ्याङ्क सम्बन्धित विषय विज्ञहरुद्वारा यसै अध्ययनको लागि तयार गरिएको Internet मा आधारित Data Base र सूचना प्रणाली प्रयोग गरी सम्पादन र विश्लेषण गरिएको छ। त्यसरी विश्लेशण गरिएको तथ्याङ्क व्याख्या गरेर प्रतिवेदनमा प्रस्तुत गरिएको छ।

३.८. प्रभावको पहिचान, आँकलन तथा उल्लेखनीय प्रभावको मूल्याङ्कन गर्दा अपनाइएको विधि

स्थलगत अनुसन्धान तथा सन्दर्भ सामग्री पुनरावलोकनबाट प्राप्त जानकारीका आधारमा प्रस्ताव कार्यान्वयनका कारण हुने सम्भाव्य सकारात्मक र नकारात्मक प्रभावहरूको पहिचान गरी जैविक, भौतिक, र सामाजिक-आर्थिक तथा साँस्कृतिक गरी तीन शीर्षक अन्तर्गत प्रभावको अर्थपूर्ण स्तर अनुमान तथा मूल्याङ्कन गरिएको छ। यसरी प्रभाव मुल्याङ्कन गर्दा प्रभावहरूलाई तिनको प्रकृति, परिमाण, विस्तार/सिमा र अवधि (Nature, Magnitude, Extent and Duration) का आधारमा वातावरण संरक्षण नियमावली, २०७७ को अनुसूची १२ अनुरुप वर्गीकरण गरि विश्लेषण, प्राथमिकीकरण र प्रस्तुतीकरण गरिएको छ। वातावरणीय प्रभावका तह निर्धारण र न्यूनिकरणका उपाय, प्रभावको तह आंकलन गर्ने आधार र प्रभाव स्तर विश्लेषण आधार तालिका निम्न तालिकाहरूमा प्रस्तुत गरिएका छन्। प्रभावहरुको स्तर अनुसार तय गरिएको अङ्कमान जोडेर हरेक प्रभावको कुल अङ्कमान प्रस्तुत गरिएको छ। वातावरणीय प्रभावहरूको विश्लेषण सहजताको लागि निम्नानुसारको आधारको खाका अवलम्बन गरिएको छ।

तालिका २३: प्रभावको तह आँकलन गर्ने आधार

परिमाण			सीमा			समयावधि		
स्तर	अंक भार	अवस्था	स्तर	अंक भार	अवस्था	स्तर	अंक भार	अवस्था
उच्च	६०	प्रभाव न्यूनीकरणका उपायहरु अवलम्बन गर्न नसकिने	क्षेत्रीय	६०	यदि प्रभावको दायरा अप्रत्यक्ष प्रभाव क्षेत्रमा समेत फैलने हुँदा	दीर्घकालिन	२०	यदि प्रभाव, आयोना संचालन चरणको २० वर्ष भन्दा बढी समय सम्म रहने हुँदा
मध्यम	२०	प्रभाव न्यूनीकरणका उपायहरु अवलम्बन गर्दा प्रभाव हटाउन वा घटाउन सकिने	स्थानीय	२०	यदि प्रभावको दायरा प्रत्यक्ष क्षेत्रमा समेत फैलने हुँदा	मध्यम	१०	यदि प्रभाव, आयोना संचालन चरणको पहिलो वर्ष देखि २० वर्ष सम्म रहने हुँदा
निम्न	१०	वातावरणमा सामान्य प्रकृतिको प्रभाव रहने	स्थलगत	१०	यदि प्रभावको दायरा आयोजना पद चिन्हमा मात्र सिमित रहने हुँदा	अल्पकालिन	५	यदि प्रभाव आयोना निर्माण अवधि भित्र मात्र सिमित रहने हुँदा

श्रोतः वातावरण संरक्षण नियमावली, २०७७ को अनुसूची १२

तालिका २४: प्रभाव स्तर विश्लेषण आधार तालिका

विवरण (परिमाण, सीमा र समयावधि योगफल)	प्रभाव स्तर
६५ भन्दा माथि	अति सार्थक
४० देखि ६५ सम्म	सार्थक
४० भन्दा मुनि	नगण्य

श्रोतः तालिका १८ को आधारमा अध्ययन टोलीले तयार गरेको

३.९. मस्यौदा प्रतिवेदनको तयारी

माथि उल्लेखित विधिका माध्यमबाट आवश्यक तथ्यांकहरु संकलन तथा विश्लेषण गरि तथा नेपाल सरकार, वन तथा वातवरण मन्त्रालय (माननीय मन्त्रि स्तर) को निर्णयबाट मिति २०७८/१२/२४ गते स्वीकृत भएको क्षेत्र निर्धारण प्रतिवेदन तथा कार्यसूची प्रतिवेदनमा पहिचान गरि प्राथमिकीकरण गरिएका सवाल/प्रभावहरुको विश्लेषण गर्दै वातावरण संरक्षण ऐनको दफा ६ ले निर्दिष्ट गरे अनुरुप तथा वातावरण संरक्षण नियमावलीको नियम ७ अनुसारका सम्पूर्ण प्रक्रिया पुरा गरि वातावरण संरक्षण नियमावली, २०७७ अन्तर्गत अनुसूची १२ (नियम - ७ को उपनियम (५) को खण्ड (ग)) मा दिइएको ढाँचा अनुसार यो वातावरणीय प्रभाव मूल्याङ्कनको प्रतिवेदन तयार गरिएको हो।

३.१०. सार्वजनिक परामर्श, छलफल, अन्तरक्रिया र सुनुवाई

वातावरणीय प्रभाव मूल्याङ्कनको अध्ययनको विभिन्न चरणहरुमा आयोजना प्रभावित वडाका प्रतिनिधिहरूको रोहवरमा प्रभावित प्रत्येक वडा तथा वस्तीहरुमा सामुहिक छलफल मार्फत राय सुझाव लिईएको थियो। छलफल मुख्यतया आयोजना कार्यान्वयनबाट उत्पन्न हुन सक्ने सवालहरु, आयोजना क्षेत्रको विद्यमान वातावरणीय अवस्थामा केन्द्रित थियो। वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ को उप-दफा ५ ले वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा प्रस्तावका बारेमा सार्वजनिक सुनुवाई गर्नु पर्ने व्यवस्था बमोजिम वातावरण संरक्षण नियमावली, २०७७ नियम ६ को उप-नियम (१) अनुसार यस प्रतिवेदन तयारीको सिलसिलामा आयोजना प्रभावित क्षेत्रमा प्रस्तावको बारेमा सार्वजनिक सुनुवाईको आयोजना गरी राय सुझाव सङ्कलन गरिएको थियो। यो आयोजना ठुलो प्रकृतिको आयोजना भएकोले आयोजनाबाट प्रत्यक्ष प्रभावित प्रभावित १ वटा स्थानीय तहको २ नं. वडाका सबै बस्तीहरु समेटिने गरि ४ फरक स्थानहरुमा मिति २०७९ श्रावण ११, १३, १५ र १६ गतेका दिन सार्वजनिक सुनुवाईको आयोजना गरिएको थियो। सार्वजनिक सुनुवाई हुने स्थान, मिति र समयको जानकारी तथा प्रचारप्रसार गर्न संखुवासभा जिल्लाबाट प्रकाशित हुने **"संखुवासभा एक्सप्रेस साप्ताहिक"** पत्रिकामा मिति २०७९/०३/३० गते सूचना प्रकाशित गरिएको थियो। साथै विभिन्न अनलाइन पत्रिकाका माध्यमबाट समेत सुचना प्रवाह गरिएको थियो। यसका अलवा सूचनाको प्रचार प्रसार व्यापक गर्नका लागि आयोजना प्रभावित स्थानीय तहहरुको कार्यालय, जिल्ला स्थित प्रमुख कार्यालयहरु, सामुदायिक वन

उपभोक्ता समुहहरु र आयोजना क्षेत्रका सार्वजनिक स्थलमा समेत उक्त सूचना टाँस गरि सुचना टाँसको मुचुल्का संकलन गरिएको थियो। सार्वजनिक सुनुवाईमा उठेका महत्वपुर्ण सवालहरु टिपोट/माइन्युट गरिएको थियो र पुरै प्रस्तुतिको भिडियो रेकर्ड गरिएको थियो (सार्वजनिक सुनुवाई सम्बन्धि सम्पूर्ण विवरण अनुसूची ३ मा समाबेश गरिएको छ)। यसका अलावा जिल्ला स्थित सरोकारवालाहरुको राय सुझावहरु संकलनका लागि मिति २०८०/०१/०५ मंगलबार खादंबारी स्थित जिल्ला प्रशासन कार्यलयको सभा हलमा संखुवासभा जिल्लाका प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो। सो को विस्तृत विवरण समेत अनुसूची ३.४ सार्वजनिक सुनुवाईको विस्तृत विवरणमा दिईएको छ।

तालिका २५: सार्वजनिक सुनुवाईमा उपस्थितिको विवरण

क्र.स.	मिति	स्थान	संख्या		कूल संख्या
			पुरुष	महिला	
१.	२०७९ श्रावण ११ गते, बिहान १० बजे	भोटखोला गा.पा. वडा नं.-२, श्री बुद्ध आधारभूत विद्यालय, छुम्सुर	३५	१४	४९
२.	२०७९ श्रावण १३ गते, बिहान १० बजे	भोटखोला गा.पा. वडा नं.-२, श्री ज्योति प्राथमिक विधालय, रिदाक	४९	२८	७७
३.	२०७९ श्रावण १५ गते, बिहान १० बजे	भोटखोला गा.पा. वडा नं.-२ को वडा कार्यालय, च्याम्ताङ्ग	५६	२६	८२
४.	२०७९ श्रावण १६ गते, बिहान १० बजे	भोटखोला गा.पा. वडा नं.-२, अरुणोदय माध्यमिक विद्यालय, लिङ्गम	३७	८	४५
		जम्मा उपस्थिति संख्या	**१७७**	**७६**	**२५३**

(श्रोतः किमाथांका अरुण जलविद्युत आयोजना (४५४ मेगावाट) आयोजनाको वा.प्र.मू. स्थलगत अध्ययन, २०७९)

३.११. सार्वजनिक सूचना तथा सूचना सम्प्रेषण र सुझाव सङ्कलन

प्रस्ताव कार्यान्वयन गर्दा स्थानीय वातावरणमा पर्न सक्ने प्रभावका बारेमा सरोकारवालाहरुको लिखित राय सुझाव लिन मिति २०७९/०५/१४ गते सात (७) दिने सूचना मार्फत अनुरोध गरिएको थियो र उक्त सूचना प्रस्ताव कार्यान्वयन क्षेत्रका स्थानीय तहका कार्यालयहरु, विद्यालय लगायत सार्वजनिक स्थानहरू तथा संघसंस्थाहरूका सूचनापाटीमा टॉस गरी मुचूल्का सङ्कलन गरिएको थियो। तत् पश्चात सोही व्यहोराको सात (७) दिने सार्वजनिक सूचना **"गोरखापत्र राष्ट्रिय दैनिक"** पत्रिकामा मिति २०७९/०९/८ गते शुक्रबारका दिन प्रकाशित गरी प्रस्ताव कार्यान्वयन हुँदा स्थानीय वातावरणमा पर्न सक्ने प्रभावका बारेमा लिखित राय सुझाव दिन अनुरोध गरिएको थियो।

वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृतिका लागि पेश गर्दा सो प्रतिवेदनका साथ सम्बन्धित स्थानीय तह र सम्बन्धित विषयगत कार्यालयको सिफारिस समेत समावेश गर्नुपर्ने भनी वातावरण संरक्षण नियमावली, २०७७ को नियम ८ को उप-नियम (८) मा व्यवस्था भए बमोजिम सोहि नियमावलीको अनूसुची १४ मा दिईएको ढाँचामा प्रभावित स्थानीयतहहरू (भोटखोला गा.पा. र भोटखोला गा.पा. वडा नं.-२) बाट सिफारिस सङ्कलन गरि प्रतिवेदनमा समावेश गरिएको छ।

३.१२. सुझाव समावेश गरी अन्तिम प्रतिवेदनको तयारी

यो आयोजना केन्द्रीय स्तरको जलविद्युत आयोजना भएको हुँदा प्रचलित कानून बमोजिम संघको अधिकार क्षेत्र भित्र पर्ने विषयसंग सम्बन्धित छ। प्रस्तावित आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृतिका लागि वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ को उप-दफा २ (क) ले निर्दिस्ट गरे अनुरुप र वातावरण संरक्षण नियमावली, २०७७ को नियम (८) को उपनियम १ को बमोजिमको व्यवस्था अनुरुप प्रतिवेदन स्वीकृतिका लागि ऊर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय मार्फत कृषि, वन तथा पर्यावरण मन्त्रालयमा पेश गरिएको छ।

वातावरण संरक्षण नियमावली, २०७७ को नियम (८) को उपनियम ४ बमोजिम पेश गरिएको यस प्रतिवेदन माथि ऊर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालयले प्रतिवेदन माथि जाँचबुझ गर्ने अधिकार राख्द्छ र आफ्नो राय सहित कृषि, वन तथा पर्यावरण मन्त्रालयमा स्वीकृतिका सिफारिस गर्नेछ। त्यस्तै वातावरण संरक्षण ऐन को दफा ७ को उपदफा २ बमोजिम गठन भएको प्रतिवेदन जाँचबुझ समितिद्वारा सुझाएका सम्पूर्ण सुझावहरुको प्रकृति हेरी आवश्यकताका आधारमा प्रतिवेदन परिमार्जन गरि पेश गरिने छ। यसका अतिरिक्त वातावरण संरक्षण नियमावली, २०७७ को नियम ६ अनुरुप प्रतिवेदन माथी रायसुझाव दिन कृषि, वन तथा पर्यावरण मन्त्रालयद्वारा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचनाका आधारमा आएका सम्पूर्ण रायसुझावहरुलाई समेटी परिमार्जित वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन कृषि, वन तथा पर्यावरण मन्त्रालयमा पेश गरिनेछ।

परिच्छेद ४: प्रस्तावसँग सम्बन्धित नीति, कानून तथा मापदण्डहरु

आयोजना निर्माण तथा सञ्चालनमा सम्बन्ध राख्ने नेपाल सरकार द्वारा जारि गरिएका नीति, ऐन, नियम, निर्देशिका, वातावरणिय मापदण्डहरु, सन्धि सम्झौताहरु, संलग्न राष्ट्र भइ देशले हस्ताक्षर गरेका महासन्धिहरु लगायतका दस्तावेजहरु वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गर्ने सिलसिलामा पुनरावलोकन गरी ति सम्पुर्ण दस्तावेजहरुले आयोजना निर्माण तथा सञ्चालनमा के कस्तो प्रभाव पार्छ सो को पनि मूल्याङ्कन गरिएको छ। तल उल्लेखित नीति, ऐन, नियम, निर्देशिका, वातावरणिय मापदण्ड, सन्धि सम्झौताहरुको विस्तृत विवरण अनुसूची ४.१ मा दिइएको छ।

४.१ नेपालको संविधान

४.२ आवधिक योजना, नीति तथा रणनीति/कार्यनीति

१. पन्ध्रौं योजना, आर्थिक वर्ष २०७६/७७-२०८०/८१
   सोह्रौं योजना, आ.व. २०८१/८२-२०८५/८६
२. जलविद्युत विकास नीति, २०५८
३. भू-उपयोग नीति, २०७२
४. राष्ट्रिय जलवायू परिवर्तन नीति, २०७६
५. राष्ट्रिय वातावरण नीति, २०७६
६. वन क्षेत्र रणनीति, २०७३-२०८२
७. राष्ट्रिय वन नीति, २०७५
८. राष्ट्रिय सिमसार नीति, २०६९
९. जल उत्पन्न प्रकोप व्यवस्थापन नीति, २०७२
१०. राष्ट्रिय भूमि नीति, २०७५
११. राष्ट्रिय रोजगार नीति, २०७१
१२. पूर्वाधार विकास आयोजनाका लागि जग्गा प्राप्ति, पुनर्वास तथा पुर्नस्थापना सम्बन्धी नीति, २०७१
१३. राष्ट्रिय जलश्रोत नीति, २०७७
१४. फोहरमैला व्यवस्थापन राष्ट्रिय नीति,२०७९
१५. विपद जोखिम न्यूनीकरण राष्ट्रिय नीति,२०७५
१६. सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने सम्बन्धि कार्यनीति,२०७१

४.३ ऐन तथा नियमावली

क. ऐनहरु

१. जलचर संरक्षण ऐन, २०१७
२. बाल श्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६
३. विद्युत ऐन, २०४९

४. वातावरण संरक्षण ऐन, २०७६
५. विष्फोटक पदार्थ ऐन, २०१८
६. वन ऐन, २०७६
७. श्रम ऐन, २०७४
८. जग्गा प्राप्ति ऐन, २०३४
९. भूमि सम्बन्धि ऐन (आठौं संशोधन), २०७६
१०. भू-उपयोग ऐन, २०७६
११. स्थानीय सरकार संचालन ऐन, २०७४
१२. क्षतिपूर्ति ऐन, २०१९
१३. खानि तथा खनिज पदार्थ ऐन, २०४२
१४. जग्गा (नाप जाँच) ऐन, २०१९
१५. प्राचिन स्मारक संरक्षन ऐन, २०१३
१६. जन स्वास्थ्य सेवा ऐन, २०७५
१७. आदिवासी जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८
१८. विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४
१९. विरुवा संरक्षण ऐन, २०६४
२०. भू तथा जलाधार संरक्षण ऐन, २०३९
२१. फोहोरमैला व्यवस्थापन ऐन, २०६८
२२. जलश्रोत ऐन, २०४९
२३. योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४
२४. संकटापन्न वन्यजन्तु तथा वनस्पति अन्तराष्ट्रिय व्यापर नियन्त्रण ऐन, २०७३
२५. सामाजिक सुरक्षा ऐन, २०७५
२६. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
२७. विद्युत नियमन आयोग ऐन, २०७४
२८. राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९
२९. मुलुकी देवानी संहिता,२०७४
३०. रोजगारीको हक सम्बन्धि ऐन, २०७५
३१. मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन,२०७४

ख. नियमावलीहरु

१. बाल श्रम (निषेध र नियमित गर्ने) नियमावली, २०६२
२. योगदानमा आधारित सामाजिक सुरक्षा नियमावली, २०७५
३. विद्युत नियमावली, २०५०
४. वातावरण संरक्षण नियमावली, २०७७
५. संकटापन्न वन्यजन्तु तथा वनस्पति अन्तराष्ट्रिय व्यापार नियन्त्रण नियमावली,२०७६

६. वन नियमावली, २०७९
७. श्रम नियमावली, २०७५
८. फोहोरमैला व्यवस्थापन नियमावली, २०७०
९. जलश्रोत नियमावली, २०५०
१०. ओजोन तहलाई नष्ट गर्ने पदार्थ उपभोग (नियन्त्रण) नियमावली, २०५७
११. खानी तथा खनिज पदार्थ नियमावली, २०५६
१२. जग्गा (नाप जाँच) नियमावली, २०५८
१३. जलचर (ठेक) नियम, २०१९
१४. विरुवा संरक्षण नियमावली, २०६६
१५. भू तथा जलाधार संरक्षण नियमावली, २०४२
१६. भू-उपयोग नियमावली, २०७९
१७. भूमि सम्बन्धी नियमहरु, २०२१
१८. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६
१९. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग नियमावली, २०७६
२०. विष्फोटक पदार्थ नियमावली, २०२०
२१. विद्युत नियमन आयोग नियमावली, २०७५
२२. राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३०
२३. हिमाली राष्ट्रिय निकुन्ज नियमावली, २०३६
२४. रोजगारीको हक सम्बन्धि नियमावली, २०७५

४.४ मापदण्ड, निर्देशिका, कार्यविधि तथा दिग्दर्शन

क. मापदण्डहरु

१. वायुको गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड, २०६९
२. ध्वनिको गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड, २०६९ (क्षेत्रगत र घरेलु उपकरण सहित)
३. नेपाल सवारी प्रदुषण मापदण्ड, २०६९
४. डिजेल जेनेरेटरबाट निष्काशन भई हावामा जाने धुँवाका लागि उत्सर्जन सिमा, २०६९
५. राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड, २०७९
६. सिमेन्ट र क्रसर उद्योगबाट निष्काशन भई हावामा जाने धुलो सम्बन्धी मापदण्ड, २०६९
७. सरकारी रुख हटाउने सम्बन्धि मापदण्ड, २०७१
८. सार्वजनिक प्रकृतिको जग्गा प्रयोग गर्न उपलब्ध गराउने सम्बन्धि मापदण्ड, २०७७

ख. निर्देशिका तथा कार्यविधिहरु

१. वन पैदावार (काठ/दाउरा) संकलन तथा बिक्री-वितरण निर्देशिका, २०७३
२. सामुदायिक वनको निर्देशिका, २०५२
३. सामुदायिक वनको काठ/दाउरा सङ्कलन तथा बिक्री वितरण निर्देशिका, २०७१
४. Community Forest Inventory Guidelines, २०६२

५. वातावरण व्यवस्थापन निर्देशिका (सडक), २०५४
६. Hydropower Environmental Impact Assessment Manual, 2018 AD
७. Manual for Addressing Gender Issues in EIA/IEE for Hydropower Projects, 2062 BS
८. DOED Manuals for Preparing EIA Documents for Hydroelectric Projects, 2001 AD
९. जलविद्युत आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कनका लागि सार्वजनिक सुनुवाई कार्यविधि, २०६१
१०. जलविद्युत आयोजनाहरुमा वातावरणीय व्यवस्थापन योजना तयारी सम्बन्धी कार्यविधि, २०५९
११. राष्ट्रिय वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका, २०५०
१२. जग्गाको हदबन्दी छुट दिने सम्बन्धि आदेश, २०७४
१३. वन्यजन्तुमैत्री पूर्वाधार निर्माण निर्देशिका,२०७८
१४. संरक्षित क्षेत्रमा पूर्वाधार निर्माणको लागि जग्गा उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८०

४.५ अन्तर्राष्ट्रिय सन्धि सम्झौता

१. Nagoya Protocol on Access to Genetic Resources and the Fair and Equitable Sharing of Benefits Arising from their Utilization, 2075
२. संयुक्त राष्ट्रसंघीय मरुभूमिकरण नियन्त्रण सम्बन्धी महासन्धीको पक्ष राष्ट्रहरुको महासभामा हस्ताक्षर गरेको घोषणा पत्र
३. जलवायु परिवर्तन सम्बन्धि संयुक्त राष्ट्रसंघीय संरचना महासन्धि, १९९२
४. जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघीय संरचना महासन्धीको क्योटो प्रोटोकल, १९९७
५. संकटापन्न वन्यजन्तु तथा वनस्पति अन्तराष्ट्रिय व्यापर नियन्त्रण गर्ने सम्बन्धि महासन्धी, १९७३
६. आदिवासी तथा जनजाती सम्बन्धी महासन्धी, १९८९
७. जैविक विविधता सम्बन्धी महासन्धी, १९९२
८. बासेल महासन्धी, १९८९
९. विरुवा संरक्षण महासन्धी, १९५१
१०. क्रमिकरुपमा वृद्धि भइरहने स्थायी प्रकृतिका प्रदुषकहरु सम्बन्धि स्टकहोम महासन्धी, २००१
११. रामसार महासन्धी, २०७१
१२. बाध्यकारी श्रम सम्बन्धि महासन्धि, नं. २९ (१९३०), समान पारिश्रमिक सम्बन्धि महासन्धि, नं १०० (१९५१), निकृष्ट प्रकारको बालश्रम उन्मुलन सम्बन्धि महासन्धि, नं. १८२,१९९९

परिच्छेद ५: विद्यमान वातावरणीय अवस्था

यस परिच्छेदमा विभिन्न वातावरणीय अवयवहरुको विद्यमान अवस्थाको मुख्य मुख्य जानकारीलाई समेटिएको छ। विद्यमान वातावरणीय अवस्थाको विस्तृत विवरण, तालिका र चित्रहरु सहितको प्रतिवेदन **अनुसूची ५** मा समावेश गरिएको छ।

(क) भौतिक वातावरण

क.१) भौगोलिक, धरातलीय अवस्था र भू-उपयोग

नेपालको क्षेत्रीय प्राकृतिक भूगोलमा, प्रस्तावित आयोजना क्षेत्र पूर्वी नेपालको उच्च भूमि क्षेत्र (highland zone) मा अवस्थित छ। आयोजना क्षेत्र हिमालयको विशिष्ट पहाडी भू-भागमा अवस्थित छ जहाँ प्रायः चट्टान इलाका, अति भिरालो पर्वत श्रेणीहरु, साँघुरो ठाडो नदी उपत्यका र उपत्यकामा न्यून भिरालो (हल्का झुकाव भएको) भू-बनोट सहितको पहाडी भू-भागहरू रहेका छन्। आयोजनाको हेडवर्क्स क्षेत्रको विशेषता अग्लो हिमालहरुमा हिउँले ढाकिएको चुचुराहरू, हिमनदी र तिनको भण्डारणहरू र ठाडो ढलान भएका गहिरा उपत्यकाहरू आदि हुन्। भौगोलिक रुपमा विषम प्रस्तावित आयोजना क्षेत्रको अधिकतम र न्युनतम उचाई क्रमशः ३८५० मि. र १६५० मि. छ भने आयोजना क्षेत्रको प्राय स्थानहरुमा जमिनको भिरालोपन/झुकाव ६० डिग्री भन्दा अधिक छ। अरुण नदी उपत्यका संरचनात्मक रुपमा foliation र joints द्वारा नियन्त्रित छ। आधारचट्टान (Bedrock) २५-३५ डिग्रीमा तल्लो तटीय क्षेत्रतर्फ झुकेको छ। हेडवर्क्स र विधुतगृह क्षेत्रमा नदी foliation को strike को पार (across) बग्दछ। आयोजना क्षेत्रमा नदीद्वारा बनेको क्षयीकरणीय (erosional) र भण्डारण (depositional) किनारहरू स्पष्ट देखिन्छ। यस क्षेत्रमा प्राय ठाडो पहराहरू र कटकहरू (ridges) देखिन्छन्। आधारचट्टान प्राय हेडवर्क्स क्षेत्र (दुवै किनार) मा देखिन्छ। विद्युतगृह क्षेत्रमा ठुला ढुंगाहरू मिसिएका मिश्रित colluvium भण्डारण र आधारचट्टानको खण्डहरु देखिन्छ। आयोजना क्षेत्रमा, अरुण नदी र यसको सहायक नदीहरूद्वारा निर्मित कान्लाहरु (terraces) देखिन्छ।

प्रस्तावित आयोजनाको लागि अनुमतिपत्रप्राप्त सीमाक्षेत्र (License boundary) भित्र पर्ने क्षेत्र अन्तर्गत अरुण नदीको तटीय क्षेत्रमा जमिनको भिरालोपन प्राय ३०-६० डिग्री छ भने नदी उपत्यकाको माथिल्लो क्षेत्र/डाँडा र बस्ती रहेका क्षेत्रमा प्राय १५-३० डिग्री छ। छुम्सुर गाउँ नजिक प्रस्तावित बाँध क्षेत्र वरपर जमिनको भिरालोपन ३०-६० डिग्री छ तर बाँधस्थल भने नदीको तटमा बन्ने भएकाले बाँधस्थलको भिरालोपन करिब ३०-४० डिग्री छ। छुम्सुर गाउँको उत्तरतर्फ नदीको दुबै किनार र च्याम्तांङ्ग गाउँको उत्तरतर्फ नदीको दाँया किनार लगायत केही स्थानमा भिरालोपन ६० डिग्री भन्दा माथि भएता पनि ती स्थानहरुमा आयोजना संरचना रहने छैनन्। शिविर क्षेत्र लगायत आयोजना सम्वद्ध सुविधाहरु कम भिरालो (१५-३० डिग्री भिरालोपन भएका) क्षेत्रमा अवस्थित हुनेछ भने विद्युतगृह लगायत आयोजनाका प्रमुख संरचनाहरु प्राय

भूमिगत हुनेछन्। स्विचयार्ड क्षेत्र तुलनात्मक रूपमा कम भिरालो (१५-३० डिग्री भिरालोपन भएको) क्षेत्रमा अवस्थित हुनेछ।

प्रस्तावित आयोजना क्षेत्र भोटखोला गाउँपालिकाको वडा न. २ मा अवस्थित छ। भोटखोला गाउँपालिकाको कुल जमिन क्षेत्रफल ७३१२७.४३ हे. रहेको छ। भोटखोला गाउँपालिकाको भू-उपयोग अन्तर्गत कृषि क्षेत्र (४.८%), बाँझो जमिन (४२.५%), वन क्षेत्र (२७.८%) र घाँसे मैदान (४.८%) पर्दछन्। आयोजनाको संरचनाले प्रायः वन क्षेत्रको जग्गा र झाडी क्षेत्रलाई प्रभावित गर्नेछ भने पहुँच सडक र शिविर क्षेत्रले स्थायी वा अस्थायी रुपमा कृषि योग्य जमिनलाई असर गर्न सक्दछ। आयोजना निर्माण र संचालनका कारण निम्तिन सक्ने भू-उपयोगमा रुपान्तरणको प्रभाव एक दीर्घकालीन वातावरणीय र सामाजिक महत्वको मुद्दा हो। आयोजनाको संरचनाले ओगट्ने जग्गाको भू-उपयोग हेर्दा मुख्यतः खेतीयोग्य निजीजमिन, भिरालो पाखो, खेती गरिएको सरकारी जमिन, वन बुट्यान, नदीको क्षेत्र र सिँचाई कुलोले ओगटेको क्षेत्र रहेको देखिन्छ।

तालिका २६: आयोजनाको मुख्य संरचना रहने क्षेत्रको भू-उपयोग

भू-उपयोग	क्षेत्रफल (हेक्टर)	प्रतिशत (%)
खेती/निजी	६८.०९	४०.३५
भिरालो पाखो	५.६२	३.३३
सरकारी/खेती	०.४५	०.२७
वन बुट्यान	७३.१८	४३.३७
नदी	१९.९६	११.८३
सिँचाई कुलो	१.४३	०.८५
जम्मा	**१६८.७३**	**१००.००**

क.२) जलवायु (बर्षात, तापक्रम, आद्रता र वायुको दिशा)

अरुण जलाधार क्षेत्रको जलवायु प्रणालीमा दक्षिणपश्चिमी मनसुन (Southwestern monsoon) को उल्लेख्य प्रभाव देखिन्छ। मनसुनी गतिविधिका कारण मध्य-जून देखि सेप्टेम्बरको अन्त्यसम्म उल्लेख्य वर्षा हुन्छ भने अप्रिल, मे र अक्टुबरमा पनि यथेष्ट वर्षा हुन्छ। आयोजना क्षेत्रमा वायु तापक्रम जनवरीमा न्युनतम र जुलाईमा अधिकतम हुन्छ। यस क्षेत्रमा हिउँदे वर्षा छिटपुट हुन्छ भने उच्च भेगमा प्राय हिमपात हुने गर्दछ। जनवरीको अन्त्य देखि मेसम्म प्रस्तावित आयोजना क्षेत्र क्रमिक रूपले न्यानो हुँदै जान्छ र प्राय मध्य-जुलाईमा, मनसुनको सुरुवात अघि तापक्रम उच्चतम बिन्दुमा पुग्ने गर्दछ। प्रस्तावित आयोजना अवस्थित अरुण जलाधार क्षेत्रको प्राय क्षेत्रफल चीनमा अवस्थित छ। प्रस्तावित बाँधस्थलबाट करिब १२.०७ कि.मि. तल्लो तटीय क्षेत्रमा अवस्थित जल तथा मौसम विज्ञान विभागद्वारा स्थापित र संचालित वर्षामापन केन्द्र चेपुवा स्टेशन (स्टेशन नं. १३१७) को वर्षा अभिलेख अनुसार औसत मासिक वायुमण्डलीय तापक्रम जनवरीमा सबै भन्दा कम (८.८ डिग्री सेल्सियस) हुन्छ भने अगस्टमा २१.३ डिग्री

सेल्सियससम्म पुग्छ। त्यसैगरी न्यूनतम तापक्रम जनवरीमा ३.६६ डिग्री सेल्सियस र अधिकतम तापक्रम अगस्टमा २५.०३ डिग्री सेल्सियस हुन्छ।

क.३) जल तथा जलाधार क्षेत्र (नदी, अन्य जलस्रोत, बाढी, हिमताल विष्फोटको अवस्था)

नेपालको उत्तरपूर्वी भू-भाग र तिब्बतको दक्षिण भू-भागमा अरुण नदीको किनारमा अवस्थित अरुण जलाधार सप्तकोशी जलाधार अन्तर्गत पर्दछ। अरुण जलाधार एक अन्तर देशीय जलाधार हो। आयोजनाको हेडवर्क्स स्थलसम्मको जलाधारको प्राय जलग्रहण क्षेत्र (catchment area) चीनमा अवस्थित छ भने ०.१% भन्दा कम क्षेत्रफल मात्र नेपालमा पर्दछ। भौगोलिक रुपमा अरुण जलाधारको जलग्रहण क्षेत्र अक्षांश २७°२९′२८″-२९°७′५६″ र देशान्तर ८५°४४′१८″-८८°५७′५४″ बीचमा अवस्थित छ। यो जलाधार क्षेत्र समुद्री सतहबाट ८७१ मि. (उवा गाउँ स्थित जलनिकास बिन्दु/outlet) देखि ८,४६५ मि. सम्म फैलिएको छ। उवा गाउँ स्थित जलनिकास बिन्दुमा अरुण जलाधारको जलाधार क्षेत्रफल २६,१३२.७९ वर्ग कि.मि. छ र किमाथांका जलनिकास बिन्दु (आयोजना क्षेत्र) मा २४,८३५.५८ वर्ग कि.मि. छ।

क.४) जलप्रवाह सम्बन्धी विवरण

आयोजना क्षेत्र नजिकै गेज स्टेशन (gauge station) स्थापना गरी स्टाफ गेज (staff gauge) र स्वचालित पानी स्तर सेन्सर (automatic water level sensor) द्वारा निरन्तर अरुण नदीको जलस्तर तथ्यांक अभिलेखन गरिंदै आएको छ। जनवरी २०१८ मा आयोजना क्षेत्रको हेडवर्क्स क्षेत्रको तल्लो तटमा ४ वटा १ मीटर उचाइका स्टाफ गेजका स्थापना गरिएका थिए। दैनिक पानी स्तरहरू सो स्थानमा लगातार २४ महिनाको अवधिका लागि अभिलेखन गरिएको थियो। आयोजना क्षेत्रको दुर्गमता र तथ्यांकको महत्त्वलाई मध्यनजर गर्दै जुलाई २०१८ मा हेडवर्क्स क्षेत्रको तल्लो तटमा एक स्वचालित जल स्तर मापन सेन्सर पनि स्थापित गरिएको थियो। आयोजना क्षेत्रमा अरुण नदीको अनुमानित औसत मासिक प्रवाह र मापन गरिएको मासिक प्रवाहको तुलनात्मक विश्लेषण निम्न चित्रमा देखाइएको छ। आयोजना क्षेत्रमा अरुण नदीको गेज स्टेशन मापनबाट औसत वार्षिक प्रवाह १९१.४ घनमिटर प्रति सेकेन्ड अभिलेख गरिएको छ भने दीर्घकालीन औसत वार्षिक प्रवाह १९८.१२ घनमिटर प्रति सेकेन्ड निर्धारण गरिएको छ। आयोजनाका लागि डिजाइन प्रवाह (Design discharge) १४३ घनमिटर प्रति सेकेन्ड निर्धारण गरिएको छ जुन अरुण नदीको Dependable flow को ३८% हो।

क.५) सम्भावित अधिकतम बाढी प्रवाह (Probable Maximum Flood, PMF)

सम्भावित अधिकतम बाढीको अनुमानका लागि SWAT मोडल प्रयोग गरी १५ अगष्ट १९९९ देखि १५ सेप्टेम्बर १९९९ सम्मको अवधिमा ३ दिन (२६,२७ र २८ अगष्ट १९९९) मा अभिलेखन गरिएको तथ्यांक विश्लेषण गरिएको थियो। उवा गाउँ (स्टेशन नं. ६००.१) मा २७ अगष्ट १९९९ मा अभिलेखन गरिएको अवधिकै उच्चतम नदी प्रवाह अभिलेख भएको थियो जब अन्य मौसमी तथ्यांक र प्राचलहरु साधारणतया मापन भएकै दायरामा थिए। हेडवर्क्स क्षेत्र र टेलरेस क्षेत्रमा अधिकतम दैनिक आउटपुट हाइड्रोग्राफहरूको उच्चतम बिन्दु (Peak) क्रमशः

२,८४३ घनमिटर प्रति सेकेन्ड र ३,७९८ घनमिटर प्रति सेकेन्ड अनुमान गरिएको छ। तुर्कीघाट स्टेशन (स्टेशन नं. ६०४.५) को तथ्यांकलाई पनि दृष्टिगत गर्दा हेडवर्क्स क्षेत्र र टेलरेस क्षेत्रको सम्भावित अधिकतम बाढी (PMF) क्रमशः ६,६५२ घनमिटर प्रति सेकेन्ड र ८,८८७ घनमिटर प्रति सेकेन्ड हुने अनुमान गरिएको छ।

क.६) आयोजना क्षेत्रको भूगर्भ (Geology of Project Area)

भौगर्भिक दृष्टिकोणले प्रस्तावित आयोजना क्षेत्र अरुण नदी उपत्यकामा फैलिएको अरुण टेक्टोनिक विन्डो (Arun tectonic window) अन्तर्गत लेसर हिमालयन नाइस (Lesser Himalayan Gneisses) मा अवस्थित छ। सो विन्डोमा marble, garnet biotite gneiss, augen gneiss, schist, banded gneiss, quartzite जस्ता लेसर हिमालय क्षेत्रको परिवर्तित (metamorphic) चट्टानहरु पाइन्छ। यी चट्टानहरू मुख्यतया बाक्लोदेखि धेरै बाक्लो पत्र (foliation) भएका, बिरलै मात्र पातलो पत्र भएका छन् र मध्यम बलियोदेखि बलियो छन्। आयोजनाको अवयवहरु अवस्थित हुने स्थानहरूका भिन्न भौगर्भिक खण्डहरुमा मुख्यतया banded gneiss-augen gneiss तथा schistose gneiss (schist तथा amphibolite का साना अंश र local fault, shear/weak zones, lineaments सहित) छन्। समग्रमा चट्टानहरुको foliation दक्षिणपूर्वतर्फ छ र झुकाव (dip) न्युन (साधारणतया २५ डिग्री, केहि स्थानहरुमा २०-३५ डिग्री) छ तथा साधारणतया आयोजना क्षेत्रमा four-set वा three-set plus random joints हरु रहेको देखिन्छ। पाँगो माटो (alluvium), मिश्रौण (colluvium), तथा अवशिष्ट (residual) माटोहरू आयोजना क्षेत्रमा पाइने मुख्य माटोका प्रकारहरू हुन्। Alluvium deposit मुख्य रुपमा अरुण नदीको किनारमा (बाँधस्थल वरिपरि अनुमानित ४० देखि ६५ मि. सम्म बाक्लो) र न्युन मात्रामा अरुण नदीको सहायक नदीहरुमा सिमित छ। आयोजनाको जलाशय क्षेत्र र हेडवर्क्स क्षेत्रमा प्राय augen gneiss र ortho gneiss संग सम्बद्ध banded gneiss पाईन्छ। **प्रस्तावित आयोजनाका मुख्य संरचना/अवयव निर्माण हुने क्षेत्रहरुको भौगर्भिक अवस्था निम्नानुसार पाइएको छः**

कफर बाँध : दुवै किनारतर्फ banded र augen gneiss कोआधारचट्टान उजागर भएका, alluvial deposit भएका स्थानहरुमा कफर बाँधहरु (बाँध अक्षको माथिल्लो तटीय क्षेत्रमा एउटा तथा बाँध अक्षको तल्लो तटीय क्षेत्रमा अर्को) आधारित हुनेछन्। नदी तटमा ४० देखि ६५ मि. बाक्लो, ठुला ढुंगा (boulder) र silty sand ले बनेको alluvial deposit पाइएको छ। कफर बाँध निर्माण स्थलका चट्टान हालसालै ऋतुक्षय (weather) भएको देखि हल्का ऋतुक्षय भएको, बाक्लो देखि धेरै बाक्लो foliated भएको, खरानी रंगको, खस्रो गिर्खा भएको (coarse-grained) र बलियो देखि धेरै बलियो पाइयो। चट्टानको गुणस्तर निम्न देखि उत्तम (poor to fair) कोटीको पाइएको छ। foliation plane को general attitude १३०°/२५°-३५° (dip direction/dip amount) रहेको छ र नदी foliation को strike को लगभग perpendicular बग्दछ।

डाईभर्जन सुरुंग : डाईभर्जन सुरुंग banded तथा augen gneiss को क्रम (sequence) हुँदै उत्खनन गरिनेछ (उल्लेखित दुई चट्टान एकाइहरूबीच sharp lithographic contact छैन)। foliation

plane को general attitude १२०°-१३०°/२०°-२५° रहेको छ। Foliation को strike लाई सुरुंग उत्खननका लागि अनुकुल मानिन्छ। चट्टान (rock mass) को गुणस्तर उत्तमदेखि अति निम्न (fair to very poor) कोटीको पाइएको छ। इन्लेट पोर्टलमा आधारचट्टान स्पष्ट उजागर भएको पाईयो भने र आउटलेट पोर्टलमा deposit को पातलो आवरण पाइयो। पोर्टल क्षेत्रमा हालसालै ऋतुक्षय भएको देखि हल्का ऋतुक्षय भएको ,खरानी रंगको, foliation भएको, मध्यम गिर्खा भएको (medium grained) ,बलियो देखि मध्यम बलियो banded gneiss संग सम्बद्ध augen gneiss पाइयो।

बाँध : चीन-नेपाल सिमानाबाट करिब ३ कि.मि. तल्लो तटीय क्षेत्रमा अवस्थित अरुण नदीको सिधा खण्डमा प्रस्ताव गरिएको बाँधस्थलमा नदीको झुकाव/प्रवणता (gradient) २.४% र प्रवाह करिब २८८ घनमिटर प्रति सेकेन्ड छ। "U" आकारको नदी उपत्यकामा ४०-६५ मि. बाक्लो deposit नदीको तटमा जम्मा भएको पाईन्छ। चट्टानहरू हालसालै ऋतुक्षय भएको देखि हल्का ऋतुक्षय भएको, साथै कतै मध्यम ऋतुक्षय भएको, मध्यम देखि बाक्लो foliated, हल्का खरानी रंगको, मध्यम चर्केको (fractured) र मध्यम बलियो भएको पाईन्छ। foliation plane को general attitude १३०°/३५° रहेको र foliation तल्लो तटीय दिशातर्फ २५-३०° कोणमा dip भएको पाइयो। बाँध क्षेत्रमा Three plus random joint sets र चट्टान (rock mass) को गुणस्तर निम्न कोटीको पाइयो।

हेडरेस सुरुंग : अरुण नदीको दाँया किनारमा प्रस्तावित हेडरेस सुरुंग (HRT) ले हालसालै ऋतुक्षय भएको देखि हल्का ऋतुक्षय भएको, पातलो देखि बाक्लो foliated, खरानी रंगको, joint को तीन सेट भएको र बलियो banded र augen gneiss पार गर्नेछ। सो gneiss हरुमा schist र amphibolite चट्टानको पातलो band हरु पनि समावेश भएको पाईएको छ। सुरुंगको मार्गरिखाको मुख्य खण्ड foliation plane को strike संग छड्के (oblique) भएको र केहि खण्डहरु भने समानान्तर भएकाले orientation को आधारमा सुरुंग उत्खनन अनुकुल देखिन्छ। सुरुंगको मार्गरिखामा Three plus random joint sets छ भने चट्टानको गुणस्तर मार्गरिखाको ५५% खण्डमा उत्तम (fair), ३२% खण्डमा निम्न (poor) र १३% खण्डमा अति निम्न (extremely poor) कोटीको पाइएको छ। छुम्सुर देखि च्याम्तांगसम्म सुरुंगले पाँच वटा खोल्साहरु (सुख्खा मौसममा करिब शुन्य वा न्युन प्रवाह हुने गर्छ भने वर्खा याममा उल्लेखनीय प्रवाह हुने) पार गर्ने हुनाले उत्खननका क्रममा ती स्थानहरुमा Water ingress अपेक्षाकृत छ। कुनै-कुनै खण्डमा HRT ले shear/weak planes (१०-२० से.मि. मोटाई भएको) पार गर्दछ। HRT को अधिकतम र न्युनतम overburden क्रमशः ९६७ मि. र १८० मि. रहेको छ भने सुरुंगमा सम्भावित stress-induced समस्या तथा water ingress न्यूनीकरण गर्न २५० मि. को न्युनतम lateral cover कायम गरिएको छ।

सर्ज शाफ्ट : सर्ज शाफ्ट च्याम्तांग फेदीको schistose gneiss मा अवस्थित हुनेछ। सो क्षेत्रमा चट्टान थोरै ऋतुक्षय भएको, बाक्लो foliated भएको, मध्यम गिर्खा भएको (medium grained),

खरानी रंगको, जोड भएको (jointed) र मध्यम बलियो देखि बलियो, three-plus random joint sets भएको schistose gneiss पाइयो। सो क्षेत्रमा foliation plane को general attitude १३२°/२७°, निम्न (poor) कोटीको चट्टान र भूमिगत जलस्तर (groundwater table) ३२.५ मि. गहिराईमा भेटिएको छ।

विद्युतगृह परिसर : पहुँच सुरुंग, विद्युतगृह क्याभर्न, GIS सहित ट्रान्सफर्मर क्याभर्न, प्रेसर शाफ्ट, केवल सुरुंग लगायत विद्युतगृह परिसरका संरचना भूमिगत हुनेछन्। विद्युतगृह क्षेत्रको सतहमा प्रधानतः schistose gneiss चट्टान पाइएको भएता पनि सो क्षेत्रमा foliation को न्यून कोणको झुकाव (dip) का कारण विद्युतगृह तथा ट्रान्सफर्मर क्याभर्नहरु banded तथा augen gneiss चट्टानमा पर्ने आंकलन गरिएको छ। सो क्षेत्रमा थोरै ऋतुक्षय भएको, मध्यम देखि बाक्लो foliated, मध्यम गिर्खा भएको (medium grained), गाढा खरानी रंगको, fracture, microfold भएको र कतैकतै sheared, crenulated र jointed भएको बलियो banded gneiss रहेको पाइयो। foliation plane को general attitude १३२°/२७° रहेको छ भने चट्टान (rock mass) मा Three plus random र थप joint sets छन्। विद्युतगृह परिसरमा चट्टानको गुणस्तर धेरै निम्न देखि निम्न (very poor to poor) कोटीको पाइएको छ। विद्युतगृह र ट्रान्सफर्मर क्याभर्नहरुको तुलनामा major discontinuity plane छड्के (oblique) हुने गरी उन्मुख (orient) भएको देखिन्छ। विद्युतगृह क्षेत्रमा केहि पानीका मुलहरु, vertical joints र चिस्यान क्षेत्र पाइएकाले क्याभर्न उत्खननका क्रममा पानी रसाउने समस्या (seepage) को सम्भावना देखिन्छ। stress-induced effect, ऋतुक्षयीकरण (weathering) तथा seepage न्यूनीकरणका लागि विद्युतगृह क्याभर्न भू-सतहभन्दा करिब ३४० मि. मुनि र पहाड/चट्टानको आवरण (cover) भन्दा करिब ३०० मि. laterally भित्र अवस्थित हुनेछ।

टेलरेस सुरुंग : टेलरेस सुरुंग बन्ने क्षेत्रमा colluvial र alluvial माटोको बाक्लो पत्रले छोपिएको हल्का देखि मध्यम ऋतुक्षय भएको, राम्रोसंग foliated, खरानी रंगको, मध्यम देखि उच्च jointed, मध्यम बलियो schistose gneiss छ। सुरुंगको प्रस्तावित मार्गरिखामा १५ देखि ३९ मि. बाक्लो deposit हरु पाइएको छ, foliation plane को general attitude १२९°/२४° छ भने चट्टानको गुणस्तर निकै निम्न देखि निम्न (very poor to poor) कोटीको छ। भूमिगत जलस्तर १० देखि १४ मि. गहिराईमा भेटिएको कारण उत्खननको क्रममा seepage को समस्या आउन सक्छ।

<u>क.७) पहिरो तथा भू-स्खलनः</u> पहिरो तथा भूस्खलनको जोखिम आयोजना क्षेत्रको एक प्रमुख भौगोलिक तथा भौगर्भिक चुनौती हुनसक्छ। पहिरोजन्य संवेदनशीलता सुचांक (Landslide Susceptibility Index, LSI) निर्धारणका लागि ८ कारकहरुको प्रयोग गरिएको थियोः ढलानको भिरालोपन (slope angle), ढलानको अभिमुखता (slope aspect), भू-गर्भ, ढलानको आकार (slope shape), खोलाको सामिप्य (stream proximity), stream power index र भू-उपयोग। पहिरोजन्य संवेदनशीलताको मुल्यांकन र नक्सांकनका आधारमा आयोजना क्षेत्रको १०%

क्षेत्रफल अति उच्च संवेदनशील, २०% क्षेत्रफल उच्च संवेदनशील, ३०% क्षेत्रफल मध्यम संवेदनशील र ४०% क्षेत्रफल न्युन संवेदनशील क्षेत्रका रुपमा वर्गीकृत गरिएको छ। आयोजना क्षेत्रमा सक्रिय पहिरो भएका र पहिरोको जोखिमयुक्त स्थानहरुमा पहिरो जोखिम व्यवस्थापन कार्यहरु आवश्यक छ।

क.८) भूकम्पीय जोखिम मुल्यांकनः ४९५० वर्ष अवधिको Uniform Hazard Spectra (UHS) सम्बद्ध जमिनको गति (ground motion) लाई Safety Evaluation Earthquake (SEE) को डिजाइन मापदण्डको रूपमा चयन गरिएको छ। यस event को लागि Peak Ground Acceleration (PGA) करिब ०.८० g निर्धारण गरिएको छ। डिजाइनमा Operation Basis Earthquake (OBE) को प्रतिनिधित्वका लागि १४५ वर्षे पुनरागमन अवधि (145-year return period) भएको ground motion चयन गरिएको छ, जसको PGA लगभग ०.१८ g हुन्छ। मुलतः प्रस्तावित जलाशयको गहिराईका कारण ३.५१ magnitude को जलाशय-जनित भूकम्पीय जोखिम (Reservoir Induced Seismicity, RIS) को सम्भावना देखिन्छ। ICOLD (२०११) द्वारा सिफारिश गरिएको RTE को अधिकतम magnitude ६.३ हो। यो magnitude १५० वर्ष को पुनरागमन अवधि भएको भूकम्पीय घटना (जुन OBE हो) संग सम्बद्ध magnitude को दायरा भन्दा कम छ। RIS को घटना घटेको खण्डमा उत्पन्न हुने जमिनको गति सिफारिश गरिएको डिजाइन भूकम्पीय घटनाहरु (recommended design seismic events) भन्दा न्यून हुने भएकाले प्रस्तावित आयोजनाको जलाशयले जलाशय-जनित भूकम्पीय जोखिम निम्त्याउदैन।

क.९) जलाशयको किनारको स्थिरता (Reservoir Rim Slope Stability) : भौगर्भिक नक्सांकन र भू-प्राविधिक परिक्षण अनुसार केहि पहिरो-सम्भावित स्थलहरु पाइएको छ - बाँध अक्षबाट करिब ३०० मि. तथा ८०० मि. उपल्लो तटीय क्षेत्रमा दाँया किनारतर्फ रहेका एक एक वटा ठूला gully हरुले गेग्रानको वहाव तथा बाँधको स्थिरतालाई प्रभावित गर्न सक्छ। ती gully हरुले नदीमा थुपारेको अवशेष करिब १० मि. बाक्लो छ र सोको फेंद कटान र क्षय नियन्त्रणका लागि वैज्ञानिक जलाधार व्यवस्थापन आवश्यक छ। नदीको करिब २५० मि. खण्डमा भएको अस्थिरताका हिसाबले संवेदनशील overburden deposit को drawdown analysis गरिएको छ। पहिरो-सम्भावित स्थलहरु बाहेक जलाशयको साधारणतया साँघुरो उपत्यकाको दुबै किनारतर्फका भिरालो ढलानहरुमा पनि चट्टान खस्ने लगायत भू-स्खलनको सम्भावना देखिन्छ। जलाशयको भरण र जलनिकासको क्रममा हाल स्थिर देखिएका ढलानहरुको विद्यमान स्थिरताको परिदृश्य पनि बदलिन सक्छ। प्राय सबै खोल्साहरुले अरुण नदीसंगको दोभानहरुमा ठुलो परिमाणसहित debris fan बनाएको देखिन्छ जसबाट खोल्साहरुको पानीढलोहरुमा सानादेखि मध्यम स्तरका पहिरोहरु रहेको संकेत पाइन्छ। नदीको दाँया किनारको overburden deposit जलाशयको भरण र जलनिकासका कारण सक्रिय हुन सक्छ भने बाँया किनारमा चट्टानको गतिशिल अस्थिरता (kinematic instability) को सम्भावना देखिन्छ।

क.१०) गेग्रानको अध्ययन (Sedimentology): सन् २०१८ देखि आयोजना क्षेत्रको अरुण नदीमा पानीमा प्रवाहित गेग्रान (Suspended sediments) को नमुना सङ्कलन भइरहेको छ। मनसुन (जुन-सेप्टेम्बर) २०१८ मा सम्पन्न मापनहरूबाट ५०% exceedance मा गेग्रानको संकेंद्रण ४०७.८ ppm पाईयो भने अधिकतम मान ६ जुलाई २०१८ मा ७९५९ ppm पाइएको छ। मनसुन २०१८ मा आयोजना स्थलस्थित अरुण नदीमा मापन गरिएको total measured suspended sediment load ५.९ मिलियन टन प्रति वर्ष थियो। व्युत्पन्न समीकरण र दीर्घकालीन जलप्रवाह तथ्यांकको आधारमा गरिएको दीर्घकालीन गेग्रान संकेंद्रणको विश्लेषणबाट सन् १९८६-२०१० को अवधिका लागि औसत कुल वार्षिक प्रवाहित गेग्रान भार (Suspended sediments load) ९.५ मिलियन टन प्रति वर्ष अनुमान गरिएको छ। Unmeasured bed load correction पश्चात औसत वार्षिक गेग्रानको भार ११.९ मिलियन टन प्रति वर्ष अनुमान गरिएको छ जुन ४७९ टन प्रति जलाधार क्षेत्रफल प्रति वर्ष (tonnes/CA/year) को बराबर हुन्छ।

क.११) हिमताल फुटेर आउने बाढी (Glacier Lake Outburst Flood, GLOF): नेपालको उत्तरी भूभागमा उल्लेख्य संख्यामा हिमनदी र हिमतालहरू छन्। नेपालको कुल भूभागको लगभग १८ प्रतिशत क्षेत्रफल हिउँ र बरफले ढाकेको छ (मूल, १९९५)। नेपालका अधिकांश नदीहरूको उद्गम नेपाल वा तिब्बतको हिमश्रोतमा रहेकाले नेपालका हिमाली शृंखलाबाट बग्ने नदीहरुमा वर्षभरि नै जलप्रवाह हुन्छ। आयोजनाको सम्भाव्यता अध्ययन प्रतिवेदनअनुसार प्रसतावित आयोजनाका लागि GLOF को सम्भावित अधिकतम प्रवाहहरू G4 हिमतालको लागि मोडल ३ द्वारा अनुमान गरिएको २०,७४५ घन मिटर प्रति सेकेन्ड हो। सो हिमताल हेडवर्क्स स्थलको १२५ कि.मि. माथिल्लो तटमा अवस्थित छ र अधिकतम प्रवाह (Peak Discharge) हेडवर्क्स स्थलमा आइपुग्दा आधाभन्दा बढी घट्ने आंकलन गरिएको छ। तसर्थ, अरुण जलाधारको G4 हिमतालबाट उत्पन्न GLOF हेडवर्क्स स्थलमा आइपुग्दा अधिकतम प्रवाह ५,१८६ घन मिटर प्रति सेकेन्ड हुनेछ। यसका साथै तिब्बतमा अरुण नदी उपत्यकाको समथर भुस्वरूप हुँदै नेपालतर्फ बग्दा GLOF को प्रखरता अझ घट्न सक्छ। त्यसकारण, GLOF घटनाको बखत आयोजना स्थलमा अधिकतम सम्भावित प्रवाह सम्भावित अधिकतम बाढी (PMF) भन्दा कम हुने आकलन गरिएको छ।

आयोजनाको टेलरेसको प्रवाह अरुण नदीमा निकास गरिने स्थानमा १०,००० बर्षको अवधिका लागि सम्भावित बाढीको मोडलिंग गर्दा बाढीको जलस्तर १६५०.५९ मिटर सम्म पुग्ने देखिन्छ; तसर्थ हाल प्रस्ताव गरिएको मुख्य पहुँच सुरुंग (main access tunnel) को उचाई (१,७९५.०० मि.) GLOF को सम्भावित खतराबाट सुरक्षित उचाईमा रहेको मान्न सकिन्छ।

क.१२) पहिरोका कारणले बनेको बाँध फुटेर आउने बाढी (Landslide Dam Outburst Flood, LDOF): हिमालय क्षेत्रको सक्रिय भूगर्भ, कमजोर भूबनोट र जमिनको उच्च भिरालोपनका कारण निम्तिन सक्ने भू-अस्थिरताका कारण हिमालयन क्षेत्रमा भू-स्खलन, पहिरो, भेलपहिरो आदिको उच्च जोखिम हुन्छ। नदीको साँघुरो र ठाडो खोंचहरुमा पहिरो, चट्टानस्खलन जस्ता घटनाका

कारण सिर्जित debris का कारण नदीको प्रवाह थुनिएर अस्थायी बाँध निर्माण भई ताल बन्ने र त्यस्तो बाँध आकस्मिक रुपमा फुटेर तल्लो तटीय क्षेत्रमा विनाशकारी र तीव्र बाढी (Landslide Dam Outburst Flood, LDOF) आएर धनजनको व्यापक क्षति हुन सक्छ। अरुण जलाधार क्षेत्रमा हालसम्म त्यस्तो पहिरो अभिलेख नभेटिएता पनि सो जलाधारमा जमिनको भिरालोपनका कारण स्थानीय पहिरो र सोद्वारा सिर्जना हुन सक्ने LDOF को सम्भावनालाई पूर्ण रूपमा नकार्न सकिन्न। बाँध र सम्वद्ध संरचनाहरू PMF लाई सुरक्षित रूपमा निकास गराउनको लागि डिजाइन गरिएको हुनाले LDOF घटनाका कारण सिर्जित बाढीको सम्भावनाका लागि डिजाइनमा थप परिमार्जन आवश्यक पर्दैन।

क.१३) वातावरणीय प्रवाह (Environmental Flow): संरक्षित क्षेत्रमा पूर्वाधार निर्माणको लागि जग्गा उपलब्ध गराउने सम्वन्धि कार्यविधि, २०८० ले निर्दिष्ट गर्ने अनुसार नदी खोलामा उच्च सुख्खा मौसम अवधिभर न्यूनतम जल प्रवाहको १०% प्राकृतिक प्रवाह सुनिश्चित गरि वा वा.प्र.मु. बाट निर्धारण गरिएको न्युनतम आवश्यक प्रवाहमध्ये बढी हुन आउने मान बराबरको वातावरणीय प्रवाह बाँध वा जलाशयबाट तल्लो तटमा छोड्नु पर्दछ। प्रस्तावित बाँधस्थलमा अरुण नदीको न्युनतम प्रवाह अप्रिल महिनामा रहने गरेको छ, जुन ४८.० घनमिटर प्रति सेकेण्ड रहेको छ। यो तथ्यांकका आधारमा, प्रस्तावित आयोजनाको लागि वातावरणीय प्रवाह अप्रिल महिनाको बहावको कम्तीमा १०% (४.८ घन मिटर प्रति सेकेन्ड) हुनेछ। आयोजना संचालनका कारण अरुण नदीको प्रवाह न्युनिकरण हुने नदी खण्ड (बाँधस्थल र टेलरेसको निकासबीचको ८.६ कि.मि. लामो (Dewater stretch) मा बाँधबाट छोडिएको वातावरणीय प्रवाहका साथै सो नदी खण्डमा मिसिने अरु सहायक खोलाहरुका कारण नदीको बहाव त्यहाँ आश्रित जीवजन्तु तथा मानवीय प्रयोगको लागि पर्याप्त हुने आंकलन गरिएको छ। ऊर्जा उत्पादनका लागि आवश्यक भन्दा बढी हुने पानी Spillway मार्फत अरुण नदीमै छाड्ने गरी संरचनाको डिजाइन गरिएको छ।

क.१४) वायु, जल, माटो तथा ध्वनिको गुणः आयोजनाको प्रभाव क्षेत्रमा वायु, जल, माटो तथा ध्वनि प्रदुषणका उल्लेखनीय ठुला श्रोत/कारकहरु नभएका कारण सो क्षेत्रमा वायु, जल, माटो तथा ध्वनिको गुणस्तर साधारणतया राम्रो रहेको देखिन्छ। कच्ची सडकमा सवारीसाधन आवागमन हुँदा धूलोको उत्सर्जन केही बढ्ने गरेको देखिन्छ भने वर्षाको समयमा भल तथा बाढीका कारणले आयोजना क्षेत्रका नदी तथा खोलाहरुमा वहावका साथै धमिलोपन बढ्ने गर्दछ। आयोजना क्षेत्र उच्च पहाडी भूभागको ग्रामीण परिवेशमा अवस्थित छ। आयोजना क्षेत्रमा उद्योग, कलकारखाना जस्ता वायु प्रदुषण तथा ध्वनि प्रदुषणका औद्योगिक स्रोत तथा उल्लेखनीय कारक गतिविधिहरु संचालनमा रहेको पाइएन। सडक संजालको विस्तार पनि त्यति नभएको कारण सवारीसाधनबाट हुने वायु तथा ध्वनि प्रदुषण पनि उल्लेख्य नरहेको पाइयो। भान्सामा दाउराको प्रयोग र घरेलु फोहर जलाउने प्रचलन जस्ता वायु प्रदुषणका केही कारकहरु अवलोकन

गरिए पनि पातलो बस्ती र कम जनसंख्याका कारण त्यस्ता श्रोतहरुबाट आयोजना क्षेत्रको समग्र वायु गुणस्तर र ध्वनि स्तरमा पर्ने प्रभाव उल्लेख्य नहुने देखिन्छ।

क.१४.१) वायु गुणस्तरः आयोजना क्षेत्रका चार (छुम्सर बस्ती क्षेत्र, बाँधस्थल, लिङ्गम् बस्ती क्षेत्र र चेपुवा) स्थानहरुमा १२ घण्टा अवधिमा गरिएको वायु गुणस्तर मापनको नतिजाको आधारमा प्रस्तावित आयोजना क्षेत्रमा कणहरु (Particulate Matter: PM २.५, PM १०, Total Suspended Particles: TSP) तथा ग्याँसजन्य प्रदुषकहरुः सल्फर डाइअक्साइड (SO२), नाइट्रोजन डाइअक्साइड (NO२), कार्बन मनोअक्साइड (CO) को स्तर वायुको गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड, २०६९ मा सिफारिश गरिएको सीमा स्तरभन्दा निकै कम अर्थात मापदण्ड अनुरुप रहेको देखिन्छ। यस अलावा, आयोजना क्षेत्रमा ठुलो निर्माण कार्य वा औद्योगिक गतिविधि जस्ता धुँवाधुलो उत्सर्जन गर्ने उल्लेखनीय स्तरको श्रोत/गतिविधि संचालनमा नरहेको र आसपासको सडकहरुमा सवारी आवागमन कम हुने गरेकाले पनि आयोजना क्षेत्रको वायु गुणस्तर साधारणतया राम्रो रहेको मान्न सकिन्छ।

क.१४.२) ध्वनिको स्तरः आयोजनाको प्रभाव क्षेत्रमा निरन्तर उच्च स्तरमा ध्वनि उत्सर्जन गर्ने ध्वनि प्रदूषणका स्रोतहरू छैनन्। स्थलगत सर्वेक्षणको क्रममा बाँधस्थल, विद्धयुत गृह क्षेत्र र निकटको पहुँच मार्ग (लिङ्गम् बस्ती क्षेत्र), तथा चेपुवा मा Sound Level Meter (SL-४०२३) को प्रयोगले आयोजना क्षेत्रको ध्वनिको स्तर मापन गरिएको हो। आयोजना क्षेत्रमा निरन्तर ध्वनीको श्रोत अरुण नदीको बहावको कारणले देखिएको छ भने कहिलेकाही गाडीहरुको हर्नले आयोजना स्थलमा ध्वनि उच्च हुने गर्दछ। मापन गरिएको ध्वनिको औसत स्तर (Average Day-Night Sound Pressure Level: क्रमशः ६३.५, ६९.९ , ७०.८ dB (A)) ध्वनिको गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड, २०६९ मा औद्योगिक क्षेत्रका लागि तोकिएको सीमा स्तर (दिवाः ७५ dB (A), रात्रिः ७० dB (A)) भन्दा कम छ। तर, ध्वनि स्तर मापन स्थलहरुमा नदीको बहाव, वायु वहाव, सवारी साधनहरूको आवतजावत लगायत कारकहरुबाट उत्पन्न हुने ध्वनिका कारण आयोजना क्षेत्रमा ध्वनिको स्तर ध्वनिको गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड, २०६९ अन्तर्गत ग्रामीण आवास क्षेत्रको लागि तोकिएको सीमा स्तरभन्दा केही बढी पाइएको छ।

क.१४.३) माटोको गुणस्तरः बाँधस्थल र लिङ्गम् बस्ती नजिकको निर्माण स्थल (Construction yard) को माटोको प्रयोगशाला परीक्षणले देखाएको Cadmium, Mercury, Arsenic, Lead, Chromium इत्यादि जस्ता heavy metals हरुको स्तरले माटोको प्रदूषण मात्रा विश्लेषण गरियो। प्रस्तावित टेलरेस नजिक प्रस्तावित निर्माण क्षेत्रहरुको माटोमा पाइएको तामा (Cooper), फलाम (Iron), जिंक (Zinc), निकेल (Nickel), क्रोमियम (Chromium), लेड (Lead), क्याडमियम (Cadmium) जस्ता धातुहरुको विद्यमान स्तरको आधारमा सो स्थानहरुमा उल्लिखित धातुहरुको प्रदुषण नरहेको मान्न सकिन्छ। भौगर्भिक श्रोत जनित कारण तथा वायुमण्डलीय निक्षेपण (atmospheric deposition) का अलावा औद्योगिक गतिविधि, खानीजन्य गतिविधि, धातुजन्य फोहरको विसर्जन, लेडजन्य रंग (paint) तथा खनिज इन्धन, खनिजजन्य रसायन, रासायनिक मल,

कृषिजन्य विषादी, लगायत मानवीय गतिविधि/श्रोतहरुबाट माटोमा भारी धातुहरु जम्मा हुन सक्छ तर आयोजनाको प्रभाव क्षेत्रमा त्यस्ता गतिविधिहरु उल्लेखनीय स्तरमा भएको पाइएन। आयोजनाको प्रभाव क्षेत्रमा अवस्थित कृषि भुमिको माटोको गुण परीक्षण अनुसार आयोजना प्रवाभ क्षेत्रमा पर्ने कैगाऊँ र नर्खू मा बसोंबास भएको स्थानको कृषि भुमिमा कृषिका लागि उपयुक्त Sandy Loam माटो पाइयो। सो स्थानहरुको माटोको अम्लीयपन कृषिका लागि उपयुक्त दायरा (६-८.५; Bajracharya et al. २००६) मा रहेको पाइयो भने दुबै कृषि भुमिको माटोमा जैविक पदार्थ प्राय बालीका लागि आवश्यक स्तर (३-६%) भन्दा थोरै मात्रामा धेरै पाइयो। दुबै स्थानहरुमा फस्फोरस र पोटासियमको स्तर कृषिका लागि पर्याप्त पाइयो। साथै दुबै स्थानहरुको मध्यम स्तरको Cation Exchange Capacity बाट ती स्थानहरुको माटोको पोषक तत्व भण्डारण क्षमता राम्रो रहेको देखिन्छ।

क.१५) जल गुणस्तर

क.१५.१) नदीको जल गुणस्तरः आयोजनाको प्रभाव क्षेत्रमा नदीको जल गुणस्तर जलीय पर्यावरण संरक्षण सम्बन्धी नेपालको जल गुणस्तर मापदण्ड (Nepal Water Quality Guidelines for the Protection of Aquatic Ecosystem,) को आधारमा जलीय पर्यावरणको दृष्टिले तोकिएको मापदण्ड भित्र नै रहेको पाइएको छ। प्रस्तावित हेडवर्क्स, विद्युतगृह र टेलरेस स्थलहरु नजिक अरुण नदीको पानीको नमूना संकलन गरिएको थियो। संकलित नमुनाहरुको प्रयोगशाला परीक्षणका आधारमा तीनवटै नमुना संकलन स्थानमा पानीको turbidity बाहेक विश्लेषण गरिएका सबै parameters (pH, तापक्रम, conductivity, ammonia, heavy metals लगायत) राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड, २०७९ को निर्धारित स्तर अनुरुप नै रहेको देखिन्छ। विद्यमान अवस्थामा जल प्रदुषणको स्तर न्युन रहेको र जलीय जैविक विविधताको लागि पर्यावरणको अवस्था अनुकुल रहेको देखिन्छ।

क.१५.२) पिउने पानीको गुणस्तरः पिउने पानीका नमुनाहरुको भौतिक गुणहरुको स्तर सामान्यतया नेपालको राष्ट्रिय खानेपानी गुणस्तर मापदण्डमा तोकिएको स्तर अनुसार पाइएको छ। विश्लेषण गरिएका बस्तीका पिउने पानीको श्रोतहरुको भौतिक र रसायनिक गुणस्तर WHO तथा राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड, २०७९ भित्र रहेको पाइयो। हालको प्राप्त नतिजाका आधारमा आयोजना क्षेत्र भित्र अरुण नदीको भौतिक-रसायनिक गुणस्तर सामान्यतया उपयुक्त रहेको देखिन्छ। जलीय पर्यावरण संरक्षण सम्बन्धी नेपालको जल गुणस्तर मापदण्ड (Nepal Water Quality Guidelines for the Protection of Aquatic Ecosystem) मा निर्दिष्ट स्तरहरुका आधारमा विद्यमान जल प्रदुषणको स्तर न्युन रहेको र जलीय जैविक विविधताको लागि पर्यावरणको अवस्था अनुकुल रहेको देखिन्छ।

(ख) जैविक वातावरण

प्रस्तावित आयोजना क्षेत्र मकालु वरुण राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा पर्दछ। यस क्षेत्रको भौगोलिक अवस्थिति, अरुण नदी उपत्यकाको विशिष्ट भौगोलिक संरचना, जलवायु, पारिस्थितिकीय

विविधताका कारण यस क्षेत्र प्रचुर जैविक विविधतायुक्त छ। आयोजना क्षेत्र अवस्थित संखुवासभा जिल्लाको उचाईको दायरा र मौसमी विविधताका कारण वनस्पति र जीवजन्तुहरूको विविधता उल्लेख्य रहेको छ।

ख.१ वनस्पति

१.१ जंगलको किसिम

जलवायुको आधारमाः आयोजनाका संरचनाहरू रहने क्षेत्र उपोष्ण जलवायु (Subtropical climate) भएको क्षेत्र हो। स्थलगत अध्ययन अनुसार जलवायुको आधारमा यहाँ पाइने वनलाई मिश्रित उपोष्ण पहाडी जंगल (Mixed Subtropical Forest) का रुपमा परिभाषित गर्न सकिन्छ।

वनस्पतिको आधारमाः वनस्पतिको आधारमा आयोजनाका संरचनाहरू रहने क्षेत्र र सो को नजिक पाइने जंगललाई नेपाल सरकार, वन अनुसन्धान तथा सर्वेक्षण विभागको सन् २०१५ मा प्रकाशित State of Nepal's Forests प्रतिवेदनमा अपनाइएको परिभाषा अनुसार उपल्लो मिश्रित काठको वन (Upper Mixed Hardwood forest) को रुपमा वर्गीकरण गर्न सकिन्छ। आयोजना क्षेत्रको जंगलमा उत्तिस (*Alnus nepalensis*), कटुस (*Castanopsis indica*), खोटे सल्ला (*Pinus roxburghii*), गोब्रे सल्ला (*Pinus wallichiana*), सौर (*Betula alnoids*), झिंगाने (*Eurya acuminate*), पांचपाते (*Macropanax undulatus*), बोट धंयेरो (*Lagerstroemia parviflora*), टुनी (*Toona ciliata*) र लालीगुराँस (*Rhododendron arboreum*) लगायतका रुखहरु पाइन्छन। समग्रमा यस क्षेत्रमा कुकाठ प्रकृतिका रुखहरुको प्रधानता रहेको छ।

मकालु बरुण राष्ट्रिय निकुञ्ज[7] : मकालु वरुण राष्ट्रिय निकुञ्ज (MBNP) कुल १,५०० वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको संरक्षित क्षेत्र हो। यो राष्ट्रिय निकुञ्ज समुद्री सतहदेखि ४३५ मिटर उचाईमा रहेको वरुण उपत्यका देखि ८,४६३ मिटर उचाईमा रहेको मकालु हिमालसम्म फैलिएको हुनाले विविधतायुक्त जलवायु, पर्यावरणीय अवस्था तथा जैविक विविधता पाइन्छ। ८३५ देखि २,००० मिटर उचाईसम्मको उपोष्ण प्रकृतिको वनको केहि क्षेत्र मानव अतिक्रमित छ तर त्यो भन्दा माथिल्लो भेगको वन क्षेत्र मानव अतिक्रमित छैन। मकालु वरुण राष्ट्रिय निकुञ्जको कुल क्षेत्रफललाई निम्न रुपमा वर्गीकरण गर्न सकिन्छः

१. उष्ण प्रदेशीय वन
२. उपोष्ण प्रदेशीय वन
३. उपहिमाली वन

मकालु वरुण राष्ट्रिय निकुञ्जमा ३१२८ प्रजातिका फुल फुल्ने बिरुवाहरु, २५ प्रजातिका गुराँसहरु, ४७ प्रजातिका सुनाखरी (अर्किड) हरु, १९ प्रजातिका बाँस, १५ प्रजातिका ओक तथा ८६ प्रजातिका घाँसे रुखहरु र ६७ प्रजातिका औषधीय गुण भएका वनस्पतिहरु पाइन्छन्।

[7] मकालु बरुण राष्ट्रिय निकुन्ज र मध्यवर्ती क्षेत्र सम्बन्धि जानकारी स्थलगत अध्ययनको क्रममा राष्ट्रिय निकुन्ज कार्यालयमा उपलब्ध अभिलेख र व्यवस्थापन योजनाबाट लिईएको हो ।

मकालु बरुण मध्यवर्ती क्षेत्र : सन् १९९९ मा मकालु वरुण राष्ट्रिय निकुञ्ज वरिपरिको ८३३ वर्ग कि.मि. क्षेत्रलाई मध्यवर्ती क्षेत्र घोषणा गरिएको हो। यो मध्यवर्ती क्षेत्रमा ९६ वटा मध्यवर्ती सामुदायिक वन समितिहरू वनक्षेत्रको संरक्षण र व्यवस्थापनमा संलग्न रहँदै आएका छन्।

वनस्पतिका प्रमुख प्रजातिः आयोजनाका संरचनाहरू रहने क्षेत्र र सो को नजिक पाइने वनस्पतिका प्रमुख प्रजातिहरु उत्तिस, पैयुँ, चांप, ओखर, भलायो, शिरिष, लौठ सल्ला, गोब्रे सल्ला, खोटे सल्ला, गुँरास, सिमल, चिमल, आरुपाते, मजिरो, जामुन, खन्यु, गोगन, मलेतो, गुएलो, अखौंले हुन्।

१.२ संरक्षणको अवस्था

वन व्यवस्थापनको अवस्थाः आयोजना प्रभावित गाउँपालिकामा पर्ने वनहरू (क) निजी वन, (ख) सामुदायिक वन, (ग) सरकारद्वारा व्यवस्थित वन र (घ) जंगल बाहिर सामुदायिक जग्गामा रहेका रुखहरु (Trees outside forest in community land) को रुपमा व्यवस्थापन र संरक्षणका कार्यहरु भइरहेको छ।

आयोजनाले प्रभाव पार्ने वन क्षेत्रः

प्रस्तावित आयोजना क्षेत्र मकालु वरुण राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा सामुदायिक वन क्षेत्रमा पर्ने भएको हुनाले आयोजना क्षेत्रमा मध्यवर्ती सामुदायिक वन र डिभिजन वन अन्तर्गतको सामुदायिक वन क्षेत्रहरु छन्। आयोजना प्रभावित क्षेत्रमा निम्न तिन सामुदायिक वनहरु पर्दछन्:

१. दंगदंगमा मध्यवर्ती सामुदायिक वन, भोटखोला गाउँपालिका वडा नं. २
२. पेजुंग डाँडा मध्यवर्ती सामुदायिक वन, भोटखोला गाउँपालिका वडा नं. २
३. श्री नाम्ड्रोंग सामुदायिक वन, भोटखोला गाउँपालिका वडा नं. २

Ethnobotany का दृष्टिले महत्वपूर्ण प्रजातिः आयोजना क्षेत्रमा पाइने स्थानीय परम्परागत उपयोगका दृष्टिले महत्वपूर्ण प्रजातिहरु सतुवा, पाँचऔंले, गुजर्गानो, जटामसी, पाखंवेद, बुढीओखती, यार्सागुम्बा, टिमुर, सुठो आदि हुन्।

जलीय वनस्पतिः आयोजनाका संरचनाहरु रहने क्षेत्र नजिकको अरुण नदीको खण्डमा पानीको वहाव निकै तीव्र भएको कारणले जलीय वनस्पतिहरु भेटिंदैन। अरुण नदीको सहायक नदीहरुमा भने *Spirogyra* sp., *Chara* sp. लगायतका जलीय वनस्पतिहरु भेटिन्छन्।

ख.२ प्राणी

२.१ वन्यजन्तु

स्थलगत अध्ययनका क्रममा ३२ प्रजातिका स्तनधारी जनावरहरू आयोजना प्रभावित गाउँपालिका क्षेत्रमा पाइने यकिन गरिएको छ। यी मध्ये कतिपय प्रजातिहरू अध्ययन टोलीद्वारा प्रत्यक्ष अवलोकन वा यकिनका साथ चिन्न सकिने चिन्हहरूको आधारमा पहिचान गरिएको थियो भने

कतिपय प्रजातिहरू सामाजिक अन्तरक्रियाका आधारमा पहिचान गरिएको थियो। स्थानीय जानकार व्यक्तिका अनुसार उक्त ३२ प्रजातिका स्तनधारी वन्यजन्तु मध्ये वांदर बाहेक अन्य प्रजातिहरू मकालु वरुण राष्ट्रिय निकुञ्ज क्षेत्रबाट आयोजना क्षेत्रसम्म आक्कलझुक्कल रुपमा मात्र आइपुग्छन्। **विस्तृत रुपमा अनुसूचीः ५ को खण्ड ४.३.१ मा दिईएको छ।**

आयोजनाका मुल संरचना बन्ने स्थानमा मानव वस्ती नभएको तथा आयोजना प्रभावित वन क्षेत्रहरू मध्यवर्ती सामुदायिक वनको रूपमा संरक्षण र व्यवस्थापन भईरहेकाले वन क्षेत्र संरक्षणका कारण पनि आयोजना क्षेत्रमा वन्यजन्तु वासस्थानको राम्रो अवस्था देखियो। यद्दपी यस वा.प्र.मु. प्रतिवेदन तयारी शिलशिलामा गरिएको स्थलगत अध्ययन दौरान उक्त वन क्षेत्रमा संरक्षणका हिसावले महत्वपूर्ण प्रजातिकै मूल वासस्थान अवस्थित रहेको भन्ने एकिन हुन सकेन।

२.२ पन्छी (Birds)

आयोजना प्रभाव क्षेत्रमा प्रत्यक्ष अवलोकन तथा अन्य विधिबाट गरिएको पंक्षीहरुको अध्ययन अनुसार १०१ प्रजातिका पंक्षीहरु पाइने देखिन्छ। उक्त १०१ प्रजातिका पंक्षी मध्ये ५९ प्रजातिका Breeding Resident (BR), २१ प्रजातिका Altitudinal Migrant (AM) i.e. displaying cyclic seasonal vertical movement to and from within the area, २ प्रजातिका full Migrant (M) showing wider movement within and outside Nepal, ४ प्रजातिका Passage Migrant (PM), ११ प्रजातिका Summer Visitor (SV) छन् भने वांकी ४ प्रजातिका Winter Visitor (WV) छन्। **विस्तृतरुपमा अनुसूचीः ५ (४.३.२. पन्छी (Birds)) मा दिईएको छ।**

२.३ सरीसृप र उभयचर

आयोजना क्षेत्रमा ३५ प्रजातिका सरीसृप तथा उभयचर (Herpetofauna) पाईएको थियो। **विस्तृतरुपमा अनुसूची : ५ (४.३.३. सरीसृप तथा उभयचरमा दिईएको छ।।**

ख.३ माछा जलचर : स्थलगत अध्ययनको क्रममा गरिएको अध्ययन तथा अन्तरक्रिया र सन्दर्भ ग्रन्थको अध्ययन अनुसार आयोजना क्षेत्रको अरुण नदीमा ३ प्रजातिका माछाहरु पाइने जानकारी प्राप्त भयो।

तालिका २७: किमाथांका अरुण जलविद्युत आयोजनाको प्रभाव क्षेत्रमा पाइने माछा प्रजातिहरू

क्र.सं.	वैज्ञानिक नाम	अंग्रेजी/स्थानीय नाम	संरक्षण अवस्था		विधि
			IUCN	CITES	
१.	*Glyptosternum blythii*		DD		स्थलगत अध्ययन/ सामाजिक अन्तरक्रिया
२.	*Schizothorax richardsonii*	Hill stream trout, Buchhe Asala	VU		
३.	*Psilorhynchus pseudecheneis*		LC		

संकेतः *DD: तथ्यांक अपुग भएको, LC: कम सरोकार भएको, NT: संकटउन्मुख, VU: संवेदनशील, EN: संकटापन्न, CR: अति संकटापन्न (IUCN Red List अनुसार संरक्षण अवस्था); I, II, III: CITES अनुसूचीहरु (https://checklist.cites.org/)*

ख.४ प्रजातिहरुको संरक्षण अवस्था

आयोजनाको प्रभाव क्षेत्रमा पाइने प्रजातिहरुको संरक्षणको आवश्यकताको दृष्टिकोणबाट गरिएको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको संरक्षण अवस्थाको वर्गीकरण निम्नानुसार रहेको छः

तालिका २८: आयोजनाको प्रभाव क्षेत्रमा पाइने प्रजातिहरुको संरक्षण अवस्था

क) स्तनधारी

Common Name	Scientific Name	NPWC Act, 1973	Red List		CITES Appendix	Remarks/Local Names
			National	Global /IUCN		
Large Indian Civet	*Viverra zibetha*		NT	LC		
Jungle Cat	*Felis chaus*		LC	LC	II	
Leopard Cat	*Prionailurus bengalensis*	P	VU	LC	II	
Clouded leopard	*Neofelis nebulosa*	P	EN	VU	I	
Common Leopard	*Panthera pardus*		VU	VU	I	Seekh
Indian Grey Mongoose	*Herpesters edwardsi*		NT	LC		
Crab eating mongoose	*Herpesters urva*		VU	LC		
Wild dog/Dhole[8]	*Cuon alpinus*		EN	EN	II	
Himal. Black Bear	*Ursus thibetanus*		EN	VU	I	
Eurasian otter	*Lutra lutra*		NT	NT		
Red panda[9]	*Ailurus fulgens*	P	EN	VU	I	
Himalayan water shrew[10]	*Chimarrogale himalayica*		EN	LC		
Nepal Langur	*Semnopithecus schistaceus*		LC	NT	II	Techya
Rhesus Macaque	*Macaca mulatta*		LC	LC	II	Dholya
Assamese Monkey	*Macaca assamensis*	P	VU	NT	I	
Barking Deer[11]	*Muntiacus vaginalis*		VU	LC		Thesya, Retek
Himalayan serow	*Capricornis thar*		DD	NT	I	Chakamba,Jyakumma
Common Goral[12]	*Naemorhedus goral*		NT	NT	I	

ख) पंक्षी

Common Name	Nepali Name	Scientific Name	Conservation Status			Remarks
			Globally	Nationally	CITES	
Scarlet Finch	सिपाही तितु	*Haematospiza sipahi*	LC	**NT**		AM
Hoary-throated Barwing	वनचाहर	*Actinodura nepalensis*	LC	RR		BR
Satyr Tragopan	मुनाल	*Tragopon satyra*	NT	VU	III	WV
Himalayan Monal	डाँफे	*Lophophorus impejanus*	LC	NT	I	WV
Blood Pheasant	चिलिमे	*Ithaginis cruentus*	LC		II	WV
Besra	बेसरा	*Accipiter virgatus*	LC		II	M
Black Eagle	द्रोणक चिल	*Ictinaetus malayensis*	LC		II	BR
Mountain Scops owl	लेकाली उलुक	*Otus spilocephalus*	LC		II	BR

[8] occ. visitor, Chhumsur, Chyamtang/ phara
[9] occurs at dam site and Ridak/Hobrapka
[10] observed in Chhumsur and Ridak
[11] observed in Yogo
[12] observed in Yogo and Ridak

Asian Barred Owlet	ठुलो डुन्डुल	*Glaucidium cuculoides*	LC		II	BR
Common Krestal	बौड़ाई	*Falco tinnunculus*	LC		II	SV
Paragrine Falcon	शाहीबाज	*Falco peregrinus*	LC		I	SV
Sikra	शिक्रा	*Accipiter badius*	LC		II	BR
Northern Goshawk	बलाकांक्ष वनबाज	*Accipiter gentillis*	LC		II	AM
Collared Owlet	सानो डुन्डुल	*Glaucidium brodieal*	LC		II	BR
Brown Wood owl	चस्मे उलुक	*Strix leptogrammica*	LC	VU	II	BR
Himalayan Owl	हिमाली उलुक	*Strix (aluco) nivicolum*	LC		II	BR
Crested Goshawk	कल्की बेसरा	*Accipiter trivirgatus*	LC		II	BR
Red-billed Leiothrix	रोचिष्णु मिसिया	*Leiothrix lutea*	LC		II	BR

ग) सरीसृप तथा उभयचर

Common Name	Scientific Name	IUCN Red List status	CITES Appendix	Local names
Amphibians				
Zhang's horned toad	*Xenophrys zhangi*	NT		
Snakes				
Rat snake	*Ptyas mucosus*		II	

संकेतः *P: संरक्षित (राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९); DD: तथ्यांक अपुग भएको, LC: कम सरोकार भएको, NT: संकटउन्मुख, VU: संवेदनशील, EN: संकटापन्न, CR: अति संकटापन्न (IUCN Red List अनुसार संरक्षण अवस्थाः IUCN को राष्ट्रिय स्तरको सूचीकरण स्तनधारी प्रजातिहरुको सन्दर्भमा Jnawali et al., 2011 मा र पंक्षी प्रजातिहरुको सन्दर्भमा Inskipp et al., 2016 मा आधारित); I, II, III: CITES अनुसूचीहरु (https://checklist.cites.org/)*

(ग) सामाजिक, आर्थिक तथा साँस्कृतिक वातावरण

कोशी प्रदेशको संखुवासभा जिल्लाहुदै नेपाल प्रवेश गर्ने अरुण नदि सीमापार नदि हो। चीनको स्वसासित क्षेत्र तिब्बत मुहान रहेको अरुण नदीलाई तिब्बतमा फुंग चु/वांग चु नामले चिनिन्छ र एक धार्मिक तथा पबित्र नदिको रुपमा लिइन्छ। किमाथांका क्षेत्रबाट नेपाल प्रवेश गरेको अरुण नदिको माथिल्लो भागमा प्रस्ताव गरिएको किमाथांका अरुण जलविद्युत आयोजनाको प्रभाव क्षेत्र संखुवासभा जिल्लाको भोटखोला गाउँपालिका रहेको छ। आयोजनाको सम्पूर्ण संरचना भोटखोला गाउँपालिकाको वडा नम्बर दुई भित्र पर्दछन्।

क) जनसंख्या विवरण

लिङ्ग अनुसार जनसंख्या विवरणः राष्ट्रिय जनगणना २०७८ अनुसार आयोजना प्रभावित संखुवासभा जिल्लाको कूल जनसंख्या १५८,०४१ रहेको छ। कूल जनसंख्या मध्ये पुरुष ५०.४ प्रतिशत र महिला ४९.६ प्रतिशत रहेका छन्। परिवारको औसत आकार ४ रहेको छ भने लैंगिक अनुपात १०१.४ रहेको छ। त्यसैगरी आयोजनाको प्रभावित भोटखोला गाउँपालिकाको कूल जनसंख्या ६,४३८ रहेको छ। पुरुष र महिलाको जनसंख्या क्रमश ४९.७ प्रतिशत र ५०.३ प्रतिशत रहेको छ। परिवारको औसत आकार ३.८ रहेको छ लैंगिक अनुपात ९८.८ रहेको छ। आयोजना प्रभावित क्षेत्रमा सर्वेक्षण गरिएका २०५ घरधुरीहरुको कूल जनसंख्या ९६२ रहेको छ। पुरुष र महिलाको जनसंख्या क्रमश ५०.४ प्रतिशत र ४९.५ प्रतिशत रहेको छ। परिवारको औसत आकार ४.७ रहेको छ।

उमेर समूह अनुसार जनसंख्या विवरणः उमेरको आधारमा जनसंख्यालाई ५ वर्ष भन्दा कम उमेर, ५-१४ वर्ष, १५-५९ वर्ष र ६० वर्ष वा माथिको उमेर समूहमा वर्गीकरण गरिएको छ। संखुवासभा जिल्लाको कुल जनसंख्या मध्ये ७.६ प्रतिशत ५ वर्ष भन्दा कम उमेर समूह भित्र पर्दछन्। त्यसैगरी ५-१४ वर्ष उमेर समूहमा १९.५ प्रतिशत, १५-५९ वर्ष उमेर समूहमा ६०.८ प्रतिशत र ६० वर्ष वा माथिको उमेर समूहमा १२.१ प्रतिशत जनसंख्या रहेको पाइन्छ। आयोजना प्रभाभित पालिकाको कुल जनसंख्या मध्ये ८.० प्रतिशत ५ वर्ष भन्दा कम उमेर समूह भित्र पर्दछन्। त्यसैगरी ५-१४ वर्ष उमेर समूहमा २३.२ प्रतिशत, १५-५९ वर्ष उमेर समूहमा ५५.९ प्रतिशत र ६० वर्ष वा माथिको उमेर समूहमा १२.९ प्रतिशत जनसंख्या रहेको पाइन्छ। सर्वेक्षण गरिएका घरधुरीहरुमा ५ वर्ष भन्दा कम उमेर समूहको जनसंख्या ६.१ प्रतिशत रहेको छ भने ५-१४ वर्ष उमेर समूहको जनसंख्या २०.२ प्रतिशत रहेको छ। त्यसैगरी १५-५९ वर्ष उमेर समूहको जनसंख्या ५८.१ प्रतिशत र ६० वर्ष वा माथिको उमेर समूहको जनसंख्या १५.६ प्रतिशत रहेको छ।

जातजाति अनुसार जनसंख्याः नेपालको राष्ट्रिय जनसंख्या तथा घरधुरी सर्वेक्षण २०७८ अनुसार आयोजना प्रभावित जिल्लामा कूल जनसंख्याको २१.८ प्रतिशत ब्राह्मण-क्षेत्रीको जनसंख्या रहेको छ। जनजाति समुदायको जनसंख्या ६८.३ प्रतिशत रहेको छ भने दलितको समुहको जनसंख्या ८.५ प्रतिशत रहेको छ। त्यसैगरी अन्य समुहको जनसंख्या १.५ प्रतिशत रहेको छ। आयोजना

प्रभावित पालिकाको कूल जनसंख्या मध्ये ब्राह्मण-क्षेत्रीको जनसंख्या ०.२ प्रतिशत रहेको छ। यस पालिकामा कुल जनसंख्याको ९७.६ प्रतिशत जनाजाति समुदायको रहेको छ भने दलित समुहको जनसंख्या १.६ प्रतिशत रहेको छ। त्यसैगरी अन्य समुहको जनसंख्या ०.६ प्रतिशत रहेको छ। आयोजना प्रभावित क्षेत्रमा सर्वेक्षण गरिएका कूल जनसंख्या मध्ये जनाजाति समुदायको जनसंख्या ९८.६ प्रतिशत रहेको छ भने दलित समुहको जनसंख्या १.४ प्रतिशत रहेको छ।

सिमान्तकृत समुहः आयोजना प्रभावित घरपरिवारको सम्पत्ति नोक्सान लगत संकलन तथा प्रभावित घरपरिवार सर्वेक्षण अध्ययनबाट जोखिमयुक्त समुहका कुल १८८ घरपरिवारको पहिचान गरिएको छ। जसअनुसार १७९ जनजाति घरपरिवार, २ जनजाति तथा महिला प्रधान घरपरिवार, ४ जनजाति तथा एकल महिला घरपरिवार, २ जनजाति तथा जेष्ठ सदस्य घरपरिवार, १ जनजाति तथा अशक्त घरपरिवार छन्। जीविकोपार्जनका लागि जोखिमयुक्त वर्गका घरपरिवारलाई एकपटक पुनर्स्थापना सहायता रकम उपलब्ध गराइनेछ।

साक्षरता स्थितिः नेपालको राष्ट्रिय जनसंख्या तथा घरधुरी सर्वेक्षण २०७८ अनुसार संखुवासभा जिल्लाको समग्र साक्षरता दर ७२.९ प्रतिशत रहेको छ भने पुरुष साक्षरता दर ८६.४ प्रतिशत र महिला साक्षरता दर ६२.२ प्रतिशत रहेको छ। आयोजना प्रभावित पालिकाको समग्र साक्षरता दर ६१.१ प्रतिशत रहेको छ। पुरुष र महिलाको साक्षरता दर क्रमश ६८.५ प्रतिशत र ५३.८ प्रतिशत रहेको छ। आयोजना प्रभाव क्षेत्रको समग्र साक्षरता दर ८२.८ प्रतिशत रहेको पाइयो यस साक्षरता दर जिल्ला र पालिकाको भन्दा बढी रहेको छ। पुरुष र महिलाको साक्षरता दर क्रमश ८८.७ प्रतिशत र ७६.८ प्रतिशत रहेको छ।

शैक्षिक स्थितिः नेपालको राष्ट्रिय जनसंख्या तथा घरधुरी सर्वेक्षण २०७८ अनुसार आयोजना प्रस्तावित संखुवासभा जिल्लाको तहगत शैक्षिक अवस्थालाई हेर्दा आधारभुत तह उतिर्ण गर्ने जनसंख्या ६२.१ प्रतिशत रहेको पाइन्छ। त्यसैगरी माध्यमिक उतिर्ण गर्ने १६.५ प्रतिशत, एसएलसी वा एसईई उतिर्ण गर्ने ८.८ प्रतिशत, प्रविणता प्रमाण पत्र वा बाह्र कक्षा उतिर्ण गर्ने ९.१ प्रतिशत, स्नातक तह उतिर्ण गर्ने २.३ प्रतिशत र स्नातकोत्तर वा माथिल्लो तह उतिर्ण गर्ने १.१ प्रतिशत रहेको पाइन्छ। आयोजना प्रभावित पालिकाको शैक्षिक अवस्थालाई हेर्दा आधारभुत तह उतिर्ण गर्ने जनसंख्या ७१.२ प्रतिशत रहेको पाइन्छ। माध्यमिक तह उतिर्ण गर्ने १२.७ प्रतिशत, एसएलसी वा एसईई उतिर्ण गर्ने ७.५ प्रतिशत, प्रविणता प्रमाण पत्र वा बाह्र कक्षा उतिर्ण गर्ने ६.९ प्रतिशत, स्नातक उतिर्ण गर्ने १.२ प्रतिशत र स्नातकोत्तर वा माथिको तह उतिर्ण गर्ने ०.२ प्रतिशत रहेको पाइन्छ। आयोजना प्रभावित क्षेत्रमा गरिएको सर्वेक्षण अनुसार आधारभुत तह उतिर्ण गर्ने ४५.७ प्रतिशत रहेकोमा पाइयो। माध्यमिक तह उतिर्ण गर्ने १५.८ प्रतिशत, एस.एल.सी./एस.ई.ई. उतिर्ण गर्ने १९ प्रतिशत, बाह्र कक्षा वा प्रमाणपत्र तह उतिर्ण गर्ने १५.२ प्रतिशत, स्नातक तह उतिर्ण गर्ने ३.८ प्रतिशत र स्नातकोत्तर वा माथिको तह उतिर्ण गर्ने ०.५ प्रतिशत रहेको पाइन्छ।

शैक्षिक संस्थाको सङ्ख्याः जिल्ला वस्तुगत विवरण, संखुवासभा २०७२ अनुसार संखुवासभा जिल्लामा ३७९ सामुदायिक र ३२ संस्थागत गरि कुल ४११ विद्यालय रहेका छन्। आयोजना प्रभावित भोटखोला गाउँपालिका भित्र कुल २३ विद्यालय रहेकामा सामुदायिक विद्यालयको संख्या २२ तथा संस्थागत विद्यालयको संख्या १ रहेको छ। आयोजना प्रभावित क्षेत्रमा कुल विद्यालय संख्या ८ रहेकामा सामुदायिक विद्यालयको संख्या ७ तथा संस्थागत विद्यालयको संख्या एक रहेको छ।

बसाईँसराईको अवस्थाः आयोजना प्रभावित क्षेत्रमा गरिएको सर्भेक्षण अनुसार बसाईँसराईको अवस्था हेर्दा १ प्रतिशत घरधुरी मात्र बसाईँसराई गरि आएको देखिन्छ। बसाईँ सरि आएका घर परिवार आफ्नै गाउँपालिका भित्रबाट आएको पाइयो। घरधुरी सर्वेक्षणका समयमा आयोजना प्रभाव क्षेत्रभित्र समेटिएका घरपरिवारका सदस्यहरुको बसाईँसराईको अवस्था हेर्दा कुल जनसंख्याको ७९.३ प्रतिशत जनसंख्याको हालको बसोबास घरमै रहेको पाइयो भने घरबाहिर बसोबास गरिरहेका २०.७ प्रतिशत जनसंख्या मध्ये १७ प्रतिशत जनसंख्या देश भित्र रहेको

ख) आर्थिक विवरण:

पेशागत स्थितिः राष्ट्रिय तथ्याङ्क कार्यलय २०७९ अनुसार आयोजना प्रभावित जिल्लामा आर्थिक रुपले सक्रिय जनसंख्याको आर्थिक गतिविधिलाई हेर्दा ७९ प्रतिशत कृषिसँग सम्बधित पेशामा संलग्न रहेको पाइन्छ। सेवा जागिरमा ८.४ प्रतिशत जनसंख्या संलग्न रहेको देखिन्छ। सेवा र बिक्री कामदारको रुपमा ३.८ प्रतिशत जनसंख्या संलग्न रहेको पाइन्छ। शिल्पकला र बिक्री कामदारको रुपमा २.३ प्रतिशतको संलग्नता पाइन्छ भने प्राथमिक पेशाकर्मीको रुपमा ५.२ प्रतिशत र मेसिन अपरेटर कामदारका रुपमा १.३ प्रतिशत जनसंख्याको सहभागिता पाइन्छ। आयोजना प्रभावित क्षेत्रमा गरिएको घरधुरी सर्वेक्षण अनुसार विद्यार्थी बाहेकका आर्थिक रुपले सक्रिय जनसंख्याको ४४.६ प्रतिशत कृषि पेशामा संलग्न रहेका छन्। सेवा जागिरमा संलग्न जनसंख्या १६.९ प्रतिशत रहेका छन् भने व्यापार तथा व्यवसायमा १३.४ प्रतिशत जनसंख्या संलग्न रहेका छन्। कुल जनसंख्याको १८.४ प्रतिशत ज्याला मजदुरी पेशामा संलग्न रहेका छन्। घरधन्दाको काममा संलग्न जनसंख्या ३.७ प्रतिशत रहेको छ। वैदेशिक रोजगारीमा संलग्न हुने जनसंख्या १.७ प्रतिशत रहेको छ। अन्य पेशामा संलग्न जनसंख्या १.२ प्रतिशत रहेको छ।

नगद आम्दानीः आयोजना प्रभावित क्षेत्रका २०५ घरधुरीहरुको कुल नगद आम्दानी ने.रु. ७४,६३९,४५० रहेको छ। जसको आधारमा औसत घरधुरी वार्षिक आम्दानी ने.रु. ३६४,०९५ रहेको पाइयो। त्यसैगरी प्रति ब्याक्ति वार्षिक आम्दानि ने.रु. ७७,५८८ रहेको पाइयो। आयोजना प्रभावित क्षेत्रभित्र रहेका जातजातिको सरदर प्रतिव्यक्ति आम्दानी ने.रु. ७७,५८८ रहेको पाइयो। जसमध्ये भोटे जातिको प्रतिव्यक्ति आम्दानी ने.रु. ७८,०६१ रहेको छ भने दलित जातिको ने.रु. ४३,०४६ रहेको छ।

आम्दानीको श्रोतः आयोजना प्रभावित क्षेत्रका सामाजिक आर्थिक अध्ययन अनुसार सो क्षेत्रका घरधुरीहरुको मुख्य आम्दानी स्रोतमा सबैभन्दा बढी सेवा जागिर रहेको देखिन्छ। कुल आम्दानीमा कृषि क्षेत्रको योगदान ८.४ प्रतिशत रहेको छ भने गैरकृषि क्षेत्रको योगदान ९१.६ प्रतिशत रहेको छ। सेवा जागिरबाट गरिने आम्दानी कुल आम्दानीको ३७ प्रतिशत रहेको पाइयो। कुल आम्दानीमा व्यापार/व्यवसाय, ज्याला मजदुरी र विप्रेषणको योगदान क्रमश १६ प्रतिशत, १५.७ प्रतिशत र १२.६ प्रतिशत रहेको पाइयो। त्यसैगरी अन्नवाली, तरकारी वाली, नगदे वाली, फलफुल, पशुपंक्षी तथा पशुजन्य उत्पादन विक्रीबाट कुल आम्दानीमा ८.४ प्रतिशत योगदान रहेको पाइयो। वन पैदावार तथा जडिबुटीको बिक्रीबाट कुल आम्दानीमा योगदान ५.३ प्रतिशत रहेको पाइयो भने अन्य क्षेत्रको योगदान ५ प्रतिशत रहेको पाइयो।

ग) सेवा सुविधा सम्बन्धी विवरण

यातायात पूर्वाधारः भोटखोला गाउँपालिका संखुवासभा जिल्लाको उत्तरी उच्चा पहाडी भेगमा रहेको स्थानीय तह हो। आयोजना क्षेत्र सम्मको पहुँचका लागि जिल्ला सदरमुकाम खाँदबारी देखि मकालु गाउँपालिकाको नुम बजार हुदै अरुण तेस्रो जलविद्युत आयोजनाको बाँधस्थल सम्म ग्रावेल कच्ची सडक (जोगबनी-किमाथांका सडक खण्ड) बाहैं महिना गाडी चल्ने सडक तथा सो स्थानबाट गोला बजार सम्म हिउँदमा गाडी चल्ने सडक (बर्षात समय बाहेक चल्ने) सुचारु रहेको छ भने निर्माणाधीन जोगबनी किमाथांका सडकको किमाथांका सम्म बाँकी ट्रयाक खोल्ने कार्य चलिरहेको हुँदा यातायात पूर्वाधार को सुविधा अझै सुनिस्चित भएको छैन। पछिल्लो हिउँदबाट गोला देखि लिंगम सम्म हिउँद महिनामा ट्रयाक्टरबाट सामान ढुवानी हुने गरेको पाइन्छ भने अन्य समयमा पैदल यात्रा गर्नुपर्ने तथा सामान खच्चर वा भरियाबाट ढुवानी गर्नुपर्ने हुन्छ।

ऊर्जा आपूर्तिः राष्ट्रिय जनगणना २०७८ अनुसार संखुवासभा जिल्लाको कुल घरपरिवार मध्ये ८४.२ प्रतिशतले खाना पकाउनका लागि दाउराको प्रयोग गर्ने गरेका छन्। एल.पी. ग्यास प्रयोग गर्ने घरपरिवार १५.१ प्रतिशत रहेका छन्। त्यसैगरी खाना पकाउनका लागि अन्य स्रोत प्रयोग गर्ने घरपरिवार ०.७ प्रतिशत रहेका छन्। आयोजना प्रभावित गाउँपालिकामा खाना पकाउनका लागि ९७.१ प्रतिशत परिवारले दाउरा प्रयोग गरेको पाइन्छ भने एल.पी. ग्यास प्रयोग गर्ने घरपरिवार २.२ प्रतिशत रहेका छन्। अन्य स्रोत प्रयोग गर्ने घरपरिवार ०.७ प्रतिशत रहेका छन्। सामाजिक सर्वेक्षणका क्रममा सर्वेक्षणमा समेटिएका सम्पूर्ण घरधुरीमा खाना पकाउनका लागि दाउराको प्रयोग गर्ने गरेको पाइयो। त्यसैगरी आयोजना प्रभावित क्षेत्रमा बत्ति बाल्नको लागि ९८.५ प्रतिशत परिवार बिजुलीको प्रयोग गर्ने गरेको पाइयो भने सोलार र अन्य स्रोत प्रयोग गर्ने घरपरिवार १.५ प्रतिशत रहेको पाइयो।

संचारः आयोजना प्रभावित क्षेत्रमा नेपाल टेलिकमको मोबाइल फोन सेवा संचालनमा रहेको छ। स्थलगत सर्भेक्षण अनुसार ९३.२ प्रतिशत घरपरिवारले संचारको लागि मोबाइल फोन प्रयोग

गर्ने गरेको पाइयो भने बाँकी ६.८ प्रतिशत घरपरिवारसँग आफनै मोबाइल फोन नरहेको पाइयो। साथै टेलिभिजन प्रयोग गर्ने परिवार ३०.२ प्रतिशत रहेको पाइयो।

खानेपानीः संखुवासभा जिल्लाका अधिकांश घरपरिवारहरु पिउने पानीको लागि पाइप धारा प्रयोग गर्दछन्। राष्ट्रिय जनगणना २०७८ अनुसार यस जिल्लामा ७८.८ प्रतिशत परिवारले पाइप धाराको पानी प्रयोग गर्दछन्। मुहान/ढुंगेधाराको पानी प्रयोग गर्ने घरपरिवार १५.८ प्रतिशत रहेका छन्। कुवाको पानी प्रयोग गर्ने घरपरिवार ४.३ प्रतिशत, खोला/खोल्सीको पानी प्रयोग गर्ने घरपरिवार ०.८ प्रतिशत तथा अन्य स्रोतको पानी प्रयोग गर्ने घरपरिवार ०.३ प्रतिशत रहेका छन्। आयोजना प्रभावित गाउँपालिकामा ८१.७ प्रतिशत घरपरिवारको खानेपानीको मुख्य स्रोत पाइप धारा रहेको छ। त्यसैगरी मुहान तथा ढुंगेधाराको पानी प्रयोग गर्ने घरपरिवार १३ प्रतिशत, खोला/खोल्सीको पानी प्रयोग गर्ने घरपरिवार ३.३ प्रतिशत कुवाको पानी प्रयोग गर्ने घरपरिवार ०.९ प्रतिशत र अन्य स्रोतको पानी प्रयोग गर्ने घरपरिवार ०.३ प्रतिशत रहेका छन्। आयोजना प्रभावित क्षेत्रमा ९७.६ प्रतिशत घरपरिवारमा खानेपानीको लागि पाइप धाराको पानी प्रयोग भएको पाइन्छ। मुहान तथा ढुंगेधाराको पानी प्रयोग गर्ने घरपरिवार २ प्रतिशत र कुवाको पानी प्रयोग गर्ने घरपरिवार ०.४ प्रतिशत रहेका छन्।

उधोग/कलकारखानाः औधोगिक गणना २०६९/७० अनुसार संखुवासभा जिल्लामा ६ वटा ठुला औधोगिक प्रतिष्ठान रहेको देखिन्छ भने घरेलु तथा साना गरि ६३९ को संख्यामा उद्योग व्यवसाय रहेको छ। समग्रमा उद्योग व्यवसाय ३,४४९ जना रोजगार रहेको तथ्याङ्क छ। आयोजना प्रभावित गाउँपालिकामा ठुला उद्योग तथा प्रतिष्ठान नरहेको पाइयो। चैनपुर उद्योग बाणिज्य संघको २०७१/७२ तथ्याङ्क अनुसार आयोजना प्रभावित गाउँपालिकामा दर्ता भएका व्यवसायको संख्या १६ रहेको देखिन्छ जसमा पसल तथा साना होटल रहेका छन्। आयोजना प्रभावित क्षेत्रमा केहि संख्यामा साना होटेल र खुद्रा पसल रहेका छन्।

स्वास्थ र सरसफाईको अवस्थाः आयोजना प्रभावित क्षेत्रका घरधुरीहरुको पिउने पानीको गुणस्तरका बिषयमा जानकारी लिँदा १४.१ प्रतिशत घरपरिवारलाई आफुले पिउने पानी धेरै राम्रो छ भन्ने लागेको देखिन्छ भने ८४.९ प्रतिशत घरपरिवारलाई राम्रो छ भन्ने लागेको देखिन्छ। त्यसैगरी १ प्रतिशत घरपरिवारलाई आफुले पिउने पानी ठिकै छ भन्ने लागेको देखिन्छ। आयोजना प्रभावित क्षेत्रका घरधुरीहरुको पिउने पानीको प्रशोधन गर्ने नगर्ने हेर्दा ७१.७ प्रतिशतले कुनै पनि बिधि प्रयोग गर्दैनन्, २७.८ प्रतिशत घरधुरीहरुले पानि उमालेर पिउने गर्दछन्। पानी फिल्टर गर्ने घरधुरीको संख्या ०.५ प्रतिशत रहेको छ। आयोजना प्रभावित क्षेत्रमा सर्वेक्षण गरिएका घरपरिवारको शौचालय प्रयोगको अवस्था हेर्दा ९९ प्रतिशत घरधुरीमा शौचालय रहेको देखिन्छ भने १ प्रतिशत घरधुरीमा हालसम्म पनि शौचालय सुबिधा छैन। आयोजना प्रभावित क्षेत्रका मानिसहरुको हात धुने प्रचलन हेर्दा लगभग ९९ प्रतिशत मानिसहरुले साबुन पानीले हात धुने र १ प्रतिशतले खरानी पानी प्रयोग गर्ने पाइयो।

उर्जाको स्रोतः आयोजना प्रभावित क्षेत्रका सम्पूर्ण घरधपरिवारले खाना पकाउनका लागि दाउराको प्रयोग गर्ने गरेका छन्। स्थानीय लघु-जलविद्युत आयोजना संचालन रहेको हुँदा ९८.५ प्रतिशत घरपरिवारमा बिजुलीको सुबिधा रहेको छ भने वाँकी १.५ प्रतिशत घरपरिवारले बत्ती बाल्नको लागि सोलार तथा टुकिमारा प्रयोग गरेको देखिन्छ।

स्वास्थ संस्थाः जिल्ला स्वास्थ्य कार्यालय संखुवासभाको २०७५/०७६ को प्रतिवेदन अनुसार यस जिल्लामा १ जिल्ला अस्पताल, ४ प्राथमिक स्वास्थ्य केन्द्र, ३४ स्वास्थ्य/उपस्वास्थ्य चौकी लगायत आयुर्वेद स्वास्थ्य केन्द्र, तथा औषधालय, गाउँघर क्लिनिक, खोप क्लिनिक र बर्थिङ्ग सेन्टर रहेका छन्। आयोजना प्रभावित भोटखोला गाउँपालिकामा जम्मा जम्मी १६ स्वास्थ्य संस्था रहेका छन्। सामुदायिक स्वास्थ्य इकाईको संख्या ११ रहेको छ भने आधारभूत स्वास्थ्य केन्द्र २, स्वास्थ्य केन्द्र ३ रहेका छन्।

स्थानीय रुपमा देखिने रोग तथा उपचार पद्दतिः आयोजना प्रभावित क्षेत्रमा गरिएको घरधुरी सर्वेक्षण अनुसार ३३.२ प्रतिशत घरधुरीमा कुनै खालको रोग लागेको पाइयो। आयोजना प्रभावित क्षेत्रमा विशेष गरि आँखासम्बन्धि रोग, टाइफाइड, दम, प्रशुती सम्बन्धी, चर्मरोग, मानसिक रोग लगाएतका रोगहरु बढी देखिन्छ। अध्ययनको समयमा कोभिड १९ लहर विश्वभर फैलिएको अबस्थामा यस क्षेत्रमा भने एक वर्षभित्र सर्वेक्षण गरिएका घरधुरीमा जम्मा १ जना मात्र कोभिड विरामी भएको पाइयो। गत एक वर्षमा दुर्घटना र सामान्य बिरामी बाहेक पुरुष ४९ जना तथा महिला ६० जना गरि जम्मा १०९ जनालाई विभिन्न खालका रोगहरु लागेको पाइयो जसमा आखा सम्बन्धि रोग तथा छाला तथा स्वासप्रस्वास सम्बन्धि रोग मुख्य रहेक छन्।

जल उपयोगः संखुवासभा जिल्लामा रहेका प्राकृतिक सम्पदाहरुमा नदीनाला प्रमुख रहेको देखिन्छ। हिउँले ढाकिएका हिमालय पर्वत भएकाले र मुलुककै ठुलो नदी कोशीको सबभन्दा ठुलो सहायक नदी अरुण नदी (प्रस्तावित आयोजनाको पानीको स्रोत) र वरुण नदी भएका कारण आयोजना क्षेत्रमा मझौला तथा ठुला जलविद्युत आयोजनाको प्रचुर सम्भावना रहेको छ। अरुण नदीबाट मात्रै ३००० मेगावाट भन्दा बढी जलविद्युत उत्पादन सम्भावना रहेको छ भने अन्य प्रमुख खोलाहरु (संखुवा, पिलुवा, सभा, माया, हेवा, अप्सुवा, पावा, सिसुवा खोलाहरु) मा पनि जलविद्युत उत्पादनका लागि प्रचुर सम्भावना छ। समग्रमा यो जिल्लामा पानीको उपयोग सबै भन्दा बढी जलविद्युत उत्पादन र त्यसपश्चात सिंचाईमा भएको पाइन्छ। केहि साना खोलाहरुका पानीबाट खेतीपातीमा सिंचाई हुने गरेको छ भने केहि ताल तथा पोखरी पर्यटकीय दृष्टिकोणबाट रमणीय छन्।

घ) धार्मिक तथा साँस्कृतिक सम्पदा र पर्यटकीय स्थल

पर्यटकीय स्थलः घरधुरी सर्वेक्षणका क्रममा आयोजना स्थल वरपर रहेका पर्यटकीय महत्वका स्थानका जानकारी संकलन गरिएको थियो। सर्वेक्षणका नतिजा अनुसार ९९ प्रतिशतले आफ्नो गाउँ वरपर पर्यटकीय महत्वको स्थल नभएको जानकारी गराएका थिए भने १ प्रतिशतले

आयोजना स्थलबाट अलिक टाढै रहेको लुङब साम्बुका (खर्क) बारेमा अवगत गराएका थिए। यहाँ खर्क भनेको पाटन वा चौर जस्तो खुल्ला क्षेत्रलाई जनाइन्छ।

सांस्कृतिक, धार्मिक संरचनाहरुः विभिन्न पत्रपत्रिकामा प्रकाशित लेख रचना अनुसार तिब्बतबाट किमाथाङ्का भएर नेपाल प्रवेश गर्ने अरुण नदीलाई स्थानियहरुले चाङबु छुम्बुक भन्छन्। यस गाउँपालिकाको सिम्बुङ, हटिया, चेपुवा, च्याम्ताङ, हुँगुङ, किमाथाङ्का, थुदाम, रिदाक, छुमसुर आदि गाउँमा मुख्यतया भोटे समुदायको मात्रै बसोबास रहेको छ। विभिन्न लेख रचना, शोधग्रन्थका अनुसार आयोजना प्रभावित क्षेत्रमा बसोबास गर्ने ल्होमी र नावा गरि दुइ शाखाका (बंश) रहेका छन्। २०४८ सालको जनगणनामा हिमाली भेगमा बसोबास गर्ने जनजातिमा भोटे, शेर्पा र थकाली मात्र उल्लेख थियो भने आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ को प्रतिवेदनले संखुवासभा र ताप्लेजुङको हिमाली भेगमा भोटेका अतिरिक्त ल्होमी, थुदुम, होलुङ र तोप्केगोला नामका हिमाली जनजातिको बसोबास छ भन्ने जानकारी प्रकाशित गर्यो। यसै क्रममा भाषा आयोगको वार्षिक प्रतिवेदन २०७८ अनुसार थप नौ वटा नयाँ भाषाहरु पहिचान गरेको छ, जसमा आयोजना प्रभावित क्षेत्रमा बोलिने नावा शेर्पा भाषालाई पहिलो पटक समेटिएको छ। रहनसहन भेषभुषा, शारीरिक बनावटमा खासै भिन्नता नदेखिए पनि ल्होमी र नावा बीच भाषिक भिन्नता देखिन्छ। यी जातजातिको धर्म, भाषा, संस्कृति बारे ज्यादै कमै मात्रमा अध्ययनतथा लेख रचनाहरु रहेकाले थप गहन अध्ययन अनुसन्धान आवश्यक रहेको देखिन्छ।स्थलगत अध्ययनका क्रममा आयोजना प्रभावित क्षेत्रमा रहेका धार्मिक सांस्कृतिक संरचनाहरुको विवरण पनि संकलन गरिएको थियो। यसै क्रममा आयोजना प्रभावित क्षेत्रमा भोटे जातिका विभिन्न सांस्कृतिक महत्व बोकेका धार्मिक संरचनाहरु रहेका छन्। छुमसुरको सप्ची गुम्बा, रिदाकको नामडुंङ गुम्बा, च्याम्ताङको यारा र थाङ गुम्बा, गुठिगुम्बाको याङगुठि गुम्बा, चेपुवाको सामलीङ गुम्बा, र घांग्री मण्डली चर्च, गाउँमा रहेका माने, पँधेरोहरु रहेको पाइयो।

संस्कृतिक रितिरिवाज, प्रमुख चाडवाड र समारोहः

आयोजना प्रभावित पालिकामा कुल जनसंख्याको ९७.६ प्रतिशत जनाजाति समुदायको बसोबास रहेकोमा सम्पूर्ण जनजाति भोटे समुदायका रहेका छन्। माथिल्लो अरुण उपत्यका क्षेत्रलाई आफ्नो थातथलो बनाई बसोबास गर्दै आएका भोटेहरुको आफ्नै पहिचान र मौलिक संस्कृति छ। आयोजना प्रभावित क्षेत्रमा बस्ने भोटे समुदायका अन्य समुदाय सँगको घुलमिल तथा सम्पर्कले बौद्ध धर्मका अलावा हिन्दु धर्ममा आधारित चाडपर्व पनि मान्ने गरेको पाइयो। स्थलगत अध्ययनका क्रममा गरिएको छलफलमा यस स्थानका भोटे जातिले तिहार, पुर्णिमा, होलि मान्न थालेको अवगत गराएका थिए। यसका अलावा घरधुरी सर्वेक्षण तथा सामुहिक छलफलको अनुसार करिब १० प्रतिशत भन्दा धेरै जनसंख्याले क्रिस्चियन धर्म मान्ने गरेको पाइयो। क्रिस्चियन धर्म अँगालेका भोटेहरुले प्रत्येक शनिबार चर्च गएर प्राथना गर्ने तथा क्रिसमस मनाउने गर्दछन। प्रमुख सूचनादाता अन्तरवार्ता, अनौपचारिक छलफल तथा प्रकाशित लेख रचनाहरुका आधारमा आयोजना प्रभावित क्षेत्रमा बसोबास गर्ने नावा तथा ल्होमी भोटे जातिले मनाउने मुख्य चाडपर्वहरुलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका २९: आयोजना प्रभावित पालिकाहरुमा मनाइने प्रमुख चाडपर्वहरु

क्र.स.	पुजा/चाडवाड	महत्व/बिधि
क.	लोसार	नयाँ वर्ष
ख.	बालि पुजा	बालीनाली राम्रो होस् भनेर आइतबार गरिने
ग.	नेताक गाउँ पुजा	रोगहरु गाउँ नछिरोस् भनि उधौली/उभौली मा गरिने
घ.	लु (नाग पुजा)	राम्रो होस्, लामा मार्फत गरिने पुजा, बलि नदिने
ङ.	युल्ला पुजा	कोदो,धान,मकै बालि राम्रो होस्, लामा मार्फत गरिने, भाले बलि दिने
च.	बुद्ध जयन्ति	लामाहरुले पुस्तक पढ्ने, खेतबारीमा गई पुस्तक पढ्ने परिक्रमा गर्ने
छ.	तोर्च्याक	पुस्तक पढ्ने, लामा नाच्ने
ज.	डब्ल	ऐतिहासिक बिजयको खुसियाली मा मानवको रक्षाको लागि गरिने पुजा
झ.	छिच्यु	तिब्बती छैटौं महिनाको १० औं दिन मनाउने

स्रोतः पहिचानको सेरोफेरोमा ल्होमी जाति साँङबु नुप्पा ल्होमी २०७२,स्थलगत अध्ययन, २०७९

ङ) आयोजनाबाट सम्पत्तिमा पर्ने प्रभाव

प्रभावित हुने निजी सम्पत्तिः प्रस्तावित आयोजना कार्यान्वयन गर्दा जग्गा, घरसंरचना, रुखबिरुवा लगायतका निजी सम्पत्ति क्षति सम्बन्धी केही महत्त्वपूर्ण नकारात्मक प्रभावहरू पर्ने देखिन्छ। यस आयोजनाबाट कुल २१० घरपरिवार प्रत्यक्ष रुपमा प्रभावित हुने देखिन्छ। प्रभावित मध्ये २०२ घरपरिवारको जग्गा मात्र प्रभावित हुने देखिन्छ, ७ घरपरिवारको जग्गा सहित घरसंरचना प्रभावित हुने देखिन्छ र १ घरपरिवारको आवासीय घर प्रभावित हुने देखिन्छ। यस आयोजनाबाट २०९ घरपरिवारको ५३.६९ हेक्टर निजी जग्गा अधिग्रहण गर्नुपर्ने देखिन्छ। त्यसैगरि प्रस्तावित जलविद्युत आयोजना कार्यान्वयनबाट कुल ११ वटा निजी घरसंरचनाहरू प्रभावित हुने देखिन्छ। प्रभावित हुने संरचनाहरुमा १ आवासीय घर, ६ बाखाको खोर, ३ गाईबस्तुको गोठ र १ शौचालय रहेका छन्। यस जलविद्युत आयोजनाबाट कुल ३,९८२ निजी रुखबिरुवाहरु प्रभावित हुने देखिन्छ। प्रभावित रुखबिरुवाहरु मध्ये काठ दाउराका ३,८७४, डालेघाँसका ९१ र बाँस १७ घना रहेका छन्।

जग्गा जमिनको मूल्यः आयोजना प्रभावित क्षेत्रका जग्गाजमिनको किनबेच खासै नहुने गरेको पाइयो। जग्गाको किसिम र उपयोगको आधारमा आयोजना प्रभावित क्षेत्रको जग्गाको स्थानीय चलन चल्तीको मुल्य प्रति रोपनी ४,००,००० देखि ९,५०,००० सम्म रहेको पाइयो। चलनचल्तीको मूल्य हेर्दा सबैभन्दा कम मूल्य खेती गर्न नमिल्ने पाखोबारीको रहेको पाइयो भने अलैची लगाएको बारीको मूल्य बढी रहेको पाइयो।


प्रभावित हुने सार्वजनिक संरचनाहरुः प्रस्तावित आयोजना कार्यन्वयनबाट कुनै पनि सार्वजनिक संरचनाहरु प्रभावित हुने देखिदैन। यदि आयोजना कार्यान्वयन चरणमा कुनै सार्वजनिक संरचना प्रभावित हुने अवस्था आएमा सरोकारवालासँग समन्वय गरि पुनर्स्थापना गरिने छ।

परिच्छेद ६: प्रस्तावको विकल्प विश्लेषण

यस किमाथांका जलविद्युत आयोजनाको वैकल्पिक विश्लेषणको प्राथमिक उद्देश्य आयोजनाको उद्देश्यहरू प्राप्तिको लागि वातावरणीय प्रभावहरूलाई न्यूनीकरण गर्दै वा थप रचनात्मक रूपमा आयोजनाको सबैभन्दा पर्यावरण अनुकूल वा उत्तम व्यवहारिक वातावरणीय विकल्पको निक्यौंल गर्नु रहेको छ। यस वैकल्पिक विश्लेषणले, थप दिगो भविष्यका लागि प्राविधिक सम्भाव्यता र आर्थिक व्यवहारिकताका हिसाबले ग्रहण गर्न सकिने (conceivable) वैकल्पिक विकल्पहरूको खोजि गर्नेछ। प्रस्तावित जलविद्युत आयोजनाको अध्ययनका क्रममा विभिन्न विकल्पहरुको अध्ययन कार्य पनि गरिएको थियो। वातावरण संरक्षण नियमावली २०७७ अनुसार वातावरणलाई कम वा न्यून क्षति मात्र हुने गरि आयोजनाका संरचनाहरू निर्माण तथा आयोजना सञ्चालन गर्नका निमित ऊर्जाको विकल्प, जलविद्युत आयोजनाको विकल्पहरुको अध्ययन र विश्लेषण गरिएको थियो। जसलाई तल उल्लेख गरिएका शिर्षकहरुमा व्याख्या गरिएको छ।

६.१ Layout **मा आधारित**

आयोजनाको सर्वेक्षण अनुमतिपत्र (लाइसेन्स) को सीमामा उपलब्ध हुनसक्ने कुल हेड (total head) को सदुपयोग गर्ने गरी आयोजनाका संरचनाहरुको अवस्थिति तथा मार्गरिखाहरुको विकल्पहरुको विश्लेषण गरिएको छ। नदी उपत्यकाको खोंचको आकार (Canyon shape), नदी उपत्यकाको ढलानको स्थिरता (भूबनोट तथा भूगर्भ), उच्च प्रवाह (peaking) का लागि आयोजना स्थलमा नेपाल-चीन सीमा रेखाको अवस्थितिले आउने जलाशयको पहुँचको जटिलताले उपलब्ध भण्डारण आयतन, waterway alignment को लम्बाई तथा विद्युतगृह स्थलसम्मको निकटता लगायत प्रमुख मापदण्डको आधारमा ४ वटा बाँधस्थलको अवस्थितिको विकल्पहरु विश्लेषण गरिएको थियो भने विद्युतगृह स्थलको अवस्थितिको चार वटा विकल्प सहित सम्भावित पथान्तरण स्थल (diversion sites) को आधारबाट कुल ९ वटा विकल्पहरु (बाँध विकल्प A, बाँध विकल्प B१, बाँध विकल्प B२, बाँध विकल्प C१, बाँध विकल्प C२, बाँध विकल्प C३, बाँध विकल्प C४ र बाँध विकल्प D) को अध्ययन गरिएको थियो।



चित्र १२: तुलनात्मक अध्ययन गरिएका आयोजनाको layout विकल्पहरु (Dam option A, B, C र D)

६.२ विकल्पहरूको तुलनात्मक मूल्याङ्कनमा आधारित

अध्ययनको आधारमा, निष्कर्षहरू, तथ्यांक सङ्कलन, थप मूल्याङ्कन र ती आधारमा विश्लेषण, सबै पहिचान गरिएका विकल्पहरूको हाइड्रोलिक (Hydraulic) संरचनाहरू मूल्याङ्कन गरियो र प्रत्येक विकल्पको लागि निर्दिष्ट निम्न विशेषता मापदण्डहरू प्रस्तुत गरिएको छ। छुम्सर बस्तीको उत्तर तर्फ RoR को कुल पाँच वटा विकल्प (विकल्प A, विकल्प B१ र B२, विकल्प C१ र C२); Peaking Run of River (PRoR) मा छुम्सर बस्तीको उत्तर २ वटा विकल्प (विकल्प C३ र C४) र बस्तीको उत्तर-पूर्व २ वटा विकल्प (विकल्प D१ र D२) layout तयार गरियो। अरुण नदीको साँघुरो मार्ग र तटको भिरालो प्रकृतिको श्रेयले गेग्रान, बगेर आएका चट्टान, गिट्टी, इत्यादिको अवस्थिति नदी भरी अत्याधिक देखिन्छ। गेग्रानको उपस्थितिले मथिल्लो तटका विकल्पहरुको intake प्रणालिमा अवरोधहरु पर्ने सम्भावना छ। छुम्सर बस्तीका बासिन्दाहरुको अन्तर्वार्ता बाट अरुण नदीमा पहिरो र खोल्सिहरुबाट बगेको थुपरोले प्राकृतिक बाँधको अवस्थिति रहेको तथ्याङ्क थप भौगोलिक अध्ययन बाट पुस्ठी भयो र परिकल्पना गरिएको बाँधको foundation, bedrock स्तर भन्दा माथि हुने र निर्माण खर्च प्रारम्भिक अध्ययन बमोजिम भन्दा भिन्न हुने देखिन्छ । २०४२.५० मीटर (समुद्री सतह बाट) मा रहेको नेपाल-चीन सीमा रेखाका कारण समस्याको निर्मूलताका निम्ति बाँधको उचाई घटाए, RoR प्रणालीमा गेग्रानको व्यवस्थापनको अवरोधहरु बढ्ने देखिन्छ। साथै, ऊर्जा उत्पादनको परिदृश्यले Topographic नक्साको आधारमा diversion प्रणाली (HRT) को अवस्थिति नदीको दाहिने तट भन्दा देब्रे तटमा स्थापना गर्दा कुल head उपयोग हुने देखिन्छ तर पनि layout योजना अनुसार tailrace सुरुङको निर्माण अरुण नदी काटदै जानु पर्ने भएकाले, देब्रे तटमा diversion प्रणालीको अवस्थिति जटिल देखिन्छ। दाहिने तटमा diversion प्रणाली स्थापना गर्दा उल्लेखनीय head loss हुने पनि देखियो। त्यसर्थ, तुलनात्मक अध्ययनको निम्ति थप अध्ययन, स्थलगत अवलोकन र तथ्यांक संकलन गरियो।

६.३ भण्डारणमा आधारित

अध्ययनको प्रारम्भिक चरणमा, प्राविधिक र आर्थिक दुवै पक्षहरूको सन्दर्भमा बाँध विकल्प A, विकल्प B, विकल्प C र बाँध विकल्प D तुलना गरिएको थियो। विकल्प A र विकल्प B बाँधको प्रस्ताव RoR प्रणाली बमोजिमको ३२ मीटर भन्दा अग्लो नराखिने gated weir मा गरियो । भण्डारणको अवस्थितिले अरुण नदीको साँघुरो मार्ग र तटको भिरालो प्रकृतिको श्रेयले intake प्रणालीमा अवरोध ल्याउने गेग्रान, बगेर आएका चट्टान, गिट्टी, इत्यादिको कारण, २०४२.५० मीटर (समुद्री सतह बाट) मा रहेको नेपाल-चीन सीमा रेखाका समस्याले विकल्प B, विकल्प A भन्दा अनुकूल देखिन्छ । यसका साथै, तटीय स्थिरताले विकल्प B मा बाँधको निर्माण अन्य विकल्पको तुलनामा पनि सहज रहेको छ । भण्डारणको आधारमा विकल्प B, विकल्प C र विकल्प D को बाँध निर्माण अध्ययनको लागि छनोट गरिएको थियो ।

६.४ भण्डारण, नदी प्रवाहमा आधारित (Run-of-River)/अर्धजलाशययुक्त (Peaking Run of River) मा आधारित

आयोजनाको भण्डारण विकल्पहरु अध्ययनमा उल्लेख गरिएका सिफारिसहरू अनुसार, विद्युतगृह विकल्पहरू पनि गणना गर्दा RoR प्रणालीमा विकल्प B१ र PRoR प्रणालीमा विकल्प C१, विकल्प C३ तथा विकल्प D१ को परिकल्पना तुलनात्मक अध्ययनको लागि छनोट गरिएको थियो। तुलनात्मक अध्ययन अनुसार ३ वटै विकल्प आकर्षक विकल्प देखिन्छ। RoR विकल्पको लागि आयोजनाको प्रारम्भिक आधार लागत ८१४ मिलिएन अमेरिकी डलर रहेको छ र PRoR को लागि विकल्प C र D को क्रमशः ९४६ मिलिएन अमेरिकी डलर र १०९१ मिलिएन अमेरिकी डलर रहेको छ। लागत-लाभ विश्लेषणले विकल्प D भन्दा विकल्प C र विकल्प C भन्दा विकल्प B आकर्षक छ। आर्थिक विश्लेषणले विकल्प B को परिदृश्य अनुकूल देखिए पनि, अरुण नदीको प्रकृतिको श्रेयले भौगोलिक अवरोधहरु भविष्यमा माथिल्लो तटमा उल्लेखनीय हुन सक्ने अनुमान गरियो। अझ, लाइसेन्स क्षेत्रको सर्वेक्षण बमोजिमको विद्युत उत्पादन क्षमताले आयोजनाको RoR प्रणाली आकर्षक छैन। तसर्थ, अध्ययन चरण पछि, बाँध विकल्प C र विकल्प D को स्थानमा विद्युतगृह सहित जलविद्युत आयोजनालाई PRoR आयोजनाको रूपमा विचार गरी तुलनात्मक अवलोकन गर्दा, विकल्प D को headloss का कारण विद्युत क्षमताका आधारले विकल्प C को बाँध निर्माण अनुकूल रहेको छ।

६.५ आयोजनाको मासिक प्रवाह विकल्प

अरुण नदीको मासिक प्रवाहको बमोजिम मासिक र वार्षिक ऊर्जा उत्पादनको परिदृश्यहरु विश्लेषण गरियो। E-flow को आवश्यकता अनुसार १०% को मासिक प्रवाह तल्लो तटमा अनिवार्य छोडनु पर्ने रहेकाले, त्यस आधारबाट विश्लेषण गरिएको थियो।

तालिका ३०: मासिक ऊर्जा उत्पादनको विविरण


महिना	मासिक दिन	औसत मासिक प्रवाह (घन मीटर प्रति से.)	E-release को आवश्यकता (घन मीटर प्रति से.)	ऊर्जा उत्पादनको लागि उपलब्ध हुने प्रवाह (घन मीटर प्रति से.)	ऊर्जा उत्पादनको लागि उपलब्ध जल (घन मीटर)	विद्युत उत्पादन (मे.वा.)	मासिक ऊर्जा - सुक्खायाम (GWh)		मासिक ऊर्जा - वर्षायाम (GWh)		**कुल मासिक ऊर्जा (GWh)**
							peak	off-peak	peak	off-peak	
January	३१	६०.०८	४.८०१	५५.२८	४७७५८२१	४५४.०७	८४.४६	४५.६७			१३०.१३
February	२८	५६.२२	४.८०१	५१.४२	४४४२५३४	४५४.०७	७६.२८	३३.०५			१०९.३४
March	३१	५४.२८	४.८०१	४९.४८	४२७४७५७	४५४.०७	८४.४६	३२.०२			११६.४८
April	३०	४८.०१	४.८०१	४३.२१	३७३३३०९	४५४.०७	८१.७३	१६.७१			९८.४४
May	३१	७८.२	४.८०१	७३.४०	६३४१८९१	४५४.०७	८४.४६	८८.३५			१७२.८
June	३०	२३७.१७	४.८०१	२३२.३७	२००७६७९१	४५४.०८			८१.७३	२४५.२	३२६.९४
July	३१	५२३.८	४.८०१	५१९.००	४४८४१२८५	४५४.०८			८४.४६	२५३.३८	३३७.८४
August	३१	५६२.८	४.८०१	५५८.००	४८२१११०८	४५४.०८			८४.४६	२५३.३८	३३७.८४
September	३०	४०३.९	४.८०१	३९९.१०	३४४८२१४८	४५४.०८			८१.७३	२४५.२	३२६.९४
October	३१	१८४.८२	४.८०१	१८०.०२	१५५५३३५७	४५४.०८			८४.४६	२५३.३८	३३७.८४
November	३०	९८.१	४.८०१	९३.३००	८०६११४३	४५४.०८			८१.७३	१३०.८३	२१२.५७
December	३१	७०.०६	४.८०१	६५.२६०	५६३८३४४	४५४.०७	८४.४६	६९.१८			१५३.६३
कुल जम्मा	३६५						४९५.८५	२८४.९८	४९८.५८	१३८१.३७	२६६०.७७

तालिका ३१: तल्लो तटिय क्षेत्रमा मासिक प्रवाहको १०% छोडेपछि आउटेज सहित उत्पादन हुने विद्युत ऊर्जाको सारांश

सि.नं	विवरण	वार्षिक ऊर्जा (GWh)	आउटेज %	कुल वार्षिक ऊर्जा ऊर्जा (बिक्री योग्य) (GWh)
१	Dry Off Peak Energy (GWh)	६२.०९	२%	४८५.९३
२	बर्खा यामको उर्जा (GWh)	३४७.९२	५%	२७९.२८
कुल ऊर्जा उत्पादन (GWh)		६९.९६		२५५१.१६

६.६ आयोजनाको Turbine को विकल्प

जेनेरेटर टर्मिनलमा १४३.५ घन मीटर को डिजाइन प्रवाह र ३६७.५१ मि. को रेट गरिएको नेट हेडको लागि, आयोजनाको स्थापित क्षमता ४५४.०७ मेगावाट गणना गरिएको छ। स्थापित क्षमताहरू, अनुकूलन अध्ययनको नतिजाहरूमा आधारित छन् र यी अनुमानित मानहरू हुन्। Turbine विकल्पहरूको अनुकूलन अध्ययनको लागि ४ युनिट देखि ७ युनिटको स्थापित क्षमता, ट्रान्सफर्मर तथा rotor shaft को तौल, र आर्थिक मूल्याङ्कन (cost र revenue) को विश्लेषण गरियो।



चित्र १३: Turbine अध्ययनको विकल्पहरु

प्रत्येक टर्बाइनको मूल्याङ्कन गर्दा, पेल्टन टर्बाइन र फ्रान्सिस टर्बाइनको जडान आयोजनाको लागि उचित देखिए । तर, अरुण नदीको अत्याधिक गेग्रानको अवस्थितिको जटिलताका कारण, मर्मतसम्भारको पक्षबाट हरिजन्टल पेल्टन टर्बाइनको जडान सबैभन्दा उचित देखियो। ४ युनिटको सङ्ख्याको आधारमा ९०% को योग्यताले टर्बाइनको अधिकतम क्षमता ११६.४१ मेगावाट देखिन्छ ।

६.७ आयोजना विनाको विकल्प

यस किमाथंका अरुण जलविद्युत आयोजना निर्माण भएको खण्डमा संखुवासभा जिल्ला र कोशी प्रदेशको लागि अति आवश्यक विकल्प देखिन्छ। यस आयोजना निर्माण भएमा जिल्लाकै ज्यादै गौरवको योजना हुने र उत्पादित विद्युतले समग्र जिल्ला, प्रदेश मात्र नभई सिंगो राष्ट्रको निमित्त आवश्यकता पुर्याउने र यसबाट उत्पादित विद्युत नेपालले चीन तथा भारत, तर्फ पनि बिक्री गरी राजश्व वृद्धि हुन् गई देशको आर्थिक विकासमा सघाऊ पुर्याउनेछ। तसर्थ आयोजना विनाको विकल्पलाई अध्ययनको क्रममा छोडिएको तथा आयोजनाका निमित्त छानिएको उपयुक्त विकल्प सहित वातावरणलाई कम असर पर्ने गरी आयोजना कार्यान्वयन कार्य अगाडी बढाउन उचित देखिन्छ।

परिच्छेद ७: प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने प्रभाव तथा संरक्षणका उपाय

७.१. प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने प्रभाव

यस प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने प्रभावहरुलाई स्वीकृत कार्यसूचीमा पहिचान गरिएका वातावरणीय सवालहरु स्थलगत अध्ययन र सार्वजनिक सुनुवाई तथा परामर्शहरुका आधारमा निम्नानुसार पहिचान गरि तिनीहरुको प्रकृति (प्रत्यक्ष/अप्रत्यक्ष, अनुकुल/प्रतिकुल) र तह/स्तर (परिमाण, सिमा र अवधि) का आधारमा विश्लेषण गरि निम्न तालिकामा प्रस्तुत गरिएको छः

तालिका ३२: प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने प्रभाव (पूर्व/निर्माण चरणमा)

क्र.स.	प्रभाव क्षेत्र	पर्ने प्रभाव (issues/impacts)	प्रकृति		तह			जम्मा अङ्कमान	सार्थकता
			प्रत्यक्ष/अप्रत्यक्ष	अनुकुल/प्रतिकुल	परिमाण	सिमा	अवधि		
क. भौतिक वातावरणमा पर्ने प्रभाव									
		आयोजना स्थलको भौतिक वातावरण सम्बन्धि तथ्याङ्क संकलनः आयोजना सम्बन्धि विस्तृत अध्ययनको क्रममा आयोजना क्षेत्रको भौतिक वातावरण सम्बन्धी तथ्याङ्क/जानकारीहरु संकलन तथा अभिलेखन गरिने हुँदा सो क्षेत्रको विद्यमान वास्तविक वस्तुस्थितिको जानकारी प्राप्त हुने।	अप्रत्यक्ष	अनुकुल	मध्यम २०	स्थानीय २०	मध्यम १०	५०	सार्थक
		भू-क्षय, पहिरो र भू-अस्थिरताको जोखिम न्यूनीकरणः आयोजनाका संरचनाहरुको सुरक्षार्थ प्रभाव क्षेत्रमा गरिने भू तथा जलाधार व्यवस्थापन सम्बन्धि कार्यले सो क्षेत्रको भू-क्षय, पहिरो र भू-अस्थिरताको जोखिम न्यूनीकरणमा सहयोग पुग्ने।	प्रत्यक्ष	अनुकुल	मध्यम २०	स्थानीय २०	दीर्घकालीन २०	६०	सार्थक
१.	जमिन	**भू-स्वरूप र परिदृश्य (प्राकृतिक सौन्दर्य) मा आउने परिवर्तनः** जलाशय बाहेक स्थायी रुपमा करिब ९०.७५ हेक्टर जमिनको भू-स्वरूपमा परिवर्तन हुने <u>कारकहरू:</u> • आयोजनाको संरचनाहरु अवस्थित हुने स्थलहरुमा कटान, फँडानी, सरसफाइ र निर्माण स्थल तयारीका कामहरू • कङ्क्रिटका ठूला संरचना निर्माण	प्रत्यक्ष	प्रतिकुल	उच्च ६०	स्थलगत १०	दीर्घकालीन २०	९०	अति सार्थक
		भू-क्षय, पहिरो र भू-अस्थिरता : आयोजना क्षेत्रमा भिरालो जमीनको अस्थिरता (slope instability) लगायत प्राकृतिक कारणका अलावा निर्माण गतिविधिका कारण समेत भू-क्षय, पहिरो जस्ता विपदको सम्भावना । <u>कारकहरू:</u> • सुरुङ्ग उत्खनन् गतिविधिहरु, सर्ज सुरुङ्ग/शाफ्ट र भूमिगत विद्युतगृह आदि संरचना निर्माणको क्रममा गरिने उत्खनन, जमिन सम्याउने, विष्फोटन लगायतका कार्यहरू • प्राकृतिक कारण (slope failure, नदीद्वारा कटान लगायत) • प्रस्तावित पुलहरुको जग र पहुँच सडक निर्माणका लागि उत्खनन् कार्य, यान्त्रिक मेसिनरीहरूको प्रयोगले अस्थिरता, र माटोको क्षरणको कारणले जाने पहिरो लगायतका प्रकोपहरुको जोखिम	प्रत्यक्ष	प्रतिकुल	मध्यम २०	स्थलगत १०	दीर्घकालीन २०	५०	सार्थक
		भू-उपयोगमा आउने परिवर्तनः यस आयोजनाको कारण कुल १६८.७३ हेक्टर जमिनको विद्यमान भू-उपयोगमा परिवर्तन आउने। <u>कारकहरू:</u> • वन, कृषि तथा आवासीय क्षेत्रको जग्गा प्राप्त गरी आयोजनाका संरचना निर्माणार्थ प्रयोग गरिने	प्रत्यक्ष	प्रतिकुल	मध्यम २०	स्थलगत १०	दीर्घकालीन २०	५०	सार्थक

क्र.स.	प्रभाव क्षेत्र	पर्ने प्रभाव (issues/impacts)	प्रकृति		तह			जम्मा अङ्कमान	सार्थकता
			प्रत्यक्ष/अप्रत्यक्ष	अनुकुल/प्रतिकुल	परिमाण	सिमा	अवधि		
		माटोमा पर्न सक्ने दुष्प्रभाव र सतही माटोको ह्रास : आयोजनाको शिविर, निर्माण स्थल, यान्त्रिक भण्डारण तथा मर्मत सम्भार स्थल, ईन्धन भण्डारण स्थल, हिलो/लेदो विग्रहन स्थल आदि स्थानहरुमा जमिन/माटोमा विद्यमान भौतिक/रासायनिक गुणमा ह्रास आउने। कारकहरू: • आयोजनाको निर्माण स्थल, खानी तथा उत्खनन स्थल, शिविर क्षेत्र लगायत स्थानहरुबाट उत्सर्जन हुने निर्माणजन्य फोहर, रासायनिक पदार्थ, ढल लगायत जैविक/अजैविक, ठोस/तरल फोहोरहरु • Site clearance तथा निर्माण स्थलहरुको तयारीका क्रममा हुने सतही माटो कटान तथा कटान गरिएको माटोको व्यवस्थापन पर्याप्त/उपयुक्त नहुनु • निर्माण कार्यमा प्रयोग हुने तेल, ग्रिज लगायत रासायनिक पदार्थहरुको उचित र सुरक्षित भण्डारणको अभावमा चुहावट हुने वा दुर्घटनावश पोखिने घटना तथा त्यस्ता पदार्थहरुको अनुचित विसर्जन/निष्कासन • आयोजनाको सुरुङ्ग लगायत भूमिगत संरचना तथा अन्य संरचनाको लागि जमिन उत्खननका क्रममा निस्कने भौगर्भिक पदार्थ जोखिमयुक्त/हानिकारक भएको वा जमिनको सतहमा उपस्थित भौगर्भिक पदार्थ भन्दा भिन्न प्रकृति/गुणको भएको खण्डमा त्यस्ता पदार्थहरुका कारण माटोमा पर्ने भौतिक रासायनिक प्रभाव तथा माटोमा संक्रमण (contamination) को जोखिम • आयोजना निर्माणको क्रममा उत्सर्जन भएका विभिन्न प्रकृतिका फोहरको अव्यवस्थित विसर्जन • आयोजना निर्माण चरणमा गरिने उत्खननबाट निस्कने करिब ३१,०७,९७८ घनमिटर लेदो माटो, ढुङ्गा (muck/spoil)	प्रत्यक्ष	प्रतिकुल	निम्न १०	स्थलगत १०	मध्यम १०	३०	नगण्य
१.	वायु मण्डल	**वायु प्रदूषण (वायु गुणस्तरमा आउने ह्रास) :** आयोजना निर्माण चरणमा संचालन हुने निर्माण उपकरणहरु तथा निर्माण गतिविधिहरुका कारण आयोजना क्षेत्रको वायुको गुणस्तरमा ह्रास आउने। कारकहरू: • निर्माण सामग्री ढुवानी गर्ने सवारी-साधनहरुको आवागमनका कारण धुँवा धुलोको उत्सर्जन • उत्खनन् कार्य, ड्रिलिङ्ग कार्य, विष्फोटन कार्य, ब्याचिङ्ग प्लान्ट संचालन • आयोजनाको सुरुङ्ग उत्खननका क्रममा निस्कने ग्याँसनिर्माण कार्यमा प्रयोग हुने ठूला र भारी प्रकृतिका उपकरण, सवारी साधन तथा निर्माण उर्जाको लागि संचालन गरिने डिजेल जेनेरेटर सेटमा पेट्रोलियम पदार्थ खपत हुँदा उत्सर्जन हुने धुँवा • निर्माण सामाग्रीहरुको अव्यवस्थित भण्डारण र ढुवानीका क्रममा धुलोको उत्सर्जन	प्रत्यक्ष	प्रतिकुल	मध्यम २०	स्थानीय २०	अल्पकालिन ५	४५	सार्थक
२.	पानी	**पानीका मूलहरू सुक्ने वा भूमिगत पानीको सतहमा परिवर्तन आउनेः** आयोजनाको निर्माण कार्य (मुलतः भूमिगत सुरुङ्ग उत्खनन जस्ता भूमिगत संरचनाको निर्माण कार्य) ले पानीका मूलहरु सुक्ने वा मूलहरुले अवस्थिति तथा वहाव परिवर्तन हुने सम्भावना रहन्छ जसको कारण त्यस्ता मुहान उपयोग गरिरहेका परिवार तथा उपभोक्ताहरुलाई प्रत्यक्ष असर पर्न सक्छ। कारकहरू: • सुरुङ्ग लगायत भूमिगत र अन्य संरचनाका लागि गरिने भूमिगत उत्खनन तथा निर्माण कार्य • आयोजनाको आन्तरिक पहुँच सडकहरुको निर्माण	प्रत्यक्ष	प्रतिकुल	मध्यम २०	स्थलगत १०	दीर्घकालीन २०	५०	सार्थक

क्र.स.	प्रभाव क्षेत्र	पर्ने प्रभाव (issues/impacts)	प्रकृति		तह			जम्मा अङ्कमान	सार्थकता
			प्रत्यक्ष/अप्रत्यक्ष	अनुकुल/प्रतिकुल	परिमाण	सिमा	अवधि		
		• निर्माण स्थलको तयारी (माटो कटान, रुखबिरुवा फडानी, जमिन सम्याउने, नाला निर्माण आदि) कार्यका कारण जमिन/धरातल तथा भू स्वरुपको परिवर्तन • विष्फोटन जस्ता आयोजना निर्माण सम्बद्ध कार्यहरु • निर्माण शिविर तथा आयोजनाका लागि बन्ने अन्य सुविधा तथा शिविरहरुका लागि पानी आपूर्तिका लागि मुहानहरुमा थप भार							
		जल प्रदूषण (पानीको गुणस्तरमा आउने ह्रास) : निर्माण गतिविधिसंग सम्बद्ध क्रियाकलापले अरुण नदीको पानीको भौतिक तथा रासायनिक गुणस्तरमा परिवर्तन/ह्रास आउने। <u>कारकहरू:</u> • आयोजनाको सुरुङ्ग लगायत भूमिगत संरचना तथा अन्य संरचनाको लागि जमिन उत्खननका क्रममा निस्कने भौगर्भिक पदार्थ जोखिमयुक्त/हानिकारक भएको वा जमिनको सतहमा उपस्थित भौगर्भिक पदार्थ भन्दा भिन्न प्रकृति/गुणको भएको खण्डमा वा उत्खननका क्रममा निस्कने पानीमा त्यस्ता पदार्थहरु भएको खण्डमा त्यस्ता पदार्थहरु माटोमार्फत वा सोझै पानीमा मिसिएर पानीमा भौतिक रासायनिक प्रभाव तथा संक्रमण (contamination) को सम्भावना हुने • निर्माण चरणमा प्रयोग हुने रासायनिक पदार्थहरु (जस्तै oils, latex paints, Mobil, grease, lubricants, पेंट, Varnish, सफाई रसायन, aqueous oil based materials) तथा तरल फोहरहरुको चुहावट वा दुर्घटनावश पोखिने घटना • निर्माणका लागि क्रसर प्लान्ट संचालन, बालुवा प्रशोधन गर्दा तथा यान्त्रिक साधनहरु पखाल्दा निस्कने पानीको विसर्जन • सुरुङ्ग उत्खननमा प्रयोग हुने विष्फोटक पदार्थमा भएको रासायनिक पदार्थ माटो र पानीमा मिसिने सम्भावना • पेट्रोलियम पदार्थ खपत गर्ने डिजेल जेनेरेटर, भारी उपकरण लगायत यान्त्रिक उपकरणबाट तेल चुहावट भइ नजिकको पानीको श्रोतमा मिसिन सक्ने • व्याट्री लगायत विद्युतीय सामग्री तथा उपकरणको अनुचित विसर्जन • निर्माण शिविर बाट निस्कने फोहोर (ठोस वा तरल) यद्दपी अरुण नदि सदाबहार प्रवाह हुने नदी भएको र यसको औसत वार्षिक वहाव १९८.१ घन मिटर प्रति सेकेन्ड रहेकोले नदीमा मिसिने भौतिक तथा केहि रासायनिक पदार्थहरु केही स्तरसम्म प्राकृतिक रुपमा नै शुद्धिकरण हुने सम्भावना रहन्छ।	प्रत्यक्ष	प्रतिकुल	मध्यम २०	स्थलगत १०	अल्पकालिन ५	३५	नगण्य
३.	ध्वनि	**ध्वनि प्रदूषण** : आयोजनाको निर्माण गतिविधिहरु मुख्यतया बाँधको जग उत्खनन कार्य, खानीजन्य उत्खनन र प्रशोधन, सुरुङ्ग उत्खननको बेला गरिने विष्फोटन, ब्याचिङ्ग प्लान्टको संचालन र निर्माण कार्यमा प्रयोग हुने भाइब्रेटर, डोजर, लोडर, रोलर, क्रेन, जेनेरेटर, पम्प जस्ता भारी उपकरणहरुले आयोजना क्षेत्रमा आवाज र कम्पन उत्पन्न गर्दछन्। आयोजना क्षेत्रको वरपर रहेका बस्तीहरूमा ध्वनी प्रदुषणको प्रभाव पर्न सक्छ।	प्रत्यक्ष	प्रतिकुल	मध्यम २०	स्थलगत १०	अल्पकालिन ५	३५	नगण्य

क्र.स.	प्रभाव क्षेत्र	पर्ने प्रभाव (issues/impacts)	प्रकृति		तह			जम्मा अङ्कमान	सार्थकता
			प्रत्यक्ष/अप्रत्यक्ष	अनुकुल/प्रतिकुल	परिमाण	सिमा	अवधि		
४.	अन्य	**हरितगृह ग्याँसको उत्सर्जनमा वृद्धि हुने :** आयोजना निर्माण चरणमा प्रयोग हुने उपकरणहरुको संचालन गर्दा जीवाष्म तेल (पेट्रोलियम) को खपतबाट र निर्माण सम्बन्धी अन्य कार्यबाट हरितगृह ग्याँस (GHGs) उत्सर्जन हुने । कारकहरू: • निर्माण सामग्री ढुवानी गर्ने सवारी-साधनहरु र निर्माण कार्यमा प्रयोग हुने ठूला र भारी प्रकृतिका उपकरणहरुको संचालन • उत्खनन् कार्य, ड्रिलिङ्ग कार्य, विष्फोटन कार्य, ब्याचिङ्ग प्लान्ट संचालन • आयोजनाको सुरुङ्ग उत्खननका क्रममा उत्सर्जन हुने ग्याँस • निर्माण शिविरबाट निस्कने जैविक फोहोरको उचित व्यवस्थापन नगर्दा निस्कने मिथेन (CH_4) ग्यास • निर्माण उर्जा उत्पादनका लागि डिजेल जेनेरेटर सेटको प्रयोग • Site clearance को दौरान कटान गरिएको वनस्पति कुहिने वा अपघटन हुनुको परिणाम	प्रत्यक्ष	प्रतिकुल	निम्न १०	स्थलगत १०	अल्पकालिन ५	२५	नगण्य
ख. जैविक वातावरणमा पर्ने प्रभाव									
आयोजना स्थलको जैविक वातावरण सम्बन्धि तथ्यांक संकलनः जैविक वातावरण सम्बन्धी तथ्यांक र जानकारीहरुको अभिलेखन हुने र सो अन्य योजना तथा कार्यक्रम तर्जुमा गर्न समेत उपयोगी हुने			प्रत्यक्ष	अनुकुल	मध्यम २०	स्थानीय २०	मध्यम १०	५०	सार्थक
१.	वन/जङ्गलको क्षय	**वन क्षेत्र विनाश :** आयोजनाका संरचना स्थापना गर्नका निम्ति १००.६४ हेक्टर (नदीको क्षेत्र १९.९६ हेक्टर सहित) वन क्षेत्र आवश्यक पर्ने विद्यमान अवस्थामा रहेको वन क्षेत्र मासिने छ। कारकहरू: • आयोजना संरचना निर्माण स्थलहरु • आयोजनाको जलाशय क्षेत्रमा ४३.०१ हेक्टर वन क्षेत्र (नदीको क्षेत्र १३.९१ हेक्टर बाहेक) डुबान हुने • आयोजना क्षेत्र वरपर हुने बस्ती विस्तारले वन क्षेत्र अतिक्रमण हुन सक्ने • निर्माण शिविरमा खाना पकाउन दाउराको प्रयोग भएको खण्डमा वन विनाश हुन सक्ने	प्रत्यक्ष	प्रतिकुल	मध्यम २०	स्थलगत १०	दीर्घकालीन २०	५०	सार्थक
		वन डढेलोमा वृद्धि हुन सक्ने : • निर्माणको क्रममा दुर्घटनावश हुने आगलागी • मान्छेको आवतजावत बढेर शिकार वा अन्य प्रयोजनका लागि नियतवश गरिने आगलागी	प्रत्यक्ष	प्रतिकुल	मध्यम २०	स्थलगत १०	मध्यम १०	४०	नगण्य
		वनस्पतिको विनाशः वि.स. २०७९ जेष्ठ महिनामा गरिएको स्थलगत अध्ययन अनुसार आयोजनाको संरचना निर्माण गर्न मध्यवर्ती/सामुदायिक वन र निजि जमिनमा गरि कुल १०,८५९ वटा रुख तथा पोलमा क्षति पुग्ने देखिन्छ । **(विस्तृतमा अनुसूची ७: को खण्ड ७: प्रयोग हुने वन क्षेत्र, हटाउनुपर्ने रूखबिरुवाको लगत विवरण र क्षतिपूर्ति योजना शीर्षकको तालिका ४ मा समावेश गरिएको छ)**	प्रत्यक्ष	प्रतिकुल	मध्यम २०	स्थलगत १०	दीर्घकालीन २०	५०	सार्थक
		दुर्लभ तथा लोपोन्मुख वनस्पतिमा पर्न सक्ने असरः आयोजना प्रत्यक्ष प्रभाव क्षेत्रभित्र र आयोजना क्षेत्रमा रहेका दुर्लभ तथा लोपोन्मुख वनस्पतिमा असर पर्ने । कारकहरु: • आयोजना संरचनाहरु निर्माण क्रममा Site Clearance • आयोजनाको जलाशय क्षेत्रमा हुने डुबान • आयोजना क्षेत्र वरपर हुने वस्ती विस्तारले हुन सक्ने वन क्षेत्र अतिक्रमण • निर्माण शिविरमा खाना पकाउन इन्धनको रुपमा दाउराको प्रयोग भएको खण्डमा हुन सक्ने वनस्पतिको विनाश	प्रत्यक्ष	प्रतिकुल	उच्च ६०	स्थलगत १०	दीर्घकालीन २०	९०	अति सार्थक

क्र.स.	प्रभाव क्षेत्र	पर्ने प्रभाव (issues/impacts)	प्रकृति		तह			जम्मा अङ्कमान	सार्थकता
			प्रत्यक्ष/अप्रत्यक्ष	अनुकुल/प्रतिकुल	परिमाण	सिमा	अवधि		
		• वन डढेलो							
		रैथाने वनस्पति लोप हुनेः आयोजनाका शिविर क्षेत्र, कार्यालय क्षेत्र वरपर सुन्दरताका लागि आयातित विरुवा रोपिएको खण्डमा र आयोजनाले प्रबर्द्धन गर्ने कार्यक्रमहरुमा आयातित विरुवालाई बढी प्राथमिकता दिएको खण्डमा रैथाने वनस्पति लोप हुने सम्भावना बढ्ने ।	प्रत्यक्ष	प्रतिकुल	निम्न १०	स्थलगत १०	अल्पकालिन ५	२५	नगण्य
		मिचाहा प्रजातिहरू (Invasive Species) स्थापित हुन सक्ने : बाहिरबाट निर्माण सामग्री ल्याउँदा र जनशक्तिको अधिक ओहोरदोहोर हुँदा मिचाहा प्रजातिहरूको बिउ वा अन्य पुनरुत्पादन हुन सक्ने भाग भित्रिन सक्ने हुँदा मिचाहा प्रजाति स्थापित भई रैथाने प्रजातिका वनस्पतिलाई विस्थापित गराउने सम्भावना हुन्छ तथा निर्माणको क्रममा खल्बलिएको परिस्थितिकीय प्रणालीमा मिचाहा प्रजातिहरू सजिलै स्थापित हुन सक्ने।	प्रत्यक्ष	प्रतिकुल	निम्न १०	स्थलगत १०	अल्पकालिन ५	२५	नगण्य
२.	जीवजन्तु	**वन्यजन्तुको विचरण र आवतजावतमा खलल पुग्नेः** निर्माणका बेला उत्पन्न हुने ध्वनि, कम्पन, सवारी साधनको आवागमन, प्रयोग गरिने प्रकाश तथा मानवीय गतिविधि बढ्नाले वन्यजन्तु तर्सिएर आफ्नो दैनिक चालचलन र आफ्नो वासस्थान परिवर्तन गर्न सक्छन्। साथै यसले गर्दा वन्यजन्तुको विचरण/आवतजावतमा असर पर्ने सक्ने।	प्रत्यक्ष	प्रतिकुल	मध्यम २०	स्थलगत १०	दीर्घकालीन २०	५०	सार्थक
		वन्यजन्तु तथा चराचुरुंगीको संख्या घट्नेः • ध्वनि, कम्पन तथा प्रकाशका कारण वन्यजन्तु आफ्नो वासस्थान परिवर्तन गर्न बाध्य हुने • तस्करी /चोरी शिकारको घटनामा वृद्धि हुन सक्ने • मनोरंजनका लागि गरिने शिकार • विद्युतीय र सवारी दुर्घटना • वन फडानीका कारण वासस्थानमा आउने कमि वा खण्डीकरण	प्रत्यक्ष	प्रतिकुल	मध्यम २०	स्थानीय २०	अल्पकालिन ५	४५	सार्थक
		दुर्लभ तथा लोपोन्मुख वन्यजन्तुमा पर्न सक्ने असरः आयोजना प्रत्यक्ष प्रभाव क्षेत्रमा पाइने ३२ प्रजाति मध्ये १८ प्रजातिका स्तनधारी जनावर, १०१ प्रजाति मध्ये १८ प्रजातिका पंक्षी, ३५ प्रजातिका मध्ये २ प्रजातिका सरीसृप र उभयचर तथा ३ प्रजातिका मध्ये १ प्रजातिका माछाहरु IUCN को संवेदनशील, संकटापन्न र अति संकटापन्न, नेपाल सरकारको संरक्षित र CITES को अनुसूची I, II III मा सुचिकृत प्रजातिहरु रहेको पाइयो। आयोजनाका गतिविधिले यी प्रजातिहरुमा थप असर पर्न सक्ने सम्भावना रहेको छ। <u>कारकहरुः</u> • आयोजना संरचनाहरु निर्माण क्रममा Site Clearance • वन्यजन्तुको वासस्थान विनाश • आयोजनाको जलाशय क्षेत्रमा वासस्थानको डुबान • आयोजना क्षेत्र वरपर हुने वस्ती विस्तारले वन क्षेत्र अतिक्रमण • निर्माण शिविरमा खाना पकाउन इन्धनको रुपमा दाउराको प्रयोग हुने सम्भावना • वन डढेलो	प्रत्यक्ष	प्रतिकुल	उच्च ६०	स्थलगत १०	दीर्घकालीन २०	९०	अति सार्थक
		वन्यजन्तु, चराचुरुंगी तथा जलचरको शिकारः आयोजना निर्माण स्थल नजिकै वन क्षेत्र र अरुण नदी रहेकोले सो स्थानहरुमा पाइने जीवजन्तु, चराचुरुंगी तथा जलचरहरुलाई आयोजनाका कर्मचारी तथा श्रमिकहरुले फुर्सदको समयमा शिकार गर्ने सम्भावनालाई नकार्न सकिन्न। शिकार गर्नाले त्यस्ता जीवहरुको संख्यामा ह्रास आउनुका साथै दुर्घटनावश संरक्षणको दृष्टिकोणले संवेदनशील प्रजातिहरुको पनि शिकार हुन सक्ने हुँदा त्यस्ता प्रजातिहरूको संख्यामा ह्रास आउन सक्छ।	प्रत्यक्ष	प्रतिकुल	मध्यम २०	स्थानीय २०	अल्पकालिन ५	४५	सार्थक

क.स.	प्रभाव क्षेत्र	पर्ने प्रभाव (issues/impacts)	प्रकृति		तह			जम्मा अङ्कमान	सार्थकता
			प्रत्यक्ष/अप्रत्यक्ष	अनुकुल/प्रतिकुल	परिमाण	सिमा	अवधि		
		जलचरमा पर्ने प्रभावः • निर्माणको क्रममा प्रयोग हुने तेल, ग्रिज लगायतका रासायनिक पदार्थहरूको अव्यवस्थित विसर्जन भएको खण्डमा सोको कारण नदीको गुणस्तरमा ह्रास आइ जलचरमा पर्ने प्रभाव • निर्माणको क्रममा निस्कने माटो, हिलो लगायतका पदार्थहरू (Muck/Spoil) को विसर्जनको कारण नदीमा पर्ने प्रभाव • निर्माण शिविर बाट निस्कने फोहोरमैलाको विसर्जनको कारण नदीमा पर्ने प्रभाव • निर्माणको क्रममा पानीको वहाव/धारमा गरिने परिवर्तनका कारण नदीको पारिस्थितिकिमा पर्ने प्रभाव • माछाको मागमा वृद्धि हुँदा माछा मार्ने काममा हुने वृद्धि	प्रत्यक्ष	प्रतिकुल	मध्यम २०	स्थानीय २०	मध्यम १०	५०	सार्थक
३.	प्राकृतिक बासस्थान	**जलीय प्रजातिहरूको वासस्थानमा ह्रास आउने तथा संख्या घट्ने :** • निर्माणको क्रममा प्रयोग हुने तेल, ग्रिज लगायतका रासायनिक पदार्थहरूको अव्यवस्थित विसर्जन भएको खण्डमा सोको कारण नदीमा पर्ने प्रभाव • निर्माणको क्रममा निस्कने माटो, हिलो लगायतका पदार्थहरू (Muck/Spoil) को विसर्जनको कारण नदीमा पर्ने प्रभाव • निर्माण शिविर बाट निस्कने फोहोरमैलाको विसर्जनको कारण नदीमा पर्ने प्रभाव • निर्माणको क्रममा पानीको वहाव/धारमा गरिने परिवर्तन (डाइभर्जन सुरुंग, कफर बाँध आदिको निर्माण) का कारण नदीको पारिस्थितिकिमा पर्ने प्रभाव	प्रत्यक्ष	प्रतिकुल	मध्यम २०	स्थानीय २०	मध्यम १०	५०	सार्थक
४.	अन्य	**उच्च बजार माग भएका जैविक सम्पदाको दोहन हुने :** निर्माणमा संलग्न जनशक्तिका लागि र नजिकको बजारमा उच्च माग हुने जैविक सम्पदाहरु (दाउरा, मासुको लागि जंगली जनावर, गैह्र काष्ठ वन पैदावार लगायत) को बढ्दो माग पूर्तिका लागि	प्रत्यक्ष	प्रतिकुल	मध्यम २०	स्थानीय २०	अल्पकालिन ०५	४५	सार्थक
ग. सामाजिक-आर्थिक र साँस्कृतिक क्षेत्रमा पर्ने प्रभाव									
१.	जनसंख्या	आयोजनाबाट प्रभावित घरधुरी तथा जनसंख्याः यस आयोजनाबाट कुल २१० घरपरिवार प्रत्यक्ष प्रभावित हुने जसमा २०२ घरपरिवारको जग्गा मात्र प्रभावित हुने, ७ घरपरिवारको जग्गा सहित घरसंरचना (गोठ/खोर) प्रभावित हुने र १ परिवारको आवासिय घर प्रभावित हुनेछ।	प्रत्यक्ष	प्रतिकुल	मध्यम २०	स्थलगत १०	दीर्घकालीन २०	५०	सार्थक
२.	समुदाय	आयोजनाका लागि गरिने सुरक्षा प्रबन्धले स्थानीय/सार्वजनिक सुरक्षाको अवस्था थप प्रभावकारी हुनेः आयोजना सुरक्षार्थ तथा पूर्वाधार निर्माणका लागि आवश्यक पर्ने विस्फोट लगायतका गतिविधि गर्न खटिने सुरक्षा संयन्त्रका कारण आयोजना प्रभावित क्षेत्रमा सुरक्षाको अवस्था थप प्रभावकारी हुनेछ।	अप्रत्यक्ष	अनुकुल	मध्यम २०	स्थलगत १०	मध्यम १०	४०	नगन्य
		जग्गाको मूल्य वृद्धि तथा बिक्रीः जग्गाको मूल्य वृद्धि तथा जग्गा बिक्रीबाट स्थानीय बजारमा नगद प्रवाह हुँदा लगानीको लागि सम्भावना बढ्ने।	प्रत्यक्ष	अनुकुल	मध्यम २०	स्थलगत १०	मध्यम १०	४०	नगन्य
		स्थानीय सार्वजनिक सेवा सुविधाहरूमा दबाबः सीमित स्रोतहरू भएको समुदायमा आयोजनाका कारण जनसंख्यामा बढोत्तरि हुँदा स्थानीय जनताका लागि सार्वजनिक सेवा सुविधाहरूको सन्तुलन बिग्रन सक्छ। कामदारहरु आफ्नो आधारभूत आवश्यकताहरूका लागि आपूर्ति सिमित भएका स्थानीय स्रोतमा निर्भर हुँदा राम्रो विकल्प फेला नपरेसम्म जनशक्तिको माग धान्न कठिन हुन सक्छ।	प्रत्यक्ष	प्रतिकुल	मध्यम २०	स्थलगत १०	मध्यम १०	४०	नगन्य
		निजी सम्पत्तिको क्षतिः आयोजनाबाट २१० घरपरिवार प्रभावित भई कुल ५३.६९ हेक्टर निजी जग्गा ११ घरसंरचनाहरू (१ आवासीय घर) प्रभावित हुनेछन् (विस्तृतमा अनुसूची-७.६)।	प्रत्यक्ष	प्रतिकुल	उच्च ६०	स्थलगत १०	दीर्घकालीन २०	९०	अति सार्थक

क्र.स.	प्रभाव क्षेत्र	पर्ने प्रभाव (issues/impacts)	प्रकृति		तह			जम्मा अङ्कमान	सार्थकता
			प्रत्यक्ष/अप्रत्यक्ष	अनुकुल/प्रतिकुल	परिमाण	सिमा	अवधि		
		निजी जग्गाको अस्थायी प्रयोगः आयोजनाबाट १४.४ हेक्टर हेक्टर निजी जग्गा बिभिन्न प्रयोजनका लागि प्रयोग हुनेछ।	प्रत्यक्ष	प्रतिकुल	मध्यम २०	स्थलगत १०	मध्यम १०	४०	नगन्य
		स्थानीय संस्कृति तथा रीतिरिवाजमा प्रभाव हुन सक्नेः आयोजना प्रभाव क्षेत्रमा भोटे जातिको एकल बसोबास रहेको हुँदा निर्माण चरणमा विभिन्न समुदायका बाह्य जनशक्तिको उपस्थितिले स्थानीय ज्ञान, सिप, धारणामा प्रतिकुल प्रभाव पर्ने सक्ने सम्भावना रहन्छ।	अप्रत्यक्ष	प्रतिकुल	मध्यम २०	स्थलगत १०	दिर्घकालिन २०	५०	सार्थक
		सिमान्तकृत वर्ग झन् बढी सिमान्तकृत हुन सक्नेः आयोजना प्रभाव क्षेत्रमा एकल भोटे जातिको बसोबास रहेको र जग्गा जमिन क्षति हुने सम्पूर्ण घरधुरी भोटे जातिकै रहेका छन्। भोटे जाति मुख्य गरेर कृषि क्षेत्रमा निर्भर रहेको र आयोजनाका कारणले खेतियोग्य जमिनको उपलब्धता समेत कम हुने अवस्थामा स्थानीयको जीविकोपार्जनमा प्रभाव पर्नसक्ने देखिन्छ।	प्रत्यक्ष	प्रतिकुल	मध्यम २०	स्थलगत १०	दीर्घकालीन २०	५०	सार्थक
३.	खेती योग्य जमिनको क्षय	आयोजनाका कारण केहि घरपरिवार गम्भीर रुपले प्रभावित हुनेः आयोजनाका कारण निजी सम्पत्ति (जग्गा तथा आवास) क्षति हुने हुँदा अधिक जग्गा गुमाई गम्भीर रुपमा प्रभावित हुने घरपरिवारको संख्या १८ रहेको छ भने आवास गुमाई १ घरपरिवार गम्भीर रुपमा प्रभावित हुने देखिन्छ।	प्रत्यक्ष	प्रतिकुल	मध्यम २०	स्थलगत १०	दीर्घकालीन २०	५०	सार्थक
		अन्नबाली उत्पादनमा कमिः प्रस्तावित आयोजना निर्माणको लागि कुल ५३.६९ हेक्टर निजी जग्गा स्थाई रुपमा प्रभावित हुने देखिन्छ। निजी जग्गा अधिग्रहणबाट वार्षिक उत्पादन भइरहेको अन्नबालीको परिमाण घट्नेछ। स्थलगत अवलोकन तथा घरधुरी सर्वेक्षण अनुसार बाँध क्षेत्रमा करिब ३५ प्रतिशत र विद्युतगृह क्षेत्रमा करिब ४५ प्रतिशत प्रभावित जग्गामा खेतीपाती गरेको देखिन्छ। यसै गरि आयोजनाबाट १४.४ हेक्टर हेक्टर निजी जग्गा अस्थाई रुपमा बिभिन्न प्रयोजनका लागि प्रयोग हुनेछ र आयोजना निर्माण अवधिभर वार्षिक उत्पादन भइरहेको अन्नबालीको परिमाण घट्नेछ।	प्रत्यक्ष	प्रतिकुल	मध्यम २०	स्थलगत १०	दीर्घकालीन २०	५०	सार्थक
४.	मानव स्वास्थ्यमा पर्ने प्रभाव	पेशागत स्वास्थ्य र कामदारहरूको सुरक्षाः ▪ लामो समयसम्म धुवाँ र धुलोको सम्पर्कमा रहेका कारण श्वास प्रश्वास र आँखासम्बन्धी समस्या; ▪ लामो समयसम्म धुवाँ र धुलोको सम्पर्कमा रहेका कारण श्वास प्रश्वास र आँखासम्बन्धी समस्या; ▪ प्रज्वलनशील पेट्रोलियम पदार्थ, विद्युतीय सर्किटका कारणले श्रम शिविरहरू र विधुतीय काम गर्ने ठाउँमा आगोको खतरा; ▪ सिमेन्ट, बिटुमिन, पेट्रोलियम पदार्थ, अम्ल र निर्माणका लागि प्रयोग गरिने विभिन्न रसायनहरूसँग काम गर्ने श्रमिकहरुलाई छाला पोल्ने र छालासम्बन्धी रोगको जोखिम; ▪ भारी वाहन तथा यन्त्र उपरकरणसँग काम, निर्माण सामाग्री लोड र अनलोड, उत्खनन स्थल जस्ता ठाउँमा कामगर्ने हुँदा शारीरिक दुर्घटनाको जोखिम; ▪ उत्खनन् स्थल नजिकै र सडक कम्प्याक्शनको लागि काम गरिरहेका कामदारहरूले ध्वनि र कम्पनको असरको रूपमा स्वास्थ्य समस्याहरूको सामना गर्नुपर्ने; ▪ श्रम शिविरमा देखिने अपर्याप्त आवास र शौचालय, कमजोर फोहरमैला व्यवस्थापन, स्वच्छ खानेपानीको अभाव, अपर्याप्त खुल्ला स्थान लगायत अन्य कारणले कामदारको स्वास्थ सुरक्षा जोखिममा रहने गर्दछ।	प्रत्यक्ष	प्रतिकुल	मध्यम २०	स्थलगत १०	अल्पकालिन ५	३५	नगन्य
		दुर्घटना बढ्न सक्नेः ▪ निर्माणका समयमा आयोजना निर्माणसँग सम्बन्धित दुर्घटनाको साथै निर्माण सामाग्री ढुवानी तथा अन्य सवारीसाधनले सडक दुर्घटना;	प्रत्यक्ष	प्रतिकुल	मध्यम २०	स्थानीय २०	मध्यम १०	५०	सार्थक

क्र.स.	प्रभाव क्षेत्र	पर्ने प्रभाव (issues/impacts)	प्रकृति		तह			जम्मा अङ्कमान	सार्थकता
			प्रत्यक्ष/अप्रत्यक्ष	अनुकुल/प्रतिकुल	परिमाण	सिमा	अवधि		
		▪ विस्फोटक पदार्थ भण्डारण गरेको स्थानमा वा आयोजना निर्माण स्थलमा विस्फोटक पदार्थहरु छुट्नसक्ने सम्भावना हुँदा सो बाट हुन सक्ने दुर्घटना; ▪ प्राविधिक समस्या वा मानवीय त्रुटिले शिविर क्षेत्र, पावरहाउस क्षेत्र, स्वीचयार्ड क्षेत्र वा आयोजना क्षेत्रको अन्य स्थानमा हुने आगलागीको जोखिम; ▪ जलाशयमा ठुलो मात्रामा पानी जम्मा हुने र उक्त स्थानमा सावधानी नअपनाई अकस्मात बाँधका ढोका खोल्दा बाँध भन्दा तल्लो तटीय क्षेत्रमा पानीको बहाव बढ्दा हुने जोखिम।							
		सरुवा रोग र अन्य रोगको प्रकोप बढ्ने : ▪ आयोजना निर्माण चरणमा एकै पटक ठुलो संख्यामा देश भित्र तथा देश बाहिरबाट समेत कामदार आउने हुनाले उनीहरु सँगसँगै विभिन्न सरुवा रोग तथा यौनजन्य रोगहरुको प्रकोप बढ्न सक्ने अवस्था आउन सक्दछ। ▪ आयोजना प्रभाव क्षेत्रमा गरिएको घरधुरी सर्वेक्षण अनुसार आँखा, छाला सम्बन्धि रोगहरु रहेको पाइएकोले यस्ता रोग सम्बन्धि जनचेतना नगराइए कामदारहरुलाई संक्रमण हुनसक्ने जोखिम देखिन्छ।	अप्रत्यक्ष	प्रतिकुल	मध्यम २०	स्थानीय २०	मध्यम १०	५०	सार्थक
५.	सामाजिक मूल्य मान्यतामा हुने परिवर्तन	सामाजिक सद्भाव खल्बलिने, सामाजिक असुरक्षा बढ्नेः ▪ आयोजना निर्माणका लागि ठुलो संख्यामा जनशक्ति आवश्यक पर्ने हुँदा स्थानीय स्तरबाटनै परिपूर्ति हुने देखिदैन तसर्थ वाह्य जनशक्ति आउने निश्चित छ। यसरी भित्रिने वाह्य जनशक्ति फरक फरक स्थान तथा समुदाय विशेष आ-आफ्नै प्रकारको सांस्कृतिक चालचलन, रहनसहन तथा भाषा हुन सक्छन् जसबाट स्थानीय समुदायसँग वा कामदार विच तनाव हुने सम्भावना हुन्छ। ▪ आयोजना क्षेत्रमा बढ्ने व्यापारिक गतिविधिका कारण व्यापारिक प्रयोजनका लागि वसाई सराइ गरि आउने अन्य क्षेत्रका वासिन्दा र स्थानीय विच समेत द्वन्द हुन सक्ने सम्भावना हुन्छ। ▪ आयोजनाको कारण परिवर्तित आर्थिक गतिविधि तथा आयोजना क्षेत्रमा सिमित प्राकृतिक स्रोतको उपलब्धताका कारण द्वन्द्व उत्पन्न हुन सक्ने सम्भावना रहन्छ।	अप्रत्यक्ष	प्रतिकुल	मध्यम २०	स्थलगत १०	मध्यम १०	४०	नगन्य
		स्थानीय परम्परागत ज्ञान, सिप र पेशा लुप्त हुन सक्नेः ▪ आयोजना प्रभाव क्षेत्रमा एकल जातीय बसोबास रहेकोले आफ्नै मौलिक ज्ञान, परम्परागत, सिप र पेशा रहेको अवस्थामा आयोजना क्षेत्रभित्र बढ्ने आर्थिक गतिविधिकाका कारण उपलब्ध हुने नयाँ अवसरहरुबाट यस्ता पेशामा आबद्ध व्यक्तिहरुले पेशा परिवर्तन गर्ने सम्भावना हुन्छ। ▪ पूर्वाधार विकास तथा बजारीकरण सँगसँगै आधुनिक यन्त्र/पद्धतिको प्रयोगसँग प्रतिस्पर्धा गर्न नसकी स्थानीय परम्परागत ज्ञान, सिप र पेशा लुप्त हुन सक्दछन्।	अप्रत्यक्ष	प्रतिकुल	निम्न १०	स्थलगत १०	दीर्घकालीन २०	४०	नगन्य
६.	आर्थिक प्रभाव	जलविद्युतको शेयर साझेदारीबाट लाभ प्राप्त हुनेः आयोजनामा शेयर साझेदारीको अवधारणा अनुसार स्थानीय तहले लगानीको अवसर प्राप्त गर्नुका साथै आयोजना प्रभावित क्षेत्रका स्थानीय बासीले शेयर मार्फत लगानी गरि मुनाफा प्राप्त गर्न सक्ने छन्।	अप्रत्यक्ष	अनुकुल	उच्च ६०	स्थानीय २०	दीर्घकालीन २०	१००	अति सार्थक
		स्थानीयको जीविकोपार्जनमा सहजताः आयोजनाका कारण स्थानीयले रोजगारीको अवसर पाउने उच्च सम्भावना, ज्यालादरमा वृद्धि, नयाँ सिपको विकास हुने, स्वरोजगारको प्रचुर सम्भावना	अप्रत्यक्ष	अनुकुल	उच्च ६०	स्थानीय २०	मध्यम १०	९०	अति सार्थक
		स्थानीय आर्थिक तथा व्यावसायिक अवस्थामा उल्लेख्य सुधार हुनेः घरजग्गा भाडामा जाने तथा साना तथा मझौला व्यापार व्यवसाय (होटेल, रेस्टुरेन्ट, खुद्रा पसल आदि) मा स्थानीयको पहुँचले आर्थिक अवसरको सम्भावना, स्थानीय उत्पादनले बजार प्राप्त गर्ने, सईप र क्षमताको आधारमा रोजगारी प्राप्त हुने, पुनर्वास कार्य योजना अन्तरर्गत आयोजना	प्रत्यक्ष	अनुकुल	उच्च ६०	स्थानीय २०	दीर्घकालीन २०	१००	अति सार्थक

क्र.स.	प्रभाव क्षेत्र	पर्ने प्रभाव (issues/impacts)	प्रकृति		तह			जम्मा अङ्कमान	सार्थकता
			प्रत्यक्ष/अप्रत्यक्ष	अनुकुल/प्रतिकुल	परिमाण	सिमा	अवधि		
		प्रभावितहरुलाई मुआब्जाको साथै पुनर्वास तथा पुनर्स्थापना सहायता प्राप्त हुने, सामुदायिक सहयोग कार्यक्रम जस्ता गतिविधिले आयोजना प्रभावित क्षेत्रको आर्थिक अवस्थामा उल्लेख्य सुधार हुने देखिन्छ।							
		जीविकोपार्जनमा प्रभावः आयोजना कार्यान्वयनका लागि आवश्यक निजी जग्गा अधिग्रहणबाट अन्न उत्पादनमा हुने ह्रासले जग्गा गुमाउने घरपरिवारको जीविकोपार्जनमा प्रभाव पर्नेछ।	प्रत्यक्ष	प्रतिकुल	मध्यम २०	स्थलगत १०	दीर्घकालीन २०	५०	सार्थक
७.	धार्मिक र साँस्कृतिक प्रभाव	साँस्कृतिक, ऐतिहासिक सम्पदाहरुको प्रचारप्रसार हुनेः आयोजना निर्माणले स्थानीय भोटे समुदायका साँस्कृतिक सम्पदा, कला संस्कृति, रीतिरिवाज आदिको प्रसार हुनुका साथै लोपोन्मुख सम्पदाको पहिचान तथा सम्बर्धनमा सहायता हुने।	अप्रत्यक्ष	अनुकुल	निम्न १०	स्थानीय २०	दीर्घकालीन २०	५०	सार्थक
		सांस्कृतिक तथा धार्मिक गतिविधि र चालचलनमा ह्रास आउनेः ▪ आयोजनाका प्रभावित क्षेत्रमा भोटे जातिको एकल बसोबास रहनुका साथै विशेष किसिमका कला, संस्कृति, रीतिरिवाज, चाडपर्व, मेला, भाषा लगायतका सम्पदा रहेकोमा आयोजना कार्वान्वयनको चरणमा वाह्य समुदायका मानिसहुको आवागमनले स्थानीयको परम्परागत धार्मिक तथा सांस्कृतिक चाडपर्व, चालचलनमा प्रभाव पर्ने देखिन्छ; ▪ आयोजनाका कारणले बजार बढ्ने, आर्थिक क्रियाकलाप बढ्ने र स्थानीयको जीवनशैलीमा परिवर्तन हुन सक्ने भएकोले उनीहरुले मान्दै आएको चाडपर्व लगायत अन्य धार्मिक, सांस्कृतिक गतिविधिमा रुची घट्न सक्ने देखिन्छ।	अप्रत्यक्ष	प्रतिकुल	निम्न १०	स्थानीय २०	मध्यम १०	४०	नगन्य
८.	अन्य	आधारभूत सेवा र बजारमा पहुँच बढ्न सक्नेः आयोजनाका लागि निर्माण गरिने भौतिक पूर्वाधारहरु सडक, संचार, विद्युत, स्वस्थ्य आदिको विकास तथा बजारको विस्तार हुने	अप्रत्यक्ष	अनुकुल	निम्न १०	स्थानीय २०	दीर्घकालीन २०	५०	सार्थक
		अनियन्त्रित बजार/बस्ती विस्तारः आयोजना निर्माण सुरु भएसँगै मानिसको गतिबिधि बढ्न गई आयोजना रहने प्रमुख अवयव नजिक बजार विस्तार हुनेछ भने आयोजनाको लागि स्तरउन्नति गरिने किमाथांका सडकको कारण सडक पहुँच सहज भई बस्ती बिस्तार हुनेछ।	अप्रत्यक्ष	प्रतिकुल	निम्न १०	स्थलगत १०	दीर्घकालिन २०	४०	नगन्य

तालिका ३३: प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने प्रभाव (संचालन चरणमा)

क्र.सं.	प्रभाव क्षेत्र	पर्ने प्रभाव (issues/impacts)	प्रकृति		तह			जम्मा अङ्कमान	सार्थकता
			प्रत्यक्ष/ अप्रत्यक्ष	अनुकुल/प्रतिकुल	परिमाण	सिमा	अवधि		
क. भौतिक वातावरणमा पर्ने प्रभाव									
१.	जमिन	प्रयोगविहिन जमिनको समुचित प्रयोग गरि आयोजनाको भौतिक संरचना निर्माण गरिने	प्रत्यक्ष	अनुकुल	मध्यम२०	स्थलगत१०	दीर्घकालीन २०	५०	सार्थक
		आयोजना क्षेत्रमा पहिचान भइसकेका भू-क्षय तथा पहिरो जोखिमयुक्त स्थानहरुमा पहिरो रोकथाम कार्य गरिने	अप्रत्यक्ष	अनुकुल	उच्च ६०	स्थलगत१०	दीर्घकालीन २०	९०	सार्थक
		आयोजना क्षेत्रको जलाधार संरक्षण कार्य गरिने	अप्रत्यक्ष	अनुकुल	उच्च ६०	स्थलगत१०	दीर्घकालीन २०	९०	सार्थक
		भू-स्वरूप र परिदृश्य (प्राकृतिक सौन्दर्य) मा आउने परिवर्तन: आयोजनाको मुख्य संरचनाहरु अवस्थित हुने स्थलहरुमा ९०.७५ हेक्टर र जलाशय/डुबान क्षेत्रमा ४३.०१ हेक्टर गरि आयोजनाको कारण प्रभाव क्षेत्रमा कुल १३३.७६ हेक्टर जमिनको स्वरूप स्थायी रुपमा परिवर्तन हुनेछ। विद्युत उत्पादनका लागि हेडरेस सुरुंग मार्फत विद्युतगृहमा नदीको पानी पथान्तरण (diversion) गरिने भएकाले बाँधको तल्लो तटीय क्षेत्रमा टेलरेससम्मको अरुण नदीमा जलवहाव न्यूनीकरण हुनेछ। विशेषतः हिउँद तथा सुख्खा याममा अरुण नदीमा बहाव कम हुने हुँदा अरुण नदीको संगम स्थलसम्म नदी आसपासको प्राकृतिक परिदृश्यमा असर पर्ने देखिन्छ। यी असर बाहेक सञ्चालन चरणमा भू-स्वरूप र परिदृश्यमा अन्य कुनै उल्लेख्य प्रभावको अपेक्षा गरिएको छैन।	प्रत्यक्ष	प्रतिकुल	निम्न १०	स्थलगत १०	दीर्घकालीन २०	४०	नगण्य
		भू-क्षय, पहिरो र भू-अस्थिरता : प्रस्तावित आयोजना पानीको दैनिक भण्डारण (daily pondage) मा आधारित अर्ध जलाशययुक्त (peaking Run-of-River) प्रकारको आयोजना भएको हुँदा ०.३५ वर्ग किलोमिटर क्षेत्रफल र करिब १.०३ करोड घनमिटर भण्डारण क्षमता (पूर्ण आपूर्ति स्तरमा) सहितको जलाशय सिर्जना हुनेछ। पिकींगका कारण जलाशयको पानीको स्तर घटबढ हुँदा नदी किनारा र जलाशयको परिधिमा भौगर्भिक अस्थिरता सिर्जना भई भू-क्षयको सम्भावना रहन्छ। आयोजनाका लागि निर्माण गरिने पहुँच सडक क्षेत्र तथा आयोजनाका अन्य संरचनाहरु अवस्थित हुने स्थानमा प्राकृतिक कारणले वा मर्मत सम्भारका दौरान भू-अस्थिरता भई पहिरो तथा भू-क्षयको सम्भावना हुन्छ।	प्रत्यक्ष	प्रतिकुल	मध्यम २०	स्थलगत १०	दीर्घकालीन २०	५०	सार्थक
		भू-उपयोगमा आउने परिवर्तन (वन, वनस्पति, तथा कृषि क्षेत्रमा आउने ह्रास) : अरुण नदीको विद्यमान जलप्रवाह क्षेत्र बाहेक प्रस्तावित आयोजनाको जलाशय, आयोजनाको स्थायी संरचना, निर्माण सामग्री उत्खनन स्थल, आयोजनाका सुविधाहरु रहने स्थान लगायत स्थानहरुको मा भू-उपयोगमा प्रस्तावित आयोजनाका कारण परिवर्तन आउनेछ। मकालु बरुण राष्ट्रिय निकुन्जको मध्यवर्ती क्षेत्र भित्र ६८.०९ हेक्टर निजी **(स्थायीः ५३.६९ हे. र अस्थायीः १४.४ हे.)** र ७२.७४ हेक्टर सरकारी स्वामित्व **(स्थायीः ५५.६६ हे. र अस्थायीः १७.०८ हे.)** को गरी जम्मा १४०.८३ हेक्टर जग्गा मध्य (वन/बुट्यान ५५.२७ हेक्टर, नदी ९.९७ हेक्टर, भिरालो पाखो ५.६२ हेक्टर, खेती ०.४५ हेक्टर र सिँचाई कुलो १.४३ हेक्टर) र ६८.०९ हेक्टर निजि खेति योग्य भूमि पर्दछ। त्यस्तै डीभिजन वन कार्यालयको क्षेत्र भित्र (**मध्यवर्ती क्षेत्र बाहिर सरकारी स्वामित्वको**) पर्ने २७.९ हेक्टर **(स्थायीः २४.४१ हे. र अस्थायीः ३.४९ हे.)** सरकारी स्वामित्वको जग्गाको भू-उपयोगमा परिवर्तन आउनेछ। जस मध्य (वन/बुट्यान १७.९१ हेक्टर र नदीको भू-भाग ९.९९ हेक्टर पर्दछ। यसको अलावा प्रस्तावित आयोजना जस्ता ठुला प्रकृतिका आयोजना बन्ने क्षेत्रमा रोजगारी तथा व्यापार व्यवसाय वा अन्य आर्थिक गतिविधि बढ्नाले र सेवा सुविधाको पहुंचमा सहज उपलब्धताले बस्ती	प्रत्यक्ष	प्रतिकुल	निम्न १०	स्थलगत १०	दीर्घकालीन २०	४०	नगण्य

क्र.सं.	प्रभाव क्षेत्र	पर्ने प्रभाव (issues/impacts)	प्रकृति		तह			जम्मा अङ्कमान	सार्थकता
			प्रत्यक्ष/ अप्रत्यक्ष	अनुकुल/प्रतिकुल	परिमाण	सिमा	अवधि		
		विस्तार हुन थाल्दछ जसका कारण समग्र आयोजना प्रभाव क्षेत्रको कृषि योग्य जमिन बेच बिखन हुने र वस्ती क्षेत्रमा परिणत हुने सम्भावना हुन्छ।							
		माटोमा पर्न सक्ने दुष्प्रभाव र सतही माटोको ह्रास : आयोजना सञ्चालन शिविरका घरेलु क्रियाकलापहरुबाट उत्पादित ठोस तथा तरल फोहोर, यान्त्रिक भण्डारण तथा मर्मत सम्भार स्थल, तेल भण्डारण स्थल, हिलो/लेदो विसर्जन स्थल आदि क्षेत्रबाट उत्सर्जन हुने फोहरका कारण माटोको विद्यमान भौतिक/रासायनिक पक्षमा ह्रास आउने। कारकहरू: • सञ्चालन शिविरबाट निस्कने फोहरमैला, ढल निकास • सञ्चालन गतिविधि दौरान प्रयोग हुने तेल, ग्रिज लगायतका अन्य रासायनिक तत्वहरुको विसर्जन, चुहावट वा दुर्घटनावश पोखिने घटना • जलाशयमा भरिएको गेग्रान व्यवस्थापन	प्रत्यक्ष	प्रतिकुल	निम्न १०	स्थलगत १०	दीर्घकालीन २०	४०	नगण्य
२.	वायु मण्डल	**वायु प्रदूषण (वायु गुणस्तरमा आउने ह्रास) :** आयोजनाको सञ्चालन चरणमा गरिने मर्मत सम्भार कार्यहरुमा प्रयोग हुने ठुला/भारी उपकरणबाट धुलो र धुँवाको उत्सर्जन (कणहरु, कार्बन मोनोअक्साईड्, सल्फर अक्साइड, हाईड्रोकार्बन र नाइट्रोजन अक्साइडहरु) हुने गर्दछ। कारकहरू: • आयोजनाको सञ्चालन चरणमा सामान ढुवानी र अन्य सवारी-साधनहरुको प्रयोग • मर्मत सम्भार कार्यमा प्रयोग हुने ठुला उपकरणहरु • आयोजना स्थलमा वैकल्पिक ऊर्जाको श्रोतका रुपमा प्रयोग गरिने डिजेल जेनेरेटर सेट	प्रत्यक्ष	प्रतिकुल	निम्न १०	स्थलगत १०	अल्पकालिन ५	२५	नगण्य
३.	पानी	**जल प्रदूषण (पानीको गुणस्तरमा आउने ह्रास):** यस आयोजनाको सञ्चालन र मर्मत सम्भारका क्रममा निस्कने माटो, हिलो लगायतका पदार्थहरूको विसर्जन, Reservoir flushing तथा सञ्चालन शिविर बाट निस्कने फोहोरमैलाका कारण तल्लो तटिय क्षेत्रमा अरुण नदीको पानीको गुणस्तरमा असर पर्न सक्छ। कारकहरू: • सञ्चालन र मर्मत सम्भारका क्रममा निस्कने रासायनिक पदार्थहरु (जस्तै oils, latex paints, Mobil, grease, lubricants, पेंट, Varnish, aqueous oil based materials, सफाई रसायन) तथा तरल फोहरहरुको चुहावट वा दुर्घटनावश पोखिने घटना • पेट्रोलियम पदार्थ खपत गर्ने डिजेल जेनेरेटर, भारी उपकरण लगायत यान्त्रिक उपकरणबाट तेल चुहावट भइ नजिकको पानीको श्रोतमा मिसिन सक्नेव्याट्री लगायत विद्युतीय सामग्री तथा उपकरणको अनुचित विसर्जन • सञ्चालन शिविर/कार्यालय, आवास तथा भान्छाबाट निस्कने फोहोर (ठोस वा तरल)	प्रत्यक्ष	प्रतिकुल	निम्न १०	स्थानीय २०	अल्पकालिन ५	३५	नगण्य
		पानीका मूलहरू सुक्ने वा भूमिगत पानीको सतहमा परिवर्तन आउने: भूमिगत सुरुङ्ग लगायत अन्य ठुला संरचनाहरुको सञ्चालन र मर्मत सम्भारका क्रममा आसपासका पानीका मुहानहरु सुक्ने वा मूलहरुले अवस्थिति तथा वहाव परिवर्तन हुने सम्भावना रहन्छ जसको कारण त्यस्ता मुहान उपयोग गरिरहेका परिवार तथा उपभोक्ताहरुलाई प्रत्यक्ष असर पर्न सक्छ। कारकहरू:	प्रत्यक्ष	प्रतिकुल	निम्न १०	स्थलगत १०	दीर्घकालीन २०	४०	नगण्य

क्र.सं.	प्रभाव क्षेत्र	पर्ने प्रभाव (issues/impacts)	प्रकृति		तह			जम्मा अङ्कमान	सार्थकता
			प्रत्यक्ष/ अप्रत्यक्ष	अनुकुल/प्रतिकुल	परिमाण	सिमा	अवधि		
		• भूमिगत सुरुङ्ग लगायत अन्य ठुला संरचनाहरुको सञ्चालन र मर्मत सम्भार • सञ्चालन शिविर तथा कार्यालयमा पानी आपूर्तिका लागि मुहानहरुमा थप भार							
		सतही पानीको गुणस्तरमा परिवर्तनः सुक्खायाममा बाँधस्थल भन्दा तल्लो तटीय क्षेत्रको करिव ८.६ किलोमिटर लामो अरुण नदी खण्डमा पानीको बहाव कम हुन गई पानीको तापक्रम, घूलित अक्सिजन स्तर लगायत भौतिक रासायनिक गुणस्तरमा केही परिवर्तन आउनेछ।	प्रत्यक्ष	प्रतिकुल	मध्यम २०	स्थलगत १०	अल्पकालिन ५	३५	नगण्य
४.	ध्वनि	**ध्वनि प्रदूषणः** आयोजना संचालन तथा विद्युत उत्पादनका क्रममा मुख्यतयाः विद्युतगृहमा संचालन हुने उपकरण तथा मर्मत सम्भार कार्यमा प्रयोग हुने ठुला उपकरणहरुको विद्यमान अवस्थाको भन्दा उच्च स्तरको आवाज र कम्पन उत्पन्न गर्दछ। ध्वनि प्रदुषणका कारण स्थानीय समुदाय र वन्यजन्तुलाई असर पर्न सक्छ।	प्रत्यक्ष	प्रतिकुल	निम्न १०	स्थलगत १०	अल्पकालिन ५	२५	नगण्य
५.	मानव निर्मित वस्तु	**बाँध भत्कने/फुट्ने जोखिमः** निम्न बमोजिमका कारणले गर्दा बाँध फुट्ने जोखिम हुन्छ जसले गर्दा तल्लो तटीय क्षेत्रमा मानव र मानव निर्मित वस्तुहरुमा प्रभाव पर्न जान्छ । आयोजनाको बाँध स्थल भन्दा तल रहेका वस्तीहरु र पुल लगायतका भौतिक संरचनामा यसको असर पर्न जान्छ।							
		पानीको चापः प्रस्तावित आयोजनाको बाँधस्थल सम्मको जलाधार क्षेत्रको क्षेत्रफल २४८३५.६ वर्ग किलो मिटर र नदीको औसत बार्षिक बहाव १९८.१ घन मिटर प्रति सेकेण्ड रहेको छ। ठुलो जलाधारको कुनै स्थान वा क्षेत्रमा भारी वर्षा, Cloudburst rainfall हुँदा वा भू-अस्थिरता, पहिरो आदिले थुनिएको नदी एक्कासी खुलेर पानीको बहाब अचानक बढ्दा बाँधले पानीको चाप थेग्न नसक्ने अवस्था आउन सक्छ।	प्रत्यक्ष	प्रतिकुल	उच्च ६०	क्षेत्रीय ६०	दीर्घकालीन २०	१४०	अति सार्थक
		हिमताल विष्फोटः ICIMOD को प्रतिवेदन बमोजिम (२०२०) आयोजनाको निकट नेपालमा स्थित अरुण जलाधारमा पर्ने जोखिमयुक्त हिमताल ४७७४ मीटर र ४९४१ मीटर उचाईमा रहेको क्रमशः Rank I को "GL०८७५९६E२७७०५N" र Rank III को "GL०८७६३२E२७७२९N" रहेका छन्। दुईवटै end moraine dammed हिमतालहरु, "GL०८७५९६E२७७०५N" आयोजनाको विद्धयुत गृह बाट नदीको बहावको मार्फत मात्र १८.२७ किलोमीटरको दूरीमा र "GL०८७६३२E२७७२९N" हिमताल मात्र २२.४४ किलोमीटर दूरीमा रहेको छ। हाल ति तालहरु खतराको तहमा छैनन्। यद्दपी विश्वव्यापी तापमान वृद्दिले हिमाली क्षेत्रमा हिमनदीहरु तीव्र गतिमा पग्लिने र नयाँ नयाँ हिमतालहरु बन्ने भएकाले हिमताल विष्फोटको जोखिम बढ्न सक्ने देखिन्छ।	प्रत्यक्ष	प्रतिकुल	उच्च ६०	क्षेत्रीय ६०	दीर्घकालीन २०	१४०	अति सार्थक
		जलवायुजन्य जोखिमः जलवायुजन्य जोखिमको सूचिमा नेपाल विश्वकै अग्र जोखिमयुक्त देशहरुमा पर्दछ। प्रस्तावित आयोजना हिमनदीमा आश्रित अरुण नदीमा बन्ने भएकाले जलवायु परिवर्तनका कारण हिमनदीहरू तीव्र गतिमा पग्लिने, वर्षाको प्रवृत्तिमा परिवर्तन जस्ता कारणले नदीको वहावमा अप्रत्याशित परिवर्तन आउन सक्ने साथै Flash Flood, पहिरो जस्ता प्रकोपको कारण प्रस्तावित आयोजना प्रभावित हुनसक्ने देखिन्छ।	प्रत्यक्ष	प्रतिकुल	उच्च ६०	क्षेत्रीय ६०	दीर्घकालीन २०	१४०	अति सार्थक
		भूकम्पः नेपाल भूकम्पीय जोखिमको हिसाबले विश्वमा ११ औं जोखिमपूर्ण देश भएकाले ठूला भूकम्पहरुको सम्भावना सधैं रहन्छ र ४९५० वर्ष अवधिको Uniform Hazard Spectra (UHS) सम्बद्ध जमिनको गति (ground motion) लाई Safety Evaluation Earthquake (SEE) को डिजाइन मापदण्डको रूपमा चयन गरिएको छ। यस event को लागि Peak Ground Acceleration (PGA) करिब ०.८० g निर्धारण गरिएको छ। डिजाइनमा Operation Basis Earthquake (OBE) को प्रतिनिधित्वका लागि १४५ वर्षे पुनरागमन अवधि (१४५-year return period) भएको ground motion चयन गरिएको छ, जसको PGA लगभग ०.१८ g हुन्छ। मुलतः प्रस्तावित जलाशयको गहिराईका कारण ३.५१ magnitude को जलाशय-जनित भूकम्पीय जोखिम (Reservoir Induced Seismicity, RIS) को सम्भावना देखिन्छ। ICOLD (२०११) द्वारा सिफारिश गरिएको	प्रत्यक्ष	प्रतिकुल	उच्च ६०	क्षेत्रीय ६०	दीर्घकालीन २०	१४०	अति सार्थक

क्र.सं.	प्रभाव क्षेत्र	पर्ने प्रभाव (issues/impacts)	प्रकृति		तह			जम्मा अङ्कमान	सार्थकता
			प्रत्यक्ष/ अप्रत्यक्ष	अनुकुल/प्रतिकुल	परिमाण	सिमा	अवधि		
		RTE को अधिकतम magnitude ६.३ हो। यो magnitude १५० वर्ष को पुनरागमन अवधि भएको भूकम्पीय घटना (जुन OBE हो) संग सम्बद्ध magnitude को दायरा भन्दा कम छ।							
		मानवीय त्रुटीः संरचनाहरुको निश्चित आयू समाप्त भइसके पश्चात नियमित मर्मत सम्भार नहुँदा वा जलाशयमा थुप्रेका गेग्रानहरुलाई समयमा निकाल्न नसक्दा वा बाढीले बगाएर ल्याउने सामग्रीको व्यवस्थापन गर्न नसक्दा बाँधमा चाप पर्न गइ बाँध भत्किने खतरा रहन्छ।	प्रत्यक्ष	प्रतिकुल	उच्च ६०	क्षेत्रीय ६०	दीर्घकालीन २०	१४०	अति सार्थक
६.	अन्य	**हरितगृह ग्याँसको उत्सर्जन :** जलविद्युत आयोजनाहरूले मर्मत सम्भारको क्रममा प्रयोग गर्ने ठुला उपकरणहरुले खपत गर्ने इन्धन र जलाशयमा हुने जैविक र रासायनिक प्रक्रियाको परिणाम स्वरूप हरितगृह ग्याँस GHG (कार्बन डाइअक्साइड, मिथेन, नाईट्रस अक्साइड आदि) उत्सर्जन हुन सक्छन्। <u>कारकहरू:</u> • सञ्चालन र मर्मत सम्भारका लागि प्रयोग हुने उपकरण तथा सवारी-साधनहरु • जलाशयमा हुने जैविक र रासायनिक प्रक्रिया • सञ्चालन शिविरबाट निस्कने जैविक फोहोरको उचित व्यवस्थापन नगर्दा निस्कने मिथेन ग्याँस • डिजेल जेनेरेटर सेटको प्रयोग	प्रत्यक्ष	प्रतिकुल	निम्न १०	स्थलगत १०	दीर्घकालीन २०	४०	नगण्य
		सुक्ष्म/स्थानीय-जलवायु परिवर्तन : सुक्ष्म/स्थानीय-जलवायु परिवर्तन हेडवर्क्स क्षेत्र र पानीको बहाव कम हुने क्षेत्र (dewatered section) मा देखा पर्न सक्दछ। जलाशयमा भण्डार भएको पानीले तापमान बफरिङ्गको काम गर्ने हुनाले, स्थानीय रूपमा जलाशयको परिधि वरिपरि, परिवेश तापक्रम जाडो महिनाहरूमा बढ्ने अपेक्षा गरिएको छ जसको कारण हिउँद महिनामा वर्तमान भन्दा बढी न्यानो महशुस हुने र पानीको बहाव कम हुने क्षेत्र (dewatered section) मा भने यसको ठिक विपरित महशुस हुन सक्छ। <u>कारकहरू:</u> • जलाशयका कारण स्थानीय रुपमा जलवायुमा पर्ने प्रभाव • जलाशयमा भण्डार भएको पानीको तापमान बफरिङ्ग भूमिका	प्रत्यक्ष	प्रतिकुल	निम्न १०	स्थानीय २०	दीर्घकालीन २०	५०	सार्थक
ख. जैविक वातावरणमा पर्ने प्रभाव									
१.	वन/जङ्गलको क्षय	**वन क्षेत्र विनाश :** आयोजनाका लागि सरकारी/मध्यवर्ती/सामुदायिक वन लगायत वन क्षेत्रको कुल १००.६४ हेक्टर (अरुण नदीको पानी बगेको/बगर क्षेत्र समेत) जमिन आवश्यक पर्नेछ । <u>कारकहरू:</u> • आयोजना संरचना निर्माण स्थलहरु • आयोजनाको जलाशय क्षेत्रमा ४३.०१ हेक्टर वन क्षेत्र (नदीको क्षेत्र १३.९१ हेक्टर बाहेक) डुबान हुने • आयोजना क्षेत्र वरपर हुने बस्ती विस्तारले वन क्षेत्र अतिक्रमण हुन सक्ने • सञ्चालन शिविरमा खाना पकाउन दाउराको प्रयोग भएको खण्डमा वन विनाश हुन सक्ने	प्रत्यक्ष	प्रतिकुल	मध्यम २०	स्थलगत १०	दीर्घकालीन २०	५०	सार्थक
		वन डढेलोमा वृद्धि हुन सक्ने : • आयोजनाको सुविधा तथा संरचना भएको क्षेत्रमा मान्छेको आवतजावत बढेर शिकार वा अन्य प्रयोजनका लागि नियतवश गरिने आगलागी	प्रत्यक्ष	प्रतिकुल	निम्न १०	स्थलगत १०	दीर्घकालीन २०	४०	नगण्य
२.	वनस्पति	**वनस्पतिको संरक्षणः** जलाशय क्षेत्र वरपर मानवीय उपस्थिति र गतिविधि कम भई वन फडानी रोकिने तथा जलाधार संरक्षण कार्य गर्दा वनस्पति संरक्षण हुने	अप्रत्यक्ष	अनुकुल	उच्च ६०	स्थानीय २०	दीर्घकालीन २०	१००	अति सार्थक

क्र.सं.	प्रभाव क्षेत्र	पर्ने प्रभाव (issues/impacts)	प्रकृति		तह			जम्मा अङ्कमान	सार्थकता
			प्रत्यक्ष/ अप्रत्यक्ष	अनुकुल/प्रतिकुल	परिमाण	सिमा	अवधि		
		दुर्लभ तथा लोपोन्मुख वनस्पति पर्न सक्ने असरः आयोजना प्रत्यक्ष प्रभाव क्षेत्रभित्र र आयोजना क्षेत्रमा रहेका दुर्लभ तथा लोपोन्मुख वनस्पतिमा असर पर्ने । कारकहरु: • आयोजनाको जलाशय क्षेत्रमा हुने डुबान • आयोजना क्षेत्र वरपर हुने वस्ती विस्तारले हुन सक्ने वन क्षेत्र अतिक्रमण • सञ्चालन शिविरमा खाना पकाउने इन्धन तथा सञ्चालन शिविरहरुमा तापीय उर्जाको रुपमा दाउराको प्रयोग भएको खण्डमा हुन सक्ने वनस्पतिको विनाश • वन डढेलो	प्रत्यक्ष	प्रतिकुल	उच्च ६०	स्थलगत १०	दीर्घकालीन २०	९०	अति सार्थक
		रैथाने वनस्पति लोप हुनेः आयोजनाका शिविर क्षेत्र, कार्यालय क्षेत्र वरपर सुन्दरताका लागि आयातित विरुवा रोपिएको खण्डमा र आयोजनाले प्रबर्द्धन गर्ने कार्यक्रमहरुमा आयातित विरुवालाई बढी प्राथमिकता दिएको खण्डमा रैथाने वनस्पति लोप हुने सम्भावना बढ्ने।	प्रत्यक्ष	प्रतिकुल	निम्न १०	स्थलगत १०	अल्पकालिन ५	२५	नगण्य
		मिचाहा प्रजातिहरू (Invasive Species) भित्रिएर स्थापित हुन सक्ने : बाहिरबाट निर्माण सामग्री ल्याउँदा र जनशक्तिको अधिक ओहोरदोहोर हुँदा मिचाहा प्रजातिहरूको बिउ वा अन्य पुनरुत्पादन हुन सक्ने भाग भित्रिन सक्ने हुँदा मिचाहा प्रजाति स्थापित भई रैथाने प्रजातिका वनस्पतिलाई विस्थापित गराउने सम्भावना हुन्छ तथा जलाशयका कारण सिर्जित नयाँ परिस्थितिकीय प्रणालीमा मिचाहा प्रजातिहरू सजिलै स्थापित हुन सक्ने।	प्रत्यक्ष	प्रतिकुल	मध्यम २०	स्थानीय २०	मध्यम १०	५०	सार्थक
३.	जीवजन्तु	**वन्यजन्तुको विचरण र आवतजावतमा खलल पुग्ने :** मर्मत सम्भार तथा सञ्चालन चरणमा उत्पन्न हुने ध्वनि, कम्पन, सवारी साधनको आवागमन, प्रयोग गरिने प्रकाश (lights) तथा मानवीय गतिविधि बढ्नाले वन्यजन्तु तर्सिएर आफ्नो दैनिक चालचलन र आफ्नो वासस्थान परिवर्तन गर्न सक्छन् र तिनको विचरण/आवतजावत प्रवृत्तिमा असर पर्न सक्छ। कारकहरु: • आयोजनाका भौतिक संरचना तथा आयोजनाका कारण सिर्जित जलाशयका कारण वन्यजन्तुको प्राकृतिक विचरण मार्ग प्रयोग गर्न नपाउनु • ध्वनि, कम्पन, मुख्य शिविर क्षेत्र र बाँध क्षेत्रको बत्ती, मानवीय गतिविधि बढ्नाले वन्यजन्तु तर्सिने आफ्नो प्राकृतिक बाटो परिवर्तन गर्ने	प्रत्यक्ष	प्रतिकुल	मध्यम २०	स्थलगत १०	दीर्घकालीन 20	50	सार्थक
		वन्यजन्तु तथा चराचुरुंगीको संख्या घट्ने : कारकहरु: • ध्वनि, कम्पन तथा प्रकाशका कारण वन्यजन्तु आफ्नो वासस्थान परिवर्तन गर्न बाध्य हुने • तस्करी/चोरी शिकारको घटनामा वृद्धि हुन सक्ने • मनोरंजनका लागि गरिने शिकार • विद्युतीय र सवारी दुर्घटनाका कारण वन्यजन्तु मारिन वा घाइते हुन सक्ने • संचालन चरणमा आवश्यक काटछाँट लगायत वनस्पति व्यवस्थापन कार्यका कारण वासस्थानमा हुने क्षति	प्रत्यक्ष	प्रतिकुल	मध्यम २०	स्थलगत १०	दीर्घकालीन २०	५०	सार्थक
		दुर्लभ तथा लोपोन्मुख वन्यजन्तुमा पर्न सक्ने असरः आयोजना प्रत्यक्ष प्रभाव क्षेत्रमा पाइने ३२ प्रजाति मध्ये १८ प्रजातिका स्तनधारी जनावर, १०१ प्रजाति मध्ये १८ प्रजातिका पंक्षी, ३५ प्रजातिका मध्ये २ प्रजातिका सरीसृप र उभयचर तथा ३ प्रजातिका मध्ये १ प्रजातिका माछाहरु IUCN को संवेदनशील, संकटापन्न र	प्रत्यक्ष	प्रतिकुल	मध्यम २०	स्थलगत १०	दीर्घकालीन २०	५०	सार्थक

क्र.सं.	प्रभाव क्षेत्र	पर्ने प्रभाव (issues/impacts)	प्रकृति		तह			जम्मा अङ्कमान	सार्थकता
			प्रत्यक्ष/ अप्रत्यक्ष	अनुकुल/प्रतिकुल	परिमाण	सिमा	अवधि		
		अति संकटापन्न, नेपाल सरकारको संरक्षित र CITES को अनुसूची I, II III मा सुचिकृत प्रजातिहरु रहेको पाइयो। आयोजनाका गतिविधिले यी प्रजातिहरुमा थप असर पर्न सक्ने सम्भावना रहेको छ। कारकहरु: • आयोजना क्षेत्र वरपर हुने वस्ती विस्तारले वन क्षेत्र अतिक्रमण • मिचाहा प्रजाति स्थापित भएको खण्डमा सोको पारिस्थिकीय प्रभाव • वन डढेलोमा वृद्धि हुन सक्ने • चोरी पैठारी तथा शिकारमा वृद्धि हुन सक्ने • मनोरंजनका लागि गरिने शिकार							
		वन्यजन्तु, चराचुरुंगी तथा जलचरको शिकारः आयोजना स्थल नजिकै वन क्षेत्र र अरुण नदी रहेकोले सो स्थानमा पाइने जीव जन्तु, चराचुरुंगी तथा जलचरहरुलाई सञ्चालन श्रमिकहरुले फुर्सदको समयमा शिकार गर्ने सम्भावनालाई नकार्न सकिन्न। शिकार गर्नाले त्यस्ता जीवहरुको संख्यामा ह्रास आउनुका साथै दुर्घटनावश संरक्षणको दृष्टिकोणमा संबेदनशील जीवहरुको पनि शिकार हुन सक्ने हुँदा त्यस्ता जीवको संख्यामा ह्रास आउन सक्छ। कारकहरु: • आयोजना दैनिक निश्चित समयमा मात्र सञ्चालन गरिने भएकोले सञ्चालन गर्न शुरु गर्दा अचानक बढ्ने पानीको बहावका कारण • तलो तटीय क्षेत्रमा पानीको बहाव कम हुनुका कारण बडी जलचरको शिकार हुनु	प्रत्यक्ष	प्रतिकुल	मध्यम २०	स्थलगत १०	दीर्घकालीन २०	५०	सार्थक
		जलचरमा पर्ने प्रभावः • बाँधका कारण जलचरको प्राकृतिक विचरण तथा प्रजननमा खलल पुग्ने • Reservoir flushing को कारण तल्लो तटीय क्षेत्रमा जलचरहरुमा पर्ने प्रभाव • सञ्चालन र मर्मत सम्भारका क्रममा प्रयोग हुने तेल, ग्रिज लगायतका रासायनिक पदार्थहरूको अव्यवस्थित विसर्जन भएको खण्डमा सोको कारण नदीको गुणस्तर खस्किने र जलचरमा पर्ने प्रभाव • मर्मत सम्भारका क्रममा निस्कने माटो, हिलो लगायतका पदार्थहरू (Muck/Spoil) को विसर्जनको कारण नदीको गुणस्तरमा पर्ने प्रभाव • संचालन शिविर बाट निस्कने फोहोरमैलाको विसर्जनको कारण नदीको गुणस्तरमा पर्ने प्रभाव • Peaking का कारण पानीको बहावमा हुने दैनिक परिवर्तन तथा नदीको भौतिक स्वरूप/धारमा हुने परिवर्तनका कारण जलीय पर्यावरणमा खलल पुग्ने • नदी प्रवाह न्यूनीकरण हुने बाँध भन्दा तल्लो तटीय क्षेत्रमा जलीय वासस्थानको गुणात्मक तथा परिमाणात्मक ह्रास तथा माछा मार्ने काममा हुने वृद्धि	प्रत्यक्ष	प्रतिकुल	उच्च ६०	स्थानीय २०	दीर्घकालीन २०	१००	अति सार्थक

क्र.सं.	प्रभाव क्षेत्र	पर्ने प्रभाव (issues/impacts)	प्रकृति		तह			जम्मा अङ्कमान	सार्थकता
			प्रत्यक्ष/ अप्रत्यक्ष	अनुकुल/प्रतिकुल	परिमाण	सिमा	अवधि		
४.	प्राकृतिक बासस्थान	**जलीय प्रजातिहरूको वासस्थानमा ह्रास आउने तथा जलचरको संख्या घट्ने :** • आयोजना सञ्चालनमा प्रयोग हुने तेल, ग्रीज लगायतका रासायनिक पदार्थहरूको अव्यवस्थित विसर्जन भएको खण्डमा सोको कारण नदीमा पर्ने प्रभाव • आयोजना सञ्चालन, मर्मत को समयमा, Reservoir flushing समयमा निस्कने माटो, हिलो लगायतका पदार्थहरू (Muck/Spoil) को विसर्जनको कारण नदीमा पर्ने प्रभाव • सञ्चालन शिविर बाट निस्कने फोहोरमैलाको विसर्जनको कारण नदीमा पर्ने प्रभाव • Peaking का कारण पानीको बहावमा हुने दैनिक परिवर्तन तथा नदीको भौतिक स्वरूप/धारमा हुने परिवर्तनका कारण जलीय पर्यावरणमा खलल पुग्ने • नदी प्रवाह न्यूनीकरण हुने बाँध भन्दा तल्लो तटीय क्षेत्रमा जलीय वासस्थानको गुणात्मक तथा परिमाणात्मक ह्रास तथा माछा मार्ने काममा हुने वृद्धि • जलाशय सिर्जना हुँदा माछाको भूरा उत्पादन हुने क्षेत्र डुबानमा परी नष्ट हुनसक्नेछ • जलाशय तथा नदी प्रवाह न्यूनीकरण हुने बाँध भन्दा तल्लो तटीय क्षेत्रमा पानीको बहाव, भौतिक तथा रासायनिक गुणहरुमा आउने परिवर्तनका कारण विद्यमान प्रजातिको लागि पारिस्थितिकीय अवस्था उपयुक्त नहुन सक्छ	प्रत्यक्ष	प्रतिकुल	उच्च ६०	स्थानीय २०	दीर्घकालीन २०	१००	अति सार्थक
		नयाँ प्राकृतिक वासस्थान निर्माण हुने: आयोजनाको जलाशय क्षेत्र र यसको वरपर नयाँ पारिस्थितिकिय प्रणाली/वासस्थान क्रमिक रुपमा सिर्जना भई जैविक विविधता बढ्नुको साथै संरक्षण समेत हुने	अप्रत्यक्ष	अनुकुल	उच्च ६०	स्थानीय २०	दीर्घकालीन २०	१००	अति सार्थक
		चराचुरुंगीको संख्यामा वृद्धि हुने: जलाशय क्षेत्रमा जलीय किरा तथा जलीय वनस्पति तथा आहारा प्रजाति बढ्दा विशेषतः सिमसारमा आश्रित चराचुरुंगीले आफ्नो आहाराको लागि सो क्षेत्रमा विचरण गर्ने र संख्यामा वृद्दि हुने।	अप्रत्यक्ष	अनुकुल	उच्च ६०	स्थानीय २०	दीर्घकालीन २०	१००	अति सार्थक
		जलाशय क्षेत्र र वरपर वन्यजन्तुको वासस्थानको गुणस्तर सुधार हुने	अप्रत्यक्ष	अनुकुल	उच्च ६०	स्थानीय २०	दीर्घकालीन २०	१००	
५.	अन्य	**उच्च बजार माग भएका जैविक सम्पदाको दोहन हुने :** बढ्दो बजारको कारण बढ्ने माग पुरा गर्न (दाउरा, मासुको लागि जंगली जनावर, गैह्र काष्ठ वन पैदावार संकलन लगायतका कामले) आयोजाना क्षेत्रमा अनधिकृत रुपमा रूखहरू कटानी, वन्यजन्तु चोरी-शिकार वृद्धि भएको खण्डमा जैविक सम्पदाको दोहन हुने देखिन्छ।	प्रत्यक्ष	प्रतिकुल	मध्यम २०	स्थानीय २०	दीर्घकालीन २०	१००	अति सार्थक
		पारिस्थितिकीय सेवाहरुमा पर्ने प्रभाव : बाँधको कारण र दैनिक निश्चित समयमा मात्र पानीको बहाव छोडिने हुँदा पारिस्थितिकी सेवाहरुमा नकारात्मक असर पर्ने।	प्रत्यक्ष	प्रतिकुल	उच्च ६०	स्थानीय २०	दीर्घकालीन २०	१००	अति सार्थक
ग. सामाजिक-आर्थिक र साँस्कृतिक क्षेत्रमा पर्ने प्रभाव									
१.	जनसंख्या	जनसंख्यामा पर्न सक्ने प्रभाव: आयोजना निर्माण भए पश्चात आयोजना प्रत्यक्ष प्रभावित क्षेत्रको वरिपरी अन्य क्षेत्रका वासिन्दाहरु अवसरको खोजीमा बसाइ सरि आउदा आयोजना क्षेत्रको जनासंख्यमा वृद्धि हुने।	प्रत्यक्ष	प्रतिकुल	निम्न १०	स्थलगत १०	दीर्घकालीन २०	४०	नगन्य
२.	समुदाय	आयोजनाका लागि गरिने सुरक्षा प्रबन्धले स्थानीय/सार्वजनिक सुरक्षाको अवस्था थप प्रभावकारी हुने: आयोजना सुरक्षार्थ खटिने सुरक्षा संयन्त्रका कारण आयोजना प्रभावित क्षेत्रमा सुरक्षाको अवस्था थप प्रभावकारी हुने।	प्रत्यक्ष	अनुकुल	निम्न १०	स्थलगत १०	दीर्घकालीन २०	४०	नगन्य
		स्थानीय सार्वजनिक सुविधाहरूमा दबाब: सिमित स्रोतहरू भएको समुदायमा आयोजनाका कारण जनसंख्यामा बढोत्तरि हुँदा स्थानीय जनताका लागि सार्वजनिक सुविधाहरूको अभाव हुन सक्छ।	प्रत्यक्ष	प्रतिकुल	मध्यम २०	स्थलगत १०	मध्यम १०	४०	नगन्य

क्र.सं.	प्रभाव क्षेत्र	पर्ने प्रभाव (issues/impacts)	प्रकृति		तह			जम्मा अङ्कमान	सार्थकता
			प्रत्यक्ष/ अप्रत्यक्ष	अनुकुल/प्रतिकुल	परिमाण	सिमा	अवधि		
		सामुदायिक उत्तरदायित्व अन्तर्गतका कार्यक्रमः प्रस्तावित आयोजनाले आयोजना प्रभाव क्षेत्रमा सामाजिक उत्तरदायित्व अन्तर्गतका कार्यक्रम संचालन गर्दा आयोजना क्षेत्रको सर्वांगीण विकास हुने र जीवनस्तर उक्सने।	प्रत्यक्ष	अनुकुल	उच्च ६०	स्थलगत १०	दीर्घकालीन २०	९०	अति सार्थक
		दुर्घटना बढ्न सक्ने कारकहरूः ▪ विस्फोटक पदार्थ भण्डारण गरेको स्थानमा वा आयोजना निर्माण चरणमा प्रयोग भएका विस्फोटक पदार्थहरु भुल बश छोदिदा हुने विस्फोट; ▪ प्राविधिक समस्या वा मानवीय त्रुटिले हुने आगलागी; ▪ विविध कारणले यातायातमा हुने दुर्घटना हुँदा हुने मानवीय क्षति; ▪ अकस्मात बाँधका ढोका खोल्दा बाँध भन्दा तल्लो तटीय क्षेत्रमा पानीको बहाव बढ्दा हुने जोखिम; ▪ जलाशयमा जम्मा भएर वसेको पानीमा सावधानी नअपनाउदा डुबेर हुने मानवीय/पशुजन्य क्षति।	प्रत्यक्ष	प्रतिकुल	निम्न १०	स्थलगत १०	दीर्घकालीन २०	४०	नगन्य
		सिमान्तकृत वर्ग झन् बढी सिमान्तकृत हुने र विस्थापित हुने : आयोजना निर्माण सम्पन्न पश्चात आउने वदलिदो सामाजिक, आर्थिक, साँस्कृतिक परिवर्तनमा समाहित हुने परिस्थिति निर्माण नभएको खण्डमा वा उनीहरुको क्षमता विकास नहुँदा सिमान्तकृत परिवार झन् सिमान्तकृत हुने र त्यस स्थानबाट विस्थापित भई अन्यत्रै जानु पर्ने।	प्रत्यक्ष	प्रतिकुल	मध्यम २०	स्थलगत १०	दीर्घकालीन २०	५०	सार्थक
३.	खेती योग्य जमिनको क्षय	अन्नबाली उत्पादनमा कमिः आयोजना निर्माणको लागि कुल ५३.६९ हेक्टर निजी जग्गा प्रभावित हुने देखिन्छ जसबाट वार्षिक उत्पादन भइरहेको अन्नबालीको परिमाणमा कमि आउनेछ। स्थलगत अवलोकन तथा घरधुरी सर्वेक्षण अनुसार बाँध क्षेत्रमा करिब ३५ प्रतिशत र विद्युतगृह क्षेत्रमा करिब ४५ प्रतिशत प्रभावित जग्गामा खेतीपाती गरेको देखिन्छ।	प्रत्यक्ष	प्रतिकुल	मध्यम २०	स्थलगत १०	दीर्घकालीन २०	५०	सार्थक
		यसै गरि आयोजनाबाट १४.४ हेक्टर हेक्टर निजी जग्गा अस्थाई रुपमा बिभिन्न प्रयोजनका लागि प्रयोग हुनेछ र आयोजना निर्माण अवधिभर वार्षिक उत्पादन भइरहेको अन्नबालीको परिमाण घट्नेछ।	प्रत्यक्ष	प्रतिकुल	निम्न १०	स्थलगत १०	अल्पकालिन ५	२५	नगण्य
४.	मानव स्वास्थ्यमा पर्ने प्रभाव	सञ्चालन सामग्रीहरू बोक्ने सवारी साधनबाट हुन सक्ने दुर्घटनाः सञ्चालनको समयमा तथा सञ्चालन सामाग्री ढुवानीमा प्रयोग गरिने सवारीसाधनले सडक दुर्घटना र ट्राफिक व्यवस्थापनमा समस्या सिर्जना गर्न सक्छ।	अप्रत्यक्ष	प्रतिकुल	निम्न १०	स्थलगत १०	दीर्घकालिन २०	४०	नगन्य
		सरुवा रोग र अन्य रोगको प्रकोप बढ्ने: निर्माण चरण भन्दा मानवीय गतिविधि कम भए पनि मान जन्य सरुवा रोग स्थानीयबाट कर्मचारी, कर्मचारीबाट स्थानीय तथा कर्मचारी कर्मचारी विच विभिन्न प्रकारका सरुवा रोगको प्रकोप रही रहने सम्भावाना हुन्छ।	अप्रत्यक्ष	प्रतिकुल	निम्न १०	स्थलगत १०	दीर्घकालिन २०	४०	नगन्य
५.	सामाजिक मूल्य मान्यतामा हुने परिवर्तन	सामाजिक सद्भाव खल्बलिने, सामाजिक असुरक्षा बढ्ने: ▪ परिवर्तित सामाजिक परिस्थितिले निम्त्याउने द्वन्द; ▪ आयोजनाले उत्पन्न गर्ने नयाँ आर्थिक परिवेशका कारण फाइदा लिने होडबाजी; ▪ वन, चरण क्षेत्र लगायतका स्रोतको कमी हुँदा स्रोतको उपयोगको लागि बढ्ने द्वन्द्व।	अप्रत्यक्ष	प्रतिकुल	निम्न १०	स्थलगत १०	दीर्घकालीन २०	४०	नगन्य
		स्थानीय परम्परागत ज्ञान, सिप र पेशा लुप्त हुन सक्ने : ▪ आयोजना प्रभाव क्षेत्रमा एकल जातीय बसोबास रहेकोले आफ्नै मौलिक ज्ञान, परम्परागत, सिप र पेशा रहेको अवस्थामा आयोजना क्षेत्रभित्र बढ्ने आर्थिक गतिविधिकाका कारण उपलब्ध हुने नयाँ अवसरहरुबाट यस्ता पेशामा आबद्ध व्यक्तिहरुले पेशा परिवर्तन गर्ने सम्भावना हुन्छ।	अप्रत्यक्ष	प्रतिकुल	निम्न१०	स्थानीय२०	मध्यम१०	४०	नगन्य

क्र.सं.	प्रभाव क्षेत्र	पर्ने प्रभाव (issues/impacts)	प्रकृति		तह			जम्मा अङ्कमान	सार्थकता
			प्रत्यक्ष/ अप्रत्यक्ष	अनुकुल/प्रतिकुल	परिमाण	सिमा	अवधि		
		▪ पूर्वाधार विकास तथा बजारीकरण सँगसँगै आधुनिक यन्त्र/पद्धतिको प्रयोगसँग प्रतिस्पर्धा गर्न नसकी स्थानीय परम्परागत ज्ञान, सिप र पेशा लुप्त हुन सक्दछन्।							
६.	आर्थिक प्रभाव	**जलविद्युतको शेयर साझेदारीबाट लाभ प्राप्त हुनेः** किमाथांका जलविद्युत आयोजनामा शेयर साझेदारीको अवधारणा अनुसार स्थानीय तहले लगानीको अवसर प्राप्त गर्नुका साथै आयोजना प्रभावित क्षेत्रका स्थानीय वासीले शेयर मार्फत लगानी गरि मुनाफा प्राप्त गर्न सक्ने छन्।	अप्रत्यक्ष	अनुकुल	उच्च ६०	स्थानीय २०	दीर्घकालीन २०	१००	अति सार्थक
		जीविकोपार्जमा सुधारः आयोजना संचालन चरणमा प्राविधिकहरुले रोजगारी प्राप्त गर्ने, यसैगरी आयोजना निर्माण चरणमा सिकेका सिप तथा कार्य अनुभवका आधारमा अन्य आयोजनामा सम्लग्न भई जीविकोपार्जनमा सकरात्मक प्रभाव पर्ने देखिन्छ।	अप्रत्यक्ष	अनुकुल	निम्न १०	स्थलगत १०	दीर्घकालीन २०	४०	नगन्य
		स्थानीयको आर्थिक तथा व्यावसायिक अवस्थामा उल्लेख्य सुधार हुनेः स्थानीय उत्पादनले बजार प्राप्त गर्ने, सिप र क्षमताको आधारमा रोजगारी प्राप्त हुने, पुनर्वास कार्ययोजना अन्तरर्गत आयोजना प्रभावितहरुलाई मुआब्जाको साथै पुनर्वास तथा पुनर्स्थापना सहायता प्राप्त हुने, सामुदायिक सहयोग कार्यक्रम जस्ता गतिविधिले आयोजना प्रभावित क्षेत्रको आर्थिक अवस्थामा उल्लेख्य सुधार हुने देखिन्छ।	अप्रत्यक्ष	अनुकुल	निम्न १०	स्थानीय २०	दीर्घकालीन २०	५०	सार्थक
		आयोजनाका कारण स्थानीय बजारको आकार र पहुँच बढ्दा आयात गरिने सामानको मूल्य घटन सक्नेः आयोजना निर्माण सुरु भए सँगै मानिसको गतिविधि बढ्न गई आयोजना क्षेत्रमा बजार विस्तार हुनेछ भने आयोजनाको लागि स्तरउन्नति गरिने सडकको कारण सडक पहुँच सहज भई सामानको मूल्य घट्ने छ।	अप्रत्यक्ष	अनुकुल	निम्न १०	स्थानीय २०	मध्यम १०	४०	नगन्य
		जीविकोपार्जनमा प्रभावः ▪ आयोजना निर्माण सम्पन्न भई संचालनमा आउँदा निर्माण चरणमा आएका कामदारका कारण विस्तार भएको कामदार फिर्ता भए पश्चात स्थानीय बजार संकुचित हुने तथा त्यसमा आश्रित जनजीविकामा असर गर्दछ; ▪ आयोजनाले गर्दा बनेका बजारमा स्थानीयहरुले उत्पादन गरेका कृषि तथा पशु उत्पादनले बजार गुमाउँदा स्थानीयहरू आम्दानीका लागी अन्य श्रोत खोज्नु पर्ने अवस्था आउन सक्छ; ▪ आयोजनामा रोजगारी गरेर नयाँ सिप सिकेका तथा आर्थिक अवसर उपयोग गरि राम्रो अवस्था भएकाहरुमा रोजगारी र आम्दानीको लागी अन्यत्र बसाईं सराइ हुन् सक्ने अवस्था आउन सक्ने देखिन्छ।	अप्रत्यक्ष	प्रतिकुल	मध्यम २०	स्थानीय २०	दीर्घकालीन २०	६०	सार्थक
		अस्वाभाविक मूल्य वृद्धि हुन सक्नेः ▪ घडेरीको लागि जग्गाको उच्च माग हुने; ▪ मुआब्जा, शेयरबाट प्राप्त मुनाफा, व्यापार व्यवसायबाट मानिससँगको नगद उपलब्धता बढ्ने हुँदा वास्तविक मूल्य भन्दा बढी मूल्य दिने प्रवृत्ति बढ्ने; ▪ दैनिक उपभोग्य वस्तुको माग बढ्नाले आपूर्ति बढ्न नसकेमा बजार मूल्य बढ्ने।	अप्रत्यक्ष	प्रतिकुल	निम्न १०	स्थानीय २०	मध्यम १०	४०	नगन्य
७.	धार्मिक र साँस्कृतिक प्रभाव	साँस्कृतिक, ऐतिहासिक सम्पदाहरुको प्रचारप्रसार हुनेः आयोजना निर्माणले स्थानीय भोटे समुदायका साँस्कृतिक सम्पदा, कला संस्कृति, रीतिरिवाज आदिको प्रसार हुनुका साथै लोपोन्मुख सम्पदाको पहिचान तथा सम्बर्धनमा सहायता हुने।	अप्रत्यक्ष	अनुकुल	निम्न १०	स्थानीय २०	मध्यम १०	४०	नगन्य
		पर्या-पर्यटनः प्रस्तावित जलाशय क्षेत्र एउटा मनोरन्जन गर्ने क्रिडास्थल स्थलको रुपमा विकास गरेको खण्डमा वाह्य तथा आन्तरिक पर्यटन भित्र्याउन सकिन्छ जसबाट समग्र आयोजना क्षेत्रको आर्थिक विकासमा टेवा पुग्न जान्छ।	अप्रत्यक्ष	अनुकुल	मध्यम २०	स्थानीय २०	दीर्घकालीन २०	६०	सार्थक

७.२. प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने प्रभावको संरक्षणका उपाय

प्रस्तावित आयोजनाको कार्यान्वयनका कारण निम्तिन सक्ने सार्थक र अति सार्थक प्रतिकुल वातावरणीय प्रभावहरुलाई न्युनिकरण गर्नका लागि प्रतिरोधात्मक, सुधारात्मक र क्षतिपूर्तिका निम्नलिखित संरक्षण कार्यहरु अवलम्बन गर्नुपर्ने देखिन्छ।

तालिका ३४: प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने प्रभावको संरक्षणका उपाय (पूर्व/निर्माण चरणमा)

क्र.स.	पूर्व/निर्माण चरणमा पर्ने प्रभावहरु	न्यूनीकरणका उपाय		
		प्रतिरोधात्मक उपाय (Preventive measures)	सुधारात्मक उपाय (Corrective measure)	क्षतिपूर्तिका उपाय (Compensatory Measures)
क.	**भौतिक वातवरणमा पर्ने प्रभाव**			
१.	भू-स्वरूप र परिदृश्य (प्राकृतिक सौन्दर्य) मा आउने परिवर्तन	भू-स्वरूप र परिदृश्यमा न्युनतम असर पर्ने आयोजनाका संरचना तथा सुविधाहरुको डिजाइन तथा ले-आउट गरिएको।	▪ आयोजनाको निर्माण चरण सम्पन्न भए पश्चात निर्माण स्थल वरपरका क्षेत्रहरू सम्याइनेछ र पहिलेकै परिदृश्यमा पुनर्स्थापना गरिनेछ। ▪ निर्माण सामाग्री भण्डारण क्षेत्र र सुरुङ्ग उत्खननको क्रममा उत्पन्न भएको muck र spoil विसर्जन/व्यवस्थापन गरिएको स्थलहरु तारजाली, Retaining wall जस्ता उपयुक्त इन्जिनियरिंग विधिद्वारा स्थिरीकरण गरी सम्भव भएसम्म त्यस्ता स्थानहरुलाई उपयुक्त सामग्रीले ढाकिनेछ। ▪ खाली ठाँउमा बृक्षारोपण (सकभर स्थानीय प्रजाति) गरी हरियाली बढाईनेछ।	उपयुक्त स्थानहरुमा Compensatory plantation गरी आयोजना निर्माणको क्रममा क्षति भएको वन क्षेत्रको लागि क्षतिपूर्ति गरिनेछ।
२.	भू-क्षय, पहिरो र भू-अस्थिरता	▪ आयोजनाको निर्माण थालनी पूर्व पुनः आयोजनाको प्रभाव क्षेत्रको स्थलगत अध्ययन गरि पहिरो लगायत भौगर्भिक जोखिमयुक्त स्थानहरुको पहिचान गर्ने। ▪ पहिचान भएका जोखिमयुक्त स्थानहरुमा जोखिम न्युनीकरण कार्यहरु गर्ने र सम्भावित जोखिम तथा क्षतिबाट जोगिन अत्यावश्यक स्थान बाहेक अन्यत्र उत्खनन, विष्फोटन जस्ता आयोजनाका संरचनाहरुको निर्माण सम्बद्ध कार्य नगर्ने र गर्न परेको खण्डमा पनि न्यून मात्रा/स्तरमा मात्र गर्ने।	▪ माटोको क्षय नियन्त्रण गर्न भिरालो सतहको स्थिरीकरणका उपायहरू यथासम्भव शीघ्र अवलम्बन गरिनेछ। ▪ कमजोर धरातलहरुमा उपयुक्त जैविक-ईन्जिनियरिङ्ग प्रविधि अवलम्बन गरिनेछ। ▪ नदीको स्वरुपमा पर्न सक्ने प्रतिकूल प्रभावको न्यूनीकरणका लागि थप अध्ययन गरि आवश्यकता अनुसार कट-अफ वाल, एप्रोन र तटबन्ध लगायत निर्माण कार्य तथा इन्जिनियरिंग विधिहरु अवलम्बन गरिनेछ। ▪ आयोजनाको प्रभाव क्षेत्रमा माटोको क्षय र नदी किनारको scouring न्युनिकरण गर्न आवश्यकता अनुसार Retaining walls, breast walls जस्ता उपयुक्त संरचनाहरु निर्माण गरिनेछ।	
३.	भू-उपयोगमा आउने परिवर्तन	वन र वनस्पति तथा कृषि क्षेत्रको जग्गा आयोजनाको संरचनाहरु निर्माणार्थ हण गर्दा आवश्यक जमिन मात्र प्रयोग गर्ने ।	आयोजनाको निर्माण चरण सम्पन्न भए पश्चात आयोजनाका लागि प्रयोग भएको जमिन पुनर्स्थापना गरि मात्र हस्तान्तरण गरिने।	नेपाल सरकारको प्रचलित नियम अनुरुप वन क्षेत्र र निजी (कृषि, आवसीय) क्षेत्रको जग्गा प्रयोग गरे वापत क्षतिपूर्ति प्रदान गर्ने र स्वामित्व हस्तान्तरण गर्ने

क्र.स.	पूर्व/निर्माण चरणमा पर्ने प्रभावहरु	न्यूनीकरणका उपाय		
		प्रतिरोधात्मक उपाय (Preventive measures)	सुधारात्मक उपाय (Corrective measure)	क्षतिपूर्तिका उपाय (Compensatory Measures)
४.	माटोमा पर्न सक्ने दुष्प्रभाव र सतही माटोको ह्रास	▪ आयोजनाको डिजाइन चरण तथा सम्भाव्यता अध्ययन चरणमा नै आयोजना निर्माणका क्रममा कटान गर्नुपर्ने माटो र सो मध्येबाट आयोजनाकै निर्माण कार्यमा उपयोग गर्न सकिने माटोको परिमाण एकिन गरि अधिक परिमाणको माटो व्यवस्थापनको लागि उचित स्थान छनौट गरी योजना अनुसार व्यवस्थापन गर्नुपर्ने। ▪ आयोजनाको निर्माण स्थल, खानी तथा उत्खनन स्थल, शिविर क्षेत्र लगायत स्थानहरुबाट उत्सर्जन हुने निर्माणजन्य फोहर, रासायनिक पदार्थ, ढल लगायत फोहोरहरुको उचित व्यवस्थापन गरिनु पर्ने । ▪ निर्माण स्थलहरुको तयारी (site clearance) को क्रममा कटान गर्नुपर्ने/निष्कासन हुने सतही माटो (top soil) यथाशक्य भण्डारण र उचित संरक्षण गरी निर्माण सम्पन्न भए पश्चात पुनर्स्थापना गरिने सतहहरुमा राखी यथासम्भव प्राकृतिक स्थितिमा फर्काउने।	▪ उत्खनन गरिएको माटो लगायत भौगर्भिक पदार्थ तथा निर्माणजन्य फोहरलाई सकेसम्म भण्डारण गरी जमिन सम्याउने जस्ता प्रयोजनका लागि पुनर्प्रयोग गरिने र आवश्यक परे पुर्ने वा सुरक्षित तथा स्वीकार्य तवरले विसर्जन गरी व्यवस्थापन गर्ने। ▪ निर्माण चरणमा उत्पन्न हुने फोहोरलाई तिनको प्रकृति अनुसार वर्गीकरण/पृथकीकरण गरी पालिकासंग समन्वयन गरि व्यवस्थापन गरिनेछ। ▪ सिमेन्ट, पेन्ट, ईन्धन, ग्रीज लगायत निर्माण सामग्री तथा रासायनिक पदार्थ आदिको उचित र सुरक्षित भण्डारण, प्रयोग तथा प्रयोग पश्चात सुरक्षित व्यवस्थाप गरिनेछ; जथाभावी विसर्जन गरिने छैन।	
५.	वायु प्रदूषण (वायु गुणस्तरमा आउने ह्रास)	▪ आयोजनाका लागि प्रयोग हुने सवारी साधनहरुको उत्सर्जन स्तर नियमन गरिनेछ, ग्रीन स्टिकर भएका सवारी, न्युन उत्सर्जन गर्ने सवारी साधन तथा इन्धन खपतको उच्चः प्रभावकारिता (fuel efficiency) भएका उपकरण तथा सवारी साधन लाई प्रोत्साहन गरिनेछ ▪ जेनेरटर, सवारी साधन, भारि उपकरण आदिको नियमित मर्मत सम्भार गरिनेछ ▪ निर्माण सामग्री, उत्खनन गरिएको माटो लगायत पदार्थको खुला भण्डारण तथा अनुचित विसर्जन निषेध गरिनेछ। ▪ वायु प्रदूषणका स्रोतहरू पहिचान गरि प्रदूषण रोकथामका उचित उपायहरू अवलम्बन गरिने छ। ▪ नियमित पानी छर्कनेः आयोजना सम्म पुग्ने र आयोजनाको लागि नियमित प्रयोग हुने सडकहरुमा दैनिक कम्तिमा तिन पटक पानी छर्कने र सुख्खा मौसममा आवश्यकता अनुसार थप पटक पानी छर्कने व्यवस्था गरिनेछ।	निर्माण क्षेत्रमा धुलो नियन्त्रण गर्न पानी छर्कने व्यवस्था गरिनेछ। दिन वा रातको समयमा हावा चलेका बेला hauling उपकरणहरू तथा spoil ढुवानीको क्रममा डम्प ट्रकहरू (dump trucks) लाई त्रिपाल (tarpaulin sheet) ले उचित तरिकाले छोपिनेछ।	
६.	पानीका मूलहरू सुक्ने वा भूमिगत पानीको सतहमा परिवर्तन आउने	पहिचान भएका मूल भएका क्षेत्रहरुमा उत्खनन आदि निर्माण कार्य गर्दा सम्बन्धित सरोकारवाला/उपभोक्ता/समुदायसंग समन्वय गरिनेछ।	सुरूङ्गको grouting र lining आवश्यकता अनुसार गरिनेछ।	मुख्य सुरुङ्ग आसपासका क्षेत्रमा भएका पानीका श्रोतहरुको बहाव कम भएको गुनासो प्राप्त भएमा ती श्रोतहरुको सर्वेक्षण गरिनेछ र सुरुङ्ग निर्माण पूर्वको अवस्था भन्दा बहाव कम भएको देखिएमा सोबाट प्रभावित पक्षलाई घरायसी लगायत आवश्यक प्रयोजनको लागि पानीको वैकल्पिक व्यवस्था मिलाईनेछ ।
७.	जल प्रदूषण (पानीको गुणस्तरमा आउने ह्रास)	• पानीका श्रोत प्रदुषण गर्ने कारक/श्रोतहरुको पूर्व पहिचान गरी सोहि अनुसारको व्यवस्थापन योजना बनाई लागु गरिनेछ		नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहका प्रदुषण रोकथाम सम्बन्धि निर्देशिकाको पालना गरिनेछ

क्र.स.	पूर्व/निर्माण चरणमा पर्ने प्रभावहरु	न्यूनीकरणका उपाय		
		प्रतिरोधात्मक उपाय (Preventive measures)	सुधारात्मक उपाय (Corrective measure)	क्षतिपूर्तिका उपाय (Compensatory Measures)
		• आयोजनाको सुरुङ्ग उत्खनन गर्दा वा अन्य संरचनाको लागि जमिन उत्खनन गर्दा उत्खनन गरिएको भौगर्भिक पदार्थमा जल प्रदुषण वा संक्रमण (contamination) गर्न सक्ने रासायानिक पदार्थ वा खनिज पदार्थ रहे नरहेको परिक्षण गरिनेछ तथा Muck तोकिएका स्थानमा मात्र विसर्जन/व्यवस्थापन गरिनेछ • सुरुङ्ग खन्दा जमिन रसाएर निस्कने पानीमा जल प्रदुषण वा संक्रमण (contamination) गर्न सक्ने रासायानिक पदार्थ वा खनिज पदार्थ रहे नरहेको परिक्षण र निक्यौंल गरि मात्र विसर्जन गरिनेछ • aqueous oil-based materials हरुको समुचित र तोकिएको स्थानमा मात्र भण्डारण गरिनेछ र चुहावट हुन रोक्न नियमित चेकजांच गरिनेछ • क्रसर प्लान्ट संचालन गर्दा, बालुवा प्रशोधन गर्दा निस्केको पानी ब्यबस्थित च्यानल मार्फत कृत्रिम पोखरीमा जम्मा गरी धुलोका कणहरु थिग्राएर पानीको गुणस्तर मापन गरेर मात्र विसर्जन गरिनेछ। • यान्त्रिक साधनहरु निश्चित स्थानमा पखाल्ने तथा पखालेको पानी उचित प्रशोधन (थिग्राउने लगायत) गरी मात्र विसर्जन गरिनेछ • तेल चुहावट हुन सक्ने स्थानमा तेल सिधै जमिनमा चुहिनबाट जोगाउने विधिहरु अवलम्बन गरिनेछ • निर्माण सम्बन्धी गतिविधिहरुबाट उत्सर्जन हुने सबै फोहरहरुको प्रकृति अनुसार वैज्ञानिक व्यवस्थापनमा गरिनेछ		
८.	ध्वनि प्रदूषण	• सकेसम्म कम आवाज निकाल्ने निर्माण उपकरणहरूको प्रयोग गर्नुपर्ने र चर्को आवाज निकाल्ने मेशिनको प्रयोग यथासम्भव न्यून गर्ने • अत्यधिक ध्वनि निष्कासन गर्ने सवारी साधन प्रयोग नगर्ने • सबै उपकरण तथा सवारी साधनको नियमित चेकजाँच र मर्मत सम्भार गर्ने • मुख्य वस्ती सुरु हुनु भन्दा २०० मिटर वरपर आयोजनासंग सम्बन्धित सवारीहरुको हर्नको प्रयोग नियमन गर्ने • निर्माण सामग्री ढुवानी गर्ने सवारी साधनको लागि मुख्य वस्ती क्षेत्रहरुमा गति सीमा (२० किलोमिटर प्रति घण्टा) लागु गर्ने • निर्माण सामग्री ढुवानी गर्ने सवारी साधनको प्रेशर हर्न निषेध गर्ने र आयोजना क्षेत्र र वरिपरीमा हर्नको प्रयोग नियमन गर्ने • बढी ध्वनि आउने वा निस्कासन गर्ने कार्यहरु दिनको समयमा मात्र गर्नु पर्ने आयोजनामा कार्यरत श्रमिकहरुलाई Ear-muff जस्ता सुरक्षा साधन उपलब्ध गराई सोको प्रयोग अनिवार्य गराउने।		

क्र.स.	पूर्व/निर्माण चरणमा पर्ने प्रभावहरु	न्यूनीकरणका उपाय		
		प्रतिरोधात्मक उपाय (Preventive measures)	सुधारात्मक उपाय (Corrective measure)	क्षतिपूर्तिका उपाय (Compensatory Measures)
९.	हरित गृह ग्याँसको उत्सर्जनमा वृद्धि हुने	• निर्माण सामग्री ढुवानी गर्ने भारी सवारी र अन्य सवारी-साधनहरुको नियमित चेकजाँच र मर्मत सम्भार गर्ने • निर्माण कार्यमा प्रयोग हुने ठूला र भारी प्रकृतिका उपकरणहरुको नियमति चेकजाँच र मर्मत सम्भार गर्ने • निर्माण उर्जाका लागि नवीकरणीय ऊर्जाको अधिकतम प्रयोग गरी डिजेल जेनेरेटर सेटको यथासम्भव कम प्रयोग गर्ने	• निर्माण शिविरबाट निस्कने जैविक फोहोर तथा ढलको उचित व्यवस्थापन गर्ने • Site clearance को दौरान कटान गरिएको वनस्पतिको यथासक्य शीघ्र र उचित व्यवस्थापन गर्ने	
१०.	फोहोर उत्सर्जन/प्रदुषण	▪ निर्माणजन्य फोहर, विसर्जन गर्नुपर्ने सामग्री र ठोस फोहोरको वैज्ञानिक व्यवस्थापन गरिनेछ। ▪ थुपरिएर राखेको माटो, सिमेन्ट तथा अन्य सामग्रीहरुलाई राम्रो संग घेरा लगाएर र छोपेर व्यवस्थित तवरले राखिनेछ । ▪ फोहोरलाई तिनको प्रकृति अनुसार वर्गीकारण/पृथकीकरण गरी पालिकासंग समन्वयन गरि व्यवस्थापन गरिनेछ ▪ खाल्डो तथा सम्म नभएको जमिनलाई निर्माणजन्य फोहर र अधिक हुने भौगर्भिक पदार्थ प्रयोग गरि सम्याइनेछ।	फोहोरलाई सकेसम्म श्रोतमै पृथकीकरण गर्नका लागि निर्माण स्थलमा फोहोरको भाँडाहरुको व्यवस्था गरिनेछ र फोहरको प्रकृति अनुसार संकलित फोहरलाई फोहर व्यवस्थापन योजना अनुरुप व्यवस्थापन गरिनेछ।	
११.	निर्माण सामाग्री उत्खननका कारण पर्ने प्रभाव	▪ आयोजनाको प्रभाव क्षेत्रमा खानी उत्खननको प्रभाव पहिचान गरि तात्कालिन अवस्थाको वातावरण व्यवस्थापन योजना बनाई लागु गरिने ▪ Rock Quarry site मा पहिरो जोखिमको पूर्वमुल्यांकन गरि आवश्यक पहिरो रोकथाम कार्य गरिने ▪ आयोजनालाई आवश्यक पर्ने माटो उत्खनन स्थलमा घेराबार संरचना बनाइने र भिरालो स्थानमा माटो निकाल्नु अघि ग्याबिन पर्खाल वा RCC पर्खाल जस्ता सुरक्षात्मक संरचना बनाउने ▪ नदीजन्य पदार्थ उत्खनन गर्दा नदीको जलसतह भन्दा मुनि र नदीको धार (channel) भित्र नगरी किनार बाट गरिनेछ नदीजन्य पदार्थ उत्खनन स्थलमा खाल्डो पर्ने र भिरालो जमिनमा पहिरो जाने हुनाले तारजाली लगाई पहिरो रोकथाम विधिहरु अपनाउने		
ख.	**जैविक वातावरणमा पर्ने प्रभावहरु**			
१.	वन क्षेत्र विनास	▪ वन, वनस्पति तथा गैरकाष्ठ वन पैदावारहरुको महत्वको बारेमा स्थानिय समुदाय तथा आयोजनाका कामदारहरुलाई लक्षित गरि जनचेतना अभिवृद्धि कार्यक्रम गर्ने। ▪ आयोजना वरपर वन क्षेत्रमा हुने वस्ती विस्तारलाई निरुत्साहित गरिने।	▪ आयोजना निर्माणका लागि सकेसम्म कम रुखहरु कटान गरिनेछ र कटान भएको रुखहरुको क्षतिपुर्ती स्वरुप उस्तै प्रकृतिका वनस्पतिहरुको रोपण गरिनेछ। ▪ आयोजनाका कामदारहरुवाट हुनसक्ने गैरकाष्ठ वन पैदावारहरुको सङ्कलनमा पूर्ण रुपमा बन्देज लगाईनेछ र आयोजनाका शिविरहरुमा इन्धनका रुपमा दाउराको प्रयोग गरिनेछैन।	सामुदायिक/मध्यवर्ति स.व./ सरकारी वनको जग्गा स्थायी रुपमा प्रयोग गरे बापत क्षतिपूर्ति स्वरूप आयोजना स्थल नजिकै वा डिभिजन वन कार्यालय र प्रभावित सामुदायिक वन उपभोक्ता समितिको सिफारिस बमोजिम क्षति हुने वन क्षेत्र बराबरको जग्गा यस आयोजनाले कृषि, वन तथा पर्यावरण मन्त्रालयलाई हस्तान्तरण गर्नेछ।

क्र.स.	पूर्व/निर्माण चरणमा पर्ने प्रभावहरु	न्यूनीकरणका उपाय		
		प्रतिरोधात्मक उपाय (Preventive measures)	सुधारात्मक उपाय (Corrective measure)	क्षतिपूर्तिका उपाय (Compensatory Measures)
२.	सामुदायिक वन/ वनमा प्रभाव	आयोजनाको कारण सामुदायिक वनमा पर्ने प्रभावलाई सामुदायिक वनका उपभोक्ता र स्थानीय जनप्रतिनिधिसंग समन्वय गरि समाधान गरिनेछ।		सामुदायिक वनको जग्गा स्थायी रुपमा प्रयोग गरे बापत क्षतिपूर्ति स्वरूप आयोजना स्थल नजिकै वा डिभिजन वन कार्यालय, मकालु बरुण राष्ट्रिय निकुन्ज र प्रभावित सामुदायिक वन उपभोक्ता समितिको सिफारिस बमोजिम क्षति हुने वन क्षेत्र बराबरको जग्गामा आयोजनाले वृक्षारोपण गर्नेछ।
३.	वन डढेलोमा वृद्धि हुन सक्ने	• निर्माणका क्रममा आयोजना क्षेत्रमा मानिसहरुको अनधिकृत प्रवेश निषेधित गरिनेछ। • कामदारहरुलाई सुरक्षा सम्बन्धि चेतनामुलक तालिम प्रदान गरिनेछ। • निर्माण श्रमिकलाई वन्यजन्तु संरक्षण सम्बन्धी सचेतना तालिम प्रदान गरिने छ साथै वन क्षेत्र भित्र धुम्रपान निषेध गरिनेछ।		
४.	वनस्पतिको विनाश	• वन तथा वनस्पतिमा हुनसक्ने सम्भावित क्षति कम गर्न श्रमिकहरूलाई सचेत गराइने छ। • आयोजनाको श्रमिक शिविर क्षेत्रमा दाउराको प्रयोग हुन नदिन वैकल्पिक इन्धनको व्यवस्था गरिनेछ। • आयोजना स्थल नजिक वन क्षेत्रमा कामदारहरुको प्रवेश नियमन गरिनेछ। • वन अतिक्रमण कडाईका साथ नियन्त्रण गरिनेछ। • प्रतिबन्धित र फडानी गरिएको क्षेत्र वरीपरी गैर-काष्ठ वन पैदावार प्रजातिहरूको वृक्षारोपणमा जोड दिइनेछ। • निर्माण र मर्मत कार्य गर्ने हरेक नयाँ कर्मचारीहरूलाई कम्तिमा एक पटक जैविक विविधता संरक्षण सम्बन्धि जनचेतनामुलक प्रशिक्षण दिइने छ। • वृक्षारोपण गर्दा रैथाने प्रजातिलाई प्राथमिकता दिइनेछ। • आयोजनाका कामदारहरुवाट हुनसक्ने वन पैदावारहरुको सङ्कलनमा पूर्ण रुपमा बन्देज लगाईनेछ।	• आयोजनाले सके सम्म कम रुखहरु कटान गरिनेछ, यसको परिपुर्ती स्वरूप उस्तै प्रकृतिका वनस्पतिहरुको रोपण गरिनेछ। • संरक्षित क्षेत्रमा पूर्वाधार निर्माणको लागि जग्गा उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८० को दफा १४ (५) बमोजिम आयोजनाको हेडरेस नहर, हेडरेस पाइप , पेनस्टक पाइप तथा विद्युतगृह भूमिगत रहने गरि डिजाइन गरिएको छ	प्रस्तावित आयोजनाको संरचना निर्माण गर्दा कुल १०,८५९ रुख र पोलहरु क्षति हुने देखिन्छ जसमध्ये मध्यवर्ती सामुदायिक वनको ५,३७५ वटा, डिभिजन वन कार्यालयको क्षेत्राधिकार भित्र पर्ने सामुदायिक वनमा १५०२ र निजी जग्गा भित्रको ३,९८२ वटा रहेका छन्। प्रस्तावित आयोजना निर्माणका लागि क्षति हुने रुख पोलको क्षतिपुरक वृक्षारोपण कार्य मध्यवर्ती सामुदायिक वन क्षेत्रको हकमा "संरक्षित क्षेत्रमा पूर्वाधार निर्माणको लागि जग्गा उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८०" बमोजिम, डिभिजन वन कार्यालयको क्षेत्राधिकार भित्र पर्ने सामुदायिक वन क्षेत्रको हकमा वन नियमावली २०७९ बमोजिम र निजी रुखको हकमा १:१ का अनुपातले मकालु बरुण रा.नि.को कार्यालय, डिभिजन वनको कार्यालय, मध्यवर्ती/सामुदायिक वन उपभोक्ता समूह, प्रमुख जानकार, स्थानीय जनप्रतिनिधिहरुसँगको समझदारी र सहकार्यमा तोकिएको क्षेत्रमा (कम हैसियतको वन क्षेत्र, बाँझो जमिन, आदि) बहुउपयोगी तथा स्थानीय हावापानीमा सजिलै हुर्कन सक्ने, सहजै उपलब्ध हुने र छिटो हुर्कने प्रजातिलाई प्राथमिकता राखी क्षतिपुरक वृक्षारोपण गरि ५ बर्षको अवधिसम्म आयोजनाको खर्चमा हेरचाह गरी सम्बन्धित निकायलाई हस्तान्तरण गरिनेछ।
५.	दुर्लभ तथा लोपोन्मुख वनस्पति पर्न सक्ने असर			
६.	रैथाने वनस्पति लोप हुने			

क्र.स.	पूर्व/निर्माण चरणमा पर्ने प्रभावहरु	न्यूनीकरणका उपाय		
		प्रतिरोधात्मक उपाय (Preventive measures)	सुधारात्मक उपाय (Corrective measure)	क्षतिपूर्तिका उपाय (Compensatory Measures)
७.	मिचाहा प्रजातिहरू (Invasive Species) स्थापित हुन सक्ने	• मिचाहा प्रजातिद्वारा हुन सक्ने अतिक्रमण निरुत्साहित गर्न २ मिटर भन्दा कम उचाईका बोटबिरुवा हटाइने छैन। आवश्यकता बिना सतहको वनस्पति फडानी गरिने छैन र सकेसम्म रुख विरुवालाई काटँछाटँ मात्र गरिनेछ। खाली जमिनमा वनस्पतिको यथासम्भव छिटो पुनर्स्थापना गरिनेछ। • बाहिरबाट निर्माण सामग्री ल्याउँदा र जनशक्तिको आवतजावत हुँदा मिचाहा प्रजातिहरूको बिउ वा अन्य पुनरुत्पादन हुन सक्छ, तेसैले आयोजनाका कामदारलाई बाहिरबाट ल्याएको बिउबाट कृषि कार्य गर्न पूर्ण रुपमा बन्देज लगाईनेछ।		
८.	वन्यजन्तुको विचरण र आवतजावतमा खलल पुग्ने	• आयोजना निर्माण गतिविधिका क्रममा उत्पन्न हुने ध्वनि, कम्पन, प्रकाश आदिले वन्यजन्तुको विचरण र आवतजावतमा खलल पुग्ने हुनाले आयोजना निर्माणको कार्य दिउसोको समयमा सिमित गरिनेछ। • वन्यजन्तुको संरक्षण र महत्व बारे आयोजनाका कामदार, सामुदायिक वन उपभोक्ता समिति तथा स्थानीय समुदायलाई सचेतना कार्यक्रम गरिनेछ ।	• संरक्षित क्षेत्रमा पूर्वाधार निर्माणको लागि जग्गा उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८० को दफा १४ (५) बमोजिम आयोजनाको हेडरेस नहर, हेडरेस पाइप , पेनस्टक पाइप तथा विद्युतगृह भूमिगत रहने गरि डिजाइन गरिएको छ • आयोजनाले आफ्नो पूर्वधार निर्माण गर्दा वन्यजन्तु तथा तिनको वासस्थान र आवतजावतमा असर नपर्ने गरि संरचनाहरु निर्माण गर्नेछ र संरचना निर्माण पुर्व पुनः एकपटक Baseline Survey गरि आयोजनाको संरचना निर्माण गर्ने स्थानमा वन्यजन्तु तथा तिनको वासस्थान र आवतजावत गर्ने मार्ग पर्ने वा नपर्ने एकिन गरिनेछ • आयोजना निर्माणका लागि विस्फोट जस्ता कार्य दिउसोको समयमा मात्र सिमित गरिनेछ। • आयोजना निर्माण गर्नु पूर्व दुर्लभ तथा लोपोन्मुख वन्यजन्तुहरुको वासस्थान पहिचान गरि त्यस्ता वासस्थानमा न्यून प्रभाव पर्ने गरि आयोजना कार्यन्वयन गरिनेछ	
९.	वन्यजन्तु तथा चराचुरुंगीको संख्या घट्ने	• आयोजना निर्माण क्रियाकलाप वन्यजन्तुलाई कम भन्दा कम असर पर्ने गरि गरिनेछ।		• निर्माणमा संलग्न कामदारको वन क्षेत्रमा गतिविधि नियमन गरिनेछ र वन्यजन्तु आवास वा वन्यजन्तुलाई हानी गर्ने गतिविधिहरूमा संग्लग्न भएमा कानुन बमोजिम गरिनेछ।
१०.	दुर्लभ तथा लोपोन्मुख वन्यजन्तुमा पर्न सक्ने असर	• वन्यजन्तुको संरक्षण सम्बन्धी आयोजनाका कामदार, सामुदायिक वन उपभोक्ता समिति तथा स्थानीय समुदायलाई सचेत गरिनेछ।		
११.	वन्यजन्तु, चराचुरुंगी तथा जलचरको शिकार	• वन्यजन्तुको शिकार, तस्करी लगायत गैरकानुनी गतिविधि रोक्न प्रभावित क्षेत्रका स्थानीय समुदाय, सामुदायिक वन उपभोक्ता समिति, डिभिजन वन कार्यालय, स्थानीय सुरक्षा निकाय लगायत सम्बन्धित निकायसंग समन्वय गरिनेछ। • रूखहरूको क्षतिपूर्तिको लागि वृक्षारोपण गरिनेछ। • स्थानीय व्यक्ति र प्रस्तावकले सामुदायिक वनको उचित व्यवस्थापनका बारेमा छलफल गरिनेछ। • निर्माण जनशक्तिलाई तस्करी नियन्त्रण सम्बन्धि जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ। निर्माण जनशक्तिलाई वनस्पति र वन्यजन्तु संरक्षण सम्बन्धि जानकारी दिइनेछ।		
१२.	जलचरमा पर्ने प्रभाव	• जल प्रदुषण गर्ने कारक/श्रोतहरुको पूर्व पहिचान गरी सोहि अनुसारको व्यवस्थापन योजना बनाई लागु गरिनेछ		

क्र.स.	पूर्व/निर्माण चरणमा पर्ने प्रभावहरु	न्यूनीकरणका उपाय		
		प्रतिरोधात्मक उपाय (Preventive measures)	सुधारात्मक उपाय (Corrective measure)	क्षतिपूर्तिका उपाय (Compensatory Measures)
१३.	जलीय प्रजातिहरूको वासस्थानमा ह्रास आउने तथा जलचरको जनसंख्या घट्ने	• निर्माण सम्बन्धी गतिविधिहरुबाट उत्सर्जन हुने सबै फोहरहरु (जैविक/अजैविक, निर्माणजन्य फोहर, रासायनिक फोहर, muck/spoil, ठोस/तरल आदि) को प्रकृति अनुसार वैज्ञानिक व्यवस्थापनमा गरिनेछ र नदी तथा जलीय वासस्थानमा असर नगर्ने सुनिश्चित गरिनेछ • कामदारहरुलाई माछा मार्ने कार्यमा रोक लगाइनेछ र श्रमिक शिविरहरुमा स्थानीय माछाको उपभोग दुरुत्साहन गरिनेछ • Aquatic Life Assessment अनुसार पहिचान भएका जलचर र जलीय वासस्थान सम्बन्धि Aquatic Life Management Plan निर्माण पूर्व बनाई कार्यान्वयन गरिनेछ • Migratory Fish को लागि Aquatic Life Management Plan ले निर्दिष्ट गरे अनुरुपको योजना बनाइ कार्यान्वयन गरिनेछ		• माछाको संख्यामा कमी नआउनको लागि Fish hatchery को व्यवस्था गरी रैथाने प्रजातिका माछाहरुको restocking गरिनेछ।
१४.	उच्च बजार माग भएका जैविक सम्पदाको दोहन हुने	वन्यजन्तुको संरक्षण र महत्व बारे आयोजनाका कामदारहरुलाई तथा स्थानीय जनतालाई सचेतना कार्यक्रम संचालन गरिनेछ।	निर्माणमा संलग्न जनशक्तिलाइ खाना पकाउन काठ दाउराको प्रयोगलाई बन्देज लगाइनेछ ।	
१५.	निर्माण सामाग्री उत्खनन कारण पर्ने प्रभाव	• Rock Quarry, Construction materials (Soil) आदि उत्खनन स्थल घना जंगल क्षेत्रमा पारिने छैन • नदीजन्य पदार्थ उत्खनन गर्दा नदीको जलसतह भन्दा मुनि र नदीको धार (channel) भित्र नगरी किनार बाट गरिनेछ	• क्रसर प्लान्ट संचालन गर्दा, बालुवा प्रसोधन गर्दा निस्केको पानी व्यबस्थित च्यानल मार्फत कृत्रिम पोखरीमा जम्मा गरिन्छ। यसरि जम्मा गरेको पानिबाट धुलोका कणहरु पोखरीमा थिग्रे पछि मात्र पानि अरुण नदीमा छोडिने ।	
ग.	**सामाजिक-आर्थिक तथा सांस्कृतिक वातावरणमा पर्ने प्रभाव**			
१.	आयोजनाबाट प्रभावित घरधुरी तथा जनसंख्या	आयोजना कार्यान्वयन गर्दा आयोजनालाई अति आवश्यक पर्ने जग्गा मात्र अधिग्रहण गरिने छ।	आयोजना प्रभावित घरपरिवारका सदस्यहरुलाई रोजगारीमा प्राथमिकता दिइनेछ। आयोजनावाट अति प्रभावित घरधुरी पहिचान गरि मुआब्जाको अलावा पुनर्वास कार्य योजनाले तय गरे अनुसार थप सहायता प्रदान गरिनेछ (अनुसूची-७.६)।	आयोजनाबाट प्रभावित घरधुरीहरुलाई जग्गा प्राप्ति ऐन २०३४ मा आधारित भएर मुआब्जा/क्षतिपूर्ति प्रदान गरिनुको साथै हाल संचालनमा रहेका अन्य पूर्वाधार आयोजनाहरुको पुनर्वास तथा पुनर्स्थापनाका असल अभ्यासहरुलाई पनि अबलम्बन गरिनेछ।
२.	निजी सम्पति/संरचनाहरूको क्षति तथा पुनर्वासको समस्या	आयोजना कार्यान्वयन गर्दा आयोजनालाई अति आवश्यक पर्ने जग्गा मात्र अधिग्रहण गरिने छ भने आयोजनाको डुबान क्षेत्र बाहेक अन्य अवयवका लागि जग्गा अधिग्रहण गर्नुपर्दा सकभर खेतीयोग्य जमिन छनौट गरिने छैन।	मुआब्जा रकम निर्धारण गर्दा हालको बजार मूल्य अर्थात् चलनचल्तीको मूल्याङ्कन अनुसार निर्धारण गरिने छ। निजी संरचनाहरुको मूल्याङ्कन गर्दा मूल्यमा ह्रास कटौती गरिने छैन।	आयोजना निर्माणको समयमा क्षति हुने जग्गाहरुको अधिग्रहण गर्दा मुख्यत जग्गा प्राप्ति ऐन २०३४ मा आधारित भएर गरिनेछ। आयोजना निर्माणको चरणमा कुनै बालीनालीको क्षेती हुने भएमा सोको पनि क्षेतिपूर्ति प्रदान गरिने छ।
३.	सिमान्तकृत वर्ग झन् बढी सिमान्तकृत हुन सक्ने	निर्माण चरणको अवधिमा प्रत्यक्ष प्राभवित घरपरिवार, महिला सदस्य, आदिवासी जनजाति तथा कमजोर समुहका सदस्यहरूलाई सिप विकास सम्बन्धि तालिम प्रदान गर्नुका साथै आयोजनासँग सम्बन्धित रोजगारका अवसरहरूमा प्राथमिकता दिइनेछ। अप्रत्यक्ष प्रभावित क्षेत्रका सिमान्तकृत वर्गका लागि आयोजनाले स्थानीय तहसँग समन्वय गरि सिप र दक्षताको आधारमा रोजगारीमा प्राथमिकता दिईनुका साथै आयोजनाले संचालन गर्ने सिप तथा आयमुलक तालिम कार्यक्रममा सिमान्तकृत वर्गलाई लक्षित गरिनेछ। आयोजना प्रभावित परिवारको लागि संस्थागत विकास समुदायमा आधारित र जागरुकता प्रशिक्षण कार्यक्रम गरिनेछ।		आयोजनाको पुनर्वास कार्ययोजनाले पहिचान गरेका जोखिमयुक्त घरपरिवारहरुलाई जीविकोपार्जन सहजताको लागि तीन महिनाको जिल्लाको न्युनतम ज्याला दर रेट अनुसार एकमुस्ट रकम उपलब्ध गराइनेछ।
४.	अन्नबाली उत्पादनमा कमि	निर्माण कार्य सकेसम्म बाली भित्राएको समय पारेर सुरुवात गरिनेछ। निर्माण कार्य गरिने कम्तिमा ३५ दिन अगाडि जग्गाधनीलाई आफ्नो बाली भित्र्याउन तथा नयाँ बाली नलगाउन सूचना दिईनेछ। आधिकतम समय सम्म बालीनाली लगाउन दिईनेछ।	स्थानीय कृषकहरुलाई कृषि औजार, उन्नत बिउ बिजन, औषधि, लगायतका सामग्री उपलब्ध गराई थोरै जमिनमा धेरै उत्पादन लिन उत्पादकत्व बढाउने उपाय अबलम्बन गरिनेछ।	यदि स्थायी बालीनाली कुनै नोक्सान वा क्षति भएमा त्यस्ता बालीलाई बजार मूल्य अनुसार क्षतिपूर्ति दिइनेछ।

क्र.स.	पूर्व/निर्माण चरणमा पर्ने प्रभावहरु	न्यूनीकरणका उपाय		
		प्रतिरोधात्मक उपाय (Preventive measures)	सुधारात्मक उपाय (Corrective measure)	क्षतिपूर्तिका उपाय (Compensatory Measures)
५.	दुर्घटना बढ्न सक्ने	पर्याप्त सुरक्षण संकेत प्रयोग गरिनेछ सचेतनामुलक कार्यक्रम संचालन गर्ने गरिनेछ	आयोजना क्षेत्रमा एम्बुलेन्स सेवा हरदम उपलब्ध गराइनेछ निर्माण स्थलमा प्राथमिक स्वास्थ्य उपचारको औषधि सहितको वाकस राख्ने व्यवस्था मिलाइनेछ	दुर्घटना घटेमा बिमा मार्फत क्षतिपूर्ति रकम उपलब्ध गराइनेछ।
६.	सरुवा रोग र अन्य रोगको प्रकोप बढ्ने	आयोजना निर्माण समयमा बाहिरबाट आउने कामदारका कारण सरुवा रोग लगायत अन्य रोगहरुको प्रकोप बढ्न नदिन आयोजनाले जनस्वास्थ सम्बन्धि सचेतना तालिम, फोहर व्यवस्थापन लगायत प्रबन्ध मिलाइनेछ। आयोजना स्थल वरपर देखा पर्ने मुख्य रोगहरु सम्बन्धि स्वास्थ शिविरहरु पनि संचालन गरिनेछ। आयोजना क्षेत्रमा काम गर्ने स्वास्थ्य संस्थाहरुसँग समन्वय गरि कार्यक्रम संचालन गरिनेछ।	निर्माण कार्यको लागि स्वस्थ व्यक्तिहरू मात्र नियुक्त गरिनेछ। निर्माण श्रमिकहरुको नियमित स्वास्थ्य चेकजाँच गरिनेछ। जिल्ला अस्पताल, एम्बुलेन्स सेवा तथा नजिकैको स्वास्थ्य चौकी संग समन्वय गरिनेछ। निर्माण स्थलमा प्राथमिक स्वास्थ्य उपचारको औषधि सहितको First Aid Box राखिनेछ। निर्माण श्रमिक वस्ने क्षेत्र नियमित सरसफाइमा ध्यान दिइने छ।	
७.	जीविकोपार्जनमा असर		आयोजना बाट गम्भीर रुपले प्रभावित, भौतिक रुपले बिस्थापित,जोखिमयुक्त समुदाय लगायत अन्य प्रभावित घरपरिवारहरुलाई जीविकोपार्जन अभिवृद्धि गर्न सिप विकास तालिम प्रदान गरिनेछ। यसका साथसाथै आयोजनामा प्रभावित घरपरिवारलाई सिप र दक्षताको आधारमा रोजगारीमा प्राथमिकता दिइनेछ।	आयोजनमा अधिक जग्गा गुमाउने १६ घरपरिवारको लागि जिविकोपार्जन सहायता स्वरूप तीन महिनाको जिल्लाको न्युनतम ज्याला दर रेट अनुसार रकम उपलब्ध गराइनेछ।

तालिका ३५: प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने प्रभावको संरक्षणका उपाय (संचालन चरणमा)

क्र.स.	संचालन चरण मा पर्ने प्रभावहरु	न्यूनीकरणका उपाय		
		प्रतिरोधात्मक उपाय (Preventive measures)	सुधारात्मक उपाय (Corrective measure)	क्षतिपूर्तिका उपाय (Compensatory Measures)
क.	**भौतिक वातावरणमा पर्ने प्रभाव**			
१.	भू-स्वरूप र परिदृश्य (प्राकृतिक सौन्दर्य) मा आउने परिवर्तन	▪ आयोजना संचालन चरण तथा मर्मत सम्भारका लागि आवश्यक सामाग्री स्थानीय परिदृश्यलाई अवरोध सिर्जना नगर्ने तवरले बन्द क्षेत्रमा व्यवस्थित भण्डारण गरिनेछ। ▪ आयोजना क्षेत्रमा आवश्यक मर्मत सम्भार तथा विस्तार कार्य व्यवस्थित तरिकाले गरी भू-परिदृश्यमा सम्भावित खलल न्यूनीकरण गर्ने	▪ आयोजना स्थलमा वनस्पति विविधता तथा हरियाली कायम गर्न स्थानीय प्रजातिका बोट विरुवालाई प्राथमिकतासाथ हुर्काउने	
२.	भू-क्षय, पहिरो र भू-अस्थिरता	▪ सिभिल इन्जिनियरिंग तथा जैविक इन्जिनियरिंग लगायत सुरक्षात्मक संरचनाहरुको नियमित अनुगमन तथा मर्मतसम्भार गर्ने	▪ पहिचान भएका जोखिमयुक्त स्थानहरु तथा जोखिम सम्भाव्य स्थानहरुको नियमित अनुगमन गरि आवश्यकता अनुसार थप सुरक्षात्मक संरचना निर्माण गर्ने ▪ पानीका श्रोत तथा मुहानहरुको व्यवस्थापन गर्ने	

क्र.स.	संचालन चरण मा पर्ने प्रभावहरु	न्यूनीकरणका उपाय		
		प्रतिरोधात्मक उपाय (Preventive measures)	सुधारात्मक उपाय (Corrective measure)	क्षतिपूर्तिका उपाय (Compensatory Measures)
		▪ पहिचान भएका जोखिमयुक्त स्थानहरु तथा जोखिम सम्भाव्य स्थानहरुको नियमित अनुगमन गरि आवश्यकता अनुसार थप सुरक्षात्मक संरचना निर्माण गर्ने ▪ पानीका श्रोत तथा मुहानहरुको व्यवस्थापन गरी जोखिम न्यूनीकरण गर्ने		
३.	भू-उपयोगमा आउने परिवर्तन (वन वनस्पति, तथा कृषि क्षेत्रमा आउने ह्रास)		आयोजना प्रभावित स्थानीय तहसंग समन्वय गरि अनधिकृत रुपमा हुने जग्गा खण्डिकरणलाई निरुत्साहित गराउने	
४.	माटोमा पर्न सक्ने दुष्प्रभाव र सतही माटोको ह्रास	▪ सिभिल इन्जिनियरिंग तथा जैविक इन्जिनियरिंग लगायत सुरक्षात्मक संरचनाहरुको नियमित अनुगमन तथा मर्मतसम्भार गर्ने ▪ आयोजना क्षेत्रमा आवश्यक मर्मत सम्भार तथा विस्तार कार्य व्यवस्थित तरिकाले गरी जमिनमा सम्भावित खलल न्यूनीकरण गर्ने	Waste Management Plan तयार गरि सो अनुरुप फोहर व्यवस्थापन गर्ने	
५.	वायु प्रदूषण (वायु गुणस्तरमा आउने ह्रास)	▪ आयोजनाका लागि प्रयोग हुने सवारी साधनहरुको उत्सर्जन स्तर नियमन गरिनेछ, ग्रीन स्टिकर भएका सवारी, न्युन उत्सर्जन गर्ने सवारी साधन तथा इन्धन खपतको उच्चः प्रभावकारिता (fuel efficiency) भएका उपकरण तथा सवारी साधन लाई प्रोत्साहन गरिनेछ ▪ आयोजनासम्म पुग्ने र आयोजनाको लागि नियमित प्रयोग हुने सडकहरुमा विशेषतः सुख्खा याममा आवश्यकता अनुसार पानी छर्कने व्यवस्था गरिनेछ।	▪ जेनेरटर, सवारी साधन, भारि उपकरण आदिको नियमित मर्मत सम्भार गरिनेछ ▪ वायु प्रदूषणका स्रोतहरू पहिचान गरि प्रदूषण रोकथामका उचित उपायहरू अवलम्बन गरिने छ।	
६.	जल प्रदूषण (पानीको गुणस्तरमा आउने ह्रास)	• पानीका श्रोत प्रदुषण गर्ने कारक/श्रोतहरुको पूर्व पहिचान गरी सोहि अनुसारको व्यवस्थापन योजना बनाई लागु गरिनेछ • Aqueous oil-based materials हरुको समुचित र तोकिएको स्थानमा मात्र भण्डारण गरिनेछ र चुहावट हुन रोक्न नियमित चेकजांच गरिनेछ • आयोजना संचालन गतिविधिहरुबाट उत्सर्जन हुने सबै फोहरहरुको प्रकृति अनुसार वैज्ञानिक व्यवस्थापनमा गरिनेछ नदीको प्राकृतिक स्तरका तुलनामा स्वीकार्य स्तरसम्म मात्र नदीको Sediment load बढी हुने गरी Flushing गर्नु पर्नेछ र सो क्रममा सकेसम्म Sediment load स्तरमा तीव्र घटबढ नहुने तवरले flushing गर्नुपर्नेछ		प्रभावित समुदायलाई घरायसी प्रयोजनको लागि (पिउन तथा अन्य प्रयोग) पानीको वैकल्पिक व्यवस्था मिलाईनेछ।
७.	पानीका मूलहरू सुक्ने वा भूमिगत पानीको सतहमा परिवर्तन आउने			
८.	सतही पानीको गुणस्तरमा परिवर्तन			
९.	ध्वनि प्रदूषण	• सकेसम्म कम आवाज निकाल्ने उपकरणहरूको प्रयोग गर्नुपर्नेछ • बढी ध्वनि आउने वा निस्कासन भएमा मेसिनहरुको चेक गर्ने • अत्यधिक ध्वनि निस्कासन गर्ने सवारी साधन लाई प्रयोगमा नआउन दिने र साथै नियमित (मासिक) मर्त तथा सम्भार गरिनु पर्ने • सकेसम्म कम आवाज निकाल्ने उपकरण तथा सवारी साधनहरूको प्रयोग गर्नुपर्ने • सबै उपकरण तथा सवारी साधनको नियमित चेकजाँच र मर्मत सम्भार गर्ने उच्च ध्वनी स्तर भएको कार्यक्षेत्रमा कार्यरत श्रमिकहरुलाई Ear muff जस्ता सुरक्षा साधन उपलब्ध गराई सोको प्रयोग अनिवार्य गराउने।		
१०.	बाँध भत्कने/फुट्ने (पानीको चाप, जलवायु जन्य जोखिम,	विविध कारणले बाँध भत्कने/फुट्ने परिस्थिति आई जलाशयको पानी अकस्मात निकास हुने घटना/विपदको कारण हुनसक्ने क्षति न्यूनीकरण		

क्र.स.	संचालन चरण मा पर्ने प्रभावहरु	न्यूनीकरणका उपाय		
		प्रतिरोधात्मक उपाय (Preventive measures)	सुधारात्मक उपाय (Corrective measure)	क्षतिपूर्तिका उपाय (Compensatory Measures)
	हिमताल विष्फोट, भूकम्प, मानवीय त्रुटी)	गर्न आयोजना प्रभावित क्षेत्रका बासिन्दालाई पूर्व तयारी बारे आवश्यक तालिम गराउने र त्यस्ता जोखिमको पूर्वजानकारी गराउन उपल्लो तटीय क्षेत्रमा पूर्व-सूचना प्रणाली (Early Warning System) तथा आयोजना क्षेत्र, तल्लो तटीय क्षेत्रमा Siren System को व्यवस्था गरिनेछ		
११.	हरितगृह ग्याँसको उत्सर्जन हुने		• शिविरबाट निस्कने जैविक फोहोरको उचित व्यवस्थापन गर्ने • सवारी-साधनहरुको नियमित चेकजाँच र मर्मत सम्भार गर्ने • ठूला र भारी प्रकृतिका उपकरणहरुको नियमति चेकजाँच र मर्मत सम्भार गर्ने • संचालन चरणमा पेट्रोलियम पदार्थको खपत गर्ने उपकरण (डिजेल जेनेरेटर लगायत) को यथासम्भव कम प्रयोग गर्ने	
१२.	सुक्ष्म/स्थानीय-जलवायु परिवर्तन		• पानीको बहाव कम हुने क्षेत्र (dewatered section) क्षेत्रमा स्थानीय जलवायुमा पर्ने प्रभावलाई कम गर्न वातावरणीय प्रवाह (आयोजना क्षेत्रको अरुण नदीको न्युनतम मासिक औसत बहावको १०% अर्थात ४.८ घनमिटर प्रति सेकेण्ड) को व्यवस्थालाई अवलम्बन गरिनेछ। उक्त मात्राको पानी छोड्दा संरक्षित क्षेत्रमा पूर्वाधारहरू निर्माणको लागि जग्गा उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८० को अनुसूची ५ अनुसारनै रहने गरि हुनेछ • हरियाली प्रबर्द्धन गर्न आसपासका बाँझो जमीनमा खेति गर्न जनचेतना मूलक कार्यकमहरु सञ्चालन गरिने छ। • पानीका मुहानको संरक्षण गरि बृक्षारोपण गरिने छ।	
ख.	**जैविक वातावरणमा पर्ने प्रभावहरु**			
१.	वन क्षेत्र विनास	संचालन चरणमा खासै प्रभाव नपर्ने हुँदा निर्माण चरणमा पर्ने प्रभाव न्यूनीकरणका कार्य हरु भइसकेको हुनेछ; यद्दपी प्रभावित सामुदायिक वन, मध्यवर्ति सा.व.का प्रतिनिधि तथा उपभोक्तासंग समन्वय जारी राखिनेछ		
२.	सामुदायिक वन/मध्यवर्ति सा.व., निजि वनमा प्रभाव			
३.	वन डढेलोमा वृद्धि हुन सक्ने	सामुदायिक वन उपभोक्ता समितिसंग समन्वय गरी आयोजना स्थल नजिक वनमा डढेलो रोकथाम तथा नियन्त्रण सम्बन्धी क्रियाकलाप गरिनेछ।		
४.	वनस्पतिको विनाश	• संचालन चरणमा खासै प्रभाव नपर्ने हुँदा निर्माण चरणमा पर्ने प्रभाव न्यूनीकरणका कार्य हरु भइसकेको हुनेछ; यद्दपी प्रभावित सामुदायिक वनका प्रतिनिधि तथा उपभोक्ता संग समन्वय जारी राखिनेछ • वृक्षारोपण गर्दा रैथाने प्रजातिलाई प्राथमिकता दिइनेछ।		
५.	दुर्लभ तथा लोपोन्मुख वनस्पति पर्न सक्ने असर			
६.	रैथाने वनस्पति लोप हुने			
७.	मिचाहा प्रजातिहरू (Invasive Species) भित्रिएर स्थापित हुन सक्ने	• संचालन चरणमा गरिने वनस्पति व्यवस्थापन कार्यमा ३ मिटर भन्दा कम उचाईका रैथाने बोटबिरुवा सकेसम्म हटाइने छैन। आवश्यकता बिना सतहको वनस्पति फडानी गरिने छैन र सकेसम्म रुख विरुवालाई काटछाँट मात्र गरिनेछ। • खाली जमिनमा वनस्पतिको यथासम्भव छिटो पुनर्स्थापना गरिनेछ।	निर्माण चरणमा मिचाहा प्रजातिहरूको बिउ वा अन्य पुनरुत्पादन, मिचाहा प्रजातिहरू बिरुवाहरु भित्रिएमा प्रतिरोधात्मक उपायबाट न्यूनीकरण गर्ने।	

क्र.स.	संचालन चरण मा पर्ने प्रभावहरु	न्यूनीकरणका उपाय		
		प्रतिरोधात्मक उपाय (Preventive measures)	सुधारात्मक उपाय (Corrective measure)	क्षतिपूर्तिका उपाय (Compensatory Measures)
८.	वन्यजन्तुको विचरण र आवतजावतमा खलल पुग्ने	• संचालन चरणमा आयोजनाको संरचना तथा शिविर आदि रहने स्थानहरुमा ध्वनि, कम्पन, प्रकाश आदि वन्यजन्तुको विचरणमा उल्लेख्य प्रभाव नपर्ने स्तरमा सिमित गर्ने।		
९.	वन्यजन्तु तथा चराचुरुंगीको संख्या घट्ने	संचालन चरणमा खासै प्रभाव नपर्ने हुँदा निर्माण चरणमा पर्ने प्रभाव न्यूनीकरणका कार्य हरु भइसकेको हुनेछ; यद्दपी प्रभावित सामुदायिक वनका प्रतिनिधि तथा उपभोक्ता संग समन्वय जारी राखिनेछ।		
१०.	दुर्लभ तथा लोपोन्मुख वन्यजन्तुमा पर्न सक्ने असर			
११.	वन्यजन्तु, चराचुरुंगी तथा जलचरको शिकार	वन्यजन्तुको संरक्षण र महत्व, वन्यजन्तुको चोरी-सिकारीको नकारात्मक प्रभाव बारे सामुदायिक वन उपभोक्ता समिति तथा स्थानीय समुदायलाई आयोजानले सचेतना कार्यक्रम गर्नेछ।		
१२.	माछा तथा जलचरमा पर्ने प्रभाव	• जल प्रदुषण गर्ने कारक/श्रोतहरुको पूर्व पहिचान गरी सोहि अनुसारको व्यवस्थापन योजना बनाई लागु गरिनेछ • संचालन सम्बन्धी गतिविधिहरुबाट उत्सर्जन हुने सबै फोहरहरु (जैविक/अजैविक, निर्माणजन्य फोहर, रासायनिक फोहर, muck/spoil, ठोस/तरल आदि) को प्रकृति अनुसार वैज्ञानिक व्यवस्थापनमा गरिनेछ र नदी तथा जलीय वासस्थानमा असर नगर्ने सुनिश्चित गरिनेछ • नदीको प्राकृतिक स्तरका तुलनामा स्वीकार्य स्तरसम्म मात्र नदीको sediment load बढी हुने गरी flushing गर्नु पर्नेछ र सो क्रममा सकेसम्म sediment load स्तरमा तीब्र घटबढ नहुने तवरले flushing गर्नुपर्नेछ ।		
१३.	जलीय प्रजातिहरूको वासस्थानमा ह्रास आउने तथा संख्या घट्ने	आयोजना क्षेत्रको अरुण नदीको न्युनतम मासिक औसत बहावको १०% अर्थात ४.८ घनमिटर प्रति सेकेण्ड पानी E-Flow वापत छोडिने छ। Aquatic Life Assessment अनुसार पहिचान भएका जलीय जीव जन्तु र तिनीहरुको वासस्थान सम्बन्धि निर्माण पूर्व नै Aquatic Life Management Plan बनाई कार्यान्वयन गरिनेछ Migratory Fish को लागि Aquatic Life Management Plan ले निर्दिष्ट गरे अनुरुपको योजना बनाइ कार्यान्वयन गरिनेछ		
१४.	उच्च बजार माग भएका जैविक सम्पदाको दोहन हुने	वन्यजन्तुको संरक्षण र महत्व, वन्यजन्तुको चोरी-सिकारीको नकारात्मक प्रभाव बारे सामुदायिक वन उपभोक्ता समिति तथा स्थानीय समुदायलाई आयोजानले सचेतना कार्यक्रम गर्नेछ ।		
१५.	पारिस्थितिकीय सेवाहरुमा पर्ने प्रभाव	आयोजना क्षेत्रको अरुण नदीको न्युनतम मासिक औसत बहावको १०% अर्थात ४.८ घनमिटर प्रति सेकेण्ड पानी E-Flow वापत छोडिने छ ।		
ग.	**सामाजिक-आर्थिक तथा सांस्कृतिक वातावरणमा पर्ने प्रभाव**			
१.	निजी भौतिक सम्पत्ति र संरचनाको नाश र आधारभूत			निजी सम्पत्ति तथा संरचनाहरुको मुआब्जा

क्र.स.	संचालन चरण मा पर्ने प्रभावहरु	न्यूनीकरणका उपाय		
		प्रतिरोधात्मक उपाय (Preventive measures)	सुधारात्मक उपाय (Corrective measure)	क्षतिपूर्तिका उपाय (Compensatory Measures)
	सेवामा पहुँच सीमित हुन सक्ने			
२.	सिमान्तकृत वर्ग झन् बढी सिमान्तकृत हुन सक्ने		आयोजना निर्माण चरणमा रोजगारी प्राप्त गरि निर्माण सम्पन्न भईसकेपछि रोजगारी गुमाउने सिमान्तकृत समुदायका मानिसहरुलाई आयमुलक काममा लगाउने खालको कार्यक्रमहरु संचालन गरिनेछ। संचालन चरणमा उपलब्ध हुने रोजगारीको अवसरमा पनि यस्ता समुदायका मानिसहरुलाई प्राथमिकता दिइनेछ।	
३.	अन्नबाली उत्पादनमा कमि		स्थानीय कृषकहरुलाई कृषि औजार, उन्नत बिउ बिजन, औषधि, लगायतका सामग्री उपलब्ध गराई थोरै जमिनमा धेरै उत्पादन लिन उत्पादकत्व बढाउने।	यदि स्थायी बालीनाली कुनै नोक्सान वा क्षति भएमा त्यस्ता बालीलाई बजार मूल्य अनुसार क्षतिपूर्ति दिइनेछ।
४.	जीविकोपार्जनमा असर		आयोजनमा निर्माण सम्पन्न भए पश्चत हुने ठुलो बेरोजगारीलाई सम्बोधन गर्न आयोजनाले प्रदान गर्ने जीविकोपार्जन अभिवृद्धि तथा सिप विकास तालिम लाई सहि सदुपयोग गर्न अभिप्रेरित गरिने छ। यसका साथसाथै आयोजनामा संचालनमा आवश्यक पर्ने सिमित रोजगारीमा प्रभावित घरपरिवारवाट सिप र दक्षताको आधारमा रोजगारीमा प्राथमिकता दिइनेछ।	

परिच्छेद ८: अनुकूल प्रभाव अधिकतम अभिवृद्धि गर्ने तथा प्रतिकूल प्रभाव न्यून गर्ने उपाय

८.१. अनुकूल प्रभाव अधिकतम अभिवृद्धि गर्ने उपाय

तालिका ३६: अनुकूल प्रभाव अधिकतम अभिवृद्धि गर्ने उपायहरु

क्र.स.	सकारात्मक प्रभावको बढोत्तरीका क्रियाकलाप	उपाय (के के गर्ने)	क्षेत्र (कहाँ गर्ने)	कसरी गर्ने	चरण (कहिले गर्ने)	जिम्मेवार पक्ष/निकाय (कसले गर्ने)	अनुमानित जनशक्ति, बजेट, समय	अनुगमन तथा मूल्याङ्कनका लागि जिम्मेवार पक्ष/निकाय
१.	जलविद्युतको शेयर साझेदारीमा अवसर सिर्जना	• प्रस्तावित आयोजनामा प्रदेश तथा स्थानीय सरकारलाई शेयर साझेदारी प्रदान गर्ने • आयोजना प्रभावित क्षेत्रका स्थानीय बासीलाई शेयर मार्फत लगानीको अवसर दिने	आयोजना क्षेत्र	• प्रदेश सरकार तथा स्थानीय तहलाई लगानीको अवसर प्राप्त हुने • स्थानीय बासीलाई शेयरमा लगानी गर्न समयमै जानकारी गराई प्रोत्साहन गर्ने • नेपालको पानी जनताको लगानी अन्तरर्गतका प्राबधान अनुसार स्थानीयलाई शेयर सुनिश्चितता गर्ने	निर्माण चरण/संचालन चरण	आयोजना	थप बजेट आवश्यक नपर्ने	विद्युत विकास विभाग/मन्त्रालय
२.	सामुदायिक उत्तरदायित्व कार्यक्रम	• प्रस्तावित आयोजनाले आयोजना प्रभाव क्षेत्रमा सामाजिक उत्तरदायित्व अन्तर्गतका कार्यक्रम संचालन गर्दा आयोजना क्षेत्रको सर्वांगीण विकास हुने र जीवनस्तर उक्सने				आयोजना		
३.	जीविकोपार्जन सुधार कार्यक्रम	• रोजगारी प्रदान गर्ने	आयोजना क्षेत्र	• आयोजना कार्यान्वयन चरणमा सिर्जना हुने रोजगारीका अवसरमा स्थानीय व्यक्तिहरुलाई प्राथमिकता दिने	निर्माण चरण	आयोजना/आयोजना निर्माण व्यवसायी	थप बजेट आवश्यक नपर्ने	प्रस्तावक
		• तालिम प्रदान गर्ने		• आयोजना प्रभावित क्षेत्रका वासिन्दाहरुलाई सिप विकास तालिममा अवसर दिई क्षमता अभिवृद्धि गर्ने (प्रत्यक्ष प्रभावित घरपरिवारलाई पुनर्वास कार्य योजनामा समावेश गरिएको)	निर्माण चरण	आयोजना	पुनर्वास कार्य योजनामा समावेश गरिएको	प्रस्तावक
४.	साँस्कृतिक, ऐतिहासिक सम्पदाहरुको प्रवर्धन, मर्मत, निर्माण	• आयोजना क्षेत्र वरपर रहेका साँस्कृतिक सम्पदाहरुको पहिचान गर्ने	आयोजना क्षेत्र	• स्थानीय साँस्कृतिक, ऐतिहासिक सम्पदाहरुको प्रचारप्रसार गर्ने खालको कार्यक्रम संचालन गर्ने र जिर्ण भौतिक सम्पदाको निर्माण तथा मर्मत	निर्माण चरण	आयोजना/स्थानीय तह	पुनर्वास कार्य योजनामा समावेश गरिएको	प्रस्तावक
५.	आर्थिक/व्यावसायिक अवस्थामा सुधार	• उचित मुआब्जा प्रदान गर्ने • जीविकोपार्जन सुधार सम्बन्धि कार्यक्रम संचालन गर्ने	आयोजना प्रभाव क्षेत्र	• मुआब्जाबाट प्राप्त रकमलाई लगानी गर्न बाटो खुल्ने	निर्माण/संचालन चरणमा	आयोजना	पुनर्वास कार्य योजनामा समेटिएको	प्रस्तावक
६.	आधारभूत सेवा र बजारमा पहुँच वृद्धि	• सामुदायिक सहयोग कार्यक्रम अन्तर्गतक आधारभूत सेवा सम्बन्धी कार्यक्रम लागु गर्ने	आयोजना क्षेत्र	• स्थानीय तहसँग समन्वय गरि स्थानीय बासिन्दाहरुको प्राथमिकताको आधारमा कार्यक्रम छनौट गर्ने	निर्माण/संचालन चरणमा	आयोजना/स्थानीय तह	सामुदायिक सहयोग कार्यक्रममा समावेश गरिएको	प्रस्तावक

८.२. प्रतिकूल प्रभाव न्यून गर्ने उपाय

तालिका ३७: प्रतिकूल प्रभाव न्यून गर्ने उपायहरु

क्र.स.	नकारात्मक प्रभावको न्यूनीकरणका क्रियाकलाप	उपाय (के के गर्ने)	क्षेत्र (कहाँ गर्ने)	कसरी गर्ने	चरण (कहिले गर्ने)	जिम्मेवार पक्ष/निकाय (कसले गर्ने)	अनुमानित जनशक्ति, बजेट, समय	अनुगमन तथा मूल्याङ्कनका लागि जिम्मेवार पक्ष/निकाय
क.	**भौतिक वातावरण**							
१.	भू-स्वरूप र परिदृश्य (प्राकृतिक सौन्दर्य) मा आउने गिरावट नियन्त्रण	• आयोजनाको निर्माण चरण सम्पन्न समाप्त भए पश्चातपछि निर्माण स्थल वरपरका क्षेत्रहरू सम्माएर सम्याइनेछ र पहिलेकै परिदृश्यमा पुनः स्थापना पुनर्स्थापना गरिनेछ। • निर्माण सामाग्रीको भण्डारण क्षेत्रमा र सुरुङ्गको उत्खननको क्रममा उत्पन्न भएको muck र spoil विसर्जन/व्यवस्थापन गरिएकोभएको ठाउँमा स्थलहरु जाली तारजाली, Retaining wall को जस्ता उपयुक्त इन्जिनियरिंग विधिद्वारा स्थिरीकरण गरी प्रयोग गरिनेछ र सम्भव भएसम्म त्यस्ता स्थानहरुलाई उपयुक्त सामग्रीले त्यस ठाँउलाई ढाकिने छ। • खाली ठाँउमा बृक्षारोपण (सकभर स्थानीय प्रजाति) गरी हरियाली बढाईने छ।	आयोजना प्रभावित क्षेत्र	Muck र spoil भएको ठाउँमा जाली तारको प्रयोग गरिने र खाली ठाँउमा बृक्षारोपण गरी हरियाली बढाईने छ।	निर्माण चरण	निर्माण व्यवशायी	निर्माण लागतमा समावेस गरिएको	प्रस्तावक
२.	भू-क्षय, पहिरो र भू-अस्थिरता नियन्त्रण	• माटोको क्षय नियन्त्रण गर्न भिरालो सतहको स्थिरीकरणका उपायहरू यथासम्भव शीघ्र अवलम्बन गरिनेछ। • कमजोर धरातलहरुमा उपयुक्त जैविक-ईन्जिनियरिङ्ग प्रविधि अवलम्बन गरिनेछ। • नदीको स्वरुपमा पर्न सक्ने प्रतिकूल प्रभावको न्यूनीकरणका लागि थप अध्ययन गरि आवश्यकता अनुसार कट-अफ वाल, एप्रोन र तटबन्ध लगायत निर्माण कार्य तथा	आयोजना क्षेत्र (जलाशय देखि विद्युत गृह क्षेत्र सम्म)	जैविक-ईन्जिनियरिङ प्रविधिको प्रयोग गरिने	निर्माण चरण	आयोजना	निर्माण लागतमा समावेस गरिएको	प्रस्तावक

क्र.स.	नकारात्मक प्रभावको न्यूनीकरणका क्रियाकलाप	उपाय (कि के गर्ने)	क्षेत्र (कहाँ गर्ने)	कसरी गर्ने	चरण (कहिले गर्ने)	जिम्मेवार पक्ष/निकाय (कसले गर्ने)	अनुमानित जनशक्ति, बजेट, समय	अनुगमन तथा मूल्याङ्कनका लागि जिम्मेवार पक्ष/निकाय
		इन्जिनियरिंग विधिहरु अवलम्बन गरिनेछ। • आयोजनाको प्रभाव क्षेत्रमा माटोको क्षय र नदी किनारको scouring न्युनिकरण गर्न आवश्यकता अनुसार Retaining walls, breast walls जस्ता उपयुक्त संरचनाहरु निर्माण गरिनेछ।						
३.	भू-उपयोगमा परिवर्तनको व्यवस्थापन	• जग्गा धनीहरुलाई जमिन अधिग्रहण र भू-उपयोग अनुसार उपयुक्त क्षतिपूर्ति दिइने। • अस्थायी अधिग्रहण गरिएको जमीनको पहिलेकै परिदृश्यमा पुन-स्थापना गरिनेछ। • नेपाल सरकारको प्रचलित कानून बमोजिम वन क्षेत्र तथा सरकारी जमीनको क्षतिपूर्ति दिइनेछ। • आयोजनाले वृक्षारोपण कार्यक्रम मार्फत खाली जमीनको व्यवस्थापन गरिने छ।	आयोजनाका संरचना रहने स्थानहरू	नेपाल सरकारको प्रचलित कानून बमोजिम वन क्षेत्र, ऐलानी जग्गा तथा सरकारी जमीनको क्षतिपूर्ति दिइनेछ। निजी जमीनको अधिग्रहण जग्गा प्राप्ती ऐन २०३४ अनुसार गरिनेछ।	पुर्व निर्माण चरण	आयोजना	निर्माण लागतमा समाबेस गरिएको	प्रस्तावक
४.	माटोमा पर्न सक्ने दुष्प्रभाव र सतही माटोको ह्रासको न्युनिकरण	• फोहोरलाई सकेसम्म श्रोतमै पृथकीकरण गर्नका को उचित व्यवस्थापनका लागि निर्माण साइट स्थलमा भित्र फोहोरको भाँडाहरुको व्यवस्था गरिनेछ र फोहरको प्रकृति अनुसार संकलित फोहरलाई फोहर व्यवस्थापन योजना अनुरुप व्यवस्थापन गरिनेछ। रासायनिक पदार्थहरु उचित तरिकाले भण्डारण गरिनेछ र आवश्यकता अनुसार प्रयोग गरिनेछ भने प्रयोग नभएको रसायानिक पदार्थहरु आपुतिकर्तालाई बुझाईनेछ ।	आवास शिविरहरु, अस्थायी निर्माण शिविरहरु, यान्त्रिक कार्यशाला, सामाग्री भण्डारण क्षेत्र	तेल, ग्रिज तथा अन्य तरल पदार्थहरुको चुहावटबाट हुन सक्ने माटो प्रदूषण रोक्न/न्यून गर्न तेल तथा ग्रिज भण्डारण गर्ने संरचनामा कंक्रिटिङ्ग गरिनेछ ।	निर्माण चरण	निर्माण व्यवशायी	निर्माण लागतमा समाबेस गरिएको	प्रस्तावक

क्र.स.	नकारात्मक प्रभावको न्यूनीकरणका क्रियाकलाप	उपाय (कि के गर्ने)	क्षेत्र (कहाँ गर्ने)	कसरी गर्ने	चरण (कहिले गर्ने)	जिम्मेवार पक्ष/निकाय (कसले गर्ने)	अनुमानित जनशक्ति, बजेट, समय	अनुगमन तथा मूल्याङ्कनका लागि जिम्मेवार पक्ष/निकाय
५.	वायु प्रदूषण नियन्त्रण	• राष्ट्रिय सवारी उत्सर्जन मापदण्डहरूको पालना सुनिश्चित गर्न भारी उपकरण र सवारी साधनहरूको नियमित रेखदेख गरिनेछ। • निर्माण क्षेत्रमा धुलो नियन्त्रण गर्न पानी छर्कने व्यवस्था गरिनेछ। • आयोजना क्षेत्रमा कुनैपनि फोहोरहरू जलाउन निषेध गरिनेछ। यदि जलाउनु परेमा निस्चित समयमा मात्र जलाइने छ। • अन्य सम्भावित वायु प्रदुषणका स्रोतहरू पहिचान गर्न र सम्बोधन गर्न नियमित रुपमा निरीक्षण गरिनेछ। आयोजना क्षेत्रको प्रत्येक क्वार्टरमा कम्तिमा एक पटक तोकिएको स्थानहरूमा वातावरणीय वायु गुणस्तर अनुगमन गरिनेछ।	आयोजना प्रभावित क्षेत्र	अनुगमनका कार्य गरि सोहि अनुरुप गरिने	निर्माण चरण	निर्माण व्यवशायी	निर्माण लागतमा समाबेस गरिएको	सुपरिवेक्षण टोलि
६.	पानीका मूलहरूमा पर्ने प्रभाव न्यूनीकरण	• सुरूङ्गको grouting र lining आवश्यकता अनुसार गरिनेछ। • मुख्य सुरुङ्ग आसपासका क्षेत्रमा भएका पानीका श्रोतहरुको बहाव कम भएको गुनासो प्राप्त भएमा ती श्रोतहरुको सर्वेक्षण गरिनेछ र सुरुङ्ग निर्माण पूर्वको अवस्था भन्दा बहाव कम भएको देखिएमा सोबाट प्रभावित पक्षलाई घरायसी लगायत आवश्यक प्रयोजनको लागि पानीको वैकल्पिक व्यवस्था मिलाईनेछ ।	आयोजना क्षेत्रहरु, मुख्य सुरुङ्ग मार्ग	सुरूङ्गको grouting र lining आवश्यकता अनुसार गरिने	निर्माण चरण	आयोजना	निर्माण लागतमा समाबेश गरिने	प्रस्तावक
७.	जल प्रदूषण नियन्त्रण	• आयोजनाको लागि दुई ठाउँ (शान्तिघाट र सेरीगाउँ) मा वर्कशप (Workshop) तथा Fabrication Shop /Lab Store प्रस्ताव गरिएकोले ती	आयोजना निर्माण क्षेत्र	रासायनिक फोहोर व्यवस्थापन योजना (Chemical Waste Management Plan) बनाई व्यबस्थापन गरिने	निर्माण चरण	निर्माण व्यवशायी	निर्माण लागतमा समाबेस गरिएको	वातावरण व्यवस्थापन ईकाई/प्रस्तावक

क्र.स.	नकारात्मक प्रभावको न्यूनीकरणका क्रियाकलाप	उपाय (कि के गर्ने)	क्षेत्र (कहाँ गर्ने)	कसरी गर्ने	चरण (कहिले गर्ने)	जिम्मेवार पक्ष/निकाय (कसले गर्ने)	अनुमानित जनशक्ति, बजेट, समय	अनुगमन तथा मूल्याङ्कनका लागि जिम्मेवार पक्ष/निकाय
		स्थानहरुमा रासायनिक फोहोरहरु संकलन गर्न व्यवस्था मिलाईने छ। • सिमेन्ट मिक्सर्स, लुब्रिकेन्ट, रंग, वार्निश र अन्य पेट्रोलियम पदार्थहरू कन्ट्रीक वा सिमेन्टको भुँइ भएको प्लेटफर्ममा भण्डारण गरिनेछ। • आयोजना निर्माणको क्रममा पानी प्रदूषण कम गर्नका लागि आयोजना सुविधामा ग्रीस ट्रयाप (grease trap) को व्यवस्था गरिनेछ। • सुरूङ्ग मार्गबाट रसाएर निस्किएको फोहोर पानीलाई सेडिमेन्टेसन पोखरी (sedimentation pond) मा जम्मा गरि प्रशोधन (treatment) पश्चात मात्र नदीमा मिसाइनेछ। • निर्माण शिविरहरुबाट निस्किने फोहोरको प्रकृति अनुसार फोहोर व्यवस्थापनका लागि भिन्न भिन्न कन्टेनरहरुको व्यवस्था गरिनेछ।		ग्रीस ट्रयाप (grease trap) र सेडिमेन्टेसन पोखरी (sedimentation pond) को व्यवस्था ढल व्यवस्थापन योजना				
८.	ध्वनिको प्रदूषण नियन्त्रण	• आयोजना क्षेत्र नजिक रहेका बासिन्दाहरुलाई निर्धारित कार्यहरूको लागि अग्रिम जानकारी दिइनेछ। • रातको समयमा ध्वनि उत्पन्न हुने निर्माण कार्यहरू गरिने छैन। • ध्वनि उत्पन्न हुने सबै उपकरणमा साइलेन्सरहरू प्रयोग गरिनेछ। • आयोजनामा काम गर्ने कामदारहरुलाई ear muff र ear plug जस्ता सुरक्षा साधन उपलब्ध गराई सोको प्रयोग अनिवार्य गराउने। आयोजना निर्माण क्षेत्र नजिक रहेका आवास क्षेत्रमा रातको समयमा	आयोजना प्रभावित क्षेत्र	निर्माण गतिविधिको वारेका जानकारी तथा उचित उपकरणहरुको प्रयोग	निर्माण चरण	निर्माण व्यवशायी	निर्माण लागतमा समावेस गरिएको	सुपरिवेक्षण टोलि/वातावरण व्यवस्थापन ईकाई

क्र.स.	नकारात्मक प्रभावको न्यूनीकरणका क्रियाकलाप	उपाय (कि के गर्ने)	क्षेत्र (कहाँ गर्ने)	कसरी गर्ने	चरण (कहिले गर्ने)	जिम्मेवार पक्ष/निकाय (कसले गर्ने)	अनुमानित जनशक्ति, बजेट, समय	अनुगमन तथा मूल्याङ्कनका लागि जिम्मेवार पक्ष/निकाय
		आधिकतम ४५ dB(A) ध्वनि कायम गरिनेछ।						
९.	हरितगृह ग्याँसको उत्सर्जनको न्युनिकरण	• निर्माताको स्पेसिफिकेशन (Manufacturers Specification) अनुसार आयोजनाका गाडीहरूको नियमित नियमित मर्मतसम्भार (maintenance) गर्ने; • सवारी साधनको idling time घटाई न्यूनतम राख्ने; • व्यावहारिक भएसम्म वनस्पति हटाउने (रुखहरु काट्ने) कार्य न्यूनतम राख्ने	आयोजना क्षेत्र	हरितगृह ग्याँसहरुको उत्सर्जनका श्रोतहरुको अध्ययन गर्ने।	निर्माण चरण	निर्माण व्यवशायी	छुट्टै रकम नलाग्ने	प्रस्तावक
		जलाशयमा पानीको स्तर तल माथि हुने क्षेत्रको बनस्पति लगायत प्राङ्गारिक पदार्थहरु नियमित रुपमा हटाउने कार्य गर्ने ।	जलाशय क्षेत्र	• जलाशय क्षेत्रबाट बनस्पति लगायत प्राङ्गारिक पदार्थ हरु हटाउने कार्य गर्ने। • जलाशयमा पानीको स्तर तल माथि हुने क्षेत्रको बनस्पति लगायत प्राङ्गारिक पदार्थहरु नियमित रुपमा हटाउने कार्य गर्ने।	संचालन चरण	आयोजना	आयोजनाको संचालन लागतमा समावेश गरिने	प्रस्तावक
१०.	Spoil/muck को ब्यवस्थापन	• वातावरण व्यवस्थापन योजनामा तोकिएको स्थानमा मात्र Spoil/muck विसर्जन गरिने छ। Muck ले पानीको निकासहरूलाई असर नगर्ने गरी व्यवस्थापन गरिनेछ। • आयोजना निर्माण कार्य सम्पन्न भएपछि सम्बन्धीत स्थानीय तहसंग समन्वय गरि जमीनको पहिलेकै परिदृश्यमा पुनर्स्थापना गरि प्रयोग गर्न मिल्ने अवस्थामा विकास गरिनेछ।	आयोजना प्रभावित क्षेत्र	मक (Muck) व्यवस्थापन योजना बनाई ब्यवस्थापन गरिने	निर्माण र संचालन चरण	निर्माण व्यवसायी	निर्माण लागतमा समावेश गरिएको	प्रस्तावक
११.	फोहोर व्यबस्थापन	• आयोजना निर्माण क्षेत्र र शिविर क्षेत्रको महत्वपूर्ण स्थानहरूमा फोहोर कन्टेनरहरु राखिनेछ। • आयोजना निर्माण कार्यबाट खेर गएका वा टुक्रिएका चट्टान र इट्टाहरु सङ्कलन	आयोजना प्रभावित क्षेत्र	फोहोरको प्रकार छुट्टयाई ब्यवस्थापन गर्ने	निर्माण चरण	निर्माण व्यवसायी	निर्माण लागतमा समावेस गरिएको	प्रस्तावक

क्र.स.	नकारात्मक प्रभावको न्यूनीकरणका क्रियाकलाप	उपाय (कि के गर्ने)	क्षेत्र (कहाँ गर्ने)	कसरी गर्ने	चरण (कहिले गर्ने)	जिम्मेवार पक्ष/निकाय (कसले गर्ने)	अनुमानित जनशक्ति, बजेट, समय	अनुगमन तथा मूल्याङ्कनका लागि जिम्मेवार पक्ष/निकाय
		गरी जमिन सम्याउनका लागि पुनः प्रयोग गर्न सकिनेछ। • Scrap, धातु र cardboard packaging जस्ता पुनः प्रयोग गर्न सकिने फोहोरहरुलाई सङ्कलन गरी बेचिने छ।						
१२.	हिमताल विष्फोटको कारण बाढी (GLOF) को जोखिम न्युनिकरण	• आयोजनाले प्रभावित गरेका बासिन्दा लाई GLOF बाट बच्न पूर्व तयारी बारे आवश्यक तालिम उपलब्ध गराउने • हिमतालको लाई स्याटेलाईट प्रविधिको माध्यम बाट आयोजना संचालन को समयमा पनि निरन्तर निगरानी गरिनेछ। • आयोजना नजिकैको बस्तीमा हुन सक्ने जोखिमको बारेमा त्यहाँका बासिन्दा तथा स्थानीय निकायलाई अवगत गराउने र सो बस्तीमा हुनसक्ने सम्भावित जोखिम न्यून गर्नको लागि तटबन्ध निर्माण गर्ने • GLOF आउन सक्ने पूर्व जानकारी दिन Early Warning System को व्यवस्था गरिनेछ ।	आयोजना प्रभावित क्षेत्र	प्राकृतिक प्रकोप व्यवस्थापन योजना वनाइने	निर्माण तथा संचालन चरण	आयोजना	निर्माण लागतमा समावेश गरिएको	प्रस्तावक
१३.	विस्फोटन कार्य, भण्डारण, र विस्फोटकको व्यवस्थापन	• नेपाली सेनाको सहयोगमा बस्ती क्षेत्रबाट टाढा सुरक्षित क्षेत्रमा छुट्टै बन्कर हाउस निर्माण गरी विष्फोटक व्यवस्थापन तथा प्रयोग गरिनेछ । • विष्फोटक पदार्थको भण्डारण, यातायात, व्यवस्थापन तथा चार्जिंग, आदि अनुभवी कर्मचारीहरूले मात्र व्यवस्थापन गर्नेछन्। • संचालनको सुरूवात र समापनलाई सूचित गर्न सायरेन द्वारा जानकारी दिइनेछ ।	आयोजना प्रभावित क्षेत्र	विष्फोटक पदार्थको खरीद, यातायात, भण्डारण, सुरक्षा र विस्फोटकको काम ऐन बमोजिम सम्बन्धित निकायको समन्वय र निगरानीमा गरिने	निर्माण चरण	निर्माण व्यवशायी	निर्माण लागतमा समावेस गरिएको	प्रस्तावक

क्र.स.	नकारात्मक प्रभावको न्यूनीकरणका क्रियाकलाप	उपाय (कि के गर्ने)	क्षेत्र (कहाँ गर्ने)	कसरी गर्ने	चरण (कहिले गर्ने)	जिम्मेवार पक्ष/निकाय (कसले गर्ने)	अनुमानित जनशक्ति, बजेट, समय	अनुगमन तथा मूल्याङ्कनका लागि जिम्मेवार पक्ष/निकाय
		• सतह र भूमिगत उत्खनन गर्दा ध्वनिको कम्पनको प्रभाव न्यूनतम हुने गरी विष्फोटन कार्य गरिनेछ।						
१४.	तल्लो तटिय क्षेत्रमा बहाव न्युनिकरंका कारण पानीको गुणस्तरमा परिवर्तन	पानीको बहाव कम हुने क्षेत्र (dewatered section) क्षेत्रमा स्थानीय जलवायुमा पर्ने प्रभावलाई कम गर्न वातावरणीय प्रवाहको व्यवस्थालाई अवलम्बन गरिनेछ	आयोजना प्रभावित क्षेत्र	तोकिए बमोजिमको पानीको वहाव कायम गरिने	संचालन चरण	आयोजना	रकम आवश्यक पर्ने छैन	प्रस्तावक
१५.	तल्लो तटीय क्षेत्रमा स्थानीय/सुक्ष्म जलवायुमा परिवर्तन	• पानीको बहाव कम हुने क्षेत्र (dewatered section) क्षेत्रमा स्थानीय जलवायुमा पर्ने प्रभावलाई कम गर्न वातावरणीय प्रवाहको व्यवस्थालाई अवलम्बन गरिनेछ • हरियाली प्रबर्द्धन गर्न आसपासका बाँझो जमीनमा फलफुल खेति गर्न जनचेतना मूलक कार्यकमहरु संचालन गरिने छ।	आयोजना प्रभावित क्षेत्र	तोकिए बमोजिमको पानीको वहाव कायम गरिने	संचालन चरण	आयोजना	रकम आवश्यक पर्ने छैन	प्रस्तावक
१६.	बाँध फुट्न गई बाँधस्थल तलका क्षेत्रमा पार्न सक्ने प्रभाव	• उपयुक्त ईन्जिनियर कार्य दक्ष प्रविधिकको निगरानिमा गरिनेछ। • बाँध भत्कने/फुट्ने परिस्थिति आई जलाशयको पानी अकस्मात निकास हुने घटना/विपदको कारण हुनसक्ने क्षति न्यूनीकरण गर्न आयोजना प्रभावित क्षेत्रका बासिन्दालाई पूर्व तयारी बारे आवश्यक तालिम गराउने र त्यस्ता जोखिमको पूर्वजानकारी गराउन उपल्लो तटीय क्षेत्रमा पूर्व-सूचना प्रणाली (Early Warning System) तथा आयोजना क्षेत्र, तल्लो तटीय क्षेत्रमा Siren System को व्यवस्था गरिनेछ।	आयोजना प्रभावित क्षेत्र	प्राकृतिक प्रकोप व्यवस्थापन योजना तयार गरि कार्यान्वयन गर्ने	संचालन चरण	आयोजना	संचालनको लागतमा समावेश	प्रस्तावक

क्र.स.	नकारात्मक प्रभावको न्यूनीकरणका क्रियाकलाप	उपाय (के के गर्ने)	क्षेत्र (कहाँ गर्ने)	कसरी गर्ने	चरण (कहिले गर्ने)	जिम्मेवार पक्ष/निकाय (कसले गर्ने)	अनुमानित जनशक्ति, बजेट, समय	अनुगमन तथा मूल्याङ्कनका लागि जिम्मेवार पक्ष/निकाय
ख.	**जैविक वातावरण**							
१.	वनस्पति र वन क्षेत्रमा पर्ने प्रभावको न्युनिकरण	• १००.६४ हेक्टर (अरुण नदीको पानी बगेको/ बगर क्षेत्र समेत) • ८०.६८ हेक्टर (अरुण नदीको पानी बगेको/ बगर क्षेत्र बाहेक) बन क्षेत्र फडानी हुँदा क्षतिपूर्तिको रुपमा आयोजनाले क्षतिपूर्ति स्वरूप वृक्षरोपण गर्ने	आयोजना स्थल/ आयोजनाका संरचनाहरु रहने स्थल, आयोजना स्थलका सामुदायिक वनहरू, मकालु वरुण राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र	मकालु वरुण राष्ट्रिय निकुञ्ज, डिभीजन वन कार्यालय, सामुदायिक वन उपभोक्ता समितिसंग समन्वय गरि	निर्माण चरणमा	प्रस्तावक	यस आयोजनाले स्थायी र अस्थायि रुपमा रहने प्रमुख संरचनाहरुका लागि वन क्षेत्रको जम्मा १००.६४ हेक्टर (अरुण नदीको पानी बगेको/ बगर क्षेत्र समेत) जग्गा प्रयोग गरे बापत सट्टा भर्ना जग्गा खरिद गर्न वा जग्गा प्रयोग गरे बापत सम्बन्धित निकायलाइ बुझाउन आवश्यक पर्ने रकम जम्मा ने.रु. ३०,१९,२०,००० रहने छ। यस आयोजनाले क्षतिपुरक वृक्षारोपण गर्न ने.रु. ५,८४,४४,०००, वृक्षारोपण कार्यक्रम कार्यन्यवन गर्न ने.रु. १,०३,८०,००० गरि कुल १०,८८,२४,००० लागत लाग्ने छ।	मकालु वरुण राष्ट्रिय निकुञ्ज, डिभीजन वन कार्यालय, सामुदायिक वनहरू, CSC
२.	वन्यजन्तुको बासस्थानमा ह्रास आउने र बासस्थान विखण्डित हुन रोकथाम/व्यवस्थापन	वन क्षेत्र तथा वन्यजन्तु वासस्थानमा न्युनतम असर पर्ने आयोजनाका संरचना तथा सुविधाहरुको डिजाइन तथा ले-आउट गरिएको।			सम्भाव्यता अध्ययनमा			मकालु वरुण राष्ट्रिय निकुञ्ज, डिभीजन वन कार्यालय, सामुदायिक वनहरू, CSC
		वन्यजन्तुको संरक्षण सम्बन्धी आयोजनाका कामदार, सामुदायिक वन उपभोक्ता समिति तथा स्थानीय समुदायका लागि सचेतना कायक्रम गर्ने गरिनेछ ।	आयोजना स्थल वा सामुदायिक वनको कार्यालय	मकालु वरुण राष्ट्रिय निकुञ्ज, डिभीजन वन कार्यालय, सामुदायिक वन उपभोक्ता समितिसंग समन्वय गरि	निर्माण/संचालन चरणमा	आयोजना	-	मकालु वरुण राष्ट्रिय निकुञ्ज, डिभीजन वन कार्यालय, सामुदायिक वनहरू, CSC
३.	वन्यजन्तु चोरी शिकार नियन्त्रण	वन्यजन्तुको शिकार, तस्करी लगायत गैरकानुनी गतिविधि रोक्न प्रभावित क्षेत्रका स्थानीय समुदाय, सामुदायिक वन उपभोक्ता समिति, डिभिजन वन	आयोजना स्थल वरपर	मकालु वरुण राष्ट्रिय निकुञ्ज, डिभीजन वन कार्यालय, सामुदायिक वन उपभोक्ता समितिसंग समन्वय गरि	निर्माण/संचालन चरणमा	आयोजना	-	वातावरण व्यवस्थापन ईकाई/प्रस्तावक

क्र.स.	नकारात्मक प्रभावको न्यूनीकरणका क्रियाकलाप	उपाय (के के गर्ने)	क्षेत्र (कहाँ गर्ने)	कसरी गर्ने	चरण (कहिले गर्ने)	जिम्मेवार पक्ष/निकाय (कसले गर्ने)	अनुमानित जनशक्ति, बजेट, समय	अनुगमन तथा मूल्याङ्कनका लागि जिम्मेवार पक्ष/निकाय
		कार्यालय, स्थानीय सुरक्षा निकाय लगायत सम्बन्धित निकायसंग समन्वय गरिनेछ।						
४.	वन्यजन्तुको विचरण र आवतजावतमा पर्ने प्रभावको व्यवस्थापन	• आयोजना निर्माणको कार्य दिउसोको समयमा सिमित गरेर निर्माण कार्यसंग सम्बन्धित ध्वनि, कम्पन, प्रकाश आदिले वन्यजन्तुको विचरणमा पर्ने प्रभाव न्युनिकरण गर्ने। • आयोजना निर्माणको कार्य राती गर्नु परेमा निर्माणस्थल बाहिर असर नपर्ने गरी प्रकाश को व्यवस्था गरी गर्नु पर्नेछ।	आयोजना स्थल	आयोजना कर्मचारीसँग समन्वय गरि गर्ने	निर्माण/संचालन चरणमा	आयोजना	-	वातावरण व्यवस्थापन ईकाई/प्रस्तावक
५.	मिचाहा प्रजातिहरू (Invasive Species) को जोखिम व्यवस्थापन	• मिचाहा प्रजातिद्वारा हुन सक्ने अतिक्रमण निरुत्साहित गर्न २ मिटर भन्दा कम उचाईका बोटबिरुवा हटाइने छैन। • आवश्यकता बिना सतहको वनस्पति फडानी गरिने छैन र सकेसम्म रुख विरुवालाई काटँछाटँ मात्र गरिनेछ। • खाली जमिनमा वनस्पतिको यथासम्भव छिटो पुनर्स्थापना गरिनेछ। • आयोजनाका कामदारलाई बाहिरबाट ल्याएको बिउबाट कृषि कार्य गर्न पूर्ण रुपमा बन्देज लगाईनेछ।	आयोजना स्थल वरपर	सामुदायिक वन उपभोक्ता समिति, तथा आयोजना संग समन्वय गरि	निर्माण/संचालन चरणमा	आयोजना	-	वातावरण व्यवस्थापन ईकाई/प्रस्तावक
६.	माछाको संख्या घटन नदिने सुधारात्मक उपायहरु	निर्माण सम्बन्धी गतिविधिहरुबाट उत्सर्जन हुने सबै फोहरहरु (जैविक/अजैविक, निर्माणजन्य फोहर, रासायनिक फोहर, muck/spoil, ठोस/तरल आदि) को प्रकृति अनुसार वैज्ञानिक व्यवस्थापनमा गरिनेछ र नदी तथा जलीय वासस्थानमा असर नगर्ने सुनिश्चित गरिनेछ	आयोजना स्थल		निर्माण/संचालन चरणमा	आयोजना	-	वातावरण व्यवस्थापन ईकाई/प्रस्तावक
		• आयोजना क्षेत्रको अरुण नदीको न्युनतम मासिक औसत बहावको	आयोजना स्थल	Fish hatchery को व्यवस्था गरेर	संचालन चरणमा	आयोजना	संचालनको लागतमा समावेश	वातावरण व्यवस्थापन ईकाई/प्रस्तावक

क्र.स.	नकारात्मक प्रभावको न्यूनीकरणका क्रियाकलाप	उपाय (कि के गर्ने)	क्षेत्र (कहाँ गर्ने)	कसरी गर्ने	चरण (कहिले गर्ने)	जिम्मेवार पक्ष/निकाय (कसले गर्ने)	अनुमानित जनशक्ति, बजेट, समय	अनुगमन तथा मूल्याङ्कनका लागि जिम्मेवार पक्ष/निकाय
		१०% अर्थात ४.८ घनमिटर प्रति सेकेण्ड पानी E-Flow वापत छोडिने छ । • माछाको संख्यामा कमी नआउनको लागि Fish hatchery को व्यवस्था गरी रैथाने प्रजातिका माछाहरुको restocking गरिनेछ।						
७.	जलीय प्रजातिहरूको वासस्थानमा पर्ने प्रभाव न्युनिकरणका उपायहरु	• निर्माण सम्बन्धी गतिविधिहरुबाट उत्सर्जन हुने सबै फोहरहरु (जैविक/अजैविक, निर्माणजन्य फोहर, रासायनिक फोहर, muck/spoil, ठोस/तरल आदि) को प्रकृति अनुसार वैज्ञानिक व्यवस्थापनमा गरिनेछ र नदी तथा जलीय वासस्थानमा असर नगर्ने सुनिश्चित गरिनेछ • नदीको प्राकृतिक स्तरका तुलनामा स्वीकार्य स्तरसम्म मात्र नदीको sediment load बढी हुने गरी flushing गर्नु पर्नेछ र सो क्रममा सकेसम्म sediment load स्तरमा तीव्र घटबढ नहुने तवरले flushing गर्नुपर्नेछ	आयोजना स्थल तथा बाध क्षेत्रमा	तेल तथा ग्रिज भण्डारण गर्ने संरचनामा कंक्रिटिङ्ग गरिनेछ र प्रयोग पछि निश्चित ठाउमा विसर्जन गरी पानी शुद्धीकरण गरेर मात्र नदीमा पठाउने	निर्माण/संचालन चरणमा	आयोजना		वातावरण व्यवस्थापन ईकाई/प्रस्तावक
८.	जैविक सम्पदाको दोहन न्यूनीकरणका कामहरु	• वन्यजन्तुको संरक्षण र महत्व बारे आयोजनाका कामदारहरुलाई तथा स्थानीय जनताका लागि सचेतना कार्यक्रम संचालन गर्नेछ। • निर्माणमा संलग्न जनशक्तिको जैविक श्रोतसाधन (दाउरा, मासुको लागि जंगली जनावर, माछा, गैह्र काष्ठ वन पैदावार) माथि निर्भरता कम गर्न विकल्पहरुको प्रयोग प्रोत्साहन गर्ने तथा वन पैदावार तथा वन्यजन्तुको	आयोजना स्थल वरपर र स्थानीय क्षेत्रमा	जनचेतना मुलक तालिम आयोजना गर्ने, सूचनामूलक बोर्डहरु राख्ने	निर्माण/संचालन चरणमा	आयोजना	-	वातावरण व्यवस्थापन ईकाई/प्रस्तावक

क्र.स.	नकारात्मक प्रभावको न्यूनीकरणका क्रियाकलाप	उपाय (कि के गर्ने)	क्षेत्र (कहाँ गर्ने)	कसरी गर्ने	चरण (कहिले गर्ने)	जिम्मेवार पक्ष/निकाय (कसले गर्ने)	अनुमानित जनशक्ति, बजेट, समय	अनुगमन तथा मूल्याङ्कनका लागि जिम्मेवार पक्ष/निकाय
		उपयोग सम्बन्धी कानुनी व्यवस्थाबारे कामदारलाई जानकारी दिने।						
९.	पारिस्थितिकीय सेवाहरुमा	आयोजना क्षेत्रको अरुण नदीको न्युनतम मासिक औसत बहावको १०% अर्थात ४.८ घनमिटर प्रति सेकेण्ड पानी E-Flow वापत छोडिने छ ।	आयोजना स्थल तथा आयोजना तलो तटीय क्षेत्र		संचालन चरणमा	आयोजना		वातावरण व्यवस्थापन ईकाई/प्रस्तावक
ग.	**सामाजिक वातावरण**							
१.	आयोजना बाट प्रभावित घरधुरी तथा जनसंख्याको प्रभाव न्यूनीकरण गर्ने	• आयोजना प्रभावित घरपरिवारका सदस्यहरुलाई रोजगारीमा प्राथमिकता दिने	आयोजना प्रभाव क्षेत्र	• स्थानीयहरुलाई सिप र दक्षताको आधारमा रोजगारी प्रदान गर्न निर्माण व्यवसायीलाई प्रोत्साहन गर्ने। • आयोजनामा सम्भावित रोजगारीको अवसरको बिसयमा स्थानीयलाई समयमै जानकारी गराउने	पुर्व निर्माण चरण / निर्माण चरण	आयोजना/ निर्माण व्यबसायी	थप बजेट आबश्यक नपर्ने	प्रस्तावक
		• आयोजनाबाट गम्भीर रुपले प्रभावित घरपरिवारको लागि मुआब्जाको अलावा थप सहायता प्रदान गर्ने	आयोजना प्रभाव क्षेत्र	• पुनर्वास कार्य योजनामा सिफारिस गरे अनुसार थप सहायता उपलब्ध गराउने	पुर्ब निर्माण चरण / निर्माण चरण	आयोजना	पुनर्बास कार्य योजनामा समेटिएको	प्रस्तावक
		• प्रभावित घरपरिवारका सदस्यहरुलाई सिपमुलक तालिम प्रदान गर्ने	आयोजना प्रभाव क्षेत्र	• प्रभावित घरपरिवारका सदस्यहरुलाई घरधुरी सर्वेक्षणमार्फत लिन चाहेको सिप विकास तालिममा अवसर दिने	निर्माण चरण	आयोजना	पुनर्बास कार्य योजनामा समेटिएको	प्रस्तावक
२.	निजी सम्पति/संरचनाहरूको क्षति तथा पुनर्वासको समस्या कम गर्ने	• आयोजना कार्यान्वयन गर्दा आयोजनालाई अति आवश्यक पर्ने जग्गा मात्र अधिग्रहण गर्ने	आयोजना प्रभाव क्षेत्र	• आयोजना निर्माणको समयमा क्षति हुने जग्गाहरुको अधिग्रहण गर्दा मुख्यतः जग्गा प्राप्ति ऐन २०३४ मा आधारित भएर गर्ने	निर्माण चरण/संचालन चरण	आयोजना	पुनर्वास कार्य योजनामा समेटिएको	प्रस्तावक
		• आयोजनाको डुबान क्षेत्र बाहेक अन्य आवश्यकताका लागि जग्गा अधिग्रहण गर्नु पर्दा सकभर खेतीयोग्य जमिन छ,नौट नगरिने		• क्षेतिपूर्ति बापतको मुआब्जा रकम निर्धारण गर्दा चलनचल्तीको मूल्य अनुसार निर्धारण गरिने • आयोजना निर्माणको चरणमा कुनै बालीनालीको क्षेती हुने भएमा उत्पादनको आधारमा क्षेतिपूर्ति प्रदान गर्ने				

क्र.स.	नकारात्मक प्रभावको न्यूनीकरणका क्रियाकलाप	उपाय (के के गर्ने)	क्षेत्र (कहाँ गर्ने)	कसरी गर्ने	चरण (कहिले गर्ने)	जिम्मेवार पक्ष/निकाय (कसले गर्ने)	अनुमानित जनशक्ति, बजेट, समय	अनुगमन तथा मूल्याङ्कनका लागि जिम्मेवार पक्ष/निकाय
		• आयोजना कार्यान्वयन गर्दा आयोजनालाई आवश्यक घरसंरचना मात्र अधिग्रहण गर्ने		• निजी संरचनाहरुको मूल्याङ्कन गर्दा मूल्यमा ह्रास कटौती नगरिने				
		• छोटो अवधिको लागि चाहिने जग्गा भाडामा लिने		• छोटो अवधिको लागि चाहिने जग्गाको लागि क्षतिपूर्ति उपलब्ध गराइने • छोटो अवधिको लागि चाहिने जग्गा भाडामा लिएर काम सम्पन्न भए पश्चात पहिलाको अवस्थामा ल्याई जग्गाधनीलाई फिर्ता गराइने				
३.	सिमान्तकृत वर्गमा पर्न सक्ने प्रभाव कम गर्ने	• सिमान्तकृत वर्ग लक्षित कार्यक्रमहरु संचालन गरिने	आयोजना प्रभाव क्षेत्र	• आयोजना प्रभाव क्षेत्रका सिमान्तकृत वर्गका लागि आयोजनाले स्थानीय तहसँग समन्वय गरि सिप र दक्षताको आधारमा रोजगारीमा पहिलो प्राथमिकता दिने	पुर्व निर्माण चरण/ निर्माण चरण	आयोजना/आयोजना निर्माण व्यवसायी	थप बजेट आवश्यक नपर्ने	प्रस्तावक
		• आयोजना प्रभावित घरपरिवारलाई जीविकोपार्जन सहायता प्रदान गर्ने	आयोजना प्रभाव क्षेत्र	• आयोजनाको पुनर्वास कार्य योजनाले पहिचान गरेका जोखिमयुक्त घरपरिवारलाई जीविकोपार्जनको लागि जिल्लाको न्युनतम ज्याला दर रेट अनुसार तीन महिनाको सहायता रकम उपलब्ध गराउने	पुर्व निर्माण चरण/ निर्माण चरण	आयोजना	पुनर्वास कार्य योजनामा समेटिएको	प्रस्तावक
		• आयोजना क्षेत्रका सिमान्तकृत घरपरिवारलाई जीविकोपार्जन तालिम प्रदान गर्ने	आयोजना क्षेत्र	• आयोजनाले संचालन गर्ने सिप तथा आयमुलक तालिम कार्यक्रममा सिमान्तकृत वर्गलाई प्राथमिकता दिने	निर्माण चरण	आयोजना	पुनर्वास कार्य योजनामा समेटिएको	प्रस्तावक
		• आयआर्जन हुने कार्यक्रम संचालन गर्ने	आयोजना क्षेत्र	• सिमान्तकृत समुदायका मानिसहरुलाई आयमुलक काममा लगाउने खालको कार्यक्रमहरु संचालन गरिने	संचालन चरण	आयोजना	पुनर्वास कार्य योजनामा समेटिएको	प्रस्तावक
४.	दुर्घटना बढ्न सक्ने	• पेशागत सुरक्षा उपकरण उपलब्ध गराउने	आयोजना कर्मचारी/कामदार	• निर्माण ब्यबसायी मार्फत पेशागत सुरक्षा उपकरण उपलब्ध गराई अनिवार्य प्रयोगमा ल्याउने	निर्माण चरण/संचालन चरण	आयोजना	BOQ	प्रस्तावक

क्र.स.	नकारात्मक प्रभावको न्यूनीकरणका क्रियाकलाप	उपाय (कि के गर्ने)	क्षेत्र (कहाँ गर्ने)	कसरी गर्ने	चरण (कहिले गर्ने)	जिम्मेवार पक्ष/निकाय (कसले गर्ने)	अनुमानित जनशक्ति, बजेट, समय	अनुगमन तथा मूल्याङ्कनका लागि जिम्मेवार पक्ष/निकाय
		• प्रर्याप्त सुरक्षण संकेत प्रयोग गर्ने	आयोजना क्षेत्र	• निर्माण स्थलमा पर्याप्त सुरक्षण संकेत प्रयोग गर्ने				
		• सचेतनामुलक कार्यक्रम संचालन गर्ने		• निर्माण व्यवसायी/आयोजनाका कर्मचारीलाई सुरक्षण सम्बन्धि अभिमुखिकरण कार्यक्रम संचालनगर्ने • स्थानीय बासिन्दा विद्यालयका विद्यार्थी लगाएत सरोकारवालाहरुलाई सचेतना मुलक कार्यक्रम संचालन गर्ने				
५.	सरुवा रोग र अन्य रोगको प्रकोप बढ्न नदिने	• कर्मचारी तथा कामदारहरुलाई समय समयमा स्वास्थ जाँच गराउने	आयोजना क्षेत्र	• आयोजना स्थल वरपर देखा पर्ने मुख्य रोगहरु सम्बन्धि स्वास्थ्य शिविर संचालन गरिने	निर्माण चरण/संचालन चरण	आयोजना	BOQ	प्रस्तावक
		• सरुवा रोग फैलन नदिन सम्पूर्ण स्वास्थ मापदण्ड पनाइने		• कामदारहरुलाई सरुवा रोग तथा सङ्क्रमण सम्बन्धि सम्पूर्ण जानकारी गराउने				
		• जनस्वास्थ सम्बन्धि सचेतना तालिम कार्यक्रम गरिने		• आयोजना क्षेत्रमा काम गर्ने स्वास्थ्य संस्थाहरुसँग समन्वय गरि कार्यक्रम संचालन गरिने				
		• फोहर व्यवस्थापन लगायत प्रबन्ध मिलाउने		• कर्मचारी तथा कामदार आवास क्षेत्रमा फोहोर व्यवस्थापन गर्ने				
६.	अन्नबाली उत्पादनमा कमि हुन नदिने	• थोरै जमिनमा धेरै उत्पादन लिन उत्पादकत्व बढाउने	आयोजना प्रभाव क्षेत्र	• आयोजना प्रभावित स्थानीय कृषकहरुलाई कृषि औजार, उन्नत बिउ, औषधि लगायतका सामग्री उपलब्ध गराई थोरै जमिनमा धेरै उत्पादन लिन उत्पादकत्व बढाउने	निर्माण चरण/संचालन चरण	आयोजना	पुनर्वास कार्य योजनामा समेटिएको	प्रस्तावक
		• आधिकतम समय सम्म बालीनाली लगाउन दिईने	आयोजना प्रभाव क्षेत्र	• निर्माण कार्य सकेसम्म बाली भित्र्याइएको समय पारेर सुरुवात गरिने	निर्माण चरण	आयोजना	थप बजेट आवश्यक नपर्ने	प्रस्तावक
				• निर्माण कार्य गरिने कम्तिमा ३५ दिन अगाडि जग्गाधनीलाई बाली भित्र्याउन सूचना दिइने				
		• क्षतिपूर्ति बापत रकम उपलब्ध गराउने	आयोजना प्रभाव क्षेत्र	• यदि स्थायी बालीनालीको कुनै नोक्सान वा क्षति भएमा त्यस्ता	निर्माण चरण/ संचालन चरण	आयोजना	पुनर्वास कार्य योजनामा समेटिएको	प्रस्तावक

क्र.स.	नकारात्मक प्रभावको न्यूनीकरणका क्रियाकलाप	उपाय (के के गर्ने)	क्षेत्र (कहाँ गर्ने)	कसरी गर्ने	चरण (कहिले गर्ने)	जिम्मेवार पक्ष/निकाय (कसले गर्ने)	अनुमानित जनशक्ति, बजेट, समय	अनुगमन तथा मूल्याङ्कनका लागि जिम्मेवार पक्ष/निकाय
				बालीलाई बजार मूल्य अनुसार क्षतिपूर्ति दिइने				
७.	जीविकोपार्जन असर पर्न नदिने/कमगर्ने	• जीविकोपार्जन सहायता रकम उपलब्ध गराउने	आयोजना प्रभाव क्षेत्र	• आयोजनाबाट गम्भीर रुपले प्रभावित घरपरिवारको लागि जीविकोपार्जन सहायता स्वरूप जिल्लाको न्युनतम ज्याला दर रेट अनुसार तीन महिनाको रकम उपलब्ध गराइने	निर्माण चरण/ संचालन चरण	आयोजना/स्थानीय तह	पुनर्वास कार्य योजनामा समेटिएको	प्रस्तावक
		• जीविकोपार्जन अभिवृद्धि गर्न सिप विकास तालिम प्रदान गर्ने		• आयोजनाबाट गम्भीर रुपले प्रभावित, भौतिक रुपले विस्थापित जोखिमयुक्त समुदाय लगायत अन्य प्रभावित घरपरिवारहरुलाई जीविकोपार्जन अभिवृद्धि गर्न सिप विकास तालिम प्रदान गरिने				
		• आयोजनामा प्रभावित घरपरिवारलाई रोजगारीमा पहिलो प्राथमिकता दिने		• आयोजनामा प्रभावित घरपरिवारलाई सिप र दक्षताको आधारमा रोजगारीमा पहिलो प्राथमिकता दिइने				
		• आयोजनाले प्रदान गर्ने जीविकोपार्जन अभिवृद्धि तथा सिप विकास तालिम लाई सहि सदुपयोग गर्न अभिप्रेरित गरिने		• आयोजनाले प्रदान गरेको जीविकोपार्जन अभिवृद्धि तथा सिप विकास तालिम लाई सहि सदुपयोग गर्न स्थानीय तह संग समन्वय गरिने				

८.३. सामुदायिक सहयोग कार्यक्रम

सामुदायिक सहयोग कार्यक्रम तर्जुमा सामाजिक आर्थिक अध्ययन तथा पुनर्वास कार्य योजना तयारीको चरणमा आयोजना प्रभावित व्यक्ति, स्थानीय वासिन्दा, सिमान्तकृत समुह, स्थानीय तहका जनप्रतिनिधि लगायत अन्य सरोकारवालाहरुसँग गरिएको छलफल तथा अन्तर्वार्ताको माध्यमबाट गरिएको छ। यसको अलावा सार्वजनिक सुनवाईको क्रममा प्राप्त गरेको सल्लाह सुझाव तथा विज्ञहरुद्वारा फरक फरक समयमा गरिएको स्थलगत अवलोकनका आधारमा सम्भावित उप-आयोजनाहरु पहिचान गर्न सहज भएको थियो। यस कार्यक्रमको कार्यान्वयन गर्दा प्रभावित स्थानीय तहसँग समन्वय गरि स्थानीय तहको विकास निर्माणको बार्षिक कार्य तालिकासँग मिलाई उपयुक्त कार्यक्रमका लागि रकम बिनियोजन गरिनेछ। आयोजनाबाट प्रत्यक्ष तथा अप्रत्यक्ष प्रभावित घरपरिवार, सिमान्तकृत वर्ग लगायत धेरै भन्दा धेरै स्थानीयहरुको जीवनयापन सजिलो बनाउन तथा आयोजना प्रति अपनत्व बढाउन उपयोगी हुनेछ।

तालिका ३८: सामुदायिक सहयोग कार्यक्रम


क्र.स.	कार्यक्रम संचालन क्षेत्र	विवरण	अध्ययनवाट पहिचान भएका सम्भावित उप-आयोजनाहरु	अनुमानित रकम (नेपाली रुपैयामा)	कैफियत
१.	सार्वजनिक पूर्वाधार निर्माण तथा स्तरोन्नति	यस शीर्षक अन्तर्गत आयोजना क्षेत्रका स्थानीय सडकको संचालनार्थ सामान्य मर्मत, खानेपानी मर्मत सुधार, विद्युतीकरण, सामुदायिक भवन निर्माण लगायतका आवश्यकता अनुसारका पूर्वाधार निर्माणका लागि खर्च गरिनेछ। स्थानीयसँगको छलफल तथा परामर्श मार्फत पहिचान भएका कार्यक्रम कार्यान्वयन गर्दा पुन प्रमाणीकरण गरि बढी भन्दा बढी लाभान्वित हुने आयोजनाका लागि खर्च गरिनेछ।	▪ आयोजना प्रभावित क्षेत्रमा कृषि सडक निर्माणका लागि सहयोग ▪ आयोजना प्रभावित क्षेत्रका बस्तीमा नाली सहितको गोरेटो बाटो निर्माणका लागि सहयोग ▪ आयोजना प्रभावित क्षेत्रमा सिंचाई कुलो निर्माणका लागि सहयोग ▪ आयोजना प्रभावित क्षेत्रभित्र रहेका खानेपानी आयोजनाका लागि सहयोग (फिल्टर ट्यांकी निर्माण, भण्डारण क्षमता आदि) ▪ आयोजना प्रभावित क्षेत्रमा रहेका सामाजिक संस्थाहरु आमा समूह, सामुदायिक वन, क्लब आदिको भवन निर्माण तथा अन्य आवश्यक सहयोग ▪ आयोजना प्रभावित क्षेत्रमा संचालित विद्युतको स्तरोन्नति तथा गुणस्तरमा सहयोग ▪ आयोजनबाट प्रभावित हुने गाउँमा कुटानी पिसानी मिलको व्यवस्था	३००,०००,०००	
२.	शिक्षा तथा स्वस्थ्य सुधार कार्यक्रम	आयोजना क्षेत्रमा रहेका विद्यालय, स्वास्थ संस्था स्तर सुधारमा भवन निर्माण तथा गुणस्तर सुधारमा सहयोग गरिनेछ।	▪ आयोजना प्रभावित क्षेत्रमा रहेका स्वास्थ्य संस्थाहरुको स्तरोन्नति तथा भवन निर्माण सम्बन्धि कार्यक्रमका लागि सहयोग ▪ आयोजना प्रभावित क्षेत्रमा संचालनमा रहेका शैक्षिक संस्थाहरुको भवन निर्माण, खेलकुद मैदान, खेलकुद सामग्री, पुस्तकालय निर्माण आदि कार्यक्रमका लागि सहयोग	६०,०००,०००	
३.	सिपमुलक तथा आयमुलक तालिम	आयोजनाबाट प्रत्यक्ष रुपमा प्रभावित घरपरिवार तथा आयोजना क्षेत्रका स्थानीयहरुको जीविकोपार्जन सहायताका लागि उनीहरुको माग बमोजिमका उपयुक्त तालिम कार्यक्रम संचालन गरिनेछ। आयोजना प्रभावित घरपरिवारका सदस्यहरुलाई लक्षित कार्यक्रम आयोजनाको पुनर्वास कार्ययोजनामा समावेश गरिएको छ भने आयोजना प्रभावित क्षेत्रमा अध्ययनको सिलसिलामा पहिचान भएका कार्यक्रमहरुलाई थप प्रमाणीकरण गरि आयोजना निर्माण चरणमा लागु गरिने छ।	▪ आयोजना प्रभावित क्षेत्रका बासिन्दाका लागि आय आर्जन सम्बन्धि तालिमहरु (तरकारी खेती, फलाफुल खेती, पशुपालन, जिम्मु प्याकिंग तालिम, आलु चिप्स, जडिबुटी प्रशोधन तालिम आदि) ▪ आयोजना प्रभावित क्षेत्रका बासिन्दाका लागि शिपमुलक तालिमहरु (सिकर्मी, सवारीचालक, मोबाइल मर्मत, इलेक्ट्रिकल, कुक, बेकरी, सिलाईबुनाई, बन पैदावार तथा अल्लो, सिस्नोको कपडा तथा कागज, मालीडोका सामग्री बनाउने) ▪ पर्यटन प्रबर्धन तथा जीविकोपार्जनका अभिवृद्धिका लागि लज/होटल संचालन तालिम	२०,०००,०००	८.२. प्रतिकूल प्रभाव न्यून गर्ने उपायमा समावेश
४.	कृषि, पशुपालन तथा जीविकोपार्जन सम्बन्धि	आयोजना निर्माण हुँदा क्षती हुने जग्गा जमिन तथा कृषि तथा पशुपालनमा पर्न सक्ने प्रभावलाई कम गर्न आयोजनाको पुनर्वास कार्ययोजनाले सिफारिस गरेको कार्यक्रमको अलावा आयोजना प्रभावित क्षेत्र वरपरका बासिन्दाहरुलाई लक्षित गरि	▪ गुमोजमा/टनेलमा मौसमी तथा बेमौसमी तरकारी खेती गर्न पूर्वाधार निर्माण तथा अन्य प्राविधिक सहयोग ▪ बालीहरुको उत्पादन बढाउनका लागि आधुनिक औजार, मल, बिऊ वितरण	२०,०००,०००	

क्र.स.	कार्यक्रम संचालन क्षेत्र	विवरण	अध्ययनवाट पहिचान भएका सम्भावित उप-आयोजनाहरु	अनुमानित रकम (नेपाली रुपैयामा)	कैफियत
		थोरै जमिनमा धेरै उत्पादन लिन उत्पादकत्व बढाउने तथा व्यवसायिक पशुपालनका लागि आयोजनावाट सहयोग उपलब्ध गराइने छ।साथै जीविकोपार्जन सुधारका लागि परम्परागत पेशा व्यवसायलाई आधुनिकीकरण गर्न आवश्यक सहयोग उपलब्ध गराइने छ।	▪ कोदो, जौ, गहुँ, जिम्मु, आलु, लसुन, सिस्नो आदि उच्च गुणस्तर सहित निर्यात गर्न सक्ने गरि स्थानीय सहकारी तथा समुह मार्फत कोष खडा गरि नगद सहायता ▪ फलफुल खेती सम्भावनाको (किवी, स्ट्रवेरी, एभोकाडो, अंगुर आदि) पहिचान गर्नका लागि कृषि कार्यालयसँग समन्वय गरि कार्यक्रम संचालन ▪ अलैंची लगायत अन्य नगदेबालीलाई सम्बर्धन गर्ने आवश्यक प्राविधिक तथा वित्तीय सहयोग		
५.	बृक्षारोपण, पहिरो नियन्त्रण, तटबन्धन	सामुदायिक सहयोग कार्यक्रम अन्तर्गत आयोजना प्रभाव क्षेत्र वरपर रहेका स्थानहरुमा पहिरो नियत्रण, तटबन्धन, बृक्षारोपण कार्य संचालन गरिनेछ। यस अन्तर्गत स्थानीय बासीहरुको जोखिममा रहेका घर, बस्तीहरुको सुरक्षा, सामुदायिक तथा सरकारी वनमा आवश्यकता अनुसार बृक्षारोपण, आयोजनाको अवयव नजिक पहिरो नियन्त्रण लगायतका कार्यहरु आवश्यकता अनुसार गरिनेछ।		५०,०००,०००	
६.	साँस्कृतिक, ऐतिहासिक सम्पदाहरुको प्रचारप्रसार तथा पर्यटन प्रबर्धन	आयोजना निर्माण सँगसँगै आयोजना प्रभाव क्षेत्रका सम्भाव्य पर्यटकीय क्षेत्रको प्रबर्धन गरि स्थानीयहरुको जीविकोपार्जनमा सहयोग पुर्याउन पर्यटन प्रबर्धन सम्बन्धि कार्यक्रम संचालन गरिनेछ।	▪ आयोजना प्रभावित क्षेत्रमा रहेका गुम्बा मर्मत तथा निर्माणमा सहयोग ▪ स्थानीय संस्कृति, संरक्षण चालचलन परम्परा जगेर्ना गर्न संग्राहालय निर्माणमा सहयोग ▪ नावा तथा ल्होमी भोटे समुदायको जातीय अध्ययनमा सहयोग ▪ गोरेटो बाटोहरुमा भोटे जातिको मौलिक कला संस्कृति झल्कने फलैंचा निर्माणमा सहयोग ▪ स्थानीय भोटे भाषा तथा लिपिलाइ लोप हुनबाट जोगाउन सहयोग कार्यक्रम ▪ आर्चरी खेल प्रबर्धन तथा प्रचार प्रसार ▪ होमस्टे कार्यक्रम संचालनमा सहयोग	८५,०००,०००	८.२. प्रतिकूल प्रभाव न्यून गर्ने उपायमा समावेश
७.	सचेतनामुलक कार्यक्रम संचालन गर्ने	दुर्घटना तथा पेशागत स्वास्थ सुरक्षा, बाल अधिकार तथा लैंगिक अधिकार, जनस्वास्थ सम्बन्धि सचेतनामुलक कार्यक्रम संचालन गरि स्थानीय बासिन्दा सरोकारवाला हरुलाई सुसूचित गरिने।	▪ पेशागत स्वास्थ सुरक्षा सम्बन्धि सचेतना तालिम कार्यक्रम ▪ बाल अधिकार तथा लैंगिक समानता सम्बन्धि सचेतनामुलक कार्यक्रम ▪ धुम्रपान, मध्यपान तथा लागूऔषध निवारण सम्बन्धि जनचेतना अभिमुखीकरण तालिम ▪ शिक्षा, स्वास्थ्य तथा सरसफाई सम्बन्धि सचेतना कार्यक्रम ▪ स्थलगत अध्ययनमा पहिचान गरिएका रोगहरुको लागि स्वास्थ्य जाँच शिविर	१०,०००,०००	८.२. प्रतिकूल प्रभाव न्यून गर्ने उपायमा समावेश
८.	बचत तथा ऋण कार्यक्रम	बचत तथा ऋण सहकारी/समुह गठनका लागि सहजीकरण, तालिम, सुरुवाती चरणमा आर्थिक सहयोग		१५,०००,०००	
जम्मा				४१,००,००,०००	

आयोजनाको सम्भाव्यता अध्ययन प्रतिवेदन जुन, २०२२ अनुसार आयोजनाको कुल लागत ने.रु. ८१,९६१,१७१,३१८ रहेको छ। राष्ट्रिय उर्जा संकट निवारण तथा विद्युत विकास दशक सम्बन्धि अवधारणा पत्र २०७२ मा व्यवस्था भए बमोजिम आयोजनाको कुल लागतको ०.५ प्रतिशत रकम आयोजना प्रभावित क्षेत्रमा खर्च गर्नु पर्ने भएकोले सामुदायिक सहयोग कार्यक्रमका लागि हुन आउने करिब ने.रु. ४१,००,००,००० का कार्यक्रमहरु प्रस्ताव गरिएको छ।

८.४. वातावरणीय व्यवस्थापन योजना कार्यान्वयनको संगठनात्मक ढाँचा

उपरोक्त बमोजिमको वातावरणीय व्यवस्थापन योजना कार्यान्वयन गर्नका लागि विद्युत उत्पादन कम्पनी लिमिटेड अन्तर्गत निम्नानुसारको सांगठनिक ढाँचा आवश्यक पर्ने छ :




चित्र १४: वातावरणीय व्यवस्थापन योजना (EMP) कार्यान्वयनको लागि जिम्मेवार निकायहरू


उक्त ढांचा अनुसारका प्रमुख पात्र/सरोकारवालाहरुको भूमिका र जिम्मेवारी **अनुसूची ८.१** मा दिईए अनुसार हुनेछ।

८.५. गुनासो निवारण संयन्त्र

यस आयोजनाको वातावरणीय व्यवस्थापन योजना कार्यान्वयन गर्दा विभिन्न सरोकारवालाहरु (मुख्यतः आयोजनाका प्रभावितहरु) को आयोजना सम्बन्धी गुनासो रहन सक्छन्। उक्त गुनासोहरु सम्बोधन गर्न "गुनासो निवारण संयन्त्र" स्थापना गरिनेछ।



चित्र १५: गुनासो निवारण संयन्त्र



चित्र १६: गुनासो निवारण संयन्त्रले कार्य गर्ने तौरतारिका

यसको विस्तृत विवरण **अनुसूची ८.२** मा दिईएको छ।

८.६. वातावरणीय व्यवस्थापन योजना कार्यान्वयनको अनुमानित लागत

तालिका ३९: वातावरणीय व्यवस्थापन योजना कार्यान्वयनको अनुमानित लागत

क्र.सं.	विवरण	लागत (ने.रु.)
क.	आयोजनाको कूल निर्माण लागत	८१,९६१,१७१,३१८
ख.	पुनर्वास कार्य योजना कार्यान्वयन	८२,०४,६०,३८९
ग.	क्षतिपुरण वृक्षारोपण तथा कार्यन्वयन लागत	१०,८८,२४,०००
घ.	१००.६४ हेक्टर वन क्षेत्रको जग्गा प्रयोग गरे बापत बुझाउनु पर्ने रकम	३०,१९,२०,०००
ङ.	वातावरणीय व्यवस्थापन योजना कार्यान्वयन	५२,६६,८०,९८३
	ङ.१.भौतिक वातावरण	२२,६६,८०,९८३
	ङ.२.जैविक वातावरण	२२,००,००,०००
	ङ.३. सामाजिक वातावरण	८,००,००,०००
च.	सामुदायिक सहयोग कार्यक्रम	४१,००,००,०००
ज.	वातावरणीय अनुगमन लागत (५ वर्षको लागि)	१०,०५,५३,१२८

परिच्छेद ९: वातावरणीय अनुगमन

वा.सं.नि. २०७७ का अनुसार निम्न उद्देश्य प्राप्तिका लागि वातावरणीय अनुगमन गरिन्छः

(क) कानूनले तोकेका सीमाभन्दा बढी मात्रामा प्रभाव पर्न नदिन,

(ख) वातावरणीय प्रभाव कम गर्न अपनाइएका उपाय वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा उल्लेख भएअनुसार कार्यान्वयन भएका छन् कि छैनन् भन्ने कुरा जाँच्न,

(ग) सम्भावित वातावरणीय क्षतिबारे समयमै सचेत गराउन, र

(घ) पहिचान गरिएका तथा आँकलित प्रभाव वास्तविकतासँग कति नजिक छन् भन्ने जानकारी लिन।

९.१. अनुगमनका प्रकार र वातावरणीय अनुगमन तालिका

वा.सं.नि. २०७७ मा उल्लेख भए बमोजिम यस आयोजनाका लागि निम्नानुसारका अनुगमनहरु गरिनेछन्:

(क) प्रारम्भिक अवस्थाको अनुगमन (Baseline Monitoring)

(ख) प्रभाव अनुगमन (Impact Monitoring)


(ग) नियमपालन अनुगमन (Compliance Monitoring)

उपरोक्त अनुसारको अनुगमनको विस्तृत तालिका अनुसूची ९ मा दिईएको छ।

९.२. स्वःअनुगमन

वातावरण संरक्षण नियमावली, २०७७ को नियम "४५. अनुगमन तथा निरीक्षण" को उप-नियम (१) मा "प्रस्तावकले प्रस्तावको निर्माण तथा संचालन गर्ने चरणमा सोबाट वातावरणमा परेको प्रभावको विषयमा प्रत्येक छ महिनामा स्वःअनुगमन गरी सोको प्रतिवेदन सम्बन्धित निकाय वा विभागमा पेश गर्नु पर्नेछ" भन्ने व्यवस्था बमोजिम प्रस्तावकले प्रत्येक छ महिनामा स्वःअनुगमन गरी सोको प्रतिवेदन ऊर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय, विद्युत विकास विभाग, कृषि, वन तथा पर्यावरण मन्त्रालय, वन तथा भू-संरक्षण विभाग र वातावरण विभागमा पेश गर्ने छ।

वातावरण तथा सामाजिक व्यवस्थापन इकाईः वातावरणीय व्यवस्थापन योजना निर्माण गर्नुका साथ-साथै यसको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न र वातावरणीय पक्ष सहित सामाजिक, स्वास्थ्य र सुरक्षा मापदण्डको नियमित अनुगमन गर्न जिम्मेवार स्थायी सांगठनिक संरचना हुनु पनि अपरिहार्य हुन्छ। जसका लागि वातावरण तथा सामाजिक व्यवस्थापन इकाईको व्यवस्था गरिएको छ।



चित्र १७: वातावरण तथा सामाजिक व्यवस्थापन इकाईको सांगठनिक संरचना

वातावरण तथा सामाजिक व्यवस्थापन इकाईमा निम्न बमोजिमका बिज्ञहरुको टिम रहेको हुनेछ।

क.	टोली प्रमुख	:	१ जना
ख.	वातावरण व्यवस्थापन योजना विद्	:	१ जना
ग.	वातावरण विद्	:	१ जना (आवश्यकता अनुसार थप हुन सक्ने)
घ.	समाजशास्त्री/अर्थशास्त्री	:	१ जना
ङ.	जनसम्पर्क अधिकृत (समन्वयकर्ता)	:	१ जना
च.	वन्यजन्तु/जैविक विविधता विद्	:	१ जना
छ.	जल तथा जलचर विज्ञ	:	१ जना
ज.	फिल्ड सहायक कर्मचारी	:	आवश्यकता अनुसार

वातावरण व्यवस्थापन र सामाजिक इकाई प्रमुख र सदस्यहरुको कामकर्तव्य र दायित्व देहाय बमोजिम हुनेछः-

- आयोजनास्थलमा उपयुक्त संस्थागत व्यवस्था गरी वातावरणीय, स्वास्थ्य, सुरक्षा तथा सामाजिक व्यवस्थापन योजना कार्यान्वयन गर्ने।
- प्रदूषण नियन्त्रण उपकरणहरूको नियमित सञ्चालन र मर्मत सम्भार सुनिश्चित गर्न ।
- सामुदायिक विकास कर्यक्रम मार्फत सहयोग गरि आयोजनाको कार्यान्वयन गर्न ।
- स्वीकृत EIA प्रतिवेदन अनुसार व्यवस्थापन योजना र कार्यान्वयन गतिविधिहरूको अनुगमन गर्ने।
- अनुगमन गरिएको परिणामहरूको समिक्षा र व्याख्या गर्ने र सुधारात्मक उपायहरू निर्दिष्ट सिमा भन्दा माथि छन् भने सच्याउन निर्देशन दिने।
- आयोजनाका सरोकारवालाहरूबाट प्राप्त गुनासाहरूलाई सम्बोधन गर्ने।
- नियमनकारी निकायले तोकेका शर्तहरुको पालना गर्ने र तोकिएको समयावधि अनुसार सोको प्रतिवेदन पेश गर्ने।

पूर्व निर्माण चरण र संचालन चरणमा आयोजनाको वातावरण तथा सामाजिक व्यवस्थापन इकाईले प्रस्तावकको आफ्नै खर्चमा स्वःअनुगमनको कार्य गर्नेछ भने निर्माण चरणका लागि बार्षिक रुपमा निम्नानुसारको जनशक्ति र खर्च आवश्यक पर्ने अनुमान गरिएको छः

तालिका ४०: अनुगमनका लागि आवश्यक मानव जनशाक्ति र लागत[१३]

क्र.स.	विवरण	कार्यालय कार्यको प्रतिदिन प्रतिब्यक्ति (ने.रु.)	फिल्ड कार्यको प्रतिदिन प्रतिब्यक्ति (ने.रु.)
१.	टोली प्रमुख/वातावरणीय अध्ययन विद्	१०,५३५.००	५,७५०.००
२.	वातावरण व्यवस्थापन योजना विद्	७,८८२.४२	५,०००.००
३.	वातावरण विद्	६,२०९.००	५,०००.००
४.	समाजशास्त्री/अर्थशास्त्री	६,२०९.००	५,०००.००
५.	जनसम्पर्क अधिकृत (समन्वयकर्ता)	६,२०९.००	४,०००.००
६.	वन्यजन्तु/जैविक विविधता विद्	७,८८२.४२	५,०००.००
७.	जल तथा जलचर विज्ञ	७,८८२.४२	५,०००.००
८.	फिल्ड सहायक कर्मचारी	१,७७१.००	१,५००.००

तालिका ४१: अनुगमनका लागि आवश्यक मानव जनशाक्तिको कार्य दिनको विवरण

क्र.स	पद	कार्यालयको कार्य दिन			फिल्डको कार्य दिन		
		अनुगमन					
		प्रारम्भिक	प्रभाव	नियमपालन	प्रारम्भिक	प्रभाव	नियमपालन
१.	टोली प्रमुख/वातावरणीय अध्ययन विद्	७५	२००	७५	७५	२००	७५
२.	वातावरण व्यवस्थापन योजना विद्	२००	३००	१५०	२००	३००	१५०
३.	वातावरण विद्	०	०	०	०	१८२५	०
४.	समाजशास्त्री/अर्थशास्त्री	०	०	०	०	१८२५	०
५.	जनसम्पर्क अधिकृत (समन्वयकर्ता)	०	०	०	०	१८२५	०
६.	वन्यजन्तु/जैविक विविधता विद्	७५	७५	७५	५०	७५	७५
७.	जल तथा जलचर विज्ञ	७५	७५	७५	५०	७५	७५
८.	फिल्ड सहायक कर्मचारी	०	०	०	०	१८२५	०

तालिका ४२: अनुगमनको अनुमानित लागत

क्र.स.	विषयवस्तु	रकम		कैफियत
		इकाई	जम्मा (ने. रु.)	
१.	मानव जनशाक्तिको खर्च	ने.रु.	७१,२०३,१२८.००	प्रस्तावकले गर्ने स्व: अनुगमनको लागत
२.	यातायात खर्च	ने.रु.	१९,०००,०००.००	
३.	प्रयोगशालामा परिक्षण र फिल्ड कार्यको खर्च	ने.रु.	४,५००,०००.००	
४.	कार्यालय (साइट कार्यालय) संचालन खर्च	ने.रु.	५,८५०,०००.००	
	जम्मा	ने.रु.	**१०,०५,५३,१२८.००**	

आयोजना निर्माण अवधि ५ वर्ष सम्म अनुगमन कार्यका लागि अनुमानित लागत ने.रु १०,०५,५३,१२८ अनुमान गरिएको छ र विस्तृत विवरण **अनुसूची ९** मा दिईएको छ।

[१३] *लागतमा उल्लिखत दर रेट यस EIA प्रतिवेदन तयार गर्ने परामर्शदाता कम्पनीको "**परामर्श सेवाको लागत अनुमान कार्यविधि, २०७५**" अनुसारको स्वीकृत दर रेट हो।*

परिच्छेद १०: वातावरणीय परिक्षण

वा.सं.ऐ. २०७६ को दफा १२(१) को व्यवस्था अनुसार कृषि, वन तथा पर्यावरण मन्त्रालयले यस आयोजना संचालन भई विद्युत उत्पादन शुरु गरेको दुई वर्ष भुक्तान भएको मितिले छ महिना भित्र यस आयोजनाको कार्यान्वयनबाट वातावरणमा परेको प्रतिकूल प्रभाव, त्यस्ता प्रभावलाई कम गर्न अपनाएको उपाय तथा त्यस्तो उपायको प्रभावकारिता र न्यूनीकरण हुन नसकेको वा आंकलन नै नभएको प्रतिकूल प्रभाव उत्पन्न भएकोमा सो समेतको विश्लेषण गरी वातावरणीय परिक्षण प्रतिवेदन अद्यावधिक गरिनेछ। वा.सं.नि. २०७७ को अनुसूची १२ मा दिइएको "वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको ढाँचा" को परिच्छेद १० को व्यवस्था अनुसार परिक्षण गर्दा निम्नानुसारका व्यवस्थाहरु अवलम्बन गरिनेछः

<u>वातावरणीय परीक्षणको किसिमः</u>

क) निर्णय तहको परीक्षण
ख) कार्यान्वयन परीक्षण
ग) कार्यको प्रभावकारिता परीक्षण
घ) आयोजना प्रभाव परीक्षण
ङ) आँकलन गरिएको प्रविधि परीक्षण
च) वातावरणीय प्रभाव मूल्याङ्कन प्रक्रिया परीक्षण

<u>वातावरणीय परीक्षणमा संलग्न हुने पक्षहरुः</u>

(क) परीक्षक, (ख) परीक्षित पक्ष (प्रस्तावसँग सरोकार भएको), (ग) तेस्रो पक्ष

<u>कानूनी आधारमा वातावरणीय परिक्षणका प्रकारहरुः</u>

क) आन्तरिक परीक्षण,
ख) बाह्य परीक्षण,
ग) बाध्यकारी परीक्षण,
घ) स्वैच्छिक परीक्षण ।

१०.१ वातावरण परीक्षणको समय तालिका

तालिका ४३: वातावरण परीक्षणको समय तालिका

क्र. सं.	विवरण (Parameters)	स्थान (Location)	प्रक्रिया/विधिहरू (Methods)	संकेतहरु (Indicators)
भौतिक वातावरण (Physical Environment)				
१.	नदी आकृति विज्ञान परिवर्तन	अरुण नदी, बाँध बाट पावरहाउस साइट सम्म	निरीक्षण	नदी किनार को क्षरण र तलछट बान्की/ढाँचा

क्र. सं.	विवरण (Parameters)	स्थान (Location)	प्रक्रिया/विधिहरू (Methods)	संकेतहरु (Indicators)
	बाँधको डाउनस्ट्रीम/तल्तीर			
२.	वायुको गुणस्तर/वायु प्रदूषण	हेडवर्क्स क्षेत्र, पहुँच सडक, क्याम्प, हेडरेस टनेल alignment क्षेत्र, पावरहाउस क्षेत्र	मापन, प्रयोगशाला विश्लेषण र दृश्य निरीक्षण (Visual Observation)	PM१०, CO, SOx, NOx; घरको छाना मा, वनस्पति र वरपरको क्षेत्रमा धूलो जम्मा भएको
३.	ध्वनि प्रदुषण	हेडवर्क्स क्षेत्र, पहुँच सडक, क्याम्प, हेडरेस टनेल alignment क्षेत्र, पावरहाउस क्षेत्र	ध्वनि स्तरको मापन आवाज स्तर मीटर (Noise Level Meter) को प्रयोग गरेर	ध्वनि स्तर
४.	पानीको गुणस्तर	अरुण नदी, बाँध बाट पावरहाउस साइट सम्म	पानीका नमूनाहरूको विश्लेषण	pH, BOD, टर्बिडिटी, टि एस एस, घुलित अक्सिजन, कन्डक्टिभिटी, Hardness
५.	भू-उपयोग ढाँचा र जग्गा अधिग्रहण क्षेत्र	आयोजना द्वारा प्रयोग गरिएको सबै जग्गा	निरीक्षण	भू-उपयोगमा परिवर्तन
६.	वातावरणीय बहाव/प्रवाह रिलिज	बाँधको डाउनस्ट्रीम/तल्तीर	न्यूनतम बहाव/प्रवाह रिलिजको मापन	बाँध क्षेत्रमा अरुण नदीको बहाव
जैविक वातावरण				
७.	आयोजना क्षेत्रको वनस्पति कभरमा परिवर्तन	आयोजना द्वारा प्रयोग गरिएको river floodplain क्षेत्र सहित सबै क्षेत्र	दृश्य निरीक्षण र गणना	वनस्पति कभर मा कमी, जंगलबाट काटिएको रूखहरू र झाडी को संख्या
८.	वन्यजन्तु विविधता	आयोजना द्वारा प्रयोग गरिएको river floodplain क्षेत्र सहित कुल सबै क्षेत्र	स्थानीय मानिससँग साक्षात्कार र अवलोकन, फोटोग्राफहरू	वन्यजन्तुको आवागमन र जनावरहरूको उपस्थितिमा गिरावट
९.	अरुण नदीमा माछा र जलीय प्रजातिहरू मा परिवर्तन	अरुण नदी, बाँध बाट विद्युत गृह साइट सम्म	आयोजना साइटहरु अन्तर्गत पर्ने नदी खण्डमा नमूना संकलन र स्थानीय माझिहरू सँग अन्तर्वार्ता	माछा साथै अन्य जलीय प्रजातिहरू को नदीमा उपस्थिति र जनसंख्या
१०.	वन डढेलोको जोखिम/घटना	आयोजना क्षेत्र को साथ, वनीकरण (afforestation) साइटहरु र विद्युतगृह साइटमा	स्थानीय र DFO/Range Office/CFUG र कर्मचारीहरूको साथ अन्तर्वार्ता	आयोजना क्षेत्र को साइटहरू भित्र वन डढेलोको आवृत्ति घटनाहरू, जंगलमा कुल क्षति, रूखहरु को मामला मा, झाडीहरू, जडिबुटीहरू र

क्र. सं.	विवरण (Parameters)	स्थान (Location)	प्रक्रिया/विधिहरू (Methods)	संकेतहरु (Indicators)
				वन्यजन्तु आवागमन
सामाजिक आर्थिक तथा साँस्कृतिक वातावरण				
१.	क्षतिपूर्ति भुक्तान गरिएको स्थिति	अधिग्रहित जग्गाधनी हरू, आयोजना प्रभावित क्षेत्र	प्रश्नावली सर्वेक्षण र अन्तर्वार्ता	प्रभावित व्यक्तिहरू को अवस्था, क्षतिपूर्ति को फलदायी/उचीत उपयोग
२.	स्थानीयको लागि रोजगारीको अवसर, स्थानीय जनतालाई रोजगारी	कार्य बल workforce को रोजगार रेकर्ड र तिनीहरूको मूल ठेगाना	प्रत्यक्ष अवलोकन, प्रश्नावली सर्वेक्षण र कामदार तथा स्थानीय संग अन्तर्वार्ता	परियोजना रेकर्ड अभिलेख र स्थानीय मानिस
३.	पानी आपूर्ति र सरसफाईको स्थिति	आयोजना प्रभावित क्षेत्र	प्रत्यक्ष अवलोकन, अभिलेखको समीक्षा र कामदार तथा स्थानीय संग अन्तर्वार्ता	गुनासो/उजुरी को अभिलेख अभिलेख, महामारी रोग
४.	स्वास्थ्य अवस्था	आयोजना बाट प्रभावित पालिकाहरुको स्वास्थ्य अवस्था	अभिलेखको समीक्षा र कामदार तथा स्थानीय संग अन्तर्वार्ता	स्वास्थ्य चौकिको अभिलेख र स्थानीय जनता
५.	बालश्रम	आयोजना रोजगार अभीलेख	निर्माण व्यवसायीको अभिलेखको समीक्षा र कामदार तथा स्थानीय संग अन्तर्वार्ता	बाल श्रमिक/मजदुर को संख्या
६.	पेशागत व्यावसायिक स्वास्थ्य सुरक्षा	आयोजनाका कामदार र बाहिरी व्यक्तिको आवतजावत	अभिलेखको समीक्षा र कामदार तथा स्थानीय संग अन्तर्वार्ता	दुर्घटना/रोगको प्रकार

१०.२. वातावरणीय परीक्षण प्रतिवेदनको ढाँचा

वातावरणीय परीक्षणको उद्देश्य प्राप्त गर्नको लागि यस आयोजनाको वातावरणीय परीक्षण प्रतिवेदनको ढाँचा देहाय अनुसार हुनेछ ।

तालिका ४४: वातावरणीय परीक्षण प्रतिवेदनको ढाँचा

अध्याय १	कार्यकारी सारांश
अध्याय २	परीक्षण प्रशासनिक तथा परीक्षण कार्यको विवरण, आयोजना स्थलमा गरिएका अन्तर्वार्ता, परीक्षण गर्ने पक्ष तथा परीक्षणका क्षेत्र र विधि यो अध्ययनमा समावेश गर्नु पर्नेछ । साथै वातावरणीय अनुगमन, परीक्षणसँग सम्बन्धित तथ्याङ्क तथा विवरण पनि समावेश गर्नु पर्नेछ ।
अध्याय ३	परीक्षणको पूर्ण विवरण

अध्याय ४	आयोजना सम्बन्धमा पालना गर्नु पर्ने सुझाव तथा सुधारात्मक कार्य
अनुसूची	सम्बन्धित तथ्याङ्क र विवरण
परीक्षण गर्ने समूहमा समावेश हुनु पर्ने जनशक्ति	
प्राविधिक	प्रस्तावसँग विषय मिल्ने विज्ञ
	वातावरण विज्ञ
	सामाजिक, आर्थिक, साँस्कृतिक विज्ञ
	प्रस्तावको क्षेत्र, किसिम र यसले पारेको प्रभावको गाम्भिर्यताको आधारमा थप अन्य विज्ञ

तालिका ४५: वातावरणीय परीक्षणको लागि चेकलिष्ट

१. भौतिक पक्ष								
क्र.सं.	विवरण	आयोजनाको क्रियाकलाप	अनुमान गरिएको प्रभाव	खास प्रभाव	न्यूनीकरणका उपाय	प्रभावकारिता	सूचना	तथ्याङ्कको स्रोत
१.	वायुको गुण							
२.	पानीको गुण							
३.	ध्वनिको मात्रा							
४.	भूउपयोग							
५.	जलस्रोत							
२. जैविक पक्ष								
क्र.सं.	विवरण	आयोजनको क्रियाकलाप	अनुमान गरिएको प्रभाव	खास प्रभाव	न्यूनीकरणका उपाय	प्रभावकारिता	सूचना	तथ्याङ्कको स्रोत
१.	वन जङ्गल							
२.	वनस्पति							
३.	जीवजन्तु							
४.	गैरकाष्ठ							
५.	माछा							
६.	दुर्लभ र सङ्कटापन्न प्रजाति							
७.	संरक्षण क्षेत्र							
३. सामाजिक आर्थिक तथा साँस्कृतिक पक्ष								

क्र.सं.	विवरण	आयोजनाको क्रियाकलाप	अनुमान गरिएको प्रभाव	खास प्रभाव	न्यूनीकरणका उपाय	प्रभावकारिता	सूचना	तथ्याङ्कको स्रोत
१.	शिक्षा							
२.	कृषि							
३.	रोजगारी							
४.	बसाईं सराई							
५.	स्वास्थ्य र सरसफाइ							
६.	वातावरणीय सौन्दर्यता							
७.	लैङ्गिक सवाल							
८.	धार्मिक तथा साँस्कृतिक स्थिति							
९.	सामाजिक स्थिति							

परिच्छेद ११: निष्कर्ष तथा प्रतिबद्धता

११.१. अध्ययनको निष्कर्ष

वातावरण संरक्षण ऐन, २०७६ र वातावरण संरक्षण नियमावली, २०७७ ले निर्दिष्ट गरे बमोजिमको सम्पूर्ण प्रक्रिया पुरा गरी यो वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गरिएको छ। यस आयोजनाले बार्षिक २५५१.१६ गिगावाट घण्टा (GWh) ऊर्जा उत्पादन गर्ने लक्ष्य राखेको छ, जसमध्ये सुक्खायामको उर्जा outage सहित ७६५.२१ गिगावाट घण्टा (GWh) र वर्षायामको उर्जा outage सहित १७८५.९५ गिगावाट घण्टा (GWh) उत्पादन हुनेछ। यस आयोजना निर्माण तथा संचालनले भौतिक, रासायनिक, जैविक, सामाजिक, आर्थिक तथा साँस्कृतिक वातावरणमा विभिन्न प्रकारका अनुकुल तथा प्रतिकुल प्रभावहरु पार्ने अध्ययनको निष्कर्ष छ। तर ति प्रभावहरु मध्य कतिपयको प्रभाव नगण्य रहने आंकलन गरिएको छ भने अन्यको हकमा यसै प्रतिवेदनमा सुझाईएका उपायहरु अवलम्बन गरेको खण्डमा उक्त प्रभावहरुको नकारात्मक असरलाई स्वीकारयोग्य तहमा ल्याई आयोजना निर्माण र संचालन गर्न सकिने अध्ययनको निष्कर्ष छ।

सैद्धान्तिक हिसाबले नै यो जीवित (परिवर्तनशील) दस्तावेज भएको हुँदा वा.सं.ऐ. २०७६ र वा.सं.नि. २०७७ अनुसार समय समयमा हुने अनुगमन र परिक्षणहरुका आधारमा अख्तियारप्राप्त निकायहरुले दिने निर्देशन र आयोजनास्तरमा आउन सक्ने परिवर्तनका आधारमा समेत यस प्रतिवेदनले औंल्याएका भन्दा थप वातावरणीय प्रभावहरु न्यूनीकरण गर्ने उपायहरु अपनाउनु पर्ने हुन सक्छ। स्थलगत अध्ययनका क्रममा गरिएका सार्वजनिक परामर्शहरु र सुनुवाईका क्रममा स्थानीय सरोकारवालाहरु यस आयोजना प्रति समग्रमा सकारात्मक र सहयोगी रहेको पाईयो। यस प्रतिवेदनले औंल्याए अनुसारका सकारात्मक प्रभाव अभिवृद्धि र नकारात्मक प्रभाव न्यूनीकरणका उपायहरु समयमै कार्यान्वयन गरेको खण्डमा र गुनासो निवारण संयन्त्रलाई पनि सक्रिय राखेमा भविष्यमा पनि स्थानीयको आयोजना प्रतिको सहयोगी भावना कायम नै रही आयोजना निर्माण र संचालनमा सहजता हुने अध्ययनको निष्कर्ष छ।

११.२. प्रतिबद्धता

आयोजनाको प्रस्तावक **विद्युत उत्पादन कम्पनी लिमिटेड** यस वातावरणीय प्रभाव मुल्यांकन प्रतिवेदनको पूर्ण पालना गर्न प्रतिबद्ध छ। साथै आयोजना निर्माणको चरणमा थप वातावरणीय प्रभावहरु पहिचान हुन गएमा तिनीहरुको समेत उचित सम्बोधन प्रस्तावकले गर्नेछ। वातावरण संरक्षण नियमावली, २०७७ को नियम "४५. अनुगमन तथा निरीक्षण" को उप-नियम (१) मा "प्रस्तावकले प्रस्तावको निर्माण तथा संचालन गर्ने चरणमा सोबाट वातावरणमा परेको प्रभावको विषयमा प्रत्येक छ महिनामा स्वःअनुगमन गरी सोको प्रतिवेदन सम्बन्धित निकाय वा विभागमा पेश गर्नु पर्नेछ" भन्ने व्यवस्था बमोजिम प्रस्तावकले यसै प्रतिवेदनको "९.२. स्वःअनुगमन" मा उल्लेख भए अनुसार प्रत्येक छ महिनामा स्वःअनुगमन गरी सोको प्रतिवेदन ऊर्जा, जलश्रोत तथा

सिंचाई मन्त्रालय, विद्युत विकास विभाग, कृषि, वन तथा पर्यावरण मन्त्रालय, वन तथा भू-संरक्षण विभाग र वातावरण विभागमा पेश गर्ने छ।

वातावरण संरक्षण ऐन, २०७६ को दफा १२ को उपदफा १ बमोजिम गरिने वातावरणीय परिक्षणको आधारमा उपदफा (२) अनुसार वातावरणमा पर्ने प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्न थप उपायहरु अपनाउन निर्देशन दिएको अवस्थामा सो को पालना प्रस्तावकले गर्नेछ।

सन्दर्भ सामाग्री

मुख्य कानूनी दस्तावेजहरू:

१. वातावरण संरक्षण ऐन, २०७६

२. वातावरण संरक्षण नियमावली, २०७७

मार्गदर्शक दस्तावेजहरू:

१. Manual for Preparing Scoping Document for Environmental Impact Assessment (EIA) of Hydropower Projects (DOED, 2001)
२. National Environmental Health Impact Assessment Guidelines for Development Projects (NHRC, 2002)
३. Best practice guidance for biodiversity inclusive impact assessment: A manual for practitioners and reviewers in South Asia (Rajvanshi*et.al.*, 2007)
४. Hydropower Environmental Impact Assessment Manual (GON/MOFE, 2018)

अन्य दस्तावेजहरू:

- *ऊर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालय* (२०७५). *ऊर्जा जलस्रोत तथा सिंचाइ क्षेत्रको वर्तमान अवस्था र भावी मार्गचित्र (श्वेतपत्र)* काठमाण्डौ, नेपालः ऊर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालय सिंहदरबार, काठमाण्डौ नेपाल।
- नेपाल सरकार/केन्द्रिय तथ्याङ्क विभाग. नेपालको तथ्याङ्क संबन्धी हाते पुस्तिका, २०७५. नेपाल सरकार, राष्ट्रिय योजना आयोगको सचिवालय, केन्द्रिय तथ्याङ्क विभाग, थापाथली, काठमाण्डौ नेपाल।
- नेपाल सरकार / राष्ट्रिय योजना आयोग, २०७६. पन्ध्रौं योजना (आर्थिक वर्ष २०७६/७७-२०८०/८१). नेपाल सरकार, राष्ट्रिय योजना आयोग सिंहदरबार, काठमाण्डौं नेपाल।
- नेपाल सरकार / राष्ट्रिय योजना आयोग, २०७३. चौधौं योजना (आर्थिक वर्ष २०७३/७४-२०७५/७६). नेपाल सरकार, राष्ट्रिय योजना आयोग सिंहदरबार, काठमाण्डौं नेपाल।
- नेपाल सरकार/नापी विभाग (१९९९): टोपोग्राफिक नक्सा (स्केल १:२५,०००) नेपाल सरकार, नापी विभाग
- Mool P.K., Bajracharya S.R. and Joshi S.P. (2001): *"Inventory of Glaciers, Glacial Lakes and Glacial Lake Outburst Floods Monitoring and Early Warning Systems in the Hindu Kush-Himalayan Region Nepal*". International Centre for Integrated Mountain Development (ICIMOD), Kathmandu.
- NEA (2019). *A year in review - fiscal year 2018/2019.* Durbar Marg, Kathmandu, Nepal: Nepal Electricity Authority.

- NEA (2020). *Nepal Electricity Authority: A year in review - fiscal year 2019/2020.* Durbar Marg, Kathmandu, Nepal: Nepal Electricity Authority.
- NEA (2021). *Nepal Electricity Authority: A year in review fiscal year 2020/2021.* Durbar Marg, Kathmandu, Nepal: Nepal Electricity Authority.
- डिभिजन वन कार्यालय, संखुवासभा द्वारा प्रकाशित वार्षिक प्रगति पुस्तिका (२०७७)
- वन विभागद्वारा प्रकाशित सामुदायिक वन अनुगमन निरीक्षण तथा विश्लेषणत्मक प्रतिवेदन पुस्तिका (२०६९),
- गैरकाष्ठ वन पैदावारको श्रोत सर्वेक्षण मार्गदर्शन, २०६९
- Fact Sheet on Plants of Nepal (DPR, 2012)
- Wild Mammals of Nepal, 2008
- Nepal Biodiversity Resource Book, 2007
- Birds of Nepal, Revised Edition, 2016
- नेपालका संरक्षित वनस्पतिहरु (DPR, २०१२)
- "किमाथांका अरुण जलविद्युत आयोजना (४५४ मेगावाट) आयोजना" को विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन (जून, २०२२)

किमाथांका अरुण जलविद्युत आयोजना (४५४ मेगावाट)

को

वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको अनुसूचीहरु

(कोशी प्रदेश, संखुवासभा जिल्ला)

प्रतिवेदन पेश गरिएको निकाय

कृषि, वन तथा पर्यावरण मन्त्रालय

सिंहदरबार, काठमाडौं

मार्फत्

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

सिंहदरबार, काठमाडौं

विद्युत विकास विभाग

सानो गौचरण, काठमाडौं

प्रस्तावक

विद्युत उत्पादन कम्पनी लिमिटेड

BPC भवन, रुद्रमती मार्ग-१०

काठमाडौं, नेपाल

जेष्ठ, २०८३

- खाली पेज -

अनुसूची १: परिच्छेद १ सम्बन्धी अनुसुचिहरु

अनुसूची १: परिच्छेद १ सम्बन्धी अनुसुचिहरु १

अनुसूची १.१: विद्युत उत्पादनको सर्वेक्षण (सम्भाव्यता तथा वातावरणीय अध्ययन) अनुमति पत्र २

अनुसूची १.२: विद्युत उत्पादन सर्वेक्षण अनुमतिपत्र नविकरण गरेको पत्र -१ ..... ४

अनुसूची १.३: विद्युत उत्पादन सर्वेक्षण अनुमतिपत्र नविकरण गरेको पत्र -२ ..... ५

अनुसूची १.४: क्षेत्र संशोधन तथा आयोजनाको प्रारूप र क्षमता संशोधन गरिएको पत्रहरु..... ६

अनुसूची १.५: राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभागको सम्भाव्यता अध्ययन सहमति पत्र..... ८

अनुसूची १.६: वन तथा वातावरण मन्त्रालयबाट प्राप्त सहमति अध्ययन सहमति पत्र..... ९

अनुसूची १.७: विद्युत उत्पादन अनुमति पत्रका लागि पेश गरेको दरखास्त, दस्तुर तिरेको बैंक भौचर र आम्दानी रसिदको प्रति ११

अनुसूची १.८: प्रस्तावकको स्वघोषणा पत्र १४

अनुसूची १.९: परामर्शदाता/विज्ञ टोलिको स्वघोषणा पत्र..... १५

अनुसूची १.१०: क्षेत्र निर्धारण र कार्यसूची प्रतिवेदन स्वीकृतको पत्र १७

अनुसूची १.१: विद्युत उत्पादनको सर्वेक्षण (सम्भाव्यता तथा वातावरणीय अध्ययन) अनुमति पत्र

नेपाल सरकार
ऊर्जा मन्त्रालय

विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र

(किमाथांका अरुण जलविद्युत आयोजना – ४,५०,००० कि.वा.)

अनुमतिपत्र संख्या : वि.वि.वि.०७३/७४ वि.उ.स. ८५३

श्री विद्युत उत्पादन कम्पनी लिमिटेड
काठमाडौं महानगरपालिका वडा नं. १०, बुद्धनगर, काठमाडौं, नेपाल ।

महाशय,

विद्युत उत्पादनको सर्वेक्षणको लागि अनुमतिपत्र पाउन मिति २०७४/२/५ मा दिनुभएको दरखास्त अनुसार देहायको विवरण खोली विद्युत ऐन, २०४९ को दफा ४ को उपदफा (२) र विद्युत नियमावली, २०५० को नियम ८ बमोजिम यो अनुमतिपत्र प्रदान गरिएको छ ।

१. विद्युत उत्पादनको सर्वेक्षण गर्न चाहने व्यक्ति वा संगठित संस्थाको पूरा नाम र ठेगाना :
श्री विद्युत उत्पादन कम्पनी लिमिटेड
काठमाडौं महानगरपालिका वडा नं. १०, बुद्धनगर, काठमाडौं, नेपाल ।
पो.ब.नं. : १९७५२
फोन नं. : ०१-४७८८६८०
मोवाइल नं. : ९८५११३६६५८/मोहनराज पन्त
इमेल : info@vucl.org, mohanrajpanta@gmail.com

२. उत्पादनको सर्वेक्षण गरिने विद्युतको किसिम : जलविद्युत ।

३. जलविद्युत उत्पादनको लागि सर्वेक्षण गरिने जलस्रोतको नाम : अरुण नदी ।
(कोशी अञ्चल संखुवासभा जिल्लाको चेपुवा र किमाथांका गा.वि.स.हरुमा अवस्थित अरुण नदीमा पहिचान भएको ४,५०,००० कि.वा. क्षमताको किमाथांका अरुण जलविद्युत आयोजना ।)

४. सर्वेक्षण गर्ने क्षेत्र :

(क)	अञ्चल	:	कोशी ।
(ख)	जिल्ला	:	संखुवासभा ।
(ग)	गा.वि.स./नगरपालिका	:	चेपुवा र किमाथांका गा.वि.स.हरु ।
(घ)	पूर्व	:	८७° २७' २५" पूर्वी देशान्तर ।
	पश्चिम	:	८७° २४' १२" पूर्वी देशान्तर ।
	उत्तर	:	२७° ५०' ००" उत्तरी अक्षांश ।
	दक्षिण	:	२७° ४५' २५" उत्तरी अक्षांश ।

(माथि उल्लिखित क्षेत्र (नेपालको सिमाना भित्र) भित्रको अरुण नदीको पानी उपयोग गर्ने गरी)

५. सर्वेक्षणको प्रकृति :

आयोजनाको संभाव्यता तथा वातावरणीय अध्ययन ।

६. अनुमतिपत्र बहाल रहने अवधि :

मिति : २०७४/३/१३ देखि २०७६/३/१२ सम्म ।

७. अन्य शर्तहरू :

(क) सर्वेक्षण कार्य गरिने स्थलको मोटा-मोटी नक्सा त्यस संस्थाले दरखास्तसाथ पेश गरेको अनुसूची-१ को संलग्न नक्सा बमोजिम हुनेछ ।

(ख) विद्युत नियमावली, २०५० को नियम २१ बमोजिम सर्वेक्षणको कार्य ३ महिनाभित्र शुरू गरी सोको जानकारी विद्युत विकास विभागलाई दिनु पर्नेछ । विभागीय अनुगमन प्रयोजनका लागि प्रत्येक ६/६ महिनामा कार्य प्रगति विवरण विभाग समक्ष उपलब्ध गराउनु पर्नेछ । विभागले आवश्यक ठानेमा कार्यप्रगति सम्बन्धमा फिल्ड अनुगमन

(ग) नेपाल सरकारबाट जलविद्युत आयोजनाहरूको अध्ययन कार्य गर्दा अपनाउनु पर्ने प्रक्रिया भरे तयार गरिएको "Guidelines for Study of Hydropower Projects, December 2003" को अधिनमा रही त्यस संस्थाले पेश गरेको Desk Study Report तथा दरखास्तसाथ पेश गरेका अन्य कागजातहरू बमोजिम आयोजनाको अध्ययन कार्य सम्पन्न गरी प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(घ) अनुमतिपत्र प्रदान भएको मितिबाट दुई वर्षको अवधिभित्र प्रवर्द्धकले कम्तिमा यस अनुमतिपत्रको प्रकरण ७ (ग) मा उल्लिखित स्वीकृत Guidelines बमोजिम आयोजनाको Topographical Mapping, Surface Geological Mapping, Geophysical Survey, Construction Material Survey, Hydrological Studies, Sediment Sampling and Analysis, Geotechnical Investigation सम्बन्धी कार्यहरू सम्पन्न गरी वातावरणीय अध्ययनतर्फ उल्लेखनीय प्रगति गर्नुपर्नेछ र त्यसको प्रगति प्रतिवेदन विद्युत विकास विभाग समक्ष पेश गर्नु पर्नेछ ।

(ङ) शर्त ७(घ)मा उल्लिखित कार्यहरू तोकिएको अवधिभित्र एवम् शर्त ७(ग) बमोजिमको गुणस्तरमा सम्पन्न गर्नेगरी तयार गरिएको परिमार्जित कार्यतालिका यो अनुमतिपत्र प्रदान भएकै मितिले एक महिनाभित्र विभाग समक्ष पेश गर्नुपर्नेछ ।

(च) उपरोक्त अनुसारको कार्यतालिका बमोजिम अध्ययन कार्यहरू सम्पन्न गरी बाँकी कार्यहरू सम्पन्न गर्न प्रचलित कानून एवम् निर्देशिका बमोजिम अनुमतिपत्र नवीकरणको लागि दरखास्त पेश गर्नुपर्नेछ । यस्तो दरखास्तसाथ प्राप्त हुने प्रतिवेदन एवम् कार्यतालिका अनुसारको प्रगति विवरण सन्तोषजनक भएमा मात्र अनुमतिपत्रको नवीकरण प्रक्रिया अघि बढाइनेछ । अन्यथा उक्त अनुमतिपत्र रद्द गरिनेछ ।

(छ) यस अनुमतिपत्र बमोजिमको अध्ययन गर्न लाग्ने सम्पूर्ण रकम त्यस संस्थाले व्यहोर्नु पर्नेछ र त्यस्तो खर्च प्रति नेपाल सरकारको कुनै दायित्व हुने छैन ।

(ज) अनुमतिपत्र प्राप्त व्यक्तिले यो अनुमतिपत्र बिक्री गर्न वा अन्य कुनै प्रकारले कसैलाई हस्तान्तरण गर्नु परेमा विद्युत ऐन, २०४९ को दफा ४ को उपदफा ५ बमोजिम तोकिएका अधिकारीबाट स्वीकृती लिनुपर्नेछ । अनुमतिपत्रको स्वामित्वको संरचनामा कुनै हेरफेर वा परिवर्तन भएमा सोको जानकारी विद्युत विकास विभागलाई दिनु पर्नेछ ।

(झ) यस अनुमतिपत्रमा उल्लिखित संस्थाको ठेगानामा कुनै परिवर्तन भएको खण्डमा नयां ठेगानामा सरेको १५ दिनभित्र विभागलाई जानकारी गराउनुपर्नेछ । जानकारीको अभावमा विभागद्वारा प्रेषित पत्र फिर्ता आएमा सोको जिम्मेवारी प्रवर्द्धक स्वयम्को हुनेछ । विभागले कुनै विवरण वा प्रतिक्रिया लिन आवश्यक भएमा त्यस संस्थाले उपलब्ध गराएको पछिल्लो ठेगानालाई नै आधार बनाईनेछ ।

(ञ) वातावरण सम्बन्धी अध्ययन वातावरण संरक्षण ऐन, २०५३ तथा वातावरण संरक्षण नियमावली, २०५४ र अन्य वातावरण सम्बन्धी प्रचलित कानूनी प्रावधानहरू अनुसार गर्नु पर्नेछ ।

(ट) यो अनुमतिपत्रमा उल्लेख गरिएको सर्वेक्षण क्षेत्रभित्र (अन्य कुनै खोला/नदीमा समेत) वा Upstream वा Downstream मा विगतमा निर्माण भएका वा निर्माणाधिन वा विद्युत उत्पादन, प्रसारण वा वितरणको अनुमतिपत्र प्राप्त गरेका आयोजनाहरू वा कुनै विद्युत उत्पादनको जानकारी स्वीकृति प्रदान गरिएको भए वा भविष्यमा कुनै सर्वेक्षण अनुमतिपत्र वा जानकारी स्वीकृति प्रदान गरिएको खण्डमा सो आयोजनासङ्ग समन्वय गरी आवश्यक अध्ययन गर्नुपर्नेछ । त्यस्ता आयोजनाहरूको सम्बन्धमा अध्ययन प्रयोजनका लागि आवश्यक विवरण विद्युत विकास विभागमा अनुरोध गरी लिन सकिनेछ । यसबारे समन्वय हुन नसकेमा विभागले ऐन, नियमको परिधिभित्र रही निर्णय गर्नेछ ।

(ठ) प्रस्तावित आयोजनाको Upstream वा Downstream मा सिंचाइको कुलो, नहर, घरेलु घट्ट, पानीमिल, खानेपानी योजना तथा जल सञ्चालित अन्य आयोजना भए सोमा कुनै प्रतिकूल असर नपर्ने गरी आयोजनाको संरचना तथा आवश्यक पूर्वाधारहरूको संभाव्यता अध्ययन कार्य गर्नु पर्नेछ ।

(ड) त्यस संस्थालाई प्रदान भएको यस अनुमतिपत्रको प्रकरण ४ मा उल्लेख भएको सर्वेक्षण क्षेत्रभन्दा बाहिर नजाने गरी आयोजनाको संरचनाहरू (जलाशयबाट सिर्जना हुने Back Water, Tail Water लगायत)को सर्वेक्षण अध्ययन गर्नुपर्नेछ ।

(ढ) सर्वेक्षण कार्यको सिलसिलामा कसैको घर जग्गामा प्रवेश गर्नु परेमा सम्बन्धित व्यक्तिलाई पूर्व सूचना दिएर विद्युत ऐन, नियमावली एवम् जग्गा प्राप्ती ऐनको व्यवस्था अनुसार मात्र त्यस्तो घर जग्गामा प्रवेश गर्न सकिनेछ । त्यसरी प्रवेश गर्दा कुनै हानी-नोक्सानी हुन गएमा त्यस संस्थाले नै क्षतिपूर्ति दिनुपर्नेछ ।

(ण) यस अनुमतिपत्रद्वारा सर्वेक्षण गर्न अनुमति दिईएको आयोजनाको निर्माण गर्न चाहेमा प्रकरण (५) मा उल्लेख भएका सम्पूर्ण अध्ययन कार्यहरू सम्पन्न गरी विद्युत नियमावली, २०७० को नियम १९ बमोजिम यस अनुमतिपत्रको म्यादभित्र नियम १२ बमोजिमका विवरणहरू खुलाई विद्युत उत्पादनको अनुमतिपत्रको लागि दरखास्त दिनु पर्नेछ ।

(त) यस अनुमतिपत्रमा उल्लेख भए भन्दा फरक हुने गरी आयोजनाको अध्ययन गर्नुपरेमा सोको पूर्व स्वीकृती लिनुपर्नेछ ।

(थ) यस अनुमतिपत्रमा कुनै संशोधन गर्नुपर्ने भएमा आवश्यकता एवम् औचित्यका आधारमा विद्युत विकास विभाग/ऊर्जा मन्त्रालय र त्यस संस्थाको आपसी सहमतिमा गर्न सकिनेछ ।

अनुमतिपत्र दिने अधिकारीको
सही :
नाम : अनुज कुमार उपाध्याय
पद : सचिव
ऊर्जा मन्त्रालय
मिति : २०७४/३/१३

नेपाल सरकार

अनुसूची १.२: विद्युत उत्पादन सर्वेक्षण अनुमतिपत्र नविकरण गरेको पत्र -१

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
विद्युत विकास विभाग
(अनुमतिपत्र महाशाखा)

फोन नं. ४४११०७४, ४४११५३७
४४११७६८, ४४१९५०१
४४४५७७५, ४४३४११९
४४३९३६२
फ्याक्स ४४४३९०३
पोष्ट बक्स नं. २५०७
सानोगौचरण
काठमाडौं, नेपाल

पत्र संख्या :- ०७७/७८
चलानी नं. : ८६

मितिः २०७७/०४/१६

विषयः- विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको नवीकरण सम्बन्धमा ।

श्री विद्युत उत्पादन कम्पनी लिमिटेड
वि.पी.सी. भवन, बुद्धनगर, काठमाडौं, नेपाल ।
फो.नं.: ०१४७८८६८०, ९८५११३६६५८ (मोहन राज पन्त)।

प्रस्तुत विषयमा तहाँबाट प्रस्तावित किमाथांका अरूण जलविद्युत आयोजनाको विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको नवीकरण सम्बन्धमा पेश भएको दरखास्त माथि कारबाही हुँदा उक्त आयोजनाको विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र (वि.वि.वि.०७३/७४, वि.उ.स. ८५३) को म्याद एक वर्ष अर्थात् मिति २०७८/०३/१२ गते सम्म बहाल रहने गरी थप गरिएको व्यहोरा मिति २०७७/०४/१३ को (सचिवस्तरीय) निर्णयानुसार जानकारी गराइन्छ ।

(सुजन निरौला)
इन्जिनियर

बोधार्थः
श्री उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय, सिंहदरबार ।
श्री विद्युत विकास विभाग
- आयोजना अध्ययन महाशाखा ।
- योजना वातावरण तथा आयोजना विकास सम्झौता महाशाखा ।
- आयोजना अनुगमन, सुविधा सिफारिश तथा विद्युत प्रणाली व्यवस्थापन महाशाखा ।
- आर्थिक प्रसाशन शाखाः *मिति २०७७/०३/०८ मा यस विभागको आम्दानी रसिद न. ४२२ वै.भौ.न. ६०१३२ मा अनुमतिपत्र नवीकरण वापत जम्मा भएको धरौटी रू. ५०,००,०००/०० (अक्षेरूपीःरू.पचास लाख मात्र) राजस्व खातामा जम्मा हुन ।*

श्री नेपाल विद्युत प्राधिकरण, दरवारमार्ग, काठमाडौं ।

अनुसूची १.३: विद्युत उत्पादन सर्वेक्षण अनुमतिपत्र नविकरण गरेको पत्र -२

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
विद्युत विकास विभाग
अनुमतिपत्र महाशाखा

फोन नं.: ४५३४११९, ४५११५३७, ४५१९५०१, ४५३९३६२
फ्याकस: ४५३९९०३
पोष्ट बक्स नं.: २५००७
सानोगौचरण, काठमाडौं, नेपाल

पत्र संख्या:- ०७८/७९
चलनी नं.:- १२३

मितिः ...२०७८/०४/२१.....

विषयः-विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको नवीकरण सम्बन्धमा ।

श्री विद्युत उत्पादन कम्पनी लिमिटेड
वि.पी.सी. भवन, बुद्धनगर, काठमाडौं, नेपाल ।
फो.नं.: ०१४७८८६८० ।

प्रस्तुत विषयमा तहाँबाट प्रस्तावित किमाथांका अरूण जलविद्युत आयोजनाको विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको नवीकरण सम्बन्धमा पेश भएको दरखास्त माथि कारबाही हुँदा उक्त आयोजनाको विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र (वि.वि.वि.०७३/७४, वि.उ.स. ८५३) को म्याद एक वर्ष अर्थात् मिति २०७९/०३/१२ गते सम्म बहाल रहने गरी थप गरिएको व्यहोरा मिति २०७८/०४/१५ को (सचिवस्तरीय) निर्णयानुसार जानकारी गराइन्छ ।

(सुजन निरौला)
इन्जिनियर

बोधार्थ:
श्री उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय, सिंहदरबार ।
श्री विद्युत विकास विभाग
- आयोजना अध्ययन महाशाखा ।
- योजना वातावरण तथा आयोजना विकास सम्झौता महाशाखा ।
- आयोजना अनुगमन, सुविधा सिफारिश तथा विद्युत प्रणाली व्यवस्थापन महाशाखा ।
- आर्थिक प्रसाशन शाखाः *मिति २०७८/०३/०९ मा यस विभागको आम्दानी रसिद न. ४०८ वै.भौ.न. ०६०१२९ मा अनुमतिपत्र नवीकरण वापत जम्मा भएको धरौटी रू. ५०,००,०००/०० (अक्षेरूपीःरू.पचास लाख मात्र) राजस्व खातामा जम्मा हुन ।*

श्री नेपाल विद्युत प्राधिकरण, दरवारमार्ग, काठमाडौं ।

अनुसूची १.४: क्षेत्र संशोधन तथा आयोजनाको प्रारूप र क्षमता संशोधन गरिएको पत्रहरु

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
विद्युत विकास विभाग
अनुमतिपत्र महाशाखा

फोन नं.: ४५३४११९, ४५११५३७, ४५१९५०१, ४५३९३६२
फ्याक्स: ४५३९९०३
पोष्ट बक्स नं.: २५००७
सानोगौचरण, काठमाडौं, नेपाल

पत्र संख्या: ०७८/७९
चलानी नं.: ४६६

मितिः २०७८/०७/१७

विषयः- विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको क्षेत्र संसोधन सम्बन्धमा ।

श्री विद्युत उत्पादन कम्पनी लिमिटेड
वि.पी.सी. भवन, बुद्धनगर, काठमाडौं, नेपाल ।
फो.नं.: ०१४७८८६८० ।

प्रस्तुत विषयमा तहाँबाट प्रस्तावित किमाथांका अरूण जलविद्युत आयोजनाको विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको क्षेत्र संसोधन सम्बन्धमा पेश भएको दरखास्त माथि कारबाही हुँदा यस विषयमा मिति २०७८/०५/१३ गते श्री उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालयमा भएको सचिवस्तरीय छलफलको निर्णयहरू तथा प्राप्त प्रतिवेदन एवं निवेदनहरूका आधारमा प्रस्तुत आयोजनाको सर्वेक्षण अनुमतिपत्र (वि.वि.वि.०७३/७४, वि.उ.स.८५३) मा निम्न शर्त थप गरी आयोजनाको सर्वेक्षण क्षेत्रको दक्षिणी सिमाना २७° ४५' ०८" सम्म रहने गरी संसोधन गरिएको व्यहोरा मिति २०७८/०५/२८ गतेको (सचिवस्तरीय) निर्णयानुसार जानकारी गराइन्छ ।

शर्तहरू:

क) "प्रस्तुत किमाथांका अरूण जलविद्युत आयोजनाको **Tailrace Level** समुन्द्री सतहबाट १६५२ सम्म कायम रहने गरी अध्ययन गर्नु पर्ने ।"

ख) "किमाथांका अरूण जलविद्युत आयोजनाको संचालन हुँदा तल्लो तटमा रहेको माथिल्लो अरूण जलविद्युत आयोजनाको संचालनले कुनै असर पर्ने भएमा सो को क्षतिपूर्ति किमाथांका अरूण जलविद्युत आयोजनाले दावी गर्न नपाउने ।"

(सुजन निरौला)
इन्जिनियर

बोधार्थ:
श्री उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय, सिंहदरबार ।
श्री विद्युत विकास विभाग
- आयोजना अध्ययन महाशाखा ।
- योजना वातावरण तथा आयोजना विकास सम्झौता महाशाखा ।
- आयोजना अनुगमन, सुविधा सिफारिश तथा विद्युत प्रणाली व्यवस्थापन महाशाखा।
- आर्थिक प्रसाशन शाखा: *मिति २०७८/०७/१२ मा यस विभागको आम्दानी रसिद न.१८५, बै.भौ.न.०६०११९ मा अनुमतिपत्रको क्षेत्र संसोधन बापत जम्मा भएको धरौटी रू. ८०,००,०००/- (अक्षेरूपी:रू. असी लाख मात्र) राजस्व खातामा जम्मा हुन ।*

श्री नेपाल विद्युत प्राधिकरण, दरबारमार्ग, काठमाडौं ।
श्री अपर अरूण हाइड्रो इलेक्ट्रिक लिमिटेड, दरबारमार्ग, फो.नं. : ०१४११७१५४, ०१४११७१६३, ९८४९५४२१०२।

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
विद्युत विकास विभाग

फोन नं.: ४५३४११९, ४५११५३७, ४५१९५०१, ४५३९३६२
फ्याक्स: ४५३९९०३
पोष्ट बक्स नं.: २५००७
सानोगौचरण, काठमाडौं, नेपाल

अनुमतिपत्र नम्बर शाखा
ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
विद्युत विकास विभाग
२०५०

पत्र संख्या: ०७८/७९
चलानी नं.: ९४९८

मिति: २०७९/०२/१९

विषय:- विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको प्रारूप एवं क्षमता संसोधन सम्बन्धमा ।

विद्युत उत्पादन कम्पनी लिमिटेड
दर्ता नं.:- ४७८
दर्ता मितिः- २०७९/२/१९

श्री विद्युत उत्पादन कम्पनी लिमिटेड
वि.पी.सी. भवन, बुद्धनगर, काठमाडौं, नेपाल ।
फो.नं.: ०१४७८८६८०, ९८४८२२१२४६ ।

प्रस्तुत विषयमा तहाँबाट प्रस्तावित किमाथांका अरूण जलविद्युत आयोजनाको विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको प्रारूप एवं क्षमता संसोधन सम्बन्धमा पेश भएको दरखास्त माथि कारबाही हुँदा प्रस्तुत आयोजनाको सर्वेक्षण अनुमतिपत्र (वि.वि.वि.०७३/७४, वि.उ.स.८५३) मा भएका शर्तहरूमा निम्न शर्त समेत थप गरी आयोजनाको प्रारूप RoR बाट PRoR मा एवं आयोजनाको जडित क्षमता ४५० मे.वा. बाट ४५४ मे.वा. मा संसोधन गरिएको व्यहोरा मिति २०७९/०२/१६ को सचिवस्तरीय निर्णयानुसार जानकारी गराइन्छ ।

क) "प्रस्तुत किमाथांका अरूण जलविद्युत आयोजनाको तल्लो तटमा रहेको आयोजनालाई प्रतिकुल असर नपर्ने गरी आवश्यक समन्वय गरी अध्ययन, निर्माण तथा संचालन गर्नु पर्नेछ ।"


(सुजन निरौला)
इन्जिनियर

बोधार्थ:
श्री उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय, सिंहदरबार ।
श्री विद्युत विकास विभाग
- आयोजना अध्ययन महाशाखा ।
- योजना वातावरण तथा आयोजना विकास सम्झौता महाशाखा ।
- आयोजना अनुगमन, सुविधा सिफारिश तथा विद्युत प्रणाली व्यवस्थापन महाशाखा ।

श्री नेपाल विद्युत प्राधिकरण, दरवारमार्ग, काठमाडौं ।
श्री अपर अरूण हाइड्रोइलेक्ट्रीक लिमिटेड, फो.नं.: ०१४११७१६३, ०१४११७१५४ ।

आयोजना अध्ययन (KAHEP)
विकास अनुमतिपत्र (लगत)
(लगानेट) गर्दा राख्नु हुन।
२/१९

अनुसूची १.५: राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभागको सम्भाव्यता अध्ययन सहमति पत्र



नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
(.....व्यवस्थापन शाखा)

फोन नं. : ४२२०८५०, ४२२०९१२, ४२२७९२६
फ्याक्स नं. ४२२७६७५

पो. ब. नं. - ८६०
बबरमहल, काठमाडौं
Email: info@dnpwc.gov.np
http//:www.dnpwc.gov.np

संकेत नं. :-
पत्र संख्या :-
चलानी नं. :-१२११

०७५।७६ व्य.नं. २६९

मिति २५।७।८।१६

विद्युत उत्पादन कम्पनी लिमिटेड
दर्ता नं.:-१११५
दर्ता मिति: २०७५।८।१७

विषय : सम्भाव्यताअध्ययन (Feasibilty Study) गर्न सहमति सम्बन्धमा ।

श्री विद्युत उत्पादन कम्पनी लिमिटेड
काठमाण्डौं महानगरपालिका-१० बुद्धनगर, काठमाण्डौं ।

प्रस्तुत विषयमा मकालु वरुण राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रभित्र संखुवासभा जिल्लाको सावित चेपुवा र किमथाँका गा.वि.स.हरुमा अवस्थित अरुण नदीमा प्रस्तावित किमथांका अरुण जलविद्युत आयोजना (४५० मे.वा.), को लागि विद्युत विकास विभागको अनुमतिपत्र संख्या वि.वि.वि. २०७३।७४ वि.उ.स. ८५३ मिति २०७४।३।१३ को निर्णयबाट मिति २०७४।३।१३ देखि (दुई वर्ष) को अवधि राखी जारी भएको विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको छाँयाप्रति र Desk Study Report लगायतका कागजातहरु संलग्न राखी आयोजनाको सम्भाव्यता अध्ययन (Feasibility Study) गर्न सहमतिको लागि तँहा कम्पनीको पत्र संख्या २०७४।७५ च.नं. ३२१ मिति २०७५।२।१ को पत्रबाट लेखी आएको ।

"संरक्षित क्षेत्रभित्रका जलविद्युत आयोजनाहरुलाई सम्भाव्यता तथा वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन गर्न सहमति प्रदान गर्ने प्रक्रिया, २०७४" नेपाल सरकार, तत्कालिन वन तथा भू-संरक्षण मन्त्रालय (मा. मन्त्रीस्तर) को मिति २०७४।१०।९ मा भएको निर्णय बमोजिम आयोजनाको सम्भाव्यता अध्ययन (Feasibility Study) गरेर मात्र EIA को प्रक्रिया अगाडि बढने भएको हुँदा सम्भाव्यता अध्ययनको सहमति यस विभागले प्रदान गर्ने व्यवस्था रहेकोले प्रस्तावित जलविद्युत आयोजना मकालु वरुण राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रभित्र पर्ने भएकोले सम्भाव्यता अध्ययन (Feasibility Study) गर्न सहमति प्रदान गर्ने सम्बन्धमा स्थलगत प्रतिवेदनसहित मकालु वरुण राष्ट्रिय निकुञ्ज कार्यालयको पत्र संख्या २०७५।७६ च.नं. २४१ मिति २०७५।५।२१ को पत्रसाथ राय पेश हुनआएको हुँदा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९, हिमाली राष्ट्रिय निकुञ्ज नियमावली, २०३६, मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२, वातावरण संरक्षण ऐन, २०५३, वातावरण संरक्षण नियमावली, २०५४ र संरक्षित क्षेत्रभित्रका जलविद्युत आयोजनाहरुलाई सम्भाव्यता तथा वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन गर्न सहमति प्रदान गर्ने प्रक्रिया, २०७४ का साथै तपसिलका शर्तहरुको पूर्ण पालना गर्ने गरी प्रस्तावित जलविद्युत आयोजनाको **सम्भाव्यता अध्ययन (Feasibility Study)** गर्न सहमति दिने भनी मिति २०७५।८।१४ मा विभागीय निर्णय भएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

तपसिलका शर्तहरु :

१. प्रस्तावित आयोजना प्रस्ताव गरेको क्षेत्रमा आयोजना निर्माण र सञ्चालन गर्दा दुर्लभ र लोपोन्मुख वन्यजन्तु तथा त्यस वन क्षेत्रका वन, वनस्पति, जैविक विविधता र पारिस्थितिकीय प्रणालीमा पर्न सक्ने नकारात्मक असर र प्रभावहरुको विश्लेषण गरी न्यूनीकरण गर्ने उपायहरु सिलेसिलेवार रुपमा समावेश गर्नु पर्ने ।
२. सम्भाव्यता अध्ययन कार्यमा मकालु वरुण राष्ट्रिय निकुञ्ज कार्यालयसंग समन्वय गरी तँहाका एक जना अधिकृतस्तरका प्राविधिक कर्मचारीलाई अनिवार्य संलग्न गराउने ।
३. सम्भाव्यता अध्ययन कार्य गर्दा सम्बन्धित स्थानीय तह र स्थानीय समुदायहरुको समेत सहभागिता गराउने ।
४. सम्भाव्यता अध्ययन टोलीमा एक/एक जना वन्यजन्तु विज्ञ, जैविक विविधता विज्ञ र जलचर विज्ञ अनिवार्य सहभागी गराउने ।
५. जैविक विविधता र वातावरणमा कम हानी नोक्सानी पुग्ने र वन क्षेत्रको हानी नोक्सानी कम हुने गरी सम्भाव्यता अध्ययन गर्ने ।
६. प्रस्तावित आयोजनाको लागि प्रयोग हुने पानीको स्रोत स्थानीयस्तरमा कुन कुन प्रयोजनको लागि (जस्तै खानेपानी, सिंचाई, साना कृषि सिंचाई, लघु जलविद्युत आयोजना आदि) हाल प्रयोगमा रहेको छ, नक्साङ्कनसहित लाभान्वित घरधुरी र जनसंख्यासहित सो को विवरण समावेश गर्ने ।
७. प्रस्तावित आयोजनाको लागि प्रयोग हुने पानीको स्रोतको Upstream र Downstream मा अन्य जलविद्युत आयोजना प्रस्ताव भएको छ/छैन । प्रस्ताव भएको भए सो आयोजनाको संरचनामा कुनै किसिमको प्रतिकूल असर नपर्ने गरी अध्ययन गर्ने ।
८. प्रस्तावित आयोजनाको लागि सुख्खा याममा न्यून पानीको बहाव हुने समयमा पानीको बहावलाई दृष्टिगत गरी सोबाट जमिनमा पाइने पारिस्थितिकीय प्रणाली (Terrestrial Ecosystem) र जलमा आश्रित पारिस्थितिकीय प्रणाली (Aquatic Ecosystem) मा पार्न सक्ने असरहरुको विश्लेषण गर्नको साथै आयोजना प्रस्ताव गरेको खोलाको बाँध भन्दा तल कम्तिमा २५ (पच्चीस) प्रतिशत पानीको प्राकृतिक बहाव अनिवार्य कायम रहने गरी अध्ययन गर्ने ।

२०७५।८।१६

(सन्तोष कुमार भगत)
सहायक व्यवस्थापन अधिकृत

बोधार्थ :
श्री मकालु वरुण राष्ट्रिय निकुञ्ज कार्यालय, सेदुवा, संखुवासभा ।

अनुसूची १.६: वन तथा वातावरण मन्त्रालयबाट प्राप्त सहमति अध्ययन सहमति पत्र

पत्रोत्तरमा पत्र संख्या मिति उल्लेखित हुन अपेक्षित छ ।

नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

EX: पो.ब.नं. : ३९८७
सिंहदरबार, काठमाण्डौं

वातावरण तथा जैविक विविधता महाशाखा

पत्र संख्या :-
चलानी नं.: ८४४

प्राप्त पत्र संख्या र मिति :-

मिति : २०७६/१०/२७

श्री विद्युत उत्पादन कम्पनी लिमिटेड
बुद्धनगर, काठमाडौं ।

दर्ता नं.: २५६
दर्ता मिति २०७६/१०/२८

विषय : किमाथांका अरुण हाईड्रोईलेक्ट्रिक परियोजना (४५० मे.वा.) को वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन गर्न सहमति प्रदान गर्ने सम्बन्धमा ।

प्रस्तुत विषयमा ताँहा लिमिटेडले प्रदेश नम्बर १ संखुवासभा जिल्लाको भोटखोला गाउँपालिकामा मकालु-बरुण राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा पर्ने अरुण नदीको पानी उपयोग गर्नेगरी प्रस्ताव गरेको ४५० मेगावाट क्षमताको किमाथांका अरुण हाईड्रोईलेक्ट्रिक परियोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन गर्न यस मन्त्रालयको अनुमति माग गरी दिएको निवेदनमा कारवाही हुँदा प्रस्तावक श्री विद्युत उत्पादन कम्पनी लिमिटेडलाई ४५० मेगावाट क्षमताको किमाथांका अरुण हाईड्रोईलेक्ट्रिक परियोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन गर्न प्रचलित कानून एवं देहायका शर्तहरुको समेत पालना गर्ने गरी सहमति प्रदान गर्ने नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय (मा.मन्त्रीस्तर) को मिति २०७६/१०/२२ को निर्णयानुसार अनुरोध गर्दछु ।

शर्तहरु::—

१.प्रस्तावित आयोजना प्रस्ताव गरेको क्षेत्रमा आयोजना निर्माण र संचालन गर्दा दुर्लभ र लोपोन्मुख वन्यजन्तु तथा त्यस वन क्षेत्रका वन, वनस्पती,जैविक विविधता,र पारिस्थितिकिय प्रणलीमा पर्न सक्ने असर र प्रभावहरुको विष्लेशन गरी न्युनिकरण गर्ने उपायहरु सिलसिलेवार रुपमा समावेश गर्ने ।

२.वातारणीय प्रभाव मूल्यांकन अध्ययन कार्यमा मकालु-बरुण राष्ट्रिय निकुञ्ज कार्यालयको प्राविधिक कर्मचारीलाई अनिवार्य संलग्न गराउने।

३.वातावरणीय अध्ययन कार्य गर्दा सम्वन्धित स्थानीय तह र स्थानीय समुदायहरुको समेत सहभागिता गराउने।

४.वातावरणीय अध्ययन टोलीमा वन तथा वन्यजन्तु विज्ञ,वातावरण विज्ञ,जैविक विविधता विज्ञ र जलचर विज्ञ तथा सामाजिक आर्थिक तथा सांस्कृतिक वातावरण विज्ञ एक एक जना अनिवार्यरुपमा सहभागी गराउने।

1

फोन नं.:-४२११७०३, ४२११७३७, ४२११५९९, ४२११८६४ फ्याक्स नं.:- ४२११८६८

पत्रोत्तरमा पत्र संख्या मिति उल्लेखित हुन अपेक्षित छ ।

नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

EX: पो.ब. नं. : ३९८७
सिंहदरबार, काठमाण्डौं

पत्र संख्या :-
चलानी नं.:८४४
प्राप्त पत्र संख्या र मिति :

५.जैविक विविधता र वातावरणमा न्युन हानी नोक्सानी पुग्ने र वन क्षेत्रको हानी नोक्सानी न्युन हुनेगरी वातावरणीय प्रभाव मुल्यांकन अध्ययन गर्ने।

६.प्रस्तावित आयोजनाको लागी प्रयोग हुने पानीको श्रोत स्थानीस्तरमा कुन-कुन प्रयोजनको लागी (जस्तै खानेपानी,सिंचाइ,साना कृषि सिंचाइ लघु जलविद्युत आयोजना आदी) हाल प्रयोगमा रहेको छ, नक्सानसहित लाभान्वित घरधुरी र जनसंख्यासहित सोको विवरण समावेश गर्ने।

आयोजना क्षेत्र मकालु बरुण राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा पर्दछ। यस क्षेत्रको भौगोलिक अवस्थिति, अरुण नदी उपत्यकाको विशिष्ट भौगोलिक संरचना, जलवायु, पारिस्थितिकीय विविधताका कारण यस क्षेत्र प्रचुर जैविक विविधतायुक्त छ। आयोजना क्षेत्र अवस्थित संखुवासभा जिल्लाको उचाईको फरक र मौसमी विविधताका कारण वनस्पति र जीवजन्तुहरूको विविधता उल्लेख्य रहेको छ।

आयोजना क्षेत्रमा वनहरू निजि वन, मध्यवर्ती सामुदायिक वन, सामुदायिक वन र सरकारी वनको रुपमा व्यवस्थापन र संरक्षण भइरहेका छन् । आयोजना क्षेत्रमा पाइने स्थानीय

परम्परागत उपयोगका दृष्टिले महत्वपूर्ण प्रजातिहरु सतुवा, पाँचऔंले, गुजर्गानो, जटामसी, पाखंवेद, बुढीओखती, यार्सागुम्बा, टिमुर, सुठो आदि हुन्।
क्षेत्र निर्धारण अध्ययनका आधारमा आयोजनाको प्रभाव क्षेत्रमा २७ प्रजातिका स्तनधारी जनावरहरू, ३० प्रजातिका पन्छीहरू, ४ प्रजातिका उभयचर, १० प्रजातिका सरीसृप र ५ प्रजातिका माछाहरु रहेको पाइयो । यी प्रजातिहरू मध्ये १९ प्रजाति संरक्षणका दृष्टिले विशेष महत्वपूर्ण रहेका छन् ।

सामाजिक-आर्थिक तथा सांस्कृतिक वातावरण

रास्ट्रिय जनगणना २०६८ अनुसार आयोजना प्रभावित भोटखोला गाउँपालिकाको कुल जनसंख्या ६,५७६ मध्ये पुरुष ३,२०४ र महिला ३,३७२ रहेको पाइन्छ। परिवारको औसत आकार ४.८ रहेको छ। कुल जनसंख्या मध्ये ५ वर्ष भन्दा कम उमेर समूहमा १०.८ प्रतिशत, ५-१४ वर्ष उमेर समूहमा २७.६ प्रतिशत, १५-५९ वर्ष उमेर समूहमा ५२.४ प्रतिशत र ६० वर्ष वा माथिको उमेर समूहमा ९.२ प्रतिशत जनसंख्या रहेको देखिन्छ। जातिगत आधारमा भोटखोला गाउँपालिकामा जनजाति ९७.६ प्रतिशत, दलित १.३ प्रतिशत, बाहुन-क्षेत्री ०.६ प्रतिशत, र अन्य ०.५ प्रतिशत रहेको पाइन्छ। भाषागत आधारमा शेर्पा भाषा बोल्ने ५५.८ प्रतिशत, नेपाली १०.४ प्रतिशत, तामाङ ९.४ प्रतिशत, ल्होमी ८.७ प्रतिशत खालिङ ४.५ प्रतिशत, याम्फु २.८ प्रतिशत, राई २ प्रतिशत, कुलुङ १.४ प्रतिशत, बेलहारे १ प्रतिशत र अन्य ४ प्रतिशत रहेको पाइन्छ। पाँच वर्ष र माथिको जनसंख्याको समग्र साक्षरता ४७.५ प्रतिशत रहेकोमा पुरुष साक्षरता ५८.१ प्रतिशत र महिला साक्षरता ३७.६ प्रतिशत रहेको छ।



आयोजनाबाट प्रभावित निजी सम्पति

अध्ययनको प्रारम्भिक नतिजा अनुसार यस आयोजनाबाट कुल १४९ घरपरिवार प्रत्यक्ष रुपमा प्रभावित हुने देखिन्छ जसमध्ये जग्गा मात्र प्रभावित हुने १४१ घरपरिवार, जग्गा सहित घरसंरचना प्रभावित हुने ७ घरपरिवार र घरसंरचना मात्र प्रभावित हुने १ घरपरिवार रहेका छन्। घरसंरचना मात्र गुमाउने घरपरिवारले अरुको जग्गामा घरसंरचना निर्माण गरेको देखिन्छ। यस आयोजनाका लागि १४८ घरपरिवारको ६०.४५ हेक्टर निजी जग्गा अधिग्रहण गर्नुपर्ने देखिन्छ। यसैगरी आयोजना कार्यान्वयनबाट कुल १० वटा निजी घरसंरचनाहरु प्रभावित हुने देखिन्छ। आयोजनाबाट प्रभावित हुने निजि घरसंरचनाहरुमा १ बसोबास रहेको घर, ६ वटा छाप्रा र ३ वटा गोठ रहेका छन्। आयोजना कार्यान्वयन गर्दा ३.५४१ निजि काठ दाउराका रुखहरु प्रभावित हुने देखिन्छ।

प्रस्ताव कार्यान्वयनका सम्भावित वातावरणीय प्रभावहरू

यस आयोजना निर्माण तथा संचालन गर्दा सकारात्मक तथा नकारात्मक दुवै किसिमका प्रभावहरू पर्न सक्ने आंकलन गरिएको छ ।

सकारात्मक प्रभावहरु

- रोजगारीको अवसर सिर्जना
- आधारभूत सेवा र बजारमा समुदायको पहुँच बढ्न सक्ने
- जीविकोपार्जन सुधार
- स्थानीय आर्थिक/व्यावसायिक अवस्थामा सुधार
- जग्गा अधिग्रहणबाट प्राप्त नगद तथा जग्गा बेच-विखनबाट लगानीको अवसर
- जलविद्युत आयोजनामा शेयर साझेदारीको अवसर
- स्थानीय बजारको आकार र पहुँच बढ्ने
- आयोजनाका लागि गरिने सुरक्षा प्रबन्धले स्थानीय/सार्वजनिक सुरक्षाको अवस्था थप सुदृढ
- आयोजनाका संरचनाहरुको सुरक्षण कार्यहरुले भू-क्षय, पहिरो र भू- अस्थिरताको जोखिम न्यूनीकरण
- वातावरणका विभिन्न अवयवहरुको सर्वेक्षण र अध्ययन भई स्थानीय स्तरको योजना तर्जुमाका लागि दस्तावेज तयार हुने

सम्भावित नकारात्मक प्रभावहरु:

यदि उपयुक्त उपायहरु अपनाईएन भने आयोजनाका कारण निम्न अनुसारका नकारात्मक प्रभाव समेत पर्ने सक्ने सम्भावना हुन्छः

- भू-स्वरूप, परिदृश्य र भू-उपयोगमा परिवर्तन हुन सक्ने
- भू-क्षय, पहिरो, भू-अस्थिरता, सतही माटोको ह्रास र बाढीले क्षति हुन सक्ने
- वायु, जल, ध्वनि प्रदूषण तथा माटोमा संक्रमण बढ्न सक्ने
- पानीका मूलहरूमा प्रभाव पर्न सक्ने
- वन्यजन्तुको वासस्थानमा ह्रास/विखण्डन तथा वन्यजन्तुको संख्या घट्न सक्ने
- माछा लगायत जलीय प्रजातिहरूको वासस्थानमा ह्रास आउन सक्ने तथा संख्या घट्न सक्ने
- वन डढेलोमा वृद्धि हुन सक्ने
- उच्च बजार माग भएका जैविक सम्पदाको दोहन हुन सक्ने
- निजी/सार्वजनिक भौतिक सम्पत्तिको नाश हुन सक्ने तथा जीविकोपार्जनमा नकारात्मक असर पर्न सक्ने
- आधारभूत सेवामा पहुँच सीमित हुन सक्ने
- स्थानीय परम्परागत ज्ञान, सिप र पेशा लुप्त हुन सक्ने तथा सिमान्तकृत वर्गमा प्रभाव पर्न सक्ने
- सरुवा रोग र अन्य रोगको प्रकोप बढ्न सक्ने
- कामदारहरूको पेशागत स्वास्थ्य तथा सुरक्षामा जोखिम हुन सक्ने
- निर्माणको क्रममा दुर्घटनाहरू हुन सक्ने
- सांस्कृतिक तथा धार्मिक गतिविधि र चालचलनमा परिवर्तन आउन सक्ने



प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्ने प्रभावको न्यूनीकरण/बढोत्तरीका उपायहरु:

प्रस्तावको कार्यान्वयनबाट आयोजना क्षेत्रको वातावरणमा पर्ने नकारात्मक प्रभावहरुको न्यूनीकरण र सकारात्मक प्रभावहरुको बढोत्तरीका वैज्ञानिक तथा व्यवहारिक हिसाबले उपयुक्त उपायहरुको अध्ययन गरी सिफारिश गर्नु वातावरणीय प्रभाव मुल्यांकनको उद्देश्यहरुमध्ये एक हो ।

वातावरणीय प्रभाव न्यूनीकरण/ अभिवृद्धिका उपायहरु निम्न प्रकारका हुन सक्छन् :

डिजाईनको छनोट सम्बन्धी उपायहरु (Design Measures): आयोजनाको लागि उपयुक्त स्थान छनोट देखि संरचनाहरुको डिजाईन गर्ने क्रममा निजी जग्गा जमिन तथा भौतिक सम्पतिको क्षति कम हुने उपायको अवलम्बन, भूकम्पीय जोखिम कम हुने उपायको डिजाइन, बाँध सुरक्षा सम्बन्धी विकल्प सहितको अध्ययन गरि उत्तम डिजाइनको छनोट सहित संरचना निर्मा स्थलको छनोट लगायत विभिन्न विषयमा गहन अध्ययनहरु गरेर आयोजनाको कार्यान्वनबाट हुन् सक्ने सम्भावित वातावरणीय प्रभावहरु सम्भव भएसम्म न्यून हुने तरिकाले डिजाईन गरिएको छ ।

क्षतिपूर्तिका उपायहरू (Compensatory Measures): आयोजना कार्यान्वयनबाट पर्न सक्ने प्रतिकूल प्रभावहरुलाई हटाउन वा कम गर्न नसकिने अवस्थामा क्षतिपूर्तिका उपायहरु समावेश गरिने छ । जस्तैः निजी जग्गा जमिन तथा भौतिक सम्पत्तिको मुआब्जा/क्षतिपूर्ति, कटान हुने रुखहरुको क्षतिपूर्ति बापत वृक्षारोपण कार्यक्रम जस्ता उपायहरु अवलम्बन गरिनेछ ।

सुधारात्मक उपायहरू (Corrective Measures): प्रतिकूल प्रभावलाई स्वीकारयोग्य स्तरसम्म कम गर्नका लागि सुधारात्मक उपायहरु अवलम्बन गरिनेछ । जस्तैः निर्माण क्षेत्रमा धुलो नियन्त्रण गर्न पानी छर्कने व्यवस्था, आयोजनाबाट उत्पन्न हुने ठोस तथा तरल फोहोरहरु र निर्माणजन्य फोहोरहरुको उचित व्यवस्थापन, सामाजिक सौहार्दता कायम राख्न जनचेतनामुलक कार्यक्रम तथा गुनासो सुनुवाई संयन्त्रको व्यवस्था गरिनेछ ।

रोकथामका उपायहरु (Preventive Measures): केही गम्भीर प्रकारका सम्भावित प्रभावहरुलाई देखा पर्न थाल्नु अगाडि नै कम गर्न रोकथामका उपायहरु जस्तैः पहिरो नियन्त्रणका संरचना निर्माण, आयोजनाका संरचनाहरुको भूकम्प प्रतिरोधात्मक डिजाईन आदी समावेश गरिने छ । त्यसैगरी जीविकोपार्जनमा पर्न सक्ने प्रतिकूल प्रभाव कम गर्न तालिम तथा रोजगारीको अवसरहरुमा आयोजना प्रभावित व्यक्तिहरुलाई प्राथमिकता दिइनेछ ।

सम्बर्धनकारी उपायहरु (Enhancement Measures): सकारात्मक प्रभावहरुलाई बढोत्तरी/अभिवृद्धि गर्ने अभिप्रायले शिप र दक्षताको आधारमा रोजगारीको अवसर, आयोजनामा लगानीको अवसर, आयोजना क्षेत्रमा पहुँच सडकको स्तरोन्नतीका साथै सामुदायिक सहयोग कार्यक्रमहरु अन्तर्गत खानेपानी, शैक्षिक संस्थाहरुलाई सहयोग, स्वास्थ्य सेवा सुधार, सडक सञ्जाल विस्तार, सामुदायिक वन व्यवस्थापन सम्बन्धी कार्यक्रम, शिपमूलक तथा आयआर्जन सम्बन्धी तालिमहरु जस्ता कार्यक्रम समावेश गरिने छ ।

आयोजना कार्यान्वयनबाट वातावरणमा पर्न सक्ने नकारात्मक प्रभावहरुको न्यूनीकरणका लागि प्राविधिक र आर्थिक रुपमा सम्भाव्य, कानुनी रुपमा ग्राह्य र सामाजिक रुपमा व्यवहारिक खालका रोकथामका उपायहरु र सकारात्मक प्रभावहरुको बढोतरीका उपायहरु वातावरणीय प्रभाव मुल्यांकनका क्रममा पहिचान गरि सिफारिस गरिनेछ । सामुदायिक सहयोग कार्यक्रम अन्तर्गत आयोजना प्रभावित क्षेत्रका लागि विभिन्न किसिमका कार्यक्रमहरु तयार पारिनेछ। वातावरण संरक्षणका उपायहरू तथा सामुदायिक सहयोग कार्यक्रमहरू कार्यान्वयनका लागि आवश्यक रकम, सो रकमको श्रोत र उक्त उपाय तथा कार्यक्रम कार्यान्वयनका लागि जिम्मेवार निकायका बारेमा यस अध्ययनका आधारमा तयार गरिने वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा स्पष्ट रुपमा उल्लेख गरिनेछ ।

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को प्रावधान अनुसार आयोजना संचालनबाट प्राप्त हुने रोयल्टीको २५ प्रतिशत सम्बन्धित स्थानीय तहहरु, २५ प्रतिशत प्रदेश सरकार र ५० प्रतिशत संघीय सरकारमा बाँडफाँट हुनेछ ।

सामुदायिक सहयोग कार्यक्रमका लागि राष्ट्रिय ऊर्जा सङ्कट निवारण तथा विद्युत विकास दशक सम्बन्धी अवधारणा पत्र, २०७२ मा व्यवस्था भए अनुरूप आयोजनाको कुल आधारभूत लागतको कम्तीमा ०.५ प्रतिशत रकम छुट्याइने छ ।

अनुसूची ३.६: सार्वजनिक सुनुवाई सम्बन्धि माईन्युट र प्राप्त सुझावहरु

Date: .....
Page: .....

आज मिती २०६९ साल श्रावण १५ गते बुधवारको दिन विद्युत उत्पादन कम्पनि लिमिटेड प्रस्तावक रहि प्रदेश नं. १, सांखुवासभा जिल्ला, भोटखोला गाउँपालिका हुँदै बग्ने अरुण नदिमा प्रस्तावित किमाथांका अरुण जलविद्युत आयोजना (४५४ मे.वा.) को वातावरणिय प्रभाव मुल्याङ्कन अन्तर्गत सार्वजनिक सुनुवाई कार्यक्रम यस भोटखोला गाउँपालिका वडा नं. २ दुम्सुरमा अवस्थित श्री बुद्ध आधारभुत विद्यालयको प्राङ्गणमा भोटखोला गाउँपालिका वडा नं. २ का अध्यक्ष श्री जिप्पा तेन्जिङ भोटको अध्यक्षता, माँ भोटखोला गाउँपालिका अध्यक्ष श्री वाङ ढेवर लामाको प्रमुख आथि आतिथ्यतामा तथा भोटखोला गाउँपालिका उपाध्यक्ष श्री साहाना लामाको विशेष आतिथ्यतामा देहाय वमोजिमका जनप्रतिनिधि, राजनीतिक दलका प्रतिनिधी, सामुदायिक वनका प्रतिनिधी, आयोजना प्रभावित व्यक्तिहरु, सिमान्तकृत समुदाय, सरोकारवालाहरु तथा स्थानिय वासिन्दाहरुको उपस्थितीमा तपशील वमोजिमका विषयमा छलफल गरि राय सुझाव संकलन गरियो।

उपस्थिति:

क्रम	नाम	ठेगाना/संस्था	पद/पेशा	फोन नं.	हस्ताक्षर
१	वाङ ढेवर लामा	भोटखोला गाउँपालिका	अ.गा.पा अध्यक्ष	९८२२०९६८३	
२.	साहाना लामा	भोटखोला गाउँपालिका	गा.पा. उपाध्यक्ष	९८२२०९९०८२	
३.	ढेवर भोटे	जिल्ला समन्वय समिति सांखुवासभा	जि.स.स सदस्य	९७६२९२[illegible]	
४.	जिप्पा तेन्जिङ भोटे	भोटखोला गाउँपालिका	वडा अध्यक्ष वडा नं.२. च्यामतङ	९८२२०३६२८५	
५.	ढेवाङ. भोटे	बुद्ध आधारभुत विद्यालय दुम्सुर	प्रधान अध्यापक	९७४२०६२४२४	
६.	तेन्जिङ. नाना भोटे	मकालु, दुम्सुर, राविद्व निकुञ्ज	गाइडगाइड	९८५१८०२२८२	
७.	डुन्पा भोटे	लालीगुराँस युथ क्लब	कोषाध्यक्ष	९७४१४९१६६३	
८.	थाङटेन भोटे	कृषक आमा समुह दुम्सुर	अध्यक्ष	.	
९.	चाङग्रा भोटे	भोटखोला-२	ट्रेडिङ्क	९७४१८८२१६६	
१०	डनेल भोटे	,, -२ दुम्सुर	कृषक	९८१४२२१८६	
११	कर्मा भोटे	,, -२ ,,	कृषी	९८१४१४९२८०	
१२	[illegible]	[illegible]	[illegible]	[illegible]	
१३	फेन्जेन भोटे	भोटखोला-२ दुम्सुर	कृषी	९८४२१४१६६	
१४	डन्डु भोटे	,, -२ ,,	,,		

Date: .....
Page: .....

क्रम	नाम	ठेगाना/संस्था	पद/पेशा	फोन नं.	हस्ताक्षर
१५	डोमा शेर्पा	मोरखोला-२ हुम्सु	कृषी		डोमा
१६	लक्पाटुक शेर्पा	,, -2 ,,	अवैतनिक/क्रमांकित		लाटुक
१७	लाचा शेर्पा	,, -2 ,,	,, ,,		
१८	सिरु शेर्पा	,, -2 ,,	,, ,,	९८४२९२४४८३	
१९	देहार ,,	,, -2 ,,	कृषी		देहार
२०	धर्जे हिरो शेर्पा	,, -2 ,,	,,		
२१	फिरिङ शेर्पा	,, -2 ,,	,,		फिरिङ
२२	नाम्जा लामा	,, -2 ,,	कर्मचारी	९८४२०८०८६६	
२३	फिजेन शेर्पा	,, -2 ,,	कृषी		
२४	सुदर शेर्पा	,, -2 ,,	,,		
२५	फुर्पु शेर्पा	,, -2 ,,	,,		
२६	फिन्जा शेर्पा	,, -2 ,,	,,		फिन्जा
२७	थाङजाम	,, -2 ,,	,,		थाङजाम
२८.	भरत जोशी	विद्युत उत्पादन कं.लि	इञ्जिनियर	9849120865	
२९.	अशोक पण्डित	,,	सहायक, आयोजना प्रमुख	9841095060	
३०.	राजिव शाह	,,	सब-इञ्जिनियर	9866207395	
३१.	संजिव राय	,,	चिफ इन्जिनियर किमा सांघु अरुण जलविद्युत	9843131904	
३२.	राजेश सिलवाल	,,	वातावरण अधिकृत	9841290099	
३३.	किमा जेनजेन शेर्पा	,,	कर्मचारी	९८४२०६६८२८	
३४,	फुर्पु दोर्जी शेर्पा	मोरखोला-२ हरिया	गा.पा.अध्यक्ष/उपा. स्थानीयसमिति	9849409328	
३५	सुवास चन्द्र घिमिरे	NEAEC	समाजसाझी	९८२९९२७४६८	
३६	सुनिल उराउ	प्रहरी चौकी,लिंगजम	प्रहरी	९८४६९६३४९५	
३७	मुक्तिक शेर्पा	मोरखोला-२ हुम्सु	कृषी	९८४५९४७७९	
३८	पासाङ मुक्तिक	,, -2 रिदाङ	कृषी	९८४१४३८८६	
३९	केजरिङ शेर्पा	,, -2 हुम्सु	,,		
४०	लाछोक शेर्पा	,, -2 ,,	,,		
४१	ज्यामजो शेर्पा	,, -2 रिदाङ	नोकरी	९८४२९९८८२०	
४२	फुर्पु तहाङ शेर्पा	,, -2 हुम्सु	कृषी		फुर्पु
४३	नवराज चापागाँई	NEAEC	Team Leader		
४४	सुवास-चन्द्र घिमिरे	NEAEC	Social Expert		
४५	युवराज वज्राचार्य	NEAEC	Environmentalist	9851195004	

Date: .....
Page: .....

४६. क्षितज अधिकारी	NEAEC	Sociologist	9851155124	
४७. भिम माझी	भोटखोला-४	ज्याला गन्दुरी		भिम
४८ अर्जुन गुरुङ	"	"		अर्जुन
४९ दिपक गुरुङ	"	"		दिपक

छलफलमा उठेका मुख्य सवालहरु

१) शिप र क्षमता अनुसार रोजगारीमा स्थानियलाई प्राथमिकता दिनुपर्ने

२) आयोजना निर्माण गर्नुपुर्व विभिन्न आयमुलक तथा शिपमुलक तालिमको व्यवस्था गर्नुपर्ने

३) आयोजना निर्माणले पार्ने असरहरुलाई कम गरि शिक्षा स्वास्थ लगायत सार्वजनिक पुर्वाधारको गुणस्तर बढाउनु पर्ने

४) आयोजनाको लागि आवश्यक पर्ने जग्गा बाट्दै माथ जग्गा बाँकी रहन गएमा उक्त जग्गा आयोजनाले किनुपर्ने र आयोजनाका विभिन्न अवयव निर्माण बाट जग्गामा क्षति पुग्न गएमा उचित सम्बोधन गर्नुपर्ने।

५) CSR मार्फत गरिने कार्यक्रमहरुलाई आयोजना निर्माण सँग को स्थानिय तह सँग समन्वय गरेर संचालन गर्नुपर्ने।

६) माथी उल्लेखित बुँदाहरुका अलावा छलफलमा उठेका सबै राय सुझाव / सवालहरुलाई लिपिबद्ध गरेर वातावरणिय प्रभाव मुल्याङ्कन प्रतिवेदनमा यथोचित सम्बोधन गर्नुपर्ने

Date: .....
Page: .....

आज मिति २०६९ साल श्रावण १२ गते शुक्रवारको दिन विद्युत उत्पादन कम्पनी लिमिटेड प्रस्तावक, रहि प्रदेश नं. १, संखुवासभा जिल्ला, भोटखोला गाउँपालिका हुँदै बग्ने अरुण नदिमा प्रस्ताव गरिएको किमाथांका अरुण जलविद्युत आयोजना (४५४ मे.वा) को वातावरणीय प्रभाव मुल्याङ्कन अन्तर्गत सार्वजनिक सुनुवाई कार्यक्रम यस भोटखोला गाउँपालिका वडा नं. २ स्थितमा अवस्थित श्री ज्योति आधारभुत विद्यालयको प्राङ्गणमा भोटखोला गाउँपालिका वडा नं. २ का वडा अध्यक्ष श्री जिप्पा तेन्जिङ भोटको अध्यक्षता, भोटखोला गाउँपालिकाका अध्यक्ष श्री वाङ् छेवर लामाको प्रमुख आथ्य आतिथ्यतामा तथा भोटखोला गाउँपालिकाका उपाध्यक्ष श्री साहाना लामाको विशेष आथ्य आतिथ्यतामा देहाय बमोजिमका जनप्रतिनिधी, राजनितिक दलका प्रतिनिधी, सामुदायिक वनका प्रतिनिधी, आयोजना प्रभावित व्यक्तिहरु, सिमान्तकृत समुदाय, सरोकारवालाहरु तथा स्थानिय वासिन्दाहरुको उपस्थितीमा तपशिल बमोजिमका विषयमा छलफल गरि राय सुझाव संकलन गरियो।

क्रम	नाम	ठेगाना/संस्था	पद/पेशा	फोन नं.	दस्तखत
१.	वाङ् छेवर लामा	भोटखोला गाउँपालिका	गा.पा अध्यक्ष	९८५२०९९६५३	
२.	साहाना लामा	भोटखोला गाउँपालिका	गा.पा. उपाध्यक्ष	९८५२०९९६५२	
३.	छेवर भोटे	जिल्ला समन्वय समिति (सुनुवाई सभा)	जि.स.स सदस्य	९८६२९२०२४६	
४.	जिप्पा तेन्जिङ भोटे	भोटखोला गाउँपालिका	वडा अध्यक्ष वडा नं २ श्याम ताङ	९८५२०२६५६५	
५.	वाङ् छिरिङ भोटे	ज्योति आ.वि. भोटखोला २ रिदक	प्र.अ.	९८४२२८०८२०	
६.	थिङ्दक भोटे	नामडाङ सामुदायिक वन	अध्यक्ष	९८४२९२६००८	
७.	कान्तिराज पौडेल	'प्रहरी चौकी रिदक	प्र.स.नि.	९८५४३२६२३६	
८	छेन्जी भोटे	भोटखोला-२ रिदक	कृषी		
९	ज्याम्डो भोटे	,, -२ ,,	,,		
१०	छिलेन भोटे	,, -२ ,,	,,		
११	मुक्तिक ,,	,, -२ ,,	,,		मुक्तिक
१२	डोमा भोटे	,, -२ ,,	,,		
१३	सिन्दोर्जी ,,	,, -२ ,,	,,	९८४२९०२६०२	
१४	छवाङ् भोटे	,, -२ ,,	,,		
१५	फुपु छेन्जी शेर्पा	भोटखोला-३ छ्यिा	गा.पा.अध्यक्षको सल्लाहकार	९८४९५०९३२९	
१६	छिरिङ भोटे	,, -२ रिदक	कृषी	९८४ ४९२०२६८	

Date: .....
Page: .....

क्रम	नाम	ठेगाना / संस्था	पद/पेशा	फोन नं.	हस्ताक्षर
४६	हर्क मोरे	मोरखोला-२ सिधुवा	कृषि		
४८	फेब्बा चाबा	,, -2 ,,	,,		
४९	पासाङ् लाक्पोबा	,, -2 ,,	,,		पासाङ्
५०	दिचीङ् मोरे	,, -2 ,,	,,		
५१	डिमा चाबा	,, -2 ,,	,,	९६४२०८६९८६	
५२	जेनजेन मोरे	,, -2 ,,	,,		Nima
५३	लाम्प मुरीङ्	,, -2 ,,	,,		
५४	फेम्बा चाबा	,, -2 ,,	,,		फेम्बा
५५	साङ्मु डोमा	,, -2 ,,	,,		
५६	वाङ् दिदि मोरे	,, -2 च्याम्तार	शिक्षक	९६४२२८०३२०	
५८	सुन्चुङ् चाबा	,, -2 सिधुवा	कृषी	९७४२०८२१६२	
५९	डिमा डोमा	,, -,, ,,	कृषी		Nima
६०	फिम्ब चुङ्बी	,, -2 ,,	,,		
६१	P. E सञ्जिव चेम्जोङ्	पहुचे चौकी सिधुवा	पहुचे	९८६४१८६२८	
६२	सुन्दर मोरे	मोरखोला-२ सिधुवा	कृषी		
६३	रानिम शाह		सब-इन्जिनियर	९८६६२०७३९५	
६४	राजेश सिल्वाल	विद्युत उत्पादन कम्पनी लि.	वातावरण अधिकृत	९८४१२९००९९	
६५	सञ्जिव राय	विद्युत उत्पादन क.लि.	वरिष्ठ इन्जिनियर	९८४३१३१९०४	
६६	अशोक पण्डित	,, ,,	सामाजिक आयोजना प्रमुख	९८४१०९X०६०	
६७	भरत जोशि	" "	हाइड्रोपावर इन्जिनियर	९८४६१२०८६५	
६८	लप्साङ् डोम्बा	मोरखोला-२ सिधुवा	कृषी		
६९	चुङ्बी चाबा	,, -2 ,,	,,		
७०	डिमा जेनजेन मोरे	,, -2 लिंगम	कर्मचारी	९८४२०६६२८२	
69	नवराज चापागाईं	NEAEC	Team leader		
72	सुवाल चन्द्र घिमिरे	,,	Social Expert		
73	युवराज वन्तोउ	,,	Environmentalist	९८५११९५८८४	
74	क्रिशन अधिकारी	,,	Sociologist	९८५११५५१०५	
75	अर्जुन गुरुङ्	मोरखोला - ४	(अन्तर्वार्ता)		अर्जुन
76	भिम भाजी	,,	,,		भिम
77	दिपक गुरुङ्	,,	,,		दिपक

Date: .....
Page: .....

~~छलफल~~ कार्यक्रममा उपस्थित राय सुझावहरु

१) आयोजना निर्माण सँग सँगै विभिन्न गाउँ जोड्न कच्ची सडक र अरुण नदिमा पुल निर्माण गरिदिनु पर्ने

२) योग्यता र क्षमता अनुसार रोजगारीमा स्थानियलाई प्राथमिकता दिनु पर्ने।

३) आयोजना निर्माण समयमा आवश्यक पर्ने कृषी उत्पादन तथा अन्य जडिबुटी ~~खरिद~~ खरिद गर्दा विभिन्न गाउँ बाट खरिद गरिदिनु पर्ने।

४) आयोजनाको बाट प्रत्यक्ष रुपमा प्रभावित हुने सामुदायिक वन र संरक्षणका लागि आवश्यक कार्यक्रम संचालन गर्नुपर्ने।

५) आयोजना निर्माण बाट स्थानियहरुले पाल्दै आईरहेको धर्म संस्कृती चालचलनमा असर पुग्न नदिन भरपदो संस्कृती संरक्षण र प्रवर्धनका लागि कार्यक्रम ~~स्थ~~ संचालन गर्नुपर्ने

६) आयोजनामा स्थानियको सहभागिता लागि श्रम सेयरको व्यवस्था गर्नुपर्ने

७) आमा समुह भवन निर्माण गरिदिनु पर्ने

८) माथी उल्लेखित बुँदाहरुका अलावा छलफलमा उठेका सबै राय सुझाव/~~सल्लाह~~ सबालहरुलाई लिपिबद्ध गरेर वातावरणीय प्रभाव मुल्याङ्कन प्रतिवेदनमा यथोचित सम्बोधन गर्नुपर्ने।

Date: .....
Page: .....

आज मिती २०६९ साल श्रावण १५ गते आइतवारको दिन विद्युत उत्पादन कम्पनी लिमिटेड प्रस्तावक रहे प्रदेश नं. १, संखुवासभा जिल्ला, भोटखोला गाउँपालिका हुँदै बग्ने अरुण नदिमा प्रस्ताव गरिएको किमाथांका अरुण जलविद्युत आयोजना (४५४ मे.वा) को वातावरणीय प्रभाव मूल्याङ्कन अन्तर्गत सार्वजनिक सुनुवाई कार्यक्रम यस भोटखोला गाउँपालिका वडा नं. २ च्यामताङमा वडा नं. २ को कार्यलय प्राङ्गणमा भोटखोला गाउँपालिका वडा नं. २ का वडा अध्यक्ष श्री जिप्पा तेन्जिङ भोटको अध्यक्षता, तथा भोटखोला गाउँपालिका का उपाध्यक्ष श्री साहाना लामाको प्रमुख आथि आतिथ्यतामा तथा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका उप सचिव श्री सुमा राना ज्युको विशेष आतिथ्यतामा देहाय बमोजिमका जनप्रतिनीधी, राजनितीक दलका प्रतिनिधी, सामुदायिक वनका प्रतिनिधी, आयोजना प्रभावित व्यक्तिहरु, सिमान्तकृत समुदाय, सरोकारवालाहरु तथा स्थानिय वासिन्दाहरुको उपस्थितीमा तपशिल बमोजिमका विषयमा छलफल गरि राय सुझाव संकलन गरियो।

क्र.सं	नाम	ठेगाना/संस्था	पद/पेशा	फोन नं.	हस्ताक्षर
१	जिप्पा तेन्जिङ भोटे	भोटखोला गाउँपालिका	वडा अध्यक्ष	९८५२०३६५५५	
२	साहाना लामा	भोटखोला गाउँपालिका	गा.पा उपाध्यक्ष	९८५२०३९६५२	
३	शुसमा राना	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग	उप सचिव	९८४५६०००६२	
४	देवी भोटे	जिल्ला समन्वय समिति संखुवासभा	जि.स.स सदस्य	९८६२९२०३४६	
५	कासाङ भोटे	भोटखोला गाउँपालिका वडा नं. २	वडा सदस्य	९८४९४९३०५५	
६	मल्लिका विक	भोटखोला गाउँपालिका वडा नं. २	वडा सदस्य		
७	पेम्मा भोटे	पी.अ. आ.वि.	प्र.अ.	९८४२५६४२०	
८	डि.वि. लामाङ	सिमा इ. चौकी लिंगम	इन्चार्ज	९८४९९२६५४३	
९	अशिम भोटे	भोटखोला - २ च्यान	C.Y.C. अध्यक्ष	९८४९४०६६९२	
१०	थोङनिक भोटे	भोटखोला - २	जेमलाहाङ्मा चांदी	९८४२०९९६३५	
११	च्याम्याङ भोटे	भोटखोला - २	युवा	९८४९४३९६४५	
१२	कासाङ भोटे	" - २ च्यामताङ	कृषी	९८४६१९५६२०	
१३	छिपाङ तेम्बा भोटे	" - २ च्यामताङ	"		
१४	छिरिङ चासाङ	" - २ "	"		
१५	तेम्बा भोटे	" - २ "			
१६	रुबुसाङ भोटे	" - २ "	सदरङगी उप अध्यक्ष		

Date: .....
Page: .....

क्रम	नाम	ठेगाना / संस्था	पद / पेशा	फोन नं.	हस्ताक्षर
१६	दिदि. मोरे	भोटखोला-२ चाङमेङ	कृषी		दिदि.
१८	पिरबाजेवा	,, -२ ,,	कर्मचारी	९८४४४४८८४	
१९	धोजि न मोरे	,, -२ ,,	कृषी		धोजिन
२०	कमल तिर्की	,, -२ ,,	,,		
२१	हाड धोर्जी	,, -२ ,,	,,		
२२	लाक्पा मोरे	,, -२ ,,	,,		
२३	दिर्तन मोरे	,, -२ ,,	कृषी		दिर्तन
२४	लचिक्मा मोरे	,, -२ ,,	,,		
२५	तेन्जीन डेमा	,, -२ ,,	,,		
२६	जेवर लामि	,, -२ ,,	विद्यार्थी		
२६	आङचुक मोरे	,,	कृषी		
२८	लोप्पा मोरे	,,	,,		
२९	ल्हाकपा मोरे	,,			
३०	जितेन मोरे	,,			
३१	तुवु मोरे	,,			
३२	लाप्चा मोरे	,,			
३३	सन्वादेवी मोरे	,,	,,		
३४	वाङ्दि मोरे	,, -२ चाङमेङ	,,	९८४३५२२२०८	
३५	नेम्बा दिदि.	,, ,, ,,	लामा		
३६	उर्जेन मोरे	,, ,,			
३७	रिन्जेन मोरे	,,	,,		
३८	केन्जोक मोरे	,,	कृषी		
३९	कि-सेङ मोरे	,,	,,		
४०	लाक्पाडेन मोरे	,,	,,		
४१	छजा मोरे	,,	,,		छजा
४२	किपा मोरे	,,	,,		
४३	सान्जोक ,,	,,	,,		
४४	सुम्जोक ,,	,,	,,		
४५	मुक्तेक ,,	,,	,,		
४६	पिपा याङजोक	,,	,,	[illegible]	
४७	ने. ने. ,,	,,	,,		
४८	साङपिन लामा			२	

Date: .....
Page: .....

क्रम	नाम	ठेगाना/संस्था	पद/पेशा	फोन नं.	हस्ताक्षर
४९	कामी रिन्जेन शेर्पा	भोटखोला-२ चाम्लाङ	गृहिणी	९७४४०९६९९९	कामी
५०	दुनडेमा शेर्पा	" २ चाम्लाङ	कृषी		दुनडेमा
५१	दाउ फिरिङ शेर्पा	" २ चाम्लाङ	शिक्षक	९७४२२८०८३०	
५२	रोचिन लामा	"	व्यवसायी	९७६२३६५४५	
५३	फिन्जो शेर्पा	" २ चाम्लाङ	कर्मचारी	९८६२८६५८१	
५४	सन्तोष आरे	" २ "	किसान	९७४२११९७३३	
५५	देजाङ भोटे	" " "	"		
५६	मगिला फि.ङ.	" " "	"		मगिला
५७	तेम्बा भोटे	" "	"		तेम्बा
५८	डिमा दे.जी.भोटे	" "	"	९८६२१८१ऽ३३	
५९	दुक्पाङ भोटे	" "	"	९७५२६	दुक्पाङ
६०	फोइला लामा	" "	"	९७४५१११४५२	
६१	गोवा चाम्पाङ सिङ	" "	गोवा		गोवा
६२	साम्देन भोटे	" "	"	९७४४९६४४२९	
६३	डेन्जुङ दो.जी.भोटे	" "	कृषी		
६४	फेवा नुर्पु शेर्पा	" "	"		फेवा
६५	रिन्जी भोटे	" "	"	९८४२८८८४६२	
६६	पाराछङ लामा	" "	[illegible]	९७८९२७१८४९	
६७	उचेन लामा	" "	विज्ञ	९७४९९२६८८८	
६८	सनम भोटे	" "	"	९७८२४	
६९	अशोक पण्डित	विद्युत उत्पादन कं. लिमिटेड	सामाजिक अगिजना प्रमुख	९८४९०९५०६०	
७०	लंबोदर राय	विद्युत उत्पादन कं. लि.	वरिष्ठ इन्जिनियर	९८४३५५९०४	
७१	राजेन्द्र सिल्वाल	... ...	वातावरण आधिकृत	९८४९२९००३	
७२	भरत गौतम	" "	साइट इन्चार्ज (इन्जिनियर)	९८४९१२०४६५	
७३	राजिव शाह	" "	सब-इन्जिनियर	९८६२०७३९५	
७४	डिमा जेनजेल भोटे	" "	कर्मचारी	९७४२०६६२९२	
७५	दुक्पिङ भोटे	भोटखोला-२ चाम्लाङ	गृहिणी, महिला स्वास्थ्य		दुक्पिङ
७६	नवराज चापागाँई	NEAEC	Team leader		
७७	प्रकाशचन्द्र घिमिरे	NEAEC	Social Expert		
७८	विगत अधिकारी	"	Sociologist		
७९	युवराज वज्राचार्य	"			
८०	युवराज वज्राचार्य	"	Environmentalist	९८५११९५८०४	

Date: .....
Page: .....

२० प्रिय माझी	श्रोतबोला - ४	मनकुरी		भिम
२१ दिपक गुरुङ	1	1		दिपक
२२ अर्जुन गुरुङ	1	1		अर्जुन

राय / सुझावहरु

१) आयोजनाको सुरुङ निर्माण गर्दा दुम्सुङ र च्यासताङ गाउँका भुक्याय, पहिरो, पानीका मुल सुक्ने लगायत अन्य समस्या देखा पर्न सक्ने भएकोले आयोजनाले उक्त समस्या देखा परेमा उचित सम्बोधन गर्नुपर्ने।

२) घर्ता नापी छुट भएका जग्गाहरुको उचित सम्बोधन गर्नुपर्ने।

३) आयोजना निर्माणपुर्व FPIC कार्यक्रम मार्फत आदिवासी जनजाती योजना निर्माण गरे महिला, युवा बालबालिका लक्षित कार्यक्रम संचालन गर्ने र जीवनस्तर माथि उकास्न शिपमुलक र आयमुलक तालिम कार्यक्रम सञ्चालन गर्ने।

४) अधिग्रहण गरिने जग्गाको मुआब्जा निर्धारण गर्दा मुआब्जा सिफारिस गर्ने समितिमा आयोजना प्रभावित घरपरिवारको समेत्रम २ जना अनिवार्य ~~रुपमा~~ उपस्थित हुने गराउनु पर्ने।

५) आयोजना बाट अप्रत्यक्ष प्रभावित हुने घरधुरीलाई पनि आयोजनाले सम्बोधन गर्नुपर्ने।

६) आयोजना निर्माण क्षेत्रभित्र वन जंगल, वन्यजन्तु लगायत जैविक विविधतामा असर पुग्न नभएकोले संरक्षण र सर्वधन कार्यक्रम संचालन गर्नुपर्ने।

७) आयोजनाको ~~पनि~~ सकल बरुण राष्ट्रिय निकुञ्जको भन्दावती क्षेत्रमा पर्न भएकोले आयोजनाको हरेक गतिविधिले जैविक विविधतामा सकारात्मक असर पार्नुहुने गरी आयोजना निर्माण गर्नुपर्ने।

८ माथी उल्लेखित बुदाँहरुका अलावा थप फलफलमा उहाँका सबै राय सुझाव / सल्लाह -लाई लिपिबद्ध गरी वातावरणीय प्रभाव मुल्याङ्कन प्रतिवेदनमा यथोचित सम्बोधन गर्नुपर्ने।

Date: .....
Page: .....

आज मिती २०६९ साल श्रावण १६ गते सोमबारको दिन विद्युत उत्पादन कम्पनी लिमिटेड प्रस्तावक रहे प्रदेश नं. १, सप्त सगुनवाधमा जिल्ला, भोटखोला गाउँपालिका हुँदै बग्ने अरुण नदिमा प्रस्ताव गरिएको किमाथांका अरुण जलविद्युत आयोजना (४५४ मे.वा) को वातावरणिय प्रभाव मुल्याङ्कन अन्तर्गत सार्वजनिक सुनुवाई कार्यक्रम यस भोटखोला गाउँपालिका वडा नं. २ लिङ्गमा अवस्थित श्री अरुणोदय माध्य माध्यमिक विद्यालयको प्राङ्गणमा भोटखोला गाउँपालिका वडा नं. २ का वडा अध्यक्ष श्री जिप्पा तेन्जिङ भोटेको अध्यक्षता, भोटखोला गाउँपालिकाका उपाध्यक्ष श्री साहाना लामाको प्रमुख आतिथ्यता तथा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका उपसचिव श्री शुस्मा राना ज्युको विशेष आतिथ्यतामा देहाय बमोजिमका जनप्रतिनिधी, राजनितिक दलका प्रतिनिधी, सामुदायिक वनका प्रतिनिधी, आयोजना प्रभावित व्यक्तिहरु, सिमान्तकृत समुदाय, सहकारीहरु तथा स्थानिय बासिन्दाहरुको उपस्थितिमा तपशिल बमोजिमका विषयमा छलफल गरी राय सुझाव संकलन गरियो।

क्रम	नाम	ठेगाना/संस्था	पद/पेशा	फोन नं.	हस्ताक्षर
१	जिप्पा तेन्जिङ भोटे	भोटखोला गाउँपालिका	वडा अध्यक्ष	९८४२०३६४८२	
२.	साहाना लामा	भोटखोला गाउँपालिका	उपाध्यक्ष भोटखोला गा.पा.	९८४२०९३८४२	
३.	शुस्मा राना	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग	उप-सचिव	९८४४६९००६२	
४.	केदार भोटे	जिल्ला समन्वय समिति सप्तगण्डकी	जि.स.स सदस्य	९८६२९२०२४६	
५.	हिरिङ तेम्बा भोटे	श्री अ. मा. वि. लिंगम	ऊ. अ.	९६४२९०३३६०	
६	पेन दुर्पु भोटे	समाज सेवी		९८४९३६९२३४	
७	शुटी क. भोटे	भोटखोला-२ चेपुवा	पूर्व उ.वडा.सचिव	९८४९४३२९६९	
८	संग्राम लामा	भोटखोला-२ लिंगम	कृषी	९८४२९४८९२३	
९	देवी लामा	" " "	शिक्षक	९८४८६४४९२	
१०	पिम्बा भोटे	" " "	शिक्षक	९८४२०६४८००	
११	लामु भोटे	" " "	शिक्षक	९७४२१२००५५	
१२	छाङ्देन्दुत भोटे	" " चेपुवा	समाज सेवी	९७४२०९४०९४	
१३	मुजुङ भोटे	" " "	कृषी		
१४	पेक्का लोछुक भोटे	" " "	पेदार		
१५	फुर्पु लोछुक भोटे	" " "	कृषी		
१६	सोनाम हमुका	" " चेपाङ्ग	"		

Date: .....
Page: .....

क्रम	नाम	ठेगाना/संस्था	पद/पेशा	फोन नं.	हस्ताक्षर
१६.	नाम्जा शेर्पे	शेर्पेगोला-२, हिलुम	शिक्षक	९८४२९०४८७०	
१८	छिङ्विप्पा शेर्पे	,, -२, लिङ्गम	शिक्षक	९८४२९९४४६६	
१९	छिङलामु शेर्पे	,, -२ गुम्बा	कृषी		
२०	मिन्मा शेर्पे	,, -२ चेप्चुवा	,,		
२१	मिन्मा छिरिङ शेर्पे	,, -२ ,,	,,		
२२	दोर्जी सिन्जीन शेर्पे	,, -२ गुम्बा	,,		
२३	उगेन शेर्पे	,, -२ चेप्चुवा	,,		ऽ०/१२
२४	किरण नं. गौचाड-	चेप्चुवा चौकी	प्रहरी	९८४९२१४४४३	
२५	काले शेर्पे	शेर्पेगोला-२ लिङ्गम			
२६	साङ्बु शेर्पे	शेर्पेगोला-२ चेप्चुवा	कृषी		
२७	जिचाक शेर्पे	,, -२ ,,	,,		
२८	प्रताप ढकाल	प्रहरी चौकी चेप्चुवा सं.	प्रहरी	९८४१८८६९६३	
२९	फुटुं शेर्पे	शेर्पेगोला-२ चेप्चुवा	शिक्षक	९८४२१२०६४८	
३०	नाम्च्या छिरिङ शेर्पे	शेर्पेगोला-२ लिङ्गम	लेखापाल	९८४१९१४२८५	
३१	छिम्बा जेम्बा शेर्पे	,, -२ ,,	VLCL इन्जिनियर	९८४२०६६२४४	
३२	छिरिङ शेर्पे	,, -२ गुम्बा	कृषी		
३३.	भरत गौतम	विद्युत उत्पादन क. लि.	इन्जिनियर	९८४९१२०८६५	
३४.	सञ्जीव राय	विद्युत उत्पादन क. लि.	वरिष्ठ इन्जिनियर	९८४३१३१९०४	
३५	राजिब शाह	,,	सब-इन्जिनियर	९८६६२०७३९५	
३६	राजेश सिल्वाल	... ,,	वातावरण अधिकृत	९८४१२९००९९	
२६.	अशोक पण्डित	,,	प्रमुख आयोजना तेजुवा	९८४१०९५०६०	
३८	दका छिरिङ शेर्पे	शेर्पेगोला-२ लिङ्गम	कृषी	९८६२९२६०२०	
३९	नवराज चापागाँई	NEAEC	Team leader		
४०.	सुवासचन्द्र घिमिरे	,,	Social Expert		
४१	युवराज वल्लाडे	,,	Environmentalist	९८५११९५८०५	
४२.	डिजाइन अधिकारी	,,		९८५१९५५१९४	
४३	दिपक गुरुङ	शेर्पेगोला-४	मजदुरी		दिपक
४४	भिम माझी	,,	,,		भिम
४५.	अर्जुन गुरुङ	,,	,,		अर्जुन

Date: .....
Page: .....

राय सुझावहरु

१) शिप र क्षमता अनुसार रोजगारीका स्थानियलाई प्राथमिकता दिनुपर्ने

२) आयोजना निर्माण पुर्व स्थानियहरुलाई विभिन्न शिपमुलक र आयमुलक तालिम कार्यक्रम संचालन गर्नुपर्ने।

३) आयोजना निर्माण क्षेत्र आदीवासी मौर्ने जातीको बसोबास क्षेत्र भएकोले आयोजनाले प्रभावित बासिन्दाका लागि संचालन गर्ने कार्यक्रम आदिवासी जनजाति योजना बनाई स्थानिय सँग समन्वय गरी संचालन गर्नुपर्ने।

४) आयोजनाले प्रभावित क्षेत्रका बासिन्दाको ~~लागि~~ उच्च शिक्षा पढ्न चाहने छात्रछात्राको लाई प्राविधिक विषयका लागि छात्रवृतीको व्यवस्था गर्नुपर्ने।

५) आयोजना बाट प्राप्त हुने रोयल्टी आयोजना बाट प्रत्यक्ष प्रभावित भएको गाउमा खर्च हुने व्यवस्था मिलाउनु पर्ने।

६) आयोजना निर्माण समयमा देखा पर्न सक्ने सामाजिक विकृती (महिला हिंसा, चोरी, ~~बलात्~~ बलत्कार आदी) निवारणको लागि आयोजना निर्माण पुर्व जनचेतना कार्यक्रम संचालन गर्नुपर्ने।


७) श्री अरुणोदय मा.वी लाई प्राविधिक शिक्षालय भवन सहितको आवासिय विद्यालय बनाउन सामुदायिक सहयोग कार्यक्रम तथा सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत सहयोग गर्नुपर्ने।

८) आयोजना निर्माण क्षेत्र सकालु बस्ने साहित्य निकुञ्जको मध्यवर्ति क्षेत्र पर्ने भएकोले यस वरपर रहेका जलचर, थलचर लगायत जैविक विविधताका कस अस्तर पुर्ने गरी विकास र वातावरणमा बिच सन्तुलन हुने गरी निर्माण कार्य अघी बढाउनु पर्ने।


Date: .....
Page: .....

९) आयोजना स्थल वरपर रहेका पुरातात्विक सम्पदा, परम्परागत उपचार पद्धति लगायतका क्षेत्रमा अध्ययन अनुसन्धान र संरक्षण कार्यक्रम संचालन गर्नुपर्ने।

१०) माथी उल्लेखित बुँदाहरुका अलावा हेलफलमा उहेका सबै राय सल्लाह/सुझावहरुलाई लिखितमा गरेर वातावरणिय प्रभाव मुल्याङ्कन प्रतिवेदनमा यथोचित सम्बोधन गर्नुपर्ने।



अनुसूची ३.७: जिल्ला स्थित सरोकारवाल संग गरिएको अन्तरक्रिया कार्यक्रमको माइन्युट र प्राप्त सुझावहरु



आज मिति २०८०।०१।०५ गते मंगलबारका दिन यस संखुवासभा जिल्ला का जिल्ला समन्वय समितिका प्रमुख श्री सुमन शाक्यको अध्यक्षतामा देहायका उपस्थितिमा विद्युत उत्पादन कम्पनी लिमिटेडद्वारा प्रस्तावित किमाथांका अरुण जलविद्युत आयोजनाको वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन तयारी संबन्धी जिल्ला स्तरिय अन्तरक्रिया कार्यक्रम जिल्ला प्रशासन कार्यालय संखुवासभाको सभा हलमा सम्पन्न गरियो।

कार्यक्रमको उपस्थिति

१. श्री सुमन शाक्य प्रमुख जि.स.स., संखुवासभा
२. विदुर कुमार निरौला प्रमुख जिल्ला प्रशासन कार्यालय
३. वीरेन्द्र कुमार यादव, प्र.जि.अ.
४. वीरेन्द्र पोखरेल कार्यवाहक विद्युत उत्पादन कम्पनी लि.
५. वाइवेका लगि. - मोरक्योती गण्डकी-अध्यक्ष.
६. जनता समाजवादी पार्टी सं.प.स. सेतलाम लिंसीना
७. वी.एच.पी. - जिल्ला सभापति
८. जयबाहु मोटे - मोरक्योला गाउँपालिका प्रमुख
९. लालपद राई - मकालु बरुण रा.नि.वृ.-रेन्जर
१०. चेतनाथ पराजुली - कालीगौडा कन्स्ट्रक्शन प्रा.प्रमुख
११. हेमन्त उलुङ - पत्रकार, मोरक्योला दैनिक
१२. रमेशिन कुमार ढकाल लेखेखुवा तथा उद्योग वाणिज्य संघ
१३. वीर बहादुर बोहरा सि.डि.ई. विद्युत विकास विभाग
१४. छत्तिराज सेर्पा पुनर्वास विज्ञ, एन.ई.ए. इन्जिनियरिङ् कम्पनी
१५. [illegible] विद्युत उत्पादन कम्पनी लि. प्रबन्धकिय कार्यालय
१६. मोन बहादुर तामाङ जि.वि.यो. अध्यक्ष
१७. जोन बहादुर लिम्बु वैकल्पिक ऊर्जा
१८. विपिन लाम्पो - आदिवासी जनजाति महासंघ - धनुषा
१९. सन्तोषमणि कृष्णे कुमार श्रेष्ठ - नि. गुल्मपाते - नेपाल पोला.
२०. [illegible] - जि.प्रहरा का.
२१. [illegible] - खोटेवारी - ८ जोरपाटीघाट

२३ रवि प्रसाद के० सी० उपसचिव सचिव (VDC)
२४, जिल्ला तेन्त्रीक अधिकृत अरुणकोला को तर्फ अध्यक्ष
२५. भरत जोशन हाइड्रोपावर इञ्जिनियर / साइट इन्चार्ज KAHEP
२६. उमेश पाण्डे अनुसन्धान कार्यालय प्र.अ.अ.
२७, इन्द्र गिरी पत्रकार, स्थानिक अगुवा
२८, सुमन बडाचार्य राष्ट्रिय प्रोग्रेसिभ समुह अध्यक्ष
२९ अशोक जिवन्त प्र.गा.अ जि.प्र.स वोक्षवा(अ)
३० दुर्ग बहादुर डाहाल (थप्लिया) थकवल नेपाल वेलचपानी खोरवारी
३१, युवराज राई सचिव अरुण उपत्यका आदिवासी जनजाती संरक्षण संघ अरुणवासीहरु
३२, चेकुङ अर्थ मोटरकोला आर्थ पालिका प्रतिनिधि
३३ दीपेन्द्र क्षत्रिय कान्तिपुर
३४. अनिल कार्की नागरिक/NTV 9852058250 (अ.क्षे)
३५. प्रकाश sitoo (अ.क्षे.प्र.अ)
३६. महेश पाण्डेय अरुण प्रभु (ठेकेदार)
३६. देउमान राई वरुणपानी-१
३८ विमल पौड्याल उ.अ.
३९ हरिभान वाडेल आ.प्र. सिंचाई अधिकृत
४०. सरोज खिमिरे Sr. Environmentalist NEA Engineering Co. Ltd.
४१. नवराज थापाखोई Chief- EHSSD, "
४२. शिवराज सेडाई RP Expert "
४३. मदन धनञ्जय पैंयाक - N.B.D
४४. चाकुराङ्ग वानिया
४५ अमर विक्रम जि.प्र का स्वास्थ्यकर्मी
४६. अशोक पण्डित उप-आयोजना प्रमुख किमाथांका आधुनिक जी.वि.प्र.

सवाल तथा सुझावहरु

१. आयोजना क्षेत्रको भाषा, संस्कृति, कला संरक्षणमा आयोजनाले जोड दिनु पर्ने।
२. आयोजनाले प्रभाव क्षेत्र वर्गीकरण गर्दा वैज्ञानिक तवरले गरियोस्।
३. आयोजना क्षेत्र आदिवासी जनजातीको बाहुल्यता भएको क्षेत्र भएकाले FPIC लागु गरि आदिवासी जनजाती संग समन्वय गरिनु पर्ने।
४. आयोजनाको सुरुङ्ग माथिका बस्तिहरुमा के कस्तो प्रभाव पर्नेछ सो एकिन गरि प्रभाव न्यूनिकरणका उपायहरु अवलम्बन गरिनु पर्ने।
५. आयोजनाबाट प्रभावितलाई प्रदान गरिने क्षेत्रको विषय संवेदन गर्दा समग्र जिल्ला वासीलाई समेत समेटिनु पर्ने।
६. आयोजनाका कारण सामाजिक विचलन नआउने कुरामा आयोजना सचेत रहनु पर्ने।
७. आयोजनाको बांध मुहान सबैमा ~~प्रभाव~~ विषयलाई गहन अध्ययन गरि कुनैपनि बांध मुहानले पर्ने सबै प्रभावलाई अध्ययन गरिनु पर्ने।
८. आयोजना क्षेत्रको जैविक विविधता संरक्षणमा ~~ध्यान~~ ध्यान दिनु पर्ने।
९. आयोजना निर्माण चरणमा प्रयोग हुने जनशक्तिहरुको विमाको व्यवस्था गरिनु पर्ने साथै पेशागत सुरक्षामा ध्यान दिनु पर्ने।
१०. सामाजिक विकास समन्वय कार्यक्रम स्थानिय तहसँग समन्वय गरेर मार्ग प्रशि बढाइनु पर्ने।
११. आयोजना निर्माण चरणमा विस्फोट गरि सुरुङ्ग खन्दा यदि कुनै बहुमुल्य धातु पाइएको सन्दर्भमा त्यस्ता धातुहरुलाई स्थानिय निकाय सँग समन्वय गरि सम्बन्धित निकाय लाई बुझाइनु पर्ने।
१२. आयोजना अन्तर्राष्ट्रिय सिमाना नजिक रहेको समन्वयका लागी नेपाल सरकार गृह मन्त्रालय तथा परराष्ट्र मन्त्रालयलाई आयोजनाको जानकारी गराइनु पर्ने।
१३. आयोजनाको संस्थागत पर्ने स्थान तथा आयोजनाको अन्य अग्रभाग रहने स्थानमा वरपरको पनि गहन अध्ययन गरिनु पर्ने।
१४. आयोजनाको ~~संस्थानगत सेवा संस्थ~~ संस्थागत संस्थानमा स्थापना गरिनु पर्ने।

१४. आयोजनाबाट वैदेशिक लगानी भित्याउने वन्दा यदि सकै सम्म शक्तिग्रह प्रोत्साहन आयोजना बनाउने परिस्थिति सिर्जना गरिनु पर्ने।


१५. आयोजनाबा सकेसम्म स्थिर र क्षमताको आधारमा रोजगारीको लागी आयोजना प्रभावित जिल्लाका मानिसलाई नै प्राथमिकता दिनु पर्ने।

१६. आयोजना कार्यान्वयन आवश्यक पर्ने ~~~ वित्तिय व्यवस्थापन गर्ने ~~~ स्थानिय, जिल्ला वासी वा समग्र देशवासीलाई समेट्ने गरि लगिनु पर्दछ भने त्यसका लागिका समिक्षा गरि संवन्धित निकायमा आवश्यक पठाउनु पर्ने।

१७. आयोजनाको कारणले पानीको मुहान सुकेमा त्यसको तुरुन्तै व्यवस्थापन गरिदिनु पर्ने।

१८. आयोजनाको निर्माण सामाग्री ढुवानी गर्ने साधनको भार सोध्न गरेर मात्र capacity वन्दा वढी कोचका नदिने कुराको सुनिश्चितता गर्नु पर्ने।

१९. आयोजनाबाट विस्थापित हुने परिवारको दिर्घकालिन व्यवस्थापन जस्ता को विकासका लागी लगिनिगत सुधारका लागी आवश्यक पहल गरिनुपर्ने।



अनुसूची ३.८: सार्वजनिक सुनुवाईका तस्विरहरु







सार्वजनिक सुनुवाई


किमाथांका अरुण जलविद्युत आयोजना (४५४ मेगावाट) को
वातावरणीय प्रभाव मूल्याङ्कनको


Nilgiri Khanda Hydropower Limited
किमाथांका अरुण जलविद्युत आयोजना (४५४ मेगावाट) को











अनुसूची ३.९: जिल्ला स्थित अन्तरक्रिया कार्यक्रमका तस्विरहरु










अनुसूची ३.१०: सार्वजनिक सुनुवाई तथा जिल्ला स्तरीय अन्तरक्रियामा उठेका सवालहरु र प्रतिवेदनमा समेटिएको खण्ड

निकाय	राय सुझावहरू	समेटिएको खण्ड
भोटखोला गाउँपालिका वडा न.२, छुमसुर	शिप र क्षमताका आधारमा आयोजनामा स्थानियलाई रोजगारीमा प्राथमिकता दिईनुपर्ने।	मुख्य प्रतिवेदनको परिच्छेद ८.२ प्रतिकुल प्रभाव न्यून गर्ने उपायाहरु अन्तर्गत सामाजिक वातावरणको आयोजना बाट प्रभावित घरधुरी तथा जनसंख्याको प्रभाव न्यूनीकरण गर्नेमा समेटिएको।
	आयोजना निर्माण पुर्व सीपमुलक र आयमुलक तालिमको व्यवस्था गर्नुपर्ने।	मुख्य प्रतिवेदनको परिच्छेद ८.३ सामुदायिक सहयोग कार्यक्रममा समेटिएको।
	शिक्षा, स्वास्थ्य लगायत अन्य सार्वजनिक पूर्वाधारको गुणस्तर बढाउन सहयोग गर्नुपर्ने।	मुख्य प्रतिवेदनको परिच्छेद ८.३ सामुदायिक सहयोग कार्यक्रममा समेटिएको।
	आयोजनाका लागि अधिग्रहण गरिने निजि जग्गा मध्ये थोरै मात्र बाँकी रहने जाने कित्ताका बाँकी जग्गा पनि अधिग्रहण गरिदिनुपर्ने र आयोजनाका कारणले अरु जग्गा क्षति हुन् गएमा उचित सम्बोधन गर्नुपर्ने।	प्रतिवेदन को अनुसूची ७ पुनर्वास कार्ययोजनामा समेटिएको।
	सामुदायिक सहयोग कार्यक्रम अन्तर्गत संचालन गरिने कार्यक्रम स्थानिय तह संग समन्वय गरेर संचालन गर्नुपर्ने।	मुख्य प्रतिवेदनको परिच्छेद ८.३ सामुदायिक सहयोग कार्यक्रममा समेटिएको।
भोटखोला गाउँपालिका वडा न.२, रिदाक	आयोजना निर्माण संगसंगै गाउँ जोड्न कृषि सडक निर्माण गरिदिनु पर्ने।	मुख्य प्रतिवेदनको परिच्छेद ८.२ प्रतिकुल प्रभाव न्यून गर्ने उपायाहरु अन्तर्गत सामाजिक वातावरणको निजी सम्पति/संरचनाहरुको क्षति तथा पुनर्वासको समस्या कम गर्नेमा समेटिएको।
	शिप र क्षमताका आधारमा आयोजनामा स्थानियलाई रोजगारीमा प्राथमिकता दिईनुपर्ने।	मुख्य प्रतिवेदनको परिच्छेद ८.२ प्रतिकुल प्रभाव न्यून गर्ने उपायाहरु अन्तर्गत सामाजिक वातावरणको आयोजना बाट प्रभावित घरधुरी तथा जनसंख्याको प्रभाव न्यूनीकरण गर्नेमा समेटिएको।
	आयोजना निर्माण समयमा आवश्यक पर्ने कृषि उत्पादन तथा अन्य स्थानिय उत्पादन स्थानिय संग खरिद गरिदिनु पर्ने।	मुख्य प्रतिवेदनको परिच्छेद ८: अनुकूल प्रभाव अधिकतम अभिवृद्धि गर्ने उपायहरु अन्तर्गत आर्थिक/व्यवसायिक अवस्थामा सुधारमा समेटिएको।
	आयोजनाबाट प्रत्यक्ष रुपमा प्रभावित हुने सामुदायिक बन सरंक्षणका लागि स्थानिय संग समन्वय गरेर संचालन गर्नुपर्ने।	मुख्य प्रतिवेदनको परिच्छेद ८.२ प्रतिकुल प्रभाव न्यून गर्ने उपायाहरु अन्तर्गत जैविक वातावरणको वनस्पति र वन क्षेत्रमा पर्ने प्रभावको न्युनिकरणमा समेटिएको।
	आयोजना निर्माणबाट स्थानियहरुले परम्परा देखि मान्दै आइरहेको धर्म संस्कृति चालचलनमा असर पुग्न सक्ने देखिएकोले संस्कृति सरंक्षण र प्रबर्धनका लागि कार्यक्रम संचालन गर्नुपर्ने।	मुख्य प्रतिवेदनको परिच्छेद ८.३ सामुदायिक सहयोग कार्यक्रममा समेटिएको।
	आयोजनामा स्थानियको सहभागिताको लागि श्रम शेयरको व्यवस्था गरिदिनु पर्ने।	आयोजनाको अध्ययन क्षेत्र भित्र नपर्ने
भोटखोला	आयोजनाको सुरुङ निर्माणले गाउँमा भुक्षय, पहिरो, पानीका मूल सुक्ने लगायतका समस्या देखिन सक्ने	मुख्य प्रतिवेदनको परिच्छेद ८.२ प्रतिकुल प्रभाव न्यून गर्ने उपायाहरु अन्तर्गत भौतिक वातावरणको भू-क्षय,

निकाय	राय सुझावहरू	समेटिएको खण्ड
गाउँपालिका वडा न.२, च्यामताङ	भएकोले उक्त समस्या देखिएमा आयोजनाले उचित सम्बोधन गर्नु पर्ने।	पहिरो र भू-अस्थिरता नियन्त्रण र वनस्पति र पानीका मूलहरूमा पर्ने प्रभाव न्युनिकरणमा समेटिएको।
	दर्ता नापी छुट भएका जग्गाहरुको उचित सम्बोधन गर्नुपर्ने ।	प्रतिवेदन को अनुसूची ७ पुनर्वास कार्ययोजना अन्तर्गत ५.७ जोखिमयुक्त तथा जनजाती समुदाय विकास कार्यक्रममा समेटिएको।
	अधिग्रहण गरिने जग्गाको मुआब्जा निर्धारण गर्दा मुआब्जा सिफारिस गरिने समितिमा आयोजना प्रभावित परिवार मध्ये कम्तिमा २ जना सहभागी गराउनु पर्ने।	आयोजनाको अध्ययन क्षेत्र भित्र नपर्ने
	आयोजना निर्माण पुर्व FPIC (Facilitation of Free, Prior, Informed and Consent) कार्यक्रम मार्फत आदिवासी जनजाती बिकास योजना निर्माण गरेर मात्र अन्य कार्यक्रम संचालन गर्नु पर्ने।	प्रतिवेदन को अनुसूची ७ पुनर्वास कार्ययोजनामा समेटिएको।
	आयोजना बाट अप्रत्यक्ष रुपमा प्रभावित हुने घरधुरीलाइ पनि आयोजनाले संचालन गर्ने विभिन्न कार्यक्रममा समेट्नु पर्ने।	मुख्य प्रतिवेदनको परिच्छेद ८.३ सामुदायिक सहयोग कार्यक्रममा समेटिएको।
	आयोजना संगसंगै बन जंगल बन्यजन्तु लगायत समग्र जैविक विविधतामा असर पुग्न सक्ने भएकोले संरक्षण र संबर्धन कार्यक्रम संचालन गर्नुपर्ने।	मुख्य प्रतिवेदनको परिच्छेद ८.२ प्रतिकुल प्रभाव न्यून गर्ने उपायाहरु अन्तर्गत जैविक वातावरणमा समेटिएको।
भोटखोला गाउँपालिका वडा न.२, लिङ्गम	सिप र क्षमाताको आधारमा रोजगारीमा स्थानियलाई प्राथमिकता दिनु पर्ने।	मुख्य प्रतिवेदनको परिच्छेद ८.२ प्रतिकुल प्रभाव न्यून गर्ने उपायाहरु अन्तर्गत सामाजिक वातावरणको आयोजना बाट प्रभावित घरधुरी तथा जनसंख्याको प्रभाव न्यूनीकरण गर्नेमा समेटिएको।
	आयोजानाको निर्माण पुर्व स्थानियहरुलाई विभिन्न शिपमुलक तथा आयमुलक तालिम कार्यक्रम संचालन गर्नुपर्ने।	मुख्य प्रतिवेदनको परिच्छेद ८.३ सामुदायिक सहयोग कार्यक्रममा समेटिएको।
	आयोजना स्थल आदिवासी भोटे जातिको बसोबास क्षेत्र भएकोले आयोजनाले प्रभावित बासिन्दाको लागि संचालन गर्ने कार्यक्रममा आदिबासी जनजाती योजना बिकास योजना निर्माण गरेर स्थानियसंग समन्वय गरेर संचालन गर्नु पर्ने।	प्रतिवेदन को अनुसूची ७ पुनर्वास कार्ययोजनामा समेटिएको।
	आयोजनाबाट प्राप्त हुने रोयल्टी प्रत्यक्ष प्रभावित भएको गाउँमा धेरै खर्च हुने व्यवस्था मिलाउने।	आयोजनाको अध्ययन क्षेत्र भित्र नपर्ने
	आयोजना निर्माण समयमा देखा पर्न सक्ने सामाजिक विकृती (महिला/बालबालिका हिँसा, चोरी, वलत्कार, आदि) निवारणको लागि आयोजना निर्माण पुर्व जनचेतना कार्यक्रम संचालन गर्नुपर्ने।	मुख्य प्रतिवेदनको परिच्छेद ८.३ सामुदायिक सहयोग कार्यक्रममा समेटिएको।
	श्री अरुणोदय मा.वि. लाई प्राविधिक शिक्षालय भवन सहितको आवासीय विद्यालय बनाउन सहयोग गर्नु पर्ने।	मुख्य प्रतिवेदनको परिच्छेद ८.३ सामुदायिक सहयोग कार्यक्रममा समेटिएको।

निकाय	राय सुझावहरू	समेटिएको खण्ड
	आयोजना निर्माण क्षेत्र् मकालु बरुण राष्ट्रिय निकुन्जको मध्यवर्ती क्षेत्र् पर्ने भएकोले आयोजना निर्माणबाट जैविक विविधतामा असर हुन् नदिनका लागि विकास र वातावरण विच सन्तुलन हुने गरि निर्माण कार्य अघि बढाउनु पर्ने।	मुख्य प्रतिवेदनको परिच्छेद ८.२ प्रतिकुल प्रभाव न्यून गर्ने उपायाहरु अन्तर्गत जैविक वातावरणमा समेटिएको।
	आयोजना स्थल वरपर रहेका पुरात्वातिक सम्पदा, परम्परागत उपचार पद्दति लगायतका क्षेत्रमा अध्ययन अनुसन्धान र संरक्षण कार्यक्रम संचालन गर्नु पर्ने।	मुख्य प्रतिवेदनको परिच्छेद ८.३ सामुदायिक सहयोग कार्यक्रममा समेटिएको।
जिल्लास्तरिय अन्तरक्रिया कार्यक्रम खांदबारी, संखुवासभा	आयोजना क्षेत्रको भाषा, संस्कृति, कला संरक्षणमा आयोजनाले जोड दिनु पर्ने ।	मुख्य प्रतिवेदनको परिच्छेद ८.३ सामुदायिक सहयोग कार्यक्रममा समेटिएको।
	आयोजनाले प्रभाव क्षेत्र वर्गिकरण गर्दा वैज्ञानिक तवरले गरियोस् ।	मुख्य प्रतिवेदनको परिच्छेद ३ प्रतिवेदन तयार गर्दा अपनाइएको विधि अन्तर्गत ३.२ को ३.२. प्रस्तावको प्रभाव क्षेत्र निर्धारणमा समेटिएको ।
	आयोजना क्षेत्र आदिवासी जनजातीको वाहुल्यता भएको क्षेत्र भएकोले FPIC लागु गरि आदिवासी जनजातीसँग समन्वय गरिनु पर्ने ।	प्रतिवेदन को अनुसूची ७ पुनर्वास कार्ययोजना अन्तर्गत ५.७ जोखिमयुक्त तथा जनजाती समुदाय विकास कार्यक्रममा समेटिएको।
	आयोजनाको सुरुङ्ग माथिका वस्तीहरुमा के कस्तो प्रभाव पर्ने हो सो को एकिन गरि प्रभाव न्यूनिकरणका उपायहरु अवलम्बन गरिनु पर्ने ।	
	आयोजनाबाट प्रभावितलाई प्रदान गरिने शेयरको विषय सम्बोधन गर्दा समग्र जिल्लावासीलाई समेत समेटिनु पर्ने।	परिच्छेद ८: अनुकूल प्रभाव अधिकतम अभिवृद्धि गर्ने उपायहरु अन्तर्गत जलविद्युतको शेयर साझेदारीमा अवसर सिर्जना अन्तर्गत समेटिएको ।
	आयोजनाका कारण सामाजिक विचलन नआउने कुरामा आयोजना सचेत रहनु पर्ने ।	
	आयोजनाको बाँध फुट्न सक्ने विषयलाई गहन अध्ययन गरि यदि बाँध फुटिहाले पर्न सक्ने प्रभावलाई अध्ययन गरिनु पर्ने ।	अनुसूची ७ को ७ बाँध विस्फोटन विश्लेषण र :४. आपतकालिन तयारी र व्यवस्थापन योजनामा समेटिएको
	आयोजना क्षेत्रको जैविक विविधता संरक्षणमा ध्यान दिनु पर्ने।	
	आयोजना निर्माण चरणमा प्रयोग हुने जनशक्तिको विमाको व्यवस्था गरिनु पर्ने साथै पेशागत सुरक्षामा ध्यान दिनु पर्ने।	मुख्य प्रतिवेदनको परिच्छेद ८.२ प्रतिकुल प्रभाव न्यून गर्ने उपायाहरु अन्तर्गत सामाजिक वातावरणको दुर्घटना बढ्न सक्नेमा समेटिएको ।
	सामाजिक विकास कार्यक्रम स्थानिय तहसँग समन्वय गरेर मात्र अघि बढाउनु पर्ने ।	मुख्य प्रतिवेदनको परिच्छेद ८.३ सामुदायिक सहयोग कार्यक्रममा समेटिएको।
	आयोजना निर्माण चरणमा विशेष गरि सुरुंग खन्दा यदि कुनै बहुमुल्य धातु पाइएको सन्दर्भमा त्यस्ता धातुहरुलाई स्थानिय निकायसँग समन्वय सम्बन्धित निकायलाई बुझाउनु पर्ने।	

निकाय	राय सुझावहरू	समेटिएको खण्ड
	आयोजना अन्तर्राष्ट्रिय सिमाना नजिक रहेकोले समन्वयका लागी नेपाल सरकार गृह मन्त्रालय तथा पररास्ट्र मन्त्रालयलाई जानकारी गराउनु पर्ने।	आयोजना व्यवस्थापनले सम्भव भए सम्म सम्बोधन गर्दा उचित हुने।
	आयोजनाको संरचना बन्ने स्थान तथा आयोजनाको अन्य अवयव रहने स्थान वरपरको पनि बृहत अध्ययन गरिनु पर्ने ।	"किमाथांका अरुण जलविद्युत आयोजना (४५४ मेगावाट) आयोजना" को विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन (जून, २०२२) मा आयोजनाको संरचना बन्ने स्थान तथा आयोजनाको अन्य अवयव रहने स्थान वरपरको पनि बृहत अध्ययनमा समेटिएको ।
	आयोजनामा वैदेशिक लगानी भित्र्याउने भन्दा पनि सके सम्म राष्ट्रिय श्रोतबाटनै आयोजना बनाउने परिस्थिति सिर्जना गरिनु पर्ने।	आयोजना व्यवस्थापनले सम्भव भए सम्म सम्बोधन गर्दा उचित हुने।
	आयोजनामा सके सम्म सिप र क्षमताको आधारमा रोजगारीको लागी आयोजना प्रभावित जिल्लाका मानिसलाई नै प्राथमिकता दिनु पर्ने।	मुख्य प्रतिवेदनको परिच्छेद ८.२ प्रतिकुल प्रभाव न्यून गर्ने उपायाहरु अन्तर्गत सामाजिक वातावरणको आयोजना बाट प्रभावित घरधुरी तथा जनसंख्याको प्रभाव न्यूनीकरणमा समेटिएको।
	आयोजना बनाउन आवश्यक पर्ने वित्तीय व्यवस्थापन गर्न स्थानिय, जिल्लाबासी वा समग्र देशवासीलाई समेट्ने गरि नितिगत त्रुटीहरु रहे भने त्यस्ता त्रुटीहरु समिक्षा गरि सम्बन्धित निकायमा आवाज उठाउनु पर्ने।	आयोजना व्यवस्थापनले सम्भव भए सम्म सम्बोधन गर्दा उचित हुने।
	आयोजनाकै कारणले पानीको मुहान सुकेमा त्यसको तुरुन्तै व्यवस्थापन गरिदिनु पर्ने।	मुख्य प्रतिवेदनको परिच्छेद ८.२ प्रतिकुल प्रभाव न्यून गर्ने उपायाहरु अन्तर्गत जैविक वातावरणको पानीका मूलहरूमा पर्ने प्रभाव न्यूनीकरणमा समेटिएको।
	आयोजनाको निर्माण सामाग्री ढुवानी गर्न साधनको भार मापन गरेर मात्र capacity भन्दा वढी बोक्न नदिने कुराको सुनिस्चितता गर्नु पर्ने।	आयोजना व्यवस्थापनले सम्भव भए सम्म सम्बोधन गर्दा उचित हुने
	आयोजनावाट विस्थापित हुने परिवारको विकासका लागी नीतिगत सुधारका लागी आवश्यक पहल गरिदिनु पर्ने।	आयोजना व्यवस्थापनले सम्भव भए सम्म सम्बोधन गर्दा उचित हुने

अनुसूची ३.११: विषयगत कार्यालय र प्रभावित स्थानीय तहबाट प्राप्त राय सुझाव सम्बोधन म्याट्रिक्स

निकाय	शर्त/राय सुझावहरू	समेटिएको खण्ड
नेपाल सरकार वन तथा वातावरण मन्त्रालय (EIA को क्षेत्र निर्धारण तथा कार्यसुची प्रतिवेदन स्वीकृतिका शर्तहरू)	वातावरणीय प्रभाव अध्ययन (EIA) को क्रममा कुनै थप नयाँ वातावरणीय सवाल तथा प्रभावहरुमा पहिचान हुन गएमा ती सवाललाई समेत EIA प्रतिवेदनमा समावेश गर्नु पर्नेछ।	क्षेत्र निर्धारण तथा कार्यसूचीमा उल्लेखित सवाल तथा प्रभावहरुलाइ नै समेटी EIA प्रतिवेदन तयार गरिएको हो, तसर्थ स्वीकृत क्षेत्र निर्धारण तथा कार्यसूचीमा उल्लेखित सवाल तथा प्रभावहरु बाहेक थप नयाँ प्रभावहरु EIA अध्ययन दौरान पहिचान गरएको छैन
	EIA प्रतिवेदन तयारीका क्रममा कार्यसूचीले औल्याएका प्रभाव (Impact) र न्युनीकरण (Mitigation) का उपायहरु (Measures) लाई क्रमबद्ध रुपमा उल्लेख गर्नु पर्नेछ।	शर्त अनुरुप मुख्य प्रतिवेदको परिच्छेद ७ अन्तर्गत क्रमबद्द रुपमा समेटिएको।
	वातावरण व्यवस्थापन योजनामा सकारात्मक प्रभाव अभिवृद्धि र नकारात्मक प्रभाव निराकरणका उपायहरु के, कहाँ, कसले र कहिले गर्ने बारेमा स्पष्ट उल्लेख हुनुपर्नेछ।	मुख्य प्रतिवेदनको परिच्छेद ८ अनुकूल प्रभाव अधिकतम अभिवृद्धि गर्ने तथा प्रतिकूल प्रभाव न्यून गर्ने उपायहरुमा समेटिएको।
	सार्वजनिक सुनुवाईको क्रममा उठेका सवालहरु प्रतिवेदनमा कहाँ, कसरी समावेश गरिएको छ सो देखिने तालिका तथा माईन्युटिङ्गमा सरोकारवाला र सहभागिको हस्ताक्षर EIA प्रतिवेदनमा समावेश गर्नु पर्नेछ।	प्रतिवेदनको अनुसूची ३ अन्तर्गत सार्वजनिक सुनुवाई र सम्बन्धी अनुसुचिहरुमा समेटिएको
	स्थानीय निकायको सिफारिस संलग्न गर्दा सार्वजनिक सुनुवाइको मिति पश्चातको हुनु पर्नेछ।	शर्त अनुरुप स्थानीय निकाय को सिफारिस संलग्न गरिएको (अनुसूची ३)
	प्रस्तावकले वातावरणीय प्रभाव अध्ययन प्रतिवेदन वातावरण सरक्षण ऐन, २०७६ र वातावरण सरंक्षण नियमावली २०७७ मा भएका व्यवस्था र प्रक्रियाहरुको पुर्णपालना गरी तयार पार्नु पर्नेछ।	शर्त अनुरुप पालना गरि प्रतिवेदन तयार गरिएको।
नेपाल सरकार वन तथा वातावरण मन्त्रालय (EIA अध्ययन सहमति शर्तहरु)	प्रस्तावित आयोजना प्रस्ताव गरेको क्षेत्रमा आयोजना निर्माण र संचालन गर्दा दुर्लभ र लोपोन्मुख वन्यजन्तु तथा त्यस वन क्षेत्रका वन, वनस्पती, जैविक विविधता, र पारिस्थिकिय प्रणलीमा पर्न सक्ने असर र प्रभावहरुको विश्लेषण गरी न्युनिकरण गर्ने उपायहरु सिलसिलेवार रुपमा समावेश गर्ने।	मुख्य प्रतिवेदनको ७.२. प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने प्रभावको संरक्षणको उपाय शीर्षक अन्तर्गत सिलसिलेवार रुपमा समेटिएको।
	वातारणीय प्रभाव मूल्यांकन अध्ययन कार्यमा मकालु बरुण राष्ट्रिय निकुन्ज कार्यालयको प्राविधिक कर्मचारीलाई अनिवार्य संलग्न गराउने।	शर्त अनुरुप संलग्न गराइएको।
	वातावरणीय अध्ययन कार्य गर्दा सम्बन्धित स्थानीय तह र स्थानीय समुदायहरुको समेत सहभागिता गराउने।	शर्त अनुरुप अनुसूची ५ आधाररेखा प्रतिवेदन र अनुसूची ७ पुनर्वास कार्य योजनामा समेटिएको ।
	वातावरणीय अध्ययन टोलीमा वन तथा र वन्यजन्तु विज्ञ, वातावरण विज्ञ, जैविक विविधता विज्ञ र जलचर विज्ञ तथा सामाजिक आर्थिक तथा सांस्कृतिक वातावरण बिज्ञ एक एक जना अनिवार्यरुपमा सहभागी गराउने।	शर्त अनुरुप अनुसूची १.७: परामर्शदाता/विज्ञ टोलीमा समेटिएको

निकाय	शर्त/राय सुझावहरू	समेटिएको खण्ड
	जैविक विविधता र वातावरणमा न्युन हानी नोक्सानी पुग्ने र वन क्षेत्रको हानी नोक्सानी न्युन हुनेगरी वातावरणीय प्रभाव मुल्यांकन अध्ययन गर्ने।	मुख्य प्रतिवेदनको परिच्छेद ८.२ अन्तर्गत प्रतिकूल प्रभाव न्यून गर्ने उपायहरुको जैविक वातावरणमा समेटिएको।
	प्रस्तावित आयोजनाको लागी प्रयोग हुने पानीको श्रोत स्थानीस्तरमा कुन-कुन प्रयोजनको लागी (जस्तै खानेपानी, सिंचाइ, साना कृषि सिचाइ लघु जलविद्युत आयोजना आदी) हाल प्रयोगमा रहेको छ. नक्सांकन सहित लाभान्वित घरधुरी र जनसंख्यासहित सोको विवरण समावेश गर्ने।	अनुसूची ७ विषयगत वातावरणीय व्यवस्थापन/कार्य योजना अन्तर्गत ७.५.३. तल्लो तटमा पर्न सक्ने peaking को प्रभावमा समेटिएको।
	प्रस्तावित आयोजनाको लागी प्रयोग हुने पानीको श्रोतको माथिल्लो र तल्लो तटमा अन्य जलविद्युत आयोजना प्रस्ताव भएको छ छैन। यदी प्रस्ताव भएको भएको भए सो आयोजनाहरुको विवरण र अवश्य पनी समावेश गर्नुपर्ने छ ।	
	प्रस्तावित आयोजनाको तल्लो तटमा पाइने परिस्थितिय प्रणालीमा पर्न सक्ने प्रभावको विश्लेषण गरी सोको असर न्युन गर्नको लागी वातावरणीय प्रभाव मुल्याङ्कन प्रतिवेदनले औल्याए बमोजिम जलीय परिस्थितिकिय प्रणालीलाई पुर्ववत प्राकृतिक रुपमा राख्न आवश्यक पर्ने पानीको मात्रा छाड्नु पर्नेछ।	मुख्य प्रतिवेदनको परिच्छेद परिच्छेद ५: विद्यमान वातावरणीय अवस्था अन्तर्गत भौतिक वातावरणको वातावरणीय प्रवाह (Environmental Flow) अन्तर्गत समेटिएको।
	अध्ययनको क्रममा उठान भएका सबै सवालहरुलाई न्युनिकरण गर्ने उपायहरु स्पष्ट खुलाउने ।	मुख्य प्रतिवेदनको परिच्छेद ८.२ प्रतिकूल प्रभाव न्यून गर्ने उपायहरुमा समेटिएको।
	आयोजना निर्माण गर्दा विकल्पहरुको पहिचान गरी ति विकल्पहरुलाई तथ्य र तथ्याङ्कको माध्यमबाट उपयुक्त विकल्पको पहिचान गर्नुपर्नेछ ।	मुख्य प्रतिवेदनको परिच्छेद परिच्छेद ६: प्रस्तावको विकल्प विश्लेषण समेटिएको।
	राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभागको मिति २०७५/०८/१६ को च.न.१२११ को सभ्भाव्यता अध्ययन सहमतीपत्रमा उल्लेखित शर्तहरु अनिवार्य रुपमा पालना गर्नुपर्ने छ।	सुझाव अनुरुप प्रतिवेदनमा समेटिएको।
नेपाल सरकार वन तथा वातावरण मन्त्रालय राष्ट्रिय निकुन्ज तथा संरक्षण विभाग (Feasibility Study सहमति शर्तहरु)	प्रस्तावित आयोजना प्रस्ताव गरेको क्षेत्रमा आयोजना निर्माण र सञ्चालन गर्दा दुर्लभ र लोपोन्मुख वन्यजन्तु तथा त्यस वन क्षेत्रका बन, वनस्पति, जैविक विविधता र पारिस्थितिकीय प्रणालीमा पर्न सक्ने नकारात्मक असर र प्रभावहरुको विश्लेषण गरी न्यूनीकरण गर्ने उपायहरु सिलेसिलेवार रुपमा समावेश गर्नु पर्ने ।	मुख्य प्रतिवेदनको परिच्छेद ८.२ अन्तर्गत प्रतिकूल प्रभाव न्यून गर्ने उपायहरुको जैविक वातावरणमा समेटिएको।
	सम्भाव्यता अध्ययन कार्यमा मकालु वरुण राष्ट्रिय निकुञ्ज कार्यालयसंग समन्वय गरी तहाका एक जना अधिकृतस्तरका प्राविधिक कर्मचारीलाई अनिवार्य संलग्न गराउने ।	शर्त अनुरुप सामेल गराइएको।
	सम्भाव्यता अध्ययन कार्य गर्दा सम्बन्धित स्थानीय तह र स्थानीय समुदायहरुको समेत सहभागिता गराउने ।	शर्त अनुरुप सहभागिता गराइएको।

निकाय	शर्त/राय सुझावहरू	समेटिएको खण्ड
	सम्भाव्यता अध्ययन टोलीमा एक/एक जना वन्यजन्तु विज्ञ, जैविक विविधता विज्ञ र जलचर विज्ञ अनिवार्य सहभागी गराउने ।	शर्त अनुरुप सामेल गराइएको।
	जैविक विविधता र वातावरणमा कम हानी नोक्सानी पुग्ने र वन क्षेत्रको हानी नोक्सानी कम हुने गरी सम्भाव्यता अध्ययन गर्ने ।	शर्त अनुरुप अध्ययन गरिएको।
	प्रस्तावित आयोजनाको लागि प्रयोग हुने पानीको स्रोत स्थानीयस्तरमा कुन कुन प्रयोजनको लागि (जस्तै खानेपानी, सिंचाई, साना कृषि सिंचाई, लघु जलविद्युत आयोजना आदि) हाल प्रयोगमा रहेको छ, नक्सांकन सहित लाभान्वित घरधुरी र जनसंख्यासहित सो को विवरण समावेश गर्ने ।	अनुसूची ७ विषयगत वातावरणीय व्यवस्थापन/कार्य योजना अन्तर्गत ७.५.३. तल्लो तटमा पर्न सक्ने peaking को प्रभावमा समेटिएको।
	प्रस्तावित आयोजनाको लागि प्रयोग हुने पानीको स्रोतको Upstream Downstream मा अन्य जलविद्युत आयोजना प्रस्ताव भएको छ/छैन । प्रस्ताव भएको भए सो आयोजनाको संरचनामा कुनै किसिमको प्रतिकूल असर नपर्ने गरी अध्ययन गर्ने ।	
	प्रस्तावित आयोजनाको लागि सुख्खा याममा न्यून पानीको वहाव हुने समयमा पानीको बहावलाई दृष्टिगत गरी सोबाट जमिनमा पाइने पारिस्थितिकीय प्रणाली (Terrestrial Ecosystem) र जलमा आश्रित पारिस्थितिकीय प्रणाली (Aquatic Ecosystem) मा पार्न सक्ने असरहरुको विश्लेषण गर्नको साथै आयोजना प्रस्ताव गरेको खोलाको बाँध भन्दा तल कम्तिमा २५ (पच्चीस) प्रतिशत पानीको प्राकृतिक बहाब अनिवार्य कायम रहने गरी अध्ययन गर्ने ।	
भोटखोला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हटिया, संखुवासभा	उपयोगमा आउन नसकेको जलसम्पदाको उचित प्रयोग भई ऊर्जा संकट समाधान गर्नुपर्ने राष्ट्रिय आवश्यकता पुरा हुनुको यसबाट प्राप्त हुने लाभले राष्ट्रिय साथै स्थानीय विकासमा समेत उल्लेखनीय टेवा पुग्ने	
	प्रचलित नियम कानून अनुसार प्रभावितहरुको सहमतिमा उचित मुआब्जा प्रदान गरी जग्गा अधिग्रहण गरेमा स्थानीयलाई मर्का नपर्ने ।	मुख्य प्रतिवेदनको परिच्छेद ८.२ अन्तर्गत प्रतिकूल प्रभाव न्यून गर्ने उपायहरुको सामाजिक वातावरणको निजी सम्पति/संरचनाहरूको क्षति तथा पुनर्वासको समस्या कम गर्ने समेटिएको।
	आयोजना निर्माण र संचालन गर्दा बन्यजन्तुहरुलाई कम असर पर्ने गरी गर्न सकिने; साथै नाश हुने वन जंगलको हकमा कानून अनुसारको बृक्षारोपण गरी हुर्काउनु पर्ने।	मुख्य प्रतिवेदनको परिच्छेद ८.२ अन्तर्गत प्रतिकूल प्रभाव न्यून गर्ने उपायहरुको जैविक वातावरणको वनस्पति र वन क्षेत्रमा पर्ने प्रभावको न्युनिकरणमा समेटिएको।

निकाय	शर्त/राय सुझावहरू	समेटिएको खण्ड
	आयोजनाले सामाजिक उत्तरदायित्व सम्बन्धी कार्यक्रमहरु गर्दा स्थानीय तह संग समन्वय गरेर संचालन गरेमा विकासको आवश्यकता पुरा गर्न स्थानीय तहलाई सहज हुने।	मुख्य प्रतिवेदनको परिच्छेद ८.३ सामुदायिक विकास कार्यक्रममा समेटिएको।
मकालु वरुण राष्ट्रिय निकुञ्ज हेदांगना गढी, संखुवासभा	उक्त आयोजना निर्माण भएमा निकुञ्ज तथा मध्यवर्ती क्षेत्रमा अनुगमन/गस्ति जस्ता कार्यहरुमा केही सहजता हुने देखिन्छ। आयोजना निर्माण गर्दा के कस्ता थप नकारात्मक असरहरु पर्न सक्छन् सो को विस्तृत अध्ययन वातावरणीय प्रभाव मुल्याङकन (EIA) पश्चात् यकीन हुने हुँदा माथि उल्लेखित नकारात्मक असरहरुलाई न्यूनीकरण गर्ने गरी वातावरणीय प्रभाव मुल्यांकन (EIA) तयार गर्ने राय सुझाव सहितको सिफारिस गरिएको व्यहोरा अनुरोध छ।	सुझाव अनुरुप तयार गरिएको ।
डिभिजन वन कार्यालय, संखुवासभा खाँदबारी, नेपाल	आयोजनाको निर्माणका लागि विकल्पको विश्लेषण गर्दा सम्भव भएसम्म राष्ट्रिय वनक्षेत्र नपर्ने गरी आयोजना छनौट गरी गर्नु पर्ने।	मुख्य प्रतिवेदनको परिच्छेद परिच्छेद ६: प्रस्तावको विकल्प विश्लेषण अन्तर्गत वनजंगल विनाको विकल्पमा समेटिएको।
	आयोजनाको लागि वनक्षेत्र प्रयोग गर्नु बाहेक अन्य कुनै विकल्प नभएमा सम्बन्धित वन व्यवस्थापन गर्ने निकाय वा समुहको परामर्श तथा सहभागितामा न्यूनतम वनक्षेत्र मात्र प्रयोग गर्न र न्यूनतम रुख बिरुवा मात्र हटाउने विकल्पको अध्ययन तथा विश्लेषण गरी बातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नु पर्ने।	मुख्य प्रतिवेदनको परिच्छेद परिच्छेद ६: प्रस्तावको विकल्प विश्लेषण अन्तर्गत वनजंगल विनाको विकल्पमा समेटिएको।
	आयोजना संचालन स्थल तथा बरपर भौतिक, जैविक एवं वातावरणीय क्षति न्यून हुने गरी कार्यान्वयन हुनुपर्ने तथा भएको क्षतीलाई न्यूनीकरण गर्न र सकारात्मक प्रभावहरुलाई बढावा दिन वातावरणीय व्यवस्थापन योजना (EMP) तयार तथा स्विकृत गराई सोमा औल्याइएका उपायहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्ने ।	सुझाव अनुरुप तयार गरिएको
तालिका ५-६४: आयोजना प्रभावित क्षेत्रका घरधुरीहरुको बत्तीको स्रोत २८६
तालिका ५-६५: आयोजना प्रभावित क्षेत्रका सामाजिक संस्था र सदस्यता.....२८६
तालिका ५-६६: आयोजना प्रभावित पालिकामा उपलब्ध स्वास्थ्य संस्था २८७
तालिका ५-६७: आयोजना प्रभावित क्षेत्रका घरधुरीमा गत साल रोग लागेको विवरण २८७
तालिका ५-६८: आयोजना प्रभावित क्षेत्रमा देखिएका रोगहरु २८७
तालिका ५-६९: आयोजना प्रभावित क्षेत्रका घरधुरीको पानीको गुणस्तर सम्बन्धी बुझाई..... २८८
तालिका ५-७०: आयोजना प्रभावित क्षेत्रमा पिउने पानीको प्रशोधन विधि..... २८९
तालिका ५-७१: आयोजना प्रभावित क्षेत्रका मानिसहरुको हात धुने विधि..... २८९
तालिका ५-७२: आयोजना प्रभावित क्षेत्रमा सुधारिएको चुलो प्रयोग..... २८९
तालिका ५-७३: आयोजना प्रभावित क्षेत्रका घरधुरीहरुको गोठ राख्ने स्थान..... २९०
तालिका ५-७४: आयोजना प्रभावित क्षेत्रमा रहेका साँस्कृतिक धार्मिक संरचना..... २९१
तालिका ५-७५: आयोजना प्रभावित पालिकामा मनाइने प्रमुख चाडपर्वहरु २९२
तालिका ५-७६: आयोजना प्रभावित घरपरिवारका प्रकार..... २९३
तालिका ५-७७: आयोजनाबाट प्रभावित हुने निजी जग्गा..... २९३
तालिका ५-७८: आयोजनाबाट प्रभावित हुने निजी घरसंरचना २९३
तालिका ५-७९: आयोजनाबाट प्रभावित हुने निजी घरसंरचनाका किसिम..... २९४
तालिका ५-८०: आयोजनाबाट प्रभावित हुने निजी काठ दाउराका रुखबिरुवा..... २९४
तालिका ५-८१: गम्भीर रुपले आयोजना प्रभावित घरपरिवार २९५
तालिका ५-८२: आयोजना प्रभावित जोखिमयुक्त घरपरिवार.....२९५
तालिका ५-८३: प्रभावित क्षेत्रका घरपरिवारको आयोजनाको बारेमा जानकारी २९६
तालिका ५-८४: आयोजना प्रभावित क्षेत्रका घरपरिवारको आयोजना प्रतिको सहमति २९६
तालिका ५-८५: अरुण जलाधार क्षेत्रमा अनुमतिपत्र जारी गरिएका जलविद्युत आयोजनाहरु २९९

नक्साहरुको सूची

नक्सा १: जल-विज्ञान र मौसम सम्बन्धी अध्ययनका निम्ति तथ्यांक संकलन गरिएका स्टेशनहरु १८७
नक्सा २: भोटखोला गाउँपालिकाको उचाई नक्शा.....१९५
नक्सा ३: आयोजनाको Intake site सम्म अरुण जलाधार क्षेत्रको उचाई नक्शा.....१९६
नक्सा ४: भोटखोला गाउँपालिकाको भू-उपयोग नक्शा.....१९९
नक्सा ५: नेपालको भौगर्भिक नक्शामा आयोजना स्थलको अवस्थिति.....२०१
नक्सा ६: आयोजना स्थलको क्षेत्रीय भौगर्भिक नक्शा.....२०१

नक्सा ७: भोटखोला गाउँपालिकाको भिरालोपनको नक्शा..... २०५
नक्सा ८: जलाशय क्षेत्र-१ को पहिरो र कटान संवेदनशीलता नक्सा.....२०७
नक्सा ९: जलाशय क्षेत्र-२ को पहिरो र कटान संवेदनशीलता नक्सा..... २०८
नक्सा १०: बाँध अक्ष (dam axis) को नजिकमा रहेका खोल्सीले थुपार्न सक्ने debris material २०९
नक्सा ११: आयोजना स्थलको माथिल्लो आधा भागमा रहेका पहिरोहरुको नक्सांकन..... २१२
नक्सा १२: आयोजना स्थलको तल्लो आधा भागमा रहेका पहिरोहरुको नक्सांकन २१३
नक्सा १३: हङ्कत्त प्रयोग गरि निकालिएको पहिरो संवेदनशीलता सूचकांक नक्शा.....२१४
नक्सा १४: पहिरो संवेदनशीलता सूचक अनुरुप पहिरो संवेदनशीलता क्षेत्र २१५
नक्सा १५: पहिरो संवेदनशीलता नक्सा (Landslide susceptibility map)..... २१६
नक्सा १६: नेपाल तथा आयोजना क्षेत्रको भूकम्पीय जोखिमको नक्शा..... २१७
नक्सा १७: कोशी जलाधार क्षेत्रमा रहेका जोखिमयुक्त हिमतालहरु र आयोजना स्थलको अवस्थिति नक्सा.....२२७
नक्सा १८: सुरुंगको मार्गरिखा आसपास अवस्थित पानीका मुहान र खोलाहरुको अवस्थिति नक्सा २३१
नक्सा १९: नेपालका संरक्षित क्षेत्रहरुको नक्शामा आयोजना स्थलको अवस्थिति.....२४१

चित्रहरुको सूची

चित्र १: (क) HRT को adit portal र (ख) विद्युतगृह क्षेत्रको ERT सर्वेक्षण स्थल.....१८३
चित्र २: Headwork क्षेत्रको ERT सर्वेक्षण स्थलको mapping..... १८४
चित्र ३: (क) Headworks क्षेत्र, र (ख) विद्युतगृह क्षेत्रको SRT सर्वेक्षण स्थल..... १८४
चित्र ४: Headworks क्षेत्रमा core drilling सर्वेक्षण गरिएका स्थलहरु १८५
चित्र ५: Surge-shaft क्षेत्र र विद्युतगृह क्षेत्रमा core drilling सर्वेक्षण गरिएका स्थलहरु १८५
चित्र ६: हेडवर्क्स क्षेत्रमा अरुण नदीको जलबहावको मासिक प्रवृत्ति..... १९८
चित्र ७: अनुमानित दीर्घकालीन औसत मासिक प्रवाह र अभिलेखित मासिक प्रवाहको तुलना... २१९
चित्र ८: गेजिंग स्टेशनमा ण्क्झङ्कम्को लागि विकास गरिएको रेटिंग कर्भ..... २१९
चित्र ९: आयोजनाको हेडवर्क्स क्षेत्रमा प्रवाह अवधि रेखा.....२२०
चित्र १०: Volume elevation curve र Area elevation curve २२१
चित्र ११: आयोजनाको हेडवर्क्स क्षेत्र र टेलरेस क्षेत्रमा सम्भावित अधिकतम बाढीको विश्लेषण २२२
चित्र १२: अरुण जलाधारमा अवस्थित हिमतालहरु (End moraine Dammed Glacial Lakes) २२६

संक्षिप्त रुपको सूची

FRTC	:	Forest Research and Training Centre
GWh	:	Giga Watt Hour
masl	:	Meter above sea level
MCT	:	Main Central Thrust
mg/L	:	Milligrams per litre
NDWQS	:	National Drinking Water Quality Standard
NEA	:	Nepal Electricity Authority
NT	:	Near Threatened
PM	:	Particulate Matter
PPM	:	Parts per million
PROR	:	Peaking Run of the river
RCP	:	Representative Concentration Pathways
St	:	Station
VU	:	Vulnerable
कि.मि.	:	किलोमिटर
के.भी.	:	किलो भोल्ट
क्र.सं.	:	क्रम संख्या
च.नं.	:	चलानी नम्बर
मि.	:	मिटर
मि.मि.	:	मिलिमिटर
वा.प्र.मू.	:	वातावरणीय प्रभाव मूल्याङ्कन
वि.उ.स.	:	विद्युत उत्पादनको सर्वेक्षण
वि.वि.वि.	:	विद्युत विकास विभाग

१. सामान्य परिचय

१.१ भूमिका

प्रस्तावित आयोजना निर्माण तथा सञ्चालन गर्दा वातावरणीय अवयवहरुमा के-कस्तो प्रभावहरु पर्दछ भनि आंकलन गर्न त्यस क्षेत्रको वातावरणीय अवयवहरुको विद्यमान अवस्थाको जानकारी हुनु अपरिहार्य हुन्छ। अतः यस भागमा प्रस्तावले वातावरणमा पार्ने प्रभावहरु लेख्नु पूर्व आयोजना स्थल (जिल्ला वा स्थानीय स्तर) को र आयोजनाबाट प्रत्यक्ष असर पर्ने स्थानहरुको वातावरणीय परिवेश समावेश गरिएको छ। यसरी समावेश गरिएका तथ्य, तथ्याङ्क तथा सूचनाहरु विभिन्न सन्दर्भ सामाग्रिको अध्ययन, आयोजनाको अवययव रहने क्षेत्रको स्थलगत भ्रमण र अवलोकन तथा स्थानीयहरुसँग छलफल गरि संकलन गरिएको हो। यसरी विभिन्न श्रोतबाट संकलित जानकारीलाई प्रमाणीकरण गर्न र थप स्थलगत अध्ययन अवलोकन गर्न र स्थानीय सँग अन्तरक्रिया समेत गर्नका लागि वि.स.२०७७ को असोज महिनामा क्षेत्र निर्धारण प्रतिवेदन र कार्यसूची प्रतिवेदन तयार गर्ने सिलसिलामा र वि.स.२०७९ को जेष्ठ, असार, श्रावण, असोज, पुष र माघ महिनामा सम्बन्धित विषयका विषय विज्ञटोलीहरु, सर्वेक्षण टोलिले यस EIA प्रतिवेदन तयारी सिलसिलामा आयोजना स्थलको स्थलगत अध्ययन भ्रमण गरेको थियो।

२. वातावरणीय आधाररेखा अध्ययन गर्दा अपनाइएको विधि

२.१. सम्बन्धित प्रकाशित वा अप्रकाशित सामग्री/प्रतिवेदनको पुनरावलोकन

आयोजनासँग सम्बन्धित विभिन्न कागजातहरू/दस्तावेजहरूको सङ्कलन तथा अध्ययन गरिएको छ। विभिन्न सरकारी निकायहरू जस्तै वन तथा वातावरण मन्त्रालय, ऊर्जा, जल स्रोत तथा सिंचाई मन्त्रालय, विद्युत विकास विभाग, राष्ट्रिय तथ्याङ्क कार्यलय आदि तथा सम्बन्धित अन्य निकायहरूले प्रकाशन गरेका विभिन्न कागजातहरू/दस्तावेजहरू जस्तैः राष्ट्रिय वातावरण प्रभाव मूल्याङ्कन निर्देशिका, २०५०, राष्ट्रिय जनगणना २०७८, किमाथांका अरुण जलविद्युत आयोजना (४५४ मेगावाट), संखुवासभाको सम्भाव्यता अध्ययन प्रतिवेदन, क्षेत्र निर्धारण प्रतिवेदन र कार्य सूची, लगायतका दस्तावेजहरू विस्तृत अध्ययन गरिनुको साथै आवश्यकता अनुरुप अन्य तथ्याङ्कहरु संखुवासभा जिल्लाको जिल्ला समन्वय समिति ,मकालु बरुण राष्ट्रिय निकुन्जको प्रकाशन, डिभिजन वन कार्यालयको प्रकाशन र आयोजना प्रभावित स्थानीय निकायका वेभसाइटमा प्रकाशित तथ्यांक ,सुचनाहरुबाट सङ्कलन गरिएको छ।

२.२. द्वितीय श्रोतबाट तथ्याङ्क सङ्कलन र विश्लेषण

आयोजनाको मौसम सम्बन्धी तथ्याङ्क जल तथा मौसम विज्ञान विभागबाट प्रकाशित सूचनाबाट साभार गरिएको छ। यसको लागि आयोजना संचालन हुने क्षेत्रको नजिकको खास गरी आयोजनाको जलाधार क्षेत्र भित्र रहेका मापन केन्द्र) वर्षाको तथ्याङ्कको लागि चेपुवा स्टेसन : St.१३१७, तापक्रमको तथ्याङ्कको लागि ताप्लेजुंग स्टेसन :St.१४०५, अरुण नदीको वहावको लागी उवागाऊ स्टेसनः St.६००.१ र तुर्किघाट स्टेसनः St.६०४.५ (को तथ्याङ्क प्रयोग गरिएको छ।

आयोजना क्षेत्रको भूगर्भ- र जल विज्ञान तथा जल बहाव सम्बन्धी तथ्याङ्क किमाथांका अरुण जलविद्युत आयोजना (४५४ मेगावाट), संखुवासभाको सम्भाव्यता अध्ययन प्रतिवेदनबाट लिइएको छ। आयोजना क्षेत्रमा पाइने वनस्पति र वन्यजन्तुहरूको जानकारी frtc.gov.np, डिभिजन वन कार्यालयको वार्षिक प्रगति पुस्तिका ,मकालु वरुण राष्ट्रिय निकुन्जको दस्तावेजहरु, आदिबाट लिइएको छ। आयोजना क्षेत्रमा पाइने संरक्षित प्रजातिहरू -नेपाल सरकार)नेको संरक्षण .स. सूची ,IUCN रेड बुक र CITES परिशिष्टपनि सूचीकृत गरिएको छ। (

प्रस्तावित आयोजनाको सामाजिक तथा आर्थिक अवस्थाको जानकारी प्राप्त गर्नको लागि विभिन्न प्रकाशित तथा अप्रकाशित सामग्रीबाट तथ्याङ्क तथा सूचना सङ्कलन गरिएको छ। जस अन्तर्गत तथ्याङ्क विभागका प्रतिवेदन तथा सूचना ,जिल्ला पार्श्वचित्र ,स्थानीय तहका पार्श्वचित्र लगायत विभिन्न वेबसाइटमा रहेका सूचना तथा तथ्याङ्क सङ्कलन गरिएको छ।

२.३. स्थलगत अध्ययन तथा प्राथमिक स्रोतबाट तथ्याङ्क सङ्कलन

आयोजना क्षेत्रको भौतिक, जैविक, आर्थिक, सामाजिक तथा सांस्कृतिक वातावरण सम्बन्धि तथ्यांकहरु वि.स.२०७७ र २०७९ संकलन गरिएको थियो। आयोजना क्षेत्रको जैविक वातावरण सम्बन्धि अध्ययन अन्तर्गत जलचर/माछा को अध्ययन २०७९ साल असोज महिनामै सम्पन्न गरिएको थियो भने आयोजना क्षेत्रमा पाइने वनस्पति अवस्थितिको लागि नमुना प्लट राखी सर्वेक्षण गरिएको थियो जस अनुसार रुखको (tree) लागि ५०० व.मी., पोलको लागी १०० व.मी., बल्लाबल्लीको लागी २५ व.मी., बिरुवाको लागी १० व.मी. र पोथ्रा र लहरको लागि १०० व.मी. साईजका नमुना प्लटहरु नक्सामा लेआउट गरी ती प्लटहरुमा रहेका प्रजाती अनुसार प्रत्येक लाथ्रा र बिरुवाको संख्या गणना गरिएको थियो भने रुखको हकमा ब्यास तथा उचाई मापन समेत गरिएको थियो। सामाजिक आर्थिक अध्ययन अन्तर्गत आयोजना प्रत्यक्ष प्रभावित घरपरिवारको सम्पुर्ण घरको गणना गरिएको थियो भने अप्रत्यक्ष प्रभाब क्षेत्रका बस्तीहरुको सम्पूर्ण सामजिक- आर्थिक तथा साँस्कृतिक अवस्थाबारे बुझ्न आयोजना प्रभावित क्षेत्रको कुल घरधुरीबाट २० प्रतिशत घरधुरीको सर्वेक्षण गरिएको थियो। ।


२.३.१ भौतिक वातावरण

यो प्रस्ताव कार्यान्वयन हुने क्षेत्रहरूमा स्थलगत अवलोकन गरी त्यस क्षेत्रको माटो र चट्टानहरू, अस्थिर र भू-क्षय हुने क्षेत्रहरू, अरुण नदी र वरिपरिका खोलानालामा पानीको अवस्था आदि अध्ययन गरी प्रस्ताव कार्यान्वयनबाट पर्न सक्ने भौतिक असरहरूका बारेमा जानकारी संकलन गर्ने कार्य गरिएको थियो। गूगल नक्सा र GIS बाट लिइएको आयोजना क्षेत्रको भू-प्रयोग सम्बन्धी तथ्याङ्क स्थलगत अवलोकन भ्रमणबाट अवलोकन गरी प्रमाणित गरिएको छ। भू-उपयोग नक्साको अध्ययन, पहिरो र भू-क्षय सम्भावित तथा भौगर्भिक रुपमा नाजुक क्षेत्रको क्षेत्र-विशेष जानकारी सङ्कलन, नदीको किनारमा हिँडेर गरिने अवलोकन (River Corridor Survey) र स्थानीय समुदाय तथा अन्य सरोकारवालाहरूसँग परामर्शद्वारा स्थानीय जलउपयोग, फोहरमैला व्यवस्थापन आदि विषयको जानकारी संकलन गरिएको थियो। स्थलगत सर्वेक्षणबाट अवलोकन भ्रमण गर्ने क्रममा वन क्षेत्र, खेती योग्य जमिन, नदी उकासको जग्गा, खालि जग्गा आदि भू-उपयोगको चेकलिस्ट मार्फत टिपोट गरी जिओग्राफिक इन्फर्मेशन सिस्टम (जी.आई.यस.) को प्रयोग गरी विश्लेषण गरिएको छ। सोहीअनुसार आयोजनाको क्षेत्राधिकार र हाल निर्माणको लागि आवश्यक पर्ने जग्गाको किसिम र क्षेत्रफल, कित्ता नापी नक्सालाई स्थलगत नाप जाँच गरी (field verification of cadastral map) र जी.आई.यस. (GIS) मार्फत निक्यौंल गरिएको छ। भू-गर्भ, जलवायु लगायत आयोजना स्थलको भौतिक वातावरणीय अवयवहरुको बारेमा इन्जिनियरिङ्ग टोलीले तयार पारेका यसै आयोजनाको संभाव्यता अध्ययन प्रतिवेदन मुख्य श्रोतको रूपमा प्रयोग गरियो। भूमि प्रयोगको जानकारी नेपाल सरकारको सन् १९९६ को Topographic सर्वेक्षण नक्साबाट लिइएको हो। सङ्कलन गरिएका जानकारीको पुष्टयाईका लागि विज्ञ टोलीबाट स्थलगत अवलोकन समेत गरियो। वायु र ध्वनि को गुणस्तर बोकेर हिड्न मिल्ने उपकरणको प्रयोग गरि स्थलगत मापन गरियो। पानी र माटोको केहि गुणहरु बोकेर हिड्न सकिने उपकरणको प्रयोग गरि स्थलगत


रुपमा नै मापन गरियो भने थप गुणहरु सङ्कलित पानीको नमुना प्रयोगशालामा विश्लेषण गरि मापन गरियो। आयोजना स्थलको भौतिक वातावरणहरूको बारेमा इन्जिनियरिङ्ग टोलीले तयार पारेका यसै आयोजनाको सम्भाव्यता अध्ययन प्रतिवेदन मुख्य सन्दर्भ श्रोतको रूपमा प्रयोग गरिएको छ।

क) भू-गर्भ सम्बन्धि अध्ययनः आयोजना क्षेत्रको भू-गर्भ अध्ययन खानी तथा भूगर्भ विभाग बाट प्रकाशित नक्सा र स्थलगत अवलोकन र मापनको आधारमा गरिएको छ। आयोजना क्षेत्रको भू-बनोट, पहाडको भिरलोपन, चट्टानहरूको प्रकार, प्रकृति, joints, foliation, fault, आदि अध्ययन गरी आयोजना क्षेत्रको भू-स्थिरता विश्लेषण गरिएको थियो। आयोजना क्षेत्रको भू-बनोट, चट्टानहरूको प्रकार, खनिज पदार्थहरु, सतही माटो र चट्टान तथा भुमिगत प्रकृति, प्रस्तावित अवयवहरुको जगको प्रकृति, तथा joints, foliation, fault, आदिको आंकलन स्थलगत Electrical Resistivity Tomography (ERT), Seismic Refraction Tomography (SRT), Multichannel Analysis of Surface Waves (MASW), Microtremor Array Measurement (MAM), Microtremor Horizontal to Vertical Spectral Ratio (HVSR) लगायतका अध्ययन विधिहरु बमोजिम गरिएको थियो।

Electrical Resistivity Tomography (ERT): आयोजना क्षेत्रमा माटो र चट्टानहरूको बीचको दुरी तथा सम्बन्धको प्रकृतिको आंकलन ERT र SRT सर्वेक्षण विधि मार्फत गरियो। ERT विधि बाट conductivity र resistivity भिन्नताको विश्लेषण गरी सतही तथा भुमिगत माटो, चट्टान, भुमिगत जल, weathered चट्टानको अवस्थिति तथा चट्टानको खनिज सम्बन्धि अनुसन्धान गरियो। पहिलो चरणमा ३१ वटा प्रोफाइल (कुल ९,४८५ मीटर लम्बाई पुग्ने), र दोस्रो चरणमा ११ वटा प्रोफाइल (कुल ४,१६८ मीटर लम्बाई पुग्ने) को २D-ERT सर्वेक्षण गरियो। Headworks क्षेत्रको दाहिने किनारमा ७ वटा सर्वेक्षण लाईन, ९ वटा छुम्सर बस्तीमा पर्ने desander क्षेत्र, २ वटा हेडरेस सुरुङ (HRT) को adit portal, ७ वटा सर्वेक्षण लाईन surge-shaft alignment, ३ वटा सर्वेक्षण लाईन विद्युतगृह, र ३ वटा सर्वेक्षण लाईन tailrace सुरुङको alignment मा बनाईएको थियो ।




चित्र १: (क) HRT को adit portal र (ख) विद्युतगृह क्षेत्रको ERT सर्वेक्षण स्थल



चित्र २: Headworks क्षेत्रको ERT सर्वेक्षण स्थलको mapping

२-D Seismic Refraction Tomography (२D SRT) सर्वेक्षणः २D-SRT विधिमा सतही र भुमिगत चट्टान तथा माटोको चरित्रबाट निर्धारित भूकम्पीय P-wave को गति बमोजिम खनिजन्य विशेषता, छिद्र प्रकृति र घनत्व (compactness) आंकलन गरिन्छ। आंकलन गरिएको विशेषता मार्फत सतही तथा भुमिगत माटो र चट्टानको मजबूतीको गुण विश्लेषण गर्न सकिन्छ। २D-SRT सर्वेक्षणमा प्रस्तावित headworks, surge tank र विद्युत गृह क्षेत्र बाट कुल १६ वटा (Headworks मा ४ वटा, र surge tank तथा विद्युतगृह क्षेत्र गरेर १२ वटा) प्रोफाईल सर्वेक्षण गरियो। सर्वेक्षण अनुसार, Headworks को पथांतरण प्रणालीको सुरुङ निर्माण क्षेत्रमा कमजोर चट्टान देखियो तर HRT मार्ग भरी बढ्दो गहिराई अनुसार दृण चट्टान हरुको अवस्थिति देखिन्छ। Tailworks क्षेत्रको, surge tank र विद्युतगृह क्षेत्रमा सतही चट्टान कमजोर प्रकारको देखिन्छ र headworks अनुरूप बढ्दो गहिराई अनुसार चट्टान बलियो र स्थिर रहेको विश्लेषण गरियो।




चित्र ३: (क) Headworks क्षेत्र, र (ख) विद्युतगृह क्षेत्रको SRT सर्वेक्षण स्थल

MASW सर्वेक्षण (Multichannel Analysis of Surface Waves): MASW विधि बाट भुमिगत माटोको पहुँच र चरित्र तथा स्थलगत खनिजन्य प्रकृति, सो को फैलावट तथा गहिराई को विश्लेषण गरिन्छ। यस आयोजनाको विश्लेषणका निम्ति, सर्वेक्षण प्रोफाईलमा हतौडा, विस्फोटक, भार इत्यादिको प्रयोग मार्फत भूकम्पीय Rayleigh wave तथा S-wave को आंकलन गरी भुमिगत ढुंगा र माटोको बनावट तथा स्थिरता विश्लेषण गरियो। पानी पथान्तरण क्षेत्र (Headworks) मा ४ ठाउँ, विद्युत गृह क्षेत्रमा र १ ठाउँ, र surge shaft क्षेत्रमा १ ठाउँ, गरी कूल ६ ठाउँमा जम्मा ८३५ मिटर लम्बाईको MASW सर्वेक्षण गरियो।


MAM सर्वेक्षण (Microtremor Array Measurement): भुमिगत भौगोलिक प्रकृतिको विश्लेषणका निम्ति आयोजनाको headworks क्षेत्र, HRT, surge shaft र विद्युतगृह क्षेत्र गरी ११ वटा स्थलमा MAM सर्वेक्षण गरियो। सर्वेक्षण अनुसार बाँधक्षेत्रमा ५५ देखि ६० मीटरको गहीराईमा bedrock को अवस्थिति देखियो र त्यस भन्दा माथि ८ देखि १५ मीटरको सिथिल भुमिगत माटोको अवस्थिति रहेको देखियो। विद्युत क्षेत्रमा २० देखि ३० मीटरकै गहीराईमा विशाल किसिमका अर्थात, boulder प्रकृतिका चट्टानहरु रहेको देखिन्छ।

HVSR सर्वेक्षण (Microtremor Horizontal to Vertical Spectral Ratio): आयोजनाको बाँधक्षेत्रमा ५ वटा स्थलमा (बाँध विकल्प B मा दुई वटा र विकल्प C मा ३ वटा) र विद्युतगृह क्षेत्रमा २ वटा गरी कुल ७ वटा HVSR सर्वेक्षण गरियो। HVSR सर्वेक्षण मार्फत उल्लेख गरिएको मुख्य अवयवहरुमा bedrock को गहिराईको आंकलन गरियो।

Core Drilling: ASTM Standard D २११३-८३ अनुसार ७६ मिलीमीटरको छिद्र खनी, आयोजना क्षेत्रको Headwork क्षेत्रमा ७ ठाउँ र surge-shaft, विद्युतगृह, तथा tailrace सुरुङ गरेर ११ ठाउँमा कुल १५११ मीटर को छिद्र खनेर सर्वेक्षण गरियो। आयोजना क्षेत्रको विद्यमान भूगर्भको अध्ययनका निम्ति यसरी कुल १८ वटा borehole drilling र core नमूना संकलन कार्य पूरा गरियो।



चित्र ४: Headworks क्षेत्रमा core drilling सर्वेक्षण गरिएका स्थलहरु



चित्र ५: Surge-shaft क्षेत्र र विद्युतगृह क्षेत्रमा core drilling सर्वेक्षण गरिएका स्थलहरु

आयोजना क्षेत्रमा भूकम्पीय जोखिमको अध्ययन : आयोजना क्षेत्रमा भूकम्पीय जोखिमको अध्ययन Deterministic Seismic Hazard Assessment (DSHA) र Probabilistic Seismic Hazard Assessment (PHSA) बमोजिमको Seismo-tectonic Model हरूको दृष्टिकोणबाट गरिएको छ।

ख) जल विज्ञान सम्बन्धी अध्ययनः नेपालको जल तथा मौसम विज्ञान विभागले नदीको बहाव मापनको लागि स्थापना गरेको स्टेसनहरु अरुण नदीम उवा गाउँ र तुर्कीघाट मा रहेका छन्। जल तथा मौसम विज्ञान विभागले उवा गाउँ स्टेसनको सन् १९८६ देखि २०१४ सम्मको तथ्यांक प्रकाशित गरेको छ भने तुर्कीघाट स्टेसनको सन् १९७५ देखि २००६ सम्मको तथ्यांक मात्र प्रकाशित गरेको छ। यस बाहेक तथ्यांक परिष्कृत गर्न, प्रमाणीकरण गर्न, निर्माण बाढी) flood hydrographs, construction flood (सम्बन्धी अध्ययन गर्न र model मा प्रयोग गर्नको लागि मौसम विज्ञान विभागले प्रस्तुत गरेको उवा गाउँ र तुर्कीघाट स्टेसनको तथ्याङ्क समावेश गरिएको थियो।

आयोजना क्षेत्रमा अरुण नदीको बहाव मापन गर्न विकल्प D layout को प्रस्तावित बाँध क्षेत्र बाट ३.९ कि.मि .मुनि जनवरी, सन् २०१८ मा मानवद्वारा संचालित स्टाफ गज स्थापना गरी लगातार नदीमा पानीको तह मापन गरी राखिएको थियो। जुलाई, सन् २०१८ मा बगाई लगेको स्टाफ गजको तथ्यांक संकलन गर्न नसकिएकाले, प्रवाह vs stage को आंकलन मार्फत manual gauging स्टेशनको rating curve मूल्याङ्कन गरि जलस्तरको मापन गरियो।

आयोजना क्षेत्रमा अरुण नदीको बहाव मापन गर्न विकल्प D layout को प्रस्तावित बाँध क्षेत्र बाट ३.९ कि.मि .मुनि जनवरी, सन् २०१८ मा मानवद्वारा संचालित स्टाफ गज स्थापना गरी लगातार नदीमा पानीको तह मापन गरी राखिएको थियो। जुलाई, सन् २०१८ मा बगाई लगेको स्टाफ गजको तथ्यांक संकलन गर्न नसकिएकाले, प्रवाह vs stage को आंकलन मार्फत manual gauging स्टेशनको rating curve मूल्याङ्कन गरि जलस्तरको मापन गरियो।


उवा गाउँ र तुर्कीघाट स्टेशन बीच तुर्कीघाट स्टेशनको तथ्यांक बढी संकलन गर्न मिल्ने भएकाले Log Pearson Type III distribution विधिबाट नदीको बहाव गणना गरिएको छ।

स्टाफ गजको तथ्यांक संकलन गर्न नसकिएकाले, प्रवाह vs stage को आंकलन मार्फत manual gauging स्टेशनको rating curve मूल्याङ्कन गरि जलस्तरको मापन गरियो। दिसम्बर २०१८ देखि जून २०२१ सम्मको एउटा, मार्च देखि मै २०१८ को अर्को र automatic gauge को मार्फत long-term औसत मासिक प्रवाहको गणना समावेश गरियो।

आयोजना क्षेत्रको जल विज्ञान सम्बन्धी विस्तृत अध्ययन गर्न Soil and Water Assessment Model (SWAT model) प्रयोग गरिएको थियो। यसको लागि आयोजना क्षेत्र भित्र अरुण जलाधारमा पर्ने सहायक-जलाधारको भु-उपयोग स्थिति, भीरालोपन, इत्यादि (hydrological response units) को तथ्यांकहरु संकलन गरी जल तथा मौसम विज्ञान विभागको तथ्यांक संग प्रमाणीकरण गरेर, अरुण नदीको जलप्रवाह निर्धारण गरिएको छ। बाँध विस्फोटको

मूल्याङ्कनका निम्ति विस्तृत अध्ययन Hydrologic Engineering Centre-Hydrological Modelling and Simulation (HEC-HMS Model) मार्फत गरियो। बाँध फुट्दा तल्लो तटीय क्षेत्रमा प्रभाव पार्न सक्ने क्षेत्र पनि निर्धारण गरिएको छ।

ग) मौसम सम्बन्धी अध्ययनः आयोजना क्षेत्रमा वर्षा सम्बन्धी अध्ययनको लागि आयोजनाको जलाधार क्षेत्र भित्र रहेको स्टेसनको तथ्यांक लिईएको छ। यी स्टेसनको २४ घण्टाको वर्षाको तथ्यांक लिईएको छ। मापन नभएको र तथ्यांक नभएको/बिग्रिएको ठाउँमा नजिकको स्टेसनको तथायंक राखेर Catchment Area Ratio (CAR) प्रणालीबाट अनुमान गरिएको थियो। यी तथ्यांकबाट आयोजना क्षेत्रमा rainfall hyetographs, single mass curves (SMCs) of cumulative rainfalls, probable maximum precipitation आदि अध्ययन गरिएको थियो। माथि उल्लिखित स्टेसनका साथै अरुण नदीको सहायक जलाधारमा पर्ने चीन क्षेत्रमा स्थित स्टेसनको २४ घण्टाको वर्षाको तथा तापक्रम को तथ्यांक लाई समावेश गरिएको छ। यो तथ्यांक बाट आयोजना क्षेत्रको अधिकतम तापक्रम, न्यूनतम तापक्रम, औसत तापक्रम, temperature lapse rate आदि अध्ययन गरिएको थियो।



नक्सा १: जल-विज्ञान र मौसम सम्बन्धी अध्ययनका निम्ति तथ्यांक संकलन गरिएका स्टेशनहरु

घ) नदीको गेग्रान (sediment) अध्ययनः आयोजना क्षेत्रको गेग्रान (sediment) अध्ययन गर्न सन् २०१८ साल देखि बाँध क्षेत्रबाट २.१ कि.मि. मुनि च्याम्ताङ्ग बस्तीको निकट अरुणको तटमा गेग्रानको नमूना ३ वर्ष सम्म संकलन गरियो। आयोजना स्थल rain shadow क्षेत्रमा रहेता पनि तटको भिरालो र खोंचीलो प्रकृतिले गेग्रानको अवस्थिति अधिक देखिन्छ । अध्ययनका लागि अरुण नदीको पानीको नमुना संकलन गर्ने र त्यसबाट गेग्रांको एकाग्रता, आकार वितरण र

त्यसमा भएको धातुको अध्ययन/विश्लेषण गर्ने गरिएको थियो। त्यस्तै यस आयोजनाको लागि भू-उपयोग प्रयोग परिवर्तनले नदीको गेग्रान (sediment yield) मा पर्ने प्रभाव बारे अध्ययन गर्न Soil & Water Assessment Tool (SWAT Model) पनि विकास गरिएको छ। यो सँगै अरुण नदीको पानीमा गेग्रानको उपस्थिति (sediment load) निर्धारण गर्न sediment rating curve पनि विकास गरिएको छ।

ङ) वायु गुणस्तरको अध्ययनः आयोजना क्षेत्रको वायु, ध्वनि र माटोको नमुना संकलन/गुणस्तर मापन मिति २०७९/०२/३१ देखि २०७९/०३/०६ सम्म गरिएको थियो। आयोजना क्षेत्रको प्रस्तावित बाँधस्थल, छुम्सर बस्ती क्षेत्र (पहुँच मार्ग नजिक), लिङ्गम् बस्ती क्षेत्र (विद्युत गृह, पहुँच मार्ग नजिक) र चेपुवा बस्ती क्षेत्रमा वायुको नमुना संकलन गरी TSP, PM 10, PM 2.5, सल्फर डाईअक्साइड (SO_2), IS 5182 प्रविधिबाट, कार्बन मोनोअक्साइड (CO) EN 1231 प्रविधिबाट र वायुको दिशा र गति Lutron AM-4201 anemometer बाट मापन गरिएको थियो। ध्वनिको लागि पनि सोही समयमा र सोही स्थानहरूमा ध्वनि मापन यन्त्र (SL-4023 Noise level meter) प्रयोग गरेर मापन गरिएको थियो।

च) माटोको गुणस्तरको अध्ययन : माटोको गुणस्तरमा सम्भावित प्रभावको अनुगमनको लागि प्रस्तावित बाँध क्षेत्र, चेपुवा, छुम्सर बस्ती क्षेत्र, रिदाक, लिङ्गम् बस्ती क्षेत्र र Construction yard (लिङ्गम् नजिक) क्षेत्रबाट माटोको नमुना सङ्कलन गरेर pH, Oil र Grease, Lead, Copper, Iron, Zinc, Cadmium, Nickel र Chromium को स्तर मापन गरिएको थियो भने माटोको गुणहरुको अध्ययनका लागि अरुण नदीको दायाँ किनारमा माटोको नमुना सङ्कलन गरी माटोको गुणस्तर (pH, Conductivity, Organic Matter, Moisture, Potassium, Sodium Absorption Ratio (SAR), Cation Exchange Ratio र Texture) मापन गरिएको थियो।

छ) जल गुणस्तरको अध्ययन : आयोजना क्षेत्रको खानेपानीको लागि ५ ठाउँहरूबाट नमुना सङ्कलन गरी र अरुण नदीको ९ ठाउँहरूबाट नमुना सङ्कलन गरी प्रयोगशालामा विश्लेषण गरिएको थियो। नमुना विश्लेषण पहिलो पटक वि.स २०७७ असोजमा र पछिल्लो पटक २०७९ जेष्ठमा गरिएको थियो। नमुना संकलन स्थलमा जल गुणस्तरको स्थलगत मापनका लागि Lutron WA-२०१५ digital Multiparameter probe को प्रयोग गरि पानीको तापक्रम (water temperature), अम्लीयपन (pH), घुलीत अक्सिजन (Dissolved Oxygen, DO), विद्युतीय प्रवाहकत्त्व (Electrical Conductivity), कूल घुलीत ठोस पदार्थ (Total Dissolved Solids, TDS), Total Suspended Solids (TSS) र धमिलोपन (Turbidity) जस्ता भौतिक(रासायनिक गुणहरुको मापन गरिएको थियो। नमुना संकलन स्थलमा स्थलगत मापन गर्न नसकिने रासायनिक पदार्थ र गुणहरुको मापनका लागि नमुना संकलन गरि उचित संरक्षण सहित प्रयोगशालामा ल्याएर स्थापित वैज्ञानिक मापदण्ड र विधि (APHA, १९९८) द्वारा प्रयोगशाला परीक्षण गरिएको थियो। प्रत्येक नमुना संकलन स्थलमा नदीमा किनारबाट सकेसम्म टाढा, घुँडासम्म गहिराइ भएको स्थानमा नमुना संकलन स्थलको प्रमुख प्रवाह प्रकारहरु (dominant flow types) को प्रतिनिधित्व हुने गरी पानीको नमुना लिई आवश्यक preservative सहित HDPE bottle मा single composite sample संकलन

गरिएको थियो। संकलित नमुनाको नमुना संकेत, नमुना प्रकार, संकलन मिति र समय टिपोट गरी ice packs सहितको ice-box मा नमुनाहरु प्रयोगशालासम्म स्थानान्तरण गरिएको थियो। पिउने पानीको नमुनाहरुको भौतिक रासायनिक गुणस्तर मापनका लागि पनि नदीको पानीको नमुनाहरुको परीक्षणका लागि अपनाइएको स्थलगत मापन तथा प्रयोगशाला परीक्षण विधिहरु अवलम्बन गरिएको थियो।

ज) सुरुंगको आसपास अवस्थित पानीका मुहानहरुको अभिलेखीकरणः सुक्खायाम (बैशाख महिना) मा सुरुंगको आसपास अवस्थित पानीका मुहानहरुको अभिलेखीकरण तथा औसत वहावको मापन गरिएको थियो।

२.३.२. जैविक वातावरण

आयोजना स्थलको जैविक वातावरणीय अवयवहरुको जानकारी लिन विज्ञ टोली बाट स्थलगत अवलोकन गरी नोट टिपोट समेत गरियो। मुलतः आयोजना स्थलको बाँध स्थल, जलाशयले ढाक्ने क्षेत्र, विद्युत गृह क्षेत्रहरुको पैदल यात्रा गरी आवश्यक सूचनाहरु सङ्कलन गरियो । यसरी सूचना सङ्कलन गर्दा आयोजना स्थलका स्थानीयलाई, डिभिजन वन कार्यालयका र मकालु बरुण राष्ट्रिय निकुन्जका प्रतिनिधिहरुलाई पनि सँगै लिइएको थियो। साथै स्थानीयसँग आयोजना वरपर पाईने वन्यजन्तुको बारेमा जानकारी लिई सूचना सङ्कलन गरियो। आयोजना निर्माण चरणमा कटान हुने सम्पूर्ण रुखहरु गणना कार्य गरिएको थियो। त्यस्तै आयोजनाको वनस्पतिको अवस्थिति पत्ता लगाउन sample plot हरु समेत राखिएको थियो। कटान हुने सम्पूर्ण प्रत्येक रुखहरुको rangefinder को प्रयोग बाट उचाई मापन गरिएको थियो भने गोलाई नाप्न DBH tape को प्रयोग गरिएको थियो। यसका अतिरिक्त कटान हुने प्रत्येक रुखको GPS coordinate समेत संकलन गरिएको थियो। यसरि प्राप्त तथ्यांकलाइ वन नियमावली २०७९ ले निर्दिष्ट गरेका विधिहरु प्रयोग गरि विश्लेषण गरिएको थियो।

प्रस्तावित आयोजनाको प्रभाव क्षेत्रको वन्यजन्तु विविधताको अध्ययन र वन्यजन्तुमा आयोजनाबाट पर्न सक्ने प्रभावको आधारभूत अध्ययनका लागि प्रभाव क्षेत्रलाई उच्च प्रभाव क्षेत्र, मध्यम प्रभाव क्षेत्र तथा न्यून प्रभाव क्षेत्रका रुपमा प्रारम्भिक वर्गीकरण गरिएको थियो (तालिका २-१) । असोज २०७७, जेष्ठ/असार २०७९ र श्रावण २०७९ मा गरिएको स्थलगत अध्ययन भ्रमणका क्रममा मुलतः आयोजना क्षेत्रको अरुण नदी तटीय क्षेत्रमा अवस्थित आयोजनाको मूल कार्य हुने स्थानको वन्यजन्तुको विविधता अध्ययन गरि जानकारी संकलन गरिएको थियो।

तालिका २-१: जैविक प्रभाव क्षेत्रको वर्गीकरण

प्रभाव क्षेत्रको वर्गीकरण	वर्गीकरणको आधार
उच्च प्रभाव क्षेत्र	जलाशय/डुबान क्षेत्र तथा बाँध निर्माण पछि बन्ने न्यून प्रवाह क्षेत्र (Dewater zone) समेटिने,
मध्यम प्रभाव क्षेत्र	जलाशय र न्यून प्रवाह क्षेत्रको सिर्जनाका कारण वन्यजन्तुको विचरण प्रभावित हुने,

प्रभाव क्षेत्रको वर्गीकरण	वर्गीकरणको आधार
न्यून प्रभाव क्षेत्र	आयोजनाका कारण वन्यजन्तुलाई प्रत्यक्ष प्रभाव नपर्ने,

आयोजनाको प्रभाव क्षेत्रको वन्यजन्तु विविधताको स्थलगत अध्ययनका क्रममा Larsen (२०१६) को Rapid biological field assessment methods को अनुसरण गरि चिन्ह सर्वेक्षण (Sign survey), ट्रान्सेक्ट सर्वेक्षण (transect survey), प्रत्यक्ष अवलोकन (direct observation) तथा सामाजिक अन्तरक्रिया (अनौपचारिक छलफल) विधिहरुको प्रयोग गरिएको थियो। स्थलगत अध्ययनका लागि उपलब्ध समयमा आयोजनाको प्रभाव क्षेत्रमा वन्यजन्तु संरक्षणको अवस्थाको वृहत तथा भरपर्दो जानकारी संकलनका लागि प्रयुक्त विधिहरु उत्तम तथा किफायती भएका कारण छनोट गरिएका हुन्।

विशेषतः स्तनधारी प्रजातिहरुको सर्वेक्षणको लागि चुनिएका (purposively selected) उपयुक्त स्थानहरु (ridges, विचरण मार्ग, पानीका स्रोत, आहारग्रहण स्थल, यथेष्ट संख्यामा चिन्ह भएका स्थान आदि) मा क्यामेरा ट्रापिंग गरिएको थियो भने मानवनिर्मित गोरेटोहरुमा दिवा ट्रान्सेक्ट सर्वेक्षण र प्रत्यक्ष अवलोकन, ट्रान्सेक्टको दाँयाबाँया ५-५ मिटर सम्म गरिने चिन्ह (दुलो/ओडार/गूँड, दिसा/विष्टा, पाइला/पदचिन्ह, आहारग्रहण स्थल) सर्वेक्षणका साथै अन्तरक्रिया गरिएको थियो। चिन्ह भेटिएको स्थानहरुको भौगोलिक अवस्थिति र परिस्थिति, उचाई, भिरालोपन, भू-उपयोग आदि उपयुक्त जानकारी पनि संकलन गरिएको थियो। प्रस्तावित बाँध निर्माण स्थल तथा विद्युतगृह निर्माण स्थलमा सरीसृप र उभयचर प्रजातिहरुको विद्यमान अवस्था अध्ययन गर्नका लागि २०७९ श्रावण ११ देखि १६ मा आयोजना क्षेत्रको समग्र वन्यजन्तु विविधता सम्बन्धी जानकारी पनि संकलन गरिएको थियो। यस अलावा २०७९ श्रावण ११ देखि १६ गते सम्म, वा.प्र.मु. को सार्वजनिक सुनुवाईको आयोजनाको सन्दर्भमा गरिएको स्थलगत भ्रमणको क्रममा आयोजना क्षेत्रमा वन्यजन्तु (विशेषतः पन्छी प्रजातिहरु) को प्रत्यक्ष अवलोकन (opportunistic sighting) गरिएको थियो।

ट्रान्सेक्ट सर्वेक्षणको क्रममा ट्रान्सेक्टमा पन्छीहरुको प्रजाति तथा कुल संख्या टिपोट गरिनुका साथै स्थानीय मानिसहरुसँग अन्तरक्रियाद्वारा पन्छीहरुको अवस्थाको जानकारी संकलन गरिएको थियो। ट्रान्सेक्टमा अवलोकन गरिएका पुतली प्रजातिहरुको तस्वीर संकलन पनि गरिएको थियो।

यसका साथै स्थानीय स्तरमा हुने वन्यजन्तुको शिकार, मानव-वन्यजन्तु द्वन्द तथा आयोजनाको प्रभाव क्षेत्रमा वन्यजन्तुको समग्र अवस्थाको जानकारी संकलन गर्न स्थानीय समुदायसंग अन्तरक्रिया तथा जिल्ला वन अधिकारी लगायत प्रमुख जानकार व्यक्तिहरुसंग परामर्श पनि गरिएको थियो।

आयोजना क्षेत्रको नदीमा पाइने माछा प्रजातिहरुको विविधताको प्रारम्भिक अध्ययनका लागि पहिलो चरणमा सामाजिक अन्तरक्रिया तथा स्थानीय बजारको अवलोकन गरी माछा प्रजातिको उपस्थितिको जानकारी संकलन गरिएको थियो भने माछा लगायत जलचरको विविधताको विस्तृत

स्थलगत अनुसन्धान र नमुना संकलन बर्खा याम (मनसून) पश्चातको अवधि (असोज २०७९) मा सम्पन्न गरिएको थियो।

प्रत्येक नमुना संकलन स्थलमा करिब ४००-५०० मिटर लम्बाइको नदी खण्ड समेटिने गरी ५० पटक गोटी जाल/फ्याँक्ने जाल (cast net) को प्रयोग गरि माछाको नमुना संकलनका गरिएको थियो। प्रत्येक नमुना संकलन स्थलमा दुई घण्टा सम्म नमुना संकलन गरी नमुना संकलन अवधिमा एकरुपता कायम गरिएको थियो। माछाका नमुनाहरुको यथास्थान प्रजाति तहसम्म पहिचान गरी नमुनाहरुको standard लम्बाई, कुल लम्बाई र तौल मापन पश्चात माछाहरुलाई जीवित नै वासस्थानमा छोडिएको थियो। Shrestha) 2019) का keys का आधारमा माछा प्रजातिहरूको पहिचान गरिएको थियो। यथास्थानमै पहिचान गर्न नसकिएका माछाहरुको नमुना फर्मालिनको १० %घोलमा संरक्षित गरी प्रयोगशालामा विस्तृत पहिचान गरी प्रजाति यकिन गरिएको थियो। अभिलेख गरिएका प्रजातिका तथ्यांक Field Datasheet मा टिपोट गरिएको थियो। नमुना संकलन गरिएको खण्डमा नमुनाहरु स्थल अनुसार छुट्टाछुट्टै राखिएको थियो।

नाङ्गो आँखाले देख्न सकिने, ढाड/मेरुदण्डरहित जलचर तथा जलीय कीट वर्गको अध्ययनका लागि प्रत्येक नमुना संकलन स्थलमा नदी तथा खोलाहरुको ५०१००- मि. लामो निर्दिष्ट अध्ययन खण्ड भित्र पर्ने सबै प्रमुख नदी धरातलीय अवस्था तथा सुक्ष्म-वासस्थान (microhabitats) को समानुपातिक प्रतिनिधित्व हुने बहु-वासस्थान नमुना संकलन विधि (Multihabitat Sampling approach) को अवलम्बन गरिएको थियो। यस प्रयोजनका लागि हरेक नमुना संकलन स्थलमा सुक्ष्म-वासस्थानको क्षेत्रफलको अनुपात ५% दायरामा आकलन गरी सबै प्रमुख सुक्ष्म-वासस्थान प्रकारहरुमा समानुपातिक वितरण हुने गरी २० वटा उप-नमुनाहरु (sub-samples) संकलन गरिएको थियो। प्रत्येक उप-नमुना संकलनका लागि २५*२५ वर्ग सेन्टिमिटर आकारको फ्रेम र ५०० माइक्रोमिटर अर्थात् ०.५ मिलिमिटर नापका छिद्रहरु (५०० µm mesh) भएको जाली (Kick-net) को प्रयोग गरि नमुना संकलन गरिएको थियो। नदीको धरातलमा जाली राखेर सोको अगाडीको करिब २५*२५ वर्ग सेन्टिमिटर बराबरको क्षेत्रफलमा गेग्रान चलाएर पातपतिंगर र गेग्रान सहित मेरुदण्डरहित जलचरको नमुना जालीतर्फ बगेर जम्मा हुने गरी नमुना संकलन गरिएको थियो। हरेक स्थलमा संकलित उप-नमुनाहरु मिसाएर एकै नमुना बनाई सोको यथास्थान प्रशोधन तथा इथेनोल (Ethanol, ९९%) मा संरक्षण गरी नमुनाको संकेत टिपोट गरिएको थियो। यसका साथै नमुना संकलन गरि नमुनामा भएका जीवहरुको यथास्थान पहिचान र Rapid Screening Protocol को प्रयोग गरी नमुना संकलन स्थलको पर्यावरणीय अवस्थाको अध्ययन गरी नदी पारिस्थितिकीको तीव्र परीक्षण (Rapid Stream Assessment) गरि नदी गुणस्तर श्रेणी (River Quality Class, RQC) निर्धारण गरिएको थियो। इथेनोल (Ethanol, ९९%) मा संरक्षित नमुनाको विस्तृत वैज्ञानिक पहिचान र अध्ययनका लागि प्रयोगशालामा नमुना प्रशोधन (sorting) गरि सुक्ष्मदर्शक यन्त्र (microscope) को प्रयोग गरि हरेक वर्ग (taxa) को पहिचान गरिएको थियो।

पानीमा डुबेका ढुंगा, गेग्रान लगायत अवयवहरुमा टाँसिएका जैविक अवशेष (organic detritus matrix) संग आवद्द ब्याक्टेरिया लगायत सुक्ष्मजीव (प्रकाश-संश्लेषण प्रक्रियामा निर्भर हुने वा नहुने दुबै प्रकारका) हरुद्वारा बन्ने लेउजस्तो पदार्थलाई Periphyton भनिन्छ। प्रत्येक नमुना संकलन स्थलमा उपयुक्त, पानीको वेग कम भएको, २०-४० से.मि. गहिराइ भएको र वर्षभर पानीको वहाव हुने सुक्ष्म-वासस्थानहरुबाट उस्तै उस्तै नाप (१०-१५ से.मि. व्यास वा लम्बाइ भएका) ५ वटा ढुंगाहरु पेरिफाईटनको नमुना संकलनका लागि लिइएको थियो। प्रत्येक ढुंगालाई सेतो ट्रेमा अलग अलग राखेर ब्रसले रगड्दै र १०० मि.लि. Distilled पानीले पखाल्दै पेरिफाईटनको नमुना ट्रेमा संकलन गरिएको थियो। प्रत्येक ढुंगाबाट यस प्रक्रियाद्वारा निकालिएको पेरिफाईटनको नमुनालाई छुट्टाछुट्टै sample bottle मा स्थानान्तरण गरी १-२ मि.लि. Lugol÷s solution सहित संरक्षण गरि नमुना संकेतहरु कायम गरिएको थियो र नमुनाहरुमा प्रकाश नपर्ने गरी प्रयोगशालामा ल्याइएको थियो। पेरिफाईटन संकलन गरिएको ढुंगाको क्षेत्रफल निर्धारण गर्न नमुना संकेत अनुसार प्रत्येक ढुंगाको नाप (सर्वाधिक लामो अक्ष/लम्बाई x, चौडाई y, मोटाई z तथा बाटुलो ढुंगाको गोलाई/परिधि z) टिपोट गरिएको थियो। संकलित नमुनाहरुबाट पेरिफाईटनको जैविक पिण्ड (biomass) निर्धारण गर्नका लागि ash free dry mass method (APHA, १९९५) अवलम्बन गरिएको थियो। पानी सहितको नमुनालाई filter paper द्वारा छानेर छानिएको पदार्थ सहितको filter paper लाई Hot air oven मा १०५° सेल्सियस तापक्रममा एक घण्टा सुकाएर तौल (W१) निर्धारण गरी Muffle furnace मा ५००° सेल्सियस तापक्रममा ३-४ घण्टा सुकाएर तौल (W२) निर्धारण गरी निम्नानुसार प्रत्येक नमुनाको पेरिफाईटनको जैविक पिण्ड (biomass) निर्धारण गरिएको थियो :

पेरिफाईटनको जैविक पिण्ड (biomass) = (W1 - filter paper को प्रारम्भिक तौल) - W2

नदीको पानीमा बग्ने, प्रकाश-संश्लेषण (photosynthesis) गर्ने र पारिस्थितिकिय रुपले जलीय खाद्य शृंखलाको आधारमा रहने मसिना लेउजस्ता फाईटोप्लांकटन् (Phytoplankton) को नमुना संकलनका लागि ६० माइक्रोमिटर अर्थात् ०.०६ मिलिमिटर नापका छिद्रहरु (६० µm mesh) भएको जाली (net) द्वारा २५० लि. नदीको पानी छानिएको थियो। छानिएको नमुना करिब ५० मि.लि. पानी सहित Lugol÷s solution र formaldehyde सहित संरक्षण गरी प्रयोगशालामा ल्याइएको थियो। प्रयोगशालामा नमुना प्रशोधन गरि सुक्ष्मदर्शक यन्त्र (microscope) द्वारा नमुनाको विस्तृत वैज्ञानिक पहिचान र अध्ययनका गरिएको थियो।

२.३.३. सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरण

वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन अन्तर्गतको आधाररेखा अध्ययनका लागि प्रारम्भिक चरणमा प्रस्तावित आयोजनाको प्रभाव क्षेत्रको वस्तुस्थिति, जनघनत्व, सामाजिक आर्थिक अवस्थाको बारेमा केही धारणा निर्माण गर्ने अभिप्रायले विभिन्न विज्ञहरूद्वारा स्थलगत अवलोकन

भ्रमण गरिएको थियो। उक्त भ्रमणबाट प्राप्त सूचनाको आधारमा आवश्यक द्वितीय स्रोत पहिचान गरी तथ्याङ्क सङ्कलन तथा विश्लेषणमा सहज भएको छ।


- **सर्वेक्षण साधनहरूको तयारीः** स्थलगत अध्ययनको लागि परिचालन गर्नुपूर्व, घरधुरी सर्वेक्षण प्रश्नावली, समूह छलफल चेकलिस्ट, लक्षित समूह छलफल चेकलिस्ट, मुख्य जानकार चेकलिस्ट, सम्पत्ति नोक्सान लगत फाराम सहित अन्य सूचना तथा जानकारी सङ्कलन फाराम तयार गरिएको थियो। यसका साथै स्थलगत अध्ययन टोलीलाई दुई दिनको स्थलगत अध्ययन अभिमुखीकरण तालिम दिईएको थियो।
- **स्थलगत अध्ययन कार्यः** प्रस्तावित जलविद्युत आयोजनाको स्थलगत अध्ययन कार्य २०७९ आषाढ महिनामा र थप पहुच सडकको अध्ययनका २०७९ पुस २८ देखि माघ १४ गते सम्पन्न गरिएको थियो। स्थलगत अध्ययन कार्य विज्ञ समूहको अनुगमनमा सम्पन्न गरिएको थियो। स्थलगत अध्ययन टोलीमा स्थलगत अध्ययन संयोजक, सुपरिवेक्षक, सर्वेक्षक र सहयोगी कर्मचारीको संलग्नता रहेको थियो।
- **अध्ययन क्षेत्रको छनौटः** आयोजनाको सामाजिक आर्थिक प्रभाव अध्ययनका लागि आयोजना प्रभावित पालिकाको प्रभाव क्षेत्रभित्र रहेका कुल ७ वटा बस्तीहरूमा अध्ययन सम्पन्न गरिएको थियो। सामाजिक आर्थिक अध्ययन गर्दा आयोजनाको अवयवहरूबाट करिब २ घण्टा सम्मको पैदल दूरी भित्रको बस्तीलाई अध्ययन स्थल मानेर अध्ययनमा समेटिएको छ। यसरी छनौटमा परेका बस्तीका बासिन्दाहरूलाई आयोजना निर्माणका क्रममा रोजगारीमा पहुँच हुने हुँदा दैनिक रूपमा आवतजावत गर्न सक्ने, आफूले उत्पादन गरेका उपभोग्य बस्तुहरू सहजै बिक्री गर्न सक्ने लगायतका सकारात्मक प्रभाव तथा स्थानीय बजारमा पर्ने प्रभाव, सामाजिक चालचलनमा पर्ने प्रभाव, निर्माण चरणमा हुने प्रदूषण जस्ता नकारात्मक प्रभावहरूमा सरोकार हुने आंकलन गरिएको छ।
- **घरधुरी सर्वेक्षणः** अध्ययनको क्रममा आयोजना प्रभाव क्षेत्रका बस्तीमा गई घरधुरी सुची तयार गरिएको थियो। सुची तयार गर्नुपूर्व सम्बन्धित बस्तीका स्थानीय तहका प्रतिनिधि तथा अगुवासँग समन्वय गरेर घरधुरीहरू सूचीकृत गरिएको थियो। उक्त सूचीमा बस्तीभित्र बसोबास गरेका विभिन्न जातजातिको समेत घरधुरी समेटिने गरि सरल अनियमित नमुना विधिका माध्यमबाट घरधुरी छनोट गरिएको थियो। नमुनाको आकार न्यूनतम २०५ घरधुरीको लक्ष्य अनुसार करिब ४८ प्रतिशत आयोजना प्रभाव क्षेत्रका घरधुरी सर्वेक्षण गरिएको थियो।
- **समूह केन्द्रित छलफलः** घरधुरी सर्वेक्षण गरिएको प्रत्येक बस्तीमा समूह केन्द्रित छलफलहरूको आयोजना गरिएको थियो। सामूहिक छलफलमा स्थानीय समुदायका अगुवा, आयोजना प्रभावित, शिक्षक, महिला प्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि, सामाजिक कार्यकर्ता, व्यापारी, स्थानीय तहका जनप्रतिनिधिहरूको सहभागिता रहेको थियो। यसका साथै आयोजना प्रभावित स्थानीय तहको पालिका कार्यालयमा पालिका स्तरीय अन्तरक्रिया पनि सम्पन्न गरिएको थियो।

- **मुख्य जानकार अन्तर्वार्ता:** स्थलगत अध्ययनको क्रममा अध्ययन टोलीबाट आयोजना प्रभाव क्षेत्र भित्रका सामाजिक कार्यकर्ता, शिक्षक, बुद्धिजीवी, पालिकाका जनप्रतिनिधिहरू लगायत अन्य सरोकारवाला निकाय प्रमुखहरूसँग मुख्य जानकारका रूपमा अन्तर्वार्ता गरिएको थियो। यसको मुख्य उद्देश्य जलबिधुत आयोजनाको विविध पक्षहरूमा सरोकारवालाहरूको धारणा सङ्कलन गर्नु थियो।
- **प्रभावित सम्पत्तिको लगत सङ्कलन:** कित्तानापी नक्साको आधारमा आयोजनाबाट प्रभावित हुने जग्गा, घरसंरचना, रुखविरुवा लगायत अन्य प्रभावित हुने सम्पत्तिहरूको लगत तयार गरिएको थियो। यस प्रक्रियामा आयोजनाबाट प्रभावित हुने सम्पूर्ण भौतिक सम्पत्तिको स्वामित्व सहित विस्तृत लगत तयार पारिएको थियो। यस क्रममा आयोजनाबाट प्रभावित हुने जग्गाको किसिम, जग्गाको उपयोग र जग्गामा हाल रहेको खेती सम्बन्धी विवरण लिइयो। यसैगरी प्रभावित कित्तामा निर्मित घर संरचनाहरूको विस्तृत नाप जाँच, हालको उपयोग, संरचना किसिम, संरचनाको स्वामित्व आदि विवरण लिनुका साथै प्रभावित संरचनाको फोटो पनि लिइएको थियो। प्रभावित सम्पत्तिको लगत तयार गर्ने क्रममा आयोजनाबाट प्रभावित कित्तामा रहेका रुख बिरुवाहरूको नाप, किसिम, उमेर आदि विवरण सङ्कलन गरिएको थियो।
- **स्थलगत अवलोकन:** वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन अन्तर्गतको आधाररेखा अध्ययनका लागि प्रारम्भिक चरणमा प्रस्तावित आयोजनाको प्रभाव क्षेत्रको वस्तुस्थिति, जनघनत्व, सामाजिक आर्थिक अवस्थाको बारेमा केही धारणा निर्माण गर्ने अभिप्रायले विभिन्न विज्ञहरूद्वारा स्थलगत अवलोकन गरिएको थियो। यसका अलावा स्थलगत अध्ययनको अवधिमा आयोजना क्षेत्रमा रहेका विभिन्न बस्ती तथा आयोजनाले प्रभाव पार्ने विभिन्न अवयवहरूको अवलोकन गरिएको थियो।
- **तथ्याङ्क विश्लेषण र प्रस्तुति:** सङ्कलन गरिएका सबै तथ्याङ्क, सूचना र जानकारीहरू प्राविधिक विज्ञको सहायतामा छुट्टै सफ्टवेयर निर्माण गरि इलेक्ट्रोनिक प्रशोधन गरेर आवश्यकता अनुसार प्रयोग गर्नका लागि व्यवस्थित गरिएको छ। सङ्कलन गरिएका तथ्याङ्क र सूचनाहरूलाई अर्थपूर्ण प्रयोगका लागि विभिन्न शीर्षकहरूमा वर्गीकरण गरिएको छ। सङ्कलित सूचना तथा तथ्याङ्कहरूलाई तालिकामा प्रस्तुत गरि व्याख्या जस्ता वर्णनात्मक विधि प्रयोग गरी विश्लेषण गरिएको छ।

३. भौतिक वातावरण आधाररेखा

३.१. भौगोलिक स्वरूप

नेपालको क्षेत्रीय प्राकृतिक भूगोलमा, प्रस्तावित आयोजना क्षेत्र पूर्वी नेपालको उच्च भूमि क्षेत्र (highland zone) मा अवस्थित छ। आयोजना क्षेत्र हिमालयको विशिष्ट पहाडी भू-भागमा अवस्थित छ जहाँ प्रायः चट्टान इलाका, अति भिरालो पर्वत श्रेणीहरु, साँघुरो ठाडो नदी उपत्यका र उपत्यकामा न्यून भिरालो (हल्का झुकाव भएको) भू-बनोट सहितको पहाडी भू-भागहरू रहेका छन्। आयोजनाको हेडवर्क्स क्षेत्रको विशेषता अग्लो हिमालहरुमा हिउँले ढाकिएको चुचुराहरू, हिमनदी र तिनको भण्डारणहरू र ठाडो ढलान भएका गहिरा उपत्यकाहरू आदि हुन्। भौगोलिक रुपमा विषम प्रस्तावित आयोजना क्षेत्रको अधिकतम र न्युनतम उचाई क्रमशः ३८५० मि. र १६५० मि. छ भने आयोजना क्षेत्रको प्राय स्थानहरुमा जमिनको भिरालोपन/झुकाव ६० डिग्री भन्दा अधिक छ।



नक्सा २: भोटखोला गाउँपालिकाको उचाई नक्शा


श्रोतः नापी विभागद्वारा प्रकाशित Topographic नक्शाको आधारमा तयार गरिएको

सुरुङ्ग मार्ग रेखाको माथि पर्ने हल्का भिरालो क्षेत्र खेतीका निम्ति प्रयोग गरिन्छ। ख्योक्मा देखि छुम्सुर गाउँको बीचको नदी उत्तर-पश्चिम देखि दक्षिण-पूर्व दिशामा बग्दछ र रिदाक गाउँमुनिको बेकन खोलाको संगमपछि नदी आयोजना क्षेत्र भित्र दक्षिण-पश्चिम दिशामा बग्दछ। हेडवर्क्स क्षेत्र नदीजन्य पदार्थ (fluvial deposits) र colluvial deposits थुप्रिएर भएर बनेको पहाडी भुभाग हो। अरुण नदी आसपासका पहाडहरुमा उद्गम भएका खोलाहरु समानान्तर जलनिकास प्रणाली (parallel drainage pattern) सहित अरुण नदीमा मिसिन्छन्।

हेडवर्क्स क्षेत्रबाट करिब ९ कि.मि. तल्लो तटीय क्षेत्रमा पुगेपछि अरुण नदीसंग मिसिने छेमादिन्दिन खोला आयोजना क्षेत्र भित्र अरुण नदीको प्रमुख सहायक नदी हो। अरुण नदी उपत्यका संरचनात्मक रुपमा foliation र joints द्वारा नियन्त्रित छ। आधारचट्टान (Bedrock) २५-३५ डिग्रीमा तल्लो तटीय क्षेत्रतर्फ झुकेको छ। हेडवर्क्स र विद्युतगृह क्षेत्रमा नदी foliation को strike को पार (across) बग्दछ। आयोजना क्षेत्रमा नदीद्वारा बनेको क्षयीकरणीय (erosional) र भण्डारण (depositional) किनारहरू स्पष्ट देखिन्छ। यस क्षेत्रमा प्राय ठाडो पहराहरू र कटकहरू (ridges) देखिन्छन्। आधारचट्टान प्राय हेडवर्क्स क्षेत्र (दुवै किनार) मा देखिन्छ। विद्युतगृह क्षेत्रमा ठुला ढुंगाहरू मिसिएका मिश्रित colluvium भण्डारण र आधारचट्टानको खण्डहरु देखिन्छ। आयोजना क्षेत्रमा, अरुण नदी र यसको सहायक नदीहरूद्वारा निर्मित कान्लाहरु (terraces) देखिन्छ।

३.२. जलाधार क्षेत्रको विवरण

नेपालको उत्तरपूर्वी भू-भाग र तिब्बतको दक्षिण भू-भागमा अरुण नदीको किनारमा अवस्थित अरुण जलाधार सप्तकोशी जलाधार अन्तर्गत पर्दछ। तिब्बतको Mt. Xixabangma को उत्तरी ढलानमा अवस्थित हिमनदीमा उद्गम भएको अरुण नदीलाई तिब्बतमा Pum Qu भनिन्छ। तिब्बतको पठारमा समुद्री सतहबाट ४००० देखि ५००० मि. उचाईमा करिब ३०० कि.मि. दुरी पूर्व दिशातर्फ बगेपछि अरुण नदी दक्षिणतर्फ मोडिएर नेपाल प्रवेश गर्दछ। अरुण जलाधार एक अन्तर देशीय जलाधार हो। आयोजनाको हेडवर्क्स स्थलसम्मको जलाधारको प्राय जलग्रहण क्षेत्र (catchment area) चीनमा अवस्थित छ भने ०.१% भन्दा कम क्षेत्रफल मात्र नेपालमा पर्दछ।



नक्सा ३: आयोजनाको Intake site सम्म अरुण जलाधार क्षेत्रको उचाई नक्शा

श्रोतः किमाथांका अरुण जलविद्युत आयोजना (४५४ मेगावाट) आयोजनाको सम्भाव्यता अध्ययन प्रतिवेदन (जुन,२०२२)

भौगोलिक रुपमा अरुण जलाधारको जलग्रहण क्षेत्र अक्षांश २७°२९'२८"-२९°७'५६" र देशान्तर ८५°४४'१८"-८८°५७'५४" बीचमा अवस्थित छ। यो जलाधार क्षेत्र समुद्री सतहबाट ८७१ मि. (उवा गाउँ स्थित जलनिकास बिन्दु/outlet) देखि ८,४६५ मि. सम्म फैलिएको छ। उवा गाउँ स्थित जलनिकास बिन्दुमा अरुण जलाधारको जलाधार क्षेत्रफल २६,१३२.७९ वर्ग कि.मि. छ र किमाथांका जलनिकास बिन्दु (आयोजना क्षेत्र) मा २४,८३५.५८ वर्ग कि.मि. छ।

तालिका ३-१: जल तथा जलाधार क्षेत्र सम्बन्धी जानकारी

विशेषता	आयोजना स्थलको जलग्रहण क्षेत्र (KAHEP Catchment Area)	उवा गाउँ स्टेशन (स्टेशन नं. ६००.१) मा जलग्रहण क्षेत्र (Catchment Area at Uwa Gaun Station)
जलाधार क्षेत्रफल (Area)	२४,८३५ वर्ग कि.मि.	२६,१३२.७९ वर्ग कि.मि.
क्षेत्रफलः ३,००० मिटर भन्दा कम उचाई	५७.३ वर्ग कि.मि.	४३३.१९ वर्ग कि.मि.
क्षेत्रफलः ३,००० देखि ५,००० मिटर उचाई	१४,४१६ वर्ग कि.मि.	१५,०८३.५९ वर्ग कि.मि.
क्षेत्रफलः ५,००० मिटर भन्दा बढी उचाई	१०,३६१ वर्ग कि.मि.	१०,६१६.०१ वर्ग कि.मि.

अरुण नदीको जलप्रवाह सम्बन्धी तथ्यांकको अभिलेखन र विश्लेषणका लागि उवा गाउँ स्टेशन (स्टेशन नं. ६००.१) र तुर्किघाट स्टेशन (स्टेशन नं. ६०४.५) मा स्थापित नदीप्रवाह मापन स्टेशनहरुलाई आधार मानिएको छ जुन आयोजनाको प्रस्तावित हेडवर्क्स स्थल भन्दा क्रमशः २७.७२ कि.मि. र लगभग ७३ कि.मि. तल्लो तटीय क्षेत्रमा अवस्थित छन्। उवा गाउँ स्टेशनमा सन् १९८५-२००६ अवधिको र तुर्किघाट स्टेशनमा सन् १९७५-२००६ अवधिको दैनिक बहाव (Daily discharge) को तथ्यांक उपलब्ध छन्। उल्लेखित स्टेशनहरुको विवरण तलको तालिकामा दिइएको छ।

तालिका ३-२: आयोजना क्षेत्र नजिक रहेको जलप्रवाह मापन (हाइड्रोलोजिकल) स्टेशन


स्टेशन	स्टेशन नम्बर	जिल्ला	अक्षांश	देशान्तर	उचाई (मि.)	तथ्यांकको अवधि	तथ्यांक उपलब्ध भएका वर्षको संख्या
उवा गाउँ	६००.१	संखुवासभा	२७°३५'२१"	८७°२०'२२"	१२९४	सन् १९८५-२००६	२२
तुर्कीघाट	६०४.५		२७°२०'००"	८७°११'३०"	४१४	सन् १९७५-२००६	३२

दीर्घकालीन श्रृंखला तथ्यांक प्रयोग गरेर Soil and Water Assessment Tool (SWAT) हाइड्रोलोजिकल मोडलिङ्गबाट आंकलन गरिएको डिजाइन इनफ्लो (Design inflow) आयोजनाको थप डिजाइनका लागि प्रयोग गरिएको छ। जलप्रवाह तथ्यांकको हाइड्रोलोजिकल विश्लेषणको परिणाम स्वरूप प्राप्त अंगिकृत दैनिक प्रवाह (Adopted Daily Discharge) लाई

नदीको जलप्रवाहको परिवर्तनशीलताको सम्भावित परिदृश्यहरूको विश्लेषणको लागि प्रयोग गरिएको छ। प्रत्येक महिनाको लागि न्यूनतम, औसत र अधिकतम जलप्रवाह गणना गरि तालिका ३-३ र चित्र नं. ७ मा प्रस्तुत गरिएको छ।

तालिका ३-३: हेडवर्क्स क्षेत्रमा अरुण नदीको जलबहावको मासिक प्रवृत्ति

महिना	हेडवर्क्स क्षेत्रमा अरुण नदीको जलबहाव (घनमिटर प्रति सेकेन्ड)		
	अधिकतम	औसत	न्यूनतम
Jan	६४.७३	६०.०८	५५.८५
Feb	६१.३८	५६.२२	४५.४७
Mar	६५.८४	५४.२८	३५.३६
Apr	६६.१३	४८.०१	२७.०६
May	१२१.६३	७८.२	४३.६५
Jun	४३१.११	२३७.१७	७५.९२
Jul	६१०.१४	५२३.८	३९६.३
Aug	६६८.४४	५६२.५२	४८०.२६
Sept	५३४.१४	४०४.१३	२९१.३१
Oct	२९५.३७	१८४.८२	१२०.१
Nov	१२८.८४	९८.१	८०.७४
Dec	७९.७१	७०.०६	६१.१३



चित्र ६: हेडवर्क्स क्षेत्रमा अरुण नदीको जलबहावको मासिक प्रवृत्ति


(श्रोतः किमाथांका अरुण जलविद्युत आयोजना (४५४ मेगावाट) आयोजनाको सम्भाव्यता अध्ययन प्रतिवेदन (जुन,२०२२)

३.३. भू-उपयोग

३.३.१. आयोजना प्रभावित गा.पा.को भू-उपयोग

प्रस्तावित आयोजना क्षेत्र भोटखोला गाउँपालिकाको वडा न. २ मा अवस्थित छ। भोटखोला गाउँपालिकाको कुल जमिन क्षेत्रफल ७३१२७.४३ हे. रहेको छ। भोटखोला गाउँपालिकाको

भू-उपयोग अन्तर्गत कृषि क्षेत्र (४.८%), बाँझो जमिन (४२.५%), वन क्षेत्र (२७.८%) र घाँसे मैदान (४.८%) पर्दछन् (नक्सा ५)। आयोजनाको संरचनाले प्रायः वन क्षेत्रको जग्गा र झाडी क्षेत्रलाई प्रभावित गर्नेछ भने पहुँच सडक र शिविर क्षेत्रले स्थायी वा अस्थायी रुपमा कृषि योग्य जमिनलाई असर गर्न सक्दछ। आयोजना निर्माण र संचालनका कारण निम्तिन सक्ने भू-उपयोगमा रुपान्तरणको प्रभाव एक दीर्घकालीन वातावरणीय र सामाजिक महत्वको मुद्दा हो।



नक्सा ४: भोटखोला गाउँपालिकाको भू-उपयोग नक्शा

श्रोतः: वन अनुशन्धान तथा प्रशिक्षण केन्द्र (FRTC) द्वारा प्रकाशित भू-उपयोग नक्साको (सन् २०२१) तथ्यांकको आधारबाट तयार गरिएको। Forest Research and Training Centre (FRTC). (April, 2022) Regional Database System: Land Cover of Nepal ICIMOD:RDS

आयोजनाको संरचनाले ओगट्ने जग्गाको भू-उपयोग हेर्दा मुख्यतः खेतीयोग्य निजीजमिन, भिरालो पाखो, खेती गरिएको सरकारी जमिन, वन बुट्यान, नदीको क्षेत्र र सिँचाई कुलोले ओगटेको क्षेत्र रहेको देखिन्छ।

तालिका ३-४: आयोजनाको मुख्य संरचना रहने क्षेत्रको भू-उपयोग


भू-उपयोग	क्षेत्रफल (हेक्टर)	प्रतिशत (%)
खेती/निजी	६८.०९	४०.३५
भिरालो पाखो	५.६२	३.३३
सरकारी/खेती	०.४५	०.२७
वन बुट्यान	७३.१८	४३.३७
नदी	१९.९६	११.८३
सिँचाई कुलो	१.४३	०.८५
जम्मा	**१६८.७३**	**१००.००**

३.४. भू-गर्भ

३.४.१. क्षेत्रीय भू-गर्भ (Regional Geology)


भौगर्भिक दृष्टिकोणले प्रस्तावित आयोजना क्षेत्र अरुण नदी उपत्यकामा फैलिएको अरुण टेक्टोनिक विन्डो (Arun tectonic window) अन्तर्गत लेसर हिमालयन नाइस (Lesser Himalayan Gneisses) मा अवस्थित छ। सो विन्डोमा marble, garnet biotite gneiss, augen gneiss, schist, banded gneiss, quartzite जस्ता लेसर हिमालय क्षेत्रको परिवर्तित (metamorphic) चट्टानहरु पाइन्छ। यी चट्टानहरू मुख्यतया बाक्लोदेखि धेरै बाक्लो पत्र (foliation) भएका, बिरलै मात्र पातलो पत्र भएका छन् र मध्यम बलियोदेखि बलियो छन्। आयोजनाको अवयवहरु अवस्थित हुने स्थानहरूका भिन्न भौगर्भिक खण्डहरुमा मुख्यतया banded gneiss-augen gneiss तथा schistose gneiss (schist तथा amphibolite का साना अंश र local fault, shear/weak zones, lineaments सहित) छन्। समग्रमा चट्टानहरुको foliation दक्षिणपूर्वतर्फ छ र झुकाव (dip) न्युन (साधारणतया २५ डिग्री, केहि स्थानहरुमा २०-३५ डिग्री) छ तथा साधारणतया आयोजना क्षेत्रमा four-set वा three-set plus random joints हरु रहेको देखिन्छ। भौगोलिक अवस्थितिका आधारमा पूर्वी नेपालको उच्च भूभाग (highland zone) अन्तर्गत पर्ने आयोजना क्षेत्रको भू-आकृति हिमालयको आम पहाडी भूभागसंग मिल्दोजुल्दो छ। समुद्री सतहबाट १५६० मि. देखि ३८५० मि. सम्म फैलिएको यस क्षेत्रको भू-आकृतिमा ridge, spur, saddle रहेका छन् भने उपत्यकाको भू-आकृति मध्यम झुकाव (moderately dipping) देखि निकै भिरालो (steep) रहेको छ। आयोजना क्षेत्रमा वृक्षाकार, trellis तथा समानान्तर निकास शैली (drainage patterns) भएका विभिन्न खोल्सा, साना सहायक खोला र नाला/जलमार्गहरु (gullies) अरुण नदीमा मिसिन्छन् र अरुण नदीको साधारणतया साँघुरो नदी उपत्यकामा उल्लेख्य संख्यामा भण्डारण र कटान हुने किनार संरचना देखिन्छन्। अरुण नदी खण्डको केहि स्थानहरुमा पहिरोका कारण नदी थुनिएका घटना (landslide damming) का ऐतिहासिक भौगर्भिक प्रमाणहरु पनि देखिन्छ, जस्तै छुम्सुर गाउँको फेदमा करिब ७० वर्ष अगाडी landslide damming भएको थियो।

अरुण नदीको दुवै किनारमा किमाथांकादेखि तुम्लिङटारसम्म उत्तर-दक्षिण दिशामा उन्मुख रहेको एक प्रमुख tectonic सिमानाः मुख्य केन्द्रीय जोर (Main Central Thrust, MCT) प्रस्तावित आयोजना स्थलको उत्तरपूर्व र पश्चिमतर्फ अवस्थित छ। वर्तमानमा भौगर्भिक रुपले निष्क्रिय रहेको मानिने MCT आयोजना स्थलदेखि टाढा रहेको कारण पनि आयोजनामा MCT को tectonic असरको प्रभाव नगण्य हुने आंकलन गरिएको छ। Shear/weak zones प्राय banded तथा schistose gneiss (करिब १०-१५ से.मि. बाक्लोपन भएका) मा पाइएको छ। foliation तथा ठाडो जोडहरु-vertical joints (Extension joints) र केहि अन्य shear joints आयोजना क्षेत्रका प्रधान भौगर्भिक अवयवहरु हुन्।



नक्सा ५: नेपालको भौगर्भिक नक्शामा आयोजना स्थलको अवस्थिति

(श्रोतः नेपाल सरकार, खानी तथा भू-गर्भ विभाग)



नक्सा ६: आयोजना स्थलको क्षेत्रीय भौगर्भिक नक्शा

श्रोत :Dhital, M.R., 2015: Geology of Nepal: Regional Perspective of the Classic Collided Orogen

पाँगो माटो (alluvium), मिश्रौण (colluvium), तथा अवशिष्ट (residual) माटोहरू आयोजना क्षेत्रमा पाइने मुख्य माटोका प्रकारहरू हुन्। Alluvium deposit मुख्य रुपमा अरुण नदीको किनारमा (बाँधस्थल वरिपरि अनुमानित ४० देखि ६५ मि. सम्म बाक्लो) र न्युन मात्रामा अरुण नदीको सहायक नदीहरुमा सिमित छ। आयोजना क्षेत्रका अवतल (concave) ढलान

तथा उपत्यकाको किनारा (flank) मा राम्रोसंग विकसित Colluvium deposit पाईन्छ। Colluvial deposit प्राय छुम्सुर, च्यामटांग र लिंगम गाउँहरु, विद्युतगृह स्थल, टेलरेस स्थल र शिविर क्षेत्रमा पाईन्छ। विद्युतगृह क्षेत्र र च्याम्तांग गाउँको दक्षिण किनारमा भएका ढलानहरुमा १ देखि १० मि. नापका ठुला ढुंगा (boulder) हरू पाइएको छ। आयोजना क्षेत्रमा residual माटो कम विकसित भएको पाईन्छ र कतै पहाडको टुप्पो र ridge मा भने कतै ridge र spur मा र कतै दक्षिणपूर्व र उत्तरपूर्व तर्फ झुकाव भएका कम भिरालो स्थानहरुमा भेटिन्छ भने मुख्यतया छुम्सुर, च्याम्तांग र लिंगम गाउँहरुमा patch को रुपमा, करिब १० मि. भन्दा कम बाक्लो भएको पाइन्छ।

३.४.२. स्थलगत भू-गर्भ

आयोजनाको जलाशय क्षेत्र र हेडवर्क्स क्षेत्रमा प्राय augen gneiss र ortho gneiss संग सम्बद्ध banded gneiss पाईन्छ। प्रस्तावित आयोजनाका मुख्य संरचना/अवयव निर्माण हुने क्षेत्रहरुको भौगर्भिक अवस्था निम्नानुसार पाइएको छः

कफर बाँध : दुवै किनारतर्फ banded र augen gneiss कोआधारचट्टान उजागर भएका, alluvial deposit भएका स्थानहरुमा कफर बाँधहरु (बाँध अक्षको माथिल्लो तटीय क्षेत्रमा एउटा तथा बाँध अक्षको तल्लो तटीय क्षेत्रमा अर्को) आधारित हुनेछन्। नदी तटमा ४० देखि ६५ मि. बाक्लो, ठुला ढुंगा (boulder) र silty sand ले बनेको alluvial deposit पाइएको छ। कफर बाँध निर्माण स्थलका चट्टान हालसालै ऋतुक्षय (weather) भएको देखि हल्का ऋतुक्षय भएको, बाक्लो देखि धेरै बाक्लो foliated भएको, खरानी रंगको, खस्रो गिर्खा भएको (coarse-grained) र बलियो देखि धेरै बलियो पाइयो। चट्टानको गुणस्तर निम्न देखि उत्तम (poor to fair) कोटीको पाइएको छ। foliation plane को general attitude १३०°/२५°-३५° (dip direction/dip amount) रहेको छ र नदी foliation को strike को लगभग perpendicular बग्दछ।

डाईभर्जन सुरुंग : डाईभर्जन सुरुंग banded तथा augen gneiss को क्रम (sequence) हुँदै उत्खनन गरिनेछ (उल्लेखित दुई चट्टान एकाइहरूबीच sharp lithographic contact छैन)। foliation plane को general attitude १२०°-१३०°/२०°-२५° रहेको छ। Foliation को strike लाई सुरुंग उत्खननका लागि अनुकुल मानिन्छ। चट्टान (rock mass) को गुणस्तर उत्तमदेखि अति निम्न (fair to very poor) कोटीको पाइएको छ। इन्लेट पोर्टलमा आधारचट्टान स्पष्ट उजागर भएको पाईयो भने र आउटलेट पोर्टलमा deposit को पातलो आवरण पाइयो। पोर्टल क्षेत्रमा हालसालै ऋतुक्षय भएको देखि हल्का ऋतुक्षय भएको ,खरानी रंगको, foliation भएको, मध्यम गिर्खा भएको (medium grained) ,बलियो देखि मध्यम बलियो banded gneiss संग सम्बद्ध augen gneiss पाइयो।

बाँध : चीन-नेपाल सिमानाबाट करिब ३ कि.मि. तल्लो तटीय क्षेत्रमा अवस्थित अरुण नदीको सिधा खण्डमा प्रस्ताव गरिएको बाँधस्थलमा नदीको झुकाव/प्रवणता (gradient) २.४% र

प्रवाह करिब २८८ घनमिटर प्रति सेकेन्ड छ। "U" आकारको नदी उपत्यकामा ४०-६५ मि. बाक्लो deposit नदीको तटमा जम्मा भएको पाईन्छ। चट्टानहरू हालसालै ऋतुक्षय भएको देखि हल्का ऋतुक्षय भएको, साथै कतै मध्यम ऋतुक्षय भएको, मध्यम देखि बाक्लो foliated, हल्का खरानी रंगको, मध्यम चर्केको (fractured) र मध्यम बलियो भएको पाईन्छ। foliation plane को general attitude १३०°/३५° रहेको र foliation तल्लो तटीय दिशातर्फ २५-३०° कोणमा dip भएको पाइयो। बाँध क्षेत्रमा Three plus random joint sets र चट्टान (rock mass) को गुणस्तर निम्न कोटीको पाइयो।

हेडरेस सुरुंग : अरुण नदीको दाँया किनारमा प्रस्तावित हेडरेस सुरुंग (HRT) ले हालसालै ऋतुक्षय भएको देखि हल्का ऋतुक्षय भएको, पातलो देखि बाक्लो foliated, खरानी रंगको, joint को तीन सेट भएको र बलियो banded र augen gneiss पार गर्नेछ। सो gneiss हरुमा schist र amphibolite चट्टानको पातलो band हरु पनि समावेश भएको पाईएको छ। सुरुंगको मार्गरिखाको मुख्य खण्ड foliation plane को strike संग छड्के (oblique) भएको र केहि खण्डहरु भने समानान्तर भएकाले orientation को आधारमा सुरुंग उत्खनन अनुकुल देखिन्छ। सुरुंगको मार्गरिखामा Three plus random joint sets छ भने चट्टानको गुणस्तर मार्गरिखाको ५५% खण्डमा उत्तम (fair), ३२% खण्डमा निम्न (poor) र १३% खण्डमा अति निम्न (extremely poor) कोटीको पाइएको छ। छुम्सुर देखि च्याम्तांगसम्म सुरुंगले पाँच वटा खोल्साहरु (सुख्खा मौसममा करिब शुन्य वा न्युन प्रवाह हुने गर्छ भने वर्खा याममा उल्लेखनीय प्रवाह हुने) पार गर्ने हुनाले उत्खननका क्रममा ती स्थानहरुमा Water ingress अपेक्षाकृत छ। कुनै-कुनै खण्डमा HRT ले shear/weak planes (१०-२० से.मि. मोटाई भएको) पार गर्दछ। HRT को अधिकतम र न्युनतम overburden क्रमशः ९६७ मि. र १८० मि. रहेको छ भने सुरुंगमा सम्भावित stress-induced समस्या तथा water ingress न्यूनीकरण गर्न २५० मि. को न्युनतम lateral cover कायम गरिएको छ।

सर्ज शाफ्ट : सर्ज शाफ्ट च्याम्तांग फेदीको schistose gneiss मा अवस्थित हुनेछ। सो क्षेत्रमा चट्टान थोरै ऋतुक्षय भएको, बाक्लो foliated भएको, मध्यम गिर्खा भएको (medium grained), खरानी रंगको, जोड भएको (jointed) र मध्यम बलियो देखि बलियो, three-plus random joint sets भएको schistose gneiss पाइयो। सो क्षेत्रमा foliation plane को general attitude १३२°/२७°, निम्न (poor) कोटीको चट्टान र भूमिगत जलस्तर (groundwater table) ३२.५ मि. गहिराईमा भेटिएको छ।

विद्युतगृह परिसर : पहुँच सुरुंग, विद्युतगृह क्याभर्न, GIS सहित ट्रान्सफर्मर क्याभर्न, प्रेसर शाफ्ट, केवल सुरुंग लगायत विद्युतगृह परिसरका संरचना भूमिगत हुनेछन्। विद्युतगृह क्षेत्रको सतहमा प्रधानतः schistose gneiss चट्टान पाइएको भएता पनि सो क्षेत्रमा foliation को न्यून कोणको झुकाव (dip) का कारण विद्युतगृह तथा ट्रान्सफर्मर क्याभर्नहरु banded तथा augen gneiss चट्टानमा पर्ने आंकलन गरिएको छ। सो क्षेत्रमा थोरै ऋतुक्षय भएको, मध्यम देखि

बाक्लो foliated, मध्यम गिर्खा भएको (medium grained), गाढा खरानी रंगको, fracture, microfold भएको र कतैकतै sheared, crenulated र jointed भएको बलियो banded gneiss रहेको पाइयो। foliation plane को general attitude १३२°/२७° रहेको छ भने चट्टान (rock mass) मा Three plus random र थप joint sets छन्। विद्युतगृह परिसरमा चट्टानको गुणस्तर धेरै निम्न देखि निम्न (very poor to poor) कोटीको पाइएको छ। विद्युतगृह र ट्रान्सफर्मर क्याभर्नहरुको तुलनामा major discontinuity plane छड्के (oblique) हुने गरी उन्मुख (orient) भएको देखिन्छ। विद्युतगृह क्षेत्रमा केहि पानीका मुलहरु, vertical joints र चिस्यान क्षेत्र पाइएकाले क्याभर्न उत्खननका क्रममा पानी रसाउने समस्या (seepage) को सम्भावना देखिन्छ। stress-induced effect, ऋतुक्षयीकरण (weathering) तथा seepage न्यूनीकरणका लागि विद्युतगृह क्याभर्न भू-सतहभन्दा करिब ३४० मि. मुनि र पहाड/चट्टानको आवरण (cover) भन्दा करिब ३०० मि. laterally भित्र अवस्थित हुनेछ।

टेलरेस सुरुंग : टेलरेस सुरुंग बन्ने क्षेत्रमा colluvial र alluvial माटोको बाक्लो पत्रले छोपिएको हल्का देखि मध्यम ऋतुक्षय भएको, राम्रोसंग foliated, खरानी रंगको, मध्यम देखि उच्च jointed, मध्यम बलियो schistose gneiss छ। सुरुंगको प्रस्तावित मार्गरिखामा १५ देखि ३९ मि. बाक्लो deposit हरु पाइएको छ, foliation plane को general attitude १२९°/२४° छ भने चट्टानको गुणस्तर निकै निम्न देखि निम्न (very poor to poor) कोटीको छ। भूमिगत जलस्तर १० देखि १४ मि. गहिराईमा भेटिएको कारण उत्खननको क्रममा seepage को समस्या आउन सक्छ।


३.४.३. भूक्षय र पहिरो

पहिरो तथा भूस्खलनको जोखिम आयोजना क्षेत्रको एक प्रमुख भौगोलिक तथा भौगर्भिक चुनौती हुनसक्छ। पहिरोजन्य संवेदनशीलता सुचांक (Landslide Susceptibility Index, LSI) निर्धारणका लागि ८ कारकहरुको प्रयोग गरिएको थियोः ढलानको भिरालोपन (slope angle), ढलानको अभिमुखता (slope aspect), भू-गर्भ, ढलानको आकार (slope shape), खोलाको सामिप्य (stream proximity), stream power index र भू-उपयोग। पहिरोजन्य संवेदनशीलताको मुल्यांकन र नक्सांकनका आधारमा आयोजना क्षेत्रको १०% क्षेत्रफल अति उच्च संवेदनशील, २०% क्षेत्रफल उच्च संवेदनशील, ३०% क्षेत्रफल मध्यम संवेदनशील र ४०% क्षेत्रफल न्युन संवेदनशील क्षेत्रका रुपमा वर्गीकृत गरिएको छ। आयोजना क्षेत्रमा सक्रिय पहिरो भएका र पहिरोको जोखिमयुक्त स्थानहरुमा पहिरो जोखिम व्यवस्थापन कार्यहरु आवश्यक छ।

३.४.४. भू-स्थिरता (Slope stability)

प्रस्तावित आयोजनाको लागि अनुमतिपत्रप्राप्त सीमाक्षेत्र (License boundary) भित्र पर्ने क्षेत्र अन्तर्गत अरुण नदीको तटीय क्षेत्रमा जमिनको भिरालोपन प्राय ३०-६० डिग्री छ भने नदी उपत्यकाको माथिल्लो क्षेत्र/डाँडा र बस्ती रहेका क्षेत्रमा प्राय १५-३० डिग्री छ। छुम्सुर

गाउँ नजिक प्रस्तावित बाँध क्षेत्र वरपर जमिनको भिरालोपन ३०-६० डिग्री छ तर बाँधस्थल भने नदीको तटमा बन्ने भएकाले बाँधस्थलको भिरालोपन करिब ३०-४० डिग्री छ। छुम्सुर गाउँको उत्तरतर्फ नदीको दुबै किनार र च्याम्तांङ्ग गाउँको उत्तरतर्फ नदीको दाँया किनार लगायत केही स्थानमा भिरालोपन ६० डिग्री भन्दा माथि भएता पनि ती स्थानहरुमा आयोजना संरचना रहने छैनन्। शिविर क्षेत्र लगायत आयोजना सम्वद्ध सुविधाहरु कम भिरालो (१५-३० डिग्री भिरालोपन भएका) क्षेत्रमा अवस्थित हुनेछ भने विद्युतगृह लगायत आयोजनाका प्रमुख संरचनाहरु प्राय भूमिगत हुनेछन्। स्विचयार्ड क्षेत्र तुलनात्मक रूपमा कम भिरालो (१५-३० डिग्री भिरालोपन भएको) क्षेत्रमा अवस्थित हुनेछ। यसबाहेक, अरुण जलाधारमा अरुण नदीको माथिल्लो खण्डमा ६० डिग्री हाराहारीको भिरालो, कमजोर र पहिरो जोखिमयुक्त भू-भाग छ। भोटखोला गाउँपालिकाको जमिनको झुकाव (भिरालोपन) को नक्शा ८ मा दिइएको छ।



नक्सा ७: भोटखोला गाउँपालिकाको भिरालोपनको नक्शा

श्रोतः नापी विभागद्वारा प्रकाशित Topographic नक्शाको आधारमा तयार गरिएको

३.४.५ जलाशयको Slope Stability र Landslide Hazard विश्लेषण


यस खण्डमा जलाशय क्षेत्रको rim stability बारे मूल्यांकन गरिएको छ। सामान्यतया, जलाशय क्षेत्र साँघुरो उपत्यका र दुवै किनारमा ठाडो **Slope** हरू भएको स्थानमा रहेको छ र डुबान क्षेत्र र जलाशयसँग जोडिएको **Slopes,** rocky stable slopes मिलेर बनेको छ। यद्यपि, विशेष गरी अरुण नदीका खोलानाला र साना सहायक नदीहरूमा केही पहिरोको जोखिम भएका स्थानहरू भने देखिएका छन्। weir axis बाट लगभग ३०० मीटर र ८०० मिटर माथिल्लो क्षेत्रको दायाँ किनारामा अरुण नदीमा debris material थुपार्ने क्षमता भएका २ वटा गल्ली/खोल्सीहरू देखिएका छन।

यसबाहेक, नदीको किनारमा लगभग २५० मिटर को लम्बाईमा रहेको deposited materials लाइ mass wasting erosion का लागि अतिसंवेदनशीलको रूपमा पहिचान गरिएको छ। भू-स्खलनको जोखिम बाहेक यस ठाउँमा रहेका ठाडो slope हरुका कारण चट्टानहरु झर्ने प्रवल सम्भावना देखिन्छ। हालको अवस्थामा existing slope हरु स्थिर देखिन्छ।


तलको नक्शामा अरुण नदीको दाहिने किनारामा 'D' मा घेरिएको क्षेत्रले पहिरो र भूक्षयको संवेदनशीलतालाई प्रतिनिधित्व गर्दछ जसले जलाशय रिम स्थिरता (reservoir rim stability) मा प्रभाव पार्न सक्दछ। बायाँ किनाराले प्रायजसो किनेमेटिक अस्थिरता र भू-क्षय (kinematic instability and soil erosion) लाई प्रतिबिम्बित गर्दछ। दोस्रो र तेस्रो भागमा पहिरो र भू-क्षयको संवेदनशीलता देखाइएको छ। FSL ले ढाक्ने क्षेत्रमा प्रायः खुल्ला चट्टानि भागले ढाकेको छ, त्यसैले किनेमेटिक अस्थिरता (kinematic instability) हुन सक्छ। दायाँ र बायाँ किनाराका गल्लीहरूका बाटोमा साना देखि मध्यम स्लाइडहरू (minor to medium slide (रहेका छन् जुन जलाशय क्षेत्रमा थुप्रने deposited materials को प्रमुख स्रोत हो।


जलाशय क्षेत्रको केही महत्वपूर्ण खण्डहरूको ढलान स्थिरता limit equilibrium analysis software (Rocscience.inc) प्रयोग गरेर विश्लेषण गरिएको छ। Geotechnical parameters हरुको प्रगोग गरि निर्माण सामग्रीका लागि आयोजनास्थलका विभिन्न स्थानहरुबाट नमुना लिई विश्लेषण गरिएको थियो।

जलाशयको impoundment पछि factor of safety (FoS) मा सुधार गरिएको छ। जलाशयमा संचय हुने पानीले नदि किनारका सामग्रीहरुलाई स्थिर रहन सहयोग गर्नछ जसले ढलानलाई स्थिर गर्न मद्दत गर्दछ। तथापि, जलाशयको पानीको स्तर MDDL मा झर्दा factor of safety (FoS) फेरि कुनै अवस्थामा घट्न पुग्दछ। भूकम्पीय लोडिङ (seismic loading) र dewatering को समयमा ढलान अस्थिर हुन्छ। तसर्थ, यी अवस्थाहरूको आधारमा न्यूनीकरणका उपायहरू प्रस्तावित गरिएका छन्। तल तालिकामा दिईएका न्यूनीकरणका उपायहरू विभिन्न सम्भावित अस्थिर र भू-क्षय हुन सक्ने स्थानहरूमा लागू गर्न सकिन्छ।




नक्सा ८: जलाशय क्षेत्र-१ को पहिरो र कटान संवेदनशीलता नक्सा





नक्सा ९: जलाशय क्षेत्र-२ को पहिरो र कटान संवेदनशीलता नक्सा



नक्सा १०: बाँध अक्ष (dam axis) को नजिकमा रहेका खोल्सीले थुपार्न सक्ने debris material

अरुण नदीको छेउछाउमा रहेका गल्ली/खोल्सीले नदिसँगको संगम स्थलमा ठूलो परिमाणमा debris material हरु अरूण नदिमा ल्याउने गरेको देख्न सकिन्छ। यसले निश्चित रूपमा सानादेखि मझौला स्तरका पहिरोहरू जलाधार क्षेत्रसँग सम्बन्धित छन् भन्ने प्रमाण देखाउँछ। नदीका दुवै किनाराहरू पहिरोको लागि अतिसंवेदनशील छन्। दायाँ किनारामा केही हदसम्म overburden deposit रहेको छ जसले impoundment and drawdown ट्रिगर गराउन हुन सक्छ जबकि बायाँ किनारामा चट्टानको kinematic instability मा संवेदनशील रहेको छ। तर, दुवै नदि किनारका गल्लीहरूबाट आउने debris material हरूको नियन्त्रण गर्न समान चुनौती रहेको छ। स्थलगत अध्ययन र hazard map को अध्ययन गरि संवेदनशील क्षेत्रहरुको विश्लेषण गरि भूकम्पीय अवस्थाको आधारमा पचारात्मक उपायहरू प्रस्तावित गरिएको छ।

तालिका ३-५: अस्थिर र भू-क्षय हुन सक्ने स्थानहरूमा प्रगोग गर्न सकिने न्यूनीकरणका उपायहरू

स्थानहरू	विवरण	प्रस्तावित न्यूनीकरण का उपाय
D	यो क्षेत्र बाक्लो overburden deposit ले ढाकेको छ। यस क्षेत्रमा कुनै पनि ठूलो पहिरो देखिएको छैन तर जलाशयमा जल संचय भएको र पानि तल झर्ने प्रक्रियाको कारण जल संचय गरिएको क्षेत्र भित्र स्लाइड ट्रिगर (triggered) हुन सक्छ।	ड्रडाउनको क्षेत्रमा द्रुत ड्रडाउनको कारण उत्पन्न हुन सक्ने नकारात्मक प्रभावहरुलाइ ढलान समायोजन (slope adjustment) द्वारा जलाशय क्षेत्रमा ढलान र किनारको स्थिरीकरण र संरक्षण (Stabilization and protection) कार्यका लागि Slope retaining structures हरु प्रस्ताव गरिएको छ।
खोल्सी-R१	खोल्सी-R१ बाँधको अक्षबाट लगभग २५०-३०० मिटर माथि अवलोकन गरिएको छ। गहिरो गरि बसेको यस खोल्सी जलाशयमा थुप्रने debris material को प्रमुख स्रोत हो।	• कटान र toe cutting रोक्नका लागि खोल्सीको वरपर toe wall को आवश्यकता छ र गल्लीको छेउका विभिन्न खण्डहरूमा toe wall प्रस्ताव गरिएको छ। • आयोजना रहने नदिको जलाधार क्षेत्रका लागि जलाधार ब्यबस्थापन योजना आवश्यक छ र उच्च उचाईबाट स्लाइडिंग डिपोजिट रोक्न ग्याबियन पर्खालको निर्माण प्रस्ताव गरिएको छ। • गल्ली कटान रोक्नका लागि ग्याबियन पर्खाल (sabo dam/check dam/debris dam) को नियमित निगरानी र मर्मत सम्भार गर्नु पर्दछ।
खोल्सी-R२	खोल्सी-R२ बाँधको अक्षबाट लगभग ७५०-८००-३०० मिटर माथि अवलोकन गरिएको छ। यस गल्ली जलाशयमा थुप्रने debris material को प्रमुख स्रोत हो।	• कटान र toe cutting रोक्नका लागि खोल्सीको वरपर toe wall को आवश्यकता छ र गल्लीको छेउका विभिन्न खण्डहरूमा toe wall प्रस्ताव गरिएको छ। • स्लाइड संवेदनशील किनारमा बिशेष उपायहरु अपनाउनु पर्ने छ गर्नुपर्छ। • आयोजना रहने नदिको जलाधार क्षेत्रका लागि जलाधार ब्यबस्थापन योजना आवश्यक छ र उच्च उचाईबाट स्लाइडिंग डिपोजिट रोक्न ग्याबियन पर्खालको निर्माण प्रस्ताव गरिएको छ। गल्ली कटान रोक्नका लागि ग्याबियन पर्खाल (sabo dam/check dam/debris dam) को नियमित निगरानी र मर्मत सम्भार गर्नु पर्दछ।


३.४.६ पहिरोको संवेदनशीलता र जोखिम अध्ययन

आयोजनाको विस्तृत सम्भाव्यता अध्ययनको एक भागको रूपमा गरिएको पहिरो जोखिम अध्ययन दुई चरणमा गरिएको थियो। पहिलो, हालैका दिनमा भएका ठूला ढलान र भू-स्खलनहरू समावेश गरी एक सूची तयार गरिएको थियो, जुन स्थलगत अध्ययन र satellite imagery को विस्लेष्ण गरि निकालिएको थियो। दोस्रो, ऐतिहासिक भू-स्खलन र सम्भावित अस्थिरता निम्त्याउन सक्ने कारकका आधारमा संवेदनशीलताको नक्सा तयार पारिएको थियो ।


सामान्यतया, पहिरोको संवेदनशीलताको उद्देश्य अध्ययन क्षेत्र भित्र पहिरोको संभावनाको अनुमान गर्नको लागी हो। भू-बनोट, जोखिम, विपत्ति, नदीको बहावले निम्त्याएको भू-क्षय, सक्रिय फल्ट, चट्टानको अवस्थिति, वर्षा आदि सम्बन्धी सान्दर्भिक प्रकाशित तथा अप्रकाशित जर्नल, प्रतिवेदन, पुस्तक, बुलेटिनको अध्ययन तथा विश्लेषण र स्थलगत अध्ययन गरी प्रतिवेदन तयार पारिएको थियो। अध्ययनका लागि सात वटा कारकहरुको (Seven factors) प्रयोग गरिएको छ ।

- Slope angle
- Slope aspect
- भू-गर्भ
- ढलानको आकार
- खोला/खोल्सी निकटता
- Stream Power Index
- भू-उपयोग


यी ७ कारकहरूको प्रयोग गरि पहिरो संवेदनशीलता सूचकांक नक्शा बनाइएको छ। यस क्षेत्रको पहिरो संवेदनशीलता सूचकांक तल दिईएको नक्शामा देखाइएको छ। पहिरो संवेदनशीलता सूचकाङ्क (LSI) माइनस १३.२०७५ देखि ४.९२५२४ सम्म रहेको छ ।



नक्सा ११: आयोजना स्थलको माथिल्लो आधा भागमा रहेका पहिरोहरुको नक्सांकन




नक्सा १२: आयोजना स्थलको तल्लो आधा भागमा रहेका पहिरोहरुको नक्सांकन



नक्सा १३: WEM प्रयोग गरि निकालिएको पहिरो संवेदनशीलता सूचकांक नक्शा


आयोजना क्षेत्रमा पहिरो संवेदनशील क्षेत्रको अध्ययनका लागि ४ वटा पहिरो संवेदनशीलता सूचक (न्यून, मध्यम, उच्च र अति उच्च) निर्धारण गरि अध्ययन गरिएको थियो जस अनुरुप १०% क्षेत्र अति उच्च, २०% क्षेत्र उच्च, ३०% क्षेत्र मध्यम र ४०% क्षेत्र न्यून संवेदनशील क्षेत्र भित्र पर्ने देखिन्छ।



नक्सा १४: पहिरो संवेदनशीलता सूचक अनुरुप पहिरो संवेदनशीलता क्षेत्र

तालिका ३-६: पहिरो संवेदनशील क्षेत्र अनुसार पहिरोको घनत्व

पहिरो संवेदनशीलता	अध्ययन क्षेत्रको क्षेत्रफल		पहिरो रहेको क्षेत्रको क्षेत्रफल		पहिरोको घनत्व
	वर्ग मिटर	प्रतिशत (%)	वर्ग मिटर	प्रतिशत (%)	
न्यून	३७०९५८००	४०	२३१५०	९	०.००६६
मध्यम	२७६२०४२५	३०	७०८७५	२६	०.००२६
उच्च	१७९३००२५	२०	९६२००	३५	०.००५४
अति उच्च	९०००८५०	१०	८१९००	३०	०.००९१




नक्सा १५: पहिरो संवेदनशीलता नक्सा (Landslide susceptibility map)

३.४.७. भूकम्पीय जोखिम

४९५० वर्ष अवधिको Uniform Hazard Spectra (UHS) सम्बद्ध जमिनको गति (ground motion) लाई Safety Evaluation Earthquake (SEE) को डिजाइन मापदण्डको रूपमा चयन गरिएको छ। यस event को लागि Peak Ground Acceleration (PGA) करिब ०.८०g निर्धारण गरिएको छ। डिजाइनमा Operation Basis Earthquake (OBE) को प्रतिनिधित्वका लागि १४५ वर्षे पुनरागमन अवधि (145-year return period) भएको ground motion चयन गरिएको छ, जसको PGA लगभग ०.१८ g हुन्छ। मुलतः प्रस्तावित जलाशयको गहिराईका कारण ३.५१ magnitude को जलाशय-जनित भूकम्पीय जोखिम (Reservoir Induced Seismicity, RIS) को सम्भावना देखिन्छ। ICOLD (२०११) द्वारा सिफारिश गरिएको RTE को अधिकतम magnitude ६.३ हो। यो magnitude १५० वर्ष को पुनरागमन अवधि भएको भूकम्पीय घटना (जुन OBE हो) संग सम्बद्ध magnitude को दायरा भन्दा कम छ। RIS को घटना घटेको खण्डमा उत्पन्न हुने जमिनको गति सिफारिश गरिएको डिजाइन भूकम्पीय

घटनाहरु (recommended design seismic events) भन्दा न्यून हुने भएकाले प्रस्तावित आयोजनाको जलाशयले जलाशय-जनित भूकम्पीय जोखिम निम्त्याउदैन।



श्रोत: खानी तथा भूगर्भ विभाग, राष्ट्रिय भूकम्प मापन तथा अनुसन्धान केन्द्र

नक्सा १६: नेपाल तथा आयोजना क्षेत्रको भूकम्पीय जोखिमको नक्शा

३.४.८. जलाशयको किनारको स्थिरता (Reservoir Rim Slope Stability)

भौगर्भिक नक्सांकन र भू-प्राविधिक परिक्षण अनुसार केहि पहिरो-सम्भावित स्थलहरु पाइएको छ। बाँध अक्षबाट करिब ३०० मि. तथा ८०० मि. उपल्लो तटीय क्षेत्रमा दाँया किनारतर्फ रहेका एक एक वटा ठूला gully हरुले गेग्रानको वहाव तथा बाँधको स्थिरतालाई प्रभावित गर्न सक्छ। ती gully हरुले नदीमा थुपारेको अवशेष करिब १० मि. बाक्लो छ र सोको फेंद कटान र क्षय नियन्त्रणका लागि वैज्ञानिक जलाधार व्यवस्थापन आवश्यक छ। नदीको करिब २५० मि. खण्डमा भएको अस्थिरताका हिसाबले संवेदनशील overburden deposit को drawdown analysis गरिएको छ। पहिरो-सम्भावित स्थलहरु बाहेक जलाशयको साधारणतया साँघुरो उपत्यकाको दुबै किनारतर्फका भिरालो ढलानहरुमा पनि चट्टान खस्ने लगायत भू-स्खलनको सम्भावना देखिन्छ। जलाशयको भरण र जलनिकासको क्रममा हाल स्थिर देखिएका ढलानहरुको विद्यमान स्थिरताको परिदृश्य पनि बदलिन सक्छ। प्राय सबै खोल्साहरुले अरुण नदीसंगको दोभानहरुमा ठुलो परिमाणसहित debris fan बनाएको देखिन्छ जसबाट खोल्साहरुको पानीढलोहरुमा सानादेखि मध्यम स्तरका पहिरोहरु रहेको संकेत

पाइन्छ। नदीको दाँया किनारको overburden deposit जलाशयको भरण र जलनिकासका कारण सक्रिय हुन सक्छ भने बाँया किनारमा चट्टानको गतिशिल अस्थिरता (kinematic instability) को सम्भावना देखिन्छ।

३.४.९. बाढी, पूर्व मनसुनी बाढी र पहिरोले नदी थुनिएर विस्फोट भइ हुनसक्ने बाढी


हिमालय क्षेत्रको सक्रिय भूगर्भ, कमजोर भूबनोट र जमिनको उच्च भिरालोपनका कारण निम्तिन सक्ने भू-अस्थिरताका कारण हिमालयन क्षेत्रमा भू-स्खलन, पहिरो, भेलपहिरो आदिको उच्च जोखिम हुन्छ। नदीको साँघुरो र ठाडो खोंचहरुमा पहिरो, चट्टानस्खलन जस्ता घटनाका कारण सिर्जित debris का कारण नदीको प्रवाह थुनिएर अस्थायी बाँध निर्माण भई ताल बन्ने र त्यस्तो बाँध आकस्मिक रुपमा फुटेर तल्लो तटीय क्षेत्रमा विनाशकारी र तीब्र बाढी (Landslide Dam Outburst Flood, LDOF) आएर धनजनको व्यापक क्षति हुन सक्छ। अरुण जलाधार क्षेत्रमा हालसम्म त्यस्तो पहिरो अभिलेख नभेटिएता पनि सो जलाधारमा जमिनको भिरालोपनका कारण स्थानीय पहिरो र सोद्वारा सिर्जना हुन सक्ने LDOF को सम्भावनालाई पूर्ण रूपमा नकार्न सकिन्न। बाँध र सम्वद्ध संरचनाहरू PMF लाई सुरक्षित रूपमा निकास गराउनको लागि डिजाइन गरिएको हुनाले LDOF घटनाका कारण सिर्जित बाढीको सम्भावनाका लागि डिजाइनमा थप परिमार्जन आवश्यक पर्दैन।

३.५. जल विज्ञान

३.५.१. जलप्रवाह

आयोजना क्षेत्र नजिकै गेज स्टेशन (gauge station) स्थापना गरी स्टाफ गेज (staff gauge) र स्वचालित पानी स्तर सेन्सर (automatic water level sensor) द्वारा निरन्तर अरुण नदीको जलस्तर तथ्यांक अभिलेखन गरिंदै आएको छ। जनवरी २०१८ मा आयोजना क्षेत्रको हेडवर्क्स क्षेत्रको तल्लो तटमा ४ वटा १ मीटर उचाइका स्टाफ गेजका स्थापना गरिएका थिए। दैनिक पानी स्तरहरू सो स्थानमा लगातार २४ महिनाको अवधिका लागि अभिलेखन गरिएको थियो।


आयोजना क्षेत्रको दुर्गमता र तथ्यांकको महत्त्वलाई मध्यनजर गर्दै जुलाई २०१८ मा हेडवर्क्स क्षेत्रको तल्लो तटमा एक स्वचालित जल स्तर मापन सेन्सर पनि स्थापित गरिएको थियो। आयोजना क्षेत्रमा अरुण नदीको अनुमानित औसत मासिक प्रवाह र मापन गरिएको मासिक प्रवाहको तुलनात्मक विश्लेषण निम्न चित्रमा देखाइएको छ। आयोजना क्षेत्रमा अरुण नदीको गेज स्टेशन मापनबाट औसत वार्षिक प्रवाह १९१.४ घनमिटर प्रति सेकेन्ड अभिलेख गरिएको छ भने दीर्घकालीन औसत वार्षिक प्रवाह १९८.१२ घनमिटर प्रति सेकेन्ड निर्धारण गरिएको छ।



चित्र ७: अनुमानित दीर्घकालीन औसत मासिक प्रवाह र अभिलेखित मासिक प्रवाहको तुलना

श्रोत: किमाथांका अरुण जलविद्युत आयोजना (४५४ मेगावाट) आयोजनाको सम्भाव्यता अध्ययन प्रतिवेदन (जुन,२०२२)

रेटिंग कर्भ (Rating Curve): परामर्शदाताद्वारा आयोजनाको बाँधस्थल नजिक गेज स्टेशन स्थापना गरी जुन २०१८ देखि निरन्तर (दैनिक ३ पटक) अरुण नदीको जलस्तरको अभिलेखन गरिँदै आएको छ। सो अभिलेखका आधारमा आयोजनाको बाँध क्षेत्रका लागि विकास गरिएको rating curve (जलस्तर र नदीप्रवाहको वक्ररेखा) चित्र ८ र ९ मा प्रस्तुत गरिएको छ।




चित्र ८: गेजिंग स्टेशनमा KAHEPको लागि विकास गरिएको रेटिंग कर्भ

श्रोत: किमाथांका अरुण जलविद्युत आयोजना (४५४ मेगावाट) आयोजनाको सम्भाव्यता अध्ययन प्रतिवेदन (जुन,२०२२)

प्रवाह अवधि वक्ररेखा (Flow Duration Curve): प्रस्तावित आयोजनाको हेडवर्क्स स्थल नजिक अभिलेखन गरिएको दैनिक प्रवाहको तथ्यांकको आधारमा आयोजनाका लागि Flow Duration Curve विकास गरिएको छ। नदीको प्रवाह कुनै निर्धारित प्रवाह स्तरभन्दा अधिक हुने समय/अवधिको सम्भावना Flow Duration Curve द्वारा प्रस्तुत गरिन्छ। आयोजनाका लागि डिजाइन प्रवाह (Design discharge) १४३ घनमिटर प्रति सेकेन्ड निर्धारण गरिएको छ जुन अरुण नदीको Dependable flow को ३८% हो।

तालिका ३-७: प्रवाहको अधिकता समय र नदी प्रवाह

प्रवाहको अधिकता समय (प्रतिशत)	प्रवाह (घनमिटर प्रति सेकेन्ड)	प्रवाहको अधिकता समय (प्रतिशत)	प्रवाह (घनमिटर प्रति सेकेन्ड)
५	५६३.३	५५	७७.५
१०	५३९.४	६०	६८.०
१५	५०९.६	६५	६४.१
२०	३९८.०	७०	६१.०
२५	३४९.६	७५	५९.७
३०	२५७.३	८०	५७.९
३५	१७८.३	८५	५५.९
४०	१२६.३	९०	५१.३
४५	१०२.८	९५	४४.९
५०	८७.०		




चित्र ९: आयोजनाको हेडवर्क्स क्षेत्रमा प्रवाह अवधि रेखा

श्रोतः किमाथांका अरुण जलविद्युत आयोजना (४५४ मेगावाट) आयोजनाको सम्भाव्यता अध्ययन प्रतिवेदन (जुन,२०२२)

- **आयतन उचाई वक्ररेखा र क्षेत्रफल उचाई वक्ररेखा (Volume elevation curve and Area elevation curve):** जलाशयको पूर्ण आपूर्ति स्तर (full supply level, २०३५ मि.) मा भण्डारण क्षमता १ करोड ३ लाख घनमिटर हुनेछ। न्युनतम जलनिष्कासन स्तर


(Minimum Draw Down Level, MDDL) मा प्रभावकारी भण्डारण क्षमता (live storage capacity) ३३ लाख घन मिटर हुनेछ भने निष्प्रभावी भण्डारण क्षमता (dead storage capacity) ७० लाख घन मिटर रहेको हुनेछ। आयोजनाको Volume elevation curve र Area elevation curve निम्न चित्रमा देखाईएको छ।



चित्र १०: Volume elevation curve र Area elevation curve

श्रोत: किमाथांका अरुण जलविद्युत आयोजना (४५४ मेगावाट) आयोजनाको सम्भाव्यता अध्ययन प्रतिवेदन (जुन,२०२२)

सम्भावित अधिकतम बाढी प्रवाह (Probable Maximum Flood, PMF): सम्भावित अधिकतम बाढीको अनुमानका लागि SWAT मोडल प्रयोग गरी १५ अगष्ट १९९९ देखि १५ सेप्टेम्बर १९९९ सम्मको अवधिमा ३ दिन (२६,२७ र २८ अगष्ट १९९९) मा अभिलेखन गरिएको तथ्यांक विश्लेषण गरिएको थियो। उवा गाउँ (स्टेशन नं. ६००.१) मा २७ अगष्ट १९९९ मा अभिलेखन गरिएको अवधिकै उच्चतम नदी प्रवाह अभिलेख भएको थियो जब अन्य मौसमी तथ्यांक र प्राचलहरु साधारणतया मापन भएकै दायरामा थिए। हेडवर्क्स क्षेत्र र टेलरेस क्षेत्रमा अधिकतम दैनिक आउटपुट हाइड्रोग्राफहरूको उच्चतम बिन्दु (Peak) क्रमशः २,८४३ घनमिटर प्रति सेकेन्ड र ३,७९८ घनमिटर प्रति सेकेन्ड अनुमान गरिएको छ। तुर्कीघाट स्टेशन (स्टेशन नं. ६०४.५) को तथ्यांकलाई पनि दृष्टिगत गर्दा हेडवर्क्स क्षेत्र र टेलरेस क्षेत्रको सम्भावित अधिकतम बाढी (PMF) क्रमशः ६,६५२ घनमिटर प्रति सेकेन्ड र ८,८८७ घनमिटर प्रति सेकेन्ड हुने अनुमान गरिएको छ जुन निम्न चित्रहरुमा प्रस्तुत गरिएको छ।



चित्र ११: आयोजनाको हेडवर्क्स क्षेत्र र टेलरेस क्षेत्रमा सम्भावित अधिकतम बाढीको विश्लेषण

श्रोत: किमाथांका अरुण जलविद्युत आयोजना (४५४ मेगावाट) आयोजनाको सम्भाव्यता अध्ययन प्रतिवेदन (जुन,२०२२)

३.५.२. गेग्रान/सेडिमेंट (Sediment)

जलाधार क्षेत्रबाट हुने कुल गेग्रान भार (sediment load) को उत्प्रवाह (outflow) ले गेग्रान भार लाई जनाउँछ। अरूण नदीको लागि उपलब्ध तथ्यांक: sediment load, गेग्रान संकेंद्रण (sediment concentration) र नदीको प्रवाह प्रयोग गरी Sediment Rating Curve (SRC) द्वारा व्युत्पन्न समीकरण (Derived Equation) को आधारमा sediment load अनुमान गरिएको छ। सन् २०१८ देखि आयोजना क्षेत्रको अरुण नदीमा पानीमा प्रवाहित गेग्रान (Suspended sediments) को नमुना सङ्कलन भइरहेको छ। मनसुन (जुन-सेप्टेम्बर) २०१८ मा सम्पन्न मापनहरूबाट ५०% exceedance मा गेग्रानको संकेंद्रण ४०७.८ ppm पाईयो भने अधिकतम मान ६ जुलाई २०१८ मा ७९५९ ppm पाइएको छ। मनसुन २०१८ मा आयोजना स्थलस्थित अरुण नदीमा मापन गरिएको total measured suspended sediment load ५.९ मिलियन टन प्रति वर्ष थियो। व्युत्पन्न समीकरण र दीर्घकालीन जलप्रवाह तथ्यांकको आधारमा गरिएको दीर्घकालीन गेग्रान संकेंद्रणको विश्लेषणबाट सन् १९८६-२०१० को अवधिका लागि

औसत कुल वार्षिक प्रवाहित गेग्रान भार (Suspended sediments load) ९.५ मिलियन टन प्रति वर्ष अनुमान गरिएको छ। Unmeasured bed load correction पश्चात औसत वार्षिक गेग्रानको भार ११.९ मिलियन टन प्रति वर्ष अनुमान गरिएको छ जुन ४७९ टन प्रति जलाधार क्षेत्रफल प्रति वर्ष (tonnes/CA/year) को बराबर हुन्छ। खनिज तत्वको विश्लेषण अनुसार अरुण नदीको गेग्रानमा लगभग ६०% हिस्सा सहित क्वार्ज (Quartz) सबैभन्दा प्रवल खनिज रहेको देखिन्छ। गेग्रानमा अन्य खनिजहरूमा फेल्स्फर (Feldspar) लगभग ८%, माइका (Mica) लगभग १३%, टुरमालिन (Tourmaline), गार्नेट (Garnet) र हर्नब्लेंड (Hornblende) लगभग ७% र Clay lumps, calcite, अत्यधिक कम्जोर चट्टानका टुक्रा र केही अज्ञात गेग्रानहरू लगभग १२% छन्।

३.५.३. आयोजनाको जलाधार क्षेत्रमा हिमताल विस्फोटका कारण सिर्जित बाढीको सम्भावना

नेपालको उत्तरी भूभागमा उल्लेख्य संख्यामा हिमनदी र हिमतालहरू छन्। नेपालको कुल भूभागको लगभग १८ प्रतिशत क्षेत्रफल हिउँ र बरफले ढाकेको छ (मूल, १९९५)। नेपालका अधिकांश नदीहरूको उद्गम नेपाल वा तिब्बतको हिमश्रोतमा रहेकाले नेपालका हिमाली शृंखलाबाट बग्ने नदीहरुमा वर्षभरि नै जलप्रवाह हुन्छ। नेपालमा हिमताल विष्फोटन भई आउने बाढी (GLOF) ले प्राकृतिक सम्पदा, भौतिक पूर्वाधार लगायतका संरचना र जनधनको गम्भीर क्षति निम्त्याएको अभिलेखहरू छन्। सन् २०२० मा International Centre for Integrated Mountain Development (ICIMOD) ले प्रकाशित गरेको ***"Inventory of glacial lakes and identification of potentially dangerous glacial lakes in the Koshi, Gandaki, and Karnali river basins of Nepal, the Tibet Autonomous Region of China, and India"*** नामक अध्ययन प्रतिवेदनका अनुशार कोशी, गण्डकी र कर्णाली जलाधार क्षेत्रमा जम्मा ३,६२४ वटा हिमतालहरुको पहिचान गरेको छ जस मध्ये ४७ वटा हिमतालहरु सम्भावित जोखिमयुक्त हीमताल भनी पहिचान गरिएका (Bajracharya et al., 2020) छन्। कोशी नदिको जलाधार क्षेत्र भित्र १३२ वर्ग किलोमिटर क्षेत्रफल ओगटेको कुल २०६४ वटा हीमतालहरु विभिन्न सहायक नदीहरु बीच फैलिएका छन्।

तालिका ३-८: कोशी जलाधार क्षेत्रमा रहेका हिमतालहरुको विवरण

जलाधार क्षेत्र	सहायक नदी	हिमतालको संख्या	कुल क्षेत्रफल (वर्ग कि.मि.)
कोशी	तामोर	२८३	९.१२
	अरुण	९०९	६८.५८
	दूध कोशी	३५५	१६.९२
	लिखु	१७	०.४१
	तामा कोशी	३०७	१४.६८
	सुन कोशी	१८१	२२.१३
	इन्द्रावती	१२	०.१६
जम्मा		**२०६४**	**१३२.००**

कोशी जलाधार क्षेत्र भित्र रहेका सो हिमतालहरु मध्ये ४२ वटा जोखिमयुक्त हिमतालहरु पहिचान भएका छन्। सो जोखिमयुक्त हिमतालहरु २४ वटा चीनमा स्थित छन् भने १८ वटा हिमताल नेपालमा अवस्थित छन्।

तालिका ३-९: कोशी जलाधार क्षेत्रमा रहेका जोखिमयुक्त हिमतालहरु र त्यसको स्थिति

जलाधार क्षेत्र	सहायक नदीमा पर्ने जोखिमयुक्त हिमतालको संख्या	जोखिमयुक्त हिमतालको संख्या/ अवस्थित देश	
		नेपाल	चीन
कोशी	तामोर	४	०
	अरुण	४	१३
	दूध कोशी	९	०
	तामा कोशी	१	७
	सुन कोशी	०	४
	जम्मा	**१८**	**२४**

यस किमाथांका अरुण जलविद्युत आयोजना (४५४ मेगावाट) आयोजना कोशी जलाधारमा पर्ने अरुण सहायक नदी भित्र पर्दछ। संखुवासभामा जिल्ला स्थित नेपाल र चीन सीमा रेखाको निजी रहेको यो आयोजना नेपाल भित्र पर्ने हिमतालहरु मात्र नभई, नदीको मार्फत चीनमा स्थित अरुण सहायक नदिका हिमतालहरुबाट पनि जोखिममा छ। ICIMOD को अध्ययन प्रतिवेदन (२०२०) अनुसार कुल १७ वटा जोखिमयुक्त हिमतालहरु अरुण सहायक नदीमा पर्दछ।

तालिका ३-१०: कोशीको अरुण सहायक नदीको जलाधारमा रहेका जोखिमयुक्त हिमतालहरुको विवरण

क्र.स.	हिमतालको नाम	देश	Rank	विवरण
१.	तल्लो बरुण	नेपाल	I	Possibility of lake expansion; calving source glacier; chances of landslides and ice avalanches at the wall to the right of the lake; one lake and two small lakes in the upper catchment
२.	GL०८७५९६E२७७०५N	नेपाल	I	Lake expanding; cascading lake overflow may trigger an outburst; dam width not large; erosion at end moraine
३.	GL०८७६३२E२७७२९N	नेपाल	III	Lake outlet close to end of moraine (2 m); dam at a high gradient
४.	GL०८७०९५E२७८२९N	नेपाल	II	Hanging lake connected with the retreating glacier; landslide at the side wall
५.	GL०८७७७१E२९२६N	चीन	I	Possibilities of lake expansion; calving source glacier; lake outlet near the dam end; steep side wall
६.	GL०८७६३६E२८०९३N	चीन	I	Possibilities of lake expansion; lake outlet near the dam end; marking of outlet drainage; seepage at the bottom of the dam; steep outward slope of dam; steep side wall
७.	GL०८७६२६E२८०५२N	चीन	I	Possibility of lake expansion; lake outlet near the dam end; no clear outlet drainage; seepage at the bottom of the dam; steep and eroded side wall with landslide and blocks of rock; hanging source glacier


क्र.स.	हिमतालको नाम	देश	Rank	विवरण
८.	GL०८७५६३E२८१७८N	चीन	III	Large, expanding lake; no distinct lake outlet and surface run-off appears after 500 m down the slope; steep wall on one side
९.	GL०८७५९१E२८२२९N	चीन	II	Large lake at the extreme end of the moraine; dry outlet channel for almost 370 m, after which the river flow begins; old and compact moraine; hanging source glacier
१०.	GL०८७९३०E२७९४९N	चीन	I	Possibility of small lakes merging; dam width not large, calving source glacier; steep side slope with the possibility of snow avalanches and landslides
११.	GL०८८००२E२७९२८N	चीन	I	Large lake fed by many tributary glaciers; old and dry lake outlet channel of about 40 m, after which major seepage appears; calving source glacier; PDGL GL088019E27928N is in the tributary valley
१२.	GL०८८०१९E२७९२८N	चीन	I	Possibility of lake expansion; lake outlet at the end of the dam; couple of overflow channels; moraine seems old and compact; calving source glacier
१३.	GL०८८०६६E२७९३३N	चीन	I	Lake water lowered in the past; compaction done at end-moraine dam; calving glacier; possibility of lake expansion; short dam length
१४.	GL०८८०७५E२७९४६N	चीन	I	Lake water lowered in the past; lake expanding at both ends; dead ice on the end moraine; large source glaciers; large PDGL (GL088066E27933N) at valley to the left may damage the lake
१५.	GL०८७२८८E२८०१७N	चीन	II	Lake close to dam end but confined; wide outlet channel; compact and old moraine; calving source glacier at a steep slope; high gradient of moraine
१६.	GL०८६३०४E२८३७४N	चीन	II	Possibility of ice fall from source glacier; large lake; old moraine
१७.	GL०८७१३४E२७०६९N	चीन	I	Possibility of lake expansion; lake outlet almost at dam end, minor overflow but much seepage; possibility of landslides on the side wall

**Rank I – Large lake and possibility of expansion due to the calving of glaciers; lake close to the loose moraine end; no overflow through the moraine; steep outlet slope; hanging source glacier; chances of snow and/or ice avalanches and landslides in the surroundings impacting the lake and dam.*

**Rank II – Confined lake outlet; lake outlet closes to compact and old end-moraine; hanging lake; distinct seepage at the bottom of end-moraine dam; gentle outward slope of moraine.*

**Rank III – Confined lake outlet; gentle outward slope of the dam; large lake but shallow depth; moraine more than 200 m wide; old and compact moraine.*

नेपालमा २४ वटा GLOF घटनाहरूको अभिलेख गरिएको छ (ICIMOD, 2011)। जलविद्युत उत्पादनसंग सम्बन्धित संरचनाहरूको लागि GLOF पनि एक गम्भीर सम्भावित खतरा हुन सक्छ। अरुण नदी तिब्बतको Mt. Xixabangma को उत्तरी ढलानको हिमनदीमा उद्गम भएको नदी हो। अरुण जलाधार एक अन्तर देशीय जलाधार हो। आयोजनाको हेडवर्क्स स्थलसम्मको जलाधारको प्राय जलग्रहण क्षेत्र (catchment area) चीनमा अवस्थित छ भने ०.१% भन्दा कम क्षेत्रफल मात्र नेपालमा पर्दछ। सन् २०१४ मा प्रकाशित शोधअनुसार अरुण जलाधारमा १९ वटा हिमतालहरू अस्तित्वमा छन् (Che, Xiao & Liou, 2014)। अरुण जलाधारमा अवस्थित हिमतालहरुको अवस्थिति निम्न चित्रमा देखाइएको छ।




चित्र १२: अरुण जलाधारमा अवस्थित हिमतालहरु (End moraine Dammed Glacial Lakes)

श्रोतः किमाथांका अरुण जलविद्युत आयोजना (४५४ मेगावाट) आयोजनाको सम्भाव्यता अध्ययन प्रतिवेदन (जुन,२०२२)

आयोजनाको सम्भाव्यता अध्ययन प्रतिवेदनअनुसार प्रस्तावित आयोजनाका लागि GLOF को सम्भावित अधिकतम प्रवाहहरू G4 हिमतालको लागि मोडल ३ द्वारा अनुमान गरिएको २०,७४५ घन मिटर प्रति सेकेन्ड हो। सो हिमताल हेडवर्क्स स्थलको १२५ कि.मि. माथिल्लो तटमा अवस्थित छ र अधिकतम प्रवाह (Peak Discharge) हेडवर्क्स स्थलमा आइपुग्दा आधाभन्दा बढी घट्ने आंकलन गरिएको छ। तसर्थ, अरुण जलाधारको G4 हिमतालबाट उत्पन्न GLOF हेडवर्क्स स्थलमा आइपुग्दा अधिकतम प्रवाह ५,१८६ घन मिटर प्रति सेकेन्ड हुनेछ। यसका साथै तिब्बतमा अरुण नदी उपत्यकाको समथर भुस्वरूप हुँदै नेपालतर्फ बग्दा GLOF को प्रखरता अझ घट्न सक्छ। त्यसकारण, GLOF घटनाको बखत आयोजना स्थलमा अधिकतम सम्भावित प्रवाह सम्भावित अधिकतम बाढी (PMF) भन्दा कम हुने आकलन गरिएको छ। आयोजनाको टेलरेसको प्रवाह अरुण नदीमा निकास गरिने स्थानमा १०,००० बर्षको अवधिका लागि सम्भावित बाढीको मोडलिंग गर्दा बाढीको जलस्तर १६५०.५९ मिटर सम्म पुग्ने देखिन्छ; तसर्थ हाल प्रस्ताव गरिएको मुख्य पहुँच सुरुंग (main access tunnel) को उचाई (१,७९५.०० मि.) GLOF को सम्भावित खतराबाट सुरक्षित उचाईमा रहेको मान्न सकिन्छ।

ICIMOD को प्रतिवेदन बमोजिम (२०२०) आयोजनाको निकट नेपालमा स्थित अरुण जलाधारमा पर्ने जोखिमयुक्त हिमताल ४७७४ मीटर र ४९४१ मीटर उचाईमा रहेको क्रमशः Rank I को "GL०८७५९६E२७७०५N" र Rank III को "GL०८७६३२E२७७२९N" रहेका छन् । दुईवटै end moraine dammed हिमतालहरु, "GL०८७५९६E२७७०५N" आयोजनाको विद्युत गृह बाट नदीको बहावको मार्फत मात्र १८.२७ किलोमीटरको दूरीमा र "GL०८७६३२E२७७२९N" हिमताल मात्र २२.४४ किलोमीटर दूरीमा रहेको छ।



नक्सा १७: कोशी जलाधार क्षेत्रमा रहेका जोखिमयुक्त हिमतालहरु र आयोजना स्थलको अवस्थिति नक्सा

३.५.४. सुरुंगको मार्गरिखा आसपास अवस्थित पानीका मुहानहरुको अभिलेखीकरण

सुरुंगको मार्गरिखा नजिक अरूण नदि र अन्य सहायक नदि (मूल खोला, माझी खोला र चेप्वा खोलाको किनारमा अवस्थित पानीका मूल/मुहानहरुको अभिलेखीकरणका क्रममा १३ वटा मुहानहरु अवलोकन गरिएको थियो भने ती मुहानहरुमा पानीको औसत वहाव ०.२७-५.५६ लिटर प्रति सेकेन्ड मापन गरिएको थियो।


तालिका ३-११: सुरुंगको मार्गरेखा आसपास अवस्थित पानीका मुहानहरु

क्र.सं	श्रोतको नाम	संकेत	श्रोतको प्रकार	पानीको उपलब्धता	स्थान	अक्षांश (उ.)	देशान्तर (पू.)	उचाई (मि.)	भिरालोपना (डिग्री)	मोहडा	नजिकको नदी/ खोला	वहाव मापन (Bucket Method)				
												मापनको क्र.सं.	पानीको आयतन (लि.)	पानी भरिएको समय (सेकेन्ड)	वहाव (लि. प्रति सेकेन्ड)	औसत वहाव (लि. प्रति सेकेन्ड)
१.		S०१	खोल्सा	सदाबहार	भोटखोला गा.पा. -२, छुम्सुर	३०७५८८८	५४१२५१	२५४७	३०	पूर्वी		१	१५	३.२	४.६९	४.६९
												२	१५	३.५	४.२९	
												३	१५	२.८	५.३६	
२.		S०२	खोल्सा	सदाबहार	भोटखोला गा.पा. -२, छुम्सुर	३०७५८६०	५४१२७०	२५३७	४०	पूर्वी		१	१५	७	२.२४	२.२४
												२	१५	७	२.३१	
												३	१५	७.१	२.११	
३.		S०३	खोल्सा	सदाबहार	भोटखोला गा.पा. -२, छुम्सुर	३०७५८४१	५४१३४२	२५३८	४०	पूर्वी		१	१५	१९	०.८	०.८
												२	१५	१९	०.७८	
												३	१५	१८	०.८२	
४.		S०४	खोल्सा	सदाबहार	भोटखोला गा.पा. -२, छुम्सुर	३०७५८३०	५४१४१८	२५३९	३५	पूर्वी		१	५	७	०.७४	०.७४
												२	५	७	०.७७	
												३	५	७	०.६९	
५.		S०५	खोल्सा	सदाबहार	भोटखोला गा.पा. -२, छुम्सुर	३०७५८२९	५४१५३७	२५३५	४०	पूर्वी		१	५	७.३	०.६८	०.६८
												२	५	८	०.६६	
												३	५	८	०.६	
६.	गैरा धारा	S०६	खोल्सा	सदाबहार	भोटखोला गा.पा. -२, छुम्सुर	३०७५४६९	५४१९४९	२३९३	३०	पूर्वी		१	५	१५.१	०.३३	०.३३
												२	५	१४.३	०.३५	
												३	५	१५.८	०.३२	
७.	खोल्सी	S०७	खोल्सा	सदाबहार	भोटखोला गा.पा. -२, छुम्सुर	३०७५३८४	५४२०६४	२३०९	४०	पूर्वी		१	५	३	१.५२	१.५२
												२	५	४	१.३२	
												३	५	३	१.८५	
८.		S०८	खोल्सा	सदाबहार	भोटखोला गा.पा. -२, छुम्सुर	३०७४९९३	५४१६५७	२४२०	३०	पूर्वी		१	१५	३	५.५६	५.५६
												२	१५	२	७.१४	
												३	१५	३	५.७७	
९.		S०९	खोल्सा	सदाबहार	भोटखोला गा.पा. -२, छुम्सुर	३०७४७९०	५४१७५५	२३४५	३०	पूर्वी		१	१५	४	३.७५	३.८
												२	१५	४	४.२९	
												३	१५	३.२	४.६९	
१०.		S१०	खोल्सा	सदाबहार		३०७४३७२	५४१८०९	२३५०	३५	पूर्वी		१	१५	६.८	२.२१	२.२१

क्र.सं	श्रोतको नाम	संकेत	श्रोतको प्रकार	पानीको उपलब्धता	स्थान	अक्षांश (उ.)	देशान्तर (पू.)	उचाई (मि.)	भिरालोपना (डिग्री)	मोहडा	नजिकको नदी/ खोला	वहाव मापन (Bucket Method)				
												मापनको क्र.सं.	पानीको आयतन (लि.)	पानी भरिएको समय (सेकेन्ड)	वहाव (लि. प्रति सेकेन्ड)	औसत वहाव (लि. प्रति सेकेन्ड)
					भोटखोला गा.पा. -२, छुम्सुर							२	१५	८.१	१.८५	
												३	१५	८.२	१.८३	
११.		S११	खोल्सा	सदाबहार	भोटखोला गा.पा. -२, च्यामतांग	३०७३२४	५४२९४५	२२७२	३५	पूर्वी		१	१५	१९.३	०.७८	
												२	१५	१८.६	०.८१	
												३	१५	१८.२	०.८२	०.७८
१२.		S१२	खोल्सा	सदाबहार	भोटखोला गा.पा. -२, च्यामतांग	३०७०९२१	५४२१४७	२३३७	४०	पूर्वी		१	५	११.३	०.४४	
												२	५	१०.८	०.४६	
												३	५	११.६	०.४३	०.४४
१३.		S१३	खोल्सा	सदाबहार	भोटखोला गा.पा. -२, च्यामतांग	३०७१६८४	५४२५२४	२३१०	२५	पूर्वी		१	५	१८.२	०.२७	
												२	५	१८.७	०.२७	
												३	५	१६.६	०.३	०.२७

तालिका ३-१२: सुरुंगको मार्गरेखा आसपास अवस्थित खोलाहरु

क्र.सं	श्रोतको नाम	संकेत	श्रोतको प्रकार	पानीको उपलब्धता	स्थान	अक्षांश (उ.)	देशान्तर (पू.)	उचाई (मि.)	भिरालोपना (डिग्री)	मोहडा	मापनको क्र.सं.	दायाँ किनार देखि को दुरी (मि.)	पानीको गहिराइ (से.मी.)	पार गरेको दुरी (मि.)	लागेको समय (सेकेन्ड)	वहाव (लि. प्रति सेकेन्ड)	औसत वहाव (लि. प्रति सेकेन्ड)
१.	मूल खोला	St1	खोल्सा	सदाबहार	भोटखोला गा.पा.-२, च्यामतांग	३०७२१०६	५४२७३२	२३५०	२५	पूर्वी	१	०	२	४	१३.३	०.३००८	०.३००७५२
											२	१००	८	४	१०.८	०.३७०४	
											३	२००	१४	४	९.९	०.४०४	
											४	३००	१०	४	१०.८	०.३७०४	
											५	४००	६	४	१२.८	०.३१२५	
२.	माझी खोला	St2	खोल्सा	सदाबहार		३०७१९४६	५४२५३९	२४०५	३०	पूर्वी	१	०	३	४	९.५	०.४२११	०.४२१०५३
											२	१००	८	४	७.८	०.५१२८	
											३	२००	१४	४	६.६	०.६०६१	
											४	३००	१३	४	६.८	०.५८८२	
											५	४००	५	४	८.२	०.४८७८	
३.	चेप्वा खोला	St3	खोल्सा	सदाबहार		३०७०२२७	५४०७८२	२३३५	२५	पूर्वी	१	०	३	५	९.३	०.५३७६	०.५३७६३४
											२	१००	८	५	८.९	०.५६१८	
											३	२००	१७	५	७.४	०.६७५७	
											४	३००	१४	५	७.६	०.६५७९	
											५	४००	७	५	८.३	०.६०२४	



नक्सा १८: सुरुंगको मार्गरेखा आसपास अवस्थित पानीका मुहान र खोलाहरुको अवस्थिति नक्सा

३.५.५. वातावरणीय प्रवाह (Environmental Flow)

प्रस्तावित आयोजना १०० मेगावाट भन्दा बढी विद्युत उत्पादन गर्ने आयोजना भएको र आयोजना बन्ने स्थानको नदि मकालु बरुण राष्ट्रिय निकुन्जको मध्यवर्ती क्षेत्र भित्र पर्ने भएकोले **संरक्षित क्षेत्रमा पूर्वाधार निर्माणको लागि जग्गा उपलब्ध गराउने सम्वन्धि कार्यविधि,२०८०** मा निर्दिष्ट भएअनुसार नदी खोलामा उच्च सुख्खा मौसम अवधिभर न्यूनतम जल प्रवाहको १०% प्राकृतिक प्रवाह सुनिश्चित गरि वा वा.प्र.मु. बाट निर्धारण गरिएको न्युनतम आवश्यक प्रवाहमध्ये बढी हुन आउने मान बराबरको वातावरणीय प्रवाह वर्षैभरी निर्वाध खुला छाड्ने कानुनि व्यवस्था अनुरुप वातावरणीय प्रवाहको लागि गरिएको अध्ययन अनुरुप तालिका ३-१३ बमोजिमको वातावरणीय प्रवाह निर्वाध रुपमा छोडीनु पर्ने हुन्छ।

तालिका ३-१३: औसत मासिक प्रवाह र वातावरणीय प्रवाहको विवरण

महिना	दिन	औषत मासिक प्रवाह (m^3/s)	E-flow का लागि आवश्यक न्युनतम प्रवाह (m^3/s)	उपलब्ध प्रवाह (m^3/s)	प्लान्ट संचालनका लागी उपलब्ध पानीको परिमाण (m^3)
Jan	३१	६०.०८	४.८०१	५५.२८	४७७५८२१
Feb	२८	५६.२२	४.८०१	५१.४२	४४४२५३४
Mar	३१	५४.२८	४.८०१	४९.४८	४२७४७५७
Apr	३०	४८.०१	४.८०१	४३.२१	३७३३३०९
May	३१	७८.२०	४.८०१	७३.४०	६३४१८९१
Jun	३०	२३७.१७	४.८०१	२३२.३७	२००७६७९१
Jul	३१	५२३.८०	४.८०१	५१९.००	४४८४१२८५
Aug	३१	५६२.८	४.८०१	५५८.००	४८२१११०८
Sep	३०	४०३.९	४.८०१	३९९.१०	३४४८२१४८
Oct	३१	१८४.८२	४.८०१	१८०.०२	१५५५३३५७
Nov	३०	९८.१०	४.८०१	९३.३०	८०६११४३
Dec	३१	७०.०६	४.८०१	६५.२६	५६३८३४४

श्रोतः किमाथांका अरुण जलविद्युत आयोजना (४५४ मेगावाट) आयोजनाको सम्भाव्यता अध्ययन प्रतिवेदन (जुन,२०२२)

प्रस्तावित आयोजनाको ८.६ कि.मि. लामो Dewater stretch क्षेत्रमा मानव वस्ती नरहेको, अरुण नदीको पानी प्रयोग गरिने गरि कुनै पनि मानवीय गतिविधि नरहेको तथा आयोजना सञ्चालनको क्रममा इन्टेक साइटबाट तल्लो तटीय क्षेत्रमा छोडिने पानीको मात्रा, आयोजनालाई आवश्यक भन्दा बढि भई Spillway मार्फत पुनः अरुण नदीमै छाडिने पानीको मात्रा तथा Dewater stretch क्षेत्रमा आफ्नै थुप्रै सहायक नदिहरु मिलेर बग्ने बकंग खोला र छुजुंग खोलाहरुको पानीको मात्रा समेत मिसिने हुँदा आवश्यक पर्ने पानीको मात्रा पूर्ति हुन सक्ने आंकलनका कारण Environmental Flow वापत तालिका ३-१३ अनुसार अरुण नदीको उच्च सुख्खा मौसम अवधिभर न्यूनतम जल प्रवाहको १०% पानी अनिवार्य रुपमा छोडिदा नदीको जलीय पारिस्थितिकी प्रणाली कायम हुने र प्रवाह न्युनिकरण हुने नदी खण्डमा आवश्यक पानीको मात्रा पर्याप्त हुने देखिएको छ।

यद्यपि आयोजना संचालनको कुनै पनि चरणमा Environmental Flow Maintain गर्न माथि उल्लेखित अनुसारको पानीको मात्रा नपुगेको निष्कर्ष वातावरण संरक्षणसंग सम्बन्धित नेपाल सरकारका निकायहरुबाट प्राप्त भएमा वा आयोजनाले गर्ने वातावरणीय परिक्षण वा अनुगमनबाट समेत सो कुरा निक्यौंल गरेको खण्डमा तत् समयमा प्राप्त निष्कर्ष अनुरुप Environmental Flow परिमार्जन गरि सोहि अनुसार लागु गरिनेछ।

३.६. जल तथा मौसम

अरुण जलाधार क्षेत्रको जलवायु प्रणालीमा दक्षिणपश्चिमी मनसुन (Southwestern monsoon) को उल्लेख्य प्रभाव देखिन्छ। मनसुनी गतिविधिका कारण मध्य-जून देखि सेप्टेम्बरको अन्त्यसम्म उल्लेख्य वर्षा हुन्छ भने अप्रिल, मे र अक्टुबरमा पनि यथेष्ट वर्षा हुन्छ। अरुण जलाधार क्षेत्रको पूर्वीय भौगोलिक अवस्थिति र अरुण उपत्यकाको भौगोलिक trough का कारण नेपालको अन्य क्षेत्रको तुलनामा आयोजना क्षेत्रमा बर्खा याम अलावा अन्य याममा पनि उल्लेख्य मात्रामा वर्षा हुन्छ (श्रेष्ठ, १९८८)। तिब्बती भू-खण्डमाथि बन्ने न्यून-चापीय क्षेत्र (thermal low) ले गर्मी याममा यस क्षेत्रमा क्षेत्रीय वायुमंडलीय परिवहन (circulation) लाई आंशिक रूपमा नियन्त्रण गर्दछ (ये, १९८१; लियू, १९८९)। अरुण उपत्यकाले बंगालको खाडीबाट तिब्बती पठारतर्फ जलवाष्पयुक्त वायुलाई प्रवाहमार्ग उपलब्ध गराउँछ। आयोजना क्षेत्रमा वायु तापक्रम जनवरीमा न्युनतम र जुलाईमा अधिकतम हुन्छ। हिउँद (डिसेम्बरदेखि फेब्रुअरी) मा Higher Himalaya र Lesser Himalaya का उच्च पहाडी भू-भागमा उत्तरपूर्वी दिशाबाट महाद्वीपीय वायु (Continental wind) प्रवाह हुने गर्दछ। यस क्षेत्रमा हिउँदे वर्षा छिटपुट हुन्छ भने उच्च भेगमा प्राय हिमपात हुने गर्दछ। जनवरीको अन्त्य देखि मेसम्म प्रस्तावित आयोजना क्षेत्र क्रमिक रूपले न्यानो हुँदै जान्छ र प्राय मध्य-जुलाईमा, मनसुनको सुरुवात अघि तापक्रम उच्चतम बिन्दुमा पुग्ने गर्दछ।

प्रस्तावित आयोजना अवस्थित अरुण जलाधार क्षेत्रको प्राय क्षेत्रफल चीनमा अवस्थित छ। प्रस्तावित बाँधस्थलबाट करिब १२.०७ कि.मि. तल्लो तटीय क्षेत्रमा अवस्थित जल तथा मौसम विज्ञान विभागद्वारा स्थापित र संचालित वर्षामापन केन्द्र चेपुवा स्टेशन (स्टेशन नं. १३१७) को वर्षा अभिलेख आयोजनाको वर्षा विश्लेषणका लागि उपयोग गरिनेछ। नेपालतर्फको अरुण जलाधार क्षेत्रमा अधिकारप्राप्त निकायद्वारा स्थापित अन्य मौसम मापन केन्द्र छैन। चेपुवा स्टेशनमा उपलब्ध वायु तापक्रम अभिलेख नेपालतर्फको जलवायु विश्लेषणका प्रयोग गर्न सक्ने देखिन्छ। सो स्टेशनमा औसत मासिक वायुमण्डलीय तापक्रम जनवरीमा सबै भन्दा कम (८.८ डिग्री सेल्सियस) हुन्छ भने अगस्टमा २१.३ डिग्री सेल्सियससम्म पुग्छ। त्यसैगरी न्यूनतम तापक्रम जनवरीमा ३.६६ डिग्री सेल्सियस र अधिकतम तापक्रम अगस्टमा २५.०३ डिग्री सेल्सियस हुन्छ।

३.७. वायु, माटो र जल गुणस्तर तथा ध्वनिको स्तर

आयोजनाको प्रभाव क्षेत्रमा वायु, जल, माटो तथा ध्वनि प्रदुषणका उल्लेखनीय ठुला श्रोत/कारकहरु नभएका कारण सो क्षेत्रमा वायु, जल, माटो तथा ध्वनिको गुणस्तर साधारणतया राम्रो रहेको देखिन्छ। कच्ची सडकमा सवारीसाधन आवागमन हुँदा धूलोको उत्सर्जन केही बढ्ने गरेको देखिन्छ भने वर्षाको समयमा भल तथा बाढीका कारणले आयोजना क्षेत्रका नदी तथा खोलाहरुमा वहावका साथै धमिलोपन बढ्ने गर्दछ।

३.७.१. वायु गुणस्तर

आयोजना क्षेत्रका चार स्थानहरुमा १२ घण्टा अवधिमा गरिएको वायु गुणस्तर मापनको नतिजाको आधारमा प्रस्तावित आयोजना क्षेत्रमा कणहरु (Particulate Matter: PM २.५, PM १०, Total Suspended Particles: TSP) तथा ग्याँसजन्य प्रदुषकहरुः सल्फर डाइअक्साइड (SO२), नाइट्रोजन डाइअक्साइड (NO२), कार्बन मनोअक्साइड (CO) को स्तर वायुको गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड, २०६९ मा सिफारिश गरिएको सीमा स्तरभन्दा निकै कम अर्थात मापदण्ड अनुरुप रहेको देखिन्छ। यस अलावा, आयोजना क्षेत्रमा ठुलो निर्माण कार्य वा औद्योगिक गतिविधि जस्ता धुँवाधुलो उत्सर्जन गर्ने उल्लेखनीय स्तरको श्रोत/गतिविधि संचालनमा नरहेको र आसपासको सडकहरुमा सवारी आवागमन कम हुने गरेकाले पनि आयोजना क्षेत्रको वायु गुणस्तर साधारणतया राम्रो रहेको मान्न सकिन्छ।

तालिका ३-१४: आयोजना क्षेत्रको वायुको गुणस्तरको अवस्था

Parameters	स्थान				Nepal Standard, MoFE, 2012
	छुम्सर	बाँधस्थल	लिङ्गम	चेपुवा	
PM_{10} को औसत स्तर ($\mu g/m^3$)	२१.१७	२२.७४	२३.३२	२०.१०	१२०
$PM_{2.5}$ को औसत स्तर ($\mu g/m^3$)	९.५२	८.६०	१२.०२	१०.११	४०
TSPM	५८.२२	५७.२६	५२.२१	४५.०२	२३०
Sulphur Dioxide (SO_2)	०.०२	०.०४	०.०४	०.०३	८०
Nitrogen Dioxide (NO_2)	०.०१	०.०२	०.०३	०.०२	७०
Carbon Monoxide (CO)	<१	<१	<१	<१	१००००
Wind Direction	South to North	South to North	South to North	South to North	-
Wind Speed (m/s)	०.४-०.६	०.६-०.७	०.५-०.६	०.२-०.३	-

श्रोत : स्थलगत अध्ययन, २०७९

**दैनिक १२ घण्टा गरिएको मापनमा आधारित*

$\mu g/m^3$: माईक्रोग्राम प्रति घन मि.

*Tolerance Limit: वायुको गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड, २०६९ (National Ambient Air Quality Standard, 2012)

३.७.२. ध्वनिको स्तर

आयोजनाको प्रभाव क्षेत्रमा निरन्तर उच्च स्तरमा ध्वनि उत्सर्जन गर्ने ध्वनि प्रदूषणका स्रोतहरू छैनन्। स्थलगत सर्वेक्षणको क्रममा बाँधस्थल, विद्युत गृह क्षेत्र र पहुँच मार्ग निकटको वस्ती

(लिङ्गम्), तथा चेपुवा मा Sound Level Meter (SL-४०२३) को प्रयोगले आयोजना क्षेत्रको ध्वनिको स्तर मापन गरिएको हो। आयोजना क्षेत्रमा निरन्तर ध्वनीको श्रोत अरुण नदीको बहावको कारणले देखिएको छ भने कहिलेकाही गाडीहरुको हर्नले आयोजना स्थलमा ध्वनि उच्च हुने गर्दछ।

मापन गरिएको ध्वनिको औसत स्तर (Average Day-Night Sound Pressure Level: क्रमशः ६३.५, ६९.९ , ७०.८ dB (A)) ध्वनिको गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड, २०६९ मा औद्योगिक क्षेत्रका लागि तोकिएको सीमा स्तर (दिवाः ७५ dB (A), रात्रिः ७० dB (A)) भन्दा कम छ। तर, ध्वनि स्तर मापन स्थलहरुमा नदीको बहाव, वायु वहाव, सवारी साधनहरूको आवतजावत लगायत कारकहरुबाट उत्पन्न हुने ध्वनिका कारण आयोजना क्षेत्रमा ध्वनिको स्तर ध्वनिको गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड, २०६९ अन्तर्गत ग्रामीण आवास क्षेत्रको लागि तोकिएको सीमा स्तरभन्दा केही बढी पाइएको छ।

Nepal Standards (२०६९) अनुसार ग्रामीण बस्ती क्षेत्रमा ध्वनि को स्तर दिनको समयमा ४५ dB र रातको समयमा ४० dB रहेको छ। चेपुवा, लिङ्गम्, र छुम्सर क्षेत्रमा नापिएका ध्वनि गुणस्तर Nepal Standards को ध्वनि गुणस्तर सीमा भन्दा उच्च देखिन्छ। यसको कारण, सम्भावित human activities, वा वातावरणका विभिन्न बस्तु (नदीको बहाव, चराचुरूङ्गी, बस्तु-जनावर, रुख-बिरुवा र वायु इत्यादि) का गतिविधिले हुन सक्ने अनुमान गरिएको छ।

तालिका ३-१५: आयोजना क्षेत्रको ध्वनिको स्तरको अवस्था

Parameters	स्थान				
	छुम्सर बस्ती क्षेत्र (dB)	बाँधस्थल (dB)	लिङ्गम् बस्ती क्षेत्र (dB)	चेपुवा (dB)	*सीमा स्तर (Leq,dB)
Equivalent Sound Pressure Level (L_{eq})	५९.७	५७.३	६०.१	६१.१	
Daytime Sound Pressure Level (L_d)	५७.८	५५.३	५६.२	५६.९	४५
Night Time Sound Pressure Level (L_n)	३८.२	३७.९	३९.१	३७.९	४०
Average Day-Night Sound Pressure Level (L_{dn})	५६.२	५३.४	५५.२	५५.८	
Background Sound Pressure Level($L_{९०}$)	४५.५	४१.२	४६.२	४४.९	
Subjective Annoyance Level ($L_{१०}$)	५३.२	५२.३	५२.८	५४.१	
Maximum Sound Pressure Level (L_{max})	६१.१	५८.३	६१.५	६२.५	
Minimum Sound Pressure Level (L_{min})	४४.२	३८.२	४२.३	४४.६	

श्रोत : स्थलगत अध्ययन २०७९, *dB: Decibel (डेसिबेल)*

**Tolerance Limit: ध्वनिको गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड, २०६९ (National Ambient Sound Quality Standard, 2012) अन्तर्गत ग्रामीण आवास क्षेत्रको लागि तोकिएको सीमा स्तर*

३.७.३. माटोको गुणस्तर

आयोजनाको संरचना तथा सुविधाहरु अवस्थित हुने स्थलहरुमा माटोको प्रदुषणको विद्यमान स्तर तथा गुणस्तर मापनका लागि नमुना संकलन तथा प्रयोगशाला परीक्षण गरिएको थियो। चेपुवा, लिङ्गम् बस्ती, छुम्सर बस्ती र रिदाक क्षेत्रहरुको grid/zone sampling प्रयोग गरी माटोको गुणस्तरको विश्लेषण गरिएको थियो। प्रयोगशालामा स्थलको sample परीक्षणबाट Nitrogen (N), Phosphorous (P), र Potassium (K) को मात्राले माटोको गुणस्तर विश्लेषण गरिन्छ। त्यसै गरी, बाँधस्थल र लिङ्गम् बस्ती नजिकको निर्माण स्थल (Construction yard) को माटोको प्रयोगशाला परीक्षणले देखाएको Cadmium, Mercury, Arsenic, Lead, Chromium इत्यादि जस्ता heavy metals हरुको स्तरले माटोको प्रदूषण मात्रा विश्लेषण गरियो। प्रस्तावित टेलरेस नजिक प्रस्तावित निर्माण क्षेत्रहरुको माटोमा पाइएको तामा (Cooper), फलाम (Iron), जिंक (Zinc), निकेल (Nickel), क्रोमियम (Chromium), लेड (Lead), क्याडमियम (Cadmium) जस्ता धातुहरुको विद्यमान स्तरको आधारमा सो स्थानहरुमा उल्लिखित धातुहरुको प्रदुषण नरहेको मान्न सकिन्छ। भौगर्भिक श्रोत जनित कारण तथा वायुमण्डलीय निक्षेपण (atmospheric deposition) का अलावा औद्योगिक गतिविधि, खानीजन्य गतिविधि, धातुजन्य फोहरको विसर्जन, लेडजन्य रंग (paint) तथा खनिज इन्धन, खनिजजन्य रसायन, रासायनिक मल, कृषिजन्य विषादी, लगायत मानवीय गतिविधि/श्रोतहरुबाट माटोमा भारी धातुहरु जम्मा हुन सक्छ तर आयोजनाको प्रभाव क्षेत्रमा त्यस्ता गतिविधिहरु उल्लेखनीय स्तरमा भएको पाइएन।

तालिका ३-१६: आयोजना क्षेत्रको माटोको प्रदूषणको अवस्था

Parameters	स्थल		Unit
	Construction yard (लिङ्गम् नजिक)	बाँधस्थल	
pH	५.७७	५.२५	-
Oil and Grease	०.११	०.०९	%
Lead	७.०७	६.३२	mg/kg
Copper	१०.०१	१०.४२	mg/kg
Iron	६०.२१	४२.१३	mg/kg
Zinc	२५.५५	३४.६८	mg/kg
Cadmium	०.०१	०.०१	mg/kg
Nickel	३६.४१	३२.१४	mg/kg
Chromium	१०.११	७.८७	mg/kg

श्रोतः स्थलगत मापन, असोज २०७९, mg/kg: मिलिग्राम प्रति किलोग्राम

आयोजना स्थलमा माटोको heavy metals को स्तर अनुकूल पाइएको छ । तर, निर्माणको चरणमा हुने बिसर्जन, सवारी र जनरेटर जस्ता उपकरणको उत्सर्जन, घनिज तेल पदार्थहरुको

spilling, तथा मानिसको बढ्दो गतिविधिले सो heavy metals, वायुको प्रदूषण र अन्य वातावरणीय जोखिमहरु बढ्न सक्ने अनुमान छ।

आयोजनाको प्रभाव क्षेत्रमा अवस्थित कृषि भुमिको माटोको गुण परीक्षण अनुसार आयोजना प्रवाभ क्षेत्रमा पर्ने वस्तीहरुमा मानवीय बसोंबास भएको स्थानको कृषि भुमिमा कृषिका लागि उपयुक्त Sandy Loam माटो पाइयो। सो स्थानहरुको माटोको अम्लीयपन कृषिका लागि उपयुक्त दायरा (६-८.५; Bajracharya et al. २००६) मा रहेको पाइयो भने दुबै कृषि भुमिको माटोमा जैविक पदार्थ प्राय बालीका लागि आवश्यक स्तर (३-६%) भन्दा थोरै मात्रामा धेरै पाइयो। दुबै स्थानहरुमा फस्फोरस र पोटासियमको स्तर कृषिका लागि पर्याप्त पाइयो। साथै दुबै स्थानहरुको मध्यम स्तरको Cation Exchange Capacity बाट ती स्थानहरुको माटोको पोषक तत्व भण्डारण क्षमता राम्रो रहेको देखिन्छ। विशेषतः फस्फोरस र पोटासियमको स्तरका आधारमा कृषि प्रयोजनका लागि कैगाऊँको कृषि भुमि तुलनात्मक रुपमा बढी उत्तम देखिन्छ।

तालिका ३-१७: आयोजना क्षेत्रको माटोको गुणस्तरको अवस्था

Parameters		स्थल				Unit
		चेपुवा	छुम्सर बस्ती	रीदाक	लिङ्गम् बस्ती क्षेत्र	
pH		६.००	६.१७	६.०२	६.२१	-
Conductivity		१८१	१२२	१५६	१८८	µS/cm
Soil Organic Matter		४.६२	३.६६	५.०१	४.४४	%
Moisture Content		७.८६	४.१२	६.३२	६.३२	%
Total Kjeldahl Nitrogen		०.१६	०.३९	०.३९	०.०२	%
Available Phosphorus		२०५.२२	१२६.८१	११२.०	९०.२०	mg/kg
Available Potassium		१५२.२१	१०३.१०	९६.७३	८४.२३	mg/kg
Sodium Absorption Ratio (SAR)		०.२२	०.२१	०.१९	०.२८	meq/L
Cation Exchange Capacity		२३.७	२३.१	२१.३४	१९.३	mole/kg
Texture	Clay	४	४	१०	४	%
	Sand	४८.७१	१७.२८	२६.३५	३०.६१	%
	Silt	४७.२९	७८.७१	६३.६५	६५.३९	%
	Soil Type	Silt Loam	Silt Loam	Silt Loam	Silt Loam	-

श्रोतः स्थलगत मापन, असोज २०७९ mg/kg: मिलिग्राम प्रति किलोग्राम

प्रयोगशालाको परीक्षणले माटोको pH, organic matter र नेपाल कृषि अनुसन्धान परिषद (NARC) को N, P र K मापदण्ड अनुसारको sample को NPK को स्तर कृषि योग्य देखिन्छ। आयोजना स्थलको माटो cation exchange दर moderate भएको Silt Loam

प्रकारको छ, जसले वनस्पतिलाई आवश्यक पोषक तत्व बढी छ भन्ने बुझीन्छ। यद्धपी, वनस्पतिको विविधता माटोको गुणस्तर मात्र नभै मौसम र जलवायुले निर्भर गर्छ।

३.७.३. जल गुणस्तर

नदीको जल गुणस्तरः अरुण नदीको मूलधार (mainstem) मा बाँधस्थल माथि, बाँधस्थल, बाँधस्थल तल, सुक्खा तटीय क्षेत्र र विद्युतगृह क्षेत्रको प्रतिनिधित्व हुने गरी कुल ९ वटा स्थानहरुबाट स्थलगत मापन र नमूना संकलन गरिएको थियो। पानीको गुणस्तरको प्रतिनिधित्वमा जलको भौतिक, रसायनिक र जलीय जैविक विविधताको विश्लेषण गरि आयोजना स्थलको जल गुणस्तरको आधारभूत अध्ययन गरियो। जल गुणस्तरको अध्ययन जलचरको अध्ययनका लागि परिपुरक हुने गरि गरिएको छ।

तालिका ३-१८ः नदीको जल गुणस्तर मापन स्थलको संकेत र अवस्थिति

क्र.स.	स्थल संकेत	नदी	अध्ययन गरिएको स्थल	प्रभाव क्षेत्र
१.	KA_AD01	अरुण नदी	किमाथंका	बाँधस्थल माथि
२.	KA_AD02	अरुण नदी	बाँधस्थल	बाँधस्थल माथि
३.	KA_AD03	दाहिने पटीको सहायक नदी	छुम्सर	बाँधस्थल माथि
४.	KA_BD01	अरुण नदी	छुम्सर	बाँधस्थल मुनि
५.	KA_BD02	अरुण नदी	रीदाक	बाँधस्थल मुनि
६.	KA_BD03	देब्रे पटीको सहायक नदी, रिदाक	Tichang	बाँधस्थल मुनि
७.	KA_BD04	अरुण नदी	Tichang	बाँधस्थल मुनि
८.	KA_TR01	अरुण नदी	लुकलुक्मा	विद्युतगृह मुनि
९.	KA_TR02	अरुण नदी	लुकलुक्मा	विद्युतगृह मुनि

श्रोतः स्थलगत मापन, असोज २०७९

बाँधस्थल निकटको स्थलगत विश्लेषणमा पानीको pH विद्युत गृह विश्लेषण क्षेत्रको तुलनामा slightly alkaline रहेको पाइयो। WHO जल गुणस्तरको रसायनिक standards बमोजिम Nitrate को स्तर ५० ppm, Nitrite को स्तर ३ ppm, Orthophosphate को स्तर ५ ppm, र Ammonia को स्तर ०.५ ppm रहेको छ। अध्ययन स्थलहरुबाट संकलन नमूनाहरुको प्रयोगशालामा विश्लेषण गर्दा उल्लेखित रसायनहरु WHO standards को दायरा भित्र रहेको देखियो।

तालिका ३-१९: अरुण नदीको भौतिक तथा रसायनिक गुणस्तरको अवस्था

क्र.स		मापदण्डहरु	प्रभाव क्षेत्र								
			बाँधस्थल माथि			बाँधस्थल मुनि				विद्युतगृह मुनि	
		स्थल संकेतः-	KA_AD01	KA_AD02	KA_AD03	KA_BD01	KA_BD02	KA_BD03	KA_BD04	KA_TR01	KA_TR02
१	स्थलगत	तापक्रम (°C)	१२.५	१३	१२.६	१३.६	१३.८	१२.८	१३.९	१४	१४.२
२		pH	७.३	७.२	७.५	७.७	७.२	७.१	७.३	६.८	६.७
३		EC (µS/cm)	८५	९०	८८	१००	९८	४२	९५	९६	९८
४		TDS (ppm)	४२	४६	४२	४९	४८	२०	४८	४७	४८
५		DO (mg/L)	६.८७	७.४४	८.०५	७.३२	७.२१	७.८८	७.४५	७.३६	७.५६
६		Turbidity (NTU)	४५.५	५०.६	३२.४	७०.६	८८.३	४३.५	९०.५	८८.६	९४.५
७		TSS (mg/L)	०.३	०.५	०.४	०.५	०.८	०.६	०.२	०.४	०.३
८	प्रयोगशाला	Nitrate-Nitrogen [NO_3-N] (ppm)	<०.०१	<०.०१	०.२४	<०.०१	<०.०१	०.२३	०.०४	०.३	०.४
९		Nitrite-Nitrogen [NO_2-N] (ppm)	<०.०१	<०.०१	<०.०१	<०.०१	<०.०१	<०.०१	<०.०१	<०.०१	<०.०१
१०		Orthophosphate [PO_4-P] (ppm)	०.०६	०.०२	०.०१	०.०५	०.०३	०.०५	०.०३	०.१२	०.२
११		Ammonia [NH_4] (ppm)	<०.०१	<०.०१	<०.०१	<०.०१	<०.०१	<०.०१	<०.०१	<०.०१	<०.०१
१२		Cd (mg/L)	०.०२	-	०.०१	०.०१	<०.०१	-	<०.०१	-	-
१३		Zn (mg/L)	०.०८	-	०.०४	०.०५	०.०३	-	०.०४	-	-
१४		Mn (mg/L)	०.१२	-	०.१२	०.११	०.०३	-	०.०३	-	-
१५		As (mg/L)	<०.०१	-	<०.०१	<०.०१	<०.०१	-	<०.०१	-	-
१६		Cu (mg/L)	०.०१	-	०	०.०१	०.०९	-	<०.०१	-	-
१७		Fe (mg/L)	३.६८	-	४.५६	३.४३	०.१	-	०.१५	-	-
१८		Cr (mg/L)	०.०२	-	०.०१	०.०१	०.०१	-	०.०२	-	-
१९		Na (mg/L)	४.४२	-	४.४४	४.७७	४.८३	-	३.९२	-	-
२०		K (mg/L)	५.६७	-	०.३५	४.	०.१५	-	५.८५	-	-
२१		Ca (mg/L)	३६.७७	-	३८.९३	४७.१६	२८.८४	-	२६.५९	-	-

श्रोतः स्थलगत मापन, असोज २०७९ र प्रयोगशाला विश्लेषण, २०७९

पिउने पानीको जल गुणस्तरः आयोजनाको निर्माण र सञ्चालन द्वारा जलश्रोतमा पर्ने प्रभाव अरुण नदीमा मात्र सीमित नभै, आम प्रयोजन तथा पीउनका लागि आवश्यक निजी नदीनाला/, मूलमुहानहरुमा पनि पर्छ । त्यसर्थ/, पिउने पानीको गुणस्तरको प्रतिनिधित्वमा सार्वजनिक बस्ती/ क्षेत्रको जल श्रोतहरुको भौतिक र रसायनिक विश्लेषण गरियो ।

तालिका ३-२०: आयोजना स्थलमा रहेका बस्ती क्षेत्रहरुको पिउने पानीको गुणस्तर


क्रस.	नमुना संकलन बस्ती	तापक्रम (°C)	pH	EC (µS/cm)	TDS (mg/L)	DO (mg/L)	NO_3-N	NH_4-N	PO_4-P
१.	किमाथंका	१४.४	७.२	६७	३३	५.६	<०.०१	<०.०१	<०.०१
२.	छुम्सर	१५.४	७.२	८६	४३	६.३	<०.०१	<०.०१	<०.०१
३.	रीदाक	१५.३	७.६	७६	३८	६.३	<०.०१	<०.०१	<०.०१
४.	चेपुवा	१६.३	७.७	७४	३७	६.१	<०.०१	<०.०१	<०.०१
५.	लुकलुक्मा	१७.६	७.७	७६	३८	६.३	<०.०१	<०.०१	<०.०१

श्रोतः स्थलगत मापन, असोज २०७९ र प्रयोगशाला विश्लेषण, २०७९

विश्लेषण गरिएका बस्तीका पिउने पानीको श्रोतहरुको भौतिक र रसायनिक गुणस्तर WHO तथा नेपाल जल गुणस्तरको standards भित्र रहेको पाइयो। हालको प्राप्त नतिजाका आधारमा आयोजना क्षेत्र भित्र अरुण नदीको भौतिक-रसायनिक गुणस्तर सामान्यतया उपयुक्त रहेको देखिन्छ। जलीय पर्यावरण संरक्षण सम्बन्धी नेपालको जल गुणस्तर मापदण्ड (Nepal Water Quality Guidelines for the Protection of Aquatic Ecosystem) मा निर्दिष्ट स्तरहरुका आधारमा विद्यमान जल प्रदुषणको स्तर न्युन रहेको र जलीय जैविक विविधताको लागि पर्यावरणको अवस्था अनुकुल रहेको देखिन्छ।

४. जैविक वातावरण आधाररेखा

प्रस्तावित आयोजना मुल संरचनाहरु मकालु वरुण राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा पर्दछ। यस क्षेत्रको भौगोलिक अवस्थिति, अरुण नदी उपत्यकाको विशिष्ट भौगोलिक संरचना, जलवायु, पारिस्थितिकीय विविधताका कारण यस क्षेत्र प्रचुर जैविक विविधतायुक्त छ।



नक्सा १९: नेपालका संरक्षित क्षेत्रहरुको नक्शामा आयोजना स्थलको अवस्थिति

(श्रोतः नापी विभागको वेवसाइट उपलब्ध डिजिटल डाटा र राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभागद्वारा प्रकाशित नक्शाको आधारमा अध्ययन टोलीले तयार गरेको)

४.१. वनको किसिम

४.१.१. जलवायुको आधारमा

आयोजनाका संरचनाहरू रहने क्षेत्र उपोष्ण जलवायु (Subtropical climate) भएको क्षेत्र हो। स्थलगत अध्ययन अनुसार जलवायुको आधारमा यहाँ पाइने वनलाई मिश्रित उपोष्ण पहाडी जंगल (Mixed Subtropical Forest) का रुपमा परिभाषित गर्न सकिन्छ।

४.१.२. वनस्पतिको आधारमा

वनस्पतिको आधारमा आयोजनाका संरचनाहरू रहने क्षेत्र र सो को नजिक पाइने जंगललाई नेपाल सरकार, वन अनुसन्धान तथा सर्वेक्षण विभागको सन् २०१५ मा प्रकाशित State of Nepal's Forests प्रतिवेदनमा अपनाइएको परिभाषा अनुसार उपल्लो मिश्रित काठको वन (Upper Mixed Hardwood forest) को रुपमा वर्गीकरण गर्न सकिन्छ। आयोजना क्षेत्रको जंगलमा उत्तिस (*Alnus nepalensis*), कटुस (*Castanopsis indica*), खोटे सल्ला (*Pinus roxburghii*), गोब्रे

सल्ला (*Pinus wallichiana*), सौर (*Betula alnoids*), झिंगाने (*Eurya acuminate*), पांचपाते (*Macropanax undulatus*), बोट धंयेरो (*Lagerstroemia parviflora*), टुनी (*Toona ciliata*) र लालीगुराँस (*Rhododendron arboreum*) लगायतका रुखहरु पाइन्छन। समग्रमा यस क्षेत्रमा कुकाठ प्रकृतिका रुखहरुको प्रधानता रहेको छ।

मकालु बरुण राष्ट्रिय निकुञ्ज[1]: मकालु वरुण राष्ट्रिय निकुञ्ज (MBNP) कुल १,५०० वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको संरक्षित क्षेत्र हो। यो राष्ट्रिय निकुञ्ज समुद्री सतहदेखि ४३५ मिटर उचाईमा रहेको वरुण उपत्यका देखि ८,४६३ मिटर उचाईमा रहेको मकालु हिमालसम्म फैलिएको हुनाले विविधतायुक्त जलवायु, पर्यावरणीय अवस्था तथा जैविक विविधता पाइन्छ। ८३५ देखि २,००० मिटर उचाईसम्मको उपोष्ण प्रकृतिको वनको केहि क्षेत्र मानव अतिक्रमित छ तर त्यो भन्दा माथिल्लो भेगको वन क्षेत्र मानव अतिक्रमित छैन। मकालु वरुण राष्ट्रिय निकुञ्जको कुल क्षेत्रफललाई निम्न रुपमा वर्गीकरण गर्न सकिन्छः

१. उष्ण प्रदेशीय वन
२. उपोष्ण प्रदेशीय वन
३. उपहिमाली वन

मकालु वरुण राष्ट्रिय निकुञ्जमा ३१२८ प्रजातिका फुल फुल्ने बिरुवाहरु, २५ प्रजातिका गुराँसहरु, ४७ प्रजातिका सुनाखरी (अर्किड) हरु, १९ प्रजातिका बाँस, १५ प्रजातिका ओक तथा ८६ प्रजातिका घाँसे रुखहरु र ६७ प्रजातिका औषधीय गुण भएका वनस्पतिहरु पाइन्छन्।

मकालु बरुण मध्यवर्ती क्षेत्रः सन् १९९९ मा मकालु वरुण राष्ट्रिय निकुञ्ज वरिपरिको ८३३ वर्ग कि.मि. क्षेत्रलाई मध्यवर्ती क्षेत्र घोषणा गरिएको हो। यो मध्यवर्ती क्षेत्रमा ९६ वटा मध्यवर्ती सामुदायिक वन समितिहरू वनक्षेत्रको संरक्षण र व्यवस्थापनमा संलग्न रहँदै आएका छन्।

४.१.३. वन व्यवस्थापनको आधारमा

आयोजना प्रभावित गाउँपालिकामा पर्ने वनहरू (क) निजी वन, (ख) सामुदायिक वन, (ग) सरकारद्वारा व्यवस्थित वन र (घ) जंगल बाहिर सामुदायिक जग्गामा रहेका रुखहरु (Trees outside forest in community land) को रुपमा व्यवस्थापन र संरक्षणका कार्यहरु भइरहेको छ। बस्ती नजिकका वन क्षेत्रहरू मध्यवर्ती सामुदायिक वनको रूपमा संरक्षण र व्यवस्थापन भईरहेकाले वन क्षेत्र संरक्षणका कारण आयोजना क्षेत्रमा वन्यजन्तुको वासस्थानको संरक्षणमा समेत सकारात्मक प्रभाव परेको छ।

[1] मकालु बरुण राष्ट्रिय निकुन्ज र मध्यवर्ती क्षेत्र सम्बन्धि जानकारी स्थलगत अध्ययनको क्रममा राष्ट्रिय निकुन्ज कार्यालयमा उपलब्ध अभिलेख र व्यवस्थापन योजनाबाट लिईएको हो ।

आयोजनाले प्रभाव पार्ने वन क्षेत्रः प्रस्तावित आयोजनाका प्रमुख संरचनाहरु मकालु वरुण राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा पर्ने भएको हुनाले आयोजना क्षेत्रमा मध्यवर्ती सामुदायिक वन क्षेत्रहरु छन् भने आयोजनाको जलाशयको बायाँ र बाँधको बायाँ भाग तथा अन्य अस्थायी संरचनाहरु अरुण नदीको वायाँ पट्टि पर्ने हुँदा उक्त क्षेत्रमा डिभिजन वन कार्यालयको क्षेत्राधिकार भित्र पर्ने सामुदायिक वन पर्दछ। आयोजना प्रभावित क्षेत्रमा निम्न तिन सामुदायिक वनहरु पर्दछन् :

१. दंगदंगमा मध्यवर्ती सामुदायिक वन, भोटखोला गाउँपालिका वडा नं. २
२. पेजुंग डाँडा मध्यवर्ती सामुदायिक वन, भोटखोला गाउँपालिका वडा नं. २
३. श्री नाम्ड्रोंग सामुदायिक वन, भोटखोला गाउँपालिका वडा नं. २

४.२. आयोजना क्षेत्रको वनस्पति

४.२.१. आयोजना क्षेत्रमा पाईने वनस्पतिहरू

आयोजनाका संरचनाहरू रहने क्षेत्र र सो को नजिक पाइने वनस्पतिका प्रमुख प्रजातिहरु उत्तिस, पैयुँ, चांप, ओखर, भलायो, शिरिष, लौठ सल्ला, गोब्रे सल्ला, खोटे सल्ला, गुँरास, सिमल, चिमल, आरुपाते, मजिरो, जामुन, खन्यु, गोगन, मलेतो, गुएलो, अखौंले हुन्। प्रस्ताव कार्यान्वयन क्षेत्र वरपर पाईने प्रजातिहरुको विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ४-१: प्रस्तावित आयोजना क्षेत्र वरिपरी पाइने वनस्पति प्रजातिको सूची

क्र.स.	स्थानीय नाम	वैज्ञानिक नाम
१.	उत्तिस	*Alnus nepalensis*
२.	पैयुं	*Prunus* spp.
३.	गुराँस	*Rhododendron* sp.
४.	बोटधंगेरो	*Lagerstroemia parviflora*
५.	टाँटरी	*Dillenia pentagyna*
६.	भलायो	*Semecarpus anacardium*
७.	कुरीलो	*Asparagus racemosus*
८.	चेप्टेपाङ्ग्रो	*Holoptelea integrifolia*
९.	पिनदर	*Trewia nudiflora*
१०.	सिकाकाई	*Acacia concinna*
११.	असुरो	*Adhatoda vasica*
१२.	तुलसी	*Ocimum sanctum*
१३.	हर्रो	*Terminalia chebula*
१४.	बर्रो	*Terminalia belerica*
१५.	अमला	*Emblica officinalis*
१६.	सिमल	*Bombax ceiba*
१७.	कर्मा	*Adina cordifolia*
१८.	सिन्दुरे	*Mallotus philippensis*

क्र.स.	स्थानीय नाम	वैज्ञानिक नाम
१९.	जामुन	*Syzygium cumini*
२०.	साज	*Terminalia alata*
२१.	धायेरो	*Woodfordia floribunda*
२२.	पिपल	*Ficus religiosa*
२३.	च्युरी	*Bassia butyracea*
२४.	सल्लो	*Pinus* sp.
२५.	चिलाउने	*Schima wallichii*
२६.	बयर	*Zizyphus jujuba*
२७.	महुआ	*Bassia latifolia*
२८.	ढाडी	*Cymbopogan jawarancusa*
२९.	सिस्नो	*Urtica dioca*

Ethnobotany का दृष्टिले महत्वपूर्ण प्रजातिः आयोजना क्षेत्रमा पाइने स्थानीय परम्परागत उपयोगका दृष्टिले महत्वपूर्ण प्रजातिहरु सतुवा, पाँचऔंले, गुजर्गानो, जटामसी, पाखंवेद, बुढीओखती, यार्सागुम्बा, टिमुर, सुठो आदि हुन्।

जलीय वनस्पतिः आयोजनाका संरचनाहरु रहने क्षेत्र नजिकको अरुण नदीको खण्डमा पानीको वहाव निकै तीव्र भएको कारणले जलीय वनस्पतिहरु भेटिंदैन। अरुण नदीको सहायक नदीहरुमा भने *Spirogyra* sp., *Chara* sp. लगायतका जलीय वनस्पतिहरु भेटिन्छन्।

४.२.२. वनस्पतिको नमुना प्लट सर्वेक्षण

आयोजना क्षेत्रमा वनस्पति सर्वेक्षणको लागि ४१ वटा नमुना प्लट परेको थियो जस अनुसार रुखको (tree) लागि ५०० व.मी., पोलको लागी १०० व.मी., बल्लाबल्लीको लागी २५ व.मी., बिरुवाको लागी १० व.मी. र पोथ्रा र लहरको लागि १०० व.मी. साईजका नमुना प्लटहरु नक्सामा लेआउट गरी ती प्लटहरुमा रहेका प्रजाती अनुसार प्रत्येक लाथ्रा र बिरुवाको संख्या गणना गरिएको थियो भने रुखको हकमा ब्यास तथा उचाई मापन समेत गरियो। यसरी संकलित तथ्यांकलाई सामुदायिक वन सर्वेक्षण मार्गदर्शन (परिमार्जित) २०६१ को आधारमा तथ्यांक विश्लेषण गरी वनको मौज्दात निकालियो। आयोजना क्षेत्रको रुख (tree) तथा बल्लाबल्ली (pole), लाथ्राहरु (sapling), विरुवाहरु (seedling), झाडी प्रजातिहरू (shrub) र पोथ्रा (herbs) र लहरा (climbers) प्रजातिहरूको नमूना प्लट सर्वेक्षणको नतिजा निम्नानुसार रहेको छ।

<u>रुखहरूको विश्लेषणः</u> आयोजना क्षेत्रमा कुल ७ वटा रुखका प्रजातीहरु नमुना प्लटमा परेका थिए। आयोजना क्षेत्रमा उत्तिस सबै भन्दा धेरै पाइएको थियो भने त्यसपछि पांच पातेको संख्या धेरै पाइएको थियो।

तालिका ४-२: आयोजना क्षेत्रमा रुख प्रजातिहरूको विश्लेषण

क्र. सं.	स्थानीय नाम	वैज्ञानिक नाम	घनत्व (संख्या/हेक्टर)	औसत व्यास (से.मि.)	औसत उचाई (मि.)	Frequency (%)
१.	झिन्गाने	*Eurya acuminate*	१.४१	३०.५६	१५.६०	२.४४
२.	उत्तिस	*Alnus nepalensis*	३८.०३	३४.४१	११.८०	५१.२२
३.	कटुस	*Castanopsis hystrix*	२५.३५	३६.५२	१३.७१	२९.२७
४.	टुनी	*Cedrela toona*	५.६३	४१.१४	९.६०	९.७६
५.	पाँच पाते	*Macropanax undulatus*	१५.४९	३७.६२	१३.९८	२१.९५
६.	भकिम्लो	*Rhus javanica*	१.४१	४७.११	८.७०	९.७६
७.	रानी सल्लो	*Pinus roxburghii*	१२.६८	३७.६७	१०.५७	१२.२०

बल्लाबल्लीहरूको विश्लेषण: आयोजना क्षेत्रमा कुल ७ वटा बल्लाबल्लीका प्रजातीहरु नमुना प्लटमा परेका थिए। आयोजना क्षेत्रमा पांच पातेको संख्या सबै भन्दा धेरै पाइएको थियो।

तालिका ४-३: आयोजना क्षेत्रमा बल्लाबल्ली प्रजातिहरूको विश्लेषण

क्र. सं.	स्थानीय नाम	वैज्ञानिक नाम	घनत्व (संख्या/हेक्टर)	औसत व्यास (से.मि.)	औसत उचाई (मि.)	Frequency (%)
१.	झिन्गाने	*Eurya acuminate*	१५.८५	१४.९४	७.००	२४.३९
२.	कटुस	*Castanopsis hystrix*	१३.४१	१६.६१	७.५२	२४.३९
३.	पाँच पाते	*Macropanax undulatus*	९.७६	१७.१७	६.९८	१७.०७
४.	रानी सल्लो	*Pinus roxburghii*	७.३२	२३.१३	६.०२	१२.२०
५.	टुनी	*Cedrela toona*	३.६६	२३.४५	५.५०	७.३२
६.	पाँच पाते	*Macropanax undulatus*	४८.७८	१६.९१	८.१५	६०.९८
७.	भकिम्लो	*Rhus javanica*	१.२२	२०.६९	५.६०	२.४४

<u>लाप्रा प्रजातिहरूको विश्लेषणः</u> कुल १० वटा लाप्रा प्रजातिहरू नमुना प्लटमा परेका थिए। आयोजना क्षेत्रमा उत्तिसको संख्या सबै भन्दा धेरै पाइएको थियो।

तालिका ४-४: आयोजना क्षेत्रमा लाप्रा प्रजातिहरूको विश्लेषण

क्र. सं.	स्थानीय नाम	वैज्ञानिक नाम	घनत्व (संख्या/हेक्टर)	Frequency (%)
१.	लालीगुराँस	*Rhododendron arboreum*	२२.३१	१७.०७
२.	झिन्गाने	*Eurya acuminate*	४.६२	९.७६
३.	कटुस	*Castanopsis hystrix*	१०.७७	१९.५१
४.	पाँच पाते	*Macropanax undulatus*	०.७७	२.४४
५.	रानी सल्लो	*Pinus roxburghii*	६.९२	१४.६३
६.	सउर	*Betula alnoides*	१.५४	२.४४
७.	थाउने	-	३.८५	२.४४
८.	टुनी	*Cedrela toona*	०.७७	२.४४
९.	उत्तिस	*Alnus nepalensis*	४६.९२	६३.४१
१०.	भकिम्लो	*Rhus javanica*	१.५४	४.८८

<u>बिरुवाहरूको विश्लेषणः</u> आयोजना क्षेत्रमा कुल ८ वटा बिरुवा प्रजातिहरू नमुना प्लटमा परेका थिए। आयोजना क्षेत्रमा उत्तिस र पांच पातेको संख्या सबै भन्दा धेरै पाइएको थियो।

तालिका ४-५: आयोजना क्षेत्रमा बिरुवा प्रजातिहरूको विश्लेषण

क्र. सं.	स्थानीय नाम	वैज्ञानिक नाम	घनत्व (संख्या/हेक्टर)	Frequency (%)
१.	लालीगुराँस	*Rhododendron arboreum*	१.२८	२.४४
२.	झिन्गाने	*Eurya acuminate*	४.४९	९.७६
३.	कटुस	*Castanopsis hystrix*	१२.१८	१९.५१
४.	पाँच पाते	*Macropanax undulatus*	१४.७४	३१.७१
५.	रानी सल्लो	*Pinus roxburghii*	९.६२	१७.०७
६.	थाउने	-	१.९२	४.८८
७.	टुनी	*Cedrela toona*	२.५६	४.८८
८.	उत्तिस	*Alnus nepalensis*	५३.२१	७५.६१

<u>झाडी तथा बुट्टयान प्रजातिहरूको विश्लेषणः</u> आयोजना क्षेत्रमा कुल २ वटा झाडी प्रजातिहरू नमुना प्लटमा परेका थिए। आयोजना क्षेत्रमा चुत्रोको संख्या सबै भन्दा धेरै पाइएको थियो।

तालिका ४-६: आयोजना क्षेत्रमा झाडी/बुट्टयान प्रजातिहरूको विश्लेषण

क्र. सं.	स्थानीय नाम	वैज्ञानिक नाम	घनत्व (संख्या/हेक्टर)	Frequency (%)
१.	चुत्रो	*Berberis aristata DC.*	५२.३८	२४.३९
२.	तितेपाती	*Artemisia sp.*	४७.६२	१४.६३

पोथ्रा प्रजातिहरू र लहरा प्रजातिहरूको विश्लेषणः कुल २० वटा पोथ्रा प्रजातिहरू र लहरा प्रजातिहरू नमुना प्लटमा परेका थिए। आयोजना क्षेत्रमा फर्न सबै भन्दा धेरै पाइएको थियो भने त्यस पछि ऐसेलुको संख्या धेरै पाइएको थियो।

तालिका ४-७: आयोजना क्षेत्रमा पोथ्रा प्रजातिहरू र लहरा प्रजातिहरूको विश्लेषण

क्र. सं.	स्थानीय नाम	वैज्ञानिक नाम	उपस्थित प्लटमा औसत क्षत्र ढाक (%)	कुल प्लटमा क्षत्र ढाक (%)	Frequency (%)
१.	सिरिस	*Albizia spps*	१.४०	०.१७	१२.२०
२.	अल्लो	*Girardinia diversifolia*	२.०६	०.४०	१९.५१
३.	भुई अईसेलु	*Fragaria nubicola*	३.७५	०.१८	४.८८
४.	चरी अमिलो	Oxalis spp	८.७५	०.४३	४.८८
५.	बनमारा	*Ageratina adenophora*	१.९२	०.२३	१२.२०
६.	कार्पेट घाँस	*Axonopus fissifolius*	१.३३	०.२९	२१.९५
७.	चिप्ले झार	*Pouzolzia zeylanica*	२.५०	०.२४	९.७६
८.	दुबो	*Cynodon dactylon*	१.२२	०.२१	१७.०७
९.	फर्न	*Pteridopsida*	०.५०	०.३२	६३.४१
१०.	गोग्लातो	-	१५.००	०.३७	२.४४
११.	हनुमाने	-	५.००	०.१२	२.४४
१२.	जेर्खा	-	१७.००	०.४१	२.४४
१३.	जिम्बु	*Allium hypsistum*	५.००	०.१२	२.४४
१४.	कुकुरदाइनो	-	१०.००	०.२४	२.४४
१५.	नीयूरो	*Matteuccia struthiopteris*	१०.००	०.२४	२.४४
१६.	पानी अमला	*Nephrolepis cordifolia*	०.५६	०.१८	३१.७१
१७.	पानीघाँस	-	२०.००	०.४९	२.४४
१८.	पाथी	-	२५.००	०.६१	२.४४
१९.	सिरु	*Imperata cylindrica*	०.८२	०.१४	१७.०७
२०.	ऐसेलु	*Rubus ellipticus*	०.८७	०.४०	४६.३४

४.३. आयोजना क्षेत्रको वन्यजन्तु

४.३.१. स्तनधारी (Mammals)

प्रतिवेदन तयारीका लागि गरिएको स्थलगत अध्ययनका क्रममा जम्मा ३२ प्रजातिका स्तनधारी जनावरहरू आयोजना प्रभावित गाउँपालिका क्षेत्रमा पाइने यकिन गरिएको छ। यी मध्ये कतिपय प्रजातिहरू अध्ययन टोलीद्वारा प्रत्यक्ष अवलोकन वा यकिनका साथ चिन्न सकिने चिन्हहरूको आधारमा पहिचान गरिएको थियो भने कतिपय प्रजातिहरू सामाजिक अन्तरक्रियाका आधारमा पहिचान गरिएको थियो। स्थानीय जानकार व्यक्तिका अनुसार यी मध्ये कतिपय प्रजातिहरू मकालु वरुण राष्ट्रिय निकुञ्जबाट आयोजना क्षेत्रसम्म आक्कलझुक्कल रुपमा आइपुग्छन्।

तालिका ४-८: आयोजनाको प्रभाव क्षेत्रमा पाइने स्तनधारी प्रजातिहरु

Common Name	Scientific Name	NPWC Act, 1973	Red List		CITES Appendix	Remarks/Local Names
			National	Global /IUCN		
Pika sp.	*Pika sp.*					Abra
Irrawaddy squirrel	*Callosciurus pygerythrus*		LC	LC		Dhima
Red Giant Flying Squirrel	*Petaurista petaurista*		LC	LC		Chhimippa
Rat species	*Rattus sp.*					
Mouse species	*Mus sp.*					
Large Indian Civet	*Viverra zibetha*		NT	LC		
Masked Palm Civet	*Paguma larvata*		LC	LC		Kalo
Jungle Cat	*Felis chaus*		LC	LC	II	
Leopard Cat	*Prionailurus bengalensis*	P	VU	LC	II	
Clouded leopard	*Neofelis nebulosa*	P	EN	VU	I	
Common Leopard	*Panthera pardus*		VU	VU	I	Seekh
Indian Grey Mongoose	*Herpesters edwardsi*		NT	LC		
Crab eating mongoose	*Herpesters urva*		VU	LC		
Red fox[2]	*Vulpes vulpes*		DD	LC		
Asiatic Golden Jackal	*Canis aureus*		LC	LC		Kipchyang
Wild dog/Dhole[3]	*Cuon alpinus*		EN	EN	II	
Himal. Black Bear	*Ursus thibetanus*		EN	VU	I	
Eurasian otter	*Lutra lutra*		NT	NT		
Yellow-throated Marten	*Martes flavigula*		LC	LC		Kokar
Stone maten	*Martes foina*		LC	LC		Kokar
Siberian weasel	*Mustela sibirica*		LC	LC		Dhimu
Red panda[4]	*Ailurus fulgens*	P	EN	VU	I	
Himalayan water shrew[5]	*Chimarrogale himalayica*		EN	LC		
House shrews	*Shrew spp.*					
Bats	*Bat spp.*					Ghummu
Nepal Langur	*Semnopithecus schistaceus*		LC	NT	II	Techya
Rhesus Macaque	*Macaca mulatta*		LC	LC	II	Dholya
Assamese Monkey	*Macaca assamensis*	P	VU	NT	I	

[2] observed at Arun bridge below Chhamsur/Kipchyaag
[3] occ. visitor, Chhumsur, Chyamtang/ phara
[4]occurs at dam site and Ridak/Hobrapka
[5] observed in Chhumsur and Ridak

Barking Deer[6]	*Muntiacus vaginalis*		VU	LC		Thesya, Retek
Himalayan serow	*Capricornis thar*		DD	NT	I	Chakamba,Jyakumma
Common Goral[7]	*Naemorhedus goral*		NT	NT	I	
Wild Boar	*Sus scrofa*		LC	LC		Riwak, Ribya

संकेतः संरक्षितः राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ मा सूचीकृत संरक्षित प्रजाति (protected priority species); DD: Data Deficient, तथ्याङ्क अपुग भएको, LC: Least Concern, कम सरोकार भएको, NT: Near Threatned, संकटउन्मुख, VU: Vulnerable, संवेदनशील, EN: Endangered, संकटापन्न, CR: अति संकटापन्न (IUCN Red List अनुसार संरक्षण अवस्था; IUCN को राष्ट्रिय स्तरको सूचीकरण स्तनधारी प्रजातिहरूको सन्दर्भमा Jnawali et al., 2011 मा आधारित) ; I, II, III: CITES अनुसूचीहरू(https://checklist.cites.org/)

४.३.२. पन्छी (Birds)

आयोजना प्रभाव क्षेत्रमा प्रत्यक्ष अवलोकन तथा अन्य विधिबाट गरिएको पंक्षीहरुको अध्ययन अनुसार १०१ प्रजातिका पंक्षीहरु पाइने देखिन्छ ।

तालिका ४-९: आयोजनाको प्रभाव क्षेत्रमा पाइने पंक्षी प्रजातिहरु

Common Name	Nepali Name	Scientific Name	Conservation Status			Remarks
			Globally	Nationally	CITIES	
Scarlet Finch	सिपाही तितु	*Haematospiza sipahi*	LC	**NT**		AM
Brown Bullfinch	खैरो टिउ टिउ	*Pyrrhula nipalensis*	LC			BR
Crested Bunting	जुरे बगडी	*Melofus lathami*	LC			BR
Crimson Browed Finch	सिम्रिक राजतितु	*Propyrrhula subhimachala*	LC			BR
Red-Headed Bullfinch	रातोटाउके टिउ टिउ	*Pyrrhula erythrocephala*	LC			PM
Blue-wings Laughing Thrush	निलो पंखे तोरिगाडा	*Garrulax squamatus*	LC			BR
Yellow Breasted Greenfinch	गाजले पितचरी	*Carduelis spinoides*	LC			BR
Bronzed Drango	सानो चिबे	*Dicrurus aeneus*	LC			AM
White Throated Fantail	नक्कले मारुनीचरी	*Rhipidura albicollis*	LC			AM
Yellow Billed Blue Magpie	सूनठुंदे लामपुछ्रे	*Urocissa flavirostris*	LC			AM
Spotted Nutcracker	वनसर्रा	*Nucifraga caryocatactes*	LC			AM
Grey Treepie	पहाडी कोकले	*Dedrocitta formosae*	LC			BR

[6] observed in Yogo
[7] observed in Yogo and Ridak

Red-billed Blue Magpie	स्यालपोथरी लामपुछ्रे	*Urocissa erythrorhyncha*	LC			BR
Streaked Laughing Thrush	छिर्के तोरीगांडा	*Garrulax lineatus*	LC			AM
Crested Crown Laughing Thrush			LC			BR
Hoary-throated Barwing	वनचाहर	*Actinodura nepalensis*	LC	RR		BR
Red-tailed Minla	लालपुछ्रे मिन्ला	*Minla ignotincta*	LC			AM
Rufous Sibia	सिबिया	*Malacias capistratus*	LC			BR
Bar Throated Siva	शिव मिन्ला	*Siva strigula*	LC			AM
Whiskered Yuhina	जुंगे जुरेचरा	*Yuhina flavicollis*	LC			AM
Fire-tailed Myzornis	हरित हिमसुधा	*Myzornis phrrhoura*	LC			AM
Chestnut bailed Nuthatch	कटुसे मटटा	*Sitta (castanea) cinnamoventris*	LC			BR
White tailed Nuthatch	पहाडी मटटा	*Sitta himalayensis*	LC			BR
Grey Winged Blackbird	मदना चाँचर	*Turdus boulboul*	LC			PM
White Collared Blackbird	कण्ठे चाँचर	*Turdus albocinctus*	LC			PM
Spotted Forktail	थोप्ले खोलेधोबिनी	*Enicurus maculatus*	LC			BR
Grey Bush-chat	हिमाली झ्याप्सी	*Saxicola ferreus*	LC			BR
Little forktail	गंगा खोलेधोबिनी	*Enicurus scouleri*	LC			BR
Blue capped Rock thrush	सानो हजारा चाँचर	*Monticola cinclorhynchus*	LC			SV
Verditer flycatcher	निलोतुथो अर्जुनाक	*Eumyias thalassinus*	LC			SV
Small Niltava	सानो निलतभा	*Niltava macgrigoriae*	LC			SV
Fire-breasted Flower-pecker	अग्निवक्ष पुष्पकोकिल	*Dicaeum ignipectus*	LC			AM
Large Billed Crow	पहाडी कालो काग	*Corvus macrorhynchos*	LC			BR
Eurasian Jay	कैले वन काग	*Garrulus glandarius*	LC			BR
Black Headed Jay	कालोटाउके वनकाग	*Garrulus lanceolatus*	LC			BR

Green Backed Tit	हरियो चिचिल्कोटे	*Parus monticolus*	LC			BR
Satyr Tragopan	मुनाल	*Tragopon satyra*	NT	VU	III	WV
Himalayan Monal	डाँफे	*Lophophorus impejanus*	LC	NT	I	WV
Kalij Pheasant	कालिज	*Lophura leucomelanos*	LC			BR
Red Junglefowl	लुइचे	*Gallus gallus*	LC			BR
Blood Pheasant	चिलिमे	*Ithaginis cruentus*	LC		II	WV
Black Francolin	कालो तित्रा	*Francolinus francolinus*	LC			AM
Hill Partige	पिउरा	*Arborophila torqueola*	LC			BR
Besra	बेसरा	*Accipiter virgatus*	LC		II	M
Mountain Hake Eagle	जुरे चिल	*Nisaetus nepalensis*	LC			BR
Black Eagle	द्रोणक चिल	*Ictinaetus malayensis*	LC		II	BR
Mountain Scops owl	लेकाली उलुक	*Otus spilocephalus*	LC		II	BR
Asian Barred Owlet	ठुलो डुन्डुल	*Glaucidium cuculoides*	LC		II	BR
Common Krestal	बौड़ाई	*Falco tinnunculus*	LC		II	SV
Paragrine Falcon	शाहीबाज	*Falco peregrinus*	LC		I	SV
Sikra	शिक्रा	*Accipiter badius*	LC		II	BR
Northern Goshawk	बलाकांक्ष वनबाज	*Accipiter gentillis*	LC		II	AM
Collared Owlet	सानो डुन्डुल	*Glaucidium brodieal*	LC		II	BR
Brown Wood owl	चस्मे उलुक	*Strix leptogrammica*	LC	VU	II	BR
Himalayan Owl	हिमाली उलुक	*Strix (aluco) nivicolum*	LC		II	BR
Alpine Swift	बतासी गौथली	*Tachymarptis melba*	LC			M
Great Barbet	न्याउली	*Megalaima virens*	LC			BR
Crested Goshawk	कल्की बेसरा	*Accipiter trivirgatus*	LC		II	BR
Bonelli's Eagle	मोरंगी चील	*Aquila fasciata*	LC			BR
White Browed Scimitar Babbler	फुस्रोटाउके पाल्कोटे	*Pomatorhinus schisticeps*	LC			BR
Large Hawk Cuckoo	बिउकुहियो	*Hierococcyx sparverioides*	LC			SV

Indian Cockoo	काफल पाक्यो	*Cuculus micropterus*	LC			SV
Eurasian Cockoo	कुक्कु कोइली	*Cuculus canorus*	LC			SV
Himalayan Cockoo	पूर्वीय कोइली	*Cuculus saturatus*	LC			SV
Blue throated Barbet	कुथुर्के	*Megalaima asiatica*	LC			BR
Fulvous breasted woodpecker	काष्ठकूट	*Dendrocopos macei*	LC			BR
Greater Yellow-nape	ठुलोसुनजुरे काठफोर	*Picus chlorolophus*	LC			BR
Grey-headed woodpecker	कालो गर्दने काठफोर	*Picus canus*	LC			BR
Large Cockoo-shrike	लटुशक बिरहीचरी	*Coracina macei*	LC			BR
Black-winged Cockooshrike	कालो बिरहीचरी	*Coracina melaschistos*	LC			BR
Maroon Oriol	घनरक्त सूनचरी	*Oriolus traillii*	LC			BR
Ashy Drango	ध्वाँसे चिबे	*Dicururus leucophaeus*	LC			BR
Yellow Bellied Fantail	पहेलो मारुनीचरी	*Chelidorhynx hypoxantha*	LC			SV
House Crow	घर काग	*Carvus splendens*	LC			BR
Grey Wagtail	फुस्रो टिकटिके	*Motacilla cinerea*	LC			BR
Black lored tit	पाण्डु चिचिल्कोटे	*Parus xanthogenys*	LC			BR
Black throated tit	कालीकण्ठे चिचिल्कोटे	*Aegithalos concinnus*	LC			BR
Barn Swallow	घर गौथली	*Hirundo rustica*	LC			BR
Yellow-browed tit	चँदुवा चिचिल्कोटे	*Sylviparus modestus*	LC			BR
Eurasian Crag Martin	नहिकुटी गौथली	*Ptyonoprogne rupestris*	LC			PM
Striated Bulbull	धर्के जुरेली	*Pycnonotus striatus*	LC			BR
Striated Prinia	सुया घाँसेफिस्टो	*Prinia crinigera*	LC			AM
Ashy Bulbull	फुस्रोपेटे जुरेली	*Hemixos flavala*	LC			BR
Mountain Bulbull	कैलोपेटे जुरेली	*Ixos mcclellandil*	LC			BR
Chestnzut Headed Tasia	रातोटाउके टिसिया	*Oligura castaneocoronata*	LC			AM

Grey billed Tasia	फुस्रोपेट टिसिया	*Tesia cyaniventer*	LC			AM
Common Trailor Bird	पात सिउने फिस्टो	*Orthotomus sutorius*	LC			BR
Brown Dipper	खैरो वन्जुल	*Cinclus pallasii*	LC			SV
Golden Bush robin	सुनौलो रबिन	*Tarsiger chrysaeus*	LC			AM
Red-billed Leiothrix	रोचिष्णु मिसिया	*Leiothrix lutea*	LC		II	BR
Rusty-flanked tree creeper	कैलोकोखे छेपारेचरी	*Certhia nepalensis*	LC			BR
Plumbeous Water Redstart	नीलाम्बर जलखंजरी	*Rhyacornis fuliginosa*	LC			BR
White-capped Redstart	सेतोटाउके जलखंजरी	*Chaimarrornis leucocephalus*	LC			BR
Rufous bellied Niltava	सुन्दर नीलतभा	*Niltava sundara*	LC			AM
Maroon-backed Accentor	पाण्डुनयनी लेकचरी	*Prunella immaculata*	LC			WV
Eurasian Tree Sparrow	रूख भंगेरा	*Passer montanos*	LC			AM
Rosy Pipit	गुलाफीकण्ठे चुइयाँ	*Anthus roseatus*	LC			AM
Ashy Throated Wabler	फुस्रो कण्ठे फिस्टो	*Phylloscopus maculipennis*	LC			AM
Oriental Turtle Dove	तामे ढुकुर	*Streptopelia orientalis*	LC			BR
Darjeeling woodpecker	दार्जलिंग काष्ठकुट	*Dendrocopos darjellensis*	LC			BR

संकेतः *LC: कम सरोकार भएको, NT: संकटउन्मुख, VU: संवेदनशील, EN: संकटापन्न, CR: अति संकटापन्न, RR-Global restricted-range species (IUCN Red List अनुसार संरक्षण अवस्था; IUCN को राष्ट्रिय स्तरको सूचीकरण पंक्षी प्रजातिहरुको सन्दर्भमा Inskipp et al., 2016 मा आधारित); I, II, III: CITES अनुसूचीहरु (https://checklist.cites.org/)*

BR- Breeding, AM- Altitude Migratory, WV- Winter visitor, SV- Summer visitor, PM-Passage Migrant, M-Migratory

४.३.३. सरीसृप तथा उभयचर (Herpetofauna)

आयोजना प्रभाव क्षेत्रमा गरिएको स्थलगत भ्रमणबाट आयोजना स्थल वर पर ९ प्रजातिका उभयचर, ९ प्रजातिका छेपारो र १८ प्रजातिका सर्प गरि कुल ३५ प्रजातिका सरीसृप तथा उभयचरका प्रजातिहरू अभिलेख गरियो। अभिलेख भएका १८ प्रजातिका सर्प मध्ये ४ प्रजातिका सर्प भने विषालु प्रकारका देखिएका थिए। स्थलगत अध्ययनको दौरान कुनै पनि endemic,

migratory and invasive सरीसृप तथा उभयचर प्रजातिहरु भेटीएनन् । को विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ४-१०: आयोजनाको प्रभाव क्षेत्रमा पाइने सरीसृप तथा उभयचर प्रजातिहरू

Common Name	Scientific Name	IUCN Red List status	CITES Appendix	Local names
Amphibians				
Himalayan toad	*Duttaphrynus himalayanus*			
Black spined toad	*Duttaphrynus bengalensis*			
Zhang's horned toad	*Xenophrys zhangi*	NT		
Marbled cascade frog	*Amolops mahabharatensis*			
Beautiful stream frog	*Amolops farmosus*			
Nepalese cricket frog	*Zakerana nepalensis*	LC		
Skittering frog	*Euphlyctis cyanophlyctis*	LC		
Sikkim Asian frog	*Ombrana sikimmensis*	LC		
Liebig's paa frog	*Nanorana liebigii*	LC		भापा
Lizards				
Common garden lizard	*Calotes versicolor*			
Himalayan rock lizard	*Laudakia tuberculata*			च्यांग्बा राजा
Variegated mountain lizard[8]	*Japalura variegata*			
Brook's house gecko	*Hemidactylus brooki brooki*			
Wall lizard	*Hemidactylus sp.*			
Himalayan ground skink	*Asymblepharus himalayanus*			
Sikkim skink	*Asymblepharus sikimmensis*			
Spotted litter skink	*Sphenomorphus maculatus*			
Snakes				
Mountain keelback[9]	*Herpetoreas platyceps*			मेंदी
Buff-striped keelback	*Amphiesma stolata*			
Himalayan cat snake	*Boiga multifasciata*	LC		नारी
Common cat snake	*Boiga trigonata*	LC		
Common tawnay cat snake	*Boiga ochracea*	LC		
Himalayan trinket snake	*Orthriophis hodgsoni*			
Collared black-headed snake	*Sibynophis collaris*			
Common wolf snake	*Lycodon aulicus*	LC		
Banded kukri snake	*Oligodon arnensis*	LC		
White-barred kukri snake	Oligodon albocinctus	LC		पातले साँप
Darjeeling worm snake	*Trachischium fuscum*	LC		
Himalayan keelback[10]	*Rhabdophis himalayanus*	LC		शिप्टा
Rat snake	*Ptyas mucosus*		II	

[8] observed in Ridak and Chhumsur
[9] observed in Ridak
[10] observed at Damsite

Himalayan trinket snake	*Orthriophis hodgsoni*			
Water snake	*Xenochophis sp.*			
Mountain pit viper	*Ovophis monticola monticola*	LC		चौलुक्मा
Himalayan pit viper	*Gloydius himalayanus*	LC		चौलुक्मा
Green pit viper Sp.	*Trimeresurus sp.*			

संकेतः *LC: कम सरोकार भएको, NT: संकटउन्मुख, (IUCN Red List अनुसार संरक्षण अवस्था); I, II, III: CITES अनुसूचीहरु (https://checklist.cites.org/)*

४.३.४. माछा (Fish)

स्थलगत अध्ययनको क्रममा गरिएको अध्ययन तथा अन्तरक्रिया र सन्दर्भ ग्रन्थको अध्ययन अनुसार आयोजना क्षेत्रको अरुण नदीमा निम्न प्रजातिका माछाहरु पाइने जानकारी प्राप्त भयो।

तालिका ४-११: किमाथांका अरुण जलविद्युत आयोजनाको प्रभाव क्षेत्रमा पाइने माछा प्रजातिहरू

क.सं.	वैज्ञानिक नाम	अंग्रेजी/स्थानीय नाम	संरक्षण अवस्था		विधि
			IUCN	CITES	
१.	*Glyptosternum blythii*		DD		स्थलगत अध्ययन/ सामाजिक अन्तरक्रिया
२.	*Schizothorax richardsonii*	Hill stream trout, Buchhe Asala	VU		
३.	*Psilorhynchus pseudecheneis*		LC		

संकेतः *DD: तथ्यांक अपुग भएको, LC: कम सरोकार भएको, NT: संकटउन्मुख, VU: संवेदनशील, EN: संकटापन्न, CR: अति संकटापन्न (IUCN Red List अनुसार संरक्षण अवस्था); I, II, III: CITES अनुसूचीहरु (https://checklist.cites.org/)*

४.३.५. मेरुदण्डरहित जलचर (Macroinvertebrates)

नाङ्गो आँखाले देख्न सकिने, ढाड/मेरुदण्डरहि (Macroinvertebrates) जलचर तथा जलीय कीट वर्गको अध्ययनका लागि नदी तथा खोलाहरुको ५०-१०० मि. लामो निर्दिष्ट अध्ययन खण्ड भित्र पर्ने सबै प्रमुख नदी धरातलीय अवस्था तथा सुक्ष्म-वासस्थान (microhabitats) को समानुपातिक प्रतिनिधित्व हुने बहु-वासस्थान नमुना संकलन विधि (Multihabitat Sampling approach) को अवलम्बन गरिएको थियो। यस प्रयोजनका लागि हरेक नमुना संकलन स्थलमा सुक्ष्म(वासस्थानको क्षेत्रफलको अनुपात ५५ दायरामा आकलन गरी सबै प्रमुख सुक्ष्म-वासस्थान प्रकारहरुमा समानुपातिक वितरण हुने गरी २० वटा उप-नमुनाहरु (sub-samples) संकलन गरिएको थियो। प्रत्येक उप(नमुना संकलनका लागि २५*२५ वर्ग सेन्टिमिटर आकारको फ्रेम र ५०० माइक्रोमिटर अर्थात् ०.५ मिलिमिटर नापका छिद्रहरु (५०० µm mesh) भएको जाली (Kick-net) को प्रयोग गरि नमुना संकलन गरिएको थियो। नदीको धरातलमा जाली राखेर सोको अगाडीको करिब २५*२५ वर्ग सेन्टिमिटर बराबरको क्षेत्रफलमा गेग्रान चलाएर पातपतिंगर र गेग्रान सहित मेरुदण्डरहित जलचरको नमुना जालीतर्फ बगेर जम्मा हुने गरी नमुना संकलन गरिएको थियो। हरेक स्थलमा संकलित उप-नमुनाहरु मिसाएर एकै नमुना बनाई सोको यथास्थान प्रशोधन तथा इथेनोल (Ethanol, 99%) मा संरक्षण गरी नमुनाको संकेत टिपोट गरिएको थियो।

यसका साथै नमुना संकलन गरि नमुनामा भएका जीवहरुको यथास्थान पहिचान र Rapid Screening Protocol को प्रयोग गरी नमुना संकलन स्थलको पर्यावरणीय अवस्थाको अध्ययन गरी नदी पारिस्थितिकीको तीब्र परीक्षण (Rapid Stream Assessment) गरि नदी गुणस्तर श्रेणी (River Quality Class, RQC) निर्धारण गरिएको थियो। इथेनोल (Ethanol, 99%) मा संरक्षित नमुनाको विस्तृत वैज्ञानिक पहिचान र अध्ययनका लागि प्रयोगशालामा नमुना प्रशोधन (sorting) गरि सुक्ष्मदर्शक यन्त्र (microscope) को प्रयोग गरि हरेक वर्ग (taxa) को पहिचान गरिएको थियो।

तालिका ४-१२: किमाथांका अरुण जलविद्युत आयोजनाको प्रभाव क्षेत्रमा पाइने मेरुदण्डरहित जलचर (Macroinvertebrates)

क्र.स	Order	Family	Sub family/ Genus	विश्लेषण स्थल संकेत								
				KA_AD-01	KA_AD-02	KA_AD-03	KA_BD-01	KA_BD-02	KA_BD-03	KA_BD04	KA_TR01	KA_TR02
१.	Coleoptera	Elimidae		२	४	३	-	-	६	-	-	-
२.	Coleoptera	Scirtidae		-	२	२	-	-	४	-	-	-
३.	Coleoptera	Psephenidae	Psephenoidinae	२	१	९	६	४	११	४	५	७
४.	Diptera	Athericidae		२	-	१	१	-	२	-	-	-
५.	Diptera	Limoniidae	Hexatoma	१	२	२	-	३	२	-	३	२
६.	Diptera	Simuliidae		१२	१८	२	४	१२	४	३	४	३
७.	Diptera	Chironomidae	Tanypodinae	११	८	३	-	२२	-	१२	२	४
८.	Diptera	Chironomidae	Diamesinae	४	-	-	-	-	-	२	३	५
९.	Diptera	Chironomidae	Orthocladiinae	१८	२३	१३	११	-	१३	१२	१२	२२
१०.	Diptera	Chironomidae	Chironominae	-	-	-	-	१२	-	४	७	१२
११.	Diptera	Tabanidae		-	-	-	-	१	१	१	२	१
१२.	Diptera	Limoniidae		३	१	३	२	२	२	१	४	१
१३.	Diptera	Blephariceridae	Horaia	३	-	२	-	२	३	२	२	३
१४.	Diptera	Pediciidae	Dicranota	-	-	२	-	-	२	-	-	-
१५.	Diptera	Ceratopogonidae		-	-	२	-	-	१	-	-	-
१६.	Ephemeroptera	Heptageniidae		३	४	३	४	३	२	३	३	४
१७.	Ephemeroptera	Ephemerellidae	Cincticostella	४	१३	१२	६	१२	१२	६	१२	३
१८.	Ephemeroptera	Baetidae	Baetis	१८	२३	३४	११	३२	२१	१२	४	३८
१९.	Ephemeroptera	Ephemerellidae	Drunella	२	-	४	-	-	३	-	२	-
२०.	Ephemeroptera	Baetidae	Baetilla	८	४	-	१२	-	-	३	५	३
२१.	Ephemeroptera	Heptageniidae	Epeorus	-	२	२	३	-	२	३	३	-
२२.	Ephemeroptera	Baetidae	Acentrella	-	३	५	-	-	१२	१२	१४	३
२३.	Ephemeroptera	Heptageniidae	Rhithrogena	-	-	४	-	-	३	३	२	१२
२४.	Ephemeroptera	Leptophlebiidae	Choroterpides	-	-	५	-	-	३	२	-	३

क्र.स	Order	Family	Sub family/ Genus	विश्लेषण स्थल संकेत								
				KA_AD-01	KA_AD-02	KA_AD-03	KA_BD-01	KA_BD-02	KA_BD-03	KA_BD04	KA_TR01	KA_TR02
२५.	Ephemeroptera	Heptageniidae	Cinygmina	-	३	-	४	३	-	५	६	६
२६.	Megaloptera	Corydalidae		-	-	-	१	२	१	२	१	३
२७.	Odonata	Gomphidae		१	-	२	२	-	-	२	१	-
२८.	Odonata	Aeshnidae		-	-	१	-	-	१	-	-	-
२९.	Plecoptera	Perlidae	Neoperla	२	-	-	२	-	-	२	-	-
३०.	Plecoptera	Nemouridae	Amphinemoura	-	२	-	-	-	३	-	-	२
३१.	Plecoptera	Nemouridae	Mesonemoura	१	-	५	-	-	-	-	-	-
३२.	Plecoptera	Nemouridae	Indonemoura	-	-	३	३	-	-	-	२	-
३३.	Plecoptera	Perlidae	Paragnetina	३	२	२	३	-	३	२	-	३
३४.	Trichoptera	Rhyacophilidae	Hypo-rhyacophila	२	१	६	३	-	२	२	२	२
३५.	Trichoptera	Hydropsychidae	Hydropsyche	४	३	३	४	-	४	३	-	७
३६.	Trichoptera	Hydropsychidae	Ceratopsyche	-	-	-	८	-	-	४	-	१२
३७.	Trichoptera	Hydropsychidae	Acrotopsyche	१	-	३	-	-	-	१	-	-
३८.	Trichoptera	Lepidostomatidae	Lepidostoma	-	-	-	२	२	३	५	२	२
३९.	Trichoptera	Stenopsychidae	Stenopsyche	२	३	४	२	४	३	२	२	१
४०.	Trichoptera	Brachycentridae	Brachycentrus	-	-	३	-	-	४	२	-	-
४१.	Trichoptera	Uenoidae	Ueno	-	-	२	-	-	४	-	-	३
४२.	Haplotaxids	Megascolecidae	Perionyx	-	-	१	-	-	-	-	-	-
कुल प्रचुरता				१०९	१२२	१४८	९४	११६	१३७	११७	१०५	१६७

विश्लेषण गरिएका स्थलहरुमा, अरुण नदी र सहायक नदीहरुबाट कुल ८ वटा Order (Cypriniformes र Siluriformes), ३० वटा परिवार अन्तर्गत १११५ वटा मेरुदण्डरहित जलचरको नमूना संकलन गरियो। समग्रमा, संकलित नमुनाहरुमा अभिलेखित वर्गहरुमध्ये Ephemeroptera order (४३%) को प्रभुत्व (dominance) देखियो भने Diptera order को (३३%), र Trichoptera order (१२%) प्रभुत्व पाइयो। विविधतामा Diptera order (२९%) र Ephemeroptera order (२४%) बढी देखियो। नमुनामा प्रतिनिधित्व भएका वर्गहरुमध्ये मात्र एउटा नमूना Haplotaxids order अन्तर्गत रहेको पाइयो।

४.३.६. पेरिफाईटन (Periphyton)

पानीमा डुबेका ढुंगा, गेग्रान र ठोस बस्तुहरुमा टाँसिएका organic खाद/अवशेष (organic detritus matrix) संग आवद्द ब्याक्टेरिया, लेउ लगायत सुक्ष्मजीव (प्रकाश-संश्लेषण प्रक्रियामा निर्भर हुने वा नहुने दुबै प्रकारका) हरुको समूहबाट बन्ने पदार्थलाई Periphyton भनिन्छ। प्रत्येक नमुना संकलन स्थलमा उपयुक्त, पानीको वेग कम भएको, २०-४० से.मि. गहिराइ भएको र वर्षभर पानीको वहाव हुने सुक्ष्म-वासस्थानहरुबाट समान नाप (१०-१५ से.मि. व्यास वा लम्बाइ) भएका ५ वटा ढुंगाहरु पेरिफाईटनको नमुना संकलनका लागि लिइएको थियो। प्रत्येक ढुंगालाई सेतो ट्रेमा अलग अलग राखेर ब्रसले रगड्दै र १०० मि.लि. Distilled पानीले पखाल्दै पेरिफाईटनको नमुना ट्रेमा संकलन गरिएको थियो। प्रत्येक ढुंगाबाट यस प्रक्रियाद्वारा निकालिएको पेरिफाईटनको नमुनालाई छुट्टाछुट्टै sample bottle मा स्थानान्तरण गरी, preservatives को रुपमा १-२ मि.लि. lugol's solution थपेर नमुना संकेत चिन्न लगाइएको थियो र प्रकाश ढाकेर प्रयोगशालामा ल्याइएको थियो । पेरिफाईटन संकलन गरिएको ढुंगाको क्षेत्रफल निर्धारण गर्न नमुना संकेत अनुसार प्रत्येक ढुंगाको नाप (सर्वाधिक लामो अक्ष/लम्बाई x, चौडाई y, मोटाई z तथा बाटुलो ढुंगाको गोलाई/परिधि z) टिपोट गरिएको थियो।

प्रयोगशालामा ल्याइएको नमुनाहरुबाट पेरिफाईटनको जैविक पिण्ड (biomass) निर्धारण गर्नका लागि ash free dry mass method (APHA, १९९५) अवलम्बन गरिएको थियो। पानी सहितको नमुनालाई filter paper द्वारा छानेर छानिएको पदार्थ सहितको filter paper लाई Hot air oven मा १०५° सेल्सियस तापक्रममा एक घण्टा सुकाएर तौल (W१) निर्धारण गरी Muffle furnace मा ५००° सेल्सियस तापक्रममा ३-४ घण्टा सुकाएर तौल (W२) निर्धारण गरी निम्नानुसार प्रत्येक नमुनाको पेरिफाईटनको जैविक पिण्ड (biomass) निर्धारण गरिएको थियो:

$$\text{पेरिफाईटनको जैविक पिण्ड (biomass)} = \frac{\{W1 - \textit{filter paper}\ \text{को प्रारम्भिक तौल}\} - W2}{\text{पेरिफाईटन संकलन गरिएको ढुंगाको क्षेत्रफल}}$$

तालिका ४-१३: किमाथांका अरुण जलविद्युत आयोजनाको प्रभाव क्षेत्रमा पाइने पेरिफाईटन (Periphyton)

क्र.स	विश्लेषण स्थल संकेत	औसत जैविक पिण्ड [Average Biomass] (ग्राम प्रति मी. क्षेत्र)	SD
१.	KA_AD01	१.६९	१.३
२.	KA_AD02	१.४४	०.९८
३.	KA_AD03	०.४२	०.०४
४.	KA_BD01	०.४८	०.३०
५.	KA_BD02	०.६७	०.३६
६.	KA_BD03	०.३६	०.२
७.	KA_BD04	०.२९	०.०६
८.	KA_TR01	१.८९	०.७८
९.	KA_ TR02	१.७६	१.१२

विश्लेषण स्थलहरुमा biomass को परिमाणको एकरूपता आंकलन गर्न standard deviation (SD) को गणना गरियो जसअन्तर्गत निम्न SD परिमाण देखिएको KA_BD०४ स्थलमा पेरिफाईटनको biomass समान रहेको देखिन्छ । तुलनामा सो स्थलमा biomass को परिमाण पनि एकरूपले निम्न रहेको छ (०.२९ g/m२) जसको कारण अधिक पानीको बहाव अथवा अल्प पोषण वा प्रकाशको अनुमान गरियो। Biomass को प्रचुरताले KA_TR०१ क्षेत्र, KA_TR०२ क्षेत्र र KA_AD०१ क्षेत्र उच्च रहेको देखिन्छ। अन्तत, average biomass र standard deviation को विश्लेषण बाट पेरिफाईटनको को अवस्था स्थलहरु बीच भिन्न रहेको देखिन्छ ।

५. सामाजिक, आर्थिक तथा साँस्कृतिक वातावरण

५.१. पृष्ठभूमि

प्रस्तावित किमाथांका अरुण जलविद्युत आयोजना कोशी प्रदेश अन्तर्गत संखुवासभा जिल्लामा अवस्थित रहेको छ। यस आयोजनाको प्रभाव क्षेत्रमा भोटखोला गाउँपालिका रहेको छ। संखुवासभा जिल्लालाई राजनैतिक हिसाबले एउटा संसदीय निर्वाचन क्षेत्र सहित पाँच वटा नगरपालीका र पाँच वटा गाउँपालिकामा विभाजन गरिएको छ। संखुवासभा जिल्लाको सदरमुकाम खाँदबारी नगरपालिकाको खाँदबारीमा रहेको छ। आयोजना प्रभावित पालिकामा घरधुरी सर्वेक्षण, सामुहिक छलफल, सार्वजनिक परामर्श, महिला समूह परामर्श, दलित समूह परामर्श, स्थानीय सरोकारवाला अन्तरक्रिया लगाएतका विधि मार्फत सङ्कलन गरिएका सामाजिक, आर्थिक तथा सांस्कृतिक वस्तुस्थितिहरुलाई यस परिच्छेदमा प्रस्तुत गरिएको छ। सामाजिक आर्थिक आधाररेखाको स्थलगत अध्ययन २०७९ आषाढ महिनामा गरिएको थियो।

५.२. भौगोलिक अवस्था

संखुवासभा जिल्ला समुद्री सतहबाट ३०० मिटर देखि ८,४६३ मिटर उचाईसम्म फैलिएको छ। संखुवासभा कोशी प्रदेश अन्तर्गत रहेको एक हिमाली जिल्ला हो। नेपालको मानचित्रमा यो जिल्ला २७ डिग्री ०६ मिनेट देखि २७ डिग्री ५५ मिनेट उत्तरी अक्षांश र ८६ डिग्री ५७ मिनेट देखि ८७ डिग्री ४० मिनेट पूर्वी देशान्तरमा पर्दछ। संखुवासभा जिल्लाको कूल क्षेत्रफल ३,४६८.१७ वर्ग कि.मि. रहेको छ। नेपालको कूल क्षेत्रफलको करिब २.३६ प्रतिशत हिस्सा ओगट्ने यस जिल्लामा समुद्री सतहबाट ३०० मिटर उचाईमा रहेको पिलुवा-अरुण दोभान देखि ८,४६३ मिटरको उचाईमा रहेको मकालु हिमाल पर्दछन्। जलविद्युत आयोजनाको प्रभाव क्षेत्र अन्तर्गत संखुवासभा जिल्लामा रहेको भोटखोला गाउँपालिकाको क्षेत्रफल ६३९.०१ वर्ग कि.मि. रहेको छ।

५.३. जनसंख्या विवरण

राष्ट्रिय जनगणना २०७८ अनुसार आयोजना प्रभावित संखुवासभा जिल्लाहको कूल जनसंख्या १५८,०४१ रहेको छ। कूल जनसंख्या मध्ये पुरुष ५०.४ प्रतिशत र महिला ४९.६ प्रतिशत रहेका छन्। परिवारको औसत आकार ४ रहेको छ भने लैंगिक अनुपात १०१.४ रहेको छ। आयोजना प्रभावित जिल्लाको जनसंख्या तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५-१: आयोजना प्रभावित जिल्लाको जनसंख्या

घरधुरी संख्या	पुरुष		महिला		कुल जनसंख्या	परिवारको आकार	लैंगिक अनुपात
	संख्या	प्रतिशत	संख्या	प्रतिशत			
३९,१७३	७९,५७९	५०.४	७८,४६२	४९.६	१५८,०४१	४.०	१०१.४

स्रोतः नेपालको राष्ट्रिय जनसंख्या तथा घरधुरी सर्वेक्षण २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय २०७९

आयोजनाको प्रभाव क्षेत्र अन्तर्गत रहेको भोटखोला गाउँपालिकाको कूल जनसंख्या ६,४३८ रहेको छ। पुरुष र महिलाको जनसंख्या क्रमश ४९.७ प्रतिशत र ५०.३ प्रतिशत रहेको छ। परिवारको औसत आकार ३.८ रहेको छ। आयोजनाबाट प्रभाभित पालिकाको लैंगिक अनुपात ९८.८ रहेको छ। आयोजना प्रभावित पालिकाको जनसंख्या विवरण तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५-२: आयोजना प्रभावित स्थानीय तहको जनसंख्या

घरधुरी संख्या	पुरुष		महिला		कुल जनसंख्या	परिवारको आकार	लैंगिक अनुपात
	संख्या	प्रतिशत	संख्या	प्रतिशत			
१,६८४	३,२००	४९.७	३,२३८	५०.३	६,४३८	३.८	९८.८

स्रोतः नेपालको राष्ट्रिय जनसंख्या तथा घरधुरी सर्वेक्षण २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय २०७९

किमाथांका जलविद्युत आयोजनाको प्रभाव क्षेत्रभित्रका बस्तिहरुमा रहेका घरधुरीको स्थलगत सर्वेक्षण गरिएको थियो। आयोजना क्षेत्रका घरपरिवारको सामाजिक-आर्थिक जानकारी प्राप्त गर्ने उद्देश्यले २०५ घरधुरीको नमुनाको आधारमा सर्वेक्षण गरिएको थियो। सर्वेक्षण गरिएका घरपरिवार मध्ये पुरुष घरमुली भएका १८७ अर्थात् ९२.२ प्रतिशत रहेका छन्। त्यसैगरी महिला घरमुली भएका घरपरिवार १८ अर्थात ८.८ प्रतिशत रहेका छन्। लिङ्गको आधारमा घरपरिवारको घरमुली विवरण तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५-३: लिङ्ग अनुसार आयोजना प्रभाव क्षेत्रका सर्वेक्षण गरिएका घरधुरी

पुरुष		महिला		कुल	
संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
१८७	९१.२	१८	८.८	२०५	१००.०

स्रोतः स्थलगत अध्ययन, २०७९

आयोजना प्रभावित क्षेत्रमा सर्वेक्षण गरिएका २०५ घरधुरीहरुको कूल जनसंख्या ९६२ रहेको छ। पुरुष र महिलाको जनसंख्या क्रमश ५०.४ प्रतिशत र ४९.५ प्रतिशत रहेको छ। परिवारको औसत आकार करिब ४.७ रहेको छ। सर्वेक्षण गरिएका घरधुरीहरुको जनसंख्या तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५-४: आयोजना प्रभावित क्षेत्रका जनसंख्या

घरधुरी	पुरुष		महिला		कुल जनसंख्या	परिवारको आकार
	संख्या	प्रतिशत	संख्या	प्रतिशत		
२०५	४८८	५०.५	४७६	४९.५	९६२	४.७

स्रोतः स्थलगत अध्ययन, २०७९

५.३.१. उमेर समूह अनुसार जनसंख्या विवरण

उमेरको आधारमा जनसंख्यालाई ५ वर्ष भन्दा कम, ५-१४ वर्ष, १५-५९ वर्ष र ६० वर्ष वा माथिको उमेर समूहमा वर्गीकरण गरिएको छ। संखुवासभा जिल्लाको कुल जनसंख्या मध्ये ७.६ प्रतिशत ५ वर्ष भन्दा कम उमेर समूह भित्र पर्दछन्। त्यसैगरी ५-१४ वर्ष उमेर समूहमा १९.५ प्रतिशत, १५-५९ वर्ष उमेर समूहमा ६०.८ प्रतिशत र ६० वर्ष वा माथिको

उमेर समूहमा १२.१ प्रतिशत जनसंख्या रहेको पाइन्छ। आयोजना प्रभावित जिल्लाको जनसंख्यालाई उमेर समूह अनुसार तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५-५: आयोजना प्रभावित जिल्लाको उमेर समूह अनुसार जनसंख्या

लिङ्ग	०-४ बर्ष		५-१४ बर्ष		१५-५९ बर्ष		६० बर्ष वा माथि		कुल	
	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
पुरुष	६,१९९	७.८	१५,७५२	१९.८	४८,२९३	६०.७	९,३३५	११.७	७९,५७९	१००.०
महिला	५,७३७	७.३	१५,००७	१९.१	४७,८६२	६१.०	९,८५६	१२.६	७८,४६२	१००.०
कुल	**११,९३६**	**७.६**	**३०,७५९**	**१९.५**	**९६,१५५**	**६०.८**	**१९,१९१**	**१२.१**	**१५८,०४१**	**१००.०**

स्रोतः नेपालको राष्ट्रिय जनसंख्या तथा घरधुरी सर्वेक्षण २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय २०७९

उमेर समूहको आधारमा आयोजना प्रभाभित पालिकाको कुल जनसंख्या मध्ये ८.० प्रतिशत ५ वर्ष भन्दा कम उमेर समूह भित्र पर्दछन्। त्यसैगरी ५-१४ वर्ष उमेर समूहमा २३.२ प्रतिशत, १५-५९ वर्ष उमेर समूहमा ५५.९ प्रतिशत र ६० वर्ष वा माथिको उमेर समूहमा १२.९ प्रतिशत जनसंख्या रहेको पाइन्छ। आयोजना प्रभावित पालिकाको जनसंख्यालाई उमेर समूह अनुसार तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५-६: आयोजना प्रभावित पालिकाको उमेर समूह अनुसार जनसंख्या

लिङ्ग	०-४ वर्ष		५-१४ वर्ष		१५-५९ वर्ष		६० वर्ष वा माथि		कुल	
	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
पुरुष	२६०	८.१	७७२	२४.१	१,७६२	५५.१	४०६	१२.७	३,२००	१००.०
महिला	२५६	७.९	७२०	२२.२	१,८३९	५६.८	४२३	१३.१	३,२३८	१००.०
कुल	**५१६**	**८.०**	**१,४९२**	**२३.२**	**३,६०१**	**५५.९**	**८२९**	**१२.९**	**६,४३८**	**१००.०**

स्रोतः नेपालको राष्ट्रिय जनसंख्या तथा घरधुरी सर्वेक्षण २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय २०७९

सर्वेक्षण गरिएका घरधुरीहरुमा ५ वर्ष भन्दा कम उमेर समूहको जनसंख्या ६.१ प्रतिशत रहेको छ भने ५-१४ वर्ष उमेर समूहको जनसंख्या २०.२ प्रतिशत रहेको छ। त्यसैगरी १५-५९ वर्ष उमेर समूहको जनसंख्या ५८.१ प्रतिशत र ६० वर्ष वा माथिको उमेर समूहको जनसंख्या १५.६ प्रतिशत रहेको छ। आयोजना क्षेत्रका सर्वेक्षण गरिएका घरपरिवारको जनसंख्यालाई उमेर समूह अनुसार तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५-७: आयोजना प्रभावित क्षेत्रका उमेर समूह अनुसार जनसंख्या

लिङ्ग	०-४ वर्ष		५-१४ वर्ष		१५-५९ वर्ष		६० वर्ष वा माथि		कुल	
	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
पुरुष	२७	५.६	९७	२०.०	२९१	५९.९	७१	१४.६	४८६	१००.०
महिला	३२	६.७	९७	२०.४	२६८	५६.३	७९	१६.६	४७६	१००.०
कुल	**५९**	**६.१**	**१९४**	**२०.२**	**५५९**	**५८.१**	**१५०**	**१५.६**	**९६२**	**१००.०**

स्रोतः स्थलगत अध्ययन, २०७९

५.३.२. जातजाति विवरण

नेपालको राष्ट्रिय जनसंख्या तथा घरधुरी सर्वेक्षण २०७८ अनुसार आयोजना प्रभावित जिल्लामा कूल जनसंख्याको २१.८ प्रतिशत ब्राह्मण-क्षेत्रीको जनसंख्या रहेको छ। जनजाति समुदायको

जनसंख्या ६८.३ प्रतिशत रहेको छ भने दलितको समुहको जनसंख्या ८.५ प्रतिशत रहेको छ। त्यसैगरी अन्य समुहको जनसंख्या १.५ प्रतिशत रहेको छ। आयोजना प्रभावित जिल्लाको जातजाति अनुसार जनसंख्या तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५-८: आयोजना प्रभावित जिल्लाको जातजाति अनुसारको जनसंख्या

ब्राह्मण-क्षेत्री		जनजाति		दलित		अन्य		कुल	
संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
३४,४२४	२१.८	१०७,८८३	६८.३	१३,३७८	८.५	२,३५६	१.५	१५८,०४१	१००.०

स्रोतः नेपालको राष्ट्रिय जनसंख्या तथा घरधुरी सर्वेक्षण २०७८, राष्ट्रिय तथ्याङ्क कार्यलय, २०७९

आयोजना प्रभावित पालिकाको कूल जनसंख्या मध्ये ब्राह्मण-क्षेत्रीको जनसंख्या ०.२ प्रतिशत रहेको छ। आयोजना प्रभावित भोटखोला गाउपालिका जनाजाति बाहुल्य पालिकाको रुपमा चिनिन्छ। यस पालिकामा कुल जनसंख्याको ९७.६ प्रतिशत जनाजाति समुदायको रहेको छ भने दलित समुहको जनसंख्या १.६ प्रतिशत रहेको छ। त्यसैगरी अन्य समुहको जनसंख्या ०.६ प्रतिशत रहेको छ। आयोजना प्रभावित पालिकाको जातजाति अनुसारको जनसंख्या तल तालिकामा देखाईएको छ।

तालिका ५-९: आयोजना प्रभावित पालिकाको जातजाति अनुसारको जनसंख्या

ब्राह्मण-क्षेत्री		जनजाति		दलित		अन्य		कुल	
संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
१०	०.२	६,२८४	९७.६	१०६	१.६	३८	०.६	६,४३८	१००.०

स्रोतः नेपालको राष्ट्रिय जनसंख्या तथा घरधुरी सर्वेक्षण २०७८, राष्ट्रिय तथ्याङ्क कार्यलय, २०७९

सर्वेक्षण गरिएका २०५ घरधुरीहरु मध्ये ९८.५ प्रतिशत घरधुरी जनजातिको रहेको छ भने दलितको घरधुरी १.५ प्रतिशत रहेको छ। सर्वेक्षण गरिएका घरधुरीलाई जातजाति अनुसार तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५-१०: आयोजना प्रभावित क्षेत्रको जातजाति अनुसारको घरधुरी

जनाजाति		दलित		कुल	
संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
२०२	९८.५	३	१.५	२०५	१००.०

स्रोतः स्थलगत अध्ययन, २०७९

सर्वेक्षण गरिएका घरधुरीहरुको कूल जनसंख्या मध्ये जनाजातिको जनसंख्या ९८.६ प्रतिशत रहेको छ भने दलितको जनसंख्या १.४ प्रतिशत रहेको छ। सर्वेक्षण गरिएका घरधुरीको जनसंख्यालाई जातजाति अनुसार तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५-११: आयोजना प्रभावित क्षेत्रको जातजाति अनुसारको जनसंख्या

जनाजाति		दलित		कुल	
संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
९४९	९८.६	१३	१.४	९६२	१००.०

स्रोतः स्थलगत अध्ययन, २०७८

५.३.३. मातृभाषा बोल्ने समुदाय

आयोजना प्रभावित जिल्लामा धेरै खालका मातृभाषा बोल्ने समुदाय रहेका छन्। नेपाली भाषा बोल्ने जनसंख्या ४४.१ प्रतिशत रहेका छन्। त्यसैगरी मातृभाषाका रुपमा तामाङ भाषा बोल्ने ९.६ प्रतिशत, कुलुङ भाषा बोल्ने ६.९ प्रतिशत, शेर्पा भाषा बोल्ने ५.५ प्रतिशत, लिम्बु भाषा बोल्ने ४.८ प्रतिशत रहेका छन्। आयोजना प्रभावित जिल्लामा मातृभाषा बोल्ने समुदाय सम्बन्धि विवरण तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५-१२: आयोजना प्रभावित जिल्लामा मातृभाषा बोल्ने समुदाय

मातृभाषा	संख्या	प्रतिशत	मातृभाषा	संख्या	प्रतिशत
नेपाली	६९,७१९	४४.१	भोटे	३,९५४	२.५
तामाङ	१५,२०७	९.६	गुरुङ्ग	३,६३९	२.३
कुलुङ	१०,८३४	६.९	मेवाहाङ	३,०५२	१.९
शेर्पा	८,७२०	५.५	नेवारी	२,८७४	१.८
लिम्बु	७,६३३	४.८	लोहारुङ	२,५९४	१.६
याम्फु	६,११७	३.९	चाम्लिङ्ग	१,८३३	१.२
राई	४,८९९	३.१	खालिङ्ग	१,६६२	१.१
याक्खा	४,८८९	३.१	थुलुङ्ग	१,००४	०.६
मगर	४,४७४	२.८	अन्य	४,९३७	३.१

स्रोतः नेपालको राष्ट्रिय जनसंख्या तथा घरधुरी सर्वेक्षण २०७८, राष्ट्रिय तथ्याङ्क कार्यलय, २०७९

आयोजना प्रभावित पालिकामा ५४.८ जनसंख्या मातृभाषाको रुपमा भोटे भाषा बोल्दछन्। त्यसैगरी राई भाषा बोल्ने १५.८ प्रतिशत, तामाङ्ग भाषा बोल्ने ११.३ प्रतिशत, नेपाली भाषा बोल्ने ४.८ प्रतिशत, शेर्पा भाषा बोल्ने ४.३ प्रतिशत, खालिङ्ग भाषा बोल्ने ३.२ प्रतिशत, ल्होमी भाषा बोल्ने १.३ प्रतिशत, चाम्लिङ्ग भाषा बोल्ने १.१ प्रतिशत, याम्फु भाषा बोल्ने १ प्रतिशत रहेका छन्। आयोजना प्रभावित पालिकामा मातृभाषा बोल्ने समुदायको विवरण तल तालिकामा देखाईएको छ।

तालिका ५-१३: आयोजना प्रभावित पालिकामा मातृभाषा बोल्ने समुदाय

मातृभाषा	संख्या	प्रतिशत	मातृभाषा	संख्या	प्रतिशत
भोटे	३,५२६	५४.८	चाम्लिङ्ग	७३	१.१
राई	१,०१४	१५.८	याम्फु	६६	१.०
तामाङ	७३०	११.३	नेवारी	४१	०.६
नेपाली	३०८	४.८	थुलुङ्ग	३९	०.६
शेर्पा	२७९	४.३	गुरुङ्ग	३८	०.६
खालिङ्ग	२०४	३.२	कुलुङ	१४	०.२
ल्होमी	८१	१.३	अन्य	२५	०.४

स्रोतः नेपालको राष्ट्रिय जनसंख्या तथा घरधुरी सर्वेक्षण २०७८, राष्ट्रिय तथ्याङ्क कार्यलय, २०७९

आयोजना प्रभावित क्षेत्रमा सर्वेक्षण गरिएका २०५ घरधुरीहरुको जनसंख्यामा ल्होमी भाषा बोल्ने जनसंख्या ८१.२ प्रतिशत रहेका छन् भने नावा भोटे भाषा बोल्ने जनसंख्या १७.३

प्रतिशत रहेका छन्। त्यसैगरी नेपाली भाषा बोल्ने जनसंख्या १.४ प्रतिशत रहेका छन्। सर्वेक्षण गरिएका क्षेत्रको मातृभाषा बोल्ने समुदायको विवरण तल प्रस्तुत गरिएको छ।

तालिका ५-१४: आयोजना प्रभावित क्षेत्रमा मातृभाषा बोल्ने समुदाय

भाषा	संख्या	प्रतिशत
नावा भोटे	१६७	१७.३
ल्होमी	७८२	८१.२
नेपाली	१३	१.४
कुल	**९६२**	**१००.०**

स्रोतः स्थलगत अध्ययन, २०७९

५.३.४. साक्षरता अवस्था

साक्षरता दर गणना गर्दा ५ वर्ष र माथिको जनासंख्यालाई लिइएको छ। नेपालको राष्ट्रिय जनसंख्या तथा घरधुरी सर्वेक्षण २०७८ अनुसार नेपालको समग्र साक्षरता दर ७६.२ प्रतिशत रहेको पाइन्छ भने पुरुष र महिलाको साक्षरता दर क्रमश ८३.५ प्रतिशत र ६९.३ प्रतिशत रहेको छ। संखुवासभा जिल्लाको समग्र साक्षरता दर ७२.९ प्रतिशत रहेको छ। यस जिल्लामा पुरुष साक्षरता दर ८६.४ प्रतिशत र महिला साक्षरता दर ६२.२ प्रतिशत रहेको छ। आयोजना प्रभावित जिल्लाको साक्षरता अवस्था तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५-१५: आयोजना प्रभावित जिल्लाको साक्षरता अवस्था

लिंग	साक्षर		निरक्षर		कुल जनसंख्या
	संख्या	प्रतिशत	संख्या	प्रतिशत	
पुरुष	६३,४०३	८६.४	९,९७७	१३.६	७३,३८०
महिला	५३,०४६	७२.९	१९,६७९	२७.१	७२,७२५
कुल	**११६,४४९**	**७९.७**	**२९,६५६**	**२०.३**	**१४६,१०५**

स्रोतः नेपालको राष्ट्रिय जनसंख्या तथा घरधुरी सर्वेक्षण २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय २०७९

आयोजनाबाट प्रभावित पालिकाको ५ वर्ष र माथिको जनसंख्याको समग्र साक्षरता दर ६१.१ प्रतिशत रहेको छ। पुरुष र महिलाको साक्षरता दर क्रमश ६८.५ प्रतिशत र ५३.८ प्रतिशत रहेको छ। आयोजना प्रभावित पालिकाको साक्षरता अवस्था तल तालिकामा दिइएको छ।

तालिका ५-१६: आयोजना प्रभावित पालिकाको साक्षरता अवस्था

लिङ्ग	साक्षर		निरक्षर		कुल जनसंख्या
	संख्या	प्रतिशत	संख्या	प्रतिशत	
पुरुष	२,०१३	६८.५	९२७	३१.५	२,९४०
महिला	१,६०५	५३.८	१,३७७	४६.२	२,९८२
कुल	**३,६१८**	**६१.१**	**२,३०४**	**३८.९**	**५,९२२**

स्रोतः नेपालको राष्ट्रिय जनसंख्या तथा घरधुरी सर्वेक्षण २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय २०७९

आयोजनाबाट प्रभावित क्षेत्रको ५ वर्ष र माथिको जनासंख्यको समग्र साक्षरता दर करिब ८२.८ प्रतिशत रहेको पाइयो यस साक्षरता दर जिल्ला र पालिकाको भन्दा बढी रहेको

छ। पुरुष र महिलाको साक्षरता दर क्रमश ८८.७ प्रतिशत र ७६.८ प्रतिशत रहेको छ। आयोजना प्रभावित क्षेत्रको साक्षरता अवस्था तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५-१७: आयोजना प्रभावित क्षेत्रको साक्षरता अवस्था

लिङ्ग	साक्षर		निरक्षर		कुल जनसंख्या
	संख्या	प्रतिशत	संख्या	प्रतिशत	
पुरुष	४०७	८८.७	५२	११.३	४५९
महिला	३४१	७६.८	१०३	२३.२	४४४
कुल	**७४८**	**८२.८**	**१५५**	**१७.२**	**९०३**

स्रोतः स्थलगत अध्ययन, २०७९

५.३.५. शैक्षिक अवस्था

आयोजना प्रभावित जिल्लाको समग्र तहगत शैक्षिक अवस्थालाई हेर्दा आधारभुत तह उतिर्ण गर्ने जनसंख्या ६२.१ प्रतिशत रहेको पाइन्छ। त्यसैगरी माध्यमिक उतिर्ण गर्ने १६.५ प्रतिशत, एसएलसी वा एसईई उतिर्ण गर्ने ८.८ प्रतिशत, प्रविणता प्रमाण पत्र वा बाह्र कक्षा उतिर्ण गर्ने ९.१ प्रतिशत, स्नातक तह उतिर्ण गर्ने २.३ प्रतिशत र स्नातकोत्तर वा माथिल्लो तह उतिर्ण गर्ने १.१ प्रतिशत रहेको पाइन्छ। आयोजना प्रभावित जिल्लाको विभिन्न तह अनुसारको शैक्षिक अवस्था तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५-१८: आयोजना प्रभावित जिल्लाको तह अनुसारको शैक्षिक अवस्था

शैक्षिक तह	पुरुष		महिला		कुल	
	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
आधारभुत	३८,१५६	६१.५	३२,१४२	६२.८	७०,२९८	६२.१
माध्यमिक	१०,४५३	१६.९	८,२४६	१६.१	१८,६९९	१६.५
एसएलसी/एसईई	५,४४७	८.८	४,५३८	८.९	९,९८५	८.८
बाह्र कक्षा	५,५०५	८.९	४,७९०	९.४	१०,२९५	९.१
स्नातक	१,५५२	२.५	१,१०१	२.२	२,६५३	२.३
स्नातकोत्तर वा माथि	९१९	१.५	३६४	०.७	१,२८३	१.१
कुल	**६२,०३२**	**१००.०**	**५१,१८१**	**१००.०**	**११३,२१३**	**१००.०**

स्रोतः नेपालको राष्ट्रिय जनसंख्या तथा घरधुरी सर्वेक्षण २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय २०७९

आयोजना प्रभावित पालिकाको समग्र शैक्षिक अवस्थालाई हेर्दा आधारभुत तह उतिर्ण गर्ने जनसंख्या ७१.२ प्रतिशत रहेको पाइन्छ। माध्यमिक तह उतिर्ण गर्ने १२.७ प्रतिशत, एसएलसी वा एसईई उतिर्ण गर्ने ७.५ प्रतिशत, प्रविणता प्रमाण पत्र वा बाह्र कक्षा उतिर्ण गर्ने ६.९ प्रतिशत, स्नातक उतिर्ण गर्ने १.२ प्रतिशत रहेको पाइन्छ। त्यसैगरी स्नातकोत्तर वा माथिको तह उतिर्ण गर्ने ०.२ प्रतिशत रहेको पाइन्छ। आयोजना प्रभावित पालिकाको विभिन्न तह अनुसारको शैक्षिक अवस्थालाई तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५-१९: आयोजना प्रभावित पालिकाको तह अनुसारको शैक्षिक अवस्था

शैक्षिक तह	पुरुष		महिला		कुल	
	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
आधारभुत	१,३५७	७०.५	१,०९६	७२.१	२,४५३	७१.२
माध्यमिक	२४०	१२.५	१९६	१२.९	४३६	१२.७
एसएलसी वा एसईई	१५१	७.८	१०६	७.०	२५७	७.५
प्रमाण पत्र वा बाह्र कक्षा	१३४	७.०	१०३	६.८	२३७	६.९
स्नातक	२९	१.५	१४	०.९	४३	१.२
स्नातकोत्तर वा माथि	१४	०.७	६	०.४	२०	०.६
कुल	**१,९२५**	**१००.०**	**१,५२१**	**१००.०**	**३,४४६**	**१००.०**

स्रोतः नेपालको राष्ट्रिय जनसंख्या तथा घरधुरी सर्वेक्षण २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय २०७९

आयोजना प्रभावित क्षेत्रमा गरिएको सर्वेक्षण अनुसार आधारभुत तह उतिर्ण गर्ने ४५.७ प्रतिशत रहेकोमा पाइयो। माध्यमिक तह उतिर्ण गर्ने १५.८ प्रतिशत, एस.एल.सी./एस.ई.ई. पास गर्ने १९ प्रतिशत, बाह्र कक्षा वा प्रमाणपत्र तह उतिर्ण गर्ने १५.२ प्रतिशत, स्नातक तह उतिर्ण गर्ने ३.८ प्रतिशत रहेको पाइन्छ। सर्वेक्षण गरिएको घरधुरीका जनसंख्याको शैक्षिक अवस्था तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५-२०: आयोजना प्रभावित क्षेत्रका जनसंख्याको तह अनुसारको शैक्षिक स्थिति

शैक्षिक तह	पुरुष		महिला		कुल	प्रतिशत
	संख्या	प्रतिशत	संख्या	प्रतिशत		
आधारभुत	१५१	४४.०	१२६	४७.९	२७७	४५.७
माध्यमिक	५५	१६.०	४१	१५.६	९६	१५.८
एसएलसी वा एसईई	७४	२१.६	४१	१५.६	११५	१९.०
बाह्र वा प्रमाणपत्र	४३	१२.५	४९	१८.६	९२	१५.२
स्नातक	१९	५.५	४	१.५	२३	३.८
स्नातकोत्तर वा माथि	१	०.३	२	०.८	३	०.५
कुल	**३४३**	**१००.०**	**२६३**	**१००.०**	**६०६**	**१००.०**

स्रोतः स्थलगत अध्ययन, २०७९

आयोजना प्रभावित क्षेत्रमा जातिगत आधारमा शैक्षिक अबस्था लाइ हेर्दा उच्च तह सम्मको अध्ययन गर्ने जनसंख्या धेरै जनजातिकै रहेको देखिन्छ। दलित जातिका ७१.५ प्रतिशत जनसंख्याले आधारभूत तहसम्म अध्ययन गरेकोमा एस.एल.सि./एस.एस.इ. भन्दा माथि अध्ययन गर्ने दलित संख्या नरहेको पाइयो। सर्वेक्षण गरिएको जनसंख्याको जातजाति अनुसारको शैक्षिक स्थिति तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५-२१: आयोजना प्रभावित क्षेत्रका जातजातिको तह अनुसारको शैक्षिक स्थिति

शैक्षिक तह	जनजाती		दलित		कुल	
	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
आधारभुत तह	२७२	४५.४	५	७१.४	२७७	४५.७
माध्यामिक तह	९४	१५.७	२	२८.६	९६	१५.८

शैक्षिक तह	जनजाती		दलित		कुल	
	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
एसएलसी वा एसईई	११५	१९.२	०	०.०	११५	१९.०
१२ कक्षा पास	९२	१५.४	०	०.०	९२	१५.२
स्नातक	२३	३.८	०	०.०	२३	३.८
स्नातकोत्तर वा माथि	३	०.५	०	०.०	३	०.५
कुल	**५९९**	**१००.०**	**७**	**१००.०**	**६०६**	**१००.०**

स्रोतः स्थलगत अध्ययन, २०७९

५.३.६. शैक्षिक संस्थाको सङ्ख्या र किसिम

संखुवासभा जिल्लाको जिल्ला वस्तुगत विवरण २०७२ अनुसार संखुवासभा जिल्लामा ३७९ सामुदायिक र ३२ संस्थागत गरि कुल ४११ विद्यालय रहेका छन्। आयोजना प्रभावित संखुवासभा जिल्लामा उपलब्ध विद्यालय सम्बन्धी विवरण तल प्रस्तुत गरिएको छ।

तालिका ५-२२: आयोजना प्रभावित जिल्लामा उपलब्ध विद्यालय

सामुदायिक विद्यालय		संस्थागत विद्यालय		कुल विद्यालय
संख्या	प्रतिशत	संख्या	प्रतिशत	
३७९	९२.२	३२	७.८	४११

स्रोतः जिल्ला वस्तुगत विवरण, संखुवासभा २०७२

आयोजना प्रभावित भोटखोला गाउँपालिकामा कुल २३ विद्यालय रहेकामा सामुदायिक विद्यालयको संख्या २२ तथा संस्थागत विद्यालयको संख्या १ रहेको छ। सामुदायिक विद्यालय मध्ये माध्यमिक विद्यालयको संख्या २ र आधारभूत विद्यालयको संख्या २० रहेको छ।

५.३.७. बसाईसराईको अवस्था

आयोजना प्रभावित क्षेत्रमा गरिएको सर्भेक्षण अनुसार बसाईसराईको अवस्था हेर्दा १ प्रतिशत घरधुरी मात्र बसाईसराई गरि आएको देखिन्छ। सर्वेक्षण गरिएको घरधुरीहरुको बसाईसराईको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५-२३: आयोजना प्रभावित क्षेत्रका घरधुरीहरुको बसाईसराईको अवस्था

बसाई सराई गरिआएको हो		बसाई सराई गरिआएको होइन		कुल घरधुरी
संख्या	प्रतिशत	संख्या	प्रतिशत	
२	१.०	२०३	९९.०	२०५

स्रोतः स्थलगत अध्ययन, २०७९

बसाईसराई गरि आएका कुल दुई घरपरिवार आफ्नै पालिकाबाट बसाई सरेको पाइयो। खेतीयोग्य जमिनको सुविधाको कारणले ५० प्रतिशत घरधुरी आयोजना क्षेत्रमा बसाई सरि आएको पाइयो। त्यसैगरी रोजगारीको खोजीमा बसाई सर्ने घरधुरी ५० प्रतिशत रहेको छ। प्रभावित क्षेत्रका घरधुरीहरुको बसाई सर्नुको कारण सम्बन्धि विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५-२४: आयोजना प्रभावित क्षेत्रका घरधुरीहरुको बसाई सर्नुको उद्धेश्य

खेतीयोग्य जमिनको सुविधा भएर		रोजगारी खोजिमा		कुल घरधुरी
संख्या	प्रतिशत	संख्या	प्रतिशत	
१	५०.०	१	५०.०	२

स्रोतः स्थलगत अध्ययन, २०७९

घरधुरी सर्वेक्षणका समयमा आयोजना प्रभाव क्षेत्र भित्र समेटिएका घरधुरीहरु भित्र बसाईसराईको अवस्था हेर्दा कुल जनसंख्याको ७९.३ प्रतिशत जनसंख्याको हालको बसोबास घरमै रहेको पाइयो। घरबाहिर बसोवास गरिरहेका २०.७ प्रतिशत जनसंख्या मध्ये सबै भन्दा धेरै १०.५ प्रतिशत जनसंख्या देश भित्र रहेको पाइयो भने विदेशमा रहेको जनसंख्या ३.७ प्रतिशत रहेको पाइयो। सर्वेक्षण गरिएको जनसंख्याको बसोबास विवरण तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५-२५: आयोजना प्रभावित क्षेत्रका जनसंख्याको हालको बसोबासको अवस्था

हालको बसोबास	संख्या	प्रतिशत
घरमै भएको	७६३	७९.३
जिल्लाभित्र भएको	४२	४.४
प्रदेश भित्र भएको	२०	२.१
देश भित्र भएको	१०१	१०.५
विदेशमा भएको	३६	३.७
कुल	**९६२**	**१००.०**

स्रोतः स्थलगत अध्ययन, २०७९

५.४. आर्थिक विवरण

५.४.१. पेशागत स्थिति

राष्ट्रिय तथ्याङ्क कार्यलय २०७९ अनुसार आयोजना प्रभावित जिल्लामा आर्थिक रुपले सक्रिय जनसंख्याको आर्थिक गतिविधिलाई हेर्दा ७९ प्रतिशत कृषिसँग सम्बधित पेशामा संलग्न रहेको पाइन्छ। सेवा जागिरमा ८.४ प्रतिशत जनसंख्या संलग्न रहेको देखिन्छ। सेवा र बिक्री कामदारको रुपमा ३.८ प्रतिशत जनसंख्या संलग्न रहेको पाइन्छ। शिल्पकला र बिक्री कामदारको रुपमा २.३ प्रतिशतको संलग्नता पाइन्छ भने प्राथमिक पेशाकर्मीको रुपमा ५.२ प्रतिशत जनसंख्याको सहभागिता पाइन्छ। आयोजना प्रभावित जिल्लाको पेशागत स्थिति तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५-२६: आयोजना प्रभावित जिल्लाको पेशागत स्थिति

पेशागत क्षेत्र	पुरुष		महिला		कुल	
	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
कृषि, वन र माछापालन कामदार	३९,९८४	७३.७	४४,४९५	८४.४	८४,४७९	७९.०
सशस्त्र सैनिक	६५८	१.२	१५	०.०	६७३	०.६
व्यवस्थापक	२,००१	३.७	१,३८२	२.६	३,३८३	३.२

पेशागत क्षेत्र	पुरुष		महिला		कुल	
	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
पेशाविद्	१,८१९	३.४	१,१६१	२.२	२,९८०	२.८
प्राविधिक तथा सहायक पेशाविद्	९७०	१.८	३८१	०.७	१,३५१	१.३
कार्यालय सहायक	३६६	०.७	१९१	०.४	५५७	०.५
सेवा र बिक्री कामदार	२,०६६	३.८	२,०२२	३.८	४,०८८	३.८
शिल्पकला, कालिगढ र बिक्री कामदार	२,००८	३.७	४५९	०.९	२,४६७	२.३
यन्त्र, मेसिन अपरेटर र जडान कामदार	१,३६८	२.५	४६	०.१	१,४१४	१.३
सामान्य वा प्राथमिक पेशाका कामदार	२,९८३	५.५	२,५७०	४.९	५,५५३	५.२
उल्लेख नभएको	१०	०.०	९	०.०	१९	०.०
कुल	**५४,२३३**	**१००.०**	**५२,७३१**	**१००.०**	**१०६,९६४**	**१००.०**

स्रोतः नेपालको राष्ट्रिय जनसंख्या तथा घरधुरी सर्वेक्षण २०७८, राष्ट्रिय तथ्याङ्क कार्यलय, २०७९

आयोजना प्रभावित क्षेत्रभित्र गरिएको घरधुरी सर्वेक्षण अनुसार आर्थिक रुपले सक्रिय जनसंख्याको ४१.७ प्रतिशतको मुख्य पेशा कृषि रहेको छ। यसैगरि गैरकृषि मजदुरीलाइ आफ्नो पेशा बनाउने जनसंख्या १८.२ प्रतिशत रहेको छ। व्यापार/व्यवसायमा संलग्न जनसंख्या १३.४ प्रतिशत, सरकारी जागिरमा ९.९ प्रतिशत छन्। सर्वेक्षण गरिएका जनसंख्याको ७ प्रतिशत गैरसरकारी सेवामा सहभागी छन् भने बैदेशिक रोजगारीमा संलग्न हुनेको संख्या १.७ प्रतिशत रहेको छ। सर्वेक्षणमा गरिएका जनसंख्याको पेशागत विवरण तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५-२७: आयोजना प्रभावित क्षेत्रको पेशागत स्थिति

पेशा व्यवसाय	संख्या	प्रतिशत
कृषि	२०२	४१.७
पशुपालन	१४	२.९
सरकारी जागिर	४८	९.९
गैरसरकारी जागिर	३४	७.०
व्यापार-व्यवसाय	६५	१३.४
कृषि मजदुर	१	०.२
गैरकृषि मजदुर	८८	१८.२
वैदेशिक रोजगार	८	१.७
गृहिणी	१८	३.७
अन्य	६	१.२
कुल	**४८४**	**१००.०**

स्रोतः स्थलगत अध्ययन, २०७९

आयोजना प्रभाव क्षेत्रभित्र बसोबास गरिरहेका जात जातिहरु मध्ये पेशा/व्यवसायलाई जातिगत विभाजन अनुसार हेर्दा कृषि पेशा अँगाल्ने जनसंख्यामा जनजाति ४१.८ प्रतिशत रहेको छ भने दलित समुदाय भित्र कृषि पेशा अपनाउनेहरु ३३.३ प्रतिशत रहेको छ। जातिगत

विभाजन अनुसार पेशा व्यवसाय बर्गिकरणको बिस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५-२८: आयोजना प्रभावित क्षेत्रको जातजाति अनुसार पेशागत स्थिति

पेशा व्यवसाय	जनजाती		दलित		कुल	
	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
कृषि	२००	४१.८	२	३३.३	२०२	४१.७
पशुपालन	१३	२.७	१	१६.७	१४	२.९
सरकारी जागिर	४८	१०.०	०	०.०	४८	९.९
गैरसरकारी जागिर	३४	७.१	०	०.०	३४	७.०
व्यापार-व्यवसाय	६२	१३.०	३	५०.०	६५	१३.४
कृषि मजदुर	१	०.२	०	०.०	१	०.२
गैरकृषि मजदुर	८८	१८.४	०	०.०	८८	१८.२
वैदेशिक रोजगार	८	१.७	०	०.०	८	१.७
गृहिणी	१८	३.८	०	०.०	१८	३.७
अन्य	६	१.३	०	०.०	६	१.२
कुल	**४७८**	**१००.०**	**६**	**१००.०**	**४८४**	**१००.०**

स्रोतः स्थलगत अध्ययन, २०७९

५.४.२. जग्गाको स्वामित्व र आकार

आयोजना प्रभावित क्षेत्रमा गरिएको अध्ययनको आधारमा प्रति घरधुरी जग्गाको स्वमित्व २५.९ रोपनी रहेको पाइयो। जसमध्ये सब भन्दा बढी पाखो बारीको १७.३ रोपनी, खरबारी/वनजंगल १३.६ रोपनी, सिंचित खेत ४.६ रोपनी र छ महिना भन्दा कम सिंचाई हुने जग्गा १.८ रोपनी रहेको देखिन्छ। निजी जग्गाको स्वामित्व आकार तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५-२९: आयोजना प्रभावित क्षेत्रका घरधुरीहरुको निजी जग्गाको स्वामित्व (रोपनी)

जग्गाको किसिम	क्षेत्रफल	घरधुरी	औसत
वर्ष भरि सिंचाई हुने खेत	८७	१९	४.६
छ महिना कम सिंचाई हुने खेत	१४	८	१.८
पाखो बारी	३,४८४	२०१	१७.३
खरबारी/वनजंगल	१,७१९	१२६	१३.६
कुल	**५,३०४**	**२०५**	**२५.९**

स्रोतः स्थलगत अध्ययन, २०७९

सामाजिक सर्भेक्षण का क्रममा आयोजना प्रभावित क्षेत्रमा यस क्षेत्रमा ऐलानी जग्गा उपयोग गर्ने घरधुरीको बारेमा सोधिएकोमा ४.४ प्रतिशत घरधुरीहरुले ऐलानी जग्गा भोगचलन गर्दै आएका पाइयो भने बाकि घरधुरीले सो नगरेको पाइयो। आयोजना प्रभावित क्षेत्रका घरधुरीहरुको ऐलानी जग्गाको स्वमित्व विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५-३०: आयोजना प्रभावित क्षेत्रका घरधुरीहरुको ऐलानी जग्गाको स्वामित्व

छ		छैन		कुल
संख्या	प्रतिशत	संख्या	प्रतिशत	
९	४.४	१९६	९५.६	२०५

स्रोतः स्थलगत अध्ययन, २०७९

५.४.३. नगद आम्दानी

आयोजना प्रभावित क्षेत्रका २०५ घरधुरीहरुको कुल नगद आम्दानी ने.रु. ७४,६३९,४५० रहेको छ। जसको आधारमा औसत घरधुरी बार्षिक आम्दानी ने.रु. ३६४,०९५ रहेको पाइयो। त्यसैगरी प्रति ब्यात्ति बार्षिक आम्दानि ने.रु. ७७,५८८ रहेको पाइयो। आयोजना प्रभावित क्षेत्रका घरधुरीहरुको आम्दानी विवरण तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५-३१: आयोजना प्रभावित क्षेत्रका घरधुरीहरुको आम्दानी

कुल आम्दानी (ने.रु.)	औसत घरधुरी आम्दानी (ने.रु.)	प्रतिव्यक्ति आम्दानी (ने.रु.)	कुल घरधुरी संख्या	कुल जनसंख्या
७४,६३९,४५०	३६४,०९५	७७,५८८	२०५	९६२

स्रोतः स्थलगत अध्ययन, २०७९

सामाजिक सर्भेक्षणका क्रममा प्राप्त तथ्याङ्क अनुसार आयोजना प्रभावित क्षेत्रभित्र रहेका जातजातिको सरदर प्रतिव्यक्ति आम्दानी ने.रु. ७७,५८८ रहेको पाइयो। जसमध्ये भोटे जातिको प्रतिव्यक्ति आम्दानी ने.रु. ७८,०६१ रहेको छ भने दलित जातिको कम ने.रु. ४३,०४६ रहेको छ। जातजाति अनुसार आम्दानी सम्बन्धि विवरण तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५-३२: आयोजना प्रभावित क्षेत्रका जातजाति अनुसारको आम्दानी

जातजाति	कुल आम्दानी (ने.रु.)	औसत घरधुरी आम्दानी (ने.रु.)	प्रतिव्यक्ति आम्दानी (ने.रु.)	कुल घरधुरी संख्या	कुल जनसंख्या
भोटे	७४,०७९,८५०	३६६,७३२	७८,०६१	२०२	९४९
दलित	५५९,६००	१८६,५३३	४३,०४६	३	१३
कुल	**७४,६३९,४५०**	**३६४,०९५**	**७७,५८८**	**२०५**	**९६२**

स्रोतः स्थलगत अध्ययन, २०७९

आयोजना प्रभावित क्षेत्रभित्रका सर्भेक्षण गरिएका घरधुरीहरुको आम्दानीलाई हेर्दा एकलाख पचास हजार भन्दा कम आम्दानी हुने घरधुरी सबैभन्दा बढी २३.४ प्रतिशत रहेको पाइयो। त्यसैगरी पाँच लाख भन्दा बढी आम्दानि गर्ने घर परिवार १९.५ प्रतिशत रहेको पाइयो। आयोजना प्रभावित क्षेत्रका घरधुरीहरुको आम्दानी सम्बन्धि विवरण तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५-३३: आयोजना प्रभावित क्षेत्रका घरधुरीहरुको आम्दानीको अनुपात

आम्दानीको तह	संख्या	प्रतिशत
१५०,००० भन्दा कम	४८	२३.४
१५०,०००-२००,०००	२८	१३.७
२००,०००-३००,०००	३८	१८.५
३००,०००-४००,०००	३६	१७.६
४००,०००-५००,०००	१५	७.३
५००,००० भन्दा बढी	४०	१९.५
कुल	**२०५**	**१००.०**

स्रोतः स्थलगत अध्ययन, २०७९

आयोजना प्रभावित क्षेत्रभित्रका जातजातिहरुको आम्दानीलाई जातिगत रुपमा हेर्दा एक लाख पचास हजार भन्दा कम आम्दानी हुने देखि तिन लाख सम्म आम्दानी हुनेमा सबैभन्दा बढी प्रतिशत दलित समुदाय रहेको छ। त्यसैगरि तिन लाख भन्दा बढी आम्दानि हुने दलित परिवार सुन्य रहेको पाइयो। आयोजना प्रभावित क्षेत्रका घरधुरीहरुको आम्दानीको विवरण जातजाति अनुसार तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५-३४: आयोजना प्रभावित क्षेत्रका जातजाति अनुसारको आम्दानीको अनुपात

आम्दानीको तह	जनजाती		दलित		कुल	
	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
१५०,००० भन्दा कम	४७	२३.३	१	३३.३	४८.०	२३.४
१५०,००० - २००,०००	२७	१३.४	१	३३.३	२८.०	१३.७
२००,००० - ३००,०००	३७	१८.३	१	३३.३	३८.०	१८.५
३००,००० - ४००,०००	३६	१७.८	०	०.०	३६.०	१७.६
४००,००० - ५००,०००	१५	७.४	०	०.०	१५.०	७.३
५००,००० भन्दा बढी	४०	१९.८	०	०.०	४०.०	१९.५
कुल	**२०२**	**१००.०**	**३**	**१००.०**	**२०५.०**	**१००.०**

स्रोतः स्थलगत अध्ययन, २०७९

५.४.४. आम्दानीको स्रोत

आयोजना प्रभावित क्षेत्रका सामाजिक आर्थिक अध्ययन अनुसार सो क्षेत्रका घरधुरीहरुको मुख्य आम्दानी स्रोतमा सबैभन्दा बढी सेवा जागिर रहेको देखिन्छ। सेवा जागिरबाट गरिने आम्दानी कुल आम्दानी को ३७ प्रतिशत रहेको पाइयो। यसैगरी कुल आम्दानीमा व्यापार/व्यवसाय, ज्याला मजदुरी र विप्रेषणको योगदान क्रमश १६ प्रतिशत, १५.७ प्रतिशत र १२.६ प्रतिशत रहेको पाइयो। कुल आम्दानीमा कृषि क्षेत्रको योगदान ८.४ प्रतिशत रहेको छ भने गैरकृषि क्षेत्रको योगदान ९१.६ प्रतिशत रहेको छ। आयोजना प्रभावित क्षेत्रका घरधुरीहरुको आम्दानीको स्रोत सम्बन्धि विस्तृत विवरण तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५-३५: आयोजना प्रभावित क्षेत्रका घरधुरीहरुको आम्दानीको स्रोत

आम्दानी स्रोत	रकम (ने.रु.)	प्रतिशत
अन्नवाली विक्रीबाट	१२,०००	०.०
तरकारी वाली विक्रीबाट	२०,३००	०.०
नगदे वाली विक्रीबाट	१,९३३,८००	२.६
फलफुल विक्रीबाट	३,७५०	०.०
पशुपंक्षी विक्रीबाट	३,६८१,६००	४.९
पशुजन्य उत्पादन विक्रीबाट	५८६,०००	०.८
वन पैदावार/जडिबुटी	३,९४०,०००	५.३
सेवा जागिरबाट	२७,६४४,०००	३७.०
व्यापार/व्यवसाय	११,९५६,०००	१६.०
वैदेशिक रोजगारी	९,४२४,०००	१२.६
पेन्सन, भाडा, ब्याज	८४,०००	०.१
ज्याला मजदुरी	११,७१२,०००	१५.७
सामाजिक सुरक्षा भत्ता	३,२४६,०००	४.३
अन्य	३९६,०००	०.५
कुल	**७४,६३९,४५०**	**१००.०**

स्रोतः स्थलगत अध्ययन, २०७९

५.४.५. खर्च गर्ने प्रवृति

आयोजना प्रभावित क्षेत्रका अध्ययन गरिएका २०५ घरधुरीहरुको प्रतिवर्ष कुल खर्च ने.रु. ४५,२२८,५४० रहेको छ भने औसत घरधुरी खर्च ने.रु. २२०,६२७ रहेको देखिन्छ। खर्च सम्बन्धी बिस्तृत विवरण तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५-३६: आयोजना प्रभावित क्षेत्रका घरधुरीहरुको खर्च विवरण

कुल खर्च (ने.रु.)	औसत घरधुरी खर्च (ने.रु.)	प्रतिव्यक्ति खर्च (ने.रु.)	कुल घरधुरी	कुल जनसंख्या
४५,२२८,५४०	२२०,६२७	४७,०१५	२०५	९६२

स्रोतः स्थलगत अध्ययन, २०७९

५.४.६. खर्चको विवरण

आयोजना प्रभावित क्षेत्रका २०५ घरधुरीहरुको कुल बार्षिक खर्च ने.रु. ४५,२२८,५४० रहेकामा बिभिन्न शिर्षकमा हुने खर्च अनुपात हेर्दा सबै भन्दा बढी शिक्षामा २८.१ प्रतिशत, लुगा फाटामा १४.३ प्रतिशत, खाद्यान्नमा १२.४ स्वास्थ्य उपचारमा ८.८ प्रतिशत खर्च हुने गरेको पाइयो। त्यसैगरी नुन तेल मसला चियामा ६.९ प्रतिशत, यातायात तथा संचारमा ६.७ प्रतिशत, माछा मासुमा ६ प्रतिशत खर्च हुने गरेको पाइयो। आयोजना प्रभावित क्षेत्रका घरधुरीहरुको शिर्षक अनुसार बार्षिक खर्च बिवरण तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५-३७: आयोजना प्रभावित क्षेत्रका घरधुरीहरुको खर्च शिर्षक

खर्च शिर्षक	ब्याय रकम (ने.रु.)	प्रतिशत
खाद्यान्न (अन्नपात)	५,५८८,५००	१२.४
नुन, तेल, मसला, चिनी, चिया	३,१२८,०००	६.९

खर्च शिर्षक	ब्याय रकम (ने.रु.)	प्रतिशत
माछामासु	२,७०३,०००	६.०
फलफुल,तरकारी	१४४,०००	०.३
लुगाफाटा	६,४६७,०००	१४.३
शिक्षा	१२,७०५,०००	२८.१
स्वास्थ्य उपचार	३,९६०,०००	८.८
चाडपर्व मान्न	२,३५२,०००	५.२
धुम्रपान, मध्यपान	१४२,०००	०.३
कृषि सामग्री	६८३,०००	१.५
यातायात, संचार	३,०२५,६००	६.७
दाउरा, ग्याँस	७९,५००	०.२
घरभाडा	१२,०००	०.०
पानी, बिजुली	४७३,८४०	१.०
सामाजिक संस्कार	२,३११,२००	५.१
ऋणको व्याज तिर्न	१,४५३,९००	३.२
कुल	**४५,२२८,५४०**	**१००.०**

स्रोतः स्थलगत अध्ययन, २०७९

५.४.७. खाद्य पर्याप्तता

सामाजिक आर्थिक सर्वेक्षणबात प्राप्त तथ्याङ्कका आधारमा आयोजना प्रभावित क्षेत्रमा आफ्नै उत्पादनले १२ महिना भन्दा बढी खाद्य पर्याप्तता भएका घरधुरी भेटीएन भने ९-१२ महिना सम्म पर्याप्त खान पुग्ने घरधुरी १२.२ प्रतिशत रहेको पाइयो। आयोजना क्षेत्रका ४६.८ प्रतिशत घरपरिवारलाई आफ्नै उत्पादनले ६ देखि ९ महिना खान पुग्ने देखिन्छ। आयोजना प्रभावित क्षेत्रका घरधुरीहरुको खाद्य पर्याप्तता सम्बन्धी विवरण तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५-३८: आयोजना प्रभावित क्षेत्रका घरधुरीहरुको खाद्य पर्याप्तताको स्थिति

खाद्य पर्याप्तता	संख्या	प्रतिशत
१२ महिना वा माथि	०	०.०
९ देखि १२ महिना	२५	१२.२
६ देखि ९ महिना	९६	४६.८
३ देखि ६ महिना	६४	३१.२
३ महिना भन्दा कम	२०	९.८
कुल	**२०५**	**१००.०**

स्रोतः स्थलगत अध्ययन, २०७९

खाद्य पर्याप्तताको विवरणलाई जातजातिको आधारमा अध्ययन गर्दा आयोजना प्रभावित क्षेत्र भित्र आफ्नै उत्पादनले वर्षभरी पर्याप्त खान पुग्ने घरधुरी नरहेको पाइयो। समग्रमा दलित परिवारभित्र आफ्नै उत्पादनले ६ महिना सम्म मात्र खाना पुग्ने देखियो भने आफ्नो उत्पादनले खान पुग्ने परिवार सबैभन्दा बढी ४६.८ प्रतिशत रहेकोमा दलित घरपरिवार यो समूहमा

रहेको छैन। दलित जातिका घरपरिवारको खाद्य पर्याप्तताको अवस्था जनजातिको भन्दा कम रहेको देखिन्छ। जातजाति अनुसारको खाद्य पर्याप्तताको बिस्तृत विवरण तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५-३९: आयोजना प्रभावित क्षेत्रका जातजाति अनुसारको खाद्य पर्याप्तताको स्थिति

खाद्य पर्याप्तता	जनजाति		दलित		कुल	
	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
१२ महिना वा माथि	०	०.०	०	०.०	०	०.०
९ देखि १२ महिना	२५	१२.४	०	०.०	२५	१२.२
६ देखि ९ महिना	९६	४७.५	०	०.०	९६	४६.८
३ देखि ६ महिना	६३	३१.२	१	३३.३	६४	३१.२
३ महिना भन्दा कम	१८	८.९	२	६६.७	२०	९.८
कुल	**२०२**	**१००.०**	**३**	**१००.०**	**२०५**	**१००.०**

स्रोतः स्थलगत अध्ययन, २०७९

५.५. लैङ्गिक विवरण

५.५.१. महिला पुरुष साक्षरता अवस्था

नेपालको महिला पुरुषको साक्षरता दर गणना गर्दा ५ वर्ष र सो भन्दा माथिको जनसंख्यामा ७५.१ प्रतिशत पुरुष साक्षर छन् भने महिला साक्षरता ५७.४ प्रतिशत मात्र रहेको छ। संखुवासभा जिल्लामा पुरुष साक्षरता ८०.१ प्रतिशत र महिला साक्षरता ६४.९ प्रतिशत रहेको छ। आयोजना प्रभावित क्षेत्रको लिङ्गको आधारमा साक्षरता सम्बन्धी विवरण तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५-४०: आयोजना प्रभावित क्षेत्रको लिङ्गको आधारमा साक्षरता स्थिति

साक्षरता	पुरुष		महिला		कुल	
	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
साक्षरता	४०७	८८.७	३४१	७६.८	७४८	८२.८
निरक्षर	५२	११.३	१०३	२३.२	१५५	१७.२
कुल	**४५९**	**१००.०**	**४४४**	**१००.०**	**९०३**	**१००.०**

स्रोतः स्थलगत अध्ययन, २०७९

५.५.२. सामाजिक कार्यमा सहभागिता

आयोजना प्रभावित क्षेत्रमा भएका उपभोक्ता समूह तथा सामाजिक संस्थामा महिला तथा पुरुषको समग्र सहभागिताको आधारमा महिलाको संख्या कम देखिन्छ। सहभागिताको अनुपातका आधारमा आयआर्जन समूहमा संलग्न महिलाको संख्या पुरुष भन्दा बढी रहेको देखिन्छ भने वन उपभोक्ता तथा खानेपानी उपभोक्ता समुहमा पुरुषको तुलनामा महिलाको सहभागिता निकै कम देखिन्छ। आयोजना प्रभावित क्षेत्रमा सामाजिक सहभागिता सम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५-४१: आयोजना प्रभावित क्षेत्रमा सामाजिक सहभागिता

सामाजिक संस्था	पुरुष	महिला	कुल
वन उपभोक्ता समूह	१८३	१७	२००
खानेपानी उपभोक्ता समूह	१४४	११	१५५
आय आर्जन समूह	२	१०	१२
आमा/महिला समूह	०	१८८	१८८
सहकारी संस्था	१	०	१
राजनीतिक संस्था	१०	४	१४
सांस्कृतिक संस्था	१२	१	१३
धार्मिक संस्था	१८	२	२०
कुल	**३७०**	**२३३**	**६०३**

स्रोतः स्थलगत अध्ययन, २०७९

५.५.३. घरायसी तथा कृषि कार्यमा सहभागिता

आयोजना प्रभावित क्षेत्रमा महिला पुरुष बिचको कार्य विभाजन हेर्दा कुल संख्याको अनुपातमा ५२.७ प्रतिशत महिलाले घरायसी कामकाजमा धेरै जिम्मेवारी लिनु पर्छ भने ३९.५ प्रतिशत परिवारमा महिला पुरुष बीच बराबरी कार्य विभाजन हुन्छ। कृषि सम्बन्धी कार्यमा ५६.६ प्रतिशत घरमा महिला पुरुष बराबरी गर्ने गरको देखिन्छ। आयोजना प्रभावित क्षेत्रमा महिला पुरुषको कार्य विभाजन सम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५-४२: आयोजना प्रभावित क्षेत्रका महिला पुरुषको कार्य बिभाजन (प्रतिशत)

क्रियाकलाप	कम		धेरै		बराबर	
	पुरुष	महिला	पुरुष	महिला	पुरुष	महिला
कृषि सम्बन्धि कार्य	३५.१	८.३	८.३	३५.१	५६.६	५६.६
घरयासी कामकाज	५२.७	७.८	७.८	५२.७	३९.५	३९.५

स्रोतः स्थलगत अध्ययन, २०७९

५.५.४. सहभागिता तथा स्वामित्व

आयोजना प्रभावित क्षेत्रमा महिला पुरुष बिचको निर्णयमा सहभागिताको स्थिति हेर्दा पुरुषको निर्णय गर्ने अधिकार धेरै प्रयोग गर्ने घरपरिवारको संख्या बढी रहेको पाइयो। कुल संख्याको अनुपातमा हेर्दा धेरै सम्पतिको स्वामित्व हुने महिला १४.६ प्रतिशत घर परिवार मात्र देखिन्छ। आयोजना प्रभावित क्षेत्रमा महिला पुरुषको सहभागिता तथा स्वामित्व सम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५-४३: आयोजना प्रभावित क्षेत्रका महिला पुरुषको सहभागिता तथा स्वामित्व

क्रियाकलाप	कम		धेरै		बराबर	
	पुरुष	महिला	पुरुष	महिला	पुरुष	महिला
निर्णयमा सहभागिता	१२.२	५१.२	५१.२	१२.२	३६.६	३६.६
राजनीतिक सहभागिता	६.३	४३.९	४३.९	६.३	४९.८	४९.८
सम्पतिको स्वामित्व	१४.६	७९.५	७९.५	१४.६	५.९	५.९

क्रियाकलाप	कम		धेरै		बराबर	
	पुरुष	महिला	पुरुष	महिला	पुरुष	महिला
सामाजिक सहभागिता	७.३	३३.२	३३.२	७.३	५९.५	५९.५

स्रोतः स्थलगत अध्ययन, २०७९

५.५.५. मानव बेचबिखनको अवस्था

मानव बेचबिखन बारेमा स्थानीय मानिसहरुको जानकारीको बिषयमा सोधिएको प्रश्नमा ६१ प्रतिशत उत्तरदातालाई जानकारी भएको पाइयो। आयोजना प्रभावित क्षेत्रमा मानव बेचबिखन बारेमा जानकारी हुनेको विवरण तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५-४४: आयोजना प्रभावित क्षेत्रमा मानव बेचबिखन बारेमा जानकारी

थाहा छ		थाहा छैन		कुल संख्या
संख्या	प्रतिशत	संख्या	प्रतिशत	
१२५	६१.०	८०	३९.०	२०५

स्रोतः स्थलगत अध्ययन, २०७९

मानव बेचबिखन बारेमा जानकारी भएका उत्तरदाता मध्ये १०० प्रतिशतले आयोजना क्षेत्रभित्र मानव बेचबिखनका घटनाहरु नभएको प्रतिक्रिया दिए। मानव बेचबिखनको घटना सम्बन्धि जानकारी तल तालिकामा दिइएको छ।

तालिका ५-४५: आयोजना प्रभावित क्षेत्रमा मानव बेचबिखनका घटनाहरु

छ		छैन		कुल संख्या
संख्या	प्रतिशत	संख्या	प्रतिशत	
०	०.०	१२५	१००.०	१२५

स्रोतः स्थलगत अध्ययन, २०७९

आयोजना प्रभावित क्षेत्रमा मानब बेचबिखनका घटना नभएको भए पनि यस्ता खाले घटना घट्न सक्ने कारणमा सबै भन्दा बढी ३६ प्रतिशत उत्तरदाताले अशिक्षित परिवारका कारण उल्लेख गरेका छन्। त्यसैगरी २७.२ प्रतिशतले आम्दानीको स्रोत, २४.८ प्रतिशतले अपराधीलाई दण्ड कम र १२ प्रतिशतले अपरिचित व्यक्तिको आवतजावतको कारण पनि यस्तो घटना घट्ने जनाएका छन्। मानव बेचबिखनको घटना घट्नुको कारण बारेको विवरण तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५-४६: आयोजना प्रभावित क्षेत्रमा मानव बेचबिखनका कारण (प्रतिशत)

मानब बेचबिखनका कारण	संख्या	प्रतिशत
अशिक्षित परिवार	४५	३६.०
अपरिचित व्यक्तिको आवतजावत	१५	१२.०
आम्दानीको स्रोत	३४	२७.२
अपराधिलाई कम दण्ड	३१	२४.८
कुल	**१२५**	**१००.०**

स्रोतः स्थलगत अध्ययन, २०७९

५.५.६. बालश्रमको अवस्था

बालश्रम बारेमा जानकारीको अवस्था हेर्दा ५०.२ प्रतिशत उत्तरदातालाई जानकारी रहेको छ भने बाँकी ४९.८ प्रतिशतलाई जानकारी नभएको पाइयो। आयोजना प्रभावित क्षेत्रको सर्वेक्षण गरिएका घरपरिवार हिसाबले बालश्रम बारेमा जानकारी तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५-४७: आयोजना प्रभावित क्षेत्रमा बालश्रम बारेमा जानकारी

छ		छैन		कुल संख्या
संख्या	प्रतिशत	संख्या	प्रतिशत	
१०३	५०.२	१०२	४९.८	२०५

स्रोतः स्थलगत अध्ययन, २०७९

बालश्रम प्रयोग बारेमा सबै भन्दा बढी उत्तरदाता ६८.९ प्रतिशतले घरको आर्थिक अवस्था कमजोर हुनुको कारण उल्लेख गरेका छन्। त्यसैगरी २९.१ प्रतिशत घरपरिवारले अशिक्षित परिवारका कारण जनाएका छन्। बालश्रम प्रयोग हुनुको कारणको विवरण तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५-४८: आयोजना प्रभावित क्षेत्रमा बालश्रमका कारण

बालश्रमका कारण	संख्या	प्रतिशत
घरको आर्थिक अवस्था कमजोर	७१	६८.९
अशिक्षित परिवार	३०	२९.१
विद्यालय सुविधाको अभाव	१	१.०
पारिवारिक तथा सामाजिक प्रचलन	१	१.०
कुल	**१०३**	**१००.०**

स्रोतः स्थलगत अध्ययन, २०७९

घरायसी तथा कृषि कार्यमा केटाकेटीको सहभागिता हेर्दा समग्रमा कम बालबालिका मात्र यस्ता क्रियाकलापमा सहभागी रहेको पाइयो। तुलनात्मक रुपमा पानी/दाउरा/घाँस ल्याउने तथा खाना पकाउने कार्यमा अलि बढी रहेको पाइयो। ज्याला मजदुरीमा भने सहभागिता नरहेको पाइयो। घरायसी कार्यमा बालबालिका प्रयोग बारेको विवरण तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५-४९: आयोजना प्रभावित क्षेत्रमा घरायसी कार्यमा बालबालिकाको प्रयोग (प्रतिशत)

क्रियाकलाप	कम	छैन	धेरै
कृषि कार्य	५६.३	३१.३	१२.५
खाना पकाउने	५९.०	२६.४	१४.६
गाईबस्तु चराउने	३९.९	५४.५	५.६
ज्याला मजदुरी गर्ने	०.०	१००.०	०.०
पानी/दाउरा/घाँस ल्याउने	७१.५	१३.९	१४.६
भाई बैनीको हेरचाहा	५८.६	३४.३	७.१
कुल	**४७.५**	**४३.४**	**९.१**

स्रोतः स्थलगत अध्ययन, २०७९

५.६. सेवा सुविधा सम्बन्धी विवरण

५.६.१. घरको प्रकार

आयोजना प्रभावित क्षेत्रमा रहेका घरहरुका प्रकार मध्ये सबै भन्दा धेरै अर्ध परम्परागत प्रकारकारका घरहरु रहेको छ। सर्वेक्षण गरिएको कुल २०५ घरधुरी मध्ये ५२.२ प्रतिशत घरपरिवारहरु परम्परागत घरमा बसोबास गरेको पाइयो भने ४७.३ प्रतिशत घरपरिवारहरु अर्ध आधुनिक प्रकारका घरमा बसोबास गरेको पाइयो। सर्वेक्षण गरिएको घरधुरीहरुको घरका प्रकारको थप विवरण तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५-५०: आयोजना प्रभावित क्षेत्रको घरको प्रकार

घरको प्रकार	संख्या	प्रतिशत
परम्परागत	१०७	५२.२
अर्ध-आधुनिक	९७	४७.३
आधुनिक	१	०.५
कुल	**२०५**	**१००.०**

स्रोतः स्थलगत अध्ययन, २०७९

५.६.२. घरायसी उपयोगका सामान

आयोजना प्रभावित क्षेत्रमा गरिएको घरधुरी सर्वेक्षणले स्थानीयवासीहरुले प्रयोग गर्ने घरायसी सामानको अवस्था देखाएको छ। सर्वेक्षणको गरिएको कुल २०५ घरधुरी मध्ये घरायसी सामानमा मोबाइल फोन सेटको संख्या ३९७ रहेको पाइयो। यसै गरि टेलिभिजन र राइस कुकरको संख्या क्रमश ६३ र १७ रहेको रहेको छ। आयोजना प्रभावित क्षेत्रमा प्रयोग हुने घरायसी सामानहरुको बिस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५-५१: आयोजना प्रभावित क्षेत्रको घरमा प्रयोग भएका घरायसी सामान

घरायसी सामान	घर संख्या	सामान संख्या
टेलिभिजन	६२	६३
कम्प्युटर/ल्यापटप	७	७
राइसकुकर	१७	१७
फ्रिज	१	१
मोबाइल फोन	१९१	३९७
कपडामा लगाउने आइरन	४	४

स्रोतः स्थलगत अध्ययन, २०७९

आयोजना प्रभावित क्षेत्रका घरधुरीमा गरिएको सर्वेक्षणले सो खेत्रका घरमा प्रयोग भएका घरायसी सामानको संख्या संगसंगै त्यसको मुल्य पनि देखाएको छ। सर्वेक्षण अनुसार मोबाइल फोनको कुल मूल्य ने.रु. ५,३६४,८०० रहेको देखिन्छ। त्यसैगरी टेलिभिजन ने.रु. १,९३३,००० मूल्य बराबरको र कम्प्युटर/ल्यापटप ने.रु.४३०,००० मूल्य बराबर रहेको देखिन्छ। सर्वेक्षण गरिएको घरधुरीहरुका घरायसी सामानको मूल्य सम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५-५२: आयोजना प्रभावित क्षेत्रको घरमा प्रयोग भएका घरायसी सामानको रकम

घरायसी सामान	रकम (ने.रु.)	प्रतिशत
टेलिभिजन	१,९३३,०००	२४.७
कम्प्युटर/ल्यापटप	४३०,०००	५.५
राइसकुकर	६१,९००	०.८
फ्रिज	२३,०००	०.३
मोबाइल फोन	५,३६४,८००	६८.६
कपडामा लगाउने आइरन	८,२००	०.१
कुल	**७,८२०,९००**	**१००.०**

स्रोतः स्थलगत अध्ययन, २०७९

५.६.३. खानेपानीको अवस्था

संखुवासभा जिल्लाका अधिकांश घरपरिवारहरु पिउने पानीको लागि पाइप धारा प्रयोग गर्दछन्। राष्ट्रिय जनगणना २०७८ अनुसार यस जिल्लामा ७८.८ प्रतिशतले पाइप धाराको पानी प्रयोग गर्दछन् भने मुहान/ढुंगेधाराको पानि पिउने घरपरिवार १५.८ प्रतिशत रहेका छन्। कुवाको पानी प्रयोग गर्ने घरपरिवार ४.३ प्रतिशत परिवार रहेका छन् भने खोला/खोल्सी को पानि प्रयोग गर्ने परिवार ०.८ प्रतिशत तथा अन्य स्रोतको पानी प्रयोग गर्ने ०.३ प्रतिशत रहेको देखिन्छ। आयोजना प्रभावित जिल्लाका घरपरिवारहरुको खानेपानीका स्रोतहरु तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५-५३: आयोजना प्रभावित जिल्लाको खानेपानीका मुख्य स्रोतहरु

खानेपानीका स्रोतहरु	घरधुरी संख्या	प्रतिशत
पाइप धारा	३०,८०९	७८.८
कुवा	१६९८	४.३
मुहान/ढुङ्गेधारा	६,१८२	१५.८
खोला खोल्सी	३२९	०.८
अन्य	१००	०.३
कुल	**३९,११८**	**१००.०**

स्रोतः नेपालको राष्ट्रिय जनसंख्या तथा घरधुरी सर्वेक्षण २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७९

आयोजना प्रभावित गाउँपालिकामा ८१.७ प्रतिशत घरपरिवारको खानेपानीको मुख्य स्रोत पाइप धारा रहेको छ। त्यसैगरी मुहान तथा ढुंगेधाराको पानी प्रयोग गर्ने घरपरिवार १३ प्रतिशत रहेका छन्। आयोजना प्रभावित गाउँपालिकामा खानेपानीका स्रोतहरुको विवरण तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५-५४: आयोजना प्रभावित गाउँपालिकामा खानेपानीका मुख्य स्रोतहरु

खानेपानीका स्रोतहरु	घरधुरी संख्या	प्रतिशत
पाइप धारा	१,३७५	८१.७
कुवा	१५	०.९
मुहान/ढुङ्गेधारा	२१९	१३.०
खोला खोल्सी	५५	३.३

खानेपानीका स्रोतहरु	घरधुरी संख्या	प्रतिशत
अन्य	२०	१.२
कुल	**१,६८४**	**१००.०**

स्रोतः नेपालको राष्ट्रिय जनसंख्या तथा घरधुरी सर्वेक्षण २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७९

आयोजना प्रभावित क्षेत्रमा ९७.६ प्रतिशत घरपरिवारमा खानेपानीको लागि पाइप धाराको पानी प्रयोग भएको पाइन्छ। मुहान तथा ढुंगेधाराको पानी प्रयोग गर्ने घरधुरी २ प्रतिशत रहेका छन्। आयोजना प्रभावित क्षेत्रको खानेपानीका स्रोतहरुको विवरण तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५-५५: आयोजना प्रभावित क्षेत्रको खानेपानीका मुख्य स्रोतहरु

खानेपानीका स्रोतहरु	संख्या	प्रतिशत
पाईप धारा	२००	९७.६
कुवा	१	०.५
मुहान/ढुङ्गेधारा	४	२.०
कुल	**२०५**	**१००.०**

स्रोतः स्थलगत अध्ययन, २०७९

५.६.४. शौचालयको अवस्था

राष्ट्रिय जनगणना २०७८ अनुसार, संखुवासभा जिल्लामा कुल घरधुरी मध्ये ७१.८ प्रतिशत घरपरिवार प्यान सहितको शौचालय प्रयोग गर्दछन् भने २६.३ प्रतिशत घरपरिवार खाल्डे शौचालय प्रयोग गर्दै आएको देखिन्छ। शौचालयको सुविधा नभएका १.५ प्रतिशत घरपरिवार रहेका छन्। आयोजना प्रभावित जिल्लाको शौचालय प्रयोग सम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५-५६: आयोजना प्रभावित जिल्लाको शौचालय प्रयोग

शौचालयको प्रकार	घरधुरी संख्या	प्रतिशत
प्यान सहितको शौचालय	२८,१०५	७१.८
खाल्डे शौचालय	१०२९८	२६.३
शौचालय नभएको	५७४	१.५
उत्तर नआएको	१४१	०.४
कुल	**३९,११८**	**१००.०**

स्रोतः नेपालको राष्ट्रिय जनसंख्या तथा घरधुरी सर्वेक्षण २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७९

राष्ट्रिय जनगणना २०७८ अनुसार, आयोजना प्रभावित भोटखोला गाउँपालिकामा कुल घरधुरी मध्ये १८.४ प्रतिशत घरपरिवारले प्यान सहितको शौचालय प्रयोग गर्दछन् भने ७६.४ प्रतिशत घरपरिवारले खाल्डे शौचालय प्रयोग गर्दै आएको देखिन्छ। शौचालय प्रयोग नगर्ने ३.८ प्रतिशत घरपरिवार रहेका छन्। आयोजना प्रभावित गाउँपालिकामा शौचालय प्रयोग सम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५-५७: आयोजना प्रभावित गाउँपालिकामा शौचालय प्रयोग

शौचालय सुबिधा	घरधुरी संख्या	प्रतिशत
प्यान सहितको शौचालय	३१०	१८.४
खाल्डे शौचालय	१२८७	७६.४
शौचालय नभएको	६४	३.८
उत्तर नआएको	२३	१.४
कुल	**१,६८४**	**१००.०**

स्रोतः नेपालको राष्ट्रिय जनसंख्या तथा घरधुरी सर्वेक्षण २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७९

आयोजना प्रभावित क्षेत्रमा सर्वेक्षण गरिएका घरपरिवारको शौचालय प्रयोगको अवस्था हेर्दा ९७.६ प्रतिशत घरधुरीमा प्यान भएको खाल्डे शौचालय रहेको देखिन्छ भने १ प्रतिशत घरधुरीमा आधुनकी शौचालय रहेको देखिन्छ। त्यसैगरी १ प्रतिशत घरधुरीमा हालसम्म पनि शौचालय सुबिधा नरहेको देखिन्छ। आयोजना क्षेत्रमा शौचालय प्रयोग सम्बन्धी विवरण तल तालिकामा दिईएको छ।

तालिका ५-५८: आयोजना प्रभावित क्षेत्रमा शौचालय प्रयोगको स्थिति

शौचालयको प्रकार	घरधुरी संख्या	प्रतिशत
प्यान भएको खाल्डे	२००	९७.६
आधुनिक	२	१.०
खाल्डे	१	०.५
चर्पी नभएको	२	१.०
कुल	**२०५**	**१००.०**

स्रोतः स्थलगत अध्ययन, २०७९

५.६.५. खाना पकाउने ईन्धनको अवस्था

आयोजना प्रस्तावित संखुवासभा जिल्लाको कुल घरधुरीमध्ये ८४.२ प्रतिशतले खाना पकाउनका लागि दाउराको प्रयोग गर्ने गरेका छन्। एल.पी. ग्यास प्रयोग गर्ने घर परिवार १५.१ प्रतिशत रहेका छन्। जिल्लाको खाना पकाउने स्रोतको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५-५९: आयोजना प्रभावित जिल्लामा खाना पकाउने ईन्धनको स्रोत

दाउरा		एल.पी. ग्यास		विद्युत		अन्य		कुल घरधुरी
संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत	
३२,९२२	८४.२	५,९०७	१५.१	२९	०.१	२२८	०.५	३९,११८

स्रोतः नेपालको राष्ट्रिय जनसंख्या तथा घरधुरी सर्वेक्षण २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७९

आयोजना प्रभावित गाउँपालिकामा खाना पकाउनका लागि ९७.१ प्रतिशत परिवारले दाउरा प्रयोग गरेको पाइन्छ भने एल.पी. ग्यास प्रयोग गर्ने घरपरिवार २.२ प्रतिशत रहेका छन्। गाउँपालिका खाना पकाउने स्रोतको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५-६०: आयोजना प्रभावित गाउँपालिकामा खाना पकाउने ईन्धनको स्रोत

दाउरा		एल.पी. ग्यास		मट्टीतेल		बायो ग्यास		अन्य		कुल घरधुरी
संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत	
१,६३६	९७.१	३७	२.२	९	०.५	१	०.१	१	०.१	१,६८४

स्रोतः नेपालको राष्ट्रिय जनसंख्या तथा घरधुरी सर्वेक्षण २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७९

सामाजिक सर्वेक्षण का क्रममा सर्वेक्षणमा समेटिएका सम्पूर्ण घरधुरीमा खाना पकाउनका लागि दाउराको प्रयोग गर्ने गरेको देखियो। आयोजना प्रभावित क्षेत्र भित्रका घरधुरीहरुको खाना पकाउने ईन्धन सम्बन्धी विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५-६१: आयोजना प्रभावित क्षेत्रका घरधुरीहरुको खाना पकाउने ईन्धनको स्रोत

दाउरा		एल.पी. ग्यास		विद्युत		अन्य		कुल घरधुरी
संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत	
२०५	१००	०	०	०	०	०	०	२०५

स्रोतः स्थलगत अध्ययन, २०७९

५.६.६. बत्ती बाल्न प्रयोग हुने स्रोतको अवस्था

आयोजना प्रस्तावित जिल्लामा रहेका बत्ति बाल्नका लागि प्रयोग हुने स्रोतहरुमा मुख्यत विजुली, मट्टीतेल र सोलारको प्रयोग गरेको देखिन्छ भने बैकल्पिक रुपमा अन्य स्रोतको पनि प्रयोग गरेको तथ्याङ्कले देखाउँछ। जिल्लाका ८७.१ प्रतिशत बत्ति बाल्नका लागि विजुलीको प्रयोग गरेको देखिन्छ। त्यसैगरी बत्ति बाल्न सोलार प्रयोग गर्ने घरपरिवार १०.८ प्रतिशत छन् भने ०.९ प्रतिशत घरपरिवारले मट्टीतेल प्रयोग गरेको पाइन्छ। आयोजना प्रस्तावित जिल्लामा बत्ति बाल्नका लागि प्रयोग हुने स्रोतको विवरण तल उल्लेख गरीएको छ।

तालिका ५-६२: आयोजना प्रभावित जिल्लामा बत्तीका स्रोतहरु

विद्युत		मट्टीतेल		सोलार		अन्य		कुल घरधुरी
संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत	
३४,०५५	८७.१	३५६	०.९	४,२२५	१०.८	४८२	१.२	३९,११८

स्रोतः नेपालको राष्ट्रिय जनसंख्या तथा घरधुरी सर्वेक्षण २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७९

आयोजना प्रभावित गाउँपालिकामा बत्ति बाल्नका लागि ९५.४ प्रतिशत घरपरिवारले विद्युत प्रयोग गर्ने गरेको देखिन्छ। बत्ति बाल्नको लागि सोलार प्रयोग गर्ने घरपरिवार ३.६ प्रतिशत छन् भने मट्टीतेल प्रयोग गर्ने घरपरिवार ०.७ प्रतिसत रहेका छन्। आयोजना प्रभावित गाउँपालिकामा बत्ति बाल्नका लागि प्रयोग हुने बिभिन्न स्रोतहरुको विवरण तलको तालिकामा उल्लेख गरीएको छ।

तालिका ५-६३: आयोजना प्रभावित गाउँपालिकामा बत्तीका स्रोतहरु

विद्युत		मट्टीतेल		सोलार		बायो ग्यास		अन्य		जम्मा घरधुरी
संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत	
१६०७	९५.४	११	०.७	६०	३.६	२	०.१	४	०.२	१,६८४

स्रोतः नेपालको राष्ट्रिय जनसंख्या तथा घरधुरी सर्वेक्षण २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७९

आयोजना प्रभावित क्षेत्रमा सर्भेक्षण गरिएका घरधुरीहरुको बत्तीको स्रोत बिजुली रहेको देखिन्छ कुल ९८.५ प्रतिशतले बत्ती बाल्न बिजुली प्रयोग गर्दछन्। सोलार बत्तीको प्रयोग गर्ने घरपरिवार १ प्रतिशत रहेको पाइयो। आयोजना प्रभावित क्षेत्र भित्रका घरधुरीहरुको बत्ती प्रयोग सम्बन्धी विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५-६४: आयोजना प्रभावित क्षेत्रका घरधुरीहरुको बत्तीको स्रोत

स्रोत	संख्या	प्रतिशत
बिजुली	२०२	९८.५
सोलार	२	१.०
टुकिमारा	१	०.५
कुल	**२०५**	**१००.०**

स्रोतः स्थलगत अध्ययन, २०७९

५.७. सामाजिक सहभागिता

५.७.१. सामाजिक संस्थामा संलग्नता

आयोजना प्रभावित क्षेत्रका घरधुरीहरुमा गरिएको सर्वेक्षणमा स्थानीयस्तरमा संचालित विभिन्न सामाजिक संघ संस्था, समूह जस्तै वन, खानेपानी, सिंचाई, सहकारी आदिमा महिला पुरुष सहभागिताको उपस्थिति हेरिएको थियो। सर्वेक्षणको नतिजा अनुसार आय आर्जन समुहमा पुरुषको तुलनामा महिलाहरुको संलग्नता उल्लेख्य रहेको पाइयो।बाकि संस्थामा हेर्दा महिलाहरु भन्दा पुरुषको नै बढी सहभागिता रहेको पाइयो। सामाजिक संस्थामा सहभागिताको बिस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५-६५: आयोजना प्रभावित क्षेत्रका सामाजिक संस्था र सदस्यता

सामाजिक संस्था	पुरुष	महिला	कुल
आमा/महिला समुह	०	१८८	१८८
आय आर्जन समुह	२	१०	१२
खानेपानी उपभोक्ता समुह	१४४	११	१५५
धार्मिक संस्था	१८	२	२०
बन उपभोक्ता समुह	१८३	१७	२००
राजनीतिक संस्था	१०	४	१४
सहकारी संस्था	१	०	१
सांस्कृतिक संस्था	१२	१	१३
कुल	**३७०**	**२३३**	**६०३**

स्रोतः स्थलगत अध्ययन, २०७९

५.८. स्वास्थ्य तथा सरसफाई

५.८.१. स्वास्थ संस्था

जिल्ला स्वास्थ्य कार्यालय संखुवासभाको २०७५/०७६ को प्रतिवेदन अनुसार यस जिल्लामा १ जिल्ला अस्पताल, ४ प्राथमिक स्वास्थ्य केन्द्र, ३४ स्वास्थ्य उपस्वास्थ्य चौकी, आयुर्वेद

स्वास्थ्य केन्द्र, तथा औषधालय, गाउँघर क्लिनिक, खोप क्लिनिक र बर्थिङ्ग सेन्टर रहेका छन्। आयोजना प्रभावित भोटखोला गाउँपालिकामा कुल १६ स्वास्थ्य संस्था रहेका छन्। सामुदायिक स्वास्थ्य इकाईको संख्या ११ रहेको छन्, आधारभूत स्वास्थ्य केन्द्र २, स्वास्थ्य केन्द्र ३ रहेका छन्। आयोजना प्रभावित पालिकामा कुल १६ स्वस्थ्य संस्था रहेका छन्। स्वास्थ्य संस्थामा ११ सामुदायिक स्वस्थ्य इकाई, २ आधारभूत स्वस्थ्य केन्द्र र ३ स्वस्थ्य चौकी रहेका छन्। आयोजना प्रभावित पालिकामा उपलब्ध स्वास्थ्य संस्थाहरुको विवरण तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५-६६: आयोजना प्रभावित पालिकामा उपलब्ध स्वास्थ्य संस्था

सामुदायिक स्वास्थ्य इकाई	आधारभूत स्वास्थ्य सेवा केन्द्र	स्वास्थ्य चौकी	कुल स्वास्थ्य संस्था
११	२	३	१६

स्रोतः स्थलगत अध्ययन, २०७९

५.८.२. रोग तथा उपचार पद्दति

घरधुरी सर्वेक्षणमा समावेश गरेका घरधुरीहरुका परिवार सदस्य कुनै बिरामी परेको वा नपरेको हेर्दा ३३.२ प्रतिशत घरधुरीमा गत वर्षमा कुनै न कुनै प्रकारको रोग लागेको पाइयो भने ६६.८ प्रतिशत घरपरिवारका बिरामी नपरेको पाइयो। आयोजना प्रभावित क्षेत्रका घरपरिवारमा गत वर्ष रोग लागेको बारेको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५-६७: आयोजना प्रभावित क्षेत्रका घरधुरीमा गत साल रोग लागेको विवरण

थिएन		थियो	
संख्या	प्रतिशत	संख्या	प्रतिशत
१३७	६६.८	६८	३३.२

स्रोतः स्थलगत अध्ययन, २०७९

आयोजना प्रभावित क्षेत्रमा बिशेष गरि आँखासम्बन्धि रोग, टाइफाइड, दम, प्रशुती सम्बन्धी, चर्म रोग, मानसिक रोग लगाएतका रोगहरु बढी मात्रामा देखिन्छ। अध्ययनको समयमा कोभिड १९ फैलिएको अबस्थामा यस क्षेत्रमा भने १ जना मात्र कोभिड बिरामी भएको पाइयो। आयोजना प्रभावित क्षेत्रमा देखिएका बिभिन्न रोगहरुको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५-६८: आयोजना प्रभावित क्षेत्रमा देखिएका रोगहरु

रोगहरु	पुरुष	महिला	कुल
झाडापखाला	३	४	७
टाइफाइड	४	८	१२
जण्डिस	३	०	३
प्रसुती सम्बन्धि	०	५	५
छाला सम्बन्धि	७	८	१५
दम	८	७	१५

रोगहरु	पुरुष	महिला	कुल
आँखा सम्बन्धि	११	११	२२
कोभिड-१९ (कोरोना)	१	१	२
मुटु रोग	०	२	२
डिप्रेसन	२	०	२
क्षयरोग	२	०	२
टाउको सम्बन्धि	०	१	१
ग्यास्टिक	०	२	२
मिर्गौला सम्बन्धि	१	१	२
छारे रोग	१	१	२
पक्षघात	२	०	२
कान सम्बन्धि	२	२	४
फोक्सो सम्बन्धि	१	०	१
अल्सर	०	१	१
युरिक एसिड	०	१	१
बाथ रोग	१	२	३
थाईराइड	०	१	१
हेपाटाईटिस	०	१	१
हाडजोर्नी	०	१	१
कुल	**४९**	**६०**	**१०९**

स्रोतः स्थलगत अध्ययन, २०७९

५.८.३. सुरक्षित पिउने पानी र उपचार विधि

सर्वेक्षण का क्रममा सुरक्षित पिउने पानि र उपचार बिधि बारेमा स्थानीयको बुझाइको कस्तो छ भनि जानकारी लिइएको थियो जस अनुसार आयोजना प्रभावित क्षेत्रका घरधुरीहरुको पिउने पानीको गुणस्तरका बिषयमा ८४.९ प्रतिसतलाइ आफुले पिउने पानि राम्रो लाग्छ भने १४.१ प्रतिशत उत्तरदाता आफुले पिउने पानी धेरै राम्रो छ भन्ने बुझाई छ। आयोजना प्रभावित क्षेत्रमा रहेका सर्वेक्षण गरिएका घरधुरीहरुको पानीको गुणस्तर सम्बन्धी बुझाई तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५-६९: आयोजना प्रभावित क्षेत्रका घरधुरीको पानीको गुणस्तर सम्बन्धी बुझाई

पानीको गुणस्तर	संख्या	प्रतिशत
राम्रो	१७४	८४.९
ठिकै	२	१.०
धेरै राम्रो	२९	१४.१
नराम्रो	०	०.०
कुल	**२०५**	**१००.०**

स्रोतः स्थलगत अध्ययन, २०७९

आयोजना प्रभावित क्षेत्रका घरधुरीहरुको पिउने पानीको गुणस्तरको बारेमा ८४.९ प्रतिशत घरपरिवारलाई सुरक्षित छ भन्ने लाग्छ त्यसैले ७१.७ प्रतिशत मानिस पिउने पानीलाई कुनै प्रशोधन विधि प्रयोग नगरी सिधै प्रयोग गर्दछन्। प्रशोधन विधि प्रयोग गर्ने मध्येमा २७.८ प्रतिशतले उमालेको पानी प्रयोग गर्छन भने नगन्य मात्रले प्रतिशतले फिल्टर गर्दछन्। आयोजना प्रभावित क्षेत्रका घरधुरीहरुको पिउने पानीको उपचार/प्रशोधन विधि तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५-७०: आयोजना प्रभावित क्षेत्रमा पिउने पानीको प्रशोधन विधि

उपचार विधि	संख्या	प्रतिशत
उमाल्ने	५७	२७.८
फिल्टर गर्ने	१	०.५
कुनै विधि प्रयोग नगर्ने	१४७	७१.७
कुल	**२०५**	**१००.०**

स्रोतः स्थलगत अध्ययन, २०७९

५.८.४. हात धुने प्रचलन

सर्भेक्षण गरिएका आयोजना प्रभावित क्षेत्रका मानिसहरुको हात धुने प्रचलन हेर्दा ९९ प्रतिशत मानिसहरुले साबुन पानीले हात धुने गरेको पाइयो। खरानी पानीले हात धुने जनसंख्या १ प्रतिशत रहेको छ। आयोजना प्रभावित क्षेत्रका मानिसहरुको हात धुने विधि तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५-७१: आयोजना प्रभावित क्षेत्रका मानिसहरुको हात धुने विधि

हातधुने विधि	संख्या	प्रतिशत
साबुन पानी	२०३	९९.०
खरानी पानी	२	१.०
कुल	**२०५**	**१००.०**

स्रोतः स्थलगत अध्ययन, २०७९

५.८.५. सुधारिएको चुलोको प्रयोग

आयोजना प्रभावित क्षेत्रमा गरिएको घरधुरी सर्भेक्षणमा परम्परागत चुलो प्रयोग गर्ने घरधुरी २६.८ प्रतिशत रहेको देखियो भने ७३.२ प्रतिशत घरधुरीमा सुधारिएको चुलो प्रयोग हुने गरेको पाइयो। आयोजना प्रभावित क्षेत्रमा सुधारिएको चुलो प्रयोग सम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५-७२: आयोजना प्रभावित क्षेत्रमा सुधारिएको चुलो प्रयोग

चुलोका प्रकार	संख्या	प्रतिशत
परम्परागत चुलो	५५	२६.८
सुधारिएको चुलो घर बाहिर धुँवा फाल्ने	१५०	७३.२
कुल	**२०५**	**१००.०**

स्रोतः स्थलगत अध्ययन, २०७९

५.८.६. गोठ राख्ने स्थान

आयोजना प्रभावित क्षेत्रमा पशुपालन गर्ने घरपरिवारको संख्या उल्लेख्य मात्रामा रहेको छ। पशुपालन गर्दा पशु राख्ने गोठको स्थान बारे हेर्दा आफु बसोबास गर्ने घरको तल्लो तलामा गोठ राख्ने गरका ४ प्रतिशत घरधुरी मात्र रहेका छन् भने ७४ प्रतिशतको गोठ घरदेखि टाढा रहेको छ। आयोजना प्रभावित क्षेत्रमा गोठ राख्ने स्थान बारे तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५-७३: आयोजना प्रभावित क्षेत्रका घरधुरीहरुको गोठ राख्ने स्थान

गोठ राक्ने स्थान	संख्या	प्रतिशत
घर संगै जोडिएको	४३	२३.८
घरको तल्लो तलामा	४	२.२
घरदेखि टाढा	१३४	७४.०
कुल	**१८१**	**१००.०**

स्रोतः स्थलगत अध्ययन, २०७९

५.९. सांस्कृतिक सम्पदा र पर्यटकीय स्थल

५.९.१. पर्यटकीय स्थल

घरधुरी सर्वेक्षणका क्रममा आयोजना स्थल वरपर रहेका पर्यटकीय महत्वका सम्पदा/स्थानका जानकारी संकलन गरिएको थियो। सर्वेक्षणका नतिजा अनुसार ९९ प्रतिशतले आफ्नो गाउँ वरपर पर्यटकीय महत्वको स्थल नभएको जानकारी गराएका थिए भने बाँकी १ प्रतिशतमा पनि आयोजना स्थल बाट अलिक टाढै रहेको लुङब साम्बुका (खर्क) बारेमा अवगत गराएका थिए। सार्वजनिक पूर्वाधारका सुविधा नहुनु, राज्यले उपलब्ध गराउने सुविधामा न्यून पहुँच हुनु, स्थानिय भोटे जातिका मौलिक कला संस्कृति बारे प्रचार प्रसार नहुनु, सडक संजालले नछुनु आदि लगायतका कारणले सम्भावना भएका पर्यटकीय स्थल/सम्पदाहरु पनि उजागर हुन् सकेका छैनन्। यद्यपी गुणस्तरीय सडक संजाल (जोगबेनी-किमाथांका राजमार्ग), संचार (फोन/इन्टरनेट) तथा प्रचारप्रसार भएको खण्डमा चेपुवा (थाङमुछी) मुनिको भोम्बोम झरना, स्थानिय भोटे जातिको कला संस्कृति, परम्परागत आर्चरी खेल, भौगोलिक परिदृश्य, जैविक विविधता, पदमार्ग आदिका माध्यमबाट पर्यटक आकर्षित गर्ने सम्भावना रहेको छ।

५.९.२. सांस्कृतिक, धार्मिक संरचनाहरु

विभिन्न पत्रपत्रिकामा प्रकाशित लेख रचना अनुसार तिब्बतबाट किमाथाङ्का भएर नेपाल प्रवेश गर्ने अरुण नदीलाई स्थानियहरुले चाङबु छुम्बुक भन्छन्। तिब्बत अर्थात् भोटबाट बगेर आएको नदीकै कारण गाउँपालिकाको नाम भोटखोला राखिएको हो। यस गाउँपालिकाको सिम्बुङ, हटिया, चेपुवा, च्याम्ताङ, हुँगुङ, किमाथाङ्का, थुदाम, रिदाक, छुमसुर आदि गाउँमा भोटे समुदायको मात्रै बसोबास रहेको छ। बिभिन्न लेख रचना, शोधग्रन्थीका अनुसार आयोजना प्रभावित क्षेत्रमा बसोबास गर्ने भोटे जातिमा पनि मुख्य गरि ल्होमी र नावा भोटे रहेका छन्।

२०४८ सालको जनगणनामा हिमाली भेगमा बसोवास गर्ने जनजातिमा भोटे, शेर्पा र थकाली मात्र उल्लेख थियो भने आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ को प्रतिवेदनमा संखुवासभा र ताप्लेजुङको हिमाली भेगमा भोटेका अतिरिक्त ल्होमी, थुदुम, होलुङ र तोप्केगोला नामका हिमाली जनजातिको बसोवास छ भन्ने जानकारी प्रकाशित गर्यो। यसै क्रममा भाषा आयोगको बार्षिक प्रतिवेदन २०७८ अनुसार थप नौ वटा नयाँ भाषाहरु पहिचान गरेको छ, जसमा आयोजना प्रभावित क्षेत्रमा बोलिने नावा शेर्पा भाषालाई पहिलो पटक समेटिएको छ। रहनसहन भेषभुषा, शारीरिक बनावटमा खासै भिन्नता नदेखिए पनि ल्होमी र नावा बीच भाषिक भिन्नता देखिन्छ। यी जातजातिको धर्म, भाषा, संस्कृति बारे ज्यादै कमै मात्र लेख रचनाहरु रहेकाले थप गहन अध्ययन अनुसन्धान आवश्यक रहेको देखिन्छ। स्थलगत अध्ययनका क्रममा आयोजना प्रभावित क्षेत्रमा रहेका धार्मिक सांस्कृतिक संरचनाहरुको विवरण पनि संकलन गरिएको थियो। यसै क्रममा आयोजना प्रभावित क्षेत्रमा भोटे जातिका विभिन्न सांस्कृतिक महत्व बोकेका धार्मिक संरचनाहरु रहेका छन्। आयोजना प्रभाव क्षेत्रमा रहेका मुख्य साँस्कृतिक तथा धार्मिक संरचनाहरु तल प्रस्तुत गरिएको छ।

तालिका ५-७४: आयोजना प्रभावित क्षेत्रमा रहेका साँस्कृतिक धार्मिक संरचना

साँस्कृतिक धार्मिक संरचना	अवस्थित स्थान	साँस्कृतिक धार्मिक संरचना	अवस्थित स्थान
सप्ची गुम्बा	छुमसुर	याङगुठि गुम्बा	गुठिगुम्बा
नामडुंङ गुम्बा	रिडाक	सामलीङ गुम्बा	चेपुवा
यारा गुम्बा	च्याम्ताङ	घांग्री मण्डली चर्च	चेपुवा
थाङ गुम्बा	च्याम्ताङ	नामलाङ्ग गुम्बा	रुकुमा

स्रोतः स्थलगत अध्ययन, २०७९

५.९.३. प्रमुख चाडवाड

आयोजना प्रभावित क्षेत्र परापुर्व कालदेखिनै भोटे जातिको बसोबास रहेको क्षेत्र हो। तिब्बतको दक्षिणी भू-भागबाट निस्केर घुमन्ते जीवन हुँदै माथिल्लो अरुण उपत्यकामा बस्दै आएका यस भूमिका आदिवासी जनजाति हुन्। माथिल्लो अरुण उपत्यका क्षेत्रलाई आफ्नो थातथलो बनाई बसोबास गर्दै आएका भोटेहरुको आफ्नै पहिचान र मौलिक संस्कृति छ। आयोजना प्रभावित क्षेत्रमा बसोबास गरिरहेका भोटे जाति सम्बन्धि लेख रचनाहरुलाई विश्लेषण गर्दा यी जाति हिमाली/तिब्बती भेगमा बसोबास गर्ने अन्य भोटे जाति भन्दा बुद्ध धर्मसँग सम्बन्धित प्रथाहरुको कम अभ्यास गर्ने गरेको देखिन्छ। बौद्ध धर्ममा आस्था राख्रेले काटमार गरि बलि प्रथा अभ्यास नगर्ने भएता पनि प्रभावित क्षेत्रका बासिन्दाले आफ्ना चाडवाड मनाउने क्रममा बलि दिने गरेको पाइन्छ। आयोजना प्रभावित पालिका भित्र बसोबास गर्ने जातजातिले मनाउने चाडपर्व मेला (बरुण मेला, नाग पुजा) आदिमा भोटे जातिको उपस्थिति देखिनुले माथि उल्लेखित जनश्रुतिमा बल पुग्ने देखिन्छ। आयोजना प्रभावित क्षेत्रमा बस्ने भोटे समुदायका अन्य समुदाय सँगको घुलमिल तथा सम्पर्कले बौद्ध धर्मका अलावा हिन्दु धर्ममा आधारित चाडपर्व पनि मान्ने गरेको पाइयो। स्थलगत अध्ययनका क्रममा गरिएको छलफलमा यस

स्थानका भोटे जातिले तिहार, पुर्णिमा, होलि मान्न थालेको अवगत गराएका थिए। यसका अलावा घरधुरी सर्वेक्षण तथा सामुहिक छलफलको अनुसार करिब ११ प्रतिशत घरपरिवारले इशाई धर्म मान्ने गरेको पाइयो। क्रिस्चियन धर्म अँगालेका भोटेहरुले प्रत्येक शनिबार चर्च गएर प्राथना गर्ने तथा क्रिसमस मनाउने गर्दछन्। प्रमुख सूचनादाता अन्तरवार्ता, अनौपचारिक छलफल तथा प्रकाशित लेख रचनाहरुका आधारमा आयोजना प्रभावित क्षेत्रमा बसोबास गर्ने नावा तथा ल्होमी जातिले मनाउने मुख्य चाडपर्वहरु सम्बन्धि विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५-७५: आयोजना प्रभावित पालिकामा मनाइने प्रमुख चाडपर्वहरु

पुजा/चाडवाड	महत्व/बिधि
लोसार	नयाँ वर्ष
बालि पुजा	बालीनाली राम्रो होस् भनेर आइतबार गरिने
नेताक गाउँ पुजा	रोगहरु गाउँ नछिरोस् भनि उधौली/उभौली मा गरिने
लु (नाग पुजा)	राम्रो होस्, लामा मार्फत गरिने पुजा, बलि नदिने
युल्ला पुजा	कोदो, धान, मकै बालि राम्रो होस्, लामा मार्फत गरिने, भाले बलि दिने
बुद्ध जयन्ति	लामाहरुले पुस्तक पढ्ने, गाउँको खेतबारीमा गई पुस्तक पढ्ने परिक्रमा गर्ने
तोर्च्याक	पुस्तक पढ्ने, लामा नाच्ने
डब्ल	ऐतिहासिक बिजयको खुसियाली मा मानवको रक्षाको लागि गरिने पुजा
छिच्यु	तिब्बती छैटौं महिनाको १० औं दिन मनाउने

स्रोतः पहिचानको सेरोफेरोमा ल्होमी जाति साँङबु नुप्पा ल्होमी २०७२,स्थलगत अध्ययन, २०७९

५.१०. आयोजनाबाट सम्पत्तिमा पर्ने प्रभाव

प्रस्तावित जलविद्युत आयोजना कार्यन्वयन गर्दा जग्गा ,घरसंरचना ,रुखबिरुवा लगायतका निजी सम्पत्ति क्षति सम्बन्धि केही मुख्य नकारात्मक प्रभावहरू पर्ने देखिन्छ। प्रभावित सम्पत्तिमा निजी जग्गा, निजी घरसंरचना तथा निजी रुखबिरुवा पर्दछन्। आयोजनाबाट एक घरपरिवार भौतिक रुपमा विस्थापित हुने देखिन्छ। अधिक जग्गा गुमाएर गम्भीर रुपले प्रभावित घरपरिवार १८ रहेका छन्।

५.१०.१. आयोजनबाट प्रभावित हुने घरपरिवार

यस आयोजनाबाट कुल २१० घरपरिवार प्रभावित हुने देखिन्छ। प्रभावित हुने घरपरिवार मध्ये २०२ घरपरिवारको जग्गा मात्र प्रभावित हुने देखिन्छ, ७ घरपरिवारको जग्गा सहित घरसंरचना प्रभावित हुने देखिन्छ भने १ घरपरिवारको घरसंरचना मात्र प्रभावित हुने देखिन्छ। घरसंरचना मात्र प्रभावित हुने घरपरिवारले अरुको जग्गामा घरसंरचना निर्माण गरेको पाइन्छ। जलबिद्युत आयोजनाबाट प्रभावित हुने घरपरिवार सम्बन्धि विवरण तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५-७६: आयोजना प्रभावित घरपरिवारका प्रकार

प्रभाव क्षेत्र	जग्गा मात्र प्रभावित हुने घरपरिवार	घरसंरचना सहित जग्गा प्रभावित हुने घरपरिवार	घरसंरचना मात्र प्रभावित हुने घरपरिवार	कुल प्रभावित घरपरिवार संख्या
बाँध क्षेत्र	२५	७	०	३२
विद्युतगृह क्षेत्र	१७७	०	१	१७८
कुल	**२०२**	**७**	**१**	**२१०**

स्रोतः स्थलगत अध्ययन, २०७९

५.१०.२. आयोजनाबाट प्रभावित हुने निजी जग्गा

किमाथांका अरुण जलविद्युत आयोजना निर्माण गर्दा निकै मात्रामा निजी जग्गा प्रभावित हुने देखिन्छ। आयोजना निर्माणको लागि २०९ घरपरिवारको ५३.६९ हेक्टर निजी जग्गा अधिग्रहण गर्नुपर्ने देखिन्छ। आयोजना प्रभावित घरपरिवारको संख्या र जग्गाको विवरण तल तालिकामा दिइएको छ।

तालिका ५-७७: आयोजनाबाट प्रभावित हुने निजी जग्गा

प्रभाव क्षेत्र	प्रभावित घरपरिवार	प्रभावित कित्ता संख्या	प्रभावित जग्गा (व(.मि.	प्रभावित जग्गा) हेक्टर(
बाँध क्षेत्र	३२	१७७	२००,६५५	२०.०७
विद्युतगृह क्षेत्र	१७७	३१४	३३६,२५९	३३.६३
कुल	**२०९**	**४९१**	**५३६,९१४**	**५३.६९**

स्रोतः स्थलगत अध्ययन, २०७९

५.१०.३. आयोजनाबाट प्रभावित हुने निजी घरसंरचना

प्रस्तावित जलविद्युत आयोजना निर्माणको लागि कुल ११ वटा निजी घरसंरचनाहरू प्रभावित हुने देखिन्छ। आयोजनाबाट प्रभावित हुने संरचनाहरुमा १ आवासीय घर, १ शौचालय ,६ बाखाको खोर र ३ गाईबस्तुको गोठ रहेका छन्। आयोजनाबाट प्रभावित हुने निजी घरसंरचनाको संख्या तल तालिकामा दिइएको छ।

तालिका ५-७८: आयोजनाबाट प्रभावित हुने निजी घरसंरचना

प्रभाव क्षेत्र	प्रभावित घरपरिवार	घरसंरचना संख्या
बाँध क्षेत्र	७	९
विद्युतगृह क्षेत्र	१	२
कुल	**८**	**११**

स्रोतः स्थलगत अध्ययन, २०७९

५.१०.४. आयोजनाबाट प्रभावित हुने निजी घरसंरचनाको किसिम

आयोजनाबाट प्रभावित धेरै घरसंरचनाहरु काठ ढुङ्गाको जोडाइ र चित्राको छाना भएका छन्। त्यसैगरी ढुङ्गा माटाको जोडाइ र जस्ताको छाना, ढुङ्गा माटाको जोडाइ र काठको छानाढुङ्गा , माटाको जोडाइ चित्राले बारेको र चित्राको छाना भएका छन्। घरसंरचनाको किसिम अनुसार प्रभावित हुने घरसंरचनाको संख्या तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५-७९: आयोजनाबाट प्रभावित हुने निजी घरसंरचनाका किसिम

घर संरचना किसिम	बाँध क्षेत्र	विद्युतगृह क्षेत्र	कुल संरचना
काठ-ढुङ्गाको जोडाइ, चित्राले बारेको, चित्राको छाना	६	०	६
ढुङ्गा, माटाको जोडाइ, जस्ताको छाना	१	१	२
ढुङ्गा, माटाको जोडाइ, काठको छाना	१	०	१
ढुङ्गा, माटाको जोडाइ, चित्राले बारेको, चित्राको छाना	१	०	१
ढुङ्गा, माटाको जोडाइ, माटाको छाना	०	१	१
कुल	**९**	**२**	**११**

स्रोतः स्थलगत अध्ययन, २०७९

५.१०.५. आयोजनाबाट प्रभावित हुने निजी रुखबिरुवा

यस आयोजनाबाट कुल ३९८२, रुखबिरुवा प्रभावित हुने देखिन्छ। प्रभावित रुखबिरुवाहरु मध्ये काठदाउराका ३डालेघाँस ,८७४,का ९१ र बाँस १७ घना रहेका छन्। आयोजनाबाट प्रभावित हुने रुखको संख्या तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५-८०: आयोजनाबाट प्रभावित हुने निजी काठ दाउराका रुखबिरुवा

प्रभाव क्षेत्र	काठदाउरा	बाँस घना	डालेघाँस	कुल
बाँध क्षेत्र	१,७५९	०	०	१,७५९
विद्युतगृह क्षेत्र	२,११५	१७	९१	२,२२३
कुल	**३,८७४**	**१७**	**९१**	**३,९८२**

स्रोतः स्थलगत अध्ययन, २०७९

५.१०.६. आयोजनाबाट प्रभावित हुने खेतीपाती

यस आयोजनाबाट केहि मात्रामा खेतीयोग्य जमिन प्रभावित हुने देखिन्छ। खेतीयोग्य जमिन प्रभावित हुने जग्गाधनीलाई अग्रिम सूचना दिएर अन्नबाली काट्न सुचित गरिनेछ। आयोजनाको कारणले खेतीबालीमा क्षति हुन गएमा स्थानिय चलनचल्तीको मूल्याङ्कन अनुसार क्षतिपूर्ति दिइनेछ। आयोजना कार्यन्वयन गर्नु अघि प्रभावित हुने घरपरिवारलाई खेतीपातीको उचित मूल्याङ्कन गरि क्षतिपूर्तिको व्यवस्था गरिनेछ।

५.१०.७. भौतिक विस्थापन हुने घरपरिवार

आयोजना प्रभावित घरधुरी सर्वेक्षण गर्दा प्राप्त सूचनाका आधारमा आयोजनाबाट आवासिय घर प्रभावित हुने र आवास सर्नको लागि वैकल्पिक घर नभएका घरपरिवारलाई गम्भीर रुपले प्रभावित अर्थात् भौतिक विस्थापनको रुपमा लिइएको छ। विद्युतगृह क्षेत्रको पहुँच सडक निर्माण गर्दा आवासिय घर प्रभावित भई विस्थापन हुने घरपरिवारको संख्या एक रहेको छ।

५.१०.८. गम्भीर रुपले प्रभावित हुने घरपरिवार

आयोजना प्रभावित घरधुरी सर्वेक्षण गर्दा प्राप्त सूचनाका आधारमा आयोजनाबाट अधिक जग्गा प्रभावित भइ उत्पादनमा बाधा पर्ने घरपरिवारलाई गम्भीर रुपले प्रभावित घरपरिवारको रुपमा लिइएको छ। कुल जग्गा ०.२५ हेक्टर वा सो भन्दा कम भएका र कूल जग्गाको

१० प्रतिशत भन्दा बढी प्रभावित हुने र कुल जग्गा ०.२५ हेक्टर भन्दा बढी भएका र कुल जग्गाको २५ प्रतिशत भन्दा बढी प्रभावित हुने घरपरिवारलाई अति प्रभावित घरपरिवारको रुपमा लिइएको छ। यस आयोजनामा अधिक जग्गा प्रभावित भएर गम्भीर रुपले प्रभावित हुने घरपरिवारको संख्या १८ रहेको छ। अधिक जग्गा गुमाई गम्भीर रुपले आयोजना प्रभावित घरपरिवारको संख्या तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५-८१: गम्भीर रुपले आयोजना प्रभावित घरपरिवार

बाँध क्षेत्र	विद्युतगृह क्षेत्र	कुल संख्या
८	१०	१८

स्रोतः स्थलगत अध्ययन, २०७९

५.१०.९. जोखिमयुक्त आयोजना प्रभावित घरपरिवार

आयोजना प्रभावित घरपरिवारहरुमा केहि संख्यामा एकल महिला घरपरिवार, महिला प्रधान घरपरिवार ,ज्येष्ठ सदस्य घरपरिवार, भूमिहिन घरपरिवार दलित घरपरिवार ,आदि जोखिमयुक्त समूहहरूको उपस्थिति देखिन्छ। आयोजना प्रभावित घरपरिवारको सम्पत्ति नोक्सान लगत संकलन तथा प्रभावित घरपरिवार सर्वेक्षण अध्ययनको आधारमा जोखिमयुक्त वर्गका १८८ घरपरिवारको पहिचान भएको छ। आयोजना क्षेत्रमा रहेका सम्पूर्ण प्रभावित घरपरिवार आदिवासी जनजाति समूह अन्तर्गत पर्दछन्। आदिवासी समुदाय अन्तर्गत रहेका केहि घरपरिवार एकल महिला ,महिला प्रधान घरपरिवार ,असक्त सदस्य घरपरिवारज्येष्ठ , सदस्य घरपरिवार रहेका छन्। स्थलगत सर्वेक्षणमा अनुपस्थित घरपरिवारलाई यस अध्ययनमा समेटिएको छैन। आयोजना कार्यन्वयनको चरणमा थप जोखिमयुक्त घरपरिवार पहिचान भएमा सम्बोधन गरिनेछ। आयोजना प्रभावित जोखिमयुक्त घरपरिवारको संख्या तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५-८२: आयोजना प्रभावित जोखिमयुक्त घरपरिवार

जोखिमयुक्त अवस्था	बाँध क्षेत्र	विद्युतगृह क्षेत्र	कुल संख्या
आदिवासी जनजाति घरपरिवार	२८	१५१	१७९
जनजाति तथा महिला प्रधान घरपरिवार	०	२	२
जनजाति तथा एकल महिला घरपरिवार	१	३	४
जनजाति तथा ज्येष्ठ सदस्य घरपरिवार	०	२	२
जनजाति तथा अशक्त घरपरिवार	०	१	१
कुल	**२९**	**१५९**	**१८८**

स्रोतः स्थलगत अध्ययन, २०७९

५.१०.१०.आयोजनबाट प्रभावित हुने सार्वजनिक संरचना

प्रस्तावित आयोजनाबाट कुनै पनि सार्वजनिक संरचनाहरु प्रभावित हुने देखिदैन। यदि आयोजना कार्यान्वयन चरणमा कुनै सार्वजनिक संरचना प्रभावित हुने अवस्था आएमा सरोकारवालासँग समन्वय गरि पुनर्स्थापना गरिने छ।

५.११. आयोजनाप्रतिको जानकारी तथा धारणा

प्रस्तावित आयोजना प्रभावित क्षेत्रमा आयोजनाको बारेमा जानकारी तथा धारणा स्थानियहरुलाई सोधिएको थियो। कुल २०५ उत्तरदाताबाट प्राप्त तथ्याङ्क अनुसार ९३.२ प्रतिशत उत्तरदातालाई आयोजनाको बारेमा जानकारी रहेको पाइयो भने ६.८ प्रतिशत उत्तरदातालाई जानकारी नरहेको पाइयो। आयोजनाबाट प्रभावित क्षेत्रमा आयोजनाको बारेमा जानकारीको विवरण तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५-८३: प्रभावित क्षेत्रका घरपरिवारको आयोजनाको बारेमा जानकारी

जानकारी	घरधुरी संख्या	प्रतिशत
छ	१९१	९३.२
छैन	१४	६.८
कुल	**२०५**	**१००.०**

स्रोतः स्थलगत अध्ययन, २०७९

सर्भेक्षणका क्रममा आयोजान प्रभावित क्षेत्रका घरपरिवारको आयोजना प्रतिको धराणा संकलन गरिएको थियो जसमा २४.९ प्रतिशत उत्तरदाता आयोजनाप्रती पूर्ण सहमत, ६९.८ प्रतिशतको सहमती रहेको छ भने २ प्रतिशत असहमत रहेको पाइयो। असहमत हुनमा गाउँ भासिन सक्ने र पानीको मूल सुक्न सक्ने कारण रहेको पाइयो। आयोजना प्रभावित क्षेत्रका घरपरिवारको आयोजना प्रतिको धारणाको तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५-८४: आयोजना प्रभावित क्षेत्रका घरपरिवारको आयोजना प्रतिको सहमति

सहमतिको तह	घरधुरी संख्या	प्रतिशत
पूर्ण सहमत	५१	२४.९
सहमत	१४३	६९.८
असहमत	४	२.०
थाहा छैन	७	३.४
कुल	**२०५**	**१००.०**

स्रोतः स्थलगत अध्ययन, २०७९

५.१२. भौतिक सामुदायिक पूर्वाधार र अन्य

५.१२.१. यातायात पूर्वाधार

प्रस्तावित आयोजना स्थल जिल्लाको सुदुर उत्तरी क्षेत्रमा अवस्थित भोटखोला गाउँपालिकामा पर्छ, जहाँ हालसम्म सडक यातायातको सुविधा पुगेको छैन। कोशी राजमार्ग (जोगबनी-नुम-किमाथांका सडक) अन्तर्गत नुम-किमाथांका सडक खण्डको ट्रयाक निर्माणको क्रममा छ। संघीय राजधानी काठमाण्डौदेखि आयोजना प्रस्तावित जिल्ला संखुवासभाको सदरमुकाम खाँदबारीसम्म पक्की सडक छ भने खाँदबारीबाट मकालु गाउँपालिका र भोटखोला गाउँपालिकाको सीमामा अवस्थित गोला बस्तीसम्म कच्ची सिजनल (बार्है महिना नचल्ने) सडक छ जहाँबाट आयोजना स्थलसम्म पुग्न करिब २४ घण्टा पैदल यात्रा गर्नुपर्ने अवस्था

छ। यद्यपि नुम-किमाथांका सडकको ट्रयाक खोल्ने काम आयोजना स्थल नजिकै च्यामताङ्गसम्म भइरहेको छ। जिल्लामा हवाई यातायात सेवा पनि उपलब्ध छ। काठमाडौंबाट तुम्लिंग्टारसम्मको हवाई उडान र त्यसपछि १४ कि.मि. पक्कि सडकमार्फत खाँदबारी र तत्पश्चात ४६ कि.मि. कच्ची (ग्राभेल) सडकबाट नुम पुगिन्छ।

५.१२.२. संचार सुविधाः टेलिफोन, हुलाक, टेलिभिजन, इन्टरनेट सेवा

संखुवासभा जिल्लाको प्राय क्षेत्रमा नेपाल टेलिकमको CDMA फोन सेवा उपलब्ध छ र एनसेलको मोबाइल फोन सेवाले पनि जिल्लाको केहि क्षेत्रमा संचार संजाल बढाएको छ। साथै जिल्ला सदरमुकाममा नेपाल टेलिकमको तारसहितको टेलिफोन सुविधा उपलब्ध छ। आयोजना प्रस्तावित भोटखोला गाउँपालिकामा भने संचार सेवामा समस्या रहेको छ। नेपाल टेलिकमको CDMA को मात्र सेवा रहेको सो क्षेत्रमा धेरै ठाउँमा संचार सुविधा छैन। जिल्लामा अझैपनि आधुनिक हुलाक सुविधा नरहेपनि खांदबारी तथा चैनपुर बजारमा भने हुलाक तथा बचत बैक को सेवा उपलब्ध रहेको जिल्ला बस्तुगत विवरण, संखुवासभा २०७२ बाट देखिन्छ भने अन्य सेवा पुरानै ढाँचाको रहेको विवरणमा उल्लेख छ। जिल्लाका केहि ठाउँमा एफ.एम. रेडियो स्टेशन र केवल टेलिभिजन सेवा का साथै केबल नेटवर्क सहित इन्टरनेट सुविधा छ भने प्रस्तावित आयोजना क्षेत्रमा ४१६ जनासंग मात्र मोबाइल फोन भएको तथ्याङ्कबाट पनि सो क्षेत्रमा संचारका सेवासुविधामा पूर्ण सहजता रहेको देखिँदैन।

५.१२.३. बजार

संखुवासभा जिल्लाको मुख्य बजार केन्द्र सदरमुकाम खांदबारी हो भने चैनपुर तथा तुम्लिंगटार पनि बजार उन्मुख क्षेत्रहरु हुन्। त्यसै गरी खरांग, त्रिबेणी बजार (बाह्रबिसे), जलजला, शितलपाटी, मुढे शनिश्चरे तथा किमाथांका अन्य बजार केन्द्र हुन्। आयोजना प्रभावित क्षेत्रमा सडक पूर्वाधारको विस्तार नभएकोले बजार सुविधा पर्याप्त छैन। सामान्य सामान किनमेल गर्नका लागि मकालु गाउँपालिकाको नुम तथा सम्पूर्ण सामानका लागि जिल्ला सदरमुकाम खांदबारीमा नै पुग्नुपर्ने बाध्यता रहेको देखिन्छ भने चीनको सीमा नजिक रहेको किमाथांकाको सिजनल बजार हो जहाँबाट चिनिया सामानको व्यापार हुने गर्दछ।

५.१२.४. उद्योग कलकारखाना

औद्योगिक गणना २०६९ को तथ्याङ्कको आधारमा संखुवासभा जिल्लामा संचालित ६ वटा ठुला उद्योग प्रतिष्ठानमा कपडा उद्योग, कागज तथा कागजजन्य सामग्री उद्योग, पेय पदार्थ उद्योग तथा काठजन्य सामान (फर्निचर बाहेक) उद्योग पर्दछन्। प्रस्तावित आयोजना प्रभावित गाउँपालिकामा कुनै पनि उद्योग कलकारखाना रहेका छैनन्।

५.१२.५. फोहरमैला व्यवस्थापनको अवस्था

हालसम्म सडक पूर्वाधारको पहुँच नपुगेको भोटखोला गाउँपालिका जिल्लाको उत्तरमा चीनसंगको सीमावर्ति क्षेत्रमा अवस्थित छ जहाँ घरेलु फोहर (प्राय जैविक फोहर) बाहेक अन्य फोहर उत्पादन हुने किसिमको कुनै उद्योग, कलकारखाना, ठुला व्यवसायिक प्रतिष्ठान र

ठुला बजार केन्द्र छैनन्। त्यसैले अपेक्षित रुपमा कम उत्पादन हुने घरेलु फोहर बाहेक अन्य प्रकृतिका फोहर उल्लेखनीय मात्रामा व्यवस्थापन गर्नुपर्ने अवस्था नरहेकाले सो सम्बन्धी कुनै नीति गाउँपालिकाबाट लागु नगरिएको जानकारी आयोजना स्थल भ्रमणका क्रममा स्थानीय सरोकारवालाहरुसँगको छलफलको क्रममा प्राप्त भएको थियो।

५.१२.६. जल उपयोग

संखुवासभा जिल्लामा रहेका प्राकृतिक सम्पदाहरुमा नदीनाला प्रमुख रहेको देखिन्छ। हिउँले ढाकिएका हिमालय पर्वत भएकाले र मुलुकै ठुलो नदी कोशीको सबभन्दा ठुलो सहायक नदी अरुण नदी (प्रस्तावित आयोजनाको पानीको स्रोत) र वरुण नदी भएका कारण आयोजना क्षेत्रमा मझौला तथा ठुला जलविद्युत आयोजनाको प्रचुर सम्भावना रहेको छ। अरुण नदीबाट मात्रै ३००० मेगावाट भन्दा बढी जलविद्युत उत्पादन सम्भावना रहेको छ भने अन्य प्रमुख खोलाहरु (संखुवा, पिलुवा, सभा, माया, हेवा, अप्सुवा, पावा, सिसुवा खोलाहरु) मा पनि जलविद्युत उत्पादनका लागि प्रचुर सम्भावना छ। समग्रमा यो जिल्लामा पानीको उपयोग सबैभन्दा बढी जलविद्युत उत्पादन र त्यसपश्चात सिंचाईमा भएको पाइन्छ। केहि साना खोलाहरुका पानी खेतीपातीमा सिंचाई हुने गरेको छ भने केहि ताल तथा पोखरी पर्यटकीय दृष्टिकोणबाट रमणीय छन्।

१४.	पर्याप्त क्षमताको फोहोर कन्टेनरहरू सबै शिविरहरू र सबै सक्रिय निर्माण साइटहरू/ संचालन शिविरको महत्वपूर्ण स्थानहरूमा राखिनेछ। सङ्कलन गरिएको फोहोर माथि उल्लेख गरिए अनुसार अलग अलग पार्न र भण्डारणको लागि दैनिक सङ्कलन गरिनेछ।	पूर्व निर्माण चरण/ निर्माण/संचालन चरण	सबै शिविरहरू र सबै सक्रिय निर्माण साइटहरू/संचालन शिविर	निर्माण व्यवसायी, अपरेशन प्रबन्धक
१५.	निर्माण सामग्री थुपार्ने र भण्डारण केवल तोकिएको स्थानहरु र पानी प्रवाह मार्गबाट टाढा गरिनेछ। अन्य क्षेत्रमा निर्माण सामग्रीको भण्डारणमा रोक लगाइनेछ।	पूर्व निर्माण चरण/ निर्माण	सबै शिविरहरू र सबै सक्रिय निर्माण साइटहरू	निर्माण व्यवसायी
१६.	मक डिस्पोजल यस प्रतिवेदनमा उल्लिखत स्थानहरुमा (मूल प्रतिवेदनमा उल्लेखित स्थान) मात्र गरिनेछ।	निर्माण चरण	सबै शिविरहरू र सबै सक्रिय निर्माण साइटहरू	निर्माण व्यवसायी
१७.	अत्यधिक ध्वनि प्रदूषण सिर्जना हुन सक्ने निर्माण कार्यहरूको संचालन सकेसम्म दिनको समयमा मात्र गरिने।	पूर्व निर्माण चरण/ निर्माण	सबै शिविरहरू र सबै सक्रिय निर्माण साइटहरू	निर्माण व्यावसायि

क्र.सं.	कार्य/गतिविधिहरु	कार्यान्वयन हुने समय	कार्यान्वयन हुने स्थान	कार्यान्वयनको जिम्मेवारी
१८.	दिनको समयमा मात्र सतह ब्लास्टिंग अपरेशन गरिनेछ। ब्लास्टिंग अपरेशन अघि १० मिनेट पहिले र १० मिनेट पछि साईरन मार्फत पूर्व जानकारी दिइनेछ ।	निर्माण चरण	सुरुङ्ग क्षेत्र, हेडवर्क, र पावरहाउस	निर्माण व्यवसायी
१९.	गाडी चलाउने क्रममा मेकानिकल र उच्च आवाज कम गर्नका लागि नियमित मर्मत गरिनेछ।	पूर्व निर्माण चरण/ निर्माण	सबै गाडी र मेसिनरी	निर्माण व्यावसायि, /ईन्जिनियर / वातावरण तथा सामाजिक व्यवस्थापन इकाई
२०.	गाउँ नजिकै महत्वपूर्ण ठाँउहरुमा र सडक किनारका स्कूल क्षेत्रको नजिक हर्न बजाउने कार्यलाई निषेध गरिनेछ ।	पूर्व निर्माण चरण/ निर्माण	गाउँ र स्कूल क्षेत्र (विशेष पहुँच सडक क्षेत्र)	निर्माण व्यवसायी/ ईन्जिनियर/ वातावरण तथा सामाजिक व्यवस्थापन इकाई
२१.	भेन्टिलेटरहरूको कम्प्रेसर र डीजल जेनेरेटर सेटहरूमा आवाज कम गर्ने उपकरणहरू फिटिंग गरिनेछ ।	पूर्व निर्माण चरण/ निर्माण	भेन्टिलेटर कम्प्रेसर र डिजेल जेनरेटर सेट	निर्माण व्यवसायी

अनुसूची ७.२.५: स्थलीय पारिस्थितिकी व्यवस्थापन योजना (Terrestrial Ecology Management Plan)

क्र. सं.	कार्य/गतिविधिहरु	कार्यान्वयन हुने समय	कार्यान्वयन हुने स्थान	कार्यान्वयनको जिम्मेवारी
१.	संरक्षित क्षेत्रमा पूर्वाधार निर्माणको लागि जग्गा उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८० र वन नियमावली,२०७९ अनुसार • मकालु वरुण राष्ट्रिय निकुन्जको कार्यालय, डिभिजन वन कार्यालय, स्थानीय समुदाय र सामुदायिक वन उपभोक्ता समूह, मध्यवर्ति स.व. संग परामर्श क्षतिपूर्ति वृक्षारोपण को लागी आवश्यक क्षेत्र को पहिचान गर्ने • बिरुवा तयारी वा खरिद गर्ने • मापदण्ड अनुसार वृक्षारोपण क्षेत्र मा कम्तीमा न्यूनतम भन्दा कम नहुने गरी क्षतिपूर्ति वृक्षारोपण गर्ने • ५ बर्ष सम्म वृक्षारोपण क्षेत्रको हेरचाह गर्दै बिरुवा रोपेको/हुर्केको सुनिश्चित गर्ने वा सम्बन्धित कार्यालयमा आवश्यक रकम जम्मा गर्ने। • वृक्षारोपण क्षेत्र सम्बन्धित निकायहरुलाई पाँच वर्ष पश्चात हस्तान्तरण गर्ने	निर्माण र सञ्चालन चरण	आयोजना प्रभावित वन क्षेत्र/ मकालु वरुण राष्ट्रिय निकुन्जको कार्यालय र डिभिजन वन कार्यालयले तोकेको स्थान	किमाथांका अरुण जलविद्युत आयोजनाको व्यवस्थापन / वातावरण तथा सामाजिक व्यवस्थापन इकाई
२.	आयोजनामा रोजगारी को लागी स्थानीय लाई प्राथमिकता दिने।	पुर्व निर्माण, निर्माण	आयोजना क्षेत्र	किमाथांका अरुण जलविद्युत आयोजना व्यवस्थापन / निर्माण व्यवसायी/ सुपरिवेक्षण ईन्जिनियर/ अपरेशन प्रबन्धक

क्र. सं.	कार्य/गतिविधिहरु	कार्यान्वयन हुने समय	कार्यान्वयन हुने स्थान	कार्यान्वयनको जिम्मेवारी
३.	खाना पकाउने/तताउने कार्यको लागि बाहिरी कामदारहरु लाई एलपीजी (LPG) वा मट्टीतेलको प्रावधान गरिनेछ।	पुर्व निर्माण, निर्माण	श्रमिक शिविरहरु	निर्माण व्यवसायी
४.	बाहिरी कार्य बल/श्रमिकहरु लाई शिविरमा एउटा साझा खाना पकाउने सुविधा सहित आवास को लागी प्रावधान राखे।	पुर्व निर्माण, निर्माण	पावरहाउस टेलरेस देखि जलाशय क्षेत्र सम्म	
५.	आयोजनाका शिविरहरुमा स्थानीय गैह्र काष्ठ पैदावारहरू र माछाहरु खरिद बिक्रि कार्य निषेध गरिनेछ ।	पुर्व निर्माण, निर्माण र सञ्चालन	सबै आयोजना स्थानहरु	निर्माण व्यावशायी/ सुपरिवेक्षण ईन्जिनियर/ अपरेशन प्रबन्धक
६.	बाहिर बाट आएका कामदारहरु लाई स्थानीय वन क्षेत्रमा अनावश्यक घुमफिर मा निषेध गरिनेछ।	पुर्व निर्माण, निर्माण र सञ्चालन	आयोजना स्थल वरपरका क्षेत्रहरु	निर्माण व्यवसायी/ सुपरिवेक्षण ईन्जिनियर/ अपरेशन प्रबन्धक
७.	पट्टामा लिनु पर्ने वन जग्गा क्षेत्र लाई क्षतिपूर्ति दिनु पर्ने।	निर्माण र सञ्चालन	सबै अस्थायी रुपमा लिईने वन क्षेत्रहरु	किमाथांका अरुण जलविद्युत आयोजना व्यवस्थापन
८.	अधिग्रहण भएका वनक्षेत्रमा रहेका वनस्पतिको सफाई र हस्तान्तरण गर्नु भन्दा पहिले वनस्पति उत्पादनहरुको भण्डारण गर्ने।	निर्माण	सबै स्थायी रुपमा लिईने वन क्षेत्रहरु	वातावरण तथा सामाजिक व्यवस्थापन ईकाई/आयोजना व्यवस्थापन
९.	प्रभावित सामुदायिक वन र मध्यवर्ती वन उपभोक्ता समूहहरु लाई प्राविधिक र आर्थिक सहयोग उपलब्ध गराउने।	निर्माण	प्रभावित सामुदायिक वनहरू र मध्यवर्ती वन उपभोक्ता समुहहरु	वातावरण तथा सामाजिक व्यवस्थापन

क्र. सं.	कार्य/गतिविधिहरु	कार्यान्वयन हुने समय	कार्यान्वयन हुने स्थान	कार्यान्वयनको जिम्मेवारी
१०.	आयोजना क्षेत्रको मुख्य सडक, आयोजना घटक सडकहरु र अन्य सार्वजनिक महत्वपूर्ण स्थानहरुमा वन डढेलो नियन्त्रण गर्न अपनाउनु पर्ने रोकथाम कार्यहरुका बारेमा जानकारीमुलक होर्डिंग बोर्डहरु राखीनेछ।	निर्माण	आयोजना स्थल वरपरका क्षेत्रहरु	ईकाई/आयोजना व्यवस्थापन
११.	स्थानीय क्षेत्रमा वन डढेलो नियन्त्रण सम्बन्धि जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ	निर्माण	आयोजना स्थल वरपरका वनक्षेत्रहरु	
१२.	आयोजनाका कामदारहरुलाई नियमित रुपमा वन क्षेत्रहरुमा ननिभेका चुरोटका ठुटाहरू नफ्याँक्न र वन क्षेत्र लाई पिकनिक स्थलको रुपमा प्रयोग नगर्न सूचित गरिनेछ।	निर्माण	आयोजना स्थल वरपरका क्षेत्रहरु	वातावरण तथा सामाजिक व्यवस्थापन ईकाई/आयोजना व्यवस्थापन
१३.	आयोजना निर्माण सँग सम्बन्धित गतिविधिहरुको नियमपालन र प्रभाव अनुगमन गर्नु पर्ने	निर्माण र सञ्चालन	आयोजनाका मुख्य संरचना रहेका साईटहरु	वातावरण तथा सामाजिक व्यवस्थापन ईकाई/आयोजना व्यवस्थापन

अनुसूची ७.२.६: जलचर पारिस्थितिकी व्यवस्थापन योजना लगायत पारिस्थितिक बहाव आंकलन योजना (Aquatic Ecology Management Plan including Ecological Flow Assessment Plan)

क्र. सं.	कार्य/गतिविधिहरु	कार्यान्वयन हुने समय	कार्यान्वयन हुने स्थान	कार्यान्वयनको जिम्मेवारी
१.	आयोजनाका कर्मचारीबाट अरुण र अन्य सहायक नदीहरुमा माछा मार्न सक्ने गतिविधिलाई निरुत्साहित गर्ने	निर्माण र सञ्चालन चरण	अरुण र अन्य सहायक नदीहरु	वातावरण तथा सामाजिक व्यवस्थापन ईकाई /निर्माण व्यवशायी
२.	अरुण र अन्य सहायक नदीहरुमा माछा समात्न कीटनाशक, विद्युत गियर र विस्फोटक पदार्थको प्रयोग गर्न नदीने	पुर्व निर्माण, निर्माण चरण	जलाशय क्षेत्र देखि विधुत गृह, टेलरेस क्षेत्र सम्म	निर्माण व्यवशायी
३.	रैथाने प्रकृतिका तथा वसाई सराइ गरि आउने माछाका प्रजातिको संरक्षणका लागि Fish hatchery को व्यवस्थापना गरिने छ साथै माछाको प्रजननको समयमा (प्रजाति अनुरुप) catch and haul विधि बाट बाँधको तल्लो तटमा माछा समाति माथिल्लो तटमा लागि छाडिने छ	डिजाईन चरण, निर्माण चरण, सञ्चालन	हेडवर्कस	डिजाईन ईन्जिनियर/ सुपरिवेक्षण ईन्जिनियर /आयोजना व्यवस्थापक
४.	निर्माण व्यवसायीलाइ अरुण र अन्य सहायक नदीहरुमा muck/spoil हरु बगाउन पूर्ण निषेध गरिनेछ	निर्माण चरण	सबै आयोजना साईटहरु	निर्माण व्यवसायी
५.	नदीहरुको पानीको सतह भित्रबाट गिट्टी बालुवा निकाल्ने कार्यमा पूर्णतह: निषेध गर्ने।	निर्माण चरण	उत्खनन् साईटहरु	निर्माण व्यवसायी
६.	१०% न्यूनतम प्रवाहको प्रावधान कार्यान्वयनका लागी बाँध क्षेत्रमा एउटा संरचना निर्माणको डिजाइन चरणमा समावेश गरिने।	डिजाईन चरण	बाँध	डिजाईन ईन्जिनियर / सुपरिवेक्षण ईन्जिनियर

क्र. सं.	कार्य/गतिविधिहरु	कार्यान्वयन हुने समय	कार्यान्वयन हुने स्थान	कार्यान्वयनको जिम्मेवारी
७.	संरक्षित क्षेत्रमा पूर्वाधार निर्माणको लागि जग्गा उपलब्ध गराउने सम्वन्धि कार्यविधि, २०८० ले निर्दिष्ट गर्ने अनुसार नदी खोलामा उच्च सुख्खा मौसम अवधिभर न्यूनतम जल प्रवाहको १०% प्राकृतिक प्रवाह सुनिश्चित गर्न कम्तीमा न्यूनतम जल प्रवाह हुने महिना अप्रिलको जल प्रवाह (४८ घनमिटर प्रति सेकेण्ड) को १०% (४.८ घन मिटर प्रति सेकेन्ड) वातावरणीय प्रवाहका लागी छोड्ने।	सञ्चालन	बाँध	आयोजना व्यवस्थापक
८.	प्रत्येक वर्ष मई बाट नोभेम्बर सम्म एल्गल ब्लूम (algal bloom) को बृद्धि बाट बच्न जलाशय क्षेत्र बाट algal mat नियमितरुपमा हटाउने	सञ्चालन चरण	जलाशय	आयोजना व्यवस्थापक
९.	टर्वाइनबाट रसाएर आउन सक्ने रासायनिक तत्वहरुलाई पानीमा नमिसिने गरि डिजाइनको सुनिश्चितता गरिने तथा आयोजना स्थलमा प्रयोग हुने रासायनिक तत्वहरुको व्यवस्थित तवरले भण्डारण तथा प्रोग गरिने, सम्भावित चुवावटको जोखिमलाइ ध्यान दिईने	डिजाईन चरण, निर्माण चरण, सञ्चालन	वाँध स्थल, निर्माण सामाग्री भण्डारण स्थल, वर्कशप रहने स्थल, डिजेल/पेट्रोल भण्डारण स्थल, विद्युत गृह स्थल	डिजाईन ईन्जिनियर/वातावरण तथा सामाजिक व्यवस्थापन ईकाई/ सुपरिवेक्षण ईन्जिनियर

अनुसूची ७.२.७: क्षरण न्यूनीकरण र हिलो/ माटोको व्यवस्थापन योजना (Erosion Abatement and Muck/ Spoil Management Plan)

क्र. सं.	कार्य/गतिविधिहरु	कार्यान्वयन हुने समय	कार्यान्वयन हुने स्थान	कार्यान्वयनको जिम्मेवारी
१.	आवश्यकताका आधारमा मात्र वन क्षेत्रको वनस्पति हटाउने	पुर्व निर्माण र निर्माण चरण	आयोजनाले अधिग्रहण गर्ने क्षेत्रहरु	निर्माण व्यवशायी
२.	संरक्षित क्षेत्रमा पूर्वाधार निर्माणको लागि जग्गा उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८० र वन नियमावली,२०७९ अनुसार क्षतिपूर्ति वृक्षारोपण गर्ने।	निर्माण र सञ्चालन चरण	मकालु बरुण रा.नि. को कार्यालय र डिभिजन वन कार्यालय, स्थानीय वन उपभोक्ता समूहहरू र समुदाय द्वारा तोकिएको स्थानमा	आयोजना व्यवस्थापक / वातावरण तथा सामाजिक व्यवस्थापन ईकाई
३.	साइट clearance गर्दा उत्सर्जन हुने माटोलाइ muck disposal स्थानमा राखी पुनः प्रयोग गर्न मिल्ने अवस्थामा पुनः प्रयोग गरिनेछ अन्यथा तोकिएका स्थानमा (मुल प्रतिवेदनमा उल्लिखत स्थान) भण्डारण गरिनेछ	पुर्व निर्माण र निर्माण चरण	आयोजनाको सम्पूर्ण क्षेत्रहरु	निर्माण व्यवशायी
४.	मक डिस्पोजल तोकिएको साइटहरूमा (मुल प्रतिवेदनमा उल्लिखत स्थान) मात्र गरिनेछ। अन्य गैर-निर्दिष्ट क्षेत्रहरूमा मक डिस्पोजल गर्न निषेध गरिनेछ।	निर्माण चरण	आयोजनाको सम्पूर्ण क्षेत्रहरु	वातावरण तथा सामाजिक व्यवस्थापन ईकाई
५.	मक डिस्पोजल कार्य शुरु गर्नुभन्दा पहिले निर्माण व्यवसायीले मक डिस्पोजलको लागि एक योजना बनाउनु पर्नेछ र आयोजनाको वातावरणीय अधिकारी बाट स्वीकृति लिनुपर्नेछ।	निर्माण चरण	तोकिएको मक डिस्पोजल साइट/क्षेत्र हरु	सुपरिवेक्षण ईन्जिनियर / निर्माण व्यवसायी

क्र. सं.	कार्य/गतिविधिहरु	कार्यान्वयन हुने समय	कार्यान्वयन हुने स्थान	कार्यान्वयनको जिम्मेवारी
६.	जम्मा गरिएको मक ठीक/उचित तरिकाले कम्प्याक्टेड गरि र वायु प्रदूषणबाट र run-off erosion बाट बच्न सतही नाला/ड्रेनेज बनाई व्यवस्थित गरिनेछ।	निर्माण चरण	तोकिएको मक डिस्पोजल साइट/क्षेत्र हरु	सुपरिवेक्षण ईन्जिनियर /निर्माण व्यवसायी
७.	सबै निर्माण साइटहरू (हेडवर्क, र पावरहाउस) निर्माण कार्यको अवधिमा रन अफका लागि ढल/नाला/ड्रेनेज बनाई व्यवस्थित गरिनेछ र यसरि संकलन गरिएको पानी सुरक्षित रूपमा छोडिनेछ।	निर्माण चरण	आयोजनाको सम्पूर्ण क्षेत्रहरु	निर्माण व्यवसायी
८.	आयोजनाका सबै सुविधा साइटहरू (शिविरहरू, मेकानिकल यार्ड, भण्डारण सुविधा, मक डिस्पोजल साइटहरू आदि) मा रन अफ डिस्चार्ज संकलन गर्ने प्रयोजनको लागि अस्थायी ड्रेनेजको निर्माण गरिनेछ र यसरी जम्मा भएको run-off लाई प्राकृतिक जल निकायमा सुरक्षित रूपमा प्रवाह गरिनेछ।	निर्माण चरण	सबै आयोजना सुविधा साइटहरू	निर्माण व्यवसायी
९.	पहुँच सडकहरुमा माथिको (upslope) क्षेत्र बाट आउने पानी संकलन गर्न स्थायी साइड नालीको व्यवस्था गरिनेछ। सो छेउको नालीको संकलित पानी माथिल्लो र तलतिरको क्षरणबाट बच्न उपयुक्त तवरले प्राकृतिक जलमार्गमा छोडिनेछ।	निर्माण चरण	पहुँच सडकहरु	निर्माण व्यवसायी
१०.	उत्खनन गरिएको सतहलाई पानी क्षरण (water erosion) बाट सुरक्षित राख्न पर्याप्त ठाडो र तेर्सो नाली (vertical and horizontal drainages) को निर्माण गरिनेछ र सो	निर्माण चरण	बिग्रन व्यवस्थापन क्षेत्र	निर्माण व्यवसायी/ सुपरिवेक्षण ईन्जिनियर

क्र. सं.	कार्य/गतिविधिहरु	कार्यान्वयन हुने समय	कार्यान्वयन हुने स्थान	कार्यान्वयनको जिम्मेवारी
	उत्खनन क्षेत्रलाई सुरक्षित पारिनेछ साथै उत्खनन क्षेत्र बाट संकलित पानी सुरक्षित क्षेत्रमा छाडिनेछ।			
११.	सम्भावित भूस्खलन र माटो कटान लाई निम्न माध्यम बाट नियन्त्रण गरिनेछः • भूस्खलन क्षेत्रको सीमामा पेगिंग र flagging गरि छुट्टयाउने; • Angle of repose भन्दा कमको slope लाई कायम गर्ने; • उपयुक्त नाली को प्रावधान राख्ने; • भूस्खलन क्षेत्रमा बायो ईन्जीनियरिंगका् उपाय लागू गर्ने; • Gentle slope मा घाँस टर्फिंग र ठाडो स्लोप भएको मा कंक्रिटिंग गरि बेन्चिंग उचाइ ३ मिटर भन्दा बढी राख्ने र उचित जल निकासको व्यवस्था गर्ने	पुर्व निर्माण, निर्माण चरण	आयोजना क्षेत्र	निर्माण व्यवसायी

अनुसूची ७.२.८: गेग्रान व्यवस्थापन योजना (Sediment Management Plan)

क्र.सं.	कार्य/गतिविधिहरु	कार्यान्वयन हुने समय	कार्यान्वयन हुने स्थान	कार्यान्वयनको जिम्मेवारी
१.	प्रस्तावित बाँधक्षेत्र को ५८० मीटर माथि स्थित अपस्ट्रीम coffer बाँध द्वारा रोकिएको गेग्रान, घोंडाको टापको आकारको ९७४.९ मिटर लामो ११ मीटर चौडा diversion tunnel को मार्फत बाँध क्षेत्र मुनि निस्कासन गर्ने	निर्माण चरण/सञ्चालन चरण	अपस्ट्रीम coffer बाँध	आयोजना/निर्माण व्यवशायी
२.	बाँधक्षेत्र मा रहेका १९९५ मीटर (समुन्द्री सतह बाट) मा स्थित ३ वटा sluice spillway मार्फत वार्षिकरुपमा वर्षाको समयमा निरन्तर efficient flushing को कार्य गर्ने	सञ्चालन चरण	बाँध क्षेत्र र जलासय क्षेत्र	आयोजना/निर्माण व्यवशायी

अनुसूची ७.२.९: नदी जन्य, ढुंगा माटो जस्ता निर्माण सामाग्री उत्खनन व्यवस्थापना योजना

प्रस्तावित निर्माण सामग्री संकलन क्षेत्रबाट बालुवा, गिट्टी, ढुँगा, ग्राभेलको संकलन र उत्खनन गर्दा मुख्यतया निम्न तरिकाहरु अपनाइने छः

- यस प्रतिवेदनले तोकिएको स्थानबाट मात्र ढुँगा, बालुवा, गिट्टी र ग्राभेलको संकलन र उत्खनन गरिनेछ र उत्खनन गरिएको सामाग्री यस जलविद्युत आयोजना संग सम्बन्धित निर्माण गतिविधि बाहेक अन्य प्रयोजनमा ल्याइने छैन वा व्यवसायिक रुपले विक्री वितरण गरिने छैन। यदि कन्ट्रयाक्टरले कुनै पनि प्रकारको अवान्छनीय गतिविधि गरेको खण्डमा प्रचलित कानुन बमोजिम कारवाहीको लागि सम्बधित निकायमा सिफारिस गरिनेछ।
- नदी कटान हुन सक्ने स्थानमा ग्याबियन वालको निर्माण गरिनेछ।
- नदीमा पानी भैरहेको वा बगिरहेको क्षेत्रमा संकलन र उत्खनन गरिने छैन।
- नदीको धार (प्राकृतिक बहाव) परिवर्तन हुने गरी संकलन र उत्खनन गरिने छैन।
- नदीको पानीको सतहभन्दा गहिरो हुने गरी संकलन र उत्खनन गरिने छैन।
- प्रस्ताव गरिएका क्षेत्रहरुबाट वर्षाको समयमा उत्खनन गरिने छैन।
- संकलन वा उत्खनन स्थल देखि अन्तिम गन्तव्य सम्म नदी जन्य तथा ढुंगा, माटो जस्ता निर्माण सामाग्रीबाट धुलो उड्न नदीने गरि ढुवानी गरिएको सामग्रीलाई छोप्ने, गति चालिस किलोमिटर प्रति घण्टा भन्दा बढी नगर्ने, पिच सडकमा पानी चुहिन नदीने र प्रेसर हर्न प्रयोग गर्न निषेध गर्ने व्यवस्था मिलाइनेछ।
- मूल बाटोबाट संकलन तथा उत्खनन स्थलतर्फ सवारी साधन प्रवेश हुने मार्गमा धुलो उड्न नदीन नियमित पानी छर्कने प्रबन्ध गरिनेछ।
- नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यलयबाट वि.सं. २०७७ मा जारि गरिएको ढुंगा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन मापदण्डमा उल्लिखित यस आयोजना संग सम्बधित व्यवस्थाहरु पूर्ण रुपमा पालना गरिनेछ।

<u>ऊत्खनन क्षेत्र व्यवस्थापन</u>

- प्रस्तावित आयोजनाको लागि आवश्यक निर्माण सामग्री उत्खनन कार्य आयोजनाको निर्माण कार्य सम्पन्न भए पश्चात रोकिने छ र उत्खनन कार्यमा प्रयोग भएका मेसिनहरुलाई त्यस स्थानबाट हटाइने छ।
- यदी आयोजनाको संचालन चरणमा **<u>नदी जन्य, ढुंगा माटो जस्ता</u>** निर्माण सामग्रीको आवश्यक परेमा प्रचलित कानुन बमोजिमको अध्ययन गरि कानुन बमोजिम तोकिएको स्थानबाट मात्र उत्खनन गरिनेछ।
- उत्खनन सम्पन्न भैसकेको स्थानलाइ आयोजनाको वातावरण तथा सामाजिक इकाई ले site specific management plan बनाइ उत्खनन स्थल पुनर्स्थापना गर्ने छ।

उत्खनन स्थल पुनर्स्थापना गर्न उत्खनन स्थलमा मुलतः स्थानीय प्रजातिका विरुवाको वृक्षारोपण गर्ने, पहिरो तथा भू-क्षय आदि कार्य रोक्न बायो इन्जिनियरिंग प्रविधिको प्रयोग गरिने, उत्खनन स्थल घेरा बेरा गर्ने, उत्खनन गरिएको स्थानमा भिरालो बनेमा उक्त भिरालोपनलाई कम गर्न जमिनलाई सम्याउने कार्य गरिनेछ।

नदी जन्य सामाग्री उत्खनन विधि र प्रक्रिया

उत्खनन्, संकलन, निकासीको लागि समय चक्र निकै महत्वपूर्ण हुने भएकोले सम्पूर्ण उत्खनन र संकलनको कार्य विहान ६ बजेदेखि साँझ ७ बजे सम्म मात्र गरिने छ। रात्रीबेला उत्खनन कार्यहरु गरिने छैन र उत्खनन कार्यलाई वर्षात बेलामा पूर्णरुपमा बन्द गरिने छ। प्रचलित कानुन अनुसार श्रम गर्न उमेर नपुगेका र स-साना बच्चाहरुलाई उत्खनन/संकलन काममा लगाईने छैन भने उत्खनन स्थल भन्दा ५० मिटर पर खतरा लेखेको चिन्ह राखिने छ भने उत्खनन कार्यमा प्रयोग हुने एक्साभेटरमा चालक र सहचालक दुवैको व्यवस्था गरिनेछ र उत्खनन स्थल भन्दा ५० मिटर परको स्थानमा एक जना सुरक्षागार्डको पनि व्यवस्था गरिनेछ। उत्खनन स्थलमा आयोजना बाट अनुमति प्राप्त व्यक्ति बाहेक अन्यलाइ प्रवेश रोक लगाइनेछ । उत्खनन कार्य गर्दै गर्दा उत्खनन स्थलमा गल्छीहरु निर्माण भएमा तुरुन्त तार जाली लगाई रोकथाम गरिनेछ र भिर क्षेत्रमा जान सक्ने पहिरो आदि रोक्न नियमित अनुगमन गरिने तथा आवश्यकताका आधारमा चेक ड्याम बनाइनेछ। आयोजनाको उच्च माग हुने अवस्था बाहेक (आयोजनालाइ आवश्यक पर्ने निर्माण सामग्री सम्बन्धि विवरण मूल प्रतिवेदनमा प्रस्तुत गरिएको छ) अन्य समयमा दैनिक अधिकतम रुपमा २५० घनमिटर सम्म मात्र उत्खनन गरि निर्माण सामग्री भण्डारण स्थलमा उक्त स्थलको क्षमता अनुसार विसर्जन गरिनेछ र आवश्यकता अनुरुप प्रयोगमा ल्याइनेछ । तर निर्माण सामाग्रीको उच्च माग हुने समयमा भने आयोजनाको वातावरण तथा सामाजिक इकाई ले site specific management plan बनाइ उत्खनन गरिने परिमाण निश्चित गर्नेछ र निश्चित परिमाण भन्दा बढी उत्खनन गरिने छैन। सामान्य अवस्थामा उत्खनन् कार्यको लागि कामदार वा व्यक्तिबाट सामान्य औजारहरुको प्रयोगबाट गरिनेछ भने उच्च मागको समयमा भने मेशिनरी डोजर, ब्याक, ड्रिलर, एक्साभेटर जस्ता हेभी मेसिनहरु प्रयोग गरिनेछ ।

अनुसूची ७.२.१०: जनस्वास्थ्य र पेशागत सुरक्षा व्यवस्थापन योजना (Public Health and Occupational Safety Management Plan

क्र. सं.	कार्य/गतिविधिहरु	कार्यान्वयन हुने समय	कार्यान्वयन हुने स्थान	कार्यान्वयनको जिम्मेवारी
१.	कामदारहरुको जीवन विमा गरिने	पुर्व निर्माण चरण	सम्पूर्ण कामदारहरु	निर्माण व्यवसायी
२.	प्रदुषण न्यूनीकरण योजना कार्यान्वयन गरिने	निर्माण चरण	आयोजनाको सबै साईटहरु	निर्माण व्यवसायी
३.	पेशागत स्वास्थ्य र सुरक्षा योजना को तयारी र अनुमोदन/स्वीकृति को लागी किमाथांका अरुण (PROR) जलविद्युत आयोजनाको वातावरण व्यवस्थापन इकाई मा पेश गर्ने	पुर्व निर्माण चरण	आयोजना व्यवस्थापन कार्यालय	निर्माण व्यवसायी
४.	प्राथमिक उपचार सुविधा को प्रावधान राखिने	निर्माण चरण	सबै सक्रिय निर्माण साइटहरु र यार्डहरु	निर्माण व्यवसायी
५.	रोजगारी भन्दा पहिले कर्मचारीहरुको स्वास्थ्य परिक्षण/मेडिकल चेकअप गरिने	निर्माण चरण	प्रोजेक्ट साइट	निर्माण व्यवसायी
६.	हरेक ६ महिनामा निर्माण श्रमिकहरु को नियमित स्वास्थ्य परिक्षण/मेडिकल चेकअप गरिने	निर्माण चरण	प्रोजेक्ट साइट	निर्माण व्यवसायी
७.	सामाजिक सहयोग कार्यक्रमको प्रावधान अनुसार स्थानीय जनताका स्वास्थ्य सुविधाहरु (अन्तराल स्वास्थ्य शिविर संचालन, स्थानिय स्वास्थ्य चौकी सुदृढीकरण) लाई सहयोग गर्ने	निर्माण चरण	आयोजना क्षेत्र	आयोजना व्यवस्थापन
८.	शुद्ध पिउने पानी आपूर्तिको सुविधा प्रदान गरिने	निर्माण चरण	सबै आयोजना शिविरहरु	निर्माण व्यवशायी

क्र. सं.	कार्य/गतिविधिहरु	कार्यान्वयन हुने समय	कार्यान्वयन हुने स्थान	कार्यान्वयनको जिम्मेवारी
९.	निर्माणजन्य फोहोरको संग्रह र व्यवस्थापन प्रणालीको स्थापना गरिने	निर्माण चरण	सबै सक्रिय निर्माण साइटहरु	निर्माण व्यवशायी
१०.	सबै निर्माण स्थलहरु लाई तारवारले घेर्ने र अधिकृत व्यक्ति बाहेक अनाधिकृत व्यक्तिको प्रवेशमा प्रतिबन्ध लगाउने	निर्माण चरण	सबै सक्रिय निर्माण साइटहरु	निर्माण व्यवसायी
११.	सबै सक्रिय निर्माण कार्य क्षेत्रहरु/स्थलहरुमा खतरा जनाउने उपयुक्त संकेतहरु जोखिम को सम्भाव्य डिग्री को आधार मा स्थापित गर्नु पर्ने	निर्माण चरण	सबै सक्रिय निर्माण साइटहरु	निर्माण व्यवसायी
१२.	निर्माण क्षेत्रका कामदारहरुको आवश्यकता र जोखिम अनुसार उपयुक्त व्यक्तिगत सुरक्षात्मक उपकरणहरुको (सेफ्टी बुट, पन्जा, मास्क, इयर प्लग, हेलमेट, सुरक्षा चश्मा आदि) व्यवस्था गर्ने र तिनीहरुको उपयोगलाई प्रभावकारी रुपमा लागू गर्ने।	निर्माण चरण	सबै सक्रिय निर्माण साइटहरु	निर्माण व्यवसायी
१३.	आवश्यकता अनुसार निर्माण श्रमिकहरु र निर्माण कार्य सँग सम्बद्ध स्वास्थ्य र सुरक्षा मुद्दाहरु सँग सम्बन्धित नियमित प्रशिक्षण दिने	पुर्व निर्माण र निर्माण चरण	प्रोजेक्ट साइट	निर्माण व्यवसायी
१४.	आयोजना सञ्चालनमा संलग्न कर्मचारीको लागी पेशागत स्वास्थ्य र सुरक्षा सम्बन्धि नियमित प्रशिक्षण दिनु पर्ने	निर्माण र सञ्चालन चरण	आयोजना कार्यालय	आयोजना व्यवस्थापन कार्यालय

अनुसूची ७.२.११: आन्तरिक सुरक्षा योजना

अवान्छनिय गतिविधि अनुगमन गर्ने अभिप्रायले तथा आयोजना स्थलमा हुन सक्ने सम्भावित जोखिम तथा दुर्घटना वा अन्य कुनै पनि सुरक्षासंग सम्बन्धित विषयका लागि नियमित अनुगमन र निरीक्षण गरि राख्ने अभिप्रायले CCTV प्रणालीको जडान गरिनेछ। यस्तो प्रणाली मुलतः पावर प्लान्ट क्षेत्र, मुख्य प्रवेशद्वार, कन्ट्रोल कक्ष प्रवेशद्वार र कन्ट्रोल कक्ष भित्र, वाँध स्थल, हेडरेस सुरुंग स्थल, पार्किंग स्थल, ग्यारेज, हाइड्रोमेकानिकल वर्कशप स्थल, निर्माण सामाग्री भण्डारण स्थल, जेनेरेटर र टर्वाइन स्थल, स्वीचयार्ड क्षेत्र, intack block को upstream face, settling basin, dam radial gates आदिमा जडान गरिने छ ।

अनुसूची ७.३: फोहर मैला व्यवस्थापन योजना

१. भूमिका

आयोजनाको श्रमिकको शिविरहरू, आयोजना कार्यालय क्षेत्र, निर्माण सामाग्री भण्डारण स्थल, क्रसर र व्याचिङ्ग प्लान्ट सञ्चालनका ठाउँ, सुरुङ क्षेत्र, खानी क्षेत्रहरू, बाँध तथा विद्युत गृह निर्माण स्थल, मेसिनरी औजार राखिएको स्थल, क्यान्टिन क्षेत्र आदि फोहोर उत्सर्जन हुने सम्भावित क्षेत्रहरु हुन । त्यस्ता क्षेत्र बाट निसकने फोहोर हरुलाई निम्न अनुसार वर्गीकरण गर्न सकिन्छः

- तरल फोहोर (ढल निकासबाट निस्कने जैविक फोहर, श्रमिकको शिविर र निर्माण व्यवसायी शिविरको सेप्टिक ट्याङ्कीबाट निस्कने ढल निकास आदी);
- हानीकारक फोहर (रसायन, कुनै पनि खनिज तेल, लुब्रिकेन्ट, पेट्रोलियम पदार्थ, ब्याट्री, varnish, रङ्ग आदी);
- सड्ने प्रकारका ठोस फोहर (सफा गरिएको तरकारीका बाँकी भाग, बाँकी रहेका खाद्य बस्तुहरू);
- नसड्ने प्रकारका ठोस फोहर (रबर, धातु, सिसा, कागज, प्लास्टिक, कार्डवोड , टायर, उत्खनन गरिएको माटो, निर्माणजन्य फोहर जस्तै इँटा, बालुवा ,चट्टान र माथिल्लो माटो, काटिएको रुखको गीड / साइट क्लियरेन्स गर्दाका रूख , झाडी काटेर खसेको पातको थुप्रो, पेय पदार्थ कन्टेनर, स्क्र्याप र केवलिंग सामग्री, प्याकिङ सामग्री, प्लास्टिकका बोतलहरू, सिमेन्टको बोरा, तामाका तारहरु आदि)।

विभिन्न श्रोतबाट उत्सर्जन हुने फोहोरको व्यवस्थापनले आयोजना क्षेत्रको वातावरण स्वच्छ र सफा रहने भएकोले यो फोहोर व्यवस्थापना योजना तयार गरिएको हो। फोहर व्यवस्थापन योजनाका मूल उद्देश्यहरु निम्न अनुसारको रहनेछः

- आयोजना निर्माणको समयमा फोहर पहिचान गर्न, उत्सर्जित फोहर न्यूनीकरण तथा व्यवस्थापनका उपायहरू कार्यान्वयन गरिएको/नगरिएको सुनिश्चित गर्न;
- फोहर मैला व्यवस्थापन सम्बन्धी सबै सान्दर्भिक कानून र अन्य आवश्यकताहरूको पालना भए नभएको सुनिश्चित गर्न;
- निर्माण व्यवसायीहरू र कामदारहरुलाई फोहर मैला व्यवस्थापनको जागरुकता तथा जानकारी भए-नभएको सुनिश्चित गर्न।

फोहोरमैला व्यवस्थापन योजनाले प्रारम्भिक चरणमा नै स्रोतबाट फोहोरलाई न्यूनीकरण गर्न मद्दत गर्छ। फोहरमैला व्यवस्थापनमा 4R (घटाउने, पुन प्रयोग, रिसाइक्लिङ र पुन उत्पादन) को सिद्धान्त प्रचलनमा छन् तर पनि आयोजना चरणमा शक्तिको पुन उत्पादन असम्भव कुरा हो किनकि यसको लागि जटिल प्रकृतिको प्रविधि उपभोग गर्नुपर्ने हुन्छ। त्यसैले परियोजना कार्यन्वयनको बेलामा 4R भन्दा पनि 3R सिद्धान्त नै प्रचलनमा छ। फोहर मैला व्यवस्थापनका विभिन्न पक्षहरू पुनःप्रयोग/ रिसाइक्लिङ, Refuse to storage, सङ्कलन/ढुवानी र डिस्पोजल रहेका छन।

२. आयोजना निर्माणको ५ वर्ष अवधिमा निस्कासन हुने फोहरको परिणाम

यस आयोजना निर्माणका लागी करिब २,५०० जनाको जनशक्ति आवश्यक रहन्छ। यस अवधिमा २,५०० जना जनशक्तिको प्रति व्यतिका दरले ०.१८ किलोग्राम फोहर निस्कासन हुदा दैनिक जम्मा ४५० किलोग्राम फोहर उत्पादन हुनेछ।

तालिका ८: मानव जनशक्तिबाट निस्कासन हुने फोहरको परिणाम

क्र.स.	जनशक्ति (आयोजना निर्माण अवधिमा) दक्ष जनशक्ति/ अदक्ष/ अर्ध-दक्ष जनशक्ति	प्रति व्यति प्रति दिन निस्कासन हुने फोहर (के.जी.)	फोहरको प्रति दिन निस्कासन दर (के.जी.)	फोहरको कुल निस्कासन प्रति वर्ष (के.जी.)
१.	२५००	०.१८	४५०	१,६४,२५०
जम्मा				**१,६४,२५०**

नगर स्तरमा निस्कासन हुने फोहरको आधारमा:

कुहिने फोहर =६१%, प्लाष्टिक फोहर=१२%, कागज फोहर=११%, ग्लास फोहर=६%, धातुजन्य फोहर =२%, टेक्सटाईल फोहर=१%, रबर र लेदर फोहर=१%, अन्य फोहर =६%

स्रोत: Ministry of Federal Affairs and Local Development (2017). Solid waste management baseline study of 60 new municipalities. Kathmandu: Government of Nepal, Solid Waste Management Technical Support Centre (SWMTSC).

तालिका ९: मानव जनशक्तिबाट निस्कासन हुने फोहरको वर्गिकरण

क्र.स.	फोहरको कुल निस्कासन प्रति वर्ष (के.जी.)	कुहिने	प्लाष्टिक	कागज	ग्लास	धातुजन्य	टेक्सटाईल	रबर र लेदर	अन्य फोहर
१.	१,६४,२५०	६१%	१२%	११%	६%	२%	१%	१%	६%
जम्मा (के.जी.)	१,६४,२५०	१,००,१९२.५	१९,७१०	१८,०६७.५	९,८५५	३,२८५	१,६४२.५	१,६४२.५	९,८५५

निर्माणजन्य फोहर:

आयोजनाको निर्माणको बखत जैविक कुहिने ठोस फोहर का साथ-साथै आयोजना निर्माण कार्यमा खेर गएका ईटाका टुक्राहरू, ढुंगा र चिप्सका टुक्राहरू, सिमेन्टका बोराहरु, प्लाष्टिक जन्य फोहर, काठका टुक्राहरु, धातुका टुक्राहरू, कार्डबोर्डहरू, कंक्रिट फोहर, रवर, सिसाजन्य फोहर रासायनिक फोहरहरु निष्कासन हुनेछन् जसको परिमाण प्रयोग गरिएको निर्माण सामाग्रीको ५ प्रतिशतका दरले हुन जाने आकलन गरिएको छ। कुल ५९,६१,२४३ वटा सिमेन्टका बोराहरु निस्कने अनुमान गरिएको छ।

३. फोहर व्यवस्थापनको विधि:

पुनः प्रयोग / रिसाइक्लिङः उत्पादन हुने फोहरको मात्रा घटाउनको लागि, आयोजनाको कामबाट (सिभिल कार्यमा) उत्पन्न हुने मक (उत्खननका कारण) ब्याकफिलिंगको लागि पुनः प्रयोग गरिनेछ र प्याकेजहरू बाट प्राप्त प्याकिङ सामग्रीहरू पनि पुनः प्रयोग गरिनेछ। प्रस्तावकले आयोजना स्थलमा उत्पन्न हुने फोहोरलाई पुनः प्रयोग गर्ने तरिकाहरू खोजी गर्नेछ। आयोजनाले अधिकृत बिक्रेता पहिचान गरि प्रयोग गरिएका ब्याट्री, प्रयोग गरिएको तेल, र प्रयोग गरिएको तेल फिल्टरहरू रिसाइकल गर्न पठाउनेछ। फोहर सङ्कलनको लागि हरेक श्रमिक परिवार लाई छुट्टाछुट्टै रङ्गको Dustbin प्रदान गरिनेछ र कुहिने फोहरको लागि हरियो रङ्गको तथा नकुहिनेको लागि रातो रङ्गको Dustbin मा फोहर सङ्कलन हुनेछ। फोहर वर्गीकरणको बारेमा सचेतना कार्यक्रम श्रमिकको शिविरमा गरिनेछ।

सङ्कलन र ढुवानीः दैनिक रुपमा श्रमिकको शिविरका ढोका-ढोका बाट ट्रलीमा फोहर संकलन गर्ने। ठेला गाडा दुई खण्ड भएको प्रयोग गरिने छ एउटा मा कुहिने फोहर राखिने छ भने अर्कोमा नकुहिने फोहर राखिनेछ। हरेक कामदार लाई संकलन लागि निश्चित ठाउँ र समय प्रदान गरिनेछ।

डिस्पोजलः ठोस फोहरबाट कुहिने भागलाई कम्पोष्टिङ विधिबाट कम्पोस्ट मल बनाई डिस्पोजल गरिन्छ र अन्य तल प्रस्तुत फोहर व्यवस्थापनको विशिष्ट दृष्टिकोण अनुरुप व्यवस्थापन गरिन्छ। कम्पोष्टिङ प्रक्रियामा करिव ६० दिनको समयमा पुरै कम्पोस्ट मलमा परिवर्तन हुनेछ । यस कम्पोस्ट मललाई सुकाई सुखा प्लास्टिक ब्याग मा pack गरिन्छ र यो पछि खेतीमा राम्रो मलको रुपमा प्रयोग हुन्छ।

४. फोहर व्यवस्थापनको कार्य योजना:

फोहरमैला व्यवस्थापनको जिम्मेवारी प्रस्तावक तथा प्रस्तावकले काम जिम्मा दिएको निर्माण व्यवसायीको हुनेछ। हाल आयोजना क्षेत्र रहेका स्थानीय तहहरुमा Municipal Solid Waste Management System नरहेको र आयोजनाबाट निस्कने फोहोरहरुको ब्यबस्थापन कार्य स्थानीयतह हरुसँगको समन्वय र सहयोगमा गरिनेछ। आयोजनाको वातावरण तथा सामाजिक व्यवस्थापन इकाईले यस सम्बन्धि विस्तृत कार्ययोजना बनाई लागु गर्ने छ। विस्तृत रुपमा फोहर मैला व्यवस्थापन कार्ययोजना तल तालिकामा प्रस्तुत गरेको विधि अनुरूप गरिनेछ।

तालिका १०: फोहर व्यवस्थापनको कार्ययोजना

क्र. स.	फोहरको प्रकार	फोहर उत्पादनको स्रोत	व्यवस्थापन क्रियाकलापहरु	व्यवस्थापन विधि	व्यवस्थापनको तरिका	व्यवस्थापनको स्थान
१	जैविक कुहिने ठोस फोहर	आयोजनाको शिविर क्षेत्रहरु (श्रमिकको शिविर र निर्माण व्यवसायीको शिविर, कार्यालय क्षेत्र)	पहिले कुहिने र नकुहिने फोहरको लागि दुई रंगको छुटा छुटै Dustbin प्रयोग गर्ने।	कुहिने फोहरलाई कम्पोष्टिङ विधिबाट कम्पोस्ट मल बनाइनेछ र उत्पादित मललाई स्थानीय समुदायलाई खेतीमा प्रयोग गर्न दिइनेछ ।	विसर्जन	आयोजना क्षेत्र
२	आयोजना निर्माण कार्यमा खेर गएका ईटाका टुक्राहरू, ढुंगा र चिप्सका टुक्राहरू आदि	आयोजना निर्माण क्षेत्रमा निर्माण सामग्रीको प्रयोग बाट	निर्माणको क्रममा खेर जाने ईटाका टुक्राहरू, ढुंगा र चिप्सका टुक्राहरू आदि श्रमिक हरु लाई संकलन गर्न लगाउने ।	निर्माणको क्रममा खेर जाने फोहरलाई ब्याकफिलिंगको लागि पुनः प्रयोग गरिने।	पुन: प्रयोग	आयोजना क्षेत्र
३	सिमेन्टका बोराहरु	निर्माण क्षेत्रमा सिमेन्ट प्रयोगबाट	निर्माणको क्रममा प्रयोग भएका सिमेन्टका बोराहरु संकलन गर्ने	स्थानीय प्लास्टिक रिसाइकल संस्थालाई सिमेन्टका बोराहरु दिने	पुन प्रयोग र विसर्जन	स्थानीय प्लास्टिक रिसाइकल संस्थालाई र स्थानीयतह हरुसँगको समन्वय र सहयोगमा
४	प्लाष्टिक जन्य फोहर	प्लाष्टिक जन्य फोहरलाई छुटै dustbin मा संकलन गर्ने	नकुहिने ठोस फोहरलाई पुन प्रयोगमा ल्याइनेछ ।	स्थानीय प्लास्टिक रिसाइकल संस्थालाई दिने	पुन: प्रयोग र विसर्जन	स्थानीय प्लास्टिक रिसाइकल संस्थालाई र स्थानीयतह हरुसँगको समन्वय र सहयोगमा

क्र. स.	फोहरको प्रकार	फोहर उत्पादनको स्रोत	व्यवस्थापन क्रियाकलापहरु	व्यवस्थापन विधि	व्यवस्थापनको तरिका	व्यवस्थापनको स्थान
५	काठ टुक्राहरु	काठ टुक्राहरु	काठका टुक्राहरु पुन प्रयोगमा ल्याइनेछ	काठ टुक्राहरु फर्निचर कम्पनी लाई बेच्ने तथा श्रमिकको शिविरमा ईन्धनको रुपमा प्रयोग गर्ने	पुन: प्रयोग र रिसाइकल	स्थानीय बिक्रेताहरू, फर्निचर कम्पनी, र श्रमिकको शिविर
६	धातुका टुक्राहरू	स्रोतहरूमा धातुका टुक्राहरू, बाइन्डिङ तारहरू, फलामका कीलाहरू, र अन्य।	धातुका टुक्राहरु पुन प्रयोग ल्याउने तथा रिसाइक्लिङ संस्थालाई दिने	प्रयोग गरेर बाकी धातुका टुक्राहरु लाई बेच्ने	पुन: प्रयोग र विसर्जन	रिसाइक्लिङ संस्था
७	कार्डबोर्डहरू	निर्माण सामाग्री को प्याकिङबाट	निर्माणको क्रममा प्रयोग भएका कार्डबोर्डहरू संकलन गर्ने	कार्डबोर्डहरू सङ्कलन र बिक्रीको लागि स्थानीय फोहोर सङ्कलन कम्पनीलाई नियुक्ति गर्ने। यसले डिस्पोजल लागत मात्र बचत गर्दैन बरु थप रकमको समेत सिर्जना गर्नेछ।	पुन: प्रयोग	फोहरमैला संकलन संस्था
८	कंक्रिट फोहर	निर्माण सामाग्रीबाट उत्पन्न हुने	निर्माण कार्य सञ्चालनको अवस्थामा कंक्रिट mixing कार्य निरन्तर रूपले हुन्छ तर कुनै करण बस मिश्रण गरिएको कंक्रिट १-२ घण्टा ढिला हुँदा यो पुरै मिश्रण फोहरमा परिवर्तित हुन्छ र यसको व्यवस्थापन छुट्टै ठाउँमा लगेर गरिन्छ ।	निर्माण कार्यमा प्रयोग नभएको कंक्रिट र सिमेन्ट Slurry तोकिएको muck disposal क्षेत्रमा व्यवस्थापन गरिनेछ ।	पुन प्रयोग र विसर्जन	आयोजना क्षेत्र वरपर

क्र. स.	फोहरको प्रकार	फोहर उत्पादनको स्रोत	व्यवस्थापन क्रियाकलापहरु	व्यवस्थापन विधि	व्यवस्थापनको तरिका	व्यवस्थापनको स्थान
९	रवर	रबर फोहरका स्रोतहरू रबरका टायर, प्रयोग गरिएका पन्जा र रबर प्रयोग गरेर खेर गएका रबरका सामग्रीहरू आदि।	रबर प्रयोग गरेर खेर गएका रवरहरु संकलन गर्ने	रबर प्रयोग गरेर खेर गएका रबरका सामग्रीहरू, रबर रिसाइकल गर्नेहरूलाई बेच्न वा नगरपालिकाको समन्वयमा डम्पिङ साइटमा डिस्पोजल गर्न सकिन्छ।	पुन प्रयोग र विसर्जन	स्थानीय प्लास्टिक रिसाइकल संस्थालाई र स्थानीयतह हरुसँगको समन्वय र सहयोगमा
१०	हानिकार फोहर	अस्पताल जन्य फोहर, इलेक्ट्रोनिक र विद्युतीय फोहर (ई-वेस्ट), विषाक्त फोहर, तथा अन्य रासायनिक फोहर	हानिकारक फोहर खतरनाक label लगइ छुटै रातो कन्टेनरमा सङ्कलन तथा भण्डारण गर्ने	नगरपालिकाको समन्वयमा डम्पिङ साइटमा सुरक्षित डिस्पोजल गर्ने।	विसर्जन वा बाल्ने	नगरपालिका डम्पिङ साइट वा सुरक्षित तरिकाले बाल्ने
११	सिसाजन्य फोहर	विभिन्न निर्माण संरचनाका झ्याल, ढोका तथा अन्य ठाउँमा प्रयोग हुने सिसाहरू	फुटेका तथा खेर जाने सिसाका टुक्राहरू सङ्कलन गर्ने	छुटै कन्टेनरमा सङ्कलन तथा भण्डारण गर्ने अनि स्थानीय बिक्रेताहरू मार्फत रिसाइकल गर्ने ठाउ सम्म पुर्याउने व्यवस्था मिलाउने	रिसाइकल	सिसा रिसाइकल केन्द्र
१२	रासायनिक फोहर व्यवस्थापन	तेल, ग्रिज र लुब्रिकेन्ट, varnish, रङ्ग, पेट्रोलियम पदार्थहरूका कन्टेनर आदिका वटाहरु जुन ठोस फोहर हुन।	तेल, ग्रिज र लुब्रिकेन्ट, varnish, रङ्ग, पेट्रोलियम पदार्थहरूका कन्टेनर आदि संकलन गर्ने	रासायनिक फोहरहरु रिसाइकल गर्ने ठाउ सम्म पुर्याउने व्यवस्था मिलाउने र यसको भण्डारण र ढुवानी सुरक्षित तवरले गरिने छ यिनीहरुको प्रयोगबाट निस्कने तरल पदार्थ पानीमा मिसिनवाट रोक्नु पर्छ ।	पुन प्रयोग, रिसाइकल र विसर्जन	आयोजना क्षेत्र

५. आयोजनाको फोहरमैला व्यवस्थापन लागत

आयोजना निर्माणको अवधिमा आयोजना निर्माणबाट निस्कासन हुने निर्माणजन्य फोहर र मानव जनशक्तिबाट निस्कासन हुने फोहरको व्यवस्थापनको लागि ने.रु. १,५०,००,००० अनुमान गरिएको छ।

६. अनुगमन र रिपोर्टिङ संयन्त्र

आयोजना क्षेत्रमा फोहर मैला व्यवस्थापनको तथ्याङ्क/सूचना सङ्कलन गर्न अनुगमन गरिनेछ। अनुमोदित वातावरणीय व्यवस्थापन योजना (EMP) र अन्य नियामक मापदण्डहरूमा प्रस्तावित फोहर मैला व्यवस्थापन योजना र अन्य योजनाहरूको कार्यान्वयनको मूल्याङ्कन गर्न अनुपालन मूल्याङ्कन गरिनेछ। आयोजनाको वातावरणीय व्यवस्थापन एकाइ (EMU) ले अनुगमन गर्ने छ। EMU ले अनुगमन कार्यको क्रममा आवश्यकता अनुसार सम्बन्धित सरोकारवालाहरूसँग समन्वय गरी आफ्ना गतिविधिहरू गर्नेछ।

अनुसूची ७.४: बाँध विस्फोटन विश्लेषण र आपतकालिन तयारी र व्यवस्थापन योजना

१.पृष्ठभूमीः

जलविद्युत आयोजनामा प्रमुख चुनौती भनेकै बाँधको सुरक्षा हो । विश्वमा बाँध विष्फोटन सम्बन्धि घटना धेरै नै घटेका छन् जसबाट ठुलो जनधनको क्षति समेत भएको छ । हाम्रो मुलुकमा मुलतः भूकम्प, जलवायू परिवर्तन, अतिवृष्टि, हिमताल विष्फोट, बाँधको उपल्लो क्षेत्रमा आउने पहिरोको कारण नदि थुनीएर एक्कासी नदि खोलिदा आउने बाढी, आदिलाई बाँध विष्फोटनका प्रमुख कारणको रुपमा हेर्न सकिन्छ। विश्व बाँधको जोखिम सम्बन्धि तथ्यांक अनुसार structure failure भै हुने Dam Breach जलविद्युत आयोजनामा अर्को जोखिमको रुपमा हेर्न सकिन्छ। समग्रमा जुनसुकै कारणले भए पनि बाँधमा पर्ने जोखिमले निम्त्याउने प्रभाव भयावह हुने भएकाले कुनै पनि जलविद्युत आयोजनाको लागि आवश्यक पर्ने बाँध एकदम मजबुत तरिकाले नै निर्माण हुने गरि डिजाइन गरिएको हुन्छ। त्यसैले यस्ता बाँध विस्फोटन एकदममै दुर्लभ मात्र हुन्छन, तर पनि फुट्यो भने यसले धनजन तथा सम्पत्तिमा पर्ने असर भयावह हुन्छ। जलाशय क्षेत्रबाट एक्कासी धेरै मात्रामा पानी निकाश हुँदा बाँध फुट्ने हुन्छ। यसलाई दुई तरिकाबाट प्रस्तुत गरिन्छ एउटा आकस्मिक असरको आधारमा भने अर्को विनाशकारी असरको आधारमा। बाँध फुट्ने प्रक्रियामा, एक्कासी जलाशयमा जम्मा भएर बसेको पानीको शक्ति बाँध फुटे सँगै बाहिर निस्कने जसले गर्दा तल्लो तटीय क्षेत्रमा ठुलो बाढी उत्पन्न हुन पुग्छ। बाँध विस्फोटन परिणाम विश्लेषणबाट धनजन तथा सम्पत्ति विनाशको पूर्व-अनुमान तथा यसको असरलाई कसरी कम गर्न सकिन्छ भन्ने थाहा हुन्छ।

यस आयोजनाको लागि foundation देखि १४० मिटर अग्लो रहने गरि Roller Compacted Concrete (RCC) gravity प्रकार बाँध रहने गरि आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन तयार गरिएको छ। उक्त बाँध निर्माण पश्चात बाँधको उपल्लो तटमा ०.३५ वर्ग किलोमिटरको जलाशय निर्माण हुनेछ र उक्त जलाशयमा १०.३ लाख घनमिटर पानी संचित भएर वस्नेछ।

१.१. बाँध विस्फोटन विश्लेषण विधि र प्रारम्भिक तथ्यांक


यस आयोजनाको बाँध विस्फोटन अध्ययन/विश्लेषण सम्बन्धि विवरण यस आयोजनाको Feasibility Study Report बाट सङ्कलन गरिएको छ। यस आयोजनाको बाँध failure को विश्लेषण 1-D HEC-RAS model बमोजिम गरिएको छ। प्रस्तावित आयोजनामा निम्न कारणले बाँध विष्फोटन हुन सक्ने आंकलन गरिएको छः

- प्राकृतिक घटनाहरू जस्तै —अधिक बाढी, भूकम्प, जलाशयमा आउने पहिरो, बाँध स्थलमा हुने erosion, माथिल्लो तटमा हुने हिमताल विष्फोट, जलवायू परिवर्तन जन्य जोखिम, भू-वातावरणीय समस्या आदि
- प्राविधिक समस्या —इन्जिनियरिङ् डिजाइनको त्रुटी र निर्माण प्रक्रियामा आउने समस्या, अध्ययनका लागि उपलब्ध श्रोत र साधन

- मानवीय लापरबाहीबाट — इन्जिनियरिङ् अध्ययनमा गरिने लापारबाही, अनुगमनमा लापरबाही, मर्मतसम्भार कार्यमा लापरबाही, क्षतिको जाँच प्रकियाको त्रुटी, माथिल्लो तटमा वा वाँधस्थल वर्परको भू-उपयोगमा आउने परिवर्तन आदि


वाँध विस्फोटन पश्चात आउन सक्ने वाढीको विषयलाई, PMF का कारण वाँधका सम्पूर्ण संरचना एक्कासी collapse हुने परिदृश्य र National Weather Service (NWS), USA ले परिभाषित गरे अनुरुप Breach Geometry को परिदृश्य गरि दुई फरक परिदृश्यका आधारमा अध्ययन/विश्लेषण गरिएको छ। National Weather Services (NWS), FERC, र USACE द्वारा सिफारिश गरेका निर्देशिका अनुरुप यस्ता परिदृश्यहरुको जोखीम विस्लेषण गरिएको छ।

<u>पहिलो परिदृश्यः PMF का कारण वाँधका सम्पूर्ण संरचना एक्कासी collapse हुने अवस्थाः</u> यस परिदृष्यलाइ ओभरटपिंग, abutment failure वा वाँधको जगनै भत्किएर वाँध पूर्ण रुपमा क्षति हुने अवस्थाको परिकल्पना गरि HECRAS model software प्रयोग गरि विश्लेषण गरिएको छ। यद्दपी यस परिदृष्यको परिकल्पना गर्दा वाँध स्थलको दाया र वायाँ side लाइ dam body को slope संग समानान्तर रहने गरि गरिएको छ । यसरि गरिएको विश्लेषणबाट प्राप्त नतिजा अनुरुप ३१,७९७.८७ घन मिटर प्रतिसेकेन्ड सम्मको अधिकतम peaking वहाव हुने देखिन्छ । यस्तै उक्त नतिजा अनुरुप उक्त अधिकतम peaking वहाव पुग्न १० मिनेटको समय लाग्ने देखिन्छ ।




परिदृष्य १ अनुरुपको Breach Flow Hydrograph

तलको चित्र अनुरुप वाँध भन्दा तल्लो तटमा peak प्रवाह घट्दो क्रममा रहने देखिन्छ। 31,797.87 घन मिटर प्रतिसेकेन्ड सम्मको अधिकतम peaking रहेको पानीको वहाव अपर अरुणको वाँध स्थल सम्म पुग्दा लगभग 9,000m^3/s, गोला बजार सम्म पुग्दा थप 7,000m^3/s र अरुण तेश्रोको वाँध स्थल सम्म पुग्दा थप 2,000m^3/s का दरले पानीको बहाब घटी सकेको हुने देखिन्छ र तुम्लिंगटार पुग्दा पानीको वहाव 9,000m^3/s सम्म रहने देखिन्छ।




परिदृष्य १ अनुरुपको Hazard Location Hydrograph




परिदृष्य १ अनुरुपको पहिचान गरिएको जोखिमयूक्त स्थानहरु देखाउने graaph

दोश्रो परिदृश्यः Breach Geometry को परिदृश्य : एक निश्चित समयमा ओभरटपिंग भई वाँध failure हुने अवस्था मानी crest को लम्बाइको आदि भाग भन्दा पनि सानो अंशमा वाँधको कुनै एक भाग भत्किएको अवस्थालाइ परिकल्पना गर्दै वाँध विस्फोटन सम्बन्धि विश्लेषण गरिएको छ। breach को आकार र breach को समय NWS को निर्दशिका अनुरुप रहने गरि अनुमान गरिएको छ। breach को चौडाई र breach देखा पर्ने समय क्रमशः ५० मिटरको र ०.२५ घण्टा रहने भनि अनुमान गरि विश्लेषण गरिएको छ। यसरि गरिएको विश्लेषणको आधारमा तयार भएको Breach Flow Hydrograph अनुसार पानीको अधिकतम वहाव २०,३३६ घन मिटर प्रति सेकेण्ड सम्म रहने र अधिकतम पानीको बहाब सम्म पुग्न लाग्ने समय १० मिनेट सम्मको हुनेछ ।




परिदृष्य २ अनुरुपको Breach Flow Hydrograph

तलको चित्र अनुरुप वाँध भन्दा तल्लो तटमा peak प्रवाह घट्दो क्रममा रहने देखिन्छ। 31,797.87 घन मिटर प्रतिसेकेन्ड सम्मको अधिकतम peaking रहेको पानीको वहाव अपर अरुणको वाँध स्थल सम्म पुग्दा लगभग ४,०००m^3/s, गोला बजार सम्म पुग्दा थप ३,०००m^3/s र अरुण तेश्रोको वाँध स्थल सम्म पुग्दा थप १८००m^3/s का दरले पानीको बहाब घटी सकेको हुने देखिन्छ र तुम्लिंगटार पुग्दा पानीको वहाव 9,000m^3/s सम्म रहने देखिन्छ।



परिदृष्य २ अनुरुपको Hazard Location Hydrograph



परिदृष्य १ अनुरुपको पहिचान गरिएको जोखिमयूक्त स्थानहरु देखाउने graaph

माथि उल्लेहित परिदृष्यका आधारमा सम्भावित आउन सक्ने बाढी र डुबान सम्बन्धि नक्शाहरु RAS mapper र GIS mapping tool प्रयोग गरि तयार गरिएको छ ।

तालिकाः विभिन्न परिदृष्यका आधारमा तयार गरिएको जोखिम विश्लेषण तालिका

जोखिमपूर्ण स्थल	बाँध देखिको दूरी (कि.मी)	हालको पानी स्तरको उचाई (समुद्री सतह बाट मी.)	परिदृश्य १		परिदृश्य २	
			पानी स्तरको उचाई (समुद्री सतह बाट मी.)	उच्च स्तर पुग्न लाग्ने समय (मिनेट)	पानी स्तरको उचाई (समुद्री सतह बाट मी.)	उच्च स्तर पुग्न लाग्ने समय (मिनेट)
Upper अरुण बाँध	१२	१५५७.९९	१५८९.५५	१५.९७	१५८५.३५	१७.८८
गोला बजार	२८.७	१०५८.८३	१०७३.२४	४६.८२	१०७२.०२	५१.०२
अरुण ३ बाँध	४४.१	७९५.७७	८१६.६६	८४.०९	८१५.३२	८९.९१
तुमलिङटार	९०.५	२९१.९६	३०२.९४	२४२.८७	३०२.६८	२५२.२८

तालिकाः विभिन्न परिदृष्यका आधारमा तयार गरिएको जोखिम विश्लेषण तालिका

जोखिमपूर्ण स्थल	परिदृश्य-१	परिदृश्य-२
	अधिकतम बहाव (घन मी. प्रति से.)	
Breach को d/s	३१,७९७.८७	२०,३३६
Upper अरुण बाँध क्षेत्र	≅ २२,७९७.८७	≅ १६,३३६
गोला बजार	≅ १५,७९७.८७	≅ १३,३३६
अरुण ३ बाँध क्षेत्र	≅ १३,७९७.८७	≅ ११,५३६
तुमलिङटार	≅ ९,०००	≅ ८,९००

२. बाँध विस्फोटनबाट पर्ने प्रत्यक्ष प्रभावहरु

२.१ जनसंख्यामा पर्ने असर

बाढी प्रभावित क्षेत्रका बस्तीमा बहावको विशेषता र बाढीको समयावधि अनुसार क्षति पुग्ने अनुमान गरिएको छ । सामान्यतया आपतकालीन अलार्म पछि मानिसहरुलाई सुरक्षित क्षेत्रहरूमा पुग्नको लागि १५ मिनेटको लागि न्यूनतम समय राखिएको छ। त्यसैले बाँध भत्किएको १५ मिनेटपछि पनि सुरक्षित नभएका बस्तीका मानिसहरु लाई पुनःस्थापना गर्नुपर्ने हुन्छ किनभने उनीहरूलाई १५ मिनेटको यो अवधि पछि भाग्न पर्याप्त समय हुँदैन। १५ मिनेटभित्र बाँधको अक्षबाट १० किलोमिटर तलसम्म पानी बग्नेछ। सम्भावित पानीको गहिराइ र बाँध अक्षको १० किलोमिटर भन्दा तलको बस्ति र शहर क्षेत्रहरुको विस्तृत रूपमा मूल्यांकन गर्नु पर्दछ। बाँध ब्रेक विश्लेषण बाँध अक्षबाट ९०.५ किलोमिटर डाउनस्ट्रीमसम्मको आँकलन गरिएको थियो। यसैले सम्भावित प्रभावहरू यस क्षेत्र भित्र मात्र मूल्यांकन गरिएको छ।

२.२ पूर्वाधारमा क्षति

बाँध फुटेको स्थिति प्रत्यक्ष प्रभाव पर्न सक्ने विषयहरु निम्न अनुसारको रहने देखिन्छः

- **सडकहरू, पुलहरू**
- **तल्लो तटीय क्षेत्रमा अवस्थित अन्य जलविद्युत आयोजनाका संरचनाहरु**
- **स्कूलहरू र अन्य सार्वजनिक संरचनाहरू**
- **पिउने पानी प्रणाली, बिजुली, र संचार सेवा**

३. बाँध विस्फोटनबाट पर्ने अप्रत्यक्ष प्रभाव

अप्रत्यक्ष प्रभावहरू विस्तृत र जटिल एवंम आँकलन गर्न मुश्किल हुन्छन्। यी प्रभावहरू बाँध भत्किएपछि पनि लामो समयसम्म रहने प्रकृतिमा हुन सक्छन्। तथापि, हामी तीमध्ये केही प्रभावहरूलाई निम्नानुसार उल्लेख गर्न सक्छौंः

- स्थानीय आर्थिक गतिविधिका क्षेत्रहरू (औद्योगिक, कृषि, व्यावसायिक, आदि) मा अवरोध सिर्जना भई राष्ट्रिय, क्षेत्रिय स्थानीय स्तरमा प्रभाव पारी रोजगारीमा असर पार्नेछ।
- आपतकालीन व्यवस्थापन स्थितिसँग सम्बन्धित खर्चहरू बढ्ने ।
- भूमि मूल्यको ह्रास,
- वातावरण र सामाजिक प्रभावहरू
- जमेको पानीको अवस्थाभित्र विकसित हुने संक्रामक रोगहरूको फैलावटको प्रबल सम्भावना।

४. विपद् व्यवस्थापन (DRM)

माथि विवरणमा उल्लिखत परिदृश्यक आधारमा सिर्जना हुने वाँध विस्फोटनको अवस्था र त्यस पश्चात हुने जोखिम न्यूनीकरण गर्न विपद व्यवस्थापना योजना तयार गरिनु आवश्यक रहन्छ। प्रस्तावित आयोजनाको तल्लो तटमा भविस्यमा निर्माण गर्न प्रस्ताव गरिएको माथिल्लो अरुण जलविद्युत आयोजनाको बाँध क्षेत्र, गोला गाउँ/बजार, निर्माणाधीन अरुण-३ जलविद्युत आयोजनाको बाँध क्षेत्र, र तुमलिङटार क्षेत्रमा वाँध विस्फोटन पश्चात आउन सक्ने बाढीको कारण हुन सक्ने क्षतिको आधारमा विपद व्यवस्थापन प्रणाली स्थापना गर्न आवश्यक रहेको छ। आयोजनालाई आफ्नो निर्माण सम्पन्न गरि संचालनमा आउने लाग्ने अवधिको आधारमा तयति बेलाको परिवेश अनुरुपको छुट्टै आयोजना विशेष दैवी प्रकोप व्यवस्थापन योजना वनाई कार्यन्वयन गर्नु आवश्यक देखिन्छ। यद्दपी यस EIA प्रतिवेदनमा भने समस्टिगत विपद व्यवस्थापन योजना प्रस्तुत गरिएको छ।

विपद व्यवस्थापनको उदेश्य भनेकै विपदको प्रभाव कम गर्नु हो। प्रकोपको असर न्यूनीकरण गर्न स्थानीय निकाय तथा समुदायको संलग्नताको आवश्यकता पर्दछ। बाँध फुटेको अवस्थामा, पहुँच मार्गहरु निकासको लागि महत्त्वपूर्ण हुनेछ यसका साथै अस्पतालहरू र सार्वजनिक सेवाका पूर्वाधारहरू जस्तै स्कूलहरू, पुलिस र सैन्य ब्यारेकहरू सुरक्षित क्षेत्रमा अवस्थित हुनुपर्दछ। ताकि आपतकालीन योजनाको परिचालन र द्रुत कार्यान्वयनको अनुमति दिन सकियोस्।



विपद व्यवस्थापन चक्र

पुर्व जानकारी प्रणाली (Early Warning System) : विपद आउनु भन्दा अगावै विपदको बारेमा पुर्व जानकारी हासिल गर्नु नै पूर्व जानकारी प्रणालीको विकास गर्नु हो । यस प्रणाली अन्तर्गत प्रविधि, प्रस्तावकको व्यवहार, क्रियाशीलता र योजनाहरु पर्दछन । समग्रमा पुर्व जानकारी प्रणाली भनेको विपदको बारेमा पुर्व जानकारी हासिल गर्नु मात्र नभई विपदबाट जोखिममा पर्न सक्ने वा विपद व्यवस्थापनमा जोडिन सक्ने सम्पूर्ण सरोकारवालाहरुलाई पूर्व जानकारी गराई सम्भावित विपदबाट जोगिन गरिने प्रयास समेत हो । निम्न स्थानहरुमा पुर्व जानकारी प्रणाली active हुनु जरुरि देखिन्छ:

- जलाशयको मध्य भाग, जलाशयको अन्तिम भाग
- बाँध क्षेत्र
- विद्युत गृह स्थल
- गोला वजार, सम्माटार, अरुण तेश्रोको बाँध स्थल, दिदिंग क्षेत्र र तुम्लिंगटार क्षेत्र

समुदायमा सचेतना: सम्बावित जोखि स्थानमा वासिन्दाहरुलाई मोबाइल फोनको माध्यमबाट वा अन्य कुनै पनि संचारका माध्यमबाट सचेतना जगाउने कार्य गर्नु आवश्यक हुन्छ । यस कार्यको मूल उद्देश्य भनेको पुर्व जानकारी प्रणालीबाट सम्भावित विपदको पुर्व अनुमान भै सके पश्चात विपदको घटना घट्नु अगावै तल्लो तटमा रहेका स्थानीय र सरोकारवालाहरुलाई सचेत गराई जनधनको क्षति कम भन्दा कम होस भन्ने नै हो ।

Evacuation: Evacuation is the process of leaving an area potentially or currently affected by a hazard. Effective flood evacuation involves those at-risk leaving a flood-risk area before it is inundated and moving to areas that are safe. In the case of flood hazard, safe areas would be those free from inundation and, ideally, able to provide shelter and support. A level marking

for the possible inundation level must be performed and the communities must be made aware of the safe area.

५. आपतकालिन तयारी र व्यवस्थापन योजना (Emergency Preparedness and Management Plan)

An Emergency Preparedness Plan (EPP) is a formal plan that identifies potential emergency conditions at a dam and prescribes the procedures to be followed to minimize property damage and loss of life. An EPP must be developed to the site-specific conditions and requirements of the commune, district, provincial or state organizations that own or regulate the dam. It is required to prepare for the possibility of dam failure by developing an EPP which provides a systematic means to:

- Define, identify and evaluate events with the potential to compromise dam safety
- Establish procedures for declaring an event as a dam safety emergency
- Detail actions to be taken by the dam owner and manager in response to the dam safety emergency

Establish communications with external agencies to minimize the consequences of the dam safety emergency.

तालिका ११: दैबी प्रकोप व्यवस्थापन योजना (Disaster Management Plan) सम्बन्धि मुख्य विवरणहरु

क्र.सं.	प्रावधान	बर्णन (Description)
१.	अलार्म तथा चेतावनी प्रणाली (Alarm and Warning System)	• चेतावनी प्रणालीको लागि सर्बाधिक लोकप्रिय र आयोजना क्षेत्रका सबै वस्ती/स्थानहरुमा सुन्न सकिने स्थानीय रेडियो/एफ.एम. स्टेशनको चयन गर्ने र उक्त रेडियो/एफ.एम. स्टेशनका संबन्धित कर्मचारी तथा त्यहाँको व्यवस्थापनलाई दैबी प्रकोप व्यवस्थापन योजना (Disaster Management Plan) को आवश्यक्ता र सूचना प्रवाहको गम्भिरता सम्बन्धी अग्रिम जानकारी तथा तालिम दिने। • यस आयोजना को बाँध स्थल तथा विद्युतगृहस्थल बाहेक उच्च जोखिममा रहेको क्षेत्रहरुमा अलार्म (Alarm) प्रणाली जडान गर्ने र त्यसको उचित व्यवस्थापन गरि राख्ने।
२.	दुरसंचार प्रणाली (Telecommunication system)	• बाढीको जोखिम सम्बन्धी जानकारी एवम् सूचना प्रवाह गर्नको लागि बाँधस्थलको मुख्य इन्जिनियर/साइट प्रमुखलाई तोक्ने। • बाँधस्थलको मुख्य इन्जिनियर/साइट प्रमुखबाट सिधै तोकिएको स्थानीय रेडियो/एफ.एम. स्टेशनमा र जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयहरुलाई बाढीको जानकारी तथा सुचना दिन सक्ने अधिकार प्रत्यायोजन गरिने साथै Mass SMS System को लागि दूरसञ्चार संग समन्वय गरिने। • बाढीको जोखिम सम्बन्धी जानकारी एवम् सूचना प्रवाह गर्न बाँध स्थल तथा विधुतगृहस्थल बाहेक उच्च जोखिममा रहेको क्षेत्रहरुमा अलार्म (Alarm) प्रणाली जडान गर्ने र त्यसको उचित व्यवस्थापन गरि राख्ने। • तार रहित स्टेशन (Wireless Station) प्रणाली मार्फत यस आयोजना क्षेत्रमा रहेका तटिय क्षेत्रहरुमा जहाँ रेडियो/एफ.एम. स्टेशनको सुबिधा छैन त्यहाँ अलार्म तथा चेतावनी प्रणाली (Alarm and Warning System) विकास हुन् सक्ने गरि दुरसंचार प्रणाली (telecommunication system) जडान गर्ने र त्यसको उचित व्यवस्थापन गरि राख्ने
३.	जोखिम हुन सक्ने सम्भाव्य क्षति आंकलन (Assessment of the Damage Potential)	• जोखिम हुन सक्ने सम्भाव्य क्षति बाँध फुटेर आउन सक्ने बाढी सम्बन्धी विश्लेषण (Dam Break Analysis) र पहिरो जोखिम विश्लेषण (Landslide Risk Assessment) को आधारमा दैबी प्रकोप व्यवस्थापन योजना (Disaster Management Plan) तयार गरिएको छ। जोखिम हुन सक्ने सम्भाव्य क्षति बाँध फुटेर आउन सक्ने बाढी सम्बन्धी विश्लेषण (Dam Break Analysis) र पहिरो जोखिम विश्लेषण (Landslide Risk Assessment) मा उल्लेखित जोखिम तथा क्षतिको निर्धारण गरिएको छ र यस EIA प्रतिवेदनमा समेत प्रस्तुत गरिएको छ। यद्दपी प्रस्तावित आयोजना मित्र राष्ट्र चिनको सिमाना नजिक बन्ने आयोजना भएको र आयोजना बन्ने अरुण नदीको सम्पूर्ण जलाधार क्षेत्र नेपालको अधिन क्षेत्र भित्र मात्रै

क्र.सं.	प्रावधान	बर्णन (Description)
		नरहेकोले कुटनैतिक तवरबाट चिन क्षेत्रमा घट्न सक्ने GLoF, LDOF, Cloud Brust Flood जस्ता वा अन्य बाढी जन्य दैबी प्रकोपको घटनाका बारेमा समन्वय गरि राखिनेछ
४.	आकस्मिक योजना र प्रक्रिया (Delineate Emergency Action and Procedures)	• आकस्मिक योजना र प्रक्रिया सम्बन्धी विवरणहरु यसै अनुसूचीको निम्न उल्लेखित तालिकाः२ मा प्रस्तुत गरिएको छ।
५.	आकस्मिक संगठन निर्धारण (Delineate Emergency Organization)	• यस आयोजना क्षेत्र भित्र आकस्मिक संगठन लाई स्थापना गर्दा सम्बन्धित जिल्लामा रहेका रेडक्रस सोसाईटी, सामाजिक समितिहरु, राष्ट्रिय निकुन्जको कार्यालय, सामुदायिक वन समिति, ईलाका प्रहरी कार्यालय, स्थानीय वडा कार्यालयका प्रतिनिधिहरु तथा ईच्छुक सर्बसाधारण लाई समावेश गरिनेछ।
६.	भूमिका र जिम्मेवारी निर्धारण (Delineate Roles and Responsibilities)	• यस आयोजनाले बाढीको जोखिम सम्बन्धी जानकारी एवम् सूचना प्रवाह गर्नको लागि बाँधस्थलको मुख्य इन्जिनियर/साइट प्रमुखलाई तोकि भूमिका र जिम्मेवारी दिईनेछ। • गठन भएका प्रत्येक आकस्मिक संगठनका प्रतिनिधिहरु लाई सम्बन्धित आयोजना क्षेत्रभित्र रहेका बाढी पिडित सर्वसाधारणको उद्धार कार्य र सुरक्षित हुने उपायहरु कार्यन्वयन गर्ने भूमिका र जिम्मेवारी दिईनेछ।
७.	बैकल्पिक सहायक मार्ग तथा सुरक्षित स्थान निर्धारण (Delineate Access Routes and Safe Locations)	• बाँध फुटेर आउन सक्ने बाढी सम्बन्धी विश्लेषण (Dam Break Analysis) मा बाढी बाट हुन् सक्ने डुबान क्षेत्र प्रष्ट छुट्ट्याईएको छ तदानुसार, प्रत्येक प्रभावित क्षेत्रको उपल्लो भागमा सुरक्षित स्थान रहेको छ। तसर्थ, बाढी आउने समयमा सर्वसाधारणहरू लाई त्यस क्षेत्रको उपल्लो भागमा पुर्याउनको लागि आकस्मिक संगठन सक्रिय हुनेछ ।
८.	सुचना सार्बजनिक गर्ने प्रक्रिया (Procedure to provide Public Information)	• बाँधस्थलको मुख्य इन्जिनियर/साइट प्रमुख मार्फत सम्बन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालय बाट • यस आयोजनाको मुख्य कार्यालय मार्फत स्थानीय रेडियो/एफ. एम. स्टेशनबाट • गठन भएका आकस्मिक संगठनका प्रतिनिधिहरु बाट सम्बन्धित स्थानहरुको बारेमा सर्वसाधारणलाई जानकारी गरईनेछ। • यस आयोजनाको बाँध स्थल तथा विधुत गृह स्थल बाहेक उच्च जोखिममा रहेको क्षेत्रहरुमा जडान भएको अलार्म (Alarm) प्रणाली मार्फत

तालिका १२: आकस्मिक व्यवस्थापन योजना र प्रक्रिया (Emergency Management Action and Procedures)

क्र.सं.	आकस्मिक स्थिति (Status of Emergency)	पानीको सतह (Water Level)	रोकथामका उपायहरु (Preventive Measures)
१.	सामान्य बाढी (Normal Flood)	२,०३५ मिटर	• बाँध स्थलमा रहेको कर्मचारीले स्पिलवे नियमित नियमन नें (Utmost vigil observed in regulation of spillway gates)
२.	आकस्मिक स्तर - १ (Level १- Emergency)	यदि पानीको सतह २,०३५ मिटर भन्दा माथि र २,०३६ मिटर भन्दा मुनि भएमा	• सबै स्पिल वे गेट खोल्ने (All gates fully operational) • आयोजनाका सबै जना कर्मचारी बाँध स्थलमा उपस्थित हुनुपर्ने • स्थानीय सरकारी अधिकारीलाई जानकारी गराउने र अलार्म तथा चेतावनी प्रणाली (Alarm and Warning System) लाई सतर्क गराई राख्ने
३.	आकस्मिक स्तर - २ (Level २ - Emergency)	यदि पानीको सतह २,०३६ मिटर भन्दा माथि र २,०३८ मिटर भन्दा मुनि भएमा	• दुरसंचार र सार्वजनिक घोषणा प्रणाली (Communication and Public Announcement system) लाई पूर्ण रुपमा परिचालन गर्ने तथा बाढीको चेतावनी सर्वसाधारणलाई जारि गर्ने।
४.	आकस्मिक स्तर - ३ (Level ३ - Emergency)	यदि पानीको सतह २,०३८ मिटर भन्दा माथि र २,०४० मिटर भन्दा मुनि भएमा	• यस आयोजनामा कार्यरत सबै जना कर्मचारी (बाँध स्थल र विधुत गृह) लाई सुरक्षित स्थान मा पुग्न सतर्क गराउने/आदेश दिने • सम्बन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालय लाई बाढीको जानकारी गराउने
५.	**बाढीको प्रकोप (Flood Disaster)**	**यदि पानीको सतह २,०४० मिटर भन्दा माथि भई ओवरटोपिंग (Over-topping) भएमा**	• **सम्बन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालय लाई लिखित रुपमा सुचित गर्ने** • **आयोजना क्षेत्र भित्र रहेका बाढी पिडित सर्वसाधारणको उद्धार कार्य र सुरक्षित उपायहरुको कार्यान्वयन गर्ने**

अनुसूची ७.५: जलीय जीव व्यवस्थापन कार्य योजना

७.५.१: माछाको उपलब्धता र विचरण

यस आयोजनाको हकमा अरुण नदीको सुख्खाग्रस्त क्षेत्रको लगभग आधा जस्तो क्षेत्र सम्म मात्र माछा भेटिएको र सो स्थान भन्दा माथि र बाँधस्थल तथा जलाशय क्षेत्रमा माछा नभेटिएको हुँदा बाँधको कारण माछाको विचरण लाई केहि असर पर्ने देखिदैन। तर पनि आयोजनाले माछा प्रजातिको उपलब्धता बढाउने कार्य गर्दा स्थानीय स्तरमा जैविक विविधता र आय आर्जनमा समेत सकारात्मक प्रभाव पर्ने हुँदा फिस ह्याचरी स्थापना गरेर माछाको भुरा उत्पादन गरी अरुण नदीमा छोड्नु उपयुक्त हुनेछ ।

७.५.२. फिस ह्याचरी (Fish Hatchery)

अरुण अर्धजलाशयुक्त जलविद्युत आयोजनाको आर्थिक क्षमता, आयोजना बन्ने भौगोलिक अवस्थिति जस्ता आधारलाइ मान्दा Fish Hatchery मार्फत माछा संरक्षण/व्यवस्थापनको कार्य गर्नु उपयुक्त हुने देखिन्छ। जैविक संरक्षण गर्दा स्थानीय जनजीवनको आर्थिक वृद्दिलाइ जोडेर संगै लैजादा संरक्षण कार्य दिगो हुने हुँदा आयोजनाको लागतमा प्रस्तावककै व्यवस्थापनमा विद्युत गृह स्थल नजिक प्राविधिक हिसावले उपयुक्त देखिने स्थान चयन गरि Fish Hatchery राखिनेछ। उक्त *hatchery* मा *Glyptosternum blythii, Schizothorax richardsonii* र *Psilorhynchus pseudecheneis* प्रजातिका पहिलो चरणमा (नमुनाको लागी) कम्तिमा प्रत्येक प्रजातिका गरि २००० भुरा उत्पादन गर्ने र परिक्षण सफल भए पश्चात आयोजनाको वातवरण इकाईले विस्तृत अध्ययन गरि भुरा उत्पादन बढाउदै लाग्ने लक्ष राख्नेछ। जलविद्युतको जलाशयले वर्षाको समयमा माथिल्लो तटिय क्षेत्रबाट प्रशस्त मात्रामा पोषक तत्वहरू सङ्कलन गर्छ जसले गर्दा प्लाङ्कटन (Plankton) को वृद्धि र प्लाङ्क्टिभरस (Planktivorous) माछाको विकासले फिस ह्याचरीको सम्भावनालाई बढावा दिन्छ[9]। यसले गर्दा जलाशय वरपर बसोबास गर्ने स्थानीय जनताका लागि रोजगारीका नयाँ अवसरहरू सिर्जना हुन सक्छन्। यसका साथसाथै साना किसान र निर्वाहमुखी माछा मार्नेहरूको आर्थिक अवस्थामा सुधार आउने, केही मात्रामा गरिबी न्यूनिकरण हुने र खाद्य सुरक्षा सुधारमा पनि सकारात्मक प्रभाव पर्ने देखिन्छ।

9 Rai, A. K. K. (2008). Environmental impact from river damming for hydroelectric power generation and means of mitigation. Hydro Nepal: Journal of Water, Energy and Environment, 2, 22-25 .

७.५.३. तल्लो तटमा पर्न सक्ने peaking को प्रभाव

आयोजनाको बाँधस्थलबाट लगभग ८.६ किलोमिटर तल्लो तटमा tailwater रहने छ र यस क्षेत्रमा करिब ५ वटा खोलाहरु अरुण नदीमा मिसिन आउंछ। प्रस्तावित किमाथांका अरुण जलविद्युत आयोजना नेपालको सिमाना भित्र पर्ने अरुण नदीको सबभन्दा उत्तरमा संचालनका लागि प्रस्ताव गरिएको जलविद्युत आयोजना हो। यो आयोजनाले प्रयोग गर्ने पानी सिंचाई, पानीको आपूर्ति, पानी घट्ट/मिल र अन्य जलविद्युत आयोजनाका लागि प्रयोग भएको छैन। यस आयोजना भन्दा तल्लो तटीय क्षेत्रमा अप्पर अरुण जलविद्युत आयोजना प्रस्तावित छ। प्रस्तावित किमाथांका अरुण जलविद्युत आयोजनाको टेलरेसको स्तर १,६५० मिटर छ भने अप्पर अरुण जलविद्युत आयोजनाको Full Supply Level १,६४५ मिटर हुनेछ। यी दुई आयोजनाहरुले प्रयोग गर्ने पानीको स्तरबीच ५ मिटरको फरक रहेकोले प्रस्तावित किमाथांका अरुण जलविद्युत आयोजनाले तल्लो तटमा प्रस्तावित आयोजनालाई कुनै नकारात्मक असर गर्दैन। अरुण नदी जलाधारमा प्रस्तावित उल्लेखनीय जलविद्युत आयोजनाहरुमा १०६० मेगावाटको माथिल्लो अरुण जलविद्युत आयोजना र सोको सहायक १८ मेगावाटको इखुवा खोला जलविद्युत आयोजना, १३२ मेगावाटको तल्लो वरुण खोला जलविद्युत आयोजना, ३७२ मेगावाटको अरुण-४ जलविद्युत आयोजना, ९०० मेगावाटको अरुण तेस्रो जलविद्युत आयोजना र ४७० मेगावाटको तल्लो अरुण जलविद्युत आयोजना पर्दछन्।

अनुसूची ७.६: आयोजनाको ट्राफिक व्यवस्थापन योजना

यस आयोजनाको ट्राफिक व्यवस्थापन योजना आयोजना क्षेत्रमा हुने सवारीसाधनको चापले सार्वजनिक र निर्माण स्थल ट्राफिकको बीचमा हुने अवरोध कम गर्न तयार गरिएको हो जसबाट ट्राफिक व्यवस्थापन र सवारी दुर्घटनाका गतिविधिहरू नियन्त्रण गर्न सकिन्छ। आयोजनाको निर्माणसम्बन्धी गतिविधिका लागि ट्राफिक बढ्ने अपेक्षा गरिएको छ। प्रतिकूल प्रभावहरू न्यूनीकरणका उपायहरू निम्नलिखित छन्:

क) ट्राफिक व्यवस्थापन योजना: आयोजनाको सडक यातायातसँग सम्बन्धित धेरै प्रभावहरू कुशल यातायात व्यवस्थापन योजना र ट्राफिक व्यवस्थापनको माध्यमबाट कम गर्न सकिन्छ। सम्भव भएसम्म स्थानीय सडक यातायात सञ्चालको प्रयोग र प्रतिकूल वातावरणीय प्रभावहरू आयोजनाको प्रस्तावक र निर्माण व्यवसायीद्वारा कुशल ट्राफिक योजना द्वारा कम गरिनेछ। यातायातको कुशल व्यवस्थापन र योजनाको लागि निम्न उपायहरूको कार्यान्वयन आवश्यक पर्दछ:

- सडकहरूको प्रकारका आधारमा गाडीहरूमा गति सीमाहरू लागू गरिनेछ;
- सवारी साधनहरू बीच सुरक्षित दूरीको लागि १० मिटरको न्यूनतम सुरक्षित दूरी सुनिश्चित गरिनेछ;
- सम्भव भएसम्म भारी, चौडा वा ढिलो गतिमा चल्ने र धेरैभारहरू बोक्ने सवारी साधनहरूको आवागमन सम्बन्धित सडकहरूमा ट्राफिक चाप कम भएको समयमा योजना बनाइनेछ;
- यातायात आवागमनलाई सुविधाजनक बनाउन निर्माण क्षेत्रहरू वरिपरि संकेत चिन्हको लागि विस्तृत योजना तयार पारिनेछ;
- पहुँच मार्गको अवस्थाको नियमित निरीक्षण र मर्मत सम्भार गरिनेछ;
- विशेष भारहरू जस्तै खतरनाक सामग्रीहरू, भारी भारहरू आदिको आवागमनको लागि योजना तयार गरिनेछ;
- भारी उपकरण अपरेटरहरू र सवारीचालकहरूको प्रशिक्षण र परीक्षण, दृष्टि परीक्षणहरू सहित सबै प्रशिक्षणहरूको रेकर्ड तयार गरिनेछ;
- स्थानीय नागरिकहरुमा ट्राफिक सचेतना जगाउने र बालबालिकालाई सडकबाट टाढा राख्न अभिभावकलाई जानकारी गराउने, बच्चाहरू यातायात मार्गहरूमा अवस्थित विद्यालयहरूबाट यात्रा गर्दा अवधिको समयमा सवारी ट्राफिक कम गरिनेछ;
- आयोजना सवारीसाधन समावेश सबै दुर्घटनाहरूको रेकर्डहरू कायम राख्ने र ट्राफिक उजुरी र सुधारात्मक कार्य प्रक्रिया कार्यान्वयन गर्ने;
- यदि सडक बन्द गर्नु परेमा डाइभर्सनको योजना बनाइनेछ र सम्वधित अधिकारीहरू र प्रभावित समुदायहरूलाई पहिल्यै सूचित गरिनेछ। सबै डाइभर्सनहरु प्रचलित सडक कानूनले निर्दिष्ट गरेअनुसार निर्माण गरिनेछ र पुनर्स्थापना कार्य पूरा नभएसम्म राम्रो अवस्थामा सडक कायम राखिनेछ;
- सडक डाइभर्सनका सम्बन्धमा एम्बुलेन्स र दमकलसँग परामर्श गरिनेछ। सडक डाइभर्सनहरूले यी सेवाहरूको आपतकालीन प्रतिक्रिया समय बढाउनु हुँदैन;
- सवारी साधनको आवागमन काम गर्ने समयमा मात्र सीमित राखिनेछ;
- चौबिसै घण्टा सुरक्षाकर्मी/गेटम्यान राखिनेछ;

ख) पहुँच मार्ग चयन र व्यवस्थापन : आयोजनाको लागि जोगबनि-किमाथांकाबाट लिंगम नजिकबाट आन्तरिक पहुँच सडक बनाइ आयोजना स्थल पुग्ने पहुँच सडक प्रयोग गर्ने योजना रहेको छ।

- नयाँ पहुँच सडकका सबै खण्ड आयोजनाको डिजाइन स्पेसिफिकेसनहरू अनुसार डिजाइन र निर्माण गरिनेछ। खोला तथा खोल्सिको पानीलाई सुरक्षित रूपमा च्यानल गर्न नयाँ पहुँच सडकहरूको निर्माणमा पर्याप्त ढलान र क्रस ड्रेनेज प्रदान गरिनेछ, जसले गर्दा कटान वा सिल्टेसन को घटना कम हुनेछ।
- भीडभाड हुन नदीन र सडक दुर्घटनाको सम्भावना कम गर्न र प्रतेक दिनमा समान रूपमा ट्राफिक प्रवाह फैलाउन ट्राफिक व्यवस्थापनको दैनिक रूपमा अनुगमन गरिने छ। यसबाहेक, निर्माण व्यवसायिले ढुवानी गर्ने सवारीसाधनको चौडाइ, उचाइ, वजन, लोडिङ, आदिको सन्दर्भमा सबै कानूनी सीमाहरू पालना गर्नेछ।
- आयोजना निर्माण अवधिभर प्रस्तावकले पहुँच सडकहरूलाई हिलो, धूलो र अवरोधबाट मुक्त राख्न उपयुक्त उपायहरू अपनाउने अपेक्षा गरिएको छ जस्तैः पहुँच सडकहरूमा हार्ड कोर सतहहरू (hard core surfaces) को प्रयोग, सवारी साधनहरूको लागि पाङ्ग्रा धुने सुविधाहरूको प्रावधान, पहुँच सडक र सार्वजनिक राजमार्गहरूमा जम्मा भएको कुनै पनि माटो हटाउन कर्मचारी/सफाईकर्मीहरूको नियुक्ति र निर्माण सामाग्रीहरु बोक्ने सवारीसाधनहरु ढाक्ने व्यवस्था।

ग) सडक दुर्घटनाः आयोजनाको क्षेत्रमा सडक दुर्घटना कम गर्न र यातायातसँग सम्बन्धित कर्मचारीहरूको सुरक्षाको लागि निर्माण व्यावसायिले व्यवस्थापन प्रणाली र प्रक्रियाहरू विकास र कार्यान्वयन गर्नेछ जसले यी जोखिमहरूमा नियन्त्रण प्रदान गर्दछ। यसले निम्न पक्षहरूको बिषय समावेश गर्नेछः

- आवश्यक योग्य सवारीचालकहरूको स्रोत र संख्या,
- सवारीचालकहरूको प्रशिक्षण र प्रशिक्षक द्वारा प्रमाणीकरण,
- सवारीचालकहरूको कार्य घण्टा र आराम अवधि,
- चालक, सवारी साधन र लोड सुरक्षा व्यवस्था,
- सवारीचालकहरूसँग नियन्त्रण बिन्दुको निरन्तर संचार र सम्पर्क,
- भाषा/संचार,
- आवश्यक पर्ने उपयुक्त सवारी साधनको स्रोत र संख्या,
- गाडीको गुणस्तर र स्पेसिफिकेसन,
- सवारी मार्ग, मार्ग योजना र वैकल्पिक मार्गहरू,
- सवारीसाधनको आपातकालीन अवस्थाको योजना;
- पार्किंग स्थानहरूको पहिचान
- स्थानीय समुदाय, गाउँ, सडकमा सवारी साधनको प्रभाव
- आयोजनाको यातायात प्रणालीको निरीक्षण र परीक्षण

घ) पार्किङ सुविधाः यातायात आवागमन, पार्किङ सुविधा, कामका विभिन्न अवयवहरूलाई निर्देशन प्रदान गर्न, सुरक्षा सल्लाह र चेतावनी प्रदान गर्न निर्माण क्षेत्रहरूको वरिपरि सङ्केतको लागि विस्तृत योजना तयार गरिनेछ। सबै चिन्हहरू अंग्रेजी र नेपालि दुवै भाषामा पोस्ट गरिनेछ। आयोजनास्थल

आसपासका स्थानीय सडक, राजमार्गका फुटपाथ र एक लेनका सडकहरुमा आयोजना निर्माणमा प्रयोग सवारी साधन पार्किङ निषेध गरिने छ। आयोजना कार्यालय, इन्टेक साइट र निर्माण कर्मीको निजी सवारी साधनका लागि अन्य उपयुक्त स्थान नजिकै डेडिकेटेड पार्किङ क्षेत्रको व्यवस्था गरिनेछ। सवारी साधन पार्किङका लागि अस्थायी पक्की क्षेत्र उपलब्ध गराइनेछ र पार्किङको क्रममा वा सवारी साधन गुडिरहेको अवस्थामा आकस्मिक रूपमा तेल वा इन्धन चुहिएमा overhaul को व्यवस्था गरिनेछ।

ङ) सवारीचालक प्रशिक्षणः सबै सवारीचालकहरू नेपालको कानूनीले निर्दिस्ट ब्यबस्था अनुरुपको योग्यता र आवश्यकताहरू अनुसार उपयुक्त रूपमा रहेका छन् भन्ने सुनिश्चितता गरिनु नै पहिलो प्राथमिकता हुनेछ। सवारीचालक प्रशिक्षणको क्रममा सवारीचालकले बुझ्न सजिलो हुने गरि नेपालि भाषामा निम्न कागजातहरू समावेश गरिएको हुनेछः

- सवारीसाधन आवतजावत योजना;
- सवारीचालकद्वारा दैनिक सवारी साधनको निरीक्षण;
- सवारी साधनमा सुरक्षा किट र स्वास्थ्य र सुरक्षा मापदण्ड र अभ्यासहरू;
- सवारीसाधन चलाउन आवश्यक पर्ने कानूनी कागजात।

आयोजनासँग सम्बन्धित सवारी साधनमा अनाधिकृत यात्रुहरू चड्न लाई कडाईका साथ निषेध गरिनेछ। सवारी साधन चलाउने सबै कर्मचारीहरूका साथमा वैध सवारीचालक अनुमतिपत्र भएको सुनिश्चितता गरिनेछ र सवारीसाधन चलाउने समयमा सवारीचालकको सुरक्षा कोड र यात्रीको सुरक्षा कोडको पालना गरिनेछ। आयोजना संग सम्बन्धित सवारी चालकलाइ र सह-चालकलाइ भिन्दा भिन्दै रंगको ड्रेस कोड तोकिने छ । आयोजना संग सम्बन्धित सवारीमा देखिने गरि आयोजनाको स्टिकर राखिने छ ।

च) सवारी व्यवस्थापन र मर्मत सम्भारः दुर्घटना दर र समग्र यातायात ईन्धन खपत कम गर्न नेपाल सरकारको सवारी मापदण्डको सुनिश्चितता कायम गरिने छ। यसमा सबै सुरक्षा सम्बन्धित निर्दिष्टीकरणहरूको साथ सबै सवारीसाधनहरूको अनुपालन समावेश हुनेछ (जस्तै सही टायरको फिटिंग, भार क्षमता, आदी। आयोजनाको प्रस्तावकले सवारीसाधनहरूको मर्मत, ध्वनीको सिमा र धूवा र धुलो उत्सर्जन मापदण्डहरूको सन्दर्भमा निम्न बिषयहरु सुनिश्चित गर्नेछः

- सबै सवारी साधनहरूको ध्वनीको सिमा र धूवा र धुलो उत्सर्जन मापदण्ड कायम राखिनेछ ताकि उनीहरूको आवाज र उत्सर्जनले कामदारहरू वा स्थानीय मानिसहरूलाई असर नहोस्;
- सबै सवारी साधनहरू र निर्माण उपकरणहरूको अद्यावधिक डाटाबेस राखिनेछ। डाटाबेसमा आवधिक मर्मत सम्भार, मर्मतसम्भारको तालिका, सवारी साधनको उत्सर्जन र नेपाल सरकारको नियामक आवश्यकताअनुसार गरिएको ध्वनि उत्सर्जन परीक्षणको बारेमा विवरण, अनुमतिपत्रको प्रमाणपत्रको प्रतिलिपि आदि समावेश हुनेछ।
- सबै सवारीसाधन/उपकरणहरू खरीद मितिमा र सञ्चालनको समयमा नेपाल सरकारको उत्सर्जन मानकहरूको पालना गर्नेछन्;
- कुनै पनि सवारीसाधन वा निर्माण उपकरणमा अवलोकन वा रिपोर्टिंग गरिएको, तेल र ईन्धन चुहावट सम्बन्धित बिषय २४ घण्टा भित्र सम्बोधन गरिनेछ।

- सवारीसाधन वा निर्माण उपकरण व्यवस्थापन मापदण्डहरू निर्माण व्यावसायिको लागि एक महत्वपूर्ण घटक बनाउनेछ; र
- क्रेन जस्ता सबै ठूला सवारी साधनहरुमा रिभर्स साइरन (reversing siren) को व्यवस्था गरिनेछ।

छ) सामुदायिक सम्पर्क र सुरक्षा

- आयोजनामा स्थानीय समुदायहरूको ट्राफिक सुरक्षा उच्च प्राथमिकता हुनुपर्दछ।
- समुदायलाई समयमा नै सडक बन्द गर्ने समय, यदि कुनै छ भने (उनीहरूको आसपासमा आयोजना गतिविधिहरूको सुरु, अवधि र अन्त्य) र डाइभर्सनहरू, र कुनै अन्य वैकल्पिक मार्गहरूको बारेमा जानकारी उपलब्ध हुनेछ।
- भारी ट्राफिक व्यवस्थापन र स्थानीय सडकहरू बन्द गर्न परेमा स्थानीय प्रशासनको सहयोग पनि माग्न सकिने छ।
- स्थानीय समुदायहरूलाई सडक सुरक्षा सचेतना कार्यक्रम अन्तर्गत ट्राफिक सुरक्षा सचेतना कार्यक्रम सञ्चालन गर्ने।

अनुसूची ७.७: आयोजनाको बारेमा अभिलेख/रेकर्ड राख्ने र रिपोर्टिङ गर्ने बिषयहरु

आयोजनाको दिगो सञ्चालन सुनिश्चित गर्नका लागि कार्यसम्पादनको अभिलेख राख्ने र रिपोर्टिङ गर्नु एक महत्त्वपूर्ण व्यवस्थापन विधि हो। नियमनकारी, अनुगमन, सञ्चालनसम्बन्धी विषय र प्रत्येक व्यवस्थापन योजनाको कार्ययोजनामा उल्लेख भएबमोजिम अभिलेख राख्नुपर्छ। प्रस्तावित वातावरणीय व्यवस्थापन सम्बन्धि क्षेत्रगत योजनाहरुको लागि रेकर्ड राख्ने आवश्यक बिषयबस्तु तल संक्षेपमा प्रस्तुत गरिएको छः

क्षेत्र	योजना/कार्यविधि	मुख्य बिषयबस्तुहरु	संलग्न गर्नुपर्ने/साथमा रहनु पर्ने कागजातहरू
क. कानूनी प्रकृया/अनुमतिः			
१.	• वन तथा वातावरण मन्त्रालय, ऊर्जा, जलश्रोत तथा सिँचाई मन्त्रालय, विद्युत विकास विभाग र अन्य मन्त्रालयबाट लिनुपर्ने अनुमति/सहमति पत्रहरु		
ख. वातावरणीय			
१.	वातावरणीय तथा सामाजिक व्वस्थापन योजना	• व्यवस्थापनका उपायहरू • भूमिका र जिम्मेवारीहरू • समयावधि	• क्षेत्रगत वातावरण र सामाजिक व्यवस्थापन प्रणाली • EHS का नियम र प्रतिबद्धताहरूको दर्ता • आन्तरिक/ लेखा परीक्षण, EH &S अडिट रिपोर्ट • अर्ध-वार्षिक स्वःअनुगमन प्रतिवेदन वन तथा वातावरण मन्त्रालयमा पेश • आधारभूत अनुगमन प्रतिवेदन • श्रम शिविर र कार्यालयबाट सङ्कलन गरिएको फोहरको रेकर्ड • दैनिकरुपमा निस्कने muck र सो को ब्यबस्थापन सम्वधित रेकर्ड • बाँकी रहेको साइटको फोहोर र ब्यबस्थापन गर्न सकिने क्षमता
	प्रदूषण निवारण योजना	**वायु, जल, ध्वनि**	• Ambient air quality अनुगमन रजिस्टर र रिपोर्टहरू, • सतहको पानीको गुणस्तर मापन ,निगरानी रजिस्टर र रिपोर्ट, • ध्वनी स्तर अनुगमन रजिस्टर र रिपोर्टहरू, • दैनिक/साप्ताहिक/मासिक निरीक्षण चेकलिस्टहरू, • दैनिक रूपमा प्राप्त हुने र रिसाइकल गरिएको फोहरको मात्रा • कच्चा र प्रशोधन गरिएको ढलको दैनिक मात्रा

क्षेत्र	योजना/कार्यविधि	मुख्य बिषयबस्तुहरु	संलग्न गर्नुपर्ने/साथमा रहनु पर्ने कागजातहरू
			• प्रशोधित फोहोर पानीको मात्रा र प्रयोगको अवस्था • प्रशोधित फोहोर पानीको गुणस्तर
२.	पारिस्थितिकीय	• क्षतिपूर्ति बृक्षारोपण • वातावरणीय प्रवाह • मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन • Wildlife vechile Collison	• बिग्रन व्यवस्थापन क्षेत्र (Muck dumping site) मा क्षतिपूर्ति बृक्षरोपणको योजना • आयोजना क्षेत्रमा वन्यजन्तु आक्रमणको अभिलेख • मत्स्य विकास योजनाको कार्यान्वयन स्थितिको अनुगमन र सरोकारवाला विभागसँगको समन्वय • वातावरणीय प्रवाहको रेकर्डहरूको दस्तावेजीकरण डाउनस्ट्रीममा डिस्चार्ज डेटा, नदीको पानीको गुणस्तर रेकर्डहरू • Speed Control mechanism, coordination with traffic police
ग. सामाजिक			
१.	पुनर्स्थापना र पुनर्वास योजना	•प्राविधिक, सामाजिक, आर्थिक र सांस्कृतिक रूपमा सम्भाव्य रोजगारी र रोजगारीका अवसरहरूको नयाँ स्रोत। •आय पुनर्स्थापना कार्यक्रम •सरोकारवाला समुदायसँग परामर्श र उनीहरूको स्वीकृति सहितको पुनर्स्थापना संयन्त्र •समुदायको सहभागिता र आयोजनाको कार्यप्रगति विवरण सार्वजनिकिरणका लागि प्रक्रिया •सरोकारवाला समुदायसँगहरुको सुमधुर सम्वन्ध •गुनासो निवारण प्रक्रियाहरूको स्थापना	• सामाजिक-आर्थिक सम्वन्धित आधारभूत डेटा • स्थानीय समुदायको रोजगारीको विवरण • पुनर्स्थापनामा स्थिति अद्यावधिक • सामुदायिक परामर्शको अभिलेख • उजुरीहरू अभिलेख गरिएको छ र सो का लागि गरिएको कारबाही • पुनर्स्थापना र पुनर्वास योजना अन्तर्गत गरिएका गतिविधिहरूको अद्यावधिक

क्षेत्र	योजना/कार्यविधि	मुख्य बिषयबस्तुहरु	संलग्न गर्नुपर्ने/साथमा रहनु पर्ने कागजातहरू
२.	निर्माण श्रमिक व्यवस्थापन योजना	• सुरक्षा • निर्माण श्रमिकहरुको व्यवहार • आप्रवासी श्रमिक व्यवस्थापन • आधारभूत सुविधाहरू (ईन्धन, खाना, पानी, आवास आदि) • ड्राइभिङ नीतिको पालना • श्रमिकहरुको अन्य क्षेत्रसँगको पहुँचमा नियन्त्रण	• आयोजना क्षेत्रमा रहेका निर्माण व्यवसायी र कामदारहरूको विवरण • पानीको गुणस्तर अनुगमन डाटा • ठोस फोहोर संकलन र व्यवंस्थापन सम्वन्धित रेकर्ड • फायर ड्रिल (Fire Drill) को विवरण • श्रम शिविरको लागि गुनासो रेकर्ड • आगन्तुक र श्रम शिविरका बासिन्दाहरूको विवरण
३.	सार्वजनिक परामर्श सार्वजनिकिकरण योजना	• सरोकारवालाहरुको पहिचान • परामर्श योजना • सूचना सम्प्रेषण • समुदायसँगको संलग्नता	• सार्वजनिक परामर्श बैठकको अभिलेख • सामुदायिक विकास कार्यक्रमका गतिविधिहरूको कागजात र अभिलेख • गुनाशाहरुको अभिलेख र अनुगमनका उपायहरू
घ. स्वास्थ्य र सुरक्षा			
१.	सञ्चालन प्रक्रियाहरू	• विस्फोटक पदार्थहरुको भण्डारण र प्रयोग • वेल्डिंगको कार्य • सबै लिफ्टिंग उपकरणहरूको सुरक्षित प्रयोग • अग्लो स्थानमा रहेर गरिने कार्य • कार्य सञ्चालनको समयमा यांत्रिक/विद्युतीय खतराहरूको रोकथाम,विद्युतीय सुरक्षा, उच्च भोल्टेज क्षेत्रमा कार्य गर्दा सुरक्षा पालन • फोहर संकलन गरि फोहर फाल्ने क्षेत्रमा विसर्जन	
		• क्यान्टिन र वरपरका क्षेत्रबाट फोहोरखाना र फोहोरपानी उत्पादन • ढलको पानीको चुहावट रोक्नु जसको परिणामस्वरूप भूमि प्रदूषण हुनसक्दछ • पेट्रोलियम पदार्थको भण्डारण र प्रयोग • निर्माण सामग्रीको लोडिङ, अनलोडिङ, ढुवानी व्यवस्थापन र भण्डारण	

क्षेत्र	योजना/कार्यविधि	मुख्य बिषयबस्तुहरु	संलग्न गर्नुपर्ने/साथमा रहनु पर्ने कागजातहरू
२.	कार्यअनुमति जारी गर्ने	• सिभिल कामका लागि अनुमति • सीमित क्षेत्रहरू/सुरुङमा हुने कार्य • अग्लो स्थान/उचाइमा हुने कार्य • उच्च तापक्रममा हुने कार्य • विद्युतीय कार्य र अन्य खतराजन्य कार्यहरू	• सबै आवश्यक गतिविधिहरूको लागि वर्क परमिटको रेकर्ड • विभिन्न प्रकारका गतिविधिमा संलग्न व्यक्तिहरूको अभिलेख • सुरुङ र अन्य सीमित क्षेत्रमा काम गर्ने व्यक्तिहरूको रेकर्ड
३.	Personal Protective Equipment (PPE)	• उपलब्धता • भूमिका, जिम्मेवारी र प्रशिक्षण	• साइटमा उपलब्ध Personal Protective Equipment (PPE)को सूची • Personal Protective Equipment (PPE) को प्रयोग सम्वन्धी तालिम
४.	कार्य स्थानको कार्य वातावरण	• प्रकाश/तापमान/तापक्रम • ध्वनी, Indoor air • Ventilation	• कार्य स्थानको कार्य वातावरण संवन्धित कार्य निर्देशन र कागजात • प्रकाश, तापमान/तापक्रम, Indoor air, ध्वनी र Ventilation को निगरानी सम्बन्धि रेकर्ड
५.	विस्फोटक पदार्थ व्यवस्थापन	• भण्डारणको विवरण • भूमिका र जिम्मेवारी • आपतकालीन प्रतिक्रिया उपायहरू	• विस्फोटक पदार्थ सम्बन्धित उपलब्ध र जारी गरिएको कागजात • ह्यान्डलिङ प्रक्रियाको कागजात • भण्डारण प्रक्रियाको कागजात • सुरक्षा र आपतकालीन प्रतिक्रिया योजना • मासिक लेखा परीक्षण रिपोर्ट
६.	ट्राफिक व्यवस्थापन	• ट्राफिक मूल्याङ्कन • ड्राइभर प्रशिक्षण • भूमिका र जिम्मेवारी	• ट्राफिक व्यवस्थापन योजना • साइटमा प्रवेश गर्ने र बाहिर जाने सवारी साधनहरूको रेकर्ड • प्रदूषण जाचपास प्रमाणपत्र, सवारी बीमा, चालक अनुमतिपत्र, दैनिक/साप्ताहिक/मासिक निरीक्षण चेकलिस्ट र चालक प्रशिक्षणको अभिलेख रजिस्टर आदि

क्षेत्र	योजना/कार्यविधि	मुख्य बिषयबस्तुहरु	संलग्न गर्नुपर्ने/साथमा रहनु पर्ने कागजातहरू
७.	स्वास्थ्य र सुरक्षा रिपोर्टिंग	• घटना रिपोर्टिंग • प्रशिक्षण र अद्यावधिक • साइट निरीक्षण • कार्यसम्पादन अनुगमन • सुरक्षा समिति	• सुरक्षा उपकरणहरुको रेकर्ड • कार्यक्षेत्र निरीक्षण प्रतिवेदन • नियामक निकायहरुको निरीक्षण प्रतिवेदन • सुरक्षा समवन्धित टोलीको साप्ताहिक अनुगमन रिपोर्ट • प्राथमिक उपचार लगबुक • सबै प्रशिक्षण रेकर्डहरू र सबै सुरक्षा बैठकहरूको अभिलेख • त्रैमासिक आन्तरिक लेखापरीक्षण प्रतिवेदन • कर्मचारी दुर्घटनाको अभिलेख, दुर्घटना अनुसन्धान प्रतिवेदन • दुर्घटना भएको मिति र समय, दुर्घटना निम्त्याउने घटनाहरूको क्रम • स्वास्थ्य र वातावरणमा दुर्घटनाको प्रभावको मूल्यांकन गर्ने चेकलिस्ट • आपतकालीन अवस्थामा अपनाईने उपाय • यस्ता घटनाहरूको पुनरावृत्ति रोक्नका लागि चालिने कदमहरु
८.	मेडिकल	• मेडिकल चेक-अप • चोटपटक पछि कर्मचारीहरूको फिटनेस	• आयोजनाको कार्यमा संलग्न हुनु अघिको चिकित्सा जाँच रेकर्ड • दुर्घटना पछि फिटनेस चेकअप रेकर्ड, बिरामी र चोटपटकको अभिलेख • औषधि र मेडिकल चेकअपको अभिलेख, मेडिकल चेकअपमा उपस्थित बिरामीहरूको रेकर्ड
९.	अग्नि सुरक्षा	• प्रशिक्षण • उपकरण • नक्कली अभ्यास (Mock drills)	• कार्य क्षेत्रम रहेका अग्नि सुरक्षा उपकरणहरूको सूची • सुरक्षा उपकरणहरूको अनुगमन र निरीक्षणको विवरण • सबै कर्मचारीहरूलाई दिईएको अग्नि सुरक्षा सम्वन्धी प्रशिक्षण विवरण • नक्कली अभ्यास (Mock drills) सो को कार्यतालिका
ङ. रोजगार र मानव संसाधन			
१.	निर्माण ब्यवसायीहरू	• मुख्य कर्मचारी र कामदारप्रतिको प्रतिबद्धता र दायित्व • श्रम सम्वन्धी कानून प्रतिको दायित्व	• करार सम्वन्धी कागजातमा हस्ताक्षर • सबै कामदारहरूको नियुक्ति आदेश

क्षेत्र	योजना/कार्यविधि	मुख्य बिषयबस्तुहरु	संलग्न गर्नुपर्ने/साथमा रहनु पर्ने कागजातहरू
			• सम्पुर्ण विवरणसहित कर्मचारी/श्रमजनशाक्तिको दर्ता • रोलक्रमको अभिलेख • ज्यालाको अभिलेख • ज्यालामा कटौतीको अभिलेख, अतिरिक्त कार्य समय (Overtime) को अभिलेख • जरिवानाको अभिलेख, अग्रिम भुक्तानीको अभिलेख • मानव संसाधन नीति (HR Policy) • वातावरणीय स्वास्थ तथा शुरक्षा नीति (EHS Policy), बिदा सम्वन्धी नीति • सबै प्रशिक्षणहरूको अभिलेख
२.	कर्मचारी	• नियुक्ति आदेश • मानव संसाधन नीति (HR Policy)	• मानव संसाधन नीति • बिदा सम्वन्धी नीति • सबै प्रशिक्षण/तालिमहरूको अभिलेख • माथि उल्लेखित सबै पारिश्रमिक/हाजिरीको अभिलेख • गुनासोको अभिलेख र गरिएको कारबाहीको अभिलेख

अनुसूची ७.८: आयोजना प्रभावितहरुको पुनर्वास कार्य योजना

विषय सूची

संक्षिप्त रुपको सूची ५२३
१. सामान्य परिचय ५२४
१.१ भूमिका ५२४
१.२ पुनर्वास कार्य योजनाको उद्देश्य ५२४
१.३ पुनार्वास कार्य योजनासँग सम्बधित नीति, नियम तथा निर्देशिका ५२५
२. पुनर्वास कार्य योजना अध्ययन विधि ५२६
२.१ सामान्य परिचय ५२६
२.२ कित्ता नापी सर्वेक्षण ५२६
२.३ स्थलगत अध्ययन टोली अभिमुखिकरण ५२६
२.४ प्रभावित सम्पत्तिको लगत तयार ५२६
२.५ घरधुरी सर्वेक्षण ५२७
२.६ सार्वजनिक परामर्श ५२७
२.७ महिला समुह परामर्श ५२७
२.८ जोखिमयुक्त समुदाय परामर्श ५२७
२.९ स्थानीय सरोकारवाला अन्तरक्रिया ५२८
२.१० मुख्य जानाकार सर्वेक्षण ५२८
२.११ तथ्याङ्क विश्लेषण तथा प्रस्तुति ५२८
३. आयोजनाको प्रभाव मूल्याङ्कन ५२९
३.१ सामान्य परिचय ५२९
३.२ आयोजनाबाट प्रभावित हुने घरपरिवार ५२९
३.३ आयोजनाबाट प्रभावित हुने निजी जग्गा ५२९
३.४ आयोजनाबाट प्रभावित हुने निजी घरसंरचना ५३०
३.५ आयोजनाबाट प्रभावित हुने निजी घरसंरचनाका किसिम ५३०
३.६ आयोजनाबाट प्रभावित हुने निजी रुखबिरुवा ५३०
३.७ आयोजनाबाट प्रभावित हुने खेतीपाती ५३१
३.८ भौतिक विस्थापन हुने घरपरिवार ५३१
३.९ गम्भीर रुपले प्रभावित हुने घरपरिवार ५३१
३.१० जोखिमयुक्त आयोजना प्रभावित घरपरिवार ५३२
३.११ आयोजनाबाट प्रभावित हुने सार्वजनिक संरचना ५३२
४. आयोजना प्रभावित क्षेत्रको सामाजिक-आर्थिक अवस्था ५३३
४.१ पृष्ठभूमि ५३३
४.२ भौगोलिक अवस्था ५३३
४.३ आयोजना क्षेत्रको सामाजिक-आर्थिक अवस्था ५३३
४.४ आयोजना प्रभावित घरपरिवारको सामाजिक-आर्थिक अवस्था ५३७
४.५ आयोजना बारेमा जानकारी तथा धारणा ५४६
५. जोखिमयुक्त तथा जनजाति समुदाय विकास कार्यक्रम ५४८
५.१ सामान्य परिचय ५४८

५.२ जोखिमयुक्त समुदाय विकास कार्यक्रमका उद्देश्यहरु ५४८
५.३ आयोजना प्रभावित जोखिमयुक्त घरपरिवार ५४९
५.४ आयोजना प्रभावित जनजाति घरपरिवार ५४९
५.५ जोखिमयुक्त समुदाय परामर्श ५५०
५.६ जोखिमयुक्त समुदाय विकास कार्यक्रम ५५४
५.७ जनजाति समुदाय विकास कार्यक्रम ५५५
५.८ आयोजनामा रोजगारीको अवसर ५५७
५.९ जोखिमयुक्त समुदाय सहभागिता ५५८
६. सार्वजनिक परामर्श छलफल ५५९
६.१ परिचय ५५९
६.२ सार्वजनिक परामर्शमा सहभागी ५५९
६.३ सार्वजनिक परामर्शको विधि ५५९
६.४ सार्वजनिक परामर्शमा उठाइएका सवालहरु ५५९
७. मुआब्जा तथा पुनर्वास सम्बन्धि कानुन, ऐन तथा नीति ५६३
७.१ सामान्य परिचय ५६३
७.२ नेपालको संबिधान २०७२ ..... ५६३
७.३. जग्गा प्राप्ति ऐन २०३४ ..... ५६३
७.४ मालपोत ऐन २०३४ ..... ५६४
७.५ भूमि सम्बन्धि ऐन, २०२१ ..... ५६५
७.६ गुठी संस्थान ऐन, २०३३ ..... ५६५
७.७ जग्गा प्राप्ति, पुनर्वास तथा पुर्नस्थापना सम्बन्धि नीति ५६५
७.८ जोखिमयुक्त समूहहरूमा केन्द्रित नीतिहरु ५६५
७.९ विद्युत ऐन, २०४९ ..... ५६६
७.१० विश्व बैंक अस्वैच्छिक पुनर्वास नीति ५६६
७.११ एसियाली विकास बैंक अस्वैच्छिक पुनर्वास नीति ५६७
८. मुआब्जा तथा जीविकोपार्जन पुनर्स्थापना ५६८
८.१ सामान्य परिचय ५६८
८.२ मुआब्जा तथा क्षतिपूर्ति ५६८
८.३ पुनर्वास तथा पुनर्स्थापना ५६८
८.४ विस्थापन सहायता ५६८
८.५ घरभाडा सहायता ५६९
८.६ स्थानान्तरण सहायता ५६९
८.७ जीविकोपार्जन सहायता ५६९
८.८ जोखिमयुक्त वर्ग सहायता ५६९
८.९ जीविकोपार्जन तालिम ५६९
८.१० आयोजनामा रोजगारीको अवसर ५७०
८.११ अस्थायी भूमि प्रयोगको लागि क्षतिपूर्ति ५७०
८.१२ रूखबिरुवा तथा खेतीबालीको क्षतिपूर्ति ५७०

८.१३ सार्वजनिक संरचनाहरु पुनर्स्थापना ५७०
८.१४ मुआब्जा तथा पुनर्वासको हक अधिकार ५७१
९. पुनर्वास कार्य योजना कार्यन्वयन प्रबन्ध ५७९
९.१ सामान्य परिचय ५७९
९.२ पुनर्वास कार्य योजना कार्यान्वयनका लागि जिम्मेवारीहरू ५७९
९.३ प्रतिवेदन खुलासा ५७९
९.४ केन्द्रीय तहको व्यवस्था ५७९
९.५ आयोजना स्तर व्यवस्था ५८०
९.६ संगठनात्मक रूपरेखा ५८०
९.७ गुनासो निवारण संयन्त्र ५८१
९.८ पुनर्वास कार्य योजना कार्यान्वयन तालिका ५८२
१०. मुआब्जा र पुनर्वास तथा पुनर्स्थापना लागत अनुमान ५८३
१०.१ लागत अनुमान ५८३
१०.२ आयोजनाबाट प्रभावित निजी जग्गाको लागत ५८३
१०.३ आयोजनाबाट प्रभावित निजी घरसंरचनाको लागत ५८३
१०.४ आयोजनाबाट प्रभावित काठ दाउराका रूखहरूको लागत ५८४
१०.५ आयोजनाबाट प्रभावित डालेघाँसका रूखहरूको लागत ५८४
१०.६ आयोजनाबाट प्रभावित हुन सक्ने खेतीबालीको लागत ५८४
१०.७ पुनर्वास सहायता लागत ५८५
१०.८ घरभाडा सहायता लागत ५८५
१०.९ स्थानान्तरण सहायता लागत ५८५
१०.१० जीविकोपार्जन सहायता लागत ५८६
१०.११ जोखिमयुक्त वर्ग सहायता लागत ५८६
१०.१२ जीविकोपार्जन सहायता तालिम कार्यक्रम लागत ५८६
१०.१३ महिला सचेतना तथा आय आर्जन लागत ५८७
१०.१४ जनजाति समुदाय विकास कार्यक्रम लागत ५८७
१०.१५ पुनर्वास कार्य योजना कार्यान्वयन लागत ५८७
१०.१६ बाह्य अनुगमन लागत ५८८
१०.१७ मुआब्जा तथा पुनर्वास कार्य योजना कार्यन्वयन लागत सारांश ५८८
११. अनुगमन तथा मूल्याङ्कन ५९०
११.१ सामान्य परिचय ५९०
११.२ आन्तरिक अनुगमन ५९०
११.३ बाह्य अनुगमन ५९१
११.४ प्रतिवेदन ५९१

तालिकाहरुको सूची

तालिका ३.१: आयोजना प्रभावित घरपरिवारको संख्या ५२९
तालिका ३.२ : आयोजना प्रभावित घरपरिवार तथा जग्गा ५२९

तालिका ३.३: आयोजनाबाट प्रभावित हुने निजि घरसंरचना ५३०
तालिका ३.४ : आयोजनाबाट प्रभावित हुने निजी घरसंरचनाका किसिम.....५३०
तालिका ३.५: आयोजनाबाट प्रभावित हुने रुखबिरुवा संख्या.....५३०
तालिका ३.६: भौतिक विस्थापन हुने आयोजना प्रभावित घरपरिवार.....५३१
तालिका ३.७: गम्भीर रुपले आयोजना प्रभावित घरपरिवार.....५३१
तालिका ३.८: आयोजना प्रभावित जोखिमयुक्त घरपरिवार.....५३२
तालिका ४.१: आयोजना प्रभावित जिल्लाको जनसंख्या.....५३३
तालिका ४.२: आयोजना प्रभावित पालिकाको जनसंख्या ५३४
तालिका ४.३: आयोजना प्रभावित जिल्लाको जातजाति अनुसारको जनसंख्या.....५३४
तालिका ४.४: आयोजना प्रभावित पालिकाको जातजाति अनुसारको जनसंख्या ५३४
तालिका ४.५: आयोजना प्रभावित जिल्लाको साक्षरता अवस्था ५३५
तालिका ४.६: आयोजना प्रभावित पालिकाको साक्षरता अवस्था.....५३५
तालिका ४.७: आयोजना प्रभावित जिल्लाको तह अनुसारको शैक्षिक अवस्था.....५३५
तालिका ४.८: आयोजना प्रभावित पालिकाको तह अनुसारको शैक्षिक अवस्था ५३६
तालिका ४.९: आयोजना प्रभावित जिल्लाको पेशागत स्थिति ५३६
तालिका ४.१०: आयोजना प्रभावित पालिकाको पेशागत अवस्था.....५३७
तालिका ४.११: आयोजना प्रभावित घरपरिवारको संख्या.....५३८
तालिका ४.१२: लिङ्ग अनुसार प्रभावित घरपरिवारको घरमुली ५३८
तालिका ४.१३: आयोजना प्रभावित घरपरिवारको जनसंख्या.....५३८
तालिका ४.१४: आयोजना प्रभावित घरपरिवारको उमेर समूह अनुसार जनसंख्या.....५३९
तालिका ४.१५: आयोजना प्रभावित जनसंख्याको शैक्षिक अवस्था.....५३९
तालिका ४.१६: आयोजना प्रभावित जनसंख्याको पेशागत अवस्था.....५४०
तालिका ४.१७: आयोजना प्रभावित घरपरिवारको जग्गाको स्वामित्व आकार (हेक्टरमा).....५४०
तालिका ४.१८: आयोजना प्रभावित घरपरिवारको जग्गाको स्वामित्वको तह ५४१
तालिका ४.१९: प्रभावित घरपरिवारको वार्षिक पारिवारिक आयको विवरण ५४१
तालिका ४.२०: आयोजना प्रभावित घरपरिवारको आम्दानीको तह ५४२
तालिका ४.२१: आयोजना प्रभावित घरपरिवारको आम्दानीको स्रोत (नेपाली रूपैयामा).....५४२
तालिका ४.२२: आयोजना प्रभावित घरपरिवारको वार्षिक खर्च विवरण ५४३
तालिका ४.२३: आयोजना प्रभावित घरपरिवारको खर्चका शीर्षक.....५४३
तालिका ४.२४: आयोजना प्रभावित घरपरिवारको खाद्य पर्याप्तताको स्थिति.....५४४
तालिका ४.२५: आयोजना प्रभावित घरपरिवारको घरको प्रकार.....५४४
तालिका ४.२६: आयोजना प्रभावित क्षेत्रको खानेपानीका मुख्य स्रोतहरु.....५४५
तालिका ४.२७: आयोजना प्रभावित घरपरिवारको शौचालय प्रयोगको अवस्था.....५४५
तालिका ४.२८: आयोजना प्रभावित घरपरिवारको खाना पकाउने ईन्धनको स्रोत.....५४५
तालिका ४.२९: आयोजना प्रभावित घरपरिवारको बत्ती बाल्ने इन्धनको स्रोत.....५४५
तालिका ४.३०: आयोजना प्रभावित घरपरिवारको आयोजना प्रतिको सहमति.....५४६
तालिका ४.३१: प्रभावित परिवारका नाताले आयोजनासँग अपेक्षा गरिएको कार्यक्रम ५४७
तालिका ५.१: आयोजना प्रभावित प्रभावित जोखिमयुक्त घरपरिवार.....५४९

तालिका ५.२: आयोजना प्रभावित जनजाति बसोबास गरेका गाउँ..... ५५०
तालिका ५.३: महिला समूह परामर्श तालिका ५५०
तालिका ५.४: जनजाति समुदाय परामर्श तालिका.....५५३
तालिका ५.५: आयोजना प्रभावित क्षेत्रमा रहेका जनजाति घरधुरी ५५५
तालिका ६.१: सार्वजनिक परामर्श तालिका ५६०
तालिका ८.१: मुआब्जा तथा पुनर्वासको लागि हक अधिकारको नीति ५७१
तालिका १०.१: आयोजना प्रभावित निजी जग्गाको लागत अनुमान..... ५८३
तालिका १०.२: आयोजना प्रभावित निजी घरसंरचनाको लागत अनुमान ५८४
तालिका १०.३: आयोजना प्रभावित निजी काठदाउराका रुखहरुको लागत अनुमान.....५८४
तालिका १०.४: आयोजना प्रभावित निजी डालेघाँसका रुखबिरुवाहरुको लागत अनुमान.....५८४
तालिका १०.५: आयोजनाबाट प्रभावित हुन सक्ने बालीको लागत अनुमान ५८५
तालिका १०.६: पुनर्वास सहायता लागत अनुमान..... ५८५
तालिका १०.७: घरभाडा सहायता लागत अनुमान ५८५
तालिका १०.८: स्थानान्तरण सहायता लागत अनुमान ५८६
तालिका १०.९: अति प्रभावित घरपरिवार जीविकोपार्जन सहायता लागत अनुमान..... ५८६
तालिका १०.१०: जोखिमयुक्त वर्गका घरपरिवार सहायता लागत अनुमान ५८६
तालिका १०.११: जीविकोपार्जन सहायता तालिमको लागि लागत अनुमान..... ५८७
तालिका १०.१२: महिला सचेतना तथा आय आर्जन कार्यक्रम लागत अनुमान..... ५८७
तालिका १०.१३: पुनर्वास कार्य योजना कार्यान्वयनको लागि लागत अनुमान.....५८८
तालिका १०.१४: बाह्य अनुगमन कार्य लागत अनुमान ५८८
तालिका १०.१५: मुआब्जा तथा पुनर्वास कार्य योजना कार्यन्वयन लागत सारांश.....५८९

संक्षिप्त रुपको सूची

क्र.सं.	:	क्रम संख्या
कि.मि.	:	किलो मिटर
केभी	:	किलो भोल्ट
प.नं.	:	परिचय नम्बर
ने.रु.	:	नेपाली रूपैया
व.मि.	:	वर्ग मिटर
सं.नं.	:	संरचना नम्बर

१. सामान्य परिचय

१.१ भूमिका

सम्भाव्यता र विस्तृत डिजाईन अध्ययनको समयमा जग्गा, घरसंरचना लगायतका अन्य सम्पत्ति क्षति हुनबाट जोगाउन सबै सम्भाव्य विकल्पहरू खोजी गरिएको थियो। तर आयोजना निर्माणको कारण जग्गा जमिन, घरसंरचनाहरु लगायत अन्य सम्पत्ति प्रभावित हुने भएका छन्। आयोजना डिजाइन चरणमा जग्गा र सम्पत्तिमा नकरात्मक असरहरू घटाउन वा कम गर्न यथोचित विचार गरिएको थियो। जग्गा र सम्पत्ति माथिको नकारात्मक प्रभावलाई सम्बोधन गर्नको लागि यो पुनर्वास कार्य योजना तयार गरिएको छ।

१.२ पुनर्वास कार्य योजनाको उद्देश्य

पुनर्वास कार्य योजनाले स्थायी वा अस्थायी रुपमा जग्गा तथा सम्पत्ति अधिग्रहणसँग सम्बन्धित प्रभावहरुलाई सम्बोधन गर्दछ। पुनर्वास कार्य योजनाको मुख्य उद्देश्यहरु निम्न अनुसार रहेका छन्।

- जग्गा अधिग्रहण, मुआब्जा तथा क्षतिपूर्ति र प्रभावित व्यक्ति तथा समुदायहरूको पुनर्वासको नीति तथा प्रक्रियाहरू किटान गर्ने;
- आयोजनाबाट प्रभावित हुने निजी तथा सामुदायिक स्रोतहरूको मूल्याङ्कन गरी क्षतिपूर्ति, पुनर्वास र पुनर्स्थापनाको लागि कानुनी हक अधिकारको निर्धारण गर्ने;
- जग्गा अधिग्रहणबाट हुने नोक्सानी निवारण गर्नको लागि मुआब्जा निर्धारण विधि, मुआब्जा, क्षतिपूर्ति दर निर्धारण, जीविकोपार्जनमा सहायता, प्रभावित व्यक्तिहरूको लागि थप सहायताका उपायहरू निर्धारण, भौतिक रुपले विस्थापन हुने परिवारलाई पुनर्स्थापना गर्ने;
- आयोजना प्रभावित घरपरिवारको आर्थिक-सामाजिक अवस्था पहिचान गर्न प्रभावित घरपरिवारको सामाजिक-आर्थिक स्थिति र सम्पत्ति नोक्सानी सहित सर्वेक्षण गणना गर्ने;
- आदिवासी तथा सिमान्तकृत समूहहरूका लागि स्वतन्त्र, पूर्वसूचित सहमतिको सिद्धान्त लागू गर्ने प्रावधान सहित समयमै जानकारी र अर्थपूर्ण परामर्शको लागि प्रावधान स्थापना गर्ने;
- अर्थपुर्ण सार्वजनिक परामर्श र पुनर्वास कार्य योजना खुलासाको लागि प्रावधान स्थापना गर्ने;
- प्रभावित व्यक्तिहरूको लागि पारदर्शी, पहुँचयोग्य र निःशुल्क गुनासो संयन्त्र स्थापना गर्ने;
- पुनर्वास कार्य योजना कार्यान्वयनको लागि संगठनात्मक संरचना र संस्थागत आवश्यकताहरू पहिचान, पुनर्वास कार्य योजना कार्यान्वयनको तालिका तयार गर्ने;
- पुनर्वास कार्य योजनामा समावेश मुआब्जा, पुनर्वास तथा पुनर्स्थापना गतिविधिहरू कार्यान्वयन र अनुगमनको लागि लागत अनुमान गर्ने;
- आन्तरिक अनुगमन र पुनर्वास कार्य योजना कार्यान्वयनको बाह्य मूल्याङ्कनको लागि प्रावधान व्यवस्था गर्ने।

१.३ पुनार्वास कार्य योजनासँग सम्बधित नीति, नियम तथा निर्देशिका

प्रस्तावित जलविद्युत आयोजना निर्माणसँग सम्बन्धित गतिविधिहरूका लागि जग्गा, घरसंरचना, रुखबिरुवा लगायतका निजी सम्पत्ति अधिग्रहण गर्नु पर्दछ। आयोजनाका कारण केही व्यक्तिहरु विस्थापन हुने देखिन्छ। सम्पत्ति अधिग्रहण, मुआब्जा तथा क्षतिपूर्ति लगायत पुनर्वास तथा पुनर्स्थापनाका उपायहरूको लागि, पुनर्वास कार्य योजना आवश्यक पर्दछ। यस पुनर्वास कार्य योजना तयार पर्दा नेपाल सरकारको जग्गा प्राप्ति ऐन २०३४, पूर्वाधार विकास आयोजनाका लागि जग्गा प्राप्ति, पुनर्वास तथा पुनर्स्थापना सम्बन्धि नीति २०७१, नेपालको संबिधान २०७२, जलस्रोत ऐन २०४९ आदिको प्राबधानलाई अबलम्बन गरिएको छ। यसका साथै नेपालका पुर्बाधार विकास आयोजनाहरुमा सहभागी अन्तराष्ट्रिय दातृ निकायहरुका सामाजिक सुरक्षण नीति तथा प्राबधानहरुलाई पनि अबलम्बन गरिएको छ।

२. पुनर्वास कार्य योजना अध्ययन विधि

२.१ सामान्य परिचय

प्रस्तावित किमाथांका जलविद्युत आयोजनाको अध्ययन अन्तर्गत आयोजनाबाट प्रभावित हुने स्थानको कित्ता नापी सर्वेक्षण, प्रभावित हुने सम्पत्तिको लगत तयार, प्रभावित घरपरिवारको घरधुरी सर्वेक्षण, सार्वजनिक परामर्श, महिला समुह परामर्श, जोखिमयुक्त समुह परामर्श, स्थानीय सरोकारवाला अन्तरक्रिया, मुख्य जानाकार सर्वेक्षण आदि कार्य पर्दछन्। आयोजनाको अध्ययनसँग सम्बन्धित तथ्याङ्क, सूचना, जानकारी आदि संकलन गरी तथ्याङ्क प्रविष्टि, प्रशोधन गरी तालिकीकरण गरियो। प्राप्त तालिकाको आधारमा तथ्याङ्क विश्लेषण गरी अध्ययन प्रतिवेदन तयार पारियो। पुनर्वास कार्य योजनाको स्थलगत अध्ययन २०७९ आषाढ महिना र २०७९ पुष/माघ महिनामा गरिएको थियो।

२.२ कित्ता नापी सर्वेक्षण

आयोजनाको ईन्जिनियरिङ्ग डिजाइन अनुसार कित्ता नापी नक्सामा आयोजनाको डिजाइन मिलाई प्रभावित हुने जग्गाको कित्ता नम्बर र क्षेत्रफल पत्ता लगाइयो। जिल्ला मालपोत कार्यालयबाट प्रभावित हुने कित्ताको स्वामित्व कसको नाममा रहेको छ भन्ने जानकारी प्राप्त गरियो। कित्ता नापीनक्सा सर्वेक्षणको माध्यमबाट आयोजनाका विभिन्न अवयवहरुमा प्रभावित हुने जग्गाको कित्ता नम्बर, क्षेत्रफल र जग्गाको स्वमित्व पत्ता लगाइयो।

२.३ स्थलगत अध्ययन टोली अभिमुखिकरण

स्थलगत अध्ययन टोली परिचालन गर्नु अगाडि स्थलगत अध्ययनको लागि सुपरिवेक्षक, सर्वेक्षक र अन्य सहयोगी सहितको स्थलगत अध्ययन टोली तयार गरियो। स्थलगत अध्ययन टोलीलाई आयोजनाको बारेमा जानकारी, अध्ययनको उद्देश्य, अध्ययन विधि आदिबारेमा जानकारी दिनको लागि दुई दिनको अभिमुखिकरण तालिम आयोजना गरियो। अभिमुखीकरण तालिममा स्थलगत अध्ययन टोलीलाई अध्ययन विधि, अध्ययनमा प्रयोग हुने प्रश्नावली, चेकलिष्ट, अध्ययनबाट प्राप्त गर्नुपर्ने तथ्याङ्क, सूचना, जानकारी आदिको बारेमा विस्तृत जानकारी गराइयो। अध्ययनसँग सम्बन्धित तथ्याङ्क, सूचना, जानकारी प्राप्त गरिने स्रोतको बारेमा जानकारी गराइयो। यसका साथै अध्ययनको क्रममा सम्पर्क गर्नुपर्ने लक्षित व्यक्ति, समुदाय, सरोकारवाला निकाय आदिको बारेमा जानकारी गराइयो।

२.४ प्रभावित सम्पत्तिको लगत तयार

कित्तानापी नक्साको आधारमा आयोजनाबाट प्रभावित हुने जग्गा, घरसंरचना, रुखबिरुवा लगायत अन्य प्रभावित हुने सम्पत्तिको लगत तयार गरियो। यस प्रक्रियामा आयोजनाबाट प्रभावित हुने सम्पुर्ण भौतिक सम्पत्तिको विवरण तयार पारि प्रभावित सम्पत्ति कसको नाममा रहेको छ भनी विस्तृत लगत तयार पारियो। यस क्रममा आयोजनाबाट प्रभावित हुने जग्गाको किसिम, जग्गाको उपयोग र जग्गामा हाल रहेको खेती सम्बन्धि विवरण लिइयो। यसैगरि प्रभावित कित्तामा निर्मित घरसंरचनाहरुको विस्तृत नापजाँच, उपयोग, संरचना किसिम, स्वामित्व आदि विवरण लिनुका साथै

प्रभावित संरचनाको फोटो लिइयो। प्रभावित सम्पत्तिको लगत तयार गर्ने क्रममा आयोजनाबाट प्रभावित कित्तामा रहेका रुखबिरुवाहरुको नाप, किसिम, उमेर आदि विवरण संकलन गरिएको थियो।

२.५ घरधुरी सर्वेक्षण

प्रभावित सम्पत्तिको लगत तयार गरिसकेपछि आयोजना प्रभावित घरपरिवारको सूची तयार गरियो। यस अध्ययनमा आयोजना प्रभावित भएका सम्पुर्ण घरधुरीको सर्वेक्षण गरियो। घरधुरीको सर्वेक्षणको क्रममा प्रभावित घरपरिवारले गुमाउनुपर्ने सम्पत्तिको विवरण, घरपरिवारको प्रकृति, सम्पत्ति प्रभावित हुँदा पर्ने प्रभावको गहनता, विस्थापन अवस्था आदि तथ्याङ्क तथा सूचना संकलन गरियो। यसका साथै प्रभावित घरपरिवारको जनसंख्या, आर्थिक-सामाजिक अवस्था, विद्यमान जीविकोपार्जन स्थिति लगायतका तथ्याङ्क, सूचना तथा जानकारी संकलन गरियो।

२.६ सार्वजनिक परामर्श

आयोजना प्रभावित स्थानका विभिन्न बस्तीहरुमा सार्वजनिक परामर्श वैठक गरियो। आयोजना प्रभावित क्षेत्रका बस्तीहरुमा आयोजना प्रभावित व्यक्तिहरु, महिला समुहका प्रतिनिधिहरु, दलित तथा जनजाति समुदायका प्रतिनिधिहरु, पिछडिएको समुदायका प्रतिनिधिहरु, स्थानीय तहका प्रतिनिधिहरु, जनप्रतिनिधिहरु, सामाजिक संघसंस्थाका प्रतिनिधिहरु, सामाजिक कार्यकर्ता, राजनीतिक दलका प्रतिनिधिहरु, व्यवसायी समुदायका प्रतिनिधिहरु, वुद्धिजिवी वर्ग आदिको सहभागितामा सार्वजनिक परामर्श वैठक गरिएको थियो। वैठकमा आयोजनाको वारेमा जानकारी गराई आयोजनाका विविध प्रभावहरुको वारेमा छलफल गरियो। आयोजनाका कारणले सार्वजनिक सम्पत्तिमाथि पार्नसक्ने प्रभाव, सार्वजनिक सेवासुविधामा पार्नसक्ने प्रभाव, जीवनयापनमा पार्नसक्ने प्रभाव आदि वारेमा छलफल गरियो। यसका साथै आयोजना निर्माणको चरणमा स्थानीय समुदायबाट हुने सहयोग, आयोजनासँग स्थानीय समुदायले गरेका अपेक्षा आदि वारेमा छलफल गरिएको थियो। सार्वजनिक छलफलका क्रममा उठेका बिषयबस्तुहरुको टिपोट गरी रजिस्टरमा माइन्युट उतार गरियो। यसका साथै सार्वजनिक परामर्श चेकलिष्टमा रहेका तथ्याङ्क तथा सूचनाहरु समेत संकलन गरियो।

२.७ महिला समुह परामर्श

महिला समुह परामर्शमा आयोजना प्रभाव क्षेत्रमा रहेका विभिन्न बस्तीहरुमा विभिन्न समुदायका महिलाहरुको सहभागितामा परामर्श छलफल गरियो। महिला समुदाय परामर्श छलफलमा महिलाको विद्यमान अवस्था, महिलामाथि हुने भेदभाव तथा हिंसाका घटनाहरु, आयोजनाले महिलामाथि पार्नसक्ने सकारात्मक तथा नकारात्मक प्रभाव, महिलाको अवस्था सुधारको लागि आयोजनाले गरिदिनुपर्ने कार्यक्रमहरुको अपेक्षा आदि वारेमा छलफल गरियो। छलफलका क्रममा उठेका बिषयबस्तुहरुको टिपोट गरी रजिस्टरमा माइन्युट उतार गरियो।

२.८ जोखिमयुक्त समुदाय परामर्श

जोखिमयुक्त समुदाय परामर्शमा आयोजना प्रभाव क्षेत्रका विभिन्न बस्तीहरुमा रहेका जोखिमयुक्त समुदायको सहभागितामा परामर्श छलफल गरियो। यस क्षेत्रमा रहेका जोखिमयुक्त समुदाय अन्तर्गत

जनजाति समुदाय परामर्श छलफलमा जनजाति समुदायको विद्यमान सामाजिक अवस्था, आर्थिक अवस्था, जीविकोपार्जन स्थिति, आयोजनाले पार्नसक्ने सकारात्मक तथा नकारात्मक प्रभाव, जोखिमयुक्त समुदायको अवस्था सुधारको लागि आयोजनाले गरिदिनुपर्ने कार्यक्रमहरुको अपेक्षा आदि वारेमा छलफल गरियो। छलफलका क्रममा उठेका मुद्दाहरुको टिपोट गरी रजिस्टरमा माइन्युट उतार गरियो।

२.९ स्थानीय सरोकारवाला अन्तरक्रिया

स्थानीय सरोकारवाला अन्तरक्रियामा आयोजनासँग प्रत्यक्ष वा परोक्ष रुपमा सरोकार राख्ने विभिन्न सरोकारवाला संस्था तथा व्यक्तिहरुसँग आयोजनाको वारेमा अन्तरक्रिया गरियो। पालिका प्रतिनिधि, वडा प्रतिनिधि, विद्यालय, स्थानीय संघसंस्था, सामाजिक कार्यकर्ता, राजनीतिक दलका प्रतिनिधि, जिल्लास्थित सरोकारवाला कार्यालयका प्रतिनिधि आदिसँग आयोजनाका विविध पक्षका वारेमा अन्तरक्रिया गरियो। आयोजनाले पार्नसक्ने सकारात्मक तथा नकारात्मक प्रभावका वारेमा छलफल, आयोजनासँग स्थानीय समुदायको अपेक्षा, स्थानीय संघसंस्था तथा समुदायको सहयोग आदिका वारेमा अन्तरक्रिया गरियो। अन्तरक्रियामा छलफल भएका विभिन्न सूचना तथा सुझावहरुलाई स्थानीय सरोकारवाला अन्तरक्रिया चेकलिष्टमा उतार गरियो।

२.१० मुख्य जानाकार सर्वेक्षण

मूख्य जानाकार सर्वेक्षणमा आयोजना प्रभावित क्षेत्रमा रहेका सामाजिक अगुवा, महिला अगुवा, शिक्षक, कृषक अगुवा, अगुवा व्यापारी तथा व्यवसायी, वुद्धिजीवि वर्ग आदिसँग आयोजनाले पार्ने सकारात्मक तथा नकारात्मक प्रभाव, स्थानीयको आयोजना प्रतिको धारणा वारेमा जानकारी हासिल गरियो।

२.११ तथ्याङ्क विश्लेषण तथा प्रस्तुति

सङ्कलन गरिएका सबै तथ्याङ्क, सूचना र जानकारीहरू प्राविधिक विज्ञको सहायतामा छुट्टै सफ्टवेयर निर्माण गरि इलेक्ट्रोनिक प्रशोधन गरेर आवश्यकता अनुसार प्रयोग गर्नका लागि व्यवस्थित गरिएको छ। यस बाहेक, सङ्कलन गरिएका तथ्याङ्क र सूचनाहरूलाई अर्थपूर्ण प्रयोगका लागि विभिन्न शीर्षकहरूमा वर्गीकरण गरिएको छ। सङ्कलित सूचना तथा तथ्याङ्कहरूलाई तालिकामा प्रस्तुत गरि वर्णनात्मक विधि प्रयोग गरी विश्लेषण गरिएको छ।

३. आयोजनाको प्रभाव मूल्याङ्कन

३.१ सामान्य परिचय

प्रस्तावित जलविद्युत आयोजना कार्यन्वयन गर्दा जग्गा, घरसंरचना, रुखबिरुवा लगायतका निजी तथा सार्वजनिक सम्पत्ति क्षति सम्बन्धि केही मुख्य नकारात्मक प्रभावहरू पर्ने देखिन्छ। प्रभावित सम्पत्तिमा निजी जग्गा, निजी घरसंरचना, निजी रुखबिरुवा पर्दछन्। त्यसैगरी सार्वजनिक जग्गा र रुखबिरुवा समेतमा प्रभाव पर्ने देखिन्छ। आयोजनाबाट एक घरपरिवार भौतिक रुपमा विस्थापित हुने देखिन्छ। त्यसैगरी अधिक जग्गा गुमाएर गम्भीर रुपले १८ घरपरिवार प्रभावित हुने देखिन्छ।

३.२ आयोजनाबाट प्रभावित हुने घरपरिवार

यस आयोजनाबाट कुल २१० घरपरिवार प्रभावित हुने देखिन्छ। प्रभावित हुने घरपरिवार मध्ये २०२ घरपरिवारको जग्गा मात्र प्रभावित हुने देखिन्छ, ७ घरपरिवारको जग्गा सहित घरसंरचना प्रभावित हुने देखिन्छ भने १ घरपरिवारको घरसंरचना मात्र प्रभावित हुने देखिन्छ। घरसंरचना मात्र प्रभावित हुने घरपरिवारले अर्काको जग्गामा घरसंरचना निर्माण गरेको पाइन्छ। आयोजना प्रभावित घरपरिवारको संख्या तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ३.१: आयोजना प्रभावित घरपरिवारको संख्या

प्रभाव क्षेत्र	जग्गा मात्र प्रभावित हुने	घरसंरचना सहित जग्गा प्रभावित हुने	घरसंरचना मात्र प्रभावित हुने	कुल घरपरिवार संख्या
बाँध क्षेत्र	२५	७	०	३२
विद्युतगृह क्षेत्र	१७७	०	१	१७८
कुल	**२०२**	**७**	**१**	**२१०**

स्रोतः स्थलगत अध्ययन, २०७९

३.३ आयोजनाबाट प्रभावित हुने निजी जग्गा

किमाथांका अरुण जलविद्युत आयोजना निर्माण गर्दा निकै मात्रामा निजी जग्गा प्रभावित हुने देखिन्छ। आयोजना निर्माणको लागि २०९ घरपरिवारको ५३.६९ हेक्टर निजी जग्गा अधिग्रहण गर्नुपर्ने देखिन्छ। आयोजना प्रभावित घरपरिवारको संख्या र जग्गाको विवरण तल तालिकामा दिइएको छ।

तालिका ३.२ : आयोजना प्रभावित घरपरिवार तथा जग्गा

प्रभाव क्षेत्र	प्रभावित घरपरिवार	प्रभावित कित्ता संख्या	प्रभावित जग्गा (व.मि.)	प्रभावित जग्गा (हेक्टर)
बाँध क्षेत्र	३२	१७७	२००,६५५	२०.०७
विद्युतगृह क्षेत्र	१७७	३१४	३३६,२५९	३३.६३
कुल	**२०९**	**४९१**	**५३६,९१४**	**५३.६९**

स्रोतः स्थलगत अध्ययन, २०७९

३.४ आयोजनाबाट प्रभावित हुने निजी घरसंरचना

प्रस्तावित जलविद्युत आयोजना निर्माणको लागि कुल ११ वटा निजी घरसंरचनाहरू प्रभावित हुने देखिन्छ। प्रभावित संरचनाहरुमा १ आवासीय, ६ बाखाको खोर, १ शौचालय र ३ गाईबस्तुको गोठ रहेका छन्।

तालिका ३.३: आयोजनाबाट प्रभावित हुने निजि घरसंरचना

प्रभाव क्षेत्र	प्रभावित घरपरिवार	घरसंरचना संख्या
बाँध क्षेत्र	७	९
विद्युतगृह क्षेत्र	१	२
कुल	**८**	**११**

स्रोतः स्थलगत अध्ययन, २०७९

३.५ आयोजनाबाट प्रभावित हुने निजी घरसंरचनाका किसिम

आयोजनाबाट प्रभावित धेरै घरसंरचनाहरु काठ ढुङ्गाको जोडाइ र चित्राको छाना भएका छन्। त्यसैगरी ढुङ्गा माटाको जोडाइ र जस्ताको छाना, ढुङ्गा माटाको जोडाइ र काठको छाना, ढुङ्गा माटाको जोडाइ चित्राले बारेको र चित्राको छाना, ढुङ्गा माटाको जोडाइ र माटाको छाना भएका छन्। आयोजना प्रभावित घरसंरचनाको किसिम तथा संख्या सम्बन्धि विवरण तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ३.४: आयोजनाबाट प्रभावित हुने निजी घरसंरचनाका किसिम

घर संरचना किसिम	बाँध क्षेत्र	विद्युतगृह क्षेत्र	कुल संरचना
काठ-ढुंगाको जोडाइ, चित्राले बारेको, चित्राको छाना	६	०	६
ढुङ्गा, माटाको जोडाइ, जस्ताको छाना	१	१	२
ढुङ्गा, माटाको जोडाइ, काठको छाना	१	०	१
ढुङ्गा, माटाको जोडाइ, चित्राले बारेको, चित्राको छाना	१	०	१
ढुङ्गा, माटाको जोडाइ, माटाको छाना	०	१	१
कुल	**९**	**२**	**११**

स्रोतः स्थलगत अध्ययन, २०७९

३.६ आयोजनाबाट प्रभावित हुने निजी रुखबिरुवा

यस आयोजनाबाट कुल ३,९८२ रुखबिरुवा प्रभावित हुने देखिन्छ। प्रभावित रुखबिरुवा मध्ये काठ दाउरा ३,८७४, डालेघाँस ९१ र बाँस १७ घना रहेका छन्। आयोजनाबाट प्रभावित हुने निजी रुखबिरुवाको संख्या तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ३.५: आयोजनाबाट प्रभावित हुने रुखबिरुवा संख्या

रुखबिरुवा	बाँध क्षेत्र	विद्युतगृह क्षेत्र	कुल संख्या
काठदाउरा	१,७५९	२,११५	३,८७४
बाँस घना	०	१७	१७

रुखबिरुवा	बाँध क्षेत्र	विद्युतगृह क्षेत्र	कुल संख्या
डालेघाँस	०	९१	९१
कुल	**१,७५९**	**२,२२३**	**३,९८२**

स्रोतः स्थलगत अध्ययन, २०७९

३.७ आयोजनाबाट प्रभावित हुने खेतीपाती

यस आयोजनाबाट केहि मात्रामा खेतीयोग्य जमिन प्रभावित हुने देखिन्छ। खेतीयोग्य जमिन प्रभावित हुने जग्गाधनीलाई अग्रिम सूचना दिएर अन्नबाली काट्न सुचित गरिनेछ। आयोजनाको कारणले खेतीपाती क्षति हुन गएमा स्थानीय चलनचल्तीको मूल्याङ्कन अनुसार क्षतिपूर्ति दिइनेछ। आयोजना कार्यन्वयन गर्नु अघि प्रभावित हुने खेतीपातीको उचित मूल्याङ्कन गरि क्षतिपूर्तिको व्यवस्था गरिनेछ।

३.८ भौतिक विस्थापन हुने घरपरिवार

आयोजना प्रभावित घरधुरी सर्वेक्षण गर्दा प्राप्त सूचनाका आधारमा आयोजनाबाट आवासीय घर प्रभावित हुने र आवास सर्नको लागि वैकल्पिक घर नभएका घरपरिवारलाई गम्भीर रुपले प्रभावित अर्थात् भौतिक विस्थापनको रुपमा लिइएको छ। पहुँच सडक निर्माण गर्दा आवासीय घर प्रभावित भई विस्थापन हुने घरपरिवारको संख्या एक मात्र रहेको छ।भौतिक रुपमा विस्थापन हुने घरपरिवारको संख्या तल तालिकामा प्रस्तुत गरिएको।

तालिका ३.६: भौतिक विस्थापन हुने आयोजना प्रभावित घरपरिवार

बाँध क्षेत्र	विद्युतगृह क्षेत्र	कुल संख्या
-	१	१

स्रोतः स्थलगत अध्ययन, २०७९

३.९ गम्भीर रुपले प्रभावित हुने घरपरिवार

आयोजना प्रभावित घरधुरी सर्वेक्षण गर्दा प्राप्त सूचनाका आधारमा आयोजनाबाट अधिक जग्गा प्रभावित भइ उत्पादनमा बाधा पर्ने घरपरिवारलाई गम्भीर रुपले प्रभावित घरपरिवारको रुपमा लिइएको छ। कुल जग्गा ०.२५ हेक्टर वा सो भन्दा कम भएका र कुल जग्गाको १० प्रतिशत भन्दा बढी प्रभावित हुने र कुल जग्गा ०.२५ हेक्टर भन्दा बढी भएका र कुल जग्गाको २५ प्रतिशत भन्दा बढी प्रभावित हुने घरपरिवारलाई अति प्रभावित घरपरिवारको रुपमा लिइएको छ। यस आयोजनामा अधिक जग्गा गुमाएर गम्भीर रुपले प्रभावित हुने घरपरिवार संख्या १८ रहेको छ। अधिक जग्गा गुमाई गम्भीर रुपले आयोजना प्रभावित घरपरिवारको संख्या तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ३.७: गम्भीर रुपले आयोजना प्रभावित घरपरिवार

बाँध क्षेत्र	विद्युतगृह क्षेत्र	कुल संख्या
८	१०	१८

स्रोतः स्थलगत अध्ययन, २०७९

३.१० जोखिमयुक्त आयोजना प्रभावित घरपरिवार

आयोजना प्रभावित घरपरिवारहरुमा केहि संख्यामा एकल महिला घरपरिवार, महिला प्रधान घरपरिवार, ज्येष्ठ सदस्य घरपरिवार, भूमिहिन घरपरिवार, दलित घरपरिवार आदि जोखिमयुक्त समूहहरूको उपस्थिति देखिन्छ। आयोजना प्रभावित घरपरिवारको सम्पत्ति नोक्सान लगत संकलन तथा प्रभावित घरपरिवार सर्वेक्षण अध्ययनको आधारमा जोखिमयुक्त वर्गका १८८ घरपरिवारको पहिचान भएको छ। आयोजना क्षेत्रमा रहेका सम्पूर्ण प्रभावित घरपरिवार आदिवासी जनजाति समूह अन्तर्गत पर्दछन्। आदिवासी समुदाय अन्तर्गत केहि घरपरिवार एकल महिला, महिला प्रधान घरपरिवार, असक्त सदस्य घरपरिवार, ज्येष्ठ सदस्य घरपरिवार रहेका छन्। स्थलगत सर्वेक्षणमा अनुपस्थित घरपरिवारलाई यस अध्ययनमा समेटिएको छैन। आयोजना कार्यन्वयनको चरणमा थप जोखिमयुक्त घरपरिवार पहिचान भएमा सम्बोधन गरिनेछ। आयोजना प्रभावित जोखिमयुक्त घरपरिवारको संख्या तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ३.८: आयोजना प्रभावित जोखिमयुक्त घरपरिवार

जोखिमयुक्त अवस्था	बाँध क्षेत्र	विद्युतगृह क्षेत्र	कुल संख्या
आदिवासी जनजाति घरपरिवार	२८	१५१	१७९
जनजाति तथा महिला प्रधान घरपरिवार	०	२	२
जनजाति तथा एकल महिला घरपरिवार	१	३	४
जनजाति तथा ज्येष्ठ सदस्य घरपरिवार	०	२	२
जनजाति तथा अशक्त घरपरिवार	०	१	१
कुल	**२९**	**१५९**	**१८८**

स्रोतः स्थलगत अध्ययन, २०७९

३.११ आयोजनाबाट प्रभावित हुने सार्वजनिक संरचना

प्रस्तावित आयोजनाबाट कुनै पनि सार्वजनिक संरचनाहरु प्रभावित हुने देखिदैन। यदि आयोजना कार्यान्वयन चरणमा कुनै सार्वजनिक संरचना प्रभावित हुने अवस्था आएमा सरोकारवालासँग समन्वय गरि पुनर्स्थापना गरिने छ।

४. आयोजना प्रभावित क्षेत्रको सामाजिक-आर्थिक अवस्था

४.१ पृष्ठभूमि

संखुवासभा जिल्लाको अरुण नदीमा प्रस्ताव गरिएको किमाथांका जलविद्युत आयोजनाको प्रत्यक्ष प्रभाव क्षेत्र भोटखोला गाउँपालिका रहेको छ। कोशी प्रदेश अन्तर्गत अवस्थित संखुवासभा जिल्लाको सदरमुकाम खाँदबारीमा रहेको छ। त्यसैगरी कोशी प्रदेशको राजधानी मोरङ्ग जिल्लाको विराटनगरमा रहेको छ।

४.२ भौगोलिक अवस्था

संखुवासभा जिल्ला समुद्री सतहबाट ३०० मिटर देखि ८,४६३ मिटर उचाईसम्म फैलिएको छ। संखुवासभा कोशी प्रदेश अन्तर्गत रहेको एक हिमाली जिल्ला हो। नेपालको मानचित्रमा यो जिल्ला २७ डिग्री ०६ मिनेट देखि २७ डिग्री ५५ मिनेट उत्तरी अक्षांश र ८६ डिग्री ५७ मिनेट देखि ८७ डिग्री ४० मिनेट पूर्वी देशान्तरमा पर्दछ। संखुवासभा जिल्लाको कुल क्षेत्रफल ३,४६८.१७ वर्ग कि.मि. रहेको छ। नेपालको कुल क्षेत्रफलको करिब २.३६ प्रतिशत हिस्सा ओगट्ने यस जिल्लामा समुद्री सतहबाट ३०० मिटर उचाईमा रहेको पिलुवा-अरुण दोभान देखि ८,४६३ मिटरको उचाईमा रहेको मकालु हिमाल पर्दछन्। जलविद्युत आयोजनाको प्रभाव क्षेत्र अन्तर्गत संखुवासभा जिल्लामा रहेको भोटखोला गाउँपालिकाको क्षेत्रफल ६३९.०१ वर्ग कि.मि. रहेको छ।

४.३ आयोजना क्षेत्रको सामाजिक-आर्थिक अवस्था

किमाथांका जलविद्युत आयोजनाको प्रभाव क्षेत्र अन्तर्गत संखुवासभा जिल्लाको भोटखोला गाउँपालिका पर्दछ। आयोजना प्रभावित जिल्ला तथा पालिकाको सामाजिक तथा आर्थिक विवरण द्वितीय स्रोततबाट लिइएको छ भने आयोजना प्रभावित घरपरिवारको सामाजिक आर्थिक विवरण स्थलगत अध्ययनबाट प्राप्त गरिएको छ।

४.३.१ जनसंख्या विवरण

राष्ट्रिय जनगणना २०७८ अनुसार आयोजना प्रभावित संखुवासभा जिल्लाको कुल जनसंख्या १५८,०४१ रहेको छ। कुल जनसंख्या मध्ये पुरुष ५०.४ प्रतिशत र महिला ४९.६ प्रतिशत रहेका छन्। परिवारको औसत आकार ४ रहेको छ भने लैंगिक अनुपात १०१.४ रहेको छ। आयोजना प्रभावित जिल्लाको लिङ्ग अनुसारको जनसंख्या तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ४.१: आयोजना प्रभावित जिल्लाको जनसंख्या

घरधुरी संख्या	पुरुष		महिला		कुल जनसंख्या	परिवारको आकार	लैंगिक अनुपात
	संख्या	प्रतिशत	संख्या	प्रतिशत			
३९,१७३	७९,५७९	५०.४	७८,४६२	४९.६	१५८,०४१	४.०	१०१.४

स्रोतः नेपालको राष्ट्रिय जनसंख्या तथा घरधुरी सर्वेक्षण २०७८, राष्ट्रिय तथ्याङ्क कार्यलय, २०७९

राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार आयोजना प्रभावित भोटखोला गाउँपालिकाको कुल जनसंख्या ६,४३८ रहेको छ। पुरुष र महिलाको जनसंख्या क्रमश ४९.७ प्रतिशत र ५०.३

प्रतिशत रहेको छ। परिवारको औसत आकार ३.८ रहेको छ। आयोजना प्रभावित पालिकाको लैंगिक अनुपात ९८.८ रहेको छ। आयोजना प्रभावित पालिकाको जनसंख्या विवरण तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ४.२: आयोजना प्रभावित पालिकाको जनसंख्या

घरधुरी संख्या	पुरुष		महिला		कुल जनसंख्या	परिवारको आकार	लैंगिक अनुपात
	संख्या	प्रतिशत	संख्या	प्रतिशत			
१,६८४	३,२००	४९.७	३,२३८	५०.३	६,४३८	३.८	९८.८

स्रोतः नेपालको राष्ट्रिय जनसंख्या तथा घरधुरी सर्वेक्षण २०७८, राष्ट्रिय तथ्याङ्क कार्यलय, २०७९

४.३.२ जातजाति विवरण

आयोजना प्रभावित जिल्लामा मुख्य रुपमा ब्राह्मण-क्षेत्री, जनजाति र दलितको बसोबास रहेको देखिन्छ। नेपालको राष्ट्रिय जनगणना २०७८ अनुसार आयोजना प्रभावित जिल्लामा कुल जनसंख्याको २१.८ प्रतिशत ब्राह्मण-क्षेत्रीको जनसंख्या रहेको छ भने जनजाति समुदायको जनसंख्या ६८.३ प्रतिशत रहेको छ। त्यसैगरी भने दलित समुदायको जनसंख्या ८.५ प्रतिशत रहेको छ। आयोजना प्रभावित जिल्लाको जातजाति अनुसार जनसंख्या तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ४.३: आयोजना प्रभावित जिल्लाको जातजाति अनुसारको जनसंख्या

ब्राह्मण-क्षेत्री		जनजाति		दलित		अन्य		कुल	
संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
३४,४२४	२१.८	१०७,८८३	६८.३	१३,३७८	८.५	२,३५६	१.५	१५८,०४१	१००.०

स्रोतः नेपालको राष्ट्रिय जनसंख्या तथा घरधुरी सर्वेक्षण २०७८, राष्ट्रिय तथ्याङ्क कार्यलय, २०७९

आयोजना प्रभावित पालिकाको कुल जनसंख्या मध्ये ब्राह्मण-क्षेत्रीको जनसंख्या ०.२ प्रतिशत रहेको छ। आयोजना प्रभावित पालिका जनजाति बाहुल्य पालिकाको रुपमा चिनिन्छ। यस पालिकामा कुल जनसंख्याको ९७.६ प्रतिशत जनजाति समुदायको रहेको छ। त्यसैगरी दलित समुहको जनसंख्या १.६ प्रतिशत रहेको छ। आयोजना प्रभावित पालिकाको जातजाति अनुसारको जनसंख्या तल तालिकामा देखाईएको छ।

तालिका ४.४: आयोजना प्रभावित पालिकाको जातजाति अनुसारको जनसंख्या

ब्राह्मण-क्षेत्री		जनजाति		दलित		अन्य		कुल	
संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
१०	०.२	६,२८४	९७.६	१०६	१.६	३८	०.६	६,४३८	१००.०

स्रोतः नेपालको राष्ट्रिय जनसंख्या तथा घरधुरी सर्वेक्षण २०७८, राष्ट्रिय तथ्याङ्क कार्यलय, २०७९

४.३.३ साक्षरता अवस्था

नेपालको राष्ट्रिय जनसंख्या तथा घरधुरी सर्वेक्षण २०७८ अनुसार नेपालको समग्र साक्षरता ७६.२ प्रतिशत रहेको पाइन्छ भने पुरुष र महिलाको साक्षरता क्रमश ८३.६ प्रतिशत र ६९.४ प्रतिशत रहेको छ। आयोजना प्रभावित जिल्लाको समग्र साक्षरता ७९.७ प्रतिशत छ जसमा पुरुष साक्षरता

८६.४ प्रतिशत र महिला साक्षरता ७२.९ प्रतिशत छ। आयोजना प्रभावित जिल्लाको साक्षरता नेपालको भन्दा बढी रहेको देखिन्छ। आयोजना प्रभावित जिल्लाको साक्षरता स्थिति तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ४.५: आयोजना प्रभावित जिल्लाको साक्षरता अवस्था

लिङ्ग	साक्षर		निरक्षर		कुल जनसंख्या
	संख्या	प्रतिशत	संख्या	प्रतिशत	
पुरुष	६३,४०३	८६.४	९,९७७	१३.६	७३,३८०
महिला	५३,०४६	७२.९	१९,६७९	२७.१	७२,७२५
कुल	**११६,४४९**	**७९.७**	**२९,६५६**	**२०.३**	**१४६,१०५**

स्रोतः नेपालको राष्ट्रिय जनसंख्या तथा घरधुरी सर्वेक्षण २०७८, राष्ट्रिय तथ्याङ्क कार्यलय, २०७९

आयोजना प्रभावित पालिकाको समग्र साक्षरता ६१.१ प्रतिशत रहेको पाइन्छ। पुरुष र महिलाको साक्षरता क्रमश ६८.५ प्रतिशत र ५३.८ प्रतिशत रहेको छ। आयोजना प्रभावित पालिकाको साक्षरता राष्ट्रिय तथा जिल्लाको तुलनामा न्यून रहेको देखिन्छ। आयोजना प्रभावित पालिकाको साक्षरता स्थिति तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ४.६: आयोजना प्रभावित पालिकाको साक्षरता अवस्था

लिङ्ग	साक्षर		निरक्षर		कुल जनसंख्या
	संख्या	प्रतिशत	संख्या	प्रतिशत	
पुरुष	२,०१३	६८.५	९२७	३१.५	२,९४०
महिला	१,६०५	५३.८	१,३७७	४६.२	२,९८२
कुल	**३,६१८**	**६१.१**	**२,३०४**	**३८.९**	**५,९२२**

स्रोतः नेपालको राष्ट्रिय जनसंख्या तथा घरधुरी सर्वेक्षण २०७८, राष्ट्रिय तथ्याङ्क कार्यलय, २०७९

४.३.४ शैक्षिक अवस्था

आयोजना प्रभावित जिल्लाको समग्र तहगत शैक्षिक अवस्थालाई हेर्दा आधारभुत तह उतिर्ण गर्ने जनसंख्या ६२.१ प्रतिशत रहेको पाइन्छ। त्यसैगरी माध्यमिक उतिर्ण गर्ने १६.५ प्रतिशत, एसएलसी वा एसईई उतिर्ण गर्ने ८.८ प्रतिशत, प्रविणता प्रमाण पत्र वा बाह्र कक्षा उतिर्ण गर्ने ९.१ प्रतिशत, स्नातक तह उतिर्ण गर्ने २.३ प्रतिशत र स्नातकोत्तर वा माथिल्लो तह उतिर्ण गर्ने १.१ प्रतिशत रहेको पाइन्छ। आयोजना प्रभावित जिल्लाको विभिन्न तह अनुसारको शैक्षिक अवस्था तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ४.७: आयोजना प्रभावित जिल्लाको तह अनुसारको शैक्षिक अवस्था

शैक्षिक तह	पुरुष		महिला		कुल	
	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
आधारभुत	३८,१५६	६१.५	३२,१४२	६२.८	७०,२९८	६२.१
माध्यमिक	१०,४५३	१६.९	८,२४६	१६.१	१८,६९९	१६.५
एसएलसी वा एसईई	५,४४७	८.८	४,५३८	८.९	९,९८५	८.८

शैक्षिक तह	पुरुष		महिला		कुल	
	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
प्रमाण पत्र वा बाह्र कक्षा	५,५०५	८.९	४,७९०	९.४	१०,२९५	९.१
स्नातक	१,५५२	२.५	१,१०१	२.२	२,६५३	२.३
स्नातकोत्तर वा माथि	९१९	१.५	३६४	०.७	१,२८३	१.१
कुल	**६२,०३२**	**१००.०**	**५१,१८१**	**१००.०**	**११३,२१३**	**१००.०**

स्रोतः नेपालको राष्ट्रिय जनसंख्या तथा घरधुरी सर्वेक्षण २०७८, राष्ट्रिय तथ्याङ्क कार्यलय, २०७९

आयोजना प्रभावित पालिकाको समग्र शैक्षिक अवस्थालाई हेर्दा आधारभुत तह उतिर्ण गर्ने जनसंख्या ७१.२ प्रतिशत रहेको पाइन्छ। माध्यमिक तह उतिर्ण गर्ने १२.७ प्रतिशत, एसएलसी वा एसईई उतिर्ण गर्ने ७.५ प्रतिशत, प्रविणता प्रमाण पत्र वा बाह्र कक्षा उतिर्ण गर्ने ६.९ प्रतिशत, स्नातक उतिर्ण गर्ने १.२ प्रतिशत रहेको पाइन्छ। त्यसैगरी स्नातकोत्तर वा माथिको तह उतिर्ण गर्ने ०.६ प्रतिशत रहेको पाइन्छ। आयोजना प्रभावित पालिकाको विभिन्न तह अनुसारको शैक्षिक अवस्थालाई तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ४.८: आयोजना प्रभावित पालिकाको तह अनुसारको शैक्षिक अवस्था

शैक्षिक तह	पुरुष		महिला		कुल	
	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
आधारभुत	१,३५७	७०.५	१,०९६	७२.१	२,४५३	७१.२
माध्यमिक	२४०	१२.५	१९६	१२.९	४३६	१२.७
एसएलसी वा एसईई	१५१	७.८	१०६	७.०	२५७	७.५
प्रमाण पत्र वा बाह्र कक्षा	१३४	७.०	१०३	६.८	२३७	६.९
स्नातक	२९	१.५	१४	०.९	४३	१.२
स्नातकोत्तर वा माथि	१४	०.७	६	०.४	२०	०.६
कुल	**१,९२५**	**१००.०**	**१,५२१**	**१००.०**	**३,४४६**	**१००.०**

स्रोतः नेपालको राष्ट्रिय जनसंख्या तथा घरधुरी सर्वेक्षण २०७८, राष्ट्रिय तथ्याङ्क कार्यलय, २०७९

४.३.५ पेशागत स्थिति

राष्ट्रिय जनगणना २०७८ अनुसार आयोजना प्रभावित जिल्लामा आर्थिक रुपले सक्रिय जनसंख्याको आर्थिक गतिविधिलाई हेर्दा कृषि, वन तथा माछापालन कामदार ७९ प्रतिशत, सामान्य वा प्राथमिक पेशाका कामदार ५.२ प्रतिशत, सेवा तथा वस्तु बिक्री कामदार ३.८ प्रतिशत, व्यवस्थापक ३.२ प्रतिशत, पेशाविद् २.८ प्रतिशत, शिल्पकला तथा कालिगढ र बिक्री कामदार २.३ प्रतिशत, यन्त्र, मेसिन अपरेटर र जडान कामदार १.३ प्रतिशत, प्राविधिक तथा सहायक पेशाविद् १.३ प्रतिशत रहेका छन्। आयोजना प्रभावित जिल्लाको पेशागत अवस्था तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ४.९: आयोजना प्रभावित जिल्लाको पेशागत स्थिति

पेशागत क्षेत्र	पुरुष		महिला		कुल	
	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
कृषि, वन र माछापालन कामदार	३९,९८४	७३.७	४४,४९५	८४.४	८४,४७९	७९.०
सैनिक अधिकारी	६५८	१.२	१५	०.०	६७३	०.६

पेशागत क्षेत्र	पुरुष		महिला		कुल	
	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
व्यवस्थापक	२,००१	३.७	१,३८२	२.६	३,३८३	३.२
पेशाविद्	१,८१९	३.४	१,१६१	२.२	२,९८०	२.८
प्राविधिक तथा सहायक पेशाविद्	९७०	१.८	३८१	०.७	१,३५१	१.३
कार्यालय सहायक	३६६	०.७	१९१	०.४	५५७	०.५
सेवा तथा वस्तु बिक्री कामदार	२,०६६	३.८	२,०२२	३.८	४,०८८	३.८
शिल्पकला, कालिगढ र बिक्री कामदार	२,००८	३.७	४५९	०.९	२,४६७	२.३
यन्त्र, मेसिन अपरेटर र जडान कामदार	१,३६८	२.५	४६	०.१	१,४१४	१.३
सामान्य वा प्राथमिक पेशाका कामदार	२,९८३	५.५	२,५७०	४.९	५,५५३	५.२
उल्लेख नभएको	१०	०.०	९	०.०	१९	०.०
कुल	**५४,२३३**	**१००.०**	**५२,७३१**	**१००.०**	**१०६,९६४**	**१००.०**

स्रोतः नेपालको राष्ट्रिय जनसंख्या तथा घरधुरी सर्वेक्षण २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७९

आयोजना प्रभावित पालिकामा आर्थिक रुपले सक्रिय जनसंख्याको आर्थिक गतिविधिलाई हेर्दा कृषि, वन तथा माछापालन कार्यका कामदार ९० प्रतिशत, पेशाविद् २.२ प्रतिशत, सामान्य वा प्राथमिक पेशाका कामदार २.१ प्रतिशत, व्यवस्थापक १.७ प्रतिशत, सेवा तथा वस्तु बिक्री कामदार १.४ प्रतिशत, प्राविधिक तथा सहायक पेशाविद् १ प्रतिशत रहेका छन्। आयोजना प्रभावित पालिकाको पेशागत अवस्था तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ४.१०: आयोजना प्रभावित पालिकाको पेशागत अवस्था

पेशागत क्षेत्र	पुरुष		महिला		कुल	
	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
कृषि, वन र माछापालन कामदार	१,८०३	८८.३	१,९१६	९१.७	३,७१९	९०.०
सैनिक अधिकारी	२	०.१	०	०.०	२	०.०
व्यवस्थापक	३८	१.९	३१	१.५	६९	१.७
पेशाविद्	५१	२.५	३९	१.९	९०	२.२
प्राविधिक तथा सहायक पेशाविद्	१९	०.९	२३	१.१	४२	१.०
कार्यालय सहायक	१५	०.७	३	०.१	१८	०.४
सेवा तथा वस्तु बिक्री कामदार	३२	१.६	२६	१.२	५८	१.४
शिल्पकला, कालिगढ र बिक्री कामदार	१९	०.९	१२	०.६	३१	०.८
यन्त्र, मेसिन अपरेटर र जडान कामदार	१३	०.६	१	०.०	१४	०.३
सामान्य वा प्राथमिक पेशाका कामदार	४९	२.४	३८	१.८	८७	२.१
उल्लेख नभएको	०	०.०	०	०.०	०	०.०
कुल	**२,०४१**	**१००.०**	**२,०८९**	**१००.०**	**४,१३०**	**१००.०**

स्रोतः नेपालको राष्ट्रिय जनसंख्या तथा घरधुरी सर्वेक्षण २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७९

४.४ आयोजना प्रभावित घरपरिवारको सामाजिक-आर्थिक अवस्था

प्रस्तावित किमाथांका जलविद्युत आयोजनाको स्थलगत सर्वेक्षण आयोजना प्रभावित घरपरिवारको सामाजिक-आर्थिक जानकारी प्राप्त गर्ने उद्देश्यले गरिएको हो। घरपरिवार सर्वेक्षणबाट प्राप्त जानकारी

पुनर्वास कार्य योजनाको तयारीको लागि उपयोगी हुनेछ। आयोजनाबाट प्रत्यक्ष रुपमा प्रभावित घरपरिवारहरुको सामाजिक तथा आर्थिक विवरण यस अध्यायमा समेटिएको छ।

४.४.१ आयोजनाबाट प्रभावित हुने घरपरिवार

यस आयोजनाबाट कुल २१० घरपरिवार जग्गा तथा घरसंरचना गुमाएर प्रत्यक्ष रुपमा प्रभावित हुने देखिन्छ जसमध्ये २०२ घरपरिवारको जग्गा मात्र प्रभावित हुने देखिन्छ, ७ घरपरिवारको घरसंरचना सहित जग्गा प्रभावित हुने देखिन्छ भने एक घरपरिवारको घरसंरचना मात्र प्रभावित हुने देखिन्छ। प्रभावित घरपरिवार मध्ये २२ घरपरिवार घरधुरी सर्वेक्षणको समयमा अनुपस्थित रहेका थिए। अनुपस्थित प्रायजसो प्रभावित घरपरिवारहरुको बसोबास आयोजना स्थलभन्दा बाहिर रहेको जानकारी प्राप्त भयो भने केही घरपरिवार स्थलगत अध्ययनको समयमा आयोजना स्थाल भन्दा बाहिर गएकोले सर्वेक्षणमा छुटेका थिए। आयोजना प्रभावित घरपरिवारको घरधुरी सर्वेक्षण विवरण तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ४.११: आयोजना प्रभावित घरपरिवारको संख्या

प्रभावित घरपरिवार संख्या	सर्वेक्षण गरिएका परिवार संख्या	सर्वेक्षणमा अनुपस्थित परिवार संख्या	सर्वेक्षणमा अनुपस्थित परिवार प्रतिशत
२१०	१८८	२२	१०.५

स्रोतः स्थलगत अध्ययन, २०७९

४.४.२ प्रभावित घरपरिवारको लिङ्ग अनुसार घरमुली

सर्वेक्षण गरिएका १८८ घरपरिवार मध्ये पुरुष घरमुली भएका १६३ अर्थात् ८६.७ प्रतिशत रहेका छन्। त्यसैगरी महिला घरमुली भएका घरपरिवार २५ अर्थात १३.३ प्रतिशत रहेका छन्। लिङ्गको आधारमा प्रभावित घरपरिवारको घरमुली विवरण तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ४.१२: लिङ्ग अनुसार प्रभावित घरपरिवारको घरमुली

पुरुष		महिला		कुल
संख्या	प्रतिशत	संख्या	प्रतिशत	
१६३	८६.७	२५	१३.३	१८८

स्रोतः स्थलगत अध्ययन, २०७९

४.४.३ प्रभावित परिवारको जनसंख्या

आयोजना प्रभावित सर्वेक्षण गरिएका १८८ घरपरिवारको कुल जनसंख्या १,०१४ रहेको छ। पुरुष र महिलाको जनसंख्या क्रमश ५०.७ प्रतिशत र ४९.३ प्रतिशत रहेको छ। परिवारको औसत आकार ५.४ रहेको छ। आयोजना प्रभावित घरपरिवारको लैंगिक अनुपात १०२.८ रहेको छ। सर्वेक्षण गरिएका घरधुरीहरुको जनसंख्या विवरण तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ४.१३: आयोजना प्रभावित घरपरिवारको जनसंख्या

पुरुष		महिला		कुल जनसंख्या	कुल घरधुरी	परिवारको आकार	लैंगिक अनुपात
संख्या	प्रतिशत	संख्या	प्रतिशत				
५१४	५०.७	५००	४९.३	१,०१४	१८८	५.४	१०२.८

स्रोतः स्थलगत अध्ययन, २०७९

उमेरको समुहको आधारमा जनसंख्यालाई ५ वर्ष भन्दा कम, ५-१४ वर्ष, १५-५९ वर्ष र ६० वर्ष वा माथिको उमेर समूहमा वर्गीकरण गरिएको छ। आयोजना प्रभावित सर्वेक्षण गरिएका घरधुरीहरुमा ५ वर्ष भन्दा कम उमेर समूहको जनसंख्या ३.७ प्रतिशत रहेको छ भने ५-१४ वर्ष उमेर समूहको जनसंख्या १४.८ प्रतिशत रहेको छ। आर्थिक रुपमा सक्रिय अर्थात् १५-५९ वर्ष उमेर समूहको जनसंख्या ७१ प्रतिशत रहेको छ। त्यसैगरी ६० वर्ष वा माथिको उमेर समूहको जनसंख्या १०.५ प्रतिशत रहेको छ। सर्वेक्षण गरिएका आयोजना प्रभावित घरपरिवारको जनसंख्यालाई उमेर समूह अनुसार तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ४.१४: आयोजना प्रभावित घरपरिवारको उमेर समूह अनुसार जनसंख्या

५ वर्ष कम		५-१४ वर्ष		१५-५९ वर्ष		६० वर्ष र माथि		कुल संख्या
संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत	
३८	३.७	१५०	१४.८	७२०	७१.०	१०६	१०.५	१,०१४

स्रोतः स्थलगत अध्ययन, २०७९

४.४.४ जातजाति बनाबट

आयोजना प्रभावित पालिकामा जनजाति, ब्राह्मण-क्षेत्री तथा दलित समुदायको बसोबास रहेता पनि जनजाति बाहुल्य रहेको देखिन्छ। आयोजना प्रभावित सर्वेक्षण गरिएका सम्पूर्ण १८८ घरपरिवार जनजाति समुदायका रहेका छन्।

४.४.५ शैशिक अवस्था

शैक्षिक अवस्था गणनामा प्रभावित जनसंख्याको ५ वर्ष वा सोभन्दा माथिको जनसंख्यालाई लिइएको छ। आयोजना प्रभावित घरपरिवारको समग्र साक्षरता ८६.५ प्रतिशत रहेको छ भने पुरुषको साक्षरता ९१.५ प्रतिशत र महिलाको साक्षरता ९१.५ प्रतिशत रहेको छ। आयोजना प्रभावित घरपरिवारको साक्षरता अवस्था समग्र जिल्लाको साक्षरता अवस्था भन्दा राम्रो देखिन्छ। तहगत हिसाबले हेर्दा २२.४ प्रतिशत जनसंख्याले आधारभूत तह अध्ययन गरेको पाइएको छ। त्यसैगरी १०.६ प्रतिशत जनसंख्याले माध्यमिक तह, १९.३ प्रतिशत जनसंख्याले एस.एल.सी वा एस.ई.ई. तह, १३.९ प्रतिशत जनसंख्याले दश जोड २ कक्षा वा प्रमाणपत्र तह, ६.५ प्रतिशत जनसंख्याले स्नातक तह र १.१ प्रतिशत जनसंख्याले स्नातकोत्तर वा माथिको तहसम्म अध्ययन गरेको पाइन्छ। आयोजना प्रभावित जनसंख्याको तह अनुसारको शैक्षिक अवस्था सम्बन्धि विवरण तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ४.१५: आयोजना प्रभावित जनसंख्याको शैक्षिक अवस्था

शैक्षिक तह	संख्या	प्रतिशत
निरक्षर	१३२	१३.५
सामान्य साक्षर	१२४	१२.७
आधारभुत तह	२१९	२२.४

माध्यमिक तह	१०३	१०.६
एस.एल.सी/एस.ई.ई.	१८८	१९.३
१२ कक्षा पास	१३६	१३.९
स्नातक	६३	६.५
स्नातकोत्तर वा माथि	११	१.१
कुल	**९७६**	**१००.०**

स्रोतः स्थलगत अध्ययन, २०७९

४.४.६ पेशागत अवस्था

आयोजना प्रभावित घरधुरीको सर्वेक्षण अनुसार विद्यार्थी बाहेकका आर्थिक रुपले सक्रिय जनसंख्याको ३७.१ प्रतिशत कृषि पेशामा संलग्न रहेका छन्। सेवा जागिरमा संलग्न जनसंख्या २४ प्रतिशत रहेका छन् भने व्यापार तथा व्यवसायमा १२.८ प्रतिशत जनसंख्या संलग्न रहेका छन्। कुल जनसंख्याको ९.४ प्रतिशत ज्याला मजदुरी पेशामा संलग्न रहेका छन्। घरधन्दाको काममा संलग्न जनसंख्या ९.६ प्रतिशत रहेको छ। वैदेशिक रोजगारीमा संलग्न हुने जनसंख्या ४.९ प्रतिशत रहेको छ। आयोजना प्रभावित घरपरिवारको पेशा अनुसारको जनसांख्यिक विवरण तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ४.१६: आयोजना प्रभावित जनसंख्याको पेशागत अवस्था

पेशा	संख्या	प्रतिशत
कृषि तथा पशुपालन	२२१	३७.१
सेवा जागिर	१४३	२४.०
व्यापार तथा व्यवसाय	७६	१२.८
ज्याला मजदुरी	५६	९.४
वैदेशिक रोजगार	२९	४.९
घरधन्दा	५७	९.६
अन्य	१३	२.२
कुल	**५९५**	**१००.०**

स्रोतः स्थलगत अध्ययन, २०७९

४.४.७ जग्गाको स्वामित्व आकार

आयोजना प्रभावित घरपरिवारको औसत जग्गाको आकार २.५४ हेक्टर रहेको पाइन्छ। बाह्रैमहिना सिंचाई हुने ०.०१ हेक्टर र वर्षातको समयमा मात्र सिंचाई हुने ०.०२ हेक्टर रहेको देखिन्छ। त्यसैगरी असिंचित जग्गा २.५४ हेक्टर रहेको देखिन्छ। आयोजना प्रभावित घरपरिवारको जग्गाको आकार तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ४.१७: आयोजना प्रभावित घरपरिवारको जग्गाको स्वामित्व आकार (हेक्टरमा)

जग्गाको किसिम	कुल	औसत
बाह्रैमहिना सिंचाई हुने	१.०१	०.०१
वर्षाको समयमा सिंचाई हुने	४.०४	०.०२
सिंचाई सुविधा नभएको	४७२.८०	२.५१

जग्गाको किसिम	कुल	औसत
कुल	४७७.८४	२.५४

स्रोतः स्थलगत अध्ययन, २०७९

आयोजना प्रभावित घरपरिवारको जग्गाको स्वामित्वको तहलाई हेर्दा कुल घरपरिवार मध्ये एक हेक्टर भन्दा बढी जग्गा हुने घरपरिवार ९२ प्रतिशतको रहेको देखिन्छ। त्यसैगरी ०.७५ हेक्टर देखि १ हेक्टर जग्गा हुने घरपरिवार ४.८ रहेको देखिन्छ भने ०.५० हेक्टर देखि ०.७५ हेक्टर सम्म जग्गा हुने घरपरिवार ३.२ प्रतिशत रहेको देखिन्छ। आयोजना प्रभावित घरपरिवारको जग्गाको स्वामित्वको तह अनुसारको विवरण तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ४.१८: आयोजना प्रभावित घरपरिवारको जग्गाको स्वामित्वको तह

स्वामित्वको तह	घरधुरी	प्रतिशत
०.२५ हेक्टर भन्दा कम	०	०.०
०.२५ हेक्टर देखि ०.५० हेक्टर	०	०.०
०.५० हेक्टर देखि ०.७५ हेक्टर	६	३.२
०.७५ हेक्टर देखि १ हेक्टर	९	४.८
१ हेक्टर भन्दा माथि	१७३	९२.०
कुल	**१८८**	**१००.०**

स्रोतः स्थलगत अध्ययन, २०७९

४.४.८ घरपरिवारको आम्दानी

आयोजना प्रभावित घरपरिवारको नगद आम्दानीको स्रोतमा कृषि क्षेत्रको योगदान १३.६ प्रतिशत रहेको छ भने गैर-कृषि क्षेत्रको योगदान ८६.४ प्रतिशत रहेको छ। आयोजना प्रभावित घरपरिवारको वार्षिक औसत आम्दानी ने.रु. ५५८,८८५ रहेको छ। त्यसैगरी प्रतिव्यक्ति औसत आम्दानी ने.रु. १०३,६२० रहेको छ। आयोजना प्रभावित घरपरिवारको वार्षिक आम्दानी विवरण तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ४.१९: प्रभावित घरपरिवारको वार्षिक पारिवारिक आयको विवरण

कृषि क्षेत्र आम्दानी (रू.)	गैर-कृषि क्षेत्र आम्दानी (ने.रू.)	कुल आम्दानी (ने.रू.)	औसत घरपरिवार आम्दानी (ने.रू.)	प्रति व्यक्ति आम्दानी (ने.रू.)
१४,२७५,३००	९०,७९५,०००	१०५,०७०,३००	५५८,८८५	१०३,६२०

स्रोतः स्थलगत अध्ययन, २०७९

आयोजना प्रभावित घरपरिवारको आम्दानीको तहलाई हेर्दा वार्षिक ने.रु. १५०,००० भन्दा कम आम्दानी हुने घरपरिवार ६.९ प्रतिशत रहेको छ। त्यसैगरि ने.रु. १५०,००० देखि २००,००० सम्म आम्दानी हुने घरपरिवार ८.५ प्रतिशत, २००,००० देखि ३००,००० आम्दानी हुने घरपरिवार १८.६ प्रतिशत, ३००,००० देखि ४००,००० आम्दानी हुने घरपरिवार १२.४ प्रतिशत, ४००,००० देखि ५००,००० आम्दानी हुने घरपरिवार १४.४ प्रतिशत र ५००,०००

भन्दा माथि आम्दानी हुने घरपरिवार ३९.४ प्रतिशत रहेको छ। आयोजना प्रभावित घरपरिवारको आम्दानीको तह अनुसारको विवरण तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ४.२०: आयोजना प्रभावित घरपरिवारको आम्दानीको तह

आम्दानीको तह	घरधुरी	प्रतिशत
ने.रू. १५०,००० सम्म	१३	६.९
ने.रू. १५०,००० - २००,०००	१६	८.५
ने.रू. २००,००० - ३००,०००	३५	१८.६
ने.रू. ३००,००० - ४००,०००	२३	१२.२
ने.रू. ४००,००० - ५००,०००	२७	१४.४
ने.रू. ५००,००० भन्दा माथि	७४	३९.४
कुल	**१८८**	**१००.०**

स्रोतः स्थलगत अध्ययन, २०७९

४.४.९ आम्दानीको स्रोत

आयोजना प्रभावित घरपरिवारको मुख्य आम्दानी स्रोतहरुमा सेवा तथा जागिर, विप्रेषण, व्यापार तथा व्यवसाय, ज्याला मजदुरी रहेको पाइन्छ। सेवा तथा जागिरबाट प्राप्त गरिने आम्दानीको योगदान कुल आम्दानीको ४०.९ प्रतिशत रहेको छ। त्यसैगरी कुल आम्दानीमा वैदेशिक रोजगारीबाट १८.२ प्रतिशत, व्यापार तथा व्यवसायबाट १४.३ प्रतिशत, ज्याला मजदुरीबाट ८.३ प्रतिशत योगदान रहेको छ। तरकारी तथा नगदेबाली बिक्रीबाट ५.९ प्रतिशत, पशुपंक्षी बिक्रीबाट हुने आम्दानी ५.३ प्रतिशत रहेको छ। कुल आम्दानीमा ब्याज, पेन्सन, भत्ता, भाडाको योगदान ३.२ प्रतिशत रहेको छ। आयोजना प्रभावित घरपरिवारहरुको आम्दानीका विभिन्न स्रोतहरु तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ४.२१: आयोजना प्रभावित घरपरिवारको आम्दानीको स्रोत (नेपाली रूपैयामा)

आयको स्रोत	आम्दानी	प्रतिशत
अन्नबाली बिक्री	१९२,५००	०.२
तरकारी/नगदेबाली बिक्री	६,२०८,८००	५.९
जडीबुटी बिक्री	२,०४२,०००	१.९
पशुपंक्षि/उत्पादन बिक्री	५,६०६,०००	५.३
जागिर/नोकरी	४३,०१४,०००	४०.९
व्यापार/व्यवसाय	१५,०१९,०००	१४.३
ज्याला मजदुरी	८,७१८,०००	८.३
विदेशवाट पठाएको	१९,१२६,०००	१८.२
ब्याज, पेन्सन, भत्ता, भाडा	३,४००,०००	३.२
अन्य	१,७४४,०००	१.७
कुल	**१०५,०७०,३००**	**१००.०**

स्रोतः स्थलगत अध्ययन, २०७९

४.४.१० पारिवारिक खर्च

आयोजना प्रभावित घरपरिवारको वार्षिक औसत खर्च ने.रु. २५९,२२२५ रहेको छ। त्यसैगरी प्रतिव्यक्ति औसत खर्च ने.रु. ५४,७२६ रहेको छ। आयोजना प्रभावित घरपरिवारको वार्षिक खर्चको विवरण तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ४.२२: आयोजना प्रभावित घरपरिवारको वार्षिक खर्च विवरण

कुल घरपरिवार खर्च (ने.रू.)	औसत घरपरिवार खर्च (ने.रू.)	प्रति व्यक्ति खर्च (ने.रू.)
५५,५०२,२५९	२९५,२२५	५४,७३६

स्रोतः स्थलगत अध्ययन, २०७९

४.४.११ पारिवारिक खर्चका शीर्षक

आयोजना प्रभावित घरपरिवारको खर्च अनुपात हेर्दा सबैभन्दा बढी शिक्षामा २३.६ प्रतिशत, लत्ताकपडामा १२.३ प्रतिशत, खाद्यान्नमा १० प्रतिशत, स्वास्थ्यमा ७.१ प्रतिशत खर्च हुने गरेको देखिन्छ। आयोजना प्रभावित घरपरिवारको शीर्षक अनुसार वार्षिक खर्च विवरण तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ४.२३: आयोजना प्रभावित घरपरिवारको खर्चका शीर्षक

खर्चका शीर्षकहरु	रकम (ने.रु.)	प्रतिशत
खाद्यान्न	५,५५४,२००	१०.०
नुन, तेल, चिनी, चिया	४,०१६,०००	७.२
माछामासु	३,४८६,५००	६.३
फलफूल, तरकारी	६७५,०००	१.२
लत्ताकपडा	६,८१८,०००	१२.३
शिक्षा	१३,११७,५००	२३.६
स्वस्थ्य उपचार	३,९२४,०००	७.१
दाउरा, ग्यास	४९६,०००	०.९
चाडपर्व, पूजाआजा	४,३९५,०००	७.९
यातायात, संचार	४,५३४,०००	८.२
कृषि सामाग्री, दाना	१,९७३,५००	३.६
सामाजिक कार्यमा चन्दा	५९१,०००	१.१
धुम्रपान, मद्यपान	१,३३१,६००	२.४
पानी, बिजुली	४६७,९३३	०.८
कर, शुल्क, जरिवाना	३४२,०२६	०.६
गरगहना	१,२८०,०००	२.३
ऋणको ब्याज	१,५००,०००	२.७
मृत्यु सस्कार	३००,०००	०.५
घर मर्मत	७००,०००	१.३
कुल	**५५,५०२,२५९**	**१००.०**

स्रोतः स्थलगत अध्ययन, २०७९

४.४.१२ खाद्य पर्याप्तता

आयोजना प्रभावित घरपरिवारको आफ्नै उत्पादनले वर्षभरी पर्याप्त खान पुग्ने घरपरिवार २.७ प्रतिशत रहेको पाइन्छ भने ९ देखि १२ महिना खान पुग्ने घरपरिवार १०.६ प्रतिशत देखिन्छ। आयोजना प्रभावित ६३.८ प्रतिशत घरपरिवारलाई ६ देखि ९ महिना खान पुग्ने देखिन्छ। त्यसैगरी १८.६ प्रतिशत घरपरिवारलाई ३ देखि ६ महिना पुग्ने देखिन्छ। आयोजना प्रभावित घरपरिवारको खाद्य पर्याप्तता सम्बन्धि विवरण तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ४.२४: आयोजना प्रभावित घरपरिवारको खाद्य पर्याप्तताको स्थिति

खाद्यान्न प्रयाप्तता	घरधुरी	प्रतिशत
१२ महिना वा माथि	५	२.७
९ देखि १२ महिना	२०	१०.६
६ देखि ९ महिना	१२०	६३.८
३ देखि ६ महिना	३५	१८.६
३ महिना भन्दा कम	८	४.३
कुल	**१८८**	**१००.०**

स्रोतः स्थलगत अध्ययन, २०७९

४.४.१३ घरको प्रकार

आयोजना प्रभावित घरपरिवार मध्ये ७८.७ प्रतिशत अर्ध-आधुनिक घरमा बसोबास गरेको देखिन्छ भने १९.७ प्रतिशत घरपरिवार परम्परागत घरमा बसोबास गरेको देखिन्छ। त्यसैगरि १.६ प्रतिशत घरपरिवार आधुनिक घरमा बसोबास गरेको देखिन्छ। आयोजना प्रभावित घरपरिवारको बसोबास रहेको घरको प्रकार तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ४.२५: आयोजना प्रभावित घरपरिवारको घरको प्रकार

घरको किसिम	घरधुरी	प्रतिशत
परम्परागत (ढुङ्गा, माटोको गारो सहित जस्ता वा स्लेटको छाना)	३७	१९.७
अर्ध-आधुनिक (ढुङ्गा, माटोको गारो सहित खरको छाना)	१४८	७८.७
आधुनिक (सिमेन्ट, ढुङ्गा वा इटाको गारो सहित ढलान छाना)	३	१.६
कुल	**१८८**	**१००.०**

स्रोतः स्थलगत अध्ययन, २०७९

४.४.१४ पिउने पानीको अवस्था

आयोजना क्षेत्रमा पिउने पानीको मुख्य स्रोत पाइप धारा रहेको देखिन्छ। आयोजना प्रभावित ९९.५ प्रतिशत घरपरिवारले पाइप धाराको पानी प्रयोग गरेको देखिन्छ। कुवा तथा मुलको पानी प्रयोग गर्ने घरपरिवार ०.५ प्रतिशत रहेका छन्। आयोजना प्रभावित घरपरिवारको पिउने पानीका स्रोततहरुको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ४.२६: आयोजना प्रभावित क्षेत्रको खानेपानीका मुख्य स्रोतहरु

स्रोतहरु	घरधुरी	प्रतिशत
कुवा, मूल	१	०.५
पाईप धारा	१८७	९९.५
कुल	**१८८**	**१००.०**

स्रोतः स्थलगत अध्ययन, २०७९

४.४.१५ शौचालयको अवस्था

सर्वेक्षणमा समेटिएका आयोजना प्रभावित घरपरिवारमा शौचालयको अवस्था हेर्दा ९८.४ प्रतिशतको प्यान भएको शौचालय रहेको देखिन्छ भने १.१ प्रतिशतको आधुनिक शौचालय रहेको देखिन्छ। आयोजना प्रभावित घरपरिवारको शौचालय पहुँच सम्बन्धि विवरण तल तालिकामा दिईएको छ।

तालिका ४.२७: आयोजना प्रभावित घरपरिवारको शौचालय प्रयोगको अवस्था

किसिम	घरधुरी	प्रतिशत
प्यान भएको	१८५	९८.४
आधुनिक	२	१.१
शौचालय छैन	१	०.५
कुल	**१८८**	**१००.०**

स्रोतः स्थलगत अध्ययन, २०७९

४.४.१६ खाना पकाउने ईन्धनको स्रोत

आयोजना प्रभावित घरपरिवारको खाना पकाउने ईन्धनको प्रयोग हेर्दा ९६.८ प्रतिशतले दाउरा प्रयोग गरेको पाइन्छ भने ३.२ प्रतिशतले एल.पी. ग्यास प्रयोग गरेका छन्। आयोजना प्रभावित घरपरिवारको खाना पकाउने ईन्धनको स्रोत सम्बन्धि विवरण तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ४.२८: आयोजना प्रभावित घरपरिवारको खाना पकाउने ईन्धनको स्रोत

स्रोतहरु	घरधुरी	प्रतिशत
दाउरा	१८२	९६.८
एल.पी. ग्यास	६	३.२
कुल	**१८८**	**१००.०**

स्रोतः स्थलगत अध्ययन, २०७९

४.४.१७ बत्ती बाल्न प्रयोग हुने इन्धनको स्रोत

आयोजना प्रभावित ९९.५ प्रतिशत घरपरिवारले बत्ती बाल्नको लागि बिजुली प्रयोग गरेको पाइन्छ भने ०.५ प्रतिशत घरपरिवारले बत्ती बाल्नको लागि झरो प्रयोग गरेको पाइन्छ। आयोजना प्रभावित घरपरिवारको बत्ती बाल्ने स्रोत सम्बन्धि विवरण तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ४.२९: आयोजना प्रभावित घरपरिवारको बत्ती बाल्ने इन्धनको स्रोत

स्रोतहरु	घरधुरी	प्रतिशत
बिजुली	१८७	९९.५
झरो	१	०.५
कुल	**१८८**	**१००.०**

स्रोतः स्थलगत अध्ययन, २०७९

४.५ आयोजना बारेमा जानकारी तथा धारणा

घरपरिवार सर्वेक्षणको क्रममा घरधुरी सर्वेक्षण मार्फत आयोजनाको बारेमा जानकारीका साथै प्रभावित घरपरिवारको आयोजनाप्रतिको धारणा लिइएको थियो। आयोजना प्रभावितद्वारा प्रस्तावित जलविद्युत आयोजनाको आवश्यकता रहेको भन्दै आयोजनालाई स्थानीय तथा आयोजना प्रभावित घरपरिवारले सहयोग गर्ने धारणा ब्यक्त गरेको पाइयो। यसका साथै जलविद्युत आयोजना छिटो सुरु गर्नुपर्ने धारणा रहेको छ।

४.५.१ आयोजना बारेमा जानकारी

आयोजना क्षेत्रका वासिन्दा आयोजनाको बारेमा जानाकार रहेको देखिन्छ। आयोजना प्रभावित शत प्रतिशत घरपरिवारलाई आयोजनाको बारेमा जानकारी रहेको पाइयो।

४.५.२ आयोजनाप्रति सहमति

आयोजना प्रभावित शत प्रतिशत घरपरिवारले आयोजनाप्रति सहमति जनाएको पाइन्छ। सहमतिको तहलाई हेर्दा ७०.२ प्रतिशत घरपरिवारले पूर्ण रूपमा सहमति जनाएको देखिन्छ। त्यसैगरि २९.८ प्रतिशत घरपरिवारको आयोजनाप्रति सहमति रहेको देखिन्छ। आयोजना प्रभावित घरपरिवारको अपेक्षा आयोजना प्रभावित सम्पत्तिको उचित मुआब्जा पाउनु पर्ने रहेको छ। आयोजना प्रभावित घरपरिवारको आयोजनाप्रति सहमतिको धारणा तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ४.३०: आयोजना प्रभावित घरपरिवारको आयोजना प्रतिको सहमति

सहमतिको तह	घरधुरी	प्रतिशत
पूर्ण सहमत	१३२	७०.२
सहमत	५६	२९.८
कुल	**१८८**	**१००.०**

स्रोतः स्थलगत अध्ययन, २०७९

४.५.३ आयोजनासँग अपेक्षा गरिएका कार्यक्रम

आयोजना प्रभावित घरपरिवारले आयोजनासँग मुख्य रुपमा रोजगारी र सिपमूलक तालिमको अपेक्षा गरेको पाइन्छ। प्रभावित घरपरिवार मध्ये ५६.६ प्रतिशतले रोजगारीको अपेक्षा गरेका छन् भने २९.८ प्रतिशत घरपरिवारले सिपमूलक तालिमको अपेक्षा गरेको देखिन्छ। त्यसैगरि ११.५ प्रतिशत घरपरिवारले बचत तथा ऋण कार्यक्रमको अपेक्षा गरेको देखिन्छ। आयोजना प्रभावित घरपरिवारको आयोजनासँग अपेक्षा गरेका कार्यक्रमको विवरण तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ४.३१: प्रभावित परिवारका नाताले आयोजनासँग अपेक्षा गरिएको कार्यक्रम

रोजगारी		तालिम		बचत तथा ऋण		अन्य		कुल
घरधुरी	प्रतिशत	घरधुरी	प्रतिशत	घरधुरी	प्रतिशत	घरधुरी	प्रतिशत	
१३३	५६.६	७०	२९.८	२७	११.५	५	२.१	२३५

स्रोतः स्थलगत अध्ययन, २०७९

४.५.४ मुआब्जाको प्राथमिकता

आयोजना प्रभावित मध्ये शत प्रतिशत घरपरिवारले नगद मुआब्जालाई प्राथमिकता दिएको देखिन्छ। नगद मुआब्जा दिँदा चलनचल्तीको मुल्याङ्कनको आधारमा दिनुपर्ने धारणा आयोजना प्रभावितको रहेको देखिन्छ।

५. जोखिमयुक्त तथा जनजाति समुदाय विकास कार्यक्रम

५.१ सामान्य परिचय

नेपालको सन्दर्भमा कमजोर अर्थात् जोखिममा परेका समुदाय भन्नाले भूमिहीन, निर्वाह स्तरभन्दा तलका सीमान्तकृत किसान, अपाङ्गता भएका घरपरिवार र एकल सदस्य परिवार वा वृद्धावस्थामा सहयोग गर्ने उत्तराधिकारी नभएका, विधवा घरमुली भएका समुहलाई जनाउँछ। औपचारिक र अनौपचारिक अध्ययनहरूले नेपालमा अधिकांश आदिवासी, जनजाति र दलितहरू जोखिममा परेका समुदायहरूको श्रेणीमा परेको देखाउँछ। सरकारको दशौं राष्ट्रिय योजनामा जोखिमयुक्त समुदायलाई विभिन्न शीर्षकमा समेटिएको थियो र यसलाई पन्ध्रौं राष्ट्रिय योजनामा पनि समाबेश गरिएको छ। जसले महिला प्रधान घरपरिवार, अपाङ्ग प्रधान घरपरिवार, जातीय अल्पसंख्यक र दलित समूहलाई सीमान्तकृत र जोखिममा परेका समूहका रूपमा मान्यता दिएको छ। यस अध्ययनमा निम्न समूहहरूलाई सम्भावित जोखिमयुक्त समूहको रूपमा लिईएको छ।

- महिला प्रधान घरपरिवारहरू अर्थात् कमाउन सक्ने उमेरका सदस्य नभएका;
- ज्येष्ठ सदस्य रहेका घरपरिवारहरू अर्थात् कमाउन सक्ने सदस्य नभएका;
- अशक्त घरमुली घरपरिवारः
- आदिवासी जनजाति घरपरिवारहरू;
- दलित घरपरिवारहरू।

सामाजिक प्रभाव मूल्याङ्कन, स्थानीय सरोकारवालाहरू, आयोजना प्रभावित व्यक्तिहरूसँगको परामर्श साथै बिभिन्न द्वितिय अध्ययनहरूको निष्कर्षका आधारमा जोखिममा परेका समुदायका मानिसहरूलाई आयोजनामा सहभागी हुन र अरूले जस्तै लाभ उठाउन नदिने थुप्रै बाधाहरू रहेको पाइएको छ। गरिबी, अशिक्षा, भूमिहीनता वा जमिनको कम मात्रा, उपलब्ध कृषि विस्तार सेवाहरूमा सीमित पहुँच आदि समस्याहरु समग्र विकास प्रक्रियामा उनीहरूको सहभागिताका बाधक कारकहरू हुन्। यद्यपि, माथि उल्लेख गरिएका सबै मुद्दाहरू आयोजनाले सम्बोधन गर्न सक्दैन। विशेषगरी, अधिकांश समस्याहरूलाई सम्बोधन गर्ने सरकारका अन्य धेरै कार्यक्रमहरू हुँदा, आयोजनाको उद्देश्य प्रतिकुल प्रभाव परेका घरपरिवारहरूलाई व्यक्तिगत सहयोग उपलब्ध गराउनु रहेको छ। आयोजनाका गतिविधिहरूमा उनीहरूको संलग्नता र आयोजनाका फाईदाहरूमा पहुँच पुऱ्याउन आयोजना प्रत्यक्ष रूपमा केन्द्रित हुनेछ। मुख्य मुद्दा भनेको जोखिममा परेका समूहहरूलाई आयोजनाको फाईदा लिनको लागि समान अवसर सुनिश्चित गर्नु हो।

५.२ जोखिमयुक्त समुदाय विकास कार्यक्रमका उद्देश्यहरु

यस जलविद्युत आयोजनाको लागि जोखिमयुक्त समुदाय विकास कार्यक्रम राष्ट्रिय नीतिहरू तथा रणनीतिहरूका साथै नेपालमा संचालित विकास आयोजनामा अन्तराष्ट्रिय अभ्यासहरुमा आधारित छ। जोखिमयुक्त समुदाय विकास कार्यक्रमका मुख्य उद्देश्यहरू निम्न अनुसार रहेका छन्।

- आदिवासी तथा कमजोर समुदाय जहाँसुकै प्रभावित भए पनि आयोजनाले स्वतन्त्र, पूर्वसूचित परामर्शमा संलग्न भएको सुनिश्चित गर्न;

- आयोजना क्षेत्रमा बसोबास गर्ने आदिवासी तथा जोखिमयुक्त समुदायका लागि आयोजनाका लाभहरू पहुँचयोग्य छन् भनी सुनिश्चित गर्न;
- सकेसम्म आदिवासी तथा जोखिमयुक्त समुदायमा कुनै पनि प्रकारको प्रतिकुल प्रभावबाट बचाउन र अपरिहार्य भएमा प्रतिकुल प्रभावहरूलाई न्यूनीकरण र न्यूनीकरण गर्ने उपाय सुनिश्चित गर्न;
- आयोजनाका गतिविधिहरूको तयारी, कार्यान्वयन र अनुगमनको सम्पूर्ण प्रक्रियामा आदिवासी तथा जोखिमयुक्त समुदायका जनताको सहभागिता सुनिश्चित गर्न;
- आदिवासी तथा जोखिमयुक्त समुदाय भित्र थप सामाजिक तथा आर्थिक असन्तुलन कम गर्न;
- आदिवासी तथा जोखिमयुक्त समुदायको आवश्यकता र प्राथमिकताका आधारमा उपयुक्त तालिम तथा जीविकोपार्जनका गतिविधिहरू विकास गर्न।

५.३ आयोजना प्रभावित जोखिमयुक्त घरपरिवार

आयोजना प्रभावित जोखिमयुक्त घरपरिवारहरुमा मुख्यगरि जनजाति घरपरिवार र केहि संख्यामा जनजाति तथा ज्येष्ठ सदस्य घरपरिवार, जनजाति तथा महिला प्रधान घरपरिवार, जनजाति तथा अशक्त सदस्य घरपरिवारको उपस्थिति देखिन्छ। आयोजना प्रभावित घरधुरी गणनामा केहि घरपरिवारहरु छुटेको र त्यस्ता घरपरिवारलाई आयोजना कार्यन्वयनको चरणमा समावेश गरिनेछ। आयोजना प्रभावित घरपरिवारको सम्पत्ति नोक्सान लगत संकलन तथा प्रभावित घरपरिवार सर्वेक्षण अध्ययनबाट जोखिमयुक्त समुहका कुल १८८ घरपरिवारको पहिचान गरिएको छ। आयोजना प्रभावित जोखिमयुक्त घरपरिवारको संख्या तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५.१: आयोजना प्रभावित प्रभावित जोखिमयुक्त घरपरिवार

जनजाति घरपरिवार	जनजाति/महिला प्रधान घरपरिवार	जनजाति/एकल महिला घरपरिवार	जनजाति/ज्येष्ठ सदस्य घरपरिवार	जनजाति/अशक्त सदस्य घरपरिवार	कुल प्रभावित घरपरिवार
१७९	२	४	२	१	१८८

स्रोतः स्थलगत अध्ययन, २०७९

५.४ आयोजना प्रभावित जनजाति घरपरिवार

प्रस्तावित आयोजना कार्यान्वयनबाट भोटखोला गाउँपालिका वार्ड न. २ का छुमसुर, च्यामताङ, गुठिगुम्बा, लिंङम, चेपुवा, रुकुमा र रिदाक गाउँमा बसोबास गरिरहेका घरपरिवारहरु प्रभावित हुने देखिन्छ। आयोजना प्रभावित क्षेत्रमा परापुर्व काल देखिनै भोटे जातिको बसोबास रहेको छ। भोटे जाति नेपाल सरकारको आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान २०५८ अन्तर्गत सूचिकृत ५९ जाति मध्यको एक जाति हो। देशभित्र तथा देश बाहिरबाट प्रकाशित विभिन्न औपचारिक तथा अनौपचारिक अध्ययन प्रतिवेदनहरुमा आयोजना प्रभावित क्षेत्रमा बसोबास गर्ने भोटे जाति भित्र पनि यी जातिहरु विशेषगरी ल्होमी (शिङसावा) तथा नावा जाति रहेको उल्लेख गरेका छन्। राष्ट्रिय जनगणना २०६८ मा नेपालभित्र बोलचाल गरिने भाषा संख्या १२३ रहेकोमा भाषा आयोगको वार्षिक प्रतिवेदन २०७८ अनुसार थप नौवटा नयाँ भाषाहरु पहिचान गरिएको थियो, जसमा आयोजना प्रभावित क्षेत्रमा बोलिने नावा भाषालाई पनि समेटिएको छ। आयोजनाबाट प्रभावित हुने कुल २१० घरपरिवार मध्ये स्थलगत अध्ययनको क्रममा १८८ घरपरिवार समेटिएको थियो भने बाँकी २२

घरपरिवार अनुपस्थित रहेका थिए। आयोजना प्रभावित जनजाति घरपरिवारहरुलाई उनीहरुको बसोबास गरिरहेका गाउँ अनुसारको विवरण तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५.२: आयोजना प्रभावित जनजाति बसोबास गरेका गाउँ

छुमसुर	च्यामताङ	गुठिगुम्बा	लिङगम	चेपुवा	कुल
३०	४८	१५	१६	७९	१८८

स्रोतः स्थलगत अध्ययन, २०७९

५.५ जोखिमयुक्त समुदाय परामर्श

पुनर्वास कार्य योजना अध्ययनको अबधिमा आयोजना क्षेत्रमा रहेका विभिन्न जोखिमयुक्त समुदाय तथा समुदायका व्यक्तिसँग समूहगत परामर्श तथा व्यक्तिगत अन्तरक्रिया गरिएको थियो। परामर्श छलफल तथा अन्तरक्रियामा जोखिमयुक्त समुदायको मुख्य चासो आयोजना समयमा निर्माण गर्नुपर्ने साथै उचित मुआब्जा पाउनु पर्ने थियो। यसका साथै आयोजनाले जोखिमयुक्त समुदायका प्रभावितलाई आर्थिक सहायता, जीविकोपार्जन सहायता तालिम र रोजगारीमा प्राथमकिता दिनुपर्ने रहेको थियो।

५.५.१ महिला समूह परामर्श

आयोजनाको पुनर्वास कार्य योजनाको स्थलगत अध्ययनको क्रममा आयोजनाबाट प्रत्यक्ष रुपमा प्रभावित महिलाहरुसँग आयोजना प्रभावित क्षेत्रका विभिन्न स्थानमा छलफल कार्यक्रम आयोजना गरिएको थियो। छलफलमा सहभागी महिलाहरुले मुख्य रुपमा निम्न सवालहरु उठाएका थिए।

- सिपमूलक तालिमको व्यवस्था गर्नुपर्ने;
- महिलालाई रोजगारीमा प्राथमिकता दिनुपर्ने;
- महिलाहरुको लागि सिलाइ बुनाइ तथा परम्परागत पोशाक (पांगदेन कितेन, बक्खु, भोटे टोपी, दोचा) तयार गर्न तालिम प्रदान गर्नुपर्ने;
- आयआर्जन हुने कार्यक्रम संचालन गर्नुपर्ने;
- बचत तथा ऋण कार्यक्रम संचालन गर्नुपर्ने;
- प्रजनन स्वास्थ्य सम्बन्धि जनचेतना कार्यक्रम संचालन गर्नुपर्ने;
- कुटानी पिसानी मिलको व्यवस्था गर्नुपर्ने।

महिला समूह परामर्श छलफलमा स्थानीय महिलाहरुले उठाएका मागहरुलाई आयोजनाले आफ्नो सिमा भित्र रहेर सम्बोधन गर्नेछ। विभिन्न स्थानमा महिला समुसँग गरिएका परामर्शमा उठाइएका सवालहरुलाई तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५.३: महिला समूह परामर्श तालिका

बस्ती	संख्या	छलफलमा उठेका सवालहरु	समाधानका उपाय	जिम्मेवार निकाय
छुमसुर	१३	• जीविकोपार्जन सहायता तालिमको व्यवस्था गर्नुपर्ने	• आयोजना कार्यन्वयनको समयमा तालिम संचालन गरिने	आयोजना, स्थानीय तह, निर्माण व्यवसायी
		• स्थानीयलाई रोजगारीमा प्राथमिकता दिनुपर्ने	• दक्षताका आधारमा स्थानीयलाई रोजगारीमा प्राथमिकता दिइने	

बस्ती	संख्या	छलफलमा उठेका सवालहरु	समाधानका उपाय	जिम्मेवार निकाय
		• वर्थिङ्ग सुविधा सहितको स्वास्थ चौकी निर्माण गर्नुपर्ने	• आयोजना कार्यान्वयनको चरणमा सरोकारवालासँग समन्वय गरि सम्बोधनका लागि पहल गरिने	
		• हाल कम क्षमताको बिधुत सुविधालाई स्तरोन्नति गरिदिनुपर्ने	• स्थानीय तह तथा सरोकारवालासँग समन्वय गरि आवश्यक देखिएमा सम्बोधन गरिने	
च्यामताङ	९	• आयोजनाबाट सिपमुलक तालिमको व्यवस्था गर्नुपर्ने	• आयोजनाको कार्यन्वयन चरणमा सिपमुलक तालिम संचालन गरिने	आयोजना, स्थानीय तह, आयोजना निर्माण व्यवसायी
		• आयोजनाले कुटानी पिसानी मिलको व्यवस्था गर्नुपर्ने	• आयोजना कार्यान्वयनको चरणमा स्थानीय महिलाका माग सम्बोधनका लागि पहल गरिने	
		• आयोजना निर्माणले गाउँमा बाढी पहिरो जाँदैन भनेर स्थानीयलाई प्रत्याभूति दिनुपर्ने	• आयोजना विभिन्न चरणमा आयोजनाको प्रभाव सम्बन्धमा स्थानीयलाई जानकारी गराइने	
		• वर्थिङ्ग सेन्टर सहितको स्वास्थ चौकीको व्यवस्था गर्नुपर्ने	• आयोजना कार्यान्वयनको चरणमा सरोकारवालासँग समन्वय गरि माग सम्बोधनका लागि पहल गरिने	
गुठिगुम्बा	८	• आय आर्जनलाई लक्षित गरि सिपमुलक तालिमको व्यवस्था गर्नुपर्ने	• आयोजनाको कार्यान्वयनको चरणमा सिपमुलक तालिमको व्यवस्था गरिने	आयोजना, स्थानीय तह
		• महिलाहरुको लागि प्रजनन स्वास्थ्य सम्बन्धि जनचेतना कार्यक्रम संचालन गर्नुपर्ने	• आयोजना कार्यन्वयन चरणमा स्थानीय तहसँग समन्वय गरि कार्यक्रम संचालन गरिने	
		• आयोजनाले कुटानी पिसानी मिलको व्यवस्था गरिदिनुपर्ने	• आयोजना कार्यान्वयनको चरणमा स्थानीयका माग सम्बोधनका लागि पहल गरिने	
		• बर्थिंग सेन्टर सहितको स्वास्थ्य चौकीको व्यवस्था गर्नुपर्ने	• आयोजना कार्यान्वयनको चरणमा स्थानीय तहसँग समन्वय गरि माग सम्बोधनका लागि पहल गरिने	
लिङगम	८	• सिपमुलक र आयआर्जन तालिमहरु संचालन गर्नुपर्ने	• स्थानीयले माग गरेका तालिमहरु आयोजना कार्यन्वयन चरणमा संचालन गरिने	आयोजना, आयोजना निर्माण व्यवसायी, स्थानीय तह
		• स्थानीयलाई रोजगारीमा पहिलो प्राथमिकता दिनुपर्ने	• सिप र दक्षताका आधारमा स्थानीयलाई रोजगारीमा प्राथमिकता दिइने	
		• सडक बिस्तार गर्नुपर्ने र गुणस्तरीय संचार सुविधा उपलब्ध गराउनुपर्ने	• आयोजना कार्यान्वयनको चरणमा सम्बन्धित सरोकारवालासंग समन्वय गरि सम्बोधनका लागि पहल गरिने	
		• लिङगम गाउँलाई पर्यटकीय गाउँ बनाउन सहयोग गरिदिनुपर्ने	• आयोजना कार्यान्वयनको चरणमा स्थानीय निकायसँग समन्वय गरि माग सम्बोधनका लागि पहल गरिने	

बस्ती	संख्या	छलफलमा उठेका सवालहरु	समाधानका उपाय	जिम्मेवार निकाय
		• उच्च शिक्षामा छात्रवृत्तिको व्यवस्था गर्नुपर्ने	• आयोजना कार्यान्वयनको चरणमा सरोकारवाला सँग समन्वय गरि माग सम्बोधनका लागि पहल गरिने	
चेपुवा	२५	• सिपमुलक र आयआर्जन तालिमहरु संचालन गर्नुपर्ने	• आयोजना कार्यन्वयन चरणमा सिपमुलक संचालन गरिने	आयोजना, स्थानीय तह, आयोजना निर्माण व्यवसायी
		• महिला लक्षित स्वस्थ तथा चेतनामुलक कार्यक्रम संचालन गर्नुपर्ने	• आयोजना कार्यान्वयन चरणमा स्थानीय तहसँग मिलेर संचालन गरिने	
		• महिलाहरलाई रोजगारीमा प्राथमिकता दिनुपर्ने	• सिप र दक्षताका आधारमा महिलाहरुलाई रोजगारीमा प्राथमिकता दिइने	
		• कृषि तथा पशुजन्य उत्पादनलाई आधुनिकीकरण गर्नको लागि सहयोग उपलब्ध गराउनु पर्ने	• आयोजना कार्यान्वयनको चरणमा सरोकारवाला निकायसँग समन्वय गरि आवश्यक पहल गरिने	

स्रोतः स्थलगत अध्ययन, २०७९

५.५.२. जनजाति समुदाय परामर्श

आयोजना प्रभावित क्षेत्रमा मूलत जनजाति समुदायको बाहुल्यता रहेको पाइन्छ। आयोजना प्रभावित सम्पूर्ण घरपरिवार जनजाति समुदायका रहेका छन्। आयोजना प्रभावित घरपरिवारहरु छुट्टै रहनसहन, भेषभुषा, भाषा, संस्कृति भएका भोटे जातिका रहेका छन्। पुनर्वास कार्य योजना अध्ययनको समयमा आयोजना क्षेत्रमा रहेका जनजाति समुदायसँग विभिन्न स्थानमा समूहगत परामर्श तथा व्यक्तिसँग अन्तरक्रिया गरिएको थियो। परामर्श छलफल तथा अन्तरक्रियामा मुख्य रुपमा निम्न सवालहरु उठाएका थिए।

- जनजाति समुदायका सदस्यलाई रोजगारीमा प्राथमकिता दिनुपर्ने;
- गाउँमा भएका गुम्बाहरुमा पुजाआजा गर्नका लागि आवश्यक पुजा सामाग्री उपलब्ध गराउपर्ने;
- गाउँ भित्र निर्माण भएका गुम्बा तथा मानेहरुको मर्मतसम्भार तथा पुनर्निर्माणमा सहयोग गर्नुपर्ने;
- स्थानीय युवाहरुलाई परम्परागत कला संस्कृति जगेर्ना गर्न लोकगित तथा बाजा सम्बन्धि तालिम प्रदान गर्नुपर्ने;
- परम्परादेखि आयोजना हुँदै आइरहेको तिरहान्ने खेल संचालनका लागि सहयोग गर्नुपर्ने;
- स्थानीय भाषा, भेषभुषा तथा संस्कृति जगेर्नाका लागि सहयोग गर्नुपर्ने;
- स्थानीयसँग सहकार्य गरेर आयोजनाले काम गर्नुपर्ने।

जनजाति समुदाय परामर्श छलफलमा उठाइएका मागहरुलाई आयोजनाले आफ्नो सिमा भित्र रहेर सम्बोधन गर्नेछ। विभिन्न स्थानमा जनजाति समुदायसँग गरिएका परामर्शमा उठाइएका सवालहरुलाई तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५.४: जनजाति समुदाय परामर्श तालिका

बस्ती	संख्या	छलफलमा उठेका सवालहरु	समाधानका उपाय	जिम्मेवार निकाय
छुमसुर	१३	• जीविकोपार्जन सहायताको लागि सिपमुलक तालिम संचालन गर्नुपर्ने	• आयोजना कार्यन्वयनको चरणमा सिपमुलक तालिमहरु संचालन गरिने	आयोजना, स्थानीय तह, आयोजना निर्माण व्यवसायी
		• स्थानीयलाई आयोजना निर्माणको चरणमा रोजगारीमा प्राथमिकता दिनुपर्ने	• सिप र दक्षताका आधारमा स्थानीयलाई रोजगारीमा प्राथमिकता दिइने	
		• बचत तथा ऋण कार्यक्रम संचालन गरिदिनु पर्ने	• बचत तथा ऋण कार्यक्रमको लागि सहयोग गरिने	
		• स्थानीयसँग सहकार्य गरेर आयोजनाले काम गर्नु पर्ने	• आयोजना निर्माणमा स्थानीयको सहयोग लिई सहकार्य गरिने	
च्यामताङ	११	• आयोजना निर्माणको समयमा सिपमुलक तालिमको व्यवस्था गर्नुपर्ने	• आयोजना निर्माण चरणमा स्थानीयले माग गरेका तालिमहरु संचानल गरिने	आयोजना, स्थानीय तह, आयोजना निर्माण व्यवसायी
		• आयोजनाको सुरुङ्ग निर्माणले स्थानीयको सम्पत्तिमा जोखिम परेमा आयोजनाले क्षतिपूर्ति दिनुपर्ने	• आयोजनाको सुरुङ्ग तथा अन्य गतिविधिको कारणले क्षति पुगेमा उचित मुल्यांकन गरि क्षतिपूर्ति प्रदान गरिने	
		• स्थानीयसँग समन्वय गरेर भोटे जातिको भाषा, लिपि, भेषभुषा संरक्षणको लागि सहयोग गर्नुपर्ने	• आयोजना कार्यन्वयन चरणमा स्थानीय तह लगायत सरोकारवालासँग समन्वय गरेर सहयोग गरिने	
गुठिगुम्बा	१४	• जीविकोपार्जन सहायता तालिमको व्यवस्था गर्नुपर्ने	• आयोजना निर्माणको चरणमा सिपमुलक तालिम संचालन गरिने	आयोजना, स्थानीय तह, आयोजना निर्माण व्यवसायी
		• आयोजना निर्माणको समयमा स्थानीयलाई रोजगारीमा प्राथमिकता दिनुपर्ने	• आयोजना निर्माण समयमा स्थानीयलाई रोजगारीमा प्राथमिकता दिइने	
		• गुठीगुम्बामा रहेको शिरे लगाङ गुम्बाको भवन निर्माणमा सहयोग गरिदिनु पर्ने	• आयोजनाको सामाजिक सहयोग कार्यक्रम अन्तर्गत स्थानीयको माग सम्बोधन गरिने	
लिङगम	१६	• स्थानीयलाई सिपमुलक तथा आयआर्जन तालिमहरु दिनुपर्ने	• आयोजना निर्माणको चरणमा सिपमुलक तालिम संचालन गरिने	आयोजना, स्थानीय तह
		• स्थानीय उत्पादनहरु (जिम्मु, सिस्नो, अल्लो, जडीबुटी) प्रशोधनमा सहयोग गर्नुपर्ने	• आयोजना कार्यान्वयनको चरणमा सरोकारवालासँग समन्वय गरि सम्बोधनका लागि पहल गरिने	
चेपुवा	२१	• स्थानीयलाई सिपमुलक र आयआर्जन तालिमहरु दिनुपर्ने	• आयोजना निर्माणको चरणमा सिपमुलक तालिम संचालन गरिने	आयोजना, स्थानीय तह, आयोजना निर्माण व्यवसायी
		• भाषा, भेषभुषा, संस्कृति जगेर्नाका तथा प्रबर्धनको लागि स्थानीयसँग सहकार्य गरेर सहयोग गर्नुपर्ने	• भाषा तथा संस्कृति संरक्षण तथा प्रबर्धनको लागि सरोकारवालासँग समन्वय गरि सहयोग गरिने	

बस्ती	संख्या	छलफलमा उठेका सवालहरु	समाधानका उपाय	जिम्मेवार निकाय
		• बस्ती क्षेत्रमा रहेको गोरेटो बाटोमा व्यवस्थित नाली निर्माण गरिदिनु पर्ने	• आयोजनाको सामाजिक सहयोग कार्यक्रम अन्तर्गत सहयोग गरिने	
		• स्थानीयलाई रोजगारीमा प्राथमिकता दिनुपर्ने	• सिप र दक्षताका आधारमा रोजगारीमा प्राथमिकता दिइने	
		• शिरे लगाङ गुम्बाको भवन निर्माणमा सहयोग गरिदिनु पर्ने	• आयोजनाको सामाजिक सहयोग कार्यक्रम अन्तर्गत सहयोग गरिने	

स्रोतः स्थलगत अध्ययन, २०७९

५.६ जोखिमयुक्त समुदाय विकास कार्यक्रम

जोखिमयुक्त समुदाय विकास कार्यक्रम अन्तर्गत कार्यान्वयन गरिने गतिविधिहरू यस कार्य योजनामा जीविकोपार्जन अभिवृद्धि सिप तालिम र जोखिमयुक्त समुदाय सहायता समावेश गरिएको छ। यसका अलावा जोखिमयुक्त समुदाय र महिला समूह लक्षित आयमूलक कार्यक्रम संचालन गरिनेछ।

५.६.१ जीविकोपार्जन अभिवृद्धि सिप तालिम कार्यक्रम

आयोजना प्रभावित घरपरिवारका एक जना सदस्यलाई जीविकोपार्जन सिप विकास तालिम कार्यक्रम अन्तर्गत आय पुनर्स्थापनामा सहभागी गराइनेछ। तालिममा आय आर्जन गर्ने गतिविधिहरू समावेश हुनेछन् जुन तालिम र अन्य पूरक लगानीहरू मार्फत प्रदान गरिनेछ। यस्ता कार्यक्रमहरूले जीविकोपार्जनका विकल्पहरू पुनर्स्थापित गर्ने र नयाँ आय आर्जनका अवसरहरूको उत्थान गर्ने अपेक्षा गरिएको छ। घरधुरी सर्वेक्षण गरिएका कुल १८८ जोखिमयुक्त घरपरिवार मध्ये १२६ घरपरिवारले जीविकोपार्जन तालिममा सहभागी हुन चाहेको देखिन्छ। जोखिमयुक्त घरपरिवार सर्वेक्षण, महिला समूह परामर्श, जनजाति समुदाय परामर्शका क्रममा तरकारी खेती, पशुपालन, सवारी चालक, बाख्रापालन, बंगुरपालन, कुखुरापालन, वाईरिंग, सिलाई कटाई, अटोमोबाइल्स, ब्युटीपार्लर, फर्निचर, आलुका परिकार आदि तालिमहरु अपेक्षा गरेको देखिन्छ। आयोजना कार्यन्वयनको समयमा पुनह तालिम आवश्यकता सर्वेक्षण गरि कार्यक्रम संचालन गरिनेछ।

५.६.२ जोखिमयुक्त घरपरिवार सहायता

आयोजना प्रभावित जोखिमयुक्त वर्गका घरपरिवारलाई जीविकोपार्जन सिपमूलक तालिमको अलावा आर्थिक सहायता प्रदान गरिनेछ। अस्थाई जीविकोपार्जनका लागि जोखिमयुक्त वर्गका घरपरिवारलाई एक पटक पुनर्स्थापना सहायता रकम उपलब्ध गराइनेछ।

५.६.३ महिला सचेतना तथा आय आर्जन कार्यक्रम

महिलाको जीवनस्तर उकास्नका लागि स्वास्थ्य तथा सरसफाई सचेतना अभियान सञ्चालन गरिनेछ। सचेतना अभियानमा आयोजना प्रभावित प्रत्येक घरपरिवारका एकजना महिला सदस्यलाई सहभागी गराइनेछ। लैङ्गिक भेदभाव र गरिबीले गर्दा शिक्षा तथा आर्थिक गतिविधिमा पहुँच सीमित रहेको देखिन्छ। महिला सशक्तिकरण गर्नको लागि शिक्षा, सिप विकास तालिम र आय आर्जन कार्यक्रम मार्फत महिलाहरूलाई सामाजिक र आर्थिक रूपमा सशक्त बनाउनु हो। बचत तथा ऋण कार्यक्रमले

लगानीका लागि लघुस्तरको पुँजी सिर्जना गरि महिला उद्यमशीलता विकास, लघु कर्जा, शिक्षा र सिप विकासमा मद्दत गर्नेछ। यसका लागि आयोजना प्रभावित प्रत्येक घरपरिवारका एक जना महिला सदस्यलाई बचत तथा ऋण कार्यक्रमका लागि नगद सहयोगको सानो प्याकेज उपलब्ध गराइनेछ। यस क्षेत्रमा अनुभव भएका स्थानीय गैरसरकारी संस्थालाई महिला सचेतना तथा आय आर्जन कार्यक्रम कार्यान्वयन गर्न परिचालन गरिनेछ।

५.७ जनजाति समुदाय विकास कार्यक्रम

आयोजनाको प्रभाव क्षेत्र अन्तर्गतका बस्तीहरूमा जनजाति बाहुल्य रहेको देखिन्छ। कुल घरधुरी मध्ये ९९ प्रतिशत जनजाति समुदायको देखिन्छ भने १ प्रतिशत दलित समुदायको रहेको देखिन्छ। जातजाति अनुसार आयोजना क्षेत्रमा बसोबा गर्ने घरधुरी सम्बन्धि विवरण तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५.५: आयोजना प्रभावित क्षेत्रमा रहेका जनजाति घरधुरी

बस्ती	जनजाति घरधुरी	दलित घरधुरी	कुल घरधुरी
छुमसुर	२७	०	२७
रिदाक	७२	०	७२
च्यामताङ	१२८	२	१३०
गुठिगुम्बा	३५	०	३५
लिङगम	३६	०	३६
चेपुवा	१०३	१	१०४
रुकुमा	२६	०	२६
कुल	**४२७**	**३**	**४३०**

स्रोतः स्थलगत अध्ययन, २०७९

आयोजना प्रभावित क्षेत्रमा बसोबास गर्दै आइरहेका आदिवासी जनजातिहरुको परम्परागत ज्ञान, सिप, धर्म संस्कृति, सामाजिक परम्परालाई संरक्षण गरि आयोजना कार्यान्वयनबाट सिर्जित हुने लाभमा उनीहरुको पहुँच तथा अधिकार सुनिश्चित गर्न जनजाति सहायता कार्यक्रम संचालन गरिनेछ। नेपालको संबिधान २०७२ तथा नेपाल सरकारले अनुमोदन गरेको अन्तराष्ट्रिय श्रम संगठनको महासन्धिले आदिवासी जनजातिको पहिचान सहित बाच्न पाउने हकअधिकार सुनिश्चित गर्न तथा अवसर तथा लाभका लागि विशेष व्यवस्था गरेकाले यो जनजाति सहायता कार्यक्रम तर्जुमा गर्नुपर्ने वान्छनीय देखिन आउँछ। यसका अलावा आयोजनाबाट प्रत्यक्ष प्रभावित हुने ल्होमी/सिङ्सावा (भोटे) जाति नेपाल सरकारद्वारा सुचिकृत ५९ जनजाति मध्ये हिमाली क्षेत्रमा बसोबास गर्ने अति सीमान्तकृत जाति अन्तर्गत सुचिकृत रहेकाले उनीहरुको धर्म संस्कृति, परम्परा, जीवनशैली जगेर्ना गर्न आयोजनाको उतिकै महत्वपूर्ण दायित्व रहने देखिन्छ। स्थलगत अध्ययनको क्रममा आयोजनाबाट प्रत्यक्ष रुपमा प्रभावित जनजाति समुदायसँगको छलफलमा स्थानीय भाषा, भेषभुषा तथा संस्कृति जगेर्नाका लागि आयोजनाबाट सहयोगको अपेक्षा राखेको देखिन्छ। तसर्थ जनजाति समुदायको धर्म, कला, संस्कृति संरक्षण तथा प्रबर्धन गरि उनीहरुको समग्र विकासका लागि बिभिन्न कार्यक्रमहरु संचालन गरिनेछ।

५.७.१ आर्थिक विकास कार्यक्रम

आर्थिक विकास कार्यक्रम अन्तर्गत स्थानीय जनजातिले परम्परादेखि गर्दै आइरहेका परम्परागत पेशा व्यवसायलाई प्रबर्धन गर्दै अर्थोपार्जनका नयाँ उपायहरु अबलम्बन गरि अधिकतम लाभ लिन सकुन् भन्ने उद्देश्यले कार्यक्रमहरु संचालन गरिनेछ।

- परम्परागत बालीहरुको (कोदो, गहुँ, जौ, आलु) उत्पादकत्व बढाउन आधुनिक औजार, मल, बिउ उपलब्ध गराउने;
- बाखा, सुँगुर, कुखुरापालन बाट मासु आपूर्ति बढाउन खोर सुधार, स्थानीय स्रोत साधनको प्रयोग गरि दाना उत्पादन, रोगहरुको पहिचान तथा निदानका लागि स्थानीय तहसँग समन्वय गरि कार्यक्रम संचालन गरिने;
- रैथाने बालीहरुको (कोदो, जौ, गहुँ, जिम्मु, आलु, लसुन, सिस्नो आदि) उच्च गुणस्तर सहित ब्रान्डिङ गरि जिल्ला, प्रदेश तथा समग्र देशभित्र निर्यात गर्न सक्ने गरि स्थानीय सहकारी तथा समुह मार्फत कोष खडा गरि नगद सहायता उपलब्ध गराउने;
- गुमोजमा (टनेल) मौसमी तथा बेमौसमी तरकारी खेती गर्न पूर्वाधार निर्माण तथा अन्य प्राविधिक सहयोग गर्ने;
- भौगोलिक वातावरण अनुकुलका नगदेबाली तथा फलफूल खेती सम्भावनाको (किवी, स्ट्रबेरी, एभोकाडो, अंगुर आदि) पहिचान गर्नका लागि कृषि कार्यालयसँग समन्वय गरि अर्थोपार्जनका लागि कार्यकम संचालन गर्ने;
- स्थानीयस्तरमा उपलब्ध जडीबुटीहरु यार्सागुम्बा, शिलाजित, पांचऔले, पदमचाल, वनलसुन, टिमुर आदि प्रशोधनका लागि संकलन केन्द्र निर्माण तथा बिक्री वितरणमा सहजीकरण गर्ने;
- स्थानीयस्तरमा उपलब्ध हुने वन पैदावार तथा अल्लो, सिस्नोको कपडा तथा कागज, मलिङ्गोका सामानहरु उत्पादन तथा सिप विकासका लागि सहजीकरण गर्ने;

५.७.२ साँस्कृतिक विकास कार्यक्रम

साँस्कृतिक विकास कार्यक्रम अन्तर्गत स्थानीयले परम्परादेखि मान्दै आइरहेका धर्म, संस्कृति, चालचलन, वेशभूषा, भाषा, उपचार पद्दति इत्यादि संरक्षण तथा प्रबर्धन गर्न कार्यक्रमहरु संचालन गरिनेछ।

- स्थानीय कालिगड (मिस्त्री, शिल्पकार) हरु मार्फत आयोजना प्रभावित क्षेत्रभित्र रहेका गुम्बा, माने, फलैंचा लगायत अन्य परम्परागत सम्पदाहरुको मर्मतसंभार तथा संरक्षणका लागि स्थानीय तहसँग समन्वय गरि कार्यक्रम संचालन गर्ने;
- परम्परागत आर्चरी खेल प्रबर्धन तथा प्रचार प्रसार गरि वार्षिक रुपमा खेल आयोजना गर्न स्थानीय युवा क्लबलाई खेल सामाग्री तथा अन्य पूर्वाधारका लागि आर्थिक सहयोग गर्ने;
- आदिवासी जनजाति भोटे (नावा/ल्होमी) समुदायको भाषा, धर्म संस्कृति, कला, संगीत, उपचार पद्दति, लगायत विविध क्षेत्रमा अध्ययन अनुसन्धान गरि पुस्तक प्रकाशन गर्नका लागि आर्थिक सहयोग गर्ने;

- रैथाने कला संस्कृतिको माध्यमबाट स्वदेशी तथा विदेशी पर्यटक आकर्षित गर्न होमस्टे कार्यक्रम संचालन गर्न इच्छुक घरहरुमा मौलिक कला संस्कृति झल्कने सामाग्री राख्न तथा अन्य आवश्यक पूर्वाधार निर्माणका लागि आर्थिक सहयोग गर्ने।

५.७.३ पूर्वाधार विकास कार्यक्रम

पूर्वाधार विकास कार्यक्रम अन्तर्गत आयोजना प्रभावित क्षेत्रमा हाल उपलब्ध पूर्वाधारहरुको स्तरोन्नति तथा थप आवश्यक पूर्वाधार उपलब्धताका लागि सरोकारवाला निकायसँग समन्वय र सहकार्य गरि तपशिलका कार्यक्रमहरु संचालन गरिनेछ।

- गुम्बा, माने मर्मत सुधार तथा निर्माणमा सहयोग गर्ने;
- गोरेटो बाटोहरुमा भोटे जातिको मौलिक कला संस्कृति झल्कने फलैंचा निर्माणमा सहयोग गर्ने;
- स्थानीयस्तरमा उपलब्ध जडीबुटीहरु संकलन प्रशोधनका लागि संकलन केन्द्र निर्माणमा सहयोग;
- परम्परादेखि प्रचलनमा रहेका खेलहरुलाई प्रबर्धन गर्न खेलमैदान निर्माण तथा खेलकुद सामग्रीमा सहयोग।

५.७.४ क्षमता विकास कार्यक्रम

आयोजना कार्यान्वयनबाट सिर्जित हुने लाभ तथा अवसरमा रैथाने भोटे जातिहरुको पृथक धर्म संस्कृति, भाषा, जीवनशैली आदिका कारणले पहुँच नपुगी अन्य जाति विशेषले फाईदा उठाउन सक्ने भएकोले उनीहरुको क्षमता तथा सिप अभिवृद्धि गरि सिर्जित लाभ तथा अवसरमा अग्राधिकार स्थापित गर्न आयोजना संचालन पुर्व र संचालन चरणमा कार्यक्रम संचालन गरिनेछ।

- जीविकोपार्जनमा सहयोग पुग्ने गरि विभिन्न सिपमुलक तालिमहरु संचालन गर्ने;
- धुम्रपान, मद्यपान तथा लागूऔषध निवारण सम्बन्धि जनचेतना तथा अभिमुखीकरण तालिम;
- स्वास्थ तथा सरसफाई सम्बन्धि जनचेतना तालिम;
- बचत तथा ऋण सहकारी/समुह गठनका लागि आवश्यक सहजीकरण तथा सुरुवाती चरणमा सहयोग गर्ने।

जनाजाति समुदाय विकास कार्यक्रमको लागि आवश्यक पर्ने लागत आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको उप-शीर्षक ८.३ सामुदायिक सहयोग कार्यक्रममा समेटिएको छ। आयोजना निर्माणको चरणमा जनजाति समुदाय विकास कार्यक्रम कार्यन्वयन गरिनेछ।

५.८ आयोजनामा रोजगारीको अवसर

आयोजनाको स्थलगत अध्ययनको क्रममा घरधुरी सर्वेक्षण, सामुहिक परामर्श तथा व्यक्तिगत अन्तरक्रिया हुँदा स्थानीयको विशेष जोड भनेको आयोजना क्षेत्रका जनशक्तिलाई आयोजनाबाट सिर्जना हुने रोजगारीमा प्राथमिकता दिनु पर्ने रहेको थियो। यस आयोजनाले स्थानीयलाई उनीहरुको सिप तथा दक्षताको आधारमा रोजगारीमा प्राथमकिता दिइनेछ जसबाट जीविकोपार्जनमा सहयोग पुगि जिवनस्तर पुनर्स्थापना हुनेछ।

५.९ जोखिमयुक्त समुदाय सहभागिता

आयोजनाको लक्ष्य हासिल गर्न लाभग्राहीहरूको सक्रिय सहभागिता र सहयोग महत्त्वपूर्ण हुन्छ। जोखिमयुक्त समुदायका मानिसहरूलाई विकास कार्यमा प्रत्यक्ष रुपमा सहभागी हुन पाउने वातावरण हुनेछ। आयोजनासँग संवाद गर्ने र समस्या समाधान गर्ने सिपले उनीहरूको आत्मविश्वास बढाउनेछ। जोखिमयुक्त समुदाय विकास कार्यक्रमले कमजोर समुदायका मानिसहरूको सशक्तिकरणलाई महत्त्वपूर्ण रणनीतिको रूपमा लिन्छ, जसले उनीहरूलाई आफ्नो अधिकारको रक्षा गर्न सक्षम बनाउँदछ। जोखिममा परेका व्यक्तिहरूको सशक्तिकरणका लागि आयोजनाले आयोजनाका प्रत्येक गतिविधिमा उनीहरूको अनिवार्य सहभागिता सहित समस्या समाधान गर्नेछ। विकासका सबै पक्षहरूमा जोखिमयुक्त समुदायको सक्रिय सहभागिताले उनीहरूलाई क्रमश आर्थिक वृद्धिको माध्यमबाट सशक्तिकरणको अवस्थामा लैजानेछ। निरन्तर लैङ्गिक असमानताले विशेषगरी महिलाहरूको विकासमा बाधा पुऱ्याउँछ। यस आयोजनाले आर्थिक, सामाजिक र कानुनी क्षेत्रमा लैङ्गिक समस्याहरूप्रति संवेदनशीलता र सचेतना सिर्जना गरी लैङ्गिक समानतालाई आफ्नो रणनीतिको महत्त्वपूर्ण तत्वको रूपमा समाहित गर्नेछ। आयआर्जनका गतिविधिलाई प्रभावकारी कार्यान्वयन गरी स्थानीय स्रोत परिचालन गरी जोखिममा परेका जनतालाई केन्द्रित गर्दै विकास कार्यक्रमहरूमा जोड दिइनेछ। यस आयोजनाले जनचेतना अभिवृद्धि, स्थानीय क्षमता अभिवृद्धि र सामाजिक परिचालन प्रक्रिया मार्फत जोखिममा परेका मानिसहरूको सामाजिक पुँजीको विकास गरी सामुहिक कार्यका लागि संगठित गर्न सक्षम बनाउनेछ।

६. सार्वजनिक परामर्श छलफल

६.१ परिचय

सार्वजनिक परामर्श छलफल स्थानीय सरोकारवालाहरुसँग लिइने सूचनाको स्रोतहरु मध्ये एक आधारभूत माध्यम हो। यसले आयोजनाप्रति स्थानीय जनताको धारणाको अन्वेषण गर्दछ र आयोजनासँग सम्बन्धित गतिविधिहरू सम्बन्धि स्थानीय सरोकारवालाहरूको स्वीकृतिको स्तर पहिचान गर्दछ। सार्वजनिक परामर्श, आयोजना र पुनर्वास कार्य योजनाको प्रावधानहरुको बारेमा जानकारी गराउने प्रमुख माध्यम हो। यसबाहेक, आयोजना प्रभावित व्यक्तिहरु र स्थानीय सरोकारवालाहरुले आफ्नो चासो, सुझाव र आयोजनासँग सम्बन्धित मागहरु सार्वजनिक परामर्शमा व्यक्त गर्न सक्दछन्।

६.२ सार्वजनिक परामर्शमा सहभागी

आयोजना क्षेत्रमा रहेका आयोजनाबाट प्रत्यक्ष रुपमा प्रभावित व्यक्तिहरु, महिला प्रतिनिधि, दलित प्रतिनिधि, जातीय समूहका प्रतिनिधि, स्थानीय स्तरका राजनैतिक दलका प्रतिनिधि, सामाजिक कार्यकर्ता, समाजसेवी, बुद्धिजिवि आदिको परामर्शमा सहभागिता रहेको थियो। यसैगरी जिल्लास्थित सरोकारवाला सरकारी निकायहरु जिल्ला प्रशासन कार्यालय, नापी कार्यालय, मालपोत कार्यालय, वन कार्यालय, कृषि, गाउँपालिका, वडा कार्यालयका प्रतिनिधिहरुको परामर्शमा सहभागिता रहेको थियो।

६.३ सार्वजनिक परामर्शको विधि

आयोजना क्षेत्रका बिभिन्न स्थानहरुमा अनौपचारिक अन्तरक्रिया, समूह छलफल, प्रमुख सूचनादाता अन्तरक्रिया र घरधुरी सर्वेक्षणको माध्यमबाट परामर्श गरिएको थियो। आयोजनाबाट प्रत्यक्ष प्रभाव पार्ने बिभिन्न बस्तीहरुमा स्थानीयको संलग्नतामा परामर्श बैठक सम्पन गरीएको थियो। यसका अलावा आयोजना क्षेत्रका विभिन्न सरोकारवालाहरूसँग व्यक्तिगत परामर्श गरिएको थियो। स्थलगत अध्ययनको क्रममा स्थानीय जनप्रतिनिधि, राजनीतिक दलका नेता, व्यवसायी, समाजसेवी, महिला प्रतिनिधि, जिल्ला तहका पदाधिकारी लगायतसँग परामर्श गरिएको थियो।

६.४ सार्वजनिक परामर्शमा उठाइएका सवालहरु

व्यक्तिगत तथा समूहगत परामर्श बैठकमा मुख्य चासो आयोजनाबाट प्रभावित हुने घर, जग्गा तथा अन्य निजि सम्पतिको उचित मूल्याङ्कन हुनुपर्ने रहेको थियो। आयोजना प्रभावित व्यक्तिहरु उचित मुआब्जा लिएर आफ्नो जग्गा तथा सम्पति जलविद्युत आयोजनालाई दिन तयार रहेको पाइयो। परामर्शको क्रममा आयोजना निर्माणको लागि स्थानीयहरुको साथ सहयोग रहने जानकारी पाइयो। छलफलमा उपस्थित स्थानीयहरूले आयोजनाले जग्गाधनी पुर्जा नभएका तर वर्षौंदेखि भोगचलन गरिरहेका जग्गाको मुआब्जा/क्षतिपूर्ति उपलब्ध गराउनुपर्ने माग राखेका छन्। आयोजना निर्माणको चरणमा स्थानीयलाई सिप र दक्षताका आधारमा रोजगारीमा प्राथमिकता दिनुपर्ने माग गरेका छन्। यसका अलावा जीविकोपार्जन तालिम कार्यक्रमको अपेक्षा गरेको देखिन्छ। आयोजनाले आफ्नो क्षेत्राधिकार भित्र रहेर सार्वजनिक परामर्श छलफलमा स्थानीयले उठाएका मागहरुलाई सम्बोधन गर्नेछ। सार्वजनिक परामर्शमा उठाइएका मुख्य सवालहरुलाई तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ६.१: सार्वजनिक परामर्श तालिका

पालिका	बस्ती	संख्या	छलफलमा उठेका सवालहरु	समाधानका उपायहरु	जिम्मेवार निकाय
भोटखोला	छुमसुर	१६	▪ आयोजनाले अधिग्रहण गरेका जग्गा बाहेक आसपासका अन्य जग्गा क्षति हुन् गएमा उचित क्षतिपूर्ति दिनुपर्ने	▪ अधिग्रहण गरेका बाहेक अन्य जग्गा आयोजनाका कारणले क्षति हुन गएमा उचित क्षतिपूर्तिको व्यवस्था गरिनेछ	आयोजना, आयोजना निर्माण व्यवसायी, मुआब्जा निर्धारण समिति
			▪ सिप र दक्षताका आधारमा स्थानीयहरुलाई रोजगारीमा प्राथमिकता दिनुपर्ने	▪ सिप र दक्षताका आधारमा स्थानीयहरुलाई रोजगारीमा प्राथमिकता दिइनेछ	
			▪ आयोजना प्रभावित घरसंरचना, जग्गा तथा अन्य सम्पत्तिको उचित मुआब्जा दिनुपर्ने	▪ आयोजना प्रभावित घर जग्गाको उचित मुआब्जाका लागि सम्बन्धित निकायसँग पहल गरिनेछ	
			▪ पहुँच सडक निर्माणबाट गाउँको गोरेटो बाटो क्षति हुन् गएमा निर्माण गरिदिनु पर्ने	▪ आयोजनाको पहुँच सडक निर्माणले गोरेटो बाटो क्षति हुन गएमा स्थानीयसँग समन्वय गरि मर्मत गरिनेछ	
			▪ सिकर्मी, सवारीचालक, सिलाईबुनाई, बंगुरपालन, बाख्रा पालन, तरकारी खेती तालिम दिनुपर्ने	▪ आयोजना कार्यन्वयनको चरणमा सिपमुलक तथा आयमुलक तालिम कार्यक्रम संचालन गरिनेछ	
भोटखोला	च्यामताङ	२९	▪ अधिग्रहण गरिने जग्गाको मुआब्जा निर्धारण गर्दा स्थानीयसँग समन्वय गरि गर्नुपर्ने	▪ आयोजना प्रभावित तथा स्थानीय तहसँग परामर्श तथा सहकार्य गरि जग्गाको मुआब्जा निर्धारण गरिनेछ	आयोजना, मुआब्जा निर्धारण समिति, निर्माण व्यवसायी
			▪ भोगचलन गर्दै आएका र नापी छुट भएका जग्गाहरुको उचित मुआब्जा दिनुपर्ने	▪ स्थानीयको माग सम्बोधन गर्न सम्बन्धित निकायसँग समन्वय गरि उचित पहल गरिने	
			▪ यस क्षेत्रमा सुहाउदो जीविकोपार्जनसँग सम्बन्धित आयमूलक तथा सिपमूलक तालिम दिनुपर्ने	▪ आयोजना कार्यन्वयनको चरणमा सिपमुलक तथा आयमुलक तालिम कार्यक्रम संचालन गरिनेछ	
			▪ सिप र दक्षताका आधारमा स्थानीयहरुलाई	▪ सिप र दक्षताका आधारमा स्थानीयहरुलाई	

पालिका	बस्ती	संख्या	छलफलमा उठेका सवालहरु	समाधानका उपायहरु	जिम्मेवार निकाय
			रोजगारीमा प्राथमिकता दिनुपर्ने	रोजगारीमा प्राथमिकता दिइनेछ	
			▪ शेयर लगानीमा स्थानीय वासीलाई प्राथमिकता दिनुपर्ने	▪ प्रचलित ऐन कानुन बमोजिम स्थानीयलाई शेयरको व्यवस्था गरिनेछ	
भोटखोला	लिङगम	१९	▪ जग्गा अधिग्रहण गर्दा जग्गाको स्तर तथा उपयोग हेरी स्थानीयसँग परामर्श गरि मुआब्जा रकम निर्धारण गर्नुपर्ने	▪ आयोजना प्रभावित जग्गाको मुआब्जा निर्धारण गर्दा आयोजना प्रभावितले उठाएका चासोलाई सम्बोधन गरिनेछ	आयोजना, मुआब्जा निर्धारण समिति, आयोजना निर्माण व्यवसायी
			▪ सिप र दक्षताको आधारमा स्थानीयलाई रोजगारीमा प्राथमिकता दिनुपर्ने	▪ सिप र दक्षताका आधारमा स्थानीयलाई रोजगारीमा प्राथमिकता दिइनेछ	
			▪ पहुँच सडक निर्माण गर्दा आसपासका जग्गा क्षति हुन गएमा उचित क्षतिपुर्ति दिनुपर्ने	▪ आयोजनाका कारणले थप जग्गा क्षति हुन गएमा उचित क्षतिपूर्तिको व्यवस्था गरिनेछ	
			▪ आयोजनाले जीविकोपार्जन सहजताको लागि सिपमूलक तालिम संचालन गर्नुपर्ने	▪ आयोजना कार्यन्वयनको चरणमा सिपमुलक तालिम कार्यक्रम संचालन गरिनेछ	
			▪ आयोजनाले अधिग्रहण गर्ने निजि जग्गामा रहेका रुखबिरुवाको उचित मुआब्जा दिनुपर्ने	▪ आयोजना प्रभावित निजि जग्गामा रहेका रुखबिरुवाको उचित मुआब्जा दिइनेछ	
भोटखोला	गुठिगुम्बा	१३	▪ आयोजनाबाट अधिग्रहण गरिने घरसंरचना तथा जग्गाको उचित मुआब्जा दिनुपर्ने	▪ आयोजना प्रभावित जग्गा, घरसंरचना तथा अन्य निजि सम्पत्तिको उचित मुआब्जा दिइनेछ	आयोजना, मुआब्जा निर्धारण समिति, आयोजना निर्माण व्यवसायी
			▪ जीविकोपार्जनसँग सम्बन्धित सिपमूलका तालिम दिनुपर्ने	▪ आयोजना कार्यन्वयनको चरणमा सिपमुलक तालिम संचालन गरिनेछ	
			▪ रोजगारीमा स्थानीयलाई प्राथमिकता दिनुपर्ने	▪ रोजगारीमा स्थानीयलाई प्राथमिकता दिइनेछ	
भोटखोला	चेपुवा	३२	▪ आयोजनाबाट क्षति हुने जग्गाको चलनचल्ती अनुसार मुआब्जा दिनुपर्ने	▪ आयोजना प्रभावित जग्गाको मुआब्जा चलनचल्तीको मुल्याङ्कन अनुसार गरिनेछ	आयोजना, मुआब्जा निर्धारण समिति, आयोजना निर्माण व्यवसायी
			▪ सिप र दक्षताका	▪ सिप र दक्षताका	

पालिका	बस्ती	संख्या	छलफलमा उठेका सवालहरु	समाधानका उपायहरु	जिम्मेवार निकाय
			आधारमा स्थानीयहरुलाई रोजगारीमा प्राथमिकता दिनुपर्ने	आधारमा स्थानीयलाई रोजगारीमा प्राथमिकता दिइनेछ	
			▪ आयोजना निर्माणमा साना निर्माण ठेक्काका काम स्थानीयलाई दिनुपर्ने	▪ स्थानीयका माग सम्बोधनका लागि आयोजनाको नीति अनुसार पहल गरिनेछ	
			▪ आयोजना निर्माणबाट स्थानीयले भोगचलन गरेका जग्गा, नापी छुटेका जग्गा, सामुदायिक जग्गामा असर पुगेमा मुआब्जा दिनुपर्ने	▪ आयोजना निर्माण बाट भोगचलन गरेका तथा सार्वजनिक जग्गामा क्षति पुगेमा ऐन कानुन भित्र रहेर उचित व्यवस्था गरिनेछ	
			▪ जग्गा अधिग्रहण गर्दा प्रभावित कित्ता पुरै अधिग्रहण गरिदिनु पर्ने	▪ जग्गा अधिग्रहण गर्दा नेपाल सरकारको प्रचलित ऐन कानुन अनुसार गरिने	
			▪ पहुँच सडकदेखि गाउँ सम्म जोड्ने कृषि सडक निर्माणमा सहयोग गरिदिनुपर्ने	▪ कृषि सडक निर्माणको लागि स्थानीय तह र सरोकारवालासँग समन्वय गरि पहल गरिने	
			▪ पहुँच सडकदेखि गाउँ सम्म जोड्ने कृषि सडक निर्माणमा सहयोग गरिदिनुपर्ने	▪ कृषि सडक निर्माणको लागि स्थानीय तह र सरोकारवालासँग समन्वय गरि पहल गरिने	

स्रोतः स्थलगत अध्ययन, २०७९

७. मुआब्जा तथा पुनर्वास सम्बन्धि कानुन, ऐन तथा नीति

७.१ सामान्य परिचय

पुनर्वास कार्य योजना कार्यान्वयनसँग सम्बन्ध राख्ने नेपाल सरकारद्वारा जारी गरिएका नीति, ऐन, नियम, निर्देशिका लगायत नेपालमा संचालित विभिन्न विकास निर्माण आयोजनाहरुमा अभ्यास भएका दाता निकायहरुका नीति तथा निर्देशिकाहरु समेत यस प्रतिवेदन तयार गर्ने सिलसिलामा पुनरावलोकन गरिएको छ।

७.२ नेपालको संबिधान २०७२

नेपालको संबिधान २०७२ अनुसार सम्पत्तिको हकको सन्दर्भमा संविधानले नेपालको प्रत्येक नागरिकलाई सम्पत्तिको हकको व्यवस्था गरेको छ। सम्पत्तिको हकको सन्दर्भमा संविधानले सार्वजनिक हित बाहेक राज्यले व्यक्तिको सम्पत्तिमा अधिकार प्राप्त गर्ने वा प्रयोग गर्ने छैन। सार्वजनिक हितका लागि राज्यले कुनै पनि व्यक्तिको सम्पत्ति अधिग्रहण गर्दा क्षतिपूर्तिको आधार र कार्यप्रणाली ऐन बमोजिम हुनेछ।

७.३. जग्गा प्राप्ति ऐन २०३४

जग्गा अधिग्रहण ऐन, २०३४ ले जग्गा अधिग्रहण तथा मुआब्जाको प्रक्रिया तोकेको छ। यस ऐनले सरकारले सार्वजनिक प्रयोजनका लागि वा सरकारी संस्थाले सुरु गरेको विकास आयोजना सञ्चालनका लागि मुआब्जा दिएर कुनै पनि जग्गा अधिग्रहण गर्न सक्ने अधिकार दिएको छ। यस ऐनमा मुआब्जा निर्धारण समितिको व्यवस्था रहेको छ र यसलाई मुआब्जा निर्धारण समिति भनिन्छ। मुआब्जा निर्धारण समिति प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा अन्य सदस्यहरू नगरपालिका तथा गाउँपालिकाका प्रतिनिधि, जिल्ला मालपोत कार्यालयका प्रमुख र आयोजना प्रमुख रहेका हुन्छन्। मुआब्जा निर्धारण समितिले प्राप्तगर्नुपर्ने सम्पत्तिको लागि मुआब्जा तथा क्षतिपूर्ति दरहरू तोक्ने काम गर्दछ। जग्गा प्राप्ति सन्दर्भमा जग्गा प्राप्ति ऐन २०३४ मा उल्लेखित मुख्य कानूनी प्रावधानहरू निम्न अनुसार रहेका छन्।

- नेपाल सरकारले कुनै सार्वजनिक कामको निमित्त कुनै जग्गा प्राप्त गर्न आवश्यक ठहराएमा यस ऐन बमोजिमको मुआब्जा दिने गरी जग्गा प्राप्त गर्न सक्नेछ (दफा ३ र ४)।
- जग्गा प्राप्त गर्नुपर्ने सरकारको निर्णय भएपछि अधिकार प्राप्त कर्मचारीले प्रारम्भिक कारबाई चलाउन सक्नेछ। प्रारम्भिक कारबाई चलाउने अधिकारीले प्राप्त गर्नुपर्ने जग्गा, त्यसमा रहेको घर, कम्पाउण्ड आदिको सर्वे, नाप जाँच गरि सरोकारवाला व्यक्तिको जानकारीको निमित्त अग्रिम सूचना पर्नेछ (दफा ५ र ६)।
- प्रारम्भिक कारबाई चलाउने अधिकारीले निर्धारण गरेको क्षतिपूर्तिको रकम बाली, रुख, पर्खाल आदि काटेको वा भत्काए बापतको नोक्सानीको लागि र माटो, ढुङ्गा, झिक्दा, खाडल खन्दा वा बोरिङ्ग गर्दा नोक्सानी भएमा सो बापत क्षतिपूर्ति दिइनेछ (दफा ७)।

- प्रारम्भिक कारबाई चलाएको मितिले पन्ध्र दिनभित्र प्रारम्भिक कारबाई चलाउने अधिकारीले सो कारबाई पुरा गरी प्राप्त गर्न उपयुक्त देखिएको जग्गा यकिन गरी सो सम्बन्धि अन्य आवश्यक विवरण सहितको प्रतिवेदन यथाशीघ्र स्थानीय अधिकारी समक्ष पठाउनु पर्ने छ (दफा ८)।
- प्रारम्भिक कारबाईको प्रतिवेदन प्राप्त भएपछि प्राप्त गरिने जग्गाको विस्तृत विवरण सहित स्थानीय अधिकारीले जग्गा प्राप्तिको सूचना जारी गर्नेछ (दफा ९)।
- सूचना टाँस भएको मितिले बाटोको म्याद बाहेक सात दिनभित्र आफ्नो जग्गा प्राप्त नगर्नु पर्ने कुनै कारण भए त्यसको कारण खोलि सम्बन्धित जग्गावालाले स्थानीय अधिकारीको कार्यालय मार्फत नेपाल सरकार, गृह मन्त्रालयमा उजुर गर्न सक्नेछ। जग्गावालाको स्वीकृति लिई मोहीले पक्की घर बनाएको रहेछ भने त्यस्तो घर र सो घरले चर्चेको जग्गाको सम्बन्धमा त्यस्तो मोहीले पनि यस उपदफा बमोजिम उजुर गर्न पाउनेछ। उजुरीको निर्णय त्यस्तो उजुरी प्राप्त गरेको साधारणतया पन्ध्र दिनभित्र गर्नु पर्नेछ (दफा ११)।
- मुआब्जाको रकम निर्धारण गर्न देहायका पदाधिकारीहरू भएको मुआब्जा निर्धारण समिति रहनेछ (क) प्रमुख जिल्ला अधिकारी, (ख) भूमि प्रशासक वा माल अड्डाको हाकिम, (ग) आयोजना प्रमुख (घ) सम्बन्धित गाउँपालिका वा नगरपालिकाको प्रतिनिधि। प्राप्त गरिने जग्गाको मुआब्जा नगदीमा दिइनेछ तर मुआब्जा निर्धारण गर्दा सम्पूर्ण जग्गा पर्ने र केही जग्गा मात्र पर्ने व्यक्तिको हकमा बेग्लाबेग्लै मुआब्जाको दर कायम गर्न सकिनेछ (दफा १३)।
- जग्गा प्राप्त गर्दा सो जग्गामा मोहियानी लागेको भए सो जग्गा बापत दिइने मुआब्जाको पचास प्रतिशत रकम मोहिले पाउनेछ। तर, जग्गावालाको स्वीकृति लिई मोहिले बनाएको घर समेत प्राप्त गरिएकोमा सो घर बापतको मुआब्जा निजले पूरै पाउनेछ (दफा २०)।
- प्राप्त गरिएको जग्गाको मुआब्जा वितरण गर्दा सरोकारवाला व्यक्तिसित मालपोत, कर वा अन्य कुनै सरकारी रकम असुल गर्न बाँकी रहेछ भने त्यस्तो असुल गर्न बाँकी रहेको रकम मुआब्जाबाट कट्टा गर्न सकिनेछ (दफा २१)।
- मुआब्जा सम्बन्धि गुनासोको शुरु कारबाई र किनारा गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई हुनेछ। प्रमुख जिल्ला अधिकारीले गरेको निर्णय उपर पैंतीस दिनभित्र जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ (दफा ४०)।

७.४ मालपोत ऐन २०३४

आयोजनाका लागि जग्गा अधिग्रहण गर्दा जग्गाको स्वामित्व परिवर्तन हुन्छ। यस ऐनको दफा ८ मा दर्ता, स्वामित्व परिवर्तन, स्वामित्वको समाप्ति र जग्गा अभिलेखको मर्मत सम्भार स्थानीय मालपोत कार्यालयले गर्ने उल्लेख छ। त्यसैगरी, दफा १६ मा सम्बन्धित धनीले लामो समयसम्म जग्गाको राजस्व नतिरेमा राजस्व तिर्नुपर्ने जग्गाको लिलामीबाट राजस्व उठाउन सकिने व्यवस्था गरेको छ। कुनै पनि अवस्थामा, अधिग्रहण र मुआब्जा भुक्तानी गर्दा संलग्न जग्गा अधिग्रहण र स्वामित्व हस्तान्तरणको विवरणहरू प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा यस ऐनद्वारा निर्देशित छन्।

७.५ भूमि सम्बन्धि ऐन, २०२१

भूमि सम्बन्धि ऐन, २०२१ (संशोधित २०७६) लाई मोहीको अधिकार स्थापना गरी वास्तविक मोहीलाई स्वामित्वको अधिकार प्रदान गरी जग्गाको विद्यमान व्यवस्थालाई परिवर्तन गर्ने क्रान्तिकारी कदम मानिन्छ। भूमि सम्बन्धि ऐन अहिलेसम्म आठ पटक संशोधन भइसकेको छ। यस ऐनको दफा ७ ले भौगोलिक क्षेत्रका आधारमा जग्गाको स्वामित्वको सीमा तोकेको छ। त्यसैगरी ऐनको दफा २५ ले मोहीको अधिकारलाई सुनिस्चित गरेको छ।

७.६ गुठी संस्थान ऐन, २०३३

गुठी संस्थान ऐन, २०३३ (संशोधित २०७२) को दफा ४२ ले नेपाल सरकारले गुठीको जग्गा अधिग्रहण गरेमा मुआब्जा रकमको सट्टा जग्गा नै सोधभर्ना गर्न सक्नेछ। तर गुठी रैतान नम्बरी जग्गा अधिग्रहण गरेमा नेपाल सरकारले संस्थानलाई सो जग्गाको लाग्ने मालपोत वापत क्षतिपूर्ति दिनुपर्नेछ। त्यसैगरी दफा ४२ (क) अनुसार नेपाल सरकारले संस्थानको स्वामित्वमा रहेको गठ्ठी जग्गा सामाजिक कल्याण वा सामुदायिक हितको लागि उपलब्ध गर्न वा गराउन आवश्यक देखेमा व्यवहारिकता हेरी सहुलियत मूल्यमा लिन सक्नेछ।

७.७ जग्गा प्राप्ति, पुनर्वास तथा पुर्नस्थापना सम्बन्धि नीति

पूर्वाधार विकास आयोजनाका लागि जग्गा प्राप्ति, पुनर्वास तथा पुर्नस्थापना सम्बन्धि नीति, २०७१ अनुसार, आयोजनाको कार्यान्वयनबाट स्थानीय व्यक्ति परिवार वा समुदाय विस्थापन नै नहुने वा सकेसम्म न्यून विस्थापनको अवस्था सिर्जना गर्ने रहेको छ। आयोजनाको कारणले विस्थापन हुनुपर्ने अवस्था भएमा आयोजना प्रभावित व्यक्ति, परिवार वा समुदायलाई आयोजनाबाट पर्ने प्रतिकुल प्रभावहरुलाई न्यूनीकरण गर्दै प्रभावित व्यक्ति, परिवार वा समुदायलाई क्षतिपूर्ति तथा आर्थिक सामाजिक लाभका अवसरहरु उपलब्ध गराउनु पर्दछ। जग्गा प्राप्ति, मुआब्जा/क्षतिपूर्ति, पुनर्वास तथा पुनर्स्थापना तथा मूल्याङ्कन कार्यलाई सरल, सहज, पारदर्शी र न्यायोचित बनाई आयोजना निर्धारित समयमा सम्पन्न गर्ने वातावरण सिर्जना गर्नुपर्दछ। यस नीतिले विकास आयोजनाको आर्थिक र सामाजिक प्रभाव विश्लेषण गरि आयोजनाहरूलाई उच्च, मध्यम र निम्न वर्गमा वर्गीकरण गर्ने छ। उच्च जोखिममा रहेका आयोजनामा हिमाली क्षेत्रमा ५० वा सोभन्दा बढी परिवार, पहाडी क्षेत्रमा ७५ वा सोभन्दा बढी परिवार र तराई क्षेत्रमा १०० वा सोभन्दा बढी परिवार आर्थिक वा भौतिक रुपमा विस्थापित हुने आयोजना पर्दछन्। मध्यम जोखिम आयोजना अन्तर्गत हिमाली क्षेत्रमा ५० भन्दा कम परिवार, पहाडी क्षेत्रमा ७५ भन्दा कम परिवार र तराई क्षेत्रमा १०० भन्दा कम परिवार आर्थिक वा भौतिक रुपमा विस्थापित हुने आयोजना पर्दछन्। त्यसैगरी, न्यून जोखिम रहेका आयोजनाहरूले उत्पादनशील जायजेथाको १० प्रतिशत भन्दा बढी ह्रास नहुने आयोजना पर्दछन्।

७.८ जोखिमयुक्त समूहहरूमा केन्द्रित नीतिहरु

नेपालको कमजोर वा जोखिमयुक्त तथा आदिवासी जनजातिको लागि एकल योजना र नीति छैन। तर, बालबालिका, वृद्ध नागरिक, अपाङ्गता भएका, भूमिहीन तथा साना किसान, महिला, दलित र सीमान्तकृत, आदिवासी तथा जनजाति आदि जस्ता जोखिमयुक्त तथा कमजोर समूहहरूलाई दर्शाै

राष्ट्रिय योजनामा विभिन्न शीर्षकहरुमा समेटिएको थियो र यसलाई पन्ध्रौं राष्ट्रिय योजनामा पनि राखिएको छ। यद्यपि, नेपालमा जोखिमयुक्त तथा कमजोर वर्ग तथा समुदायहरूका लागि विशेष अस्वेच्छिक पुनर्वास सम्बन्धि विस्तृत योजना र नीतिहरू विकास हुन बाँकी रहेको देखिन्छ।

७.९ विद्युत ऐन, २०४९

विद्युत ऐन १९९२ को दफा ३३ अनुसार विद्युत उत्पादन, प्रसारण वा वितरण गर्नका लागि अरु कसैको घर जग्गा उपयोग गर्न वा प्राप्त गर्न आवश्यक परेमा अनुमतिपत्र प्राप्त व्यक्तिले नेपाल सरकार समक्ष निवेदन दिन सक्नेछ। निवेदन प्राप्त भएमा नेपाल सरकारले तत्सम्बन्धमा आवश्यक जाँचबुझ गरी प्रचलित कानुन बमोजिम संगठित संस्थालाई जग्गा प्राप्त गराईदिए सरह अनुमतिपत्र प्राप्त व्यक्तिलाई त्यस्तो घर जग्गा प्राप्त गराई दिन सक्नेछ। नेपाल सरकारले वा अनुमतिपत्र प्राप्त व्यक्तिले विद्युतको उत्पादन, प्रसारण वा वितरण सम्बन्धि कुनै निर्माण कार्य गरेकोमा त्यस्तो निर्माण कार्य भएको ठाउँ वा सो ठाउँको वरीपरी तोकिएको दूरीमा पर्ने घर जग्गा अरु कसैले कुनै खास कामको निमित्त प्रयोग गर्न नपाउने गरी नेपाल सरकारले निषेध गर्न सक्नेछ। त्यसैगरी निषेध गरिएको कारणबाट सम्बन्धित व्यक्तिलाई पर्ने हानि नोक्सानी बापत नेपाल सरकार वा अनुमतिपत्र प्राप्त व्यक्तिले तोकिए बमोजिम क्षतिपूर्ति दिइनेछ।

७.१० विश्व बैंक अस्वैच्छिक पुनर्वास नीति

विश्व बैंकको अस्वैच्छिक पुनर्वास नीति अनुसार सकेसम्म प्रतिकुल पुनर्वासका प्रभावहरू नपार्ने, प्रभाव पर्ने भएमा न्यूनीकरण गर्ने र न्यूनीकरणका उपाय अवलम्बन गर्न जीविकोपार्जन र आय आर्जन क्षमतालाई पूर्व-आयोजना स्तरमा सुधार गर्न वा कम्तीमा पुनर्स्थापना गर्न सहयोग प्रदान गर्नु रहेको छ। प्रभावित सम्पत्तिको लागि प्रतिस्थापन मूल्यमा क्षतिपूर्तिको भुक्तानीका साथै थप सहायताहरू प्रदान गर्नु रहेको छ। प्रभावित सम्पत्तिको प्रमाणिकरण र प्रभावित घरधुरी सर्वेक्षेणको समयमा कुनै औपचारिक कानुनी अधिकार नभएका प्रभावितहरु जसले परम्परा देखि भोगचलन गर्दै आएका छन् उनीहरू पूर्ण हकअधिकारको लागि योग्य हुन्छन्। घरेलु कानुनको उल्लङ्घन गरी जग्गा कब्जा गर्ने अन्य आयोजना प्रभावितहरूले भवन र बाली जस्ता सम्पत्तिको क्षतिपूर्तिको हकदार हुन्छन् तर भूमिको क्षतिको क्षतिपूर्ति पाउने छैनन्। प्रभावित घरधुरी सर्वेक्षेण सुरु हुनु अघि कम्तिमा एक वर्षसम्म जग्गाको निर्बाध कब्जा भएको अवस्थामा, उनीहरूले जग्गाको मुआब्जाको सट्टा पुनर्वास सहायताको हकदार हुन्छन्। आदिवासी जनजाति नीतिको मुख्य उद्देश्य भनेको प्रभावित आदिवासी जनजातिहरुको आयोजना डिजाइन र कार्यान्वयनमा संलग्नता रहेको सुनिश्चित गर्नु हो। विकास प्रक्रियामा आदिवासी जनजातिहरूलाई उनीहरूको मर्यादा र साँस्कृतिक विशिष्टताको लागि सम्मान प्रदान गरिएको सुनिश्चित गर्नुपर्दछ। आयोजनाबाट उचित लाभ प्राप्त गर्न सकुन् भन्नको लागि आदिवासी जनजातिहरूसँग अर्थपूर्ण परामर्श गर्नुपर्छ। आदिवासी जनजातिहरूको लागि अभिप्रेरित लाभहरू साँस्कृतिक रूपमा उपयुक्त छन् भनी सुनिश्चित गर्नुपर्दछ। आदिवासी जनजातिमा कुनै प्रतिकुल प्रभाव परेका छन् वा छैनन् र त्यसलाई कसरी न्यूनीकरण गर्न सकिन्छ र आयोजनाको तयारी र कार्यान्वयनमा परामर्श सुनिश्चित गर्ने उपायहरू पहिचान गर्न आदिवासी जनजाति विकास योजना तथा कमजोर समुदाय विकास योजना तयार गर्नुपर्दछ।

७.११ एसियाली विकास बैंक अस्वैच्छिक पुनर्वास नीति

एसियाली विकास बैंकको सुरक्षण नीतिले अस्वैच्छिक पुनर्वासका लागि मार्गनिर्देशन गरेको छ। आयोजना प्रभावित वा विस्थापित व्यक्तिहरूलाई उचित मुआब्जाको बावजुद पुनर्स्थापना र पुनर्वासलाई सम्बोधन गर्न अनिवार्य गरेको छ। अस्वैच्छिक पुनर्वासको अवस्थामा उपयुक्त पुनर्वास कार्य योजनाको तयारी गर्नुपर्दछ। यस नीतिले आयोजनाका प्रभावहरू पहिचान गर्न र पुनर्वास प्रभावहरूका कारण हुने विभिन्न नोक्सानीहरू न्यूनीकरणका उपायहरूको योजना बनाउनको लागि मार्गनिर्देश गरेको छ। सुरक्षण नीति कथनले अस्वैच्छिक पुनर्वासमा केही मुख्य प्रावधानहरू यस प्रकार रहेका छन्:

- जहाँ अस्वैच्छिक पुनर्वास अपरिहार्य छ, आयोजना र डिजाइन विकल्पहरू अन्वेषण गरेर प्रभावलाई न्यूनीकरण गर्नु पर्ने;
- सबै विस्थापित वा प्रभावित व्यक्तिहरूको जीविकोपार्जनलाई बढाउने वा कमसेकम आयोजना भन्दा अगाडिको अवस्थामा पुनर्स्थापना गर्नु पर्ने;
- आयोजना प्रभावित गरिब तथा जोखिममा परेका समूहहरूको जीवनस्तरमा सुधार गर्नु पर्ने;
- आयोजना प्रभावित व्यक्ति, समुदाय र सरोकारवालाहरूसँग अर्थपूर्ण परामर्श गरी पुनर्वास कार्य योजना तयार गर्नु पर्ने;
- भूमिमा आधारित जीविकोपार्जन भएका प्रभावित व्यक्तिहरूको लागि भूमिमा आधारित पुनर्वासलाई प्राथमिकता दिनु पर्ने;
- जग्गाको उचित विकल्प नभएमा वा उचित मूल्यमा जग्गा उपलब्ध नभएमा, जग्गा र अन्य सम्पत्तिको उचित नगद क्षतिपूर्तिको अतिरिक्त रोजगारी वा स्वरोजगारको अवसर उपलब्ध गराउनु पर्ने;
- घरसंरचना तथा अन्य सम्पत्ति र आम्दानीको क्षतिको लागि नगद क्षतिपूर्ति पूर्ण प्रतिस्थापन लागतमा आधारित हुनु पर्ने;
- जग्गाको औपचारिक कानूनी हक नभएको तर भोगचलन गर्दै आएका प्रभावितहरुलाई क्षतिपूर्तिमा बाधा गर्न नहुने;
- जग्गा, घरसंरचना र अन्य सम्पत्तिको मुआब्जाको दर चलनचल्तीको मूल्यको आधारमा पूर्ण प्रतिस्थापन लागतमा गणना गरिनु पर्ने र मुआब्जासँग सम्बन्धित कर, शुल्क आदि आयोजनाले दिनु पर्ने;
- सबै क्षतिपूर्ति भुक्तानीहरू र पुनर्वाससँग सम्बन्धित गतिविधिहरू सिभिल कार्य सुरु हुनु अघिनै पूरा गरिनु पर्ने;
- गरिबीको रेखामुनि रहेका, भूमिहीन, वृद्धवृद्धा, महिला तथा बालबालिका तथा आदिवासी जनजाति र भूमिको कानुनी हक नभएका जोखिममा रहेका समूहका आवश्यकताहरूमा विशेष ध्यान दिनु पर्ने।

८. मुआब्जा तथा जीविकोपार्जन पुनर्स्थापना

८.१ सामान्य परिचय

यस आयोजनाले निजी र सार्वजनिक सम्पत्ति अधिग्रहण गरेर, आयोजना प्रभावितहरू, तिनीहरूका आश्रितहरू र स्थानीय समुदायलाई असर गर्नेछ। यस हकाधिकार प्राबधानले प्रत्येक फरक प्रभावहरु जस्तै जग्गा, घरसंरचना, अन्य निजी स्वामित्वमा रहेका सम्पत्ति, सामुदायिक संरचना तथा सम्पत्ति प्रत्येकको लागि मुआब्जा तथा क्षतिपूर्ति, पुनर्वास तथा पुनर्स्थापनाका उपायहरू निर्दिष्ट गर्नेछ।

८.२ मुआब्जा तथा क्षतिपूर्ति

प्रभावित परिवारलाई प्रभावित निजी सम्पत्तिको मुआब्जा उपलब्ध गराइनेछ। मुआब्जा वितरण गर्दा प्रतिस्थापन मुल्य अर्थात चलनचल्तीको मुल्यमा आयोजनाबाट प्रभावित जग्गा, घरसंरचना तथा अन्य सम्पत्तिको मूल्याङ्कन गरिनेछ। जग्गा तथा अन्य संरचनाको स्थायी तथा अस्थायी क्षतिको हकमा प्रतिस्थापन लागत बराबर वा दुई पक्षबीच आपसी वार्ताबाट मुआब्जा तथा क्षतिपूर्ति निर्धारण गरिनेछ। आयोजना प्रभावित सबैजसो घरपरिवारले नगद मुआब्जालाई प्राथमिकता दिएको देखिन्छ। नगद क्षतिपूर्ति दिँदा प्रभावित घरपरिवारले आयोजना प्रभावित जस्तै प्रकृतिको घरसंरचना निर्माण तथा जग्गा किन्न सक्छन् वा जग्गा अधिग्रहणबाट हुने हानि कम गर्न व्यवसायहरू सञ्चालन गर्न सक्दछन्। आयोजना प्रभावित र अध्ययनले समेट्न नसकेका अर्थात् छुटेका घरपरिवारको प्रभावित सम्पत्तिको एकिन गरि मुआब्जा प्रक्रिया अगाडि बढाइनेछ। त्यसैगरी यस आयोजना क्षेत्रमा केहि जग्गाहरुको नापी छुटेको भन्ने स्थानीयको गुनासो रहेको पाइन्छ र केहि जग्गाहरु परम्परादेखि भोगचलन गर्दै आएको स्थानीयको भनाइ छ। यस्ता खालका समस्याहरुलाई आयोजनाले सम्बन्धित निकायहरुसँग समन्वय गरेर सम्बोधन गर्नेछ।

८.३ पुनर्वास तथा पुनर्स्थापना

आयोजना प्रभावित घरपरिवारहरुलाई पर्ने मुख्य असरहरू जग्गा अधिग्रहण र घरसंरचनाको क्षति हो। आयोजना प्रभावित घरधुरी सर्वेक्षण गर्दा आवासीय घर गुमाउने घरपरिवार मध्ये धेरैजसोको वैकल्पिक आवास रहेको पाइन्छ। केहि घरपरिवारको वैकल्पिक आवास नभएता पनि आफैले मुआब्जाको रकमबाट वासस्थान निर्माण गर्ने जनाएका छन्। घरधुरी सर्वेक्षणको तथ्याङ्क अनुसार सबै घरपरिवारले नगद क्षतिपूर्तिलाई प्राथमिकता दिएका छन्। तसर्थ आयोजनाबाट प्रभावित घरपरिवारलाई प्रभावित सम्पत्तिको नगत क्षतिपूर्ति दिइनेछ। मुआब्जाको अलावा पुनर्स्थापना सहायता साथै आयोजना कार्यान्वयन अवधिमा निर्माण कार्यका लागि आयोजना प्रभावितलाई रोजगारीमा प्राथमिकता दिइने छ।

८.४ विस्थापन सहायता

आवास गुमाई भौतिक रुपमा विस्थापित हुने घरपरिवार विस्थापन सहायता प्राप्त गर्न योग्य हुन्छन्। आवासीय घरहरू स्थानान्तरण गर्न आवश्यक भएका परिवारहरूले आवास विस्थापन सहायता प्राप्त गर्नेछन्। आवास विस्थापित हुने घरपरिवारलाई एक पटक अनुदानको रूपमा न्यूनतम ज्याला दरको छ महिना बराबरको निर्वाह भत्ता उपलब्ध गराइनेछ। आवास विस्थापन हुने घरपरिवारलाई

प्रति घरपरिवार न्युनतम ज्याला दररेटको आधारमा ने.रु. १५३,००० आवास विस्थापन सहायता प्रदान गरिनेछ। विस्थापन सहायता संक्रमणकालीन अवधिको लागि समस्याको सामना गर्नको लागि एक अस्थायी क्षतिपूर्तिको उपाय हो। विस्थापन सहायता वितरण गर्नुपुर्व प्रभावित घरपरिवारको स्थलगत प्रमाणीकरण गरिनेछ।

८.५ घरभाडा सहायता

आवास विस्थापन हुने र वैकल्पिक आवासको व्यवस्था नभएका घरपरिवारले ६ महिनाको घरभाडा वापत कुल ने.रु. ६०,००० पाउनेछन्। घरभाडा सहायता वितरण गर्नुपुर्व प्रभावित घरपरिवारको स्थलगत प्रमाणीकरण गरिनेछ।

८.६ स्थानान्तरण सहायता

आयोजनाबाट निजी आवासीय घरसंरचना प्रभावित भएका घरपरिवारलाई सामान सार्नको लागि प्रति घरपरिवार ढुवानी भाडा स्वरूप स्थानान्तरण सहायता ने.रु. १५,००० प्रदान गरिनेछ।

८.७ जीविकोपार्जन सहायता

आयोजनाको कारणले अधिक जग्गा गुमाई गम्भीर रुपले प्रभावित घरपरिवार जीविकोपार्जन सहायता भत्ता प्राप्त गर्न योग्य हुनेछन्। यस्ता घरपरिवारलाई जीविकोपार्जनमा सहजताका लागि जीविकोपार्जन सहायता उपलब्ध गराइनेछ। यस्ता परिवारहरूलाई एकमुष्ट जीविकोपार्जन सहायता स्वरूप तीन महिनाको जिल्लाको न्युनतम ज्याला दररेट अनुसार ने.रु. ७६,५०० प्रदान गरिनेछ। जीविकोपार्जन सहायता रकम वितरण गर्नुपुर्व प्रभावित घरपरिवारको स्थलगत प्रमाणीकरण गरिनेछ। यसका साथै अध्ययनको क्रममा छुट्न गएका घरपरिवारलाई एकिन गरि जीविकोपार्जन सहायता वितरण गरिनेछ।

८.८ जोखिमयुक्त वर्ग सहायता

आयोजना प्रभावित आदिवासी जनजाति घरपरिवार, दलित घरपरिवार, महिला प्रधान घरपरिवार, अशक्त घरमुली घरपरिवार, ज्येष्ठ नागरिक घरपरिवार जोखिमयुक्त वर्ग सहायता प्राप्त गर्न योग्य हुनेछन्। यस्ता घरपरिवारलाई जीविकोपार्जनमा सहजताको लागि सहायता स्वरूप तीन महिनाको जिल्लाको न्युनतम ज्याला दररेट अनुसार एकमुष्ट ने.रु. ७६,५०० प्रदान गरिनेछ। सहायता भत्ता वितरण गर्नुपुर्व प्रभावित घरपरिवारको स्थलगत प्रमाणीकरण गरिनेछ। यसका साथै अध्ययनको क्रममा छुट्न गएका घरपरिवार एकिन गरि सहायता वितरण गरिनेछ।

८.९ जीविकोपार्जन तालिम

गम्भीर रुपले आयोजना प्रभावित, भौतिक रुपमा बिस्थापित, जोखिमयुक्त समुदाय आदिलाई जीविकोपार्जन अभिवृद्धि सिप विकास तालिम प्रदान गरिनेछ। यसका अलावा तालिममा सहभागी हुन चाहेका आयोजना प्रभावित अन्य घरपरिवारलाई पनि जीविकोपार्जन अभिवृद्धि सिप विकास तालिम प्रदान गरिनेछ। जीविकोपार्जन तालिम प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदको स्तर-२ वा समकक्षको हुनेछ। जीविकोपार्जन अभिवृद्धि सिप विकास तालिम कार्यक्रम आयोजना

कार्यन्वायनको चरणमा सञ्चालन गरिनेछ। जीविकोपार्जन तालिम सञ्चालन गर्नुपूर्व प्रभावित घरपरिवारको तालिम आवश्यकता मूल्याङ्कन गरिनेछ र तालिममा सहभागी हुनेको अन्तिम सूची तयार पारिनेछ। जीविकोपार्जन अभिवृद्धि सिप विकास तालिमले प्रभावित घरपरिवारको आय आर्जनमा सहयोग पुऱ्याई पुनर्स्थापना गर्न सहायता पुग्नेछ।

८.१० आयोजनामा रोजगारीको अवसर

आयोजनाको स्थलगत अध्ययनको क्रममा घरधुरी सर्वेक्षण, सामुहिक परामर्श तथा व्यक्तिगत अन्तरक्रिया हुँदा स्थानीयको विशेष जोड भनेको आयोजना क्षेत्रका वासिन्दालाई आयोजनाबाट सृजना हुने रोजगारीमा प्राथमिकता दिनु पर्ने रहेको थियो। यस आयोजनाले स्थानीयलाई उनीहरुको सिप तथा दक्षताको आधारमा रोजगारीमा प्राथमकिता दिनेछ। रोजगारीको अवसरमा आयोजना प्रभावित जोखिमयुक्त वर्ग र आयोजनाबाट गम्भीर रुपले प्रभावितलाई घरपरिवारलाई विशेष ध्यान दिइनेछ।

८.११ अस्थायी भूमि प्रयोगको लागि क्षतिपूर्ति

आयोजनास्थलमा निर्माण सामाग्री र उपकरण राख्नको लागि निजी जग्गाको अस्थायी अधिग्रहण गर्नुपर्ने देखिन्छ। अस्थायी जग्गा अधिग्रहणको मुआब्जा जग्गाधनीलाई भाडाको रूपमा उपलब्ध गराइनेछ। भाडा भुक्तानी अधिग्रहण अवधिमा कम्तिमा स्थायी बाली हानिको लागत बराबर हुनेछ। भाडा भुक्तानी र निर्माण पछि जग्गालाई पहिलेको अवस्थामा पुऱ्याउने जिम्मेवारी निर्माण ठेकेदारको हुनेछ।

८.१२ रूखबिरुवा तथा खेतीबालीको क्षतिपूर्ति

निजी रूखको स्थायी क्षतिको लागि पाँच वर्षको वार्षिक उत्पादनको आधारमा क्षतिपूर्ति दिइनेछ। फलफूलका रूखहरूको लागि उत्पादन र काठदाउराका रूखहरूको लागि खुद लागतको आधारमा क्षतिपूर्ति दिइनेछ। हटाइएका निजी स्वामित्वका रूखहरूका सबै स्रोतहरू जस्तै फलफूल तथा काठदाउराको स्वामित्व रुखधनीको हुनेछ। आयोजनाले प्रभावितलाई सहयोगका लागि वन तथा कृषि कर्लायसँग समन्वय गरि रुखबिरुवा तथा बालीको क्षतिपूर्ति निर्धारण गर्नेछ। सम्भव भएसम्म, जग्गा अधिग्रहण गर्नु अघि बाली काट्न दिन निर्माण कार्यहरूको योजना गरिनेछ। बाली काट्न सकिँदैन वा बाली नष्ट हुने अवस्थामा एक सिजनको उपज बराबरको नगद क्षतिपूर्ति फसलको आधारमा दिइनेछ।

८.१३ सार्वजनिक संरचनाहरु पुनर्स्थापना

आयोजनाबाट प्रभावित सार्वजनिक संरचनाहरुलाई आयोजना कार्यन्वयनको चरणमा पुनर्स्थापना वा पुनर्निर्माण गरिनेछ। प्रभावित भवन तथा अन्य संरचनाहरुलाई कम्तीमा पुरानै अवस्थामा पुनर्स्थापना गर्ने वा प्रभावित समुदाय र सम्बन्धित निकायसँग समन्वय तथा परामर्श गरि छनोट गरिएको क्षेत्रमा पुनर्निर्माण गरिनेछ।

८.१४ मुआब्जा तथा पुनर्वासको हक अधिकार

आयोजनाबाट हुने प्रभाव, हकअधिकारको आधार, हकअधिकारको विवरण, कार्यन्वयन प्रक्रिया सम्बन्धि विस्तृत नीतिगत विवरण तल मुआब्जा तथा पुनर्वासको लागि हक अधिकारको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ८.१: मुआब्जा तथा पुनर्वासको लागि हक अधिकारको नीति

नोक्सानीको किसिम	हकअधिकारको आधार	हकअधिकारको विवरण	कार्यान्वयनका प्रक्रियाहरु
१. जग्गा			
नीजि स्वामित्वमा भएको जग्गाको नोक्सानी	▪ पूर्ण दर्तावाला	▪ पूर्ण प्रतिस्थापन मूल्य अर्थात चलनचल्तीको मूल्य वा सरकारी दररेट कुन बढी छ सोही अनुसार नगद मुआब्जा दिने वा प्रभावित जग्गा रहेको आसपासमा त्यति नै क्षेत्रफल र त्यतिनै उत्पादन हुने जग्गा सट्टा भर्ना प्राप्त गर्ने। ▪ जोखिमयुक्त समूहहरुका हकमा जग्गाका लागि जग्गानै प्राप्त गर्न प्राथमिकता पाउने। ▪ कृषियोग्य जग्गाको हकमा एक वर्षमा हुने उत्पादनको आधारमा सहायता रकम प्राप्त गर्ने।	▪ अधिग्रहण गर्नुभन्दा ३५ दिन अगावै जग्गा खाली गर्न सूचना दिइनेछ। ▪ जग्गाको मूल्याङ्कन चलनचल्तीको मूल्य अनुसार मुआब्जा निर्धारण समितिले स्थानीय दक्ष जनशक्तिको परामर्शबाट निश्चित गर्नेछ। ▪ नगदमा दिइने मुआब्जा अवस्था हेरी नगद वा चेकको रुपमा जग्गावालाको इच्छा अनुसार दिइनेछ। ▪ मुआब्जा रकम न्यायसंगत होस् भनेर मुआब्जा दिनका लागि मुआब्जाका दरहरु निर्धारण गर्ने काम १ वर्षभन्दा अगाडि गरिनु हुदैन।
मोहीयानी जग्गाको नोक्सानी	▪ जग्गाधनी ▪ मोही ▪ भाडावाल ▪ ठेक्कावाल	▪ संशोधित भूमि सम्बन्धि ऐन २०७६ अनुसार जग्गाधनी र मोही दुवैले जग्गाको ५० प्रतिशत मुआब्जा पाउने। ▪ दर्ता नभएका मोही वा भाडावाल वा ठेक्कामा लिने व्यक्तिले जग्गाको नोक्सानीको मुआब्जा पाउँदैनन् भने बालीको मुआब्जा पाउने।	▪ भाडावाल वा ठेक्कावालाले वाली साझेदारीमा लगाउने गरेको अवस्थामा मुआब्जाको वितरण पनि उनीहरु बीचको सम्झौता अनुरुप गरिनेछ।
गुठीको जग्गाको नोक्सानी	▪ अधिकारवाला व्यक्ति ▪ संस्था ▪ मोही	▪ गुठी संस्थान ऐन २०३३ संशोधित २०७२ अनुसार हुने।	▪ अधिग्रहणमा परेको जग्गा बराबर सट्टा जग्गा उपलब्ध गराउने। ▪ प्रभावित व्यक्ति वा संस्थासँग आपसी समझदारीमा जग्गा सट्टाभर्ना वा क्षतिपूर्ति रकम दिन सकिनेछ।

नोक्सानीको किसिम	हकअधिकारको आधार	हकअधिकारको विवरण	कार्यान्वयनका प्रक्रियाहरु
व्यक्तिगत जग्गाको अस्थाई क्षति	▪ पूर्ण दर्तावाला	▪ अस्थायी अवधिको अधिग्रहणका लागि वाली, जग्गाको उत्पादन र अरु सम्पत्तिको नोक्सानीको क्षतिपूर्ति पाउने। ▪ सम्पत्तिमा भएको अरु किसिमको हानि वा क्षति वापत मुआब्जा पाउने। ▪ अस्थायी अधिग्रहणका लागि ठेकेदारले जग्गावालासँग भाडा दररेट तय गरे वमोजिम गर्ने। ▪ अस्थाई अधिग्रहण भएको जग्गा अस्थाई प्रयोगको अवधि समाप्ति पछि जग्गाधनीलाई पहिलेकै अवस्थामा ल्याएर जग्गा फिर्ता वा सहमति भए अनुसार गर्ने।	▪ जग्गाधनीले प्रयोगको अवधि, बालीनालीको हानि, नोक्सानी वापत दिनु पर्ने रकम हिसाव गर्ने शर्त, क्षतिपूर्ति भुक्तानी गर्ने अवधि, जग्गाको संरक्षण र पुनर्स्थापना उपायहरु विवरण खुलाएर अस्थायी प्रयोगको करार सम्झौता गर्नु पर्छ। ▪ उक्त जग्गा जग्गाधनीलाई प्रयोगको अवधि पश्चात सुधार गरी पहिलेकै अवस्थामा बुझाईनेछ।
२. घर, टहरा र अन्य संरचनाहरु			
आवासीय घरसंरचनाको नोक्सानी	▪ पूर्ण दर्तावाला ▪ गैर दर्तावाला	▪ कुनै पनि घाटा नपर्ने किसिमले प्रभावित घरसंरचनाको प्रतिस्थापन मूल्यमा क्षतिपूर्ति पाउने। ▪ घरसंरचनाको मूल्याङ्कन गर्दा ह्रास कट्टी गरिने छैन। ▪ घर र व्यापारिक संरचनाको नोक्सानी वाहेक ठाँउसारी गर्दा कुनै भाडा वा थप सहयोग पाउने छैन।	▪ प्रभावित संरचना अधिग्रहण गर्नुभन्दा ३५ दिन अगावै खाली गर्न सूचना दिइनेछ। ▪ घरसंरचनाको बजार मूल्य अनुसार मुआब्जा निर्धारण समितिले स्थानीय दक्ष जनशक्तिको परामर्शबाट निश्चित गर्नेछ। मुआब्जा रकम निर्धारण गर्दा संरचनाको ह्रासकट्टा गरिने छैन। ▪ प्रभावित घरपरिवारले वास्तविक लागतको आधारमा सामान ढुवानी लागि भाडा पाउनेछन्। ▪ प्रभावित घरपरिवारलाई घरसंरचना अधिग्रहण गर्नु अगाडिनै मुआब्जा रकम वितरण गरिनेछ। ▪ मुआब्जा रकम न्यायसंगत होस् भनेर मुआब्जा दिनका लागि मुआब्जाका दरहरू निर्धारण गर्ने काम १ वर्षभन्दा अगाडि गरिनु हुदैन।

नोक्सानीको किसिम	हकअधिकारको आधार	हकअधिकारको विवरण	कार्यान्वयनका प्रक्रियाहरु
			▪ घर संरचना भत्काउँदा कामलाग्ने सरसामान घरसंरचनाधनीले उपयोग गर्न पाउनेछन्। सो सामाग्रीलाई मुआब्जा रकममा घटाउन पाइने छैन।
व्यापारिक संरचनाको नोक्सानी	▪ पूर्ण दर्तावाला ▪ गैर दर्तावाला	▪ कुनै पनि घाटा नपर्ने किसिमले पूरै वा आंशिकरुपले प्रभावित घरसंरचनाको प्रतिस्थापन मूल्यमा क्षतिपूर्ति पाउने। ▪ घरसंरचनाको मूल्याङ्कन गर्दा ह्रास कट्टी गरिने छैन।	▪ प्रभावित संरचना अधिग्रहण गर्नुभन्दा ३५ दिन अगावै खाली गर्न सूचना दिइनेछ। ▪ घरसंरचनाको बजार मूल्य अनुसार मुआब्जा निर्धारण समितिले स्थानीय दक्ष जनशक्तिको परामर्शबाट निश्चित गर्नेछ। मुआब्जा रकम निर्धारण गर्दा घरसंरचनाको ह्रासकट्टा गरिने छैन। ▪ प्रभावित घरपरिवारले वास्तविक लागतको आधारमा सामान ढुवानी भाडा पाउनेछन्। ▪ घर संरचना भत्काउँदा कामलाग्ने सरसामान संरचनाधनीले उपयोग गर्न पाउनेछन्। सो सामाग्रीलाई मुआब्जा रकममा घटाउन पाइने छैन।
अन्य संरचनाको नोक्सानी	▪ पूर्ण दर्तावाला ▪ गैर दर्तावाला	▪ कुनै पनि घाटा नपर्ने किसिमले पूरै वा आंशिक रुपले प्रभावित घरसंरचनाको प्रतिस्थापन मूल्यमा क्षतिपूर्ति पाउने। ▪ घरसंरचनाको मूल्याङ्कन गर्दा ह्रास कट्टी गरिने छैन। ▪ आवासीय घर र व्यापारिक संरचनाको नोक्सानी वाहेक ठाँउसारी गर्दा कुनै भाडा वा अन्य सहायता पाउने छैन।	▪ अन्य संरचनामा टहरा, गोठ, शौचालय, पोखरी, पर्खाल आदि पर्दछन्। ▪ प्रभावित संरचना अधिग्रहण गर्नुभन्दा ३५ दिन अगावै खाली गर्न सूचना दिइनेछ। ▪ संरचनाको बजार मूल्य अनुसार मुआब्जा निर्धारण समितिले स्थानीय दक्ष जनशक्तिको परामर्शबाट निश्चित गर्नेछ। मुआब्जा रकम निर्धारण गर्दा

नोक्सानीको किसिम	हकअधिकारको आधार	हकअधिकारको विवरण	कार्यान्वयनका प्रक्रियाहरु
			संरचनाको ह्रासकट्टा गरिने छैन। ▪ संरचना भत्काउँदा कामलाग्ने सरसामान संरचनाधनीले उपयोग गर्न पाउनेछ। सो सामाग्रीलाई मुआब्जा रकममा घटाउन पाइने छैन।
भाडामा भएको बासस्थानको नोक्सानी	▪ भाडावाल ▪ ठेक्कामा लिने व्यक्ति	▪ भाडामा दिइएको घरसंरचनाको सन्दर्भमा घरसंरचना धनीनै क्षतिपूर्ति पाउनका लागि हकदार हुने।	▪ भाडावाल वा ठेक्कामा लिने व्यक्तिले घरसंरचनाको क्षतिपूर्ति पाउने छैन। संरचनाको क्षतिपूर्ति घरधनीले नै पाउनेछन्। ▪ भाडावालले संरचना निर्माण गरेको खण्डमा उक्त संरचनाको क्षतिपूर्तिको हकदार हुन्छ वा करार संझौता बमोजिम हुनेछ। ▪ भाडावालले अर्को व्यवसायको व्यवस्थाको लागि एकमुष्ठ न्युनतम ज्याला दरको आधारमा तीन महिना बराबरको सहायता रकम पाउनेछन्।
बसोबास सम्बन्धि अन्य आधारभूत सुविधाहरु	▪ पूर्ण दर्तावाला ▪ गैर दर्तावाला	▪ यदि विद्युत, पिउने पानी र अरु आधारभूत सुविधा भएमा ती सुविधाहरु अन्यत्र सार्न लाग्ने पूरै रकम पाउने।	▪ पुनर्स्थापना भएका ठाउँमा सुविधाहरु स्थानान्तर गरिदिने वा पुनर्स्थापित ठाउँको सुविधा प्रयोग गर्न दिन सम्बन्धित निकायलाई सहयोग गरिदिन अनुरोध गर्ने।
३. रुख विरुवा र वालीहरु			
छोटो अवधिको बालीको हानि नोक्सानी	▪ दर्तावाल ▪ भाडावाला ▪ गैर दर्तावाला	▪ वाली भित्र्याउन अग्रिम सूचना प्राप्त गर्ने। ▪ बाली भित्र्याउन सम्भव नभएको अवस्थामा मौजुदा बालीको खुद मूल्यमा क्षतिपूर्ति पाउने।	▪ प्रभावित व्यक्तिहरुलाई बाली भित्र्याउन अग्रिम सूचना दिइनेछ। ▪ बालीको नोक्सानी रोक्नका लागि बाली नलाग्ने मौसममा निर्माण गर्ने गरी कार्य तालिका बनाउनु पर्छ। ▪ जुन ठाँउमा जग्गाधनी र मोहीबीच साझेदारीमा बाली

नोक्सानीको किसिम	हकअधिकारको आधार	हकअधिकारको विवरण	कार्यान्वयनका प्रक्रियाहरु
			लगाउने सम्झौता भएको छ त्यहाँ त्यसै अनुरुप मोही वा भाडावाल र जग्गाधनीले भाग पाउने गरी क्षतिपूर्ति रकम वितरण गरिनेछ। ▪ जिल्ला कृषि कार्यालयसँग समन्वय गरी मुआब्जा निर्धारण समितिले बालीको बजार मूल्य अनुसार क्षतिपूर्ति रकम तय गर्नेछ।
रुख विरुवा र बहुवर्षीय बालीको क्षति	▪ पूर्ण दर्तावाला ▪ गैर दर्तावाला	▪ बाली भित्र्याउन सम्भव नभएको अवस्थामा मौजुदा बालीको खुद मूल्यमा क्षतिपूर्ति पाउने। ▪ लामो अवधिका रूखबिरुवाको हकमा भविष्यमा हुने उत्पादनको क्षतिको आधारमा गरिन्छ। यसरी मूल्याङ्कन गर्दा फलफूल र डालेघाँसको रुखहरुको ५ वर्ष र अन्य बहुवर्षीय वाली ३ वर्षको वार्षिक उत्पादनको आधारमा क्षतिपूर्ति पाउने। ▪ रुखबिरुवाबाट प्राप्त सामाग्री माथि रुखधनीको अधिकार हुने।	▪ प्रभावित व्यक्तिहरुलाई बाली भित्र्याउन अग्रिम सूचना दिइनेछ। ▪ जिल्ला कृषि र वन कार्यालयसँग समन्वय गरी मुआब्जा निर्धारण समितिले बालीको उत्पादन तथा रुखबिरुवाको बजार मूल्य अनुसार क्षतिपूर्ति रकम तय गर्नेछ। ▪ जग्गाधनी, मोही, भाडावालबीच साझेदारीमा बाली लगाउने सम्झौता भएको अवस्थामा सम्झौता अनुरुप भाग पाउने गरी क्षतिपूर्ति वितरण गरिनेछ। ▪ रुखबिरुवाबाट कुनै सामग्री प्राप्त भएमा त्यस्तो सामग्रीको मूल्य क्षतिपूर्ति रकमबाट घटाइने छैन।
४. सामुदायिक संरचना तथा सुविधाहरु			
सामुदायिक भवन तथा संरचनहरुको नोक्सानी	▪ स्थानीय समुदाय ▪ उपभोक्ता समूह	▪ प्रभावित सामुदायिक भवन तथा अन्य संरचनाहरुको हकमा कम्तीमा पुरानै अवस्थामा पुनर्स्थापना गर्ने वा प्रभावित समुदाय र सम्बन्धित निकायसँग परामर्श गरि छनोट गरिएको क्षेत्रमा पुनर्निर्माण तथा पुरास्थापना गरिने।	▪ सामुदायिक संरचना तथा सुविधाहरु अन्तर्गत प्रतिक्षालय, सामुदायिक भवन, शौचालय, मन्दिर, गुम्बा, चौतारा, चिहान, घाट, स्कूल, धार्मिक रुख, कुलो आदि पर्दछन्। ▪ सामुदायिक संरचनाहरुलाई प्रभावित समुदायसँग समन्वय तथा परामर्शबाट पुनर्स्थापना तथा पुनर्निर्माण गरिनेछ।

नोक्सानीको किसिम	हकअधिकारको आधार	हकअधिकारको विवरण	कार्यान्वयनका प्रक्रियाहरु
जग्गा तथा रुखबिरुवाको नोक्सानी	▪ स्थानीय समुदाय ▪ उपभोक्ता समूह	▪ वाँकी रहेका सामुदायिक जग्गा तथा चरीचरणको संरक्षण गर्न सहायता प्रदान गर्ने। ▪ सामुदायिक स्रोत भएका ठाँउमा जानको लागि पहुँच स्थापना गर्ने।	▪ जिल्लामा रहेका सम्बन्धित निकायहरुलाई सहयोगका लागि अनुरोध तथा परिचालन गरी आसपासको क्षेत्रमा रहेका जग्गाको विकास गरिनेछ।
५. विस्थापन तथा पुनर्स्थापन सहायता			
घरपरिवारको विस्थापन	▪ पूर्ण दर्तावाला ▪ गैर दर्तावाला	▪ भौतिक रुपमा आवास विस्थापन भएका घरपरिवार आवास विस्थापन सहायता र घरभाडा सहायताको हकदार हुने। ▪ आवास गुमाएका तर अर्को घरको विकल्प भएका घरपरिवार विस्थापन सहायताको हकदार हुने। ▪ जीविकोपार्जन पुनर्स्थापना कार्यक्रमको हकदार हुने। ▪ रोजगारीको अवसरमा हकदार हुने।	▪ आवास विस्थापित हुने घरपरिवारलाई एक पटक अनुदानको रूपमा न्यूनतम ज्याला दरको आधारमा छ महिना बराबरको विस्थापन सहायता उपलब्ध गराइनेछ। ▪ भौतिक रुपमा बिस्थापित र बैकल्पिक आवास नभएका घरपरिवारलाई नयाँ घर निर्माणको संक्रमणकालीन चरणको लागि प्रति घरपरिवार छ महिनाको घरभाडा सहायता उपलब्ध गराइनेछ। ▪ आवास गुमाएका र अर्को आवासको विकल्प भएका घरपरिवारलाई एक पटक अनुदानको रूपमा न्यूनतम ज्याला दरको आधारमा छ महिना बराबरको विस्थापन सहायता उपलब्ध गराइनेछ। ▪ जीविकोपार्जन तालिम कार्यक्रममा सहभागी गराइनेछ। ▪ रोजगारीका अवसरहरूमा प्राथमिकता दिइनेछ।
व्यावसायिक पूर्वाधारको विस्थापन	▪ पूर्ण दर्तावाला ▪ गैर दर्तावाला	▪ व्यवसाय विस्थापित भएका प्रत्येक परिवार व्यावसायिक संरचनाको क्षतिको लागि व्यवसाय विस्थापन सहायताको हकदार हुने।	▪ व्यवसाय विस्थापन हुने संचालकलाई संक्रमण कालको लागि तीन महिनाको न्युनतम ज्याला दररेटको आधारमा व्यवसाय विस्थापन सहायता प्रदान गरिनेछ।
उत्पादनमा अधिक विनाश	▪ जग्गाधनी ▪ मोही	▪ खेती गर्ने काममा असामान्य रुपले बाधा परी जीविकोपार्जनमा आएको	▪ उत्पादनमा बाधा परेको कारण दिइने सहायतामा कुल ०.२५ हेक्टर वा सो भन्दा

नोक्सानीको किसिम	हकअधिकारको आधार	हकअधिकारको विवरण	कार्यान्वयनका प्रक्रियाहरु
		अवरोध बारेको सहायताको हकदार हुने। ▪ जीविकोपार्जन पुनर्स्थापना कार्यक्रमको हकदार हुने। ▪ रोजगारीको अवसरमा हकदार हुने।	कम जग्गा भएका घरपरिवार जसले कुल जग्गाको १० प्रतिशत भन्दा बढी गुमाउँछन् र ०.२५ हेक्टर भन्दा माथि जग्गा भएका घरपरिवार जसले कुल जग्गाको २५ प्रतिशत भन्दा बढी गुमाउँछन्। ▪ यस्ता अति प्रभावित परिवारले एकमुष्ट तीन महिनाको जिल्लाको न्युनतम ज्याला दररेट अनुसार जीविकोपार्जन सहायता रकम पाउनेछन्। ▪ यस्ता अति प्रभावित परिवारलाई जीविकोपार्जन तालिम कार्यक्रममा सहभागी गराइनेछ। ▪ यस्ता अति प्रभावित परिवारलाई रोजगारीका अवसरहरूमा प्राथमिकता दिइनेछ।
खेतीबालीको विनाश	▪ जग्गाधनी ▪ मोही	▪ लगाई रहेको बालीमा अवरोध भएमा बालीको नोक्सानी वापत क्षतिपुर्तिको हकदार हुने।	▪ लगाई रहेको बालीमा क्षति हुन गएमा स्थानीय उत्पादन आँकडा, जमिनको प्रकार तथा बालीको स्थानीय मूल्याङ्कनको आधारमा एक मौसमको उत्पादन बराबर क्षतिपूर्ति दिइनेछ।
कमजोर तथा जोखिमयुक्त सामाजिक वर्गहरू	▪ जोखिमयुक्त वर्गका घरपरिवार	▪ जोखिमयुक्त समुदाय सहायताको लागि हकदार हुने। ▪ जीविकोपार्जन पुनर्स्थापना कार्यक्रमको हकदार हुने। ▪ आयोजनामा सिर्जना हुने रोजगारीका अवसरहरूमा प्राथमिकताको हकदार हुने।	▪ जोखिमयुक्त समुदाय अन्तर्गत आयोजना प्रभावित जनजाति समुदाय परिवार, दलित समुदाय परिवार, कमाउन सक्ने उमेरको सदस्य नभएको महिला घरमूली भएको परिवार, भूमिहिन परिवार, वृद्ध तथा अपाङ्ग सदस्य मात्र भएको परिवार समावेश हुनेछन्। ▪ यस्ता जोखिमयुक्त प्रभावित परिवारले एकमुष्ट जीविकोपार्जन सहायता भत्ता

नोक्सानीको किसिम	हकअधिकारको आधार	हकअधिकारको विवरण	कार्यान्वयनका प्रक्रियाहरु
			स्वरूप तीन महिनाको जिल्लाको न्युनतम ज्याला दररेट अनुसार जीविकोपार्जन सहायता रकम पाउनेछन्। ▪ यस्ता जोखिमयुक्त परिवारलाई जीविकोपार्जन तालिममा सहभागी गराइनेछ। ▪ यस्ता जोखिमयुक्त प्रभावित परिवारलाई रोजगारीका अवसरहरूमा प्राथमिकता दिइनेछ।
६. सरकारी तथा सार्वजनिक सम्पत्ति			
पूर्वाधार र सुविधाहरूको क्षति	▪ सम्बन्धित निकाय	▪ पूर्वाधार तथा सुविधाहरूको मर्मत वा पुनर्स्थापन गरिने।	▪ सम्बन्धित विभाग, मन्त्रालय वा कार्यालयसँग समन्वय गरेर काम थालिने।
वन क्षेत्रको क्षति	▪ वन विभाग/वन कार्यालय	▪ वृक्षारोपण गरेर रोकथाम गरिने।	▪ साबिक जातकै बृक्षवनस्पती कायम राख्नेतर्फ विचार गरिने।
सरकारी जग्गाको क्षति	▪ सम्बन्धित निकाय	▪ मुआब्जा दिनु पर्दैन।	▪ वन विभाग वा जिल्ला वन कार्यालयसँगको समन्वयमा कार्यक्रम थालिने।
७. आयोजना निर्माण अवधिमा हुने प्रभाव			
आयोजनाका सबै प्रकारका प्रभावहरु	▪ आयोजनासँग जोडिएका तथा आसपासका व्यक्ति तथा समुदाय	▪ आयोजनाका प्रभाव सम्बन्धमा, आयोजना निर्माण तालिका, मुआब्जा निर्धारण तथा वितरण प्रक्रिया, गुनासो दर्ता प्रक्रिया, रोजगारी प्रक्रिया, स्थानीय विकास प्रयास आदि बारेमा जानकारी तथा सचेतना।	▪ आयोजना तथा यसका प्रभाव सम्बन्धमा समय समयमा सूचना प्रवाह, सम्बन्धित स्थानीय तहहरुसँग परामर्श तथा छलफल गरिने। ▪ सामुदायिक विकासका लागि सम्बन्धित सरकारी निकाय तथा जिल्ला तहका सम्बन्धित कार्यालयहरुसँग समन्वय गरी स्रोत तथा साधनको प्रभावकारी परिचालन गरिने।
८. आयोजना निर्माण अवधिमा हुने क्षति			
जग्गा, घरसंरचना, पूर्वाधार, बाली तथा रुखबिरुवा	▪ सबै वर्गका हकदार व्यक्तिहरू	▪ निजी तथा सार्वजनिक सम्पत्तिलाई अनावश्यक रूपमा क्षति पुऱ्याउनबाट जोगाउन उचित उपायहरू अपनाउने।	▪ निर्माण कार्यको परिणाम स्वरूप निजी सम्पत्तिमा क्षति पुगेमा क्षतिपूर्ति तथा सार्वजनिक सम्पत्तिको पुनर्स्थापना गरिनेछ।

९. पुनर्वास कार्य योजना कार्यन्वयन प्रबन्ध

९.१ सामान्य परिचय

पुनर्वास कार्य योजना कार्यान्वयनको लागि संगठनात्मक रूपरेखालाई यस अध्यायमा समाबेश गरिएको छ। पुनर्वास कार्य योजनाको सफल कार्यान्वयनको लागि चुस्त योजना, प्रशासनिक र लजिस्टिक व्यवस्थापन, उचित अनुगमन गर्नुपर्दछ।

९.२ पुनर्वास कार्य योजना कार्यान्वयनका लागि जिम्मेवारीहरू

आयोजना प्राधिकारका हैसियतमा पुनर्वास कार्य योजना उल्लेख भए बमोजिम व्यवस्थापन कार्यविधिको सम्पूर्ण जिम्मेवारी विद्युत उत्पादन कम्पनी लिमिटेडको रहनेछ। पुनर्वास, क्षतिपूर्ति र पुनर्स्थापना गतिविधिहरुको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्नको लागी निम्न अनुसारका गतिविधिहरु संचालन गर्नु पर्दछ।

- योजना, तर्जुमा र कार्यान्वयनका क्रममा जग्गा र सम्पत्ति प्राप्तिलगायत प्रतिकुल सामाजिक प्रभावहरूलाई न्यूनीकरण गर्ने कार्यविधिहरूको कार्यान्वयन;
- प्रभावित सम्पत्तिको प्रमाणिकरणको माध्यमबाट सबै आयोजना प्रभावित व्यक्तिहरूको सहि अभिलेख तयार गर्ने;
- पुनर्वास र क्षतिपूर्ति गतिविधिहरूको समन्वयको लागि प्रणाली र कार्यविधिको स्थापना;
- आयोजनासँग सम्बन्धित सूचना प्रवाह, र आय आर्जन तथा जीविकोपार्जन कार्यक्रम संचालन गर्न स्थानीय सरकारी तथा गैर-सरकारी निकायहरूसँगको सहकार्य।

९.३ प्रतिवेदन खुलासा

आयोजनाको पुनर्वास कार्य योजना प्रतिवेदनको प्रिन्ट संस्करण विद्युत उत्पादन कम्पनीलाई बुझाइनेछ भने इलेक्ट्रोनिक संस्करण विद्युत उत्पादन कम्पनीको वेवसाइटमा प्रकाशित गरिनेछ। यसका अलावा आयोजना कार्यान्वयनको समयमा, यस पुनर्वास कार्य योजना प्रतिवेदन, आयोजना प्रभावित तथा अन्य सरोकारलाहरुको पहुँच होस् भन्नका लागि आयोजना क्षेत्रका पालिकामा उपलब्ध गराइनेछ। यसका साथै प्रतिवेदनको सारांश सार्वजनिक स्थानहरूमा सरोकारवाला र आयोजना प्रभावितहरुको बीचमा प्रसारित गरिनेछ।

९.४ केन्द्रीय तहको व्यवस्था


विद्युत उत्पादन कम्पनी लिमिटेडबाट जग्गा अधिग्रहण र मुआब्जाको वित्तीय व्यवस्थापन गरिन्छ। विद्युत उत्पादन कम्पनी लिमिटेड मार्फत बजेट आयोजना समन्वय इकाईमा जान्छ। आयोजना संयोजक आफ्नो टोलीसँग समग्र आयोजना समन्वय तथा पुनर्वास कार्य योजना कार्यान्वयन व्यवस्थापनको लागि जिम्मेवार हुनेछ।

९.५ आयोजना स्तर व्यवस्था

पुनर्वास कार्य योजना प्रभावकारी कार्यान्वयनका लागि आयोजना स्तरको व्यवस्था आवश्यक हुन्छ। आयोजना तहमा आयोजना प्रमुखको नेतृत्वमा आयोजना कार्यालय स्थापना गरिनेछ। आयोजना प्रमुखको जिम्मेवारी प्रमुख जिल्ला अधिकारीसँगको सहकार्यमा क्षतिपूर्ति निर्धारण समिति गठन गर्ने हुन्छ। मुआब्जा निर्धारण समितिले आयोजना प्रभावित र स्थानीय सरोकारवालाहरूसँगको परामर्शमा जग्गा, घरसंरचना र अन्य भौतिक सम्पत्तिको वर्गीकरण गरी मुआब्जाको दर निर्धारण गर्दछ। आवश्यक पर्दा जग्गा र सम्पत्ति अधिग्रहण प्रक्रियाको क्रममा अन्य सम्बन्धित जिल्ला अधिकारीहरूलाई आयोजना टोलीमा खटाइनेछ। यसका साथै आयोजना प्रमुखले पुनर्वास कार्य योजनासँग सम्बन्धित अन्य गतिबिधि कार्यान्वयन गर्दछ।

९.६ संगठनात्मक रूपरेखा

नीति, कार्यविधि, जग्गा अधिग्रहण, पुनर्वास गतिविधिहरू कार्यान्वयन सुनिश्चित गर्न प्रभावकारी समन्वयको लागि पुनर्वास कार्य योजना कार्यान्वयनको लागि संगठनात्मक ढाँचा आवश्यक पर्दछ। यी गतिविधिहरूको उपलब्धि सुनिश्चित गर्न केन्द्र र आयोजना दुवै तहमा पुनर्वास कार्य योजना कार्यान्वयन र व्यवस्थापनको लागि संगठनात्मक स्वरूप हुनेछ।



चित्र ९.१: पुनर्वास कार्य योजना कार्यान्वयनको लागि संगठनात्मक स्वरूप

९.७ गुनासो निवारण संयन्त्र

जग्गा तथा सम्पत्तिको मुआब्जाबाट उत्पन्न हुने कुनै पनि असहमतिपूर्ण निर्णय, अभ्यास र गतिविधिलाई जिम्मेवार निकायमा पुनरावेदन गर्नसक्ने गरी गुनासो निवारण संयन्त्र स्थापना गरिनेछ। जग्गा प्राप्ति ऐन २०३४ ले सुनिश्चित गरे बमोजिमको गुनासो आएमा आयोजना प्रभावितहरूले प्रमुख जिल्ला अधिकारीको कार्यालय र गृह मन्त्रालयमा पुनरावेदन गर्ने औपचारिक विकल्प प्रदान गरेको छ। विशेषगरि आयोजना कार्यान्वयनसँग दुई प्रकारका गुनासोहरूको सम्भावना रहेको देखिन्छ। जग्गा अधिग्रहण तथा पुनर्वास आवश्यकताहरू र मुआब्जा वा हकअधिकारसँग सम्बन्धित गुनासोहरू। आयोजना प्रभावितहरुले स्थानीय रूपमा निर्मित गुनासो निवारण समितिको रुपमा स्थानीय परामर्श मञ्च र पुनरावेदन प्रणालीको रुपमा अदालत दुवैमा पहुँच पाउनेछन्। पुनरावेदन प्रणालीको औपचारिकता अन्तर्गत प्रत्येक आयोजना प्रभावित व्यक्तिले उचित मुआब्जा नपाएको महसुस गरेमा अदालतमा पुनरावेदन गर्न सक्छन्। मुआब्जा सम्बन्धि गुनासोको शुरु कारबाई र किराना गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई हुनेछ। प्रमुख जिल्ला अधिकारीले गरेको निर्णय उपर पैंतीस दिनभित्र जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ।

आयोजना क्षेत्रमा आयोजना गुनासो संयन्त्र स्थापना गरिनेछ, जसबाट आयोजना प्रभावित व्यक्तिहरूले समयमै गुनासोको उचित उपचार पाउन सक्दछन्। आयोजना प्रभावितलाई आफ्नो गुनासो दायर गर्न गुनासो निवारण कार्यालयमा निर्बाध पहुँच हुनेछ। आयोजना कार्यान्वयनमा सहजीकरण गर्न जनसम्पर्क अधिकृत तथा सामाजिक परिचालकको परिचालनले सम्बन्धित निकायमा उजुरीहरू दायर गर्न मद्दत गर्दछ। आयोजना कार्यालय र परामर्शदाताको कार्यालयमा पनि गुनासो दर्ता पुस्तिका व्यवस्था गरिनेछ। आयोजना प्रभावित जनता र स्थानीय जनताले यी कार्यालयमा आफ्ना गुनासोहरु सहज रुपमा दर्ता गर्न सक्नेछन्। गुनासो समाधानको लागि प्रस्तावित प्रक्रिया चरणबद्ध रुपमा तल दिइएको छ।

चरण-१

मुआब्जा तथा यससँग सम्बन्धित सम्बोधन नगरिएको नोक्सानिको आयोजना प्रभावितहरुको मौखिक वा लिखित उजुरीहरू स्थानीय तहमा रहेको आयोजना कार्यालयमा समाधान गरिनेछ। स्थानीय तहमा समस्या समाधान गर्न सम्बन्धित कर्मचारीले आयोजना प्रभावितसँग अनौपचारिक बैठकमा गुनासोबारे छलफल गर्न सक्छन्। यस सम्बन्धमा सामुदायिक परामर्श मञ्च, सामाजिक विकास तथा पुनर्वास विज्ञहरूको संलग्नता सहयोगी हुनेछ। गुनासो आएको मितिले १५ दिनभित्र समस्या समाधान गर्ने जिम्मेवारी आयोजना प्रमुखको हुनेछ।

चरण-२

यदि आयोजना कार्यालयबाट कुनै समझदारी वा सौहार्दपूर्ण समाधान भएन वा कुनै प्रतिक्रिया आएन भने, आयोजना प्रभावितले मुआब्जा निर्धारण समिति समक्ष अपिल गर्न सक्दछन्। उजुरी दर्ता गर्दा, आयोजना प्रभावितले आफ्नो दावीलाई समर्थन गर्न आवश्यक कागजातहरू प्रस्तुत गर्नुपर्दछ। मुआब्जा निर्धारण समितिले अपिल दर्ता गरेको १५ दिन भित्र निर्णय दिनेछ।

चरण-३

आयोजना प्रभावित मुआब्जा निर्धारण समितिको निर्णयसँग सन्तुष्ट भएन वा मुआब्जा निर्धारण समितिबाट कुनै प्रतिक्रिया आएन भने उजुरी दिएको ३५ दिन भित्र आयोजना प्रभावितले आफ्नो अन्तिम उपायको रुपमा अदालतमा मुद्दा पेश गर्न सक्दछ। अदालतबाट दिइने निर्णयनै अन्तिम समाधान हुनेछ।

९.८ पुनर्वास कार्य योजना कार्यान्वयन तालिका

आयोजना अधिकारीले समयमै आयोजना कार्यान्वयनको लागि आवश्यक रकम समयमै उपलब्ध गराएको सुनिश्चित गर्नेछ। मुआब्जासँग सम्बन्धित क्रियाकलाप तथा पुनर्स्थापनाका उपायहरू सिभिल निर्माण कार्य सुरुहुनु अगाडिनै पूरा गरिनेछ। आवश्यक मुआब्जा भुक्तानी पूरा नभएसम्म सिभिल कार्यको ठेक्का लगाइने छैन। यस आयोजनाको लागि पुनर्वास कार्य योजना कार्यान्वयन तालिका तल प्रस्तुत गरिएको छ।

क्र.सं	कार्यहरू	वर्ष-१	वर्ष-२	वर्ष-३	वर्ष-४	वर्ष-५	वर्ष-६
१	मुआब्जा निर्धारण समिति गठन तथा क्षतिपूर्ति निर्धारण	♦	.	.	.	.	.
२	आयोजना प्रभावित जग्गा र सम्पत्तिको सूचना प्रकाशन	♦	.	.	.	.	.
३	क्षतिपूर्ति दावीको लागि प्रभावितसँग आवेदन माग गर्ने	♦	.	.	.	.	.
४	आयोजना प्रभावितको आवेदन कागजातहरू प्रमाणित गर्ने	♦	.	.	.	.	.
५	आयोजना प्रभावितलाई मुआब्जा वितरण कार्य सुरुगर्ने	♦	.	.	.	.	.
६	पुनर्वास कार्य योजना प्रतिवेदन तयार गरि पेश गर्ने	♦					
७	आयोजना प्रभावित जग्गाको स्वामित्व हस्तान्तरण गर्ने	♦	.	.	.	.	.
८	आयोजना प्रभावितसँग परामर्श र गुनासो समाधान	♦	.	.	.	.	.
९	आयोजना निर्माण कार्यको सुरुवात र निर्माण गतिविधिहरू		♦	.	.	.	.
१०	आयोजना प्रभावितलाई जीविकोपार्जन तालिमको कार्यान्वयन		♦				
११	पुनर्वास कार्य योजना कार्यान्वयनको नियमित अनुगमन		♦	.	.	.	.
१२	पुनर्वास कार्य योजना कार्यान्वयनको बाह्य अनुगमन			♦	♦	♦	♦

चित्र ९.२: पुनर्वास कार्य योजना कार्यन्वयन तालिका

१०. मुआब्जा र पुनर्वास तथा पुनर्स्थापना लागत अनुमान

१०.१ लागत अनुमान

जिल्ला मालपोत कार्यालयको जग्गाको मूल्याङ्कन दर पुनरावलोकन गरिएको थियो। जग्गाको सरकारी मूल्याङ्कन दर चलनचल्तीको दर भन्दा कम रहेको पाइयो। आयोजना प्रभावित जग्गाको मूल्याङ्कन गर्दा आयोजना प्रभावित, स्थानीय जानकारहरू लगायत जिल्लाका सम्बन्धित कार्यालयसँगको परामर्शका आधारमा गरिएको छ। अधिग्रहण गर्नुपर्ने जग्गाको मूल्याङ्कन दर प्रतिस्थापन मूल्यमा आधारित रहेको छ। आयोजना प्रभावित घरसंरचाहरुको मूल्याङ्कन जिल्ला पूर्वाधार विकास कार्यालयको भवन मूल्याङ्कनको आधारमा गरिएको छ। रूखबिरुवाको मूल्याङ्कन वन नियमावली अनुसार गरिएको छ। आयोजनाबाट प्रभावित निजि सम्पत्ति, पुनर्वास तथा पुनर्स्थापना लगायत पुनर्वास कार्य योजना कार्यन्वयनको लागि लागत अनुमान यस अध्यायमा समेटिएको छ।

१०.२ आयोजनाबाट प्रभावित निजी जग्गाको लागत

प्रस्तावित जलविद्युत आयोजना निर्माणको लागि कुल ५३६,९१४ वर्ग मिटर निजी जग्गा अधिग्रहण गर्नुपर्ने देखिन्छ। आयोजना प्रभावित जग्गाको स्थान अनुसार बेग्लाबेग्लै मूल्याङ्कन गरिएको छ। आयोजना प्रभावित निजी जग्गाको मुआब्जाको लागत अनुमान तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका १०.१: आयोजना प्रभावित निजी जग्गाको लागत अनुमान

प्रभाव क्षेत्र	प्रभावित जग्गा (व.मि.)	दर प्रति (व.मि.)	कुल रकम (ने.रु.)
बाँध निर्माण शिविर	४९,५१५	१,१७९	५८,३९७,१६६
बाँध पहुँच सडक	९७,५००	१,३७६	१३४,१५४,९७१
बाँध उत्खनन स्थल	४५,३०६	१,३७६	६२,३३८,७१९
बाँध मक डिस्पोजल	८,३३४	१,३७६	११,४६७,१५४
विद्युतगृह निर्माण शिविर	९५,८२२	७८६	७५,३४०,६४८
विद्युतगृह पहुँच सडक	२०१,४९०	१,३७६	२७७,२३९,८४७
विद्युतगृह पहुँच सडक अलैंची	२९,४४३	१,८६७	५४,९८०,६३८
विद्युतगृह मक डिस्पोजल	३,३१९	१,३७६	४,५६६,७७३
विद्युतगृह सुरुङ्ग पोर्टल	६,१८५	१,३७६	८,५१०,२४१
कुल	**५३६,९१४**	-	**६८६,९९६,१५८**

१०.३ आयोजनाबाट प्रभावित निजी घरसंरचनाको लागत

जलविद्युत आयोजना निर्माणबाट ११ निजी घरसंरचना प्रभावित हुने देखिन्छ। आयोजना प्रभावित घरसंरचाहरुको मूल्याङ्कन दर जिल्ला पूर्वाधार विकास कार्यालयको भवन मूल्याङ्कनको आधारमा गरिएको छ। आयोजना प्रभावित निजी घरसंरचनाको मुआब्जा लागत अनुमान तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका १०.२: आयोजना प्रभावित निजी घरसंरचनाको लागत अनुमान

प्रभाव क्षेत्र	संख्या	रकम (ने.रु.)
बाँध निर्माण शिविर	९	५२०,०००
विद्युतगृह पहुँच सडक	२	१,९५५,०५०
कुल	**११**	**२,४७५,०५०**

१०.४ आयोजनाबाट प्रभावित काठ दाउराका रूखहरूको लागत

आयोजनाबाट सानाठूला गरि कुल ३,८९१ वटा निजी काठ दाउराका रुखहरु प्रभावित हुने देखिन्छ। काठ तथा दाउराका रुखहरुको मूल्याङ्कन वन नियमावलीमा उल्लेख भए अनुसार परिधि र उचाईको आधारमा गरिएको थियो। आयोजना प्रभावित निजी काठ दाउराका रूखहरुको अनुमानित लागत विवरण तल तालिकामा दिइएको छ।

तालिका १०.३: आयोजना प्रभावित निजी काठदाउराका रुखहरुको लागत अनुमान

प्रभाव क्षेत्र	संख्या	रकम (ने.रु.)
बाँध निर्माण शिविर	३०८	८२०,४६२
बाँध पहुँच सडक	५९०	१,९५४,५६६
बाँध उत्खनन स्थल	७१५	१,४९३,४३२
बाँध मक डिस्पोजल	१४६	४६२,१८२
विद्युतगृह निर्माण शिविर	६७०	९००,२९९
विद्युतगृह पहुँच सडक	१,३९०	६,७९३,३५०
विद्युतगृह सुरुङ्ग पोर्टल	७२	३२०,३०३
कुल	**३,८९१**	**१२,७४४,५९२**

१०.५ आयोजनाबाट प्रभावित डालेघाँसका रूखहरूको लागत

आयोजनाबाट कुल ९१ वटा डालेघाँसका रुखहरु प्रभावित हुने देखिन्छ। डालेघाँसका रुखहरुको मूल्याङ्कन उत्पादकत्व र उमेरको आधारमा गरिएको थियो। आयोजनाबाट प्रभावित डालेघाँसका रूखहरुको अनुमानित लागत विवरण तल तालिकामा दिइएको छ।

तालिका १०.४: आयोजना प्रभावित निजी डालेघाँसका रुखबिरुवाहरुको लागत अनुमान

प्रभाव क्षेत्र	संख्या	रकम (ने.रु.)
विद्युतगृह पहुँच सडक	९१	५०२,२८०

१०.६ आयोजनाबाट प्रभावित हुन सक्ने खेतीबालीको लागत

आयोजना निर्माणको समयमा सकेसम्म लगाई रहेको खेतीबाली जोगाइने छ। खेतीबाली प्रभावित हुन सक्ने जग्गाधनीलाई अग्रिम सूचना दिएर अन्नबाली काट्न सुचित गरिनेछ। यदि खेतीबाली नोक्सानी भएमा आयोजना कार्यन्वयन गर्नु उचित मूल्याङ्कन गरि क्षतिपूर्ति दिईनेछ। स्थलगत अवलोकन तथा घरधुरी सर्वेक्षण अनुसार बाँध क्षेत्रमा करिब ३५ प्रतिशत र विद्युतगृह क्षेत्रमा

करिब ४५ प्रतिशत प्रभावित जग्गामा खेतीपाती गरेको देखिन्छ। आयोजना प्रभावित जग्गामा मुख्य गरेर कोदो र गहुँ बालीहरु लगाउने गरेको पाइन्छ। घरधुरी सर्वेक्षणको आधारमा प्राप्त तथ्याङ्क अनुसार खेतीबालीको उत्पादकत्व तथा हालको मुल्यको आधारमा लागत अनुमान गरिएको छ। आयोजनाबाट प्रभावित हुन सक्ने खेतीबालीको लागत अनुमान तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका १०.५: आयोजनाबाट प्रभावित हुन सक्ने बालीको लागत अनुमान

प्रभाव क्षेत्र	क्षेत्रफल (रोपनी)	उत्पादकत्व/ रोपनी (के.जी.)	कुल उत्पादन (के.जी.)	दर/के.जी. (ने.रु.)	कुल रकम (ने.रु.)
बाँध क्षेत्र	१३८	८०	११,०४०	७०	७७२,८००
विद्युतगृह क्षेत्र	२९७	८०	२३,७६०	७०	१,६६३,२००
कुल	**४३५**	**८०**	**३४,८००**	**७०**	**२,४३६,०००**

१०.७ पुनर्वास सहायता लागत

यस जलविद्युत आयोजनाबाट कुल एक घरपरिवारले आवास गुमाउने देखिन्छ। आवासीय घरहरू स्थानान्तरण गर्न आवश्यक भएका परिवारहरूले पुनर्वास सहायता प्राप्त गर्नेछन्। यस्ता घरपरिवारले प्रति घरपरिवार जिल्लाको न्युनतम ज्याला दररेटको आधारमा छ महिना बराबरको पुनर्वास सहायता ने.रु. १५३,००० प्राप्त गर्नेछन्। पुनर्वास सहायताको लागि अनुमानित लागत तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका १०.६: पुनर्वास सहायता लागत अनुमान

प्रभाव क्षेत्र	घरपरिवार संख्या	प्रति घरपरिवार दर (ने.रु.)	कुल रकम (ने.रु.)
विद्युतगृह पहुँच सडक	१	१५३,०००	१५३,०००

१०.८ घरभाडा सहायता लागत

आयोजना प्रभावित घरपरिवार गणना अनुसार आवास गुमाउने एक घरपरिवारको वैकल्पिक आवास नभएको पाइयो। आवास विस्थापन हुने र वैकल्पिक आवासको व्यवस्था नभएका घरपरिवारले ६ महिनाको घरभाडा वापत प्रति घरपरिवार कुल ने.रु. ६०,००० पाउनेछन्। घरभाडा सहायताको लागत अनुमान तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका १०.७: घरभाडा सहायता लागत अनुमान

प्रभाव क्षेत्र	घरपरिवार संख्या	प्रति घरपरिवार दर (ने.रु.)	कुल रकम (ने.रु.)
विद्युतगृह पहुँच सडक	१	६०,०००	६०,०००

१०.९ स्थानान्तरण सहायता लागत

आयोजनाबाट आवासीय घरसंरचना प्रभावित हुने घरपरिवारलाई सामान सार्नको लागि प्रति घरपरिवार ढुवानी भाडा स्वरूप स्थानान्तरण सहायता ने.रु. १५,००० प्रदान गरिनेछ। स्थानान्तरण सहायता लागत अनुमान तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका १०.८: स्थानान्तरण सहायता लागत अनुमान

प्रभाव क्षेत्र	घरपरिवार संख्या	प्रति घरपरिवार दर (ने.रु.)	कुल रकम (ने.रु.)
विद्युतगृह पहुँच सडक	१	१५,०००	१५,०००

१०.१० जीविकोपार्जन सहायता लागत

आयोजनाको कारणले अधिक जग्गा गुमाई गम्भीर रुपले प्रभावित घरपरिवारहरु जीविकोपार्जन सहायता प्राप्त गर्न योग्य हुनेछन्। यस्ता घरपरिवारलाई एकमुष्ट जीविकोपार्जन सहायता स्वरूप तीन महिनाको जिल्लाको न्युनतम ज्याला दररेट अनुसार ने.रु. ७६,५०० प्रदान गरिनेछ। जीविकोपार्जन सहायता लागत अनुमान तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका १०.९: अति प्रभावित घरपरिवार जीविकोपार्जन सहायता लागत अनुमान

प्रभाव क्षेत्र	घरपरिवार संख्या	प्रति घरपरिवार दर (ने.रु.)	कुल रकम (ने.रु.)
बाँध क्षेत्र	८	७६,५००	६१२,०००
विद्युतगृह क्षेत्र	१०	७६,५००	७६५,०००
कुल	**१८**	**७६,५००**	**१,३७७,०००**

१०.११ जोखिमयुक्त वर्ग सहायता लागत

आयोजना प्रभावित आदिवासी जनजाति, महिला, अपांग तथा ज्येष्ठ नागरिक घरपरिवार पुनर्स्थापनाको लागि जोखिमयुक्त सहायता भत्ता प्राप्त गर्न योग्य हुनेछन्। यस्ता घरपरिवारहरूलाई एकमुष्ट पुनर्स्थापना सहायता भत्ता स्वरूप तीन महिनाको जिल्लाको न्युनतम ज्याला दररेट अनुसार ने.रु. ७६,५०० प्रदान गरिनेछ। जोखिमययुक्त सहायता भत्ता लागत अनुमान तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका १०.१०: जोखिमयुक्त वर्गका घरपरिवार सहायता लागत अनुमान

प्रभाव क्षेत्र	घरपरिवार संख्या	प्रति घरपरिवार दर (ने.रु.)	कुल रकम (ने.रु.)
बाँध क्षेत्र	२९	७६,५००	२,२१८,५००
विद्युतगृह क्षेत्र	१५९	७६,५००	१२,१६३,५००
कुल	**१८८**	**७६,५००**	**१४,३८२,०००**

१०.१२ जीविकोपार्जन सहायता तालिम कार्यक्रम लागत

आयोजना कार्यान्वयनको चरणमा गम्भीर रूपले आयोजना प्रभावित घरपरिवार, जोखिमयुक्त घरपरिवार लगायत आयोजना प्रभावित घरपरिवारको पुनर्स्थापनाका लागि आय पुनर्स्थापना कार्यक्रम अन्तर्गत जीविकोपार्जन सहायता तालिम सञ्चालन गरिनेछ। आयोजना कार्यन्वयनको चरणमा तालिम आवश्यकता मूल्याङ्कन गरि संचालन गरिने तालिमहरुलाई अन्तिम रुप दिइनेछ। जीविकोपार्जन तालिम यस क्षेत्रमा अनुभब भएका तालिम प्रदायक संस्थाहरुको समन्वयमा सञ्चालन गरिनेछ। जीविकोपार्जन तालिमको कार्यान्वयनको लागि अनुमानित लागत तल तालिकामा दिइएको छ।

तालिका १०.११: जीविकोपार्जन सहायता तालिमको लागि लागत अनुमान

प्रभाव क्षेत्र	घरपरिवार संख्या	प्रति घरपरिवार दर (ने.रु.)	कुल रकम (ने.रु.)
बाँध क्षेत्र	२१	१२०,०००	२,५२०,०००
विद्युतगृह क्षेत्र	१०५	१२०,०००	१२,६००,०००
कुल	**१२६**	**१२०,०००**	**१५,१२०,०००**

१०.१३ महिला सचेतना तथा आय आर्जन लागत

महिला अवस्था सुधार गर्नको लागि स्वास्थ्य तथा सरसफाइ लगायत उत्पादनमूलक आय आर्जनमा संलग्न गरिनेछ। आयोजना प्रभावित प्रत्येक घरपरिवारका एक जना महिला सदस्यलाई बचत तथा ऋण कार्यक्रमका लागि नगद सहयोगको सानो प्याकेज उपलब्ध गराइनेछ। यस क्षेत्रमा अनुभव भएका स्थानीय गैरसरकारी संस्थाहरूलाई महिला सचेतना र आय आर्जन कार्यक्रम कार्यान्वयन गर्न परिचालन गरिनेछ। महिला सचेतना तथा आय आर्जन कार्यक्रमको लागत अनुमान तल तालिकामा दिइएको छ।

तालिका १०.१२: महिला सचेतना तथा आय आर्जन कार्यक्रम लागत अनुमान

प्रभाव क्षेत्र	घरपरिवार संख्या	बीज रकम प्रति घरपरिवार (ने.रु.)	कुल रकम (ने.रु.)	व्यवस्थापन लागत (ने.रु.)	कुल जम्मा रकम (ने.रु.)
बाँध क्षेत्र	२९	१५०००	४३५,०००	४३,५००	४७८,५००
विद्युतगृह क्षेत्र	१५९	१५०००	२,३८५,०००	२३८,५००	२,६२३,५००
कुल	**१८८**	**१५०००**	**२,८२०,०००**	**२८२,०००**	**३,१०२,०००**

१०.१४ जनजाति समुदाय विकास कार्यक्रम लागत

आयोजना प्रभाव क्षेत्रमा रहेका जनजाति समुदायसँगको छलफलमा जनजाति समुदाय विकास कार्यक्रममा आयोजनाले सहयोग गर्नुपर्ने धारणा रहेको छ। जनजाति समुदायसँग सम्बन्धित पूर्वाधार विकास, आर्थिक विकास, साँस्कृत विकास तथा क्षमता विकाससँग सम्बन्धित कार्यक्रमहरु आयोजनाले संचालन गर्नुपर्ने अपेक्षा रहेको छ। आयोजना कार्यन्वयनको चरणमा स्थानीय समुदायसँग छलफल गरि विस्तृत कार्यक्रमहरु तय गरिनेछ। जनाजाति समुदाय विकास कार्यक्रमको लागि आवश्यक पर्ने लागत आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको उप-शीर्षक ८.३ सामुदायिक सहयोग कार्यक्रममा समेटिएको छ।

१०.१५ पुनर्वास कार्य योजना कार्यान्वयन लागत

पुनर्वास कार्य योजना कार्यान्वयन गतिविधिहरूमा सार्वजनिक परामर्श र सूचना प्रवाह, मुआब्जा निर्धारण समितिको बैठकहरू आयोजना गर्ने, छुटेका र थपिएका निजी सम्पत्तिको प्रमाणीकरण, स्थानीय परामर्श मञ्चको परिचालन, प्रभावित सम्पत्तिको प्रमाणीकरण, जग्गाको स्वामित्व हस्तान्तरण आदि कार्यहरु पर्दछन्। यस्ता खर्चहरू सुनिश्चित गर्न पुनर्वास कार्य योजना कार्यान्वयन लागतमा गणना गरी पुनर्वास बजेटमा समावेश गरिएको छ। पुनर्वास कार्य योजना कार्यान्वयन गतिविधिहरूको लागि अनुमानित लागत तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका १०.१३: पुनर्वास कार्य योजना कार्यान्वयनको लागि लागत अनुमान

पुनर्वास कार्य योजना गतिविधि	एकाई	परिमाण	दर (ने.रु.)	रकम (ने.रु.)
सूचना प्रसार तथा आदानप्रदान अभियान	मोटामोटी	-	-	१,०००,०००
मुआब्जा निर्धारण समितिको बैठक	संख्या	१०	२५,०००	२५०,०००
स्थानीय परामर्श मंचका बैठक आयोजना	संख्या	६०	१५,०००	९००,०००
सार्वजनिक परामर्श बैठक	मोटामोटी	-	-	५००,०००
जग्गा प्रमाणीकरण र कित्ता काट	मोटामोटी	-	-	५००,०००
